CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुलोचना

(महाकाव्य)

रचयिता

कवि लक्ष्मीप्रसाद देवकोटा, बी. ए., बी. एल.

मे० क० पुष्कर शमशेर ज० ब० रा० को अध्यक्षतामा

नेपाली भाषानुवाद-परिषद्‌द्वारा

निर्मित

नेपाली भाषानुवाद-परिषद्

प्रकाशक

प्र० गो० द० बा०, मे० क० बबरकृष्ण शमशेर ज० ब० रा० को

अध्यक्षतामा

नेपाली भाषाप्रकाशिनी समिति, नेपाल।

HARI NIWAS,
1/105. DHOSINGAL,
LALITPUR,
KATHMANDU, (NEPAL)

[पहिलो पटक १०००] [मूल्य मो० रु० ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाकिम माष्टर सागरमणि आ. दी. को

प्रबन्धबाट

२००३ सालमा पहिलो पटक १०००

Acc: 29556

मुद्रक—

काशीप्रसाद भार्गव,

सुलेमानी प्रेस, बनारस।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

भारतका विश्वविद्यालयहरूमा अरू प्रधान भाषासरह हाम्रो नेपाली भाषा पनि प्रधान विषय मानियोस् भन्ने राजर्षि श्री ३ महाराज जुद्ध शमशेर जङ्ग बहादुर राणाको उच्च उद्देश्यबमोजिम, शिक्षाविभागका डाइरेक्टर जनरल साहेबबाट प्रयत्न गरिबक्सिरहेकै थियो। आखिरमा हाम्रो नेपाली भाषाले प्रधान विषयहरूमा स्थान पायो। यो उद्देश्य सफल गराउनामा गो० द० बा०, सरदार, प्रिन्सिपल रुद्रराज पाँडे, एम० ए० ले पनि अथक परिश्रम गरेका हुन्।

आई० ए०, बी० ए० मा पढाउन लायकका पुस्तकहरूको केही न्यूनता देखिएको हुनाले शिक्षाविभागका डाइरेक्टर जनरल श्री सु० प्र० गो० द० बा०, मे० जनरल सारदा शमशेर जङ्ग बहादुर राणा, एम० ए० बाट तदुपयोगी पुस्तकहरू तयार गर्नू भन्ने मर्जी बक्सेबमोजिम नेपाली भाषानुवाद-परिषद्ले निकालेका पुस्तकमध्येको यो हो।

दशौं दिनमा यत्रो महाकाव्य लेखिसकेर कवि लक्ष्मीप्रसादले नेपाली भाषाप्रकाशिनी समिति र भाषानुवाद-परिषद्लाई चकित गरेका छन्।

पुष्कर शमशेर

HARI NIWAS,
1|105. GUSINGAL,
LALITPUR,
KATHMANDU, (NEPAL.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

यो पुस्तक दश दिनको गर्भधारणबाट पैदा भएको हो। जहाँ स्त्रीजातिलाई दश महीना लाग्दछ त्यहाँ दशै दिनमा कोखबाट प्रसूति हुनामा महाकाव्य भन्न सुहाउँदो रचनाको विचित्र विलक्षणता हुनुपर्दछ। कि यो होला साह्रै बोधो, कि ज्यादै विचित्र। शायद यो दुवै छैन। यसमा खहरेको वेग थियो। बाढी आएको वेलामा पानी जरूर धमिलो भएकै होला। माटो भए पनि वाग्मती जस्तो पवित्रता या गङ्गाजीको जस्तो न्यूनता राख्ने खोलो भए सज्जनवर्गका चाखलाई काम लाग्दो हो। तर छ साधारण सामाजिक औपन्यासिक सामग्री र युक्तिको कल्पनाद्वारा रचना गरिएको कविता-उपन्यास जसलाई महाकाव्य भन्ने साधारण समझको उपाधि शायद उपाधि नै हुने गरी दिइएको छ। यो काव्य कुरै कुराले जन्मिन गयो। भाषानुवाद-परिषद्का अध्यक्ष श्री मे० क० पुष्कर शमशेर जङ्ग बहादुर राणासँग मैले बिन्ता गरें, 'एक नेपाली महाकाव्य त म दशै दिनमा तयार गर्न सक्छु।' उहाँबाट मर्जी भयो, 'दश दिनमा तयार गरन त हेरूँ।' मैले कम्मर कसें। घडी हेरेर लेखिन शुरू भयो। एक घण्टामा स्वागतामा ४५ श्लोक जुद्ध सडकमा मोटर दगुरे झैं दौडें। कविताले मलाई टिपेर लग्यो। शार्दूलविक्रीडितमा ३५ श्लोक कुदें। अनुष्टुपमा मैले गनिनँ। मेरो २५ वर्षको कविताको तपस्या थियो। म श्लोकमा कुरा गर्न सक्छु, दिनभरी श्लोकमा फतफताइरहन सक्छु। तब दश दिनमा एउटा महाकाव्य किन नबनोस्? अझ होड गरेको थिइनँ, शायद एक दिनभरीमा एउटा लेख्न सक्छु कि भन्नेसमेत मलाई आशा छ। तर चाँडै विचार गर, छन्दमा कुद। तब विचार कसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गहिरो होस् ?—छिपछिपे नै होला यहाँ। तब बेसै भयो भनिठान्दछु, किनकि बुझिएन भन्नेको संख्या बढ़ेका बेलामा अरूलाई निसाख्सिनु ता परेन। सामग्री सामाजिक लिएँ। मैले यो सम्झें कि यो पनि एक नयाँ ढङ्ग होला। नाटकभन्दा शायद बेस हुन सक्छ, किनकि कल्पनालाई प्रशस्त खेल्ने अवकाश मिल्छ। समाज-चित्रण यस्ता काव्यमा राम्रो तवरले गर्न सकिन्छ--नाटकमा भन्दा। म यहाँ कवितात्मक नाटककार बनेको हुँला अथवा पद्यात्मक उपन्यासकार। के उपन्यास छन्दमा लेखिन सकिंदैन ?--शायद कविता र उपन्यास मिले दुवैको मजा त आउला। कति मात्रामा मिल्न सक्छन् र यहाँ कति सफलता पाएको छु, सो पाठकवर्गले विचार गर्ने कुरा हो। कथाका आकाशमा उडिरहने किल्लीमा जीवन-प्रतिबिम्बी सिर्जना सामग्रीहरू आधुनिक नजरले पक्रेर मैले कल्पनाको काचोंपीमा, छन्दको दौडमा, बेअडान पंक्तिहरू हवाईजहाज कुदाएर यो काव्य निर्माण गरेको छु। ठाउँ ठाउँमा वर्णन लामो भएर चिच्च्याटलाग्दो हुन गयो कि भन्ने डर छ। छरितो छनाइलाई समय पो कहाँ थियो र? पछि एकैबाजि दोहऱ्याएँ--खालि शब्दहरू बिगारेर लेखिएका ठाउँमा सुधार गर्ने। तर ढीलो लेख्ने कछुवाहरू गोलमा पुग्दछन्, म खरायो बीचैमा निदाएर दौड हारिरहेछु। यो पनि एक किसिमको खेलकूदको मजा हो। यहाँ बुनाइ, कताइ, छनाइ, तौल, नाप, जाँच, अन्तर पुछाइ पाइने छैनन्। भविष्यलाई पातीका नाममा तोतेपाती चढ़ाउन सक्छु। तर यो पनि कवि-सन्सारको सानो टुँडिखेलमा एक दौडबाजी हो। मैले कति हारें, पढ्नेले जाँचून्, कति जितें मलाई याद छैन। यसको भाषा समितिको व्याकरणनजीक पुऱ्याइएको छ। एउटा यो समितिको व्याकरणको निमित्त सफारिश पनि हो, किनकि ज्यादाजसो व्याकरण शुद्ध भएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि यो महाकाव्य दशौं दिनमा लेखिनामा आधुनिक नेपाली व्याकरण कविताको जकडबन्धी नेल-हतकडी सम्झिनेको पानी गर्छ। शायद महाकाव्य भन्नुनपर्ने, कति मात्रामा सुहाउँछ म भन्न सक्तिनँ।

नेपाली भाषानुवाद-परिषद्,
नेपाल।
१५ माघ २००२

लक्ष्मीप्रसाद देवकोटा बी०ए०
बी० एल०।

—:※:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्धिपत्र ।

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
४	११	मल	मलय
२२	२०	अफसोस्	अफसोस
२६	३	जत्ती	जस्ती
२६	१४	चोडा	चौडा
३३	१२	पलिऊन्	पालिऊन्
४०	१७	सरकारको	सर्कारको
४८	३	रेन्कोको	रन्केको
५०	१८	न्दर	सुन्दर
५३	२३	ठूना	ठूना
५८	२२	१	?
७७	२	देवो-मन्दिरमा	देव-मन्दिरमा
७७	८	चिन्लन	चिम्लन
९०	१२	नभैगो	भैगो
९२	१२	घेरै	धेरै
९२	२?	क्स्तो	कस्तो
९४	७	बस	बेस
९४	२०	चनाले	चिनाले
९५	१२	झैं	झैं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	पंक्ति	अशुद्ध	शुद्ध
१००	१०	पेरेन	परेन
१०२	१०	उत्रं	उत्रूं
१०६	१७	बठुल् अब्	बटुल् अब
१०७	१८	कृष्णा	कृष्ण
१०८	१२	गोखैँठेरी	गोर्खेलौरी
११०	१६	किल्किती	किश्ती
,,	,,	झम्भ्ड्कने	झम्झल्किने
११३	४	सकोछ	स ंकोच
१३५	७	कै	के
१४१	२०	पींध	पींध
१४५	८	लाला	लाल
१५०	१४	नफुभे	नफुल्ने
१५२	७	शको ब	शवको
१५३	१६	खजेने	खोज्ने
१५५	६	सखुकी	सु खकी
,,	१८	अनङ्गा	अनङ्ग
१५६	२१	स् गन्घ	सु गन्ध
१६७	१०	यह	यहाँ
,,	२०	घिस्त्रिन	घिस्त्रिन
१६८	१३	सोद्धुषे	सोद्धुथे
१७०	१७	न	न त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
१८१	८	भन्दिछन्	भन्दछिन्
१८५	८	तमिरको	तिमिरको
१८७	१०	आनन्बी	आनन्दी
१८२	२५	बास्थिन्	बस्थिन्
१९०	६	फानमा	कानमा
२०५	७	कुसमाङ्कको	कुसुमाङ्कको
,,	१६	ग्रथम	प्रथम
२१५	५	ग्रेमकी	प्रेमकी
२२०	३	अघिकारिणी	अधिकारिणी
२२१	७	कैलिने	फैलिने
२४३	२०	न्यूताको	न्यूनताको
२४४	१२	शान्तका	शान्तका
२४४	१३	मिठासके	मिठासले
२४६	२	बनाएरकी	बनाएकी
,,	४	बहन्थित्	बहन्थिन्
,,	८	आफ्रा	आफना
,,	२२	ननीकमा	नजीकमा
२४७	६	त्यहाँ	त्यहाँ ती
२४८	२	आँखभरी	आँखाभरी
२४८	३	रहीछिन्	रहीछन्
२४८	११	ठडछ	टडछ
२५०	२४	अक्कमक	अकमक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
२५१	६	आफ्ना	आफ्‌ना
,,	१८	घुआसौं	धुआसौं
,,	२३	निरधार	निराधार
२५२	२	निराधर	निराधार
,,	८	दह्राले	दाह्राले
,,	१२	कृष्णाजीको	कृष्णाजीको
,,	२२	माबलक	नाबालक
,,	२३	खोटी	खोटो
२५३	१८	सवैं	सधैं
२५५	१०	औषघि	औषधि
२५६	१	भिवग्वर	भिषग्वर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुक्रमणिका

	पृष्ठ
प्रथम सर्ग	१
द्वितीय सर्ग	१५
तृतीय सर्ग	४१
चतुर्थ सर्ग	७०
पञ्चम सर्ग	८९
षष्टम सर्ग	१०७
सप्तम सर्ग	१२७
अष्टम सर्ग	१५०
नवम सर्ग	१६२
दशम सर्ग	१९७
एकादश सर्ग	२१५
द्वादश सर्ग	२३७
त्रयोदश सर्ग	२५९
चतुर्दश सर्ग	२८७
पञ्चदश सर्ग	२९७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुलोचना

प्रथम सर्ग

(१)

भर दिलतन्त्री
नवलय मन्त्री ।
अयि ! करवीणा
शठतम हन्त्री !
प्रथम प्रभाती
समुदित तारा-
सरि नवयुगकी
छौ छविधारा ।
मृदु मृदु कम्पी
किरणहरूका ॥
सुर सुर मीठा
झनन पारी ।
पुलकित पारी
जग बिउँझाई
पवन सुगन्धी
हर हर ल्याई ।
रहर सुनौला-
सित स्वर नौला

MAHENDRA SANSKRIT UNIVERSITY

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भर भर पारी
चपलित औंला ।
नवयुग-आभा
स्मितिसित बाली
जननि ! रँगाऊ
नभ नयपाली
नव जगरेखा
रङ्गहरु हाली !

(२)

मिहिर उज्याला
तिमिर-विनाशी !
शर सुन जस्ता
छर छर हाँसी ।
पर गर निद्रा
कुसुम विकाशी !
नव सपनाका
नभपटभासी !
अयि सुरनन्दन-
कुञ्जप्रकाशी !
युवक सधैंका
छविगृहवासी
किशलयतन्त्री
झननन पारी
भर रङ राम्रा
नव कर झारी !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विहगपखेटा
छिरबिर पारी
भर नव गाना
नभतिर भारी ।
नव युग खुल्ने
उदय उघारी ।

(३)

शशधर धर्ने
गिरिवनचूड !
झर झर गंगा
प्रवहित गूढ ।

अचलरहस्य
प्रमुदित व्यूढ !
ध्वनि गर झर्ना
वहुसुरझर्झर्

गिरिमुखगाना
तृणवन-मर्मर्
समयकिनारा
लह लह पारी

गुन गुन गर्ने
गतिसित भारी,
हृदय पहाडी
कल कल झारी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४)

विपिननिवासी
गजमुख आऊ !
मधुमय कानन
हरित बनाऊ !

कविभँवराका
रस भर मीठा
गिरिवनबास्ना-
हरुसित ढीटा ।

श्रवण दुवैले
मल निफन्दा ।
पर गरिहाल्ने
कटु हिंउफन्दा ।

(५)

विपिनविहारी
रवि-तनयाका
तट कुसुमीका
मृदुलयधारी !

व्रज मधुवाला-
सित नित भारी
कृतसुखलीला
मधुऋतुधारी !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनवन मेरो
शिखिशिख प्यारा !
भर भर वेणु
प्रवहितधारा ।

मृग, खग, गौ हुन्
तृण तरु सारा ।
पटसरि झर्ने
सलिलकिनारा ।

(६)

लय भर तारा !
छम छम साना ।
विपुल जगत्मा
मृदु स्वर नाना ।
चमचम चंकी
निशिभर झंकी ।
सुरपुर झर्ने
झलमल गंकी ।
मृदुपद नेवर्
छम छम पारी ।
चपल इशारा
चम चम झारी ।
अवयव राम्रा
छविमय भांची

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिलतिर सुन्ने
मृदु मृदु गाना।
झर झर झर्दै
निशिमय साना।
अगम इशारा
झलक बनाऊ
पलपल चंकी
दिल सब छाऊ!

(७)

बग बग गंगा
गिरिवनछन्द।
लहर उज्याला
भरन अमन्द।
विधुकर हाली
अमृत-सुगन्ध
भरभर दिलभर
शुभ मकरन्द॥

(८)

गिरिवन मेरा
लहर घनेरा
मृगखगका जो
मधुमय डेरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भर भर स्याही
मृदु रँग नीला !
गर नव पाना
कनक छवीला ।

(९)

नगखग आओ !
रँगरँग ल्याओ
नव छवि छाओ
सुरपुरभाषा ।
सफल बनाओ
नव मृदु आशा ॥

(१०)

पवन ! पखेटा
भरभर भारी ।
जलधि महान्को
धृत मधुवारि ॥
तह तह खापी
गगनविहारी ।
तुहिन-शिखातल
वन वन चारी ॥
रँग रँग राम्रा
धनुसित भारी ।
झरझर झार्ने
जल सुर पारी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रँग रँग भर्दै
सुशबल भारी ।
भर मन मेरा
लय सुकुमारी ।

(११)

विपिनकुमारी
तनु सुकुमारी ।
जलतट नाच्छिन्
विधुमनि भारी
कल कल लोलो-
सित मृदुबोली
जब वनमा छन्
मधुऋतु-होली ।
लहरहरूमा
कुसुमित बोली
किशलय झुंका
उरभर डोली
लघुतम पंखी
करकर-घेरा
कुसुम चले झैं
लिन लघु फेरा ।
कुसुमित हाँगे
तरुदल घरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फनफन नाच्ने
जलगति हेरी ॥
देऊ मलाई
मृदु गति फेरि ।

(१२)

विपिनकुमारी
जनसपनामा ।
ध्वनिसरि खुल्ने
विपिन घनामा !

अविदित टूना-
हरु मन भर्ने ।
बन बन मेरा
मन–वन भर्ने

(१३)

मदन–शिखाका
शरहरु राम्रा !
वनभर फुल्ने
सुकुसुम हाम्रा ।

रंगरंग फासंग
गरगर होली,
मृदु कविताको
नव वन मोली ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१४)

नव पुतलीका
मृदुल पखेटा !
सुन सुन धूलो-
सहित लखेट ॥
शिशुका सुन्दर
हुन गै फिर्राफिर !
चल चल कविता
वनतिर छिरबिर ॥

(१५)

नव अलि ! काहीं
सुमरज पर्दा ।
भुनुनुनु बोल्ने
मधुरस फुर्दा
भर भर ध्वनिले।
मनवनपर्दा ॥

(१६)

किसलय काहीं
लहलह चिल्ला
हरित टुनाले
शिशुदिल खुल्ला
सदृश मजाका
मलयविलोल
यस कवितामा
नव दृग खोल ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१७)

मधुमधु काहीं
मगमग उड्ने ।
जललव काहीं
झलमल गुड्ने ॥
अनि मृदुलाली
शरम-उज्याला ।
सुनरङ काहीं
अनि मधुप्याला ॥
मृदुल बढालु
सुहरित काँढा ।
दिल पसी बिझ्ने
रङ लिन गाढा ॥
यस कवितामा
बन भरमार
सब दिल खिच्दै
भर नव सार ॥

(१८)

जब बिउँझिन्छन्
पल अनमोल ।
रङहरु फुल्दा
रजहरु झुल्दा,
शिशुसरि मेरा
बालक भाव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वप्निल जगमा
मधुर स्वभाव
शान्त सुतेका
मनवनभित्र
उठ उठ हेर्दै
गगन विचित्र ॥

(१९)

मधुर विभाती
मिरमिर होश ।
सजग पखेटा
गर, गुँड पोष ॥

(२०)

शहरहरूका
सुन्दर सार ।
विविध कलाका
मूलप्रसार ॥
वहुविध रंगी
जीवनधारा ।
समयहरूका
प्रश्न हजारौं ॥
उरभर तिर्खा
हार्दिक ज्योती ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम प्रवृत्ति
स्मेरित मोती ॥
सब अब आओ
भूषण भव्य !
यस कवितामा
निर्मित नव्य !

(२१)

जलछविझलका
अनुभव दिलका ।
मधुरव पलका
सुरपुरतलका

ध्वनि सब दिलका
ढुक ढुक हलुका ।
गतिहरु छलका
रँगरँग दिलका ।

अविदित सपना
सहृदय जपना
परिचय, घटना,
कृति, धृति, रटना ।

दुखमय विपना,
सुखमय सपना,
सब लयहरुको
भर कविसपना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२२)

छन्द छ चल्दो
कल्कल पानी ।
सागर भन्ने
कोमल वाणी ॥

सिर्जनका छन्
जो लय तारा ।
सुन्दर नाच्छन्
ती पद सारा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीय सर्ग

(१)

"बाह्रौं शताब्द संवत्‌मा
वर्ष केही यताउता"
वंशावली कुनै भन्छ
सुनौला लिपिको जहाँ

कालको हात खस्रोले
मेटिएको, कतै कतै
कीराले प्वाल पारेको
कीर्ति झल्लरिमल्लरी ।

बनी अक्षरले आफ्नो
साथीमा दीर्घ प्रीतिले
अंकमाल दियो पाई
निहुँ वर्षा - बतासको ।

कतै पत्र बिलाएका
युगका चोर हातमा ।
नीलो साटनले राम्रो
बेह्निएको, नयाँ लिई

पोशाक आजको राम्रो
भित्र थोत्रो बने पनि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२)

बाह्रौं शताब्द संवत्‌मा
गंगाजीका किनारमा
उब्जनी जसमा हुन्थ्यो
कविको कल्पनासरि,

मानो किरण नै फुट्ने
इन्द्रेणी - रङ्गमा छुँदै
माटो - बादलमा कालो,
झलमल्ल बनी रङ्ग

फूल घाँस बडा वृक्ष,
अन्नपात-रमाइलो
हरा - भरा बनाए र
हाँस्दी फुल्दी वसुन्धरा ॥

(३)

शैलकी दुहिता भक्थिन् पारावार अगोचर
शिशुको चंचले नाच सिद्ध्याई गिरि-फेदमा
आलि क्यै शरमाएको छरितो गान गाउन
गम्भीर तरुणी जस्ती, मख्खर पर्दी, लुकाउँदी
छातीका छालभित्रै नै तरङ्गहरु बैंसका,
लिएकी हरियो बाटो फूलको फलिफापको,
छाती प्रफुल्ल फैलाई साँझको बन्न दर्पण
पवित्र जलको छाल छुने मन्दिर - पादमा
मीठा चपतले छोई, किनाराका सिंगार झैँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरोहरु जगाएर शून्यबाट अतीतको,
सभ्यतापोषिणी गंगा बग्दथिन् जुन देशमा,
त्यहाँ शान्तिपुरी राम्री शिशु झैँ आर्यदेशकी
जन्मिन्, स्वप्ना बने जस्तो खँदिली आर्यवीरको ॥

(४)

स्वप्नै हुन् साँच्चिकै शान्ति सपनाबाट जन्मिइन्
चित्तौरकी अम्बिकाले दिएकी सपना थिइन् ॥

(५)

थिए राजा चिढाएर दिक्क मानी पसी वन
थोरै साथी सिपाहीका साथ गह्वर 'गूढ' मा
रहेका शान्तिपुरका द्विषन्मर्दन वीर ती ।
अरण्यराज्यको राम्रो मीठो सरल जीवन
जिएका, मृगका व्याधा, बँदेलहरुका अरि,
वनका सिंह झैँ तेजी, खुलस्त दिलका धनी,
असत् सहनका साह्रै अधोर, अति विक्रमी,
विद्वान् बहुत भाषाका, अग्ला गोरा मनोहर,
शरका बिजुलीछीटा, मंत्र झैँ तरवारका,
व्यूढोरस्क, विशालाक्ष, हेर्दै शत्रु दबाउने,
घमंडी, तर साह्रै नै शिरलाई नुहाउन
ज्यादै नै गह्रुकाएर सजा: टेरेन रे भनी
नृपका कानमा काला जन्तुले विष छर्कँदा
ठाडै हप्काइएका ती, दिक्क मानी पसी वन
राजा जंगलका बन्थे, साथमा थोर ली जन
द्विषन्मर्दननामा ती क्षत्रीय कुलभूषण ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६)

हाम्रो नेपालका निक्कै प्रख्यातकुलक्षत्रिय
जो छ 'मर्दन'को नाम प्रसिद्ध कृतविक्रम,
तिनका पूर्वपुरुष यिनै हुन् वीरका मणि ॥

(७)

हरियो राज्यमा बस्ने दरवार गुफा गरी,
ओडारहरुमा आफ्ना जन राखी वरीपरी
इशाराहरुले छोटा जुट्न सक्ने छिटो गरी
धर्मनिष्ठ महावीर शान्तिको राज्य गर्दथे,
जहाँ पंछी प्रजा जस्ता दिनका स्वर्ण पङ्खका
मोतीदाना नझर्दैमा महिमा गान गर्दथे,
उषाका साथ ब्यूँझेर स्वर्गोद्घाटन नित्यमा
लामो नीरवता शान्त शीतको श्वास आखिरी
फेरी, स्वर्ग भजी उड्दा आखिरी तारकासँग,
सपना-रूप झोलुङ्गा सुतुवाका झुलाउँदै
नयाँ जीवनको श्वास मुर्दा निश्चलताकन
दिएर, नव आशा झैं नसाहरु जगाउँदै;
स्वर्गको दिव्य अस्तित्व समर्थन गरीकन,
पुनर्जीवन देखाई सानो कालपछाडिको ॥

(८)

यस्तै बिहान यौटामा सवेरै ब्यूँझिईकन
महाकांक्षी महावीर सरितातटमा पुगे
धनुकाँढ लिएका ती, नवसिर्जनका रंग
रंगिएको निहालेर सपने वाफमा मिठी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जो बनी स्वर्गको ढोका सूचना गर्दथ्यो पुरी,
दृश्यको खँदिलो चित्रभन्दा पर हुने सदा,
शान्तिकी राजधानी झैं सत्यकी तुल्य मोहनी,
कल्पनाकी पराकाष्ठा, आत्माको दुर्ग सुन्दर,
दरबार उँचा राम्रो सबै अमरपंखको,
कलाकी नित्य भंडार, जुहारहरुकी छवि,
जीतकी वैजयन्ती झैं बाग ऐश्वर्य सूक्ष्मकी,
जसका सपना बन्छन् राजाका नगरीहरू,
अपूर्ण, अल्प कक्षामा प्रतिभाका प्रकाश झैं ॥

(६)

देखे बग्दी नदीमाथि पुरी एक मनोहर
सुवर्ण स्तम्भहरुको चित्रकारी रमाइलो
कला वेश्म झझल्केका, उद्यानहरु पुष्पका,
माछा झैं चालमा तुष्ट प्रजाहरु यताउता,
स्वर्गको ज्योति पाएर खुल्दो जीवनको जगत्,
सुनौला सभ्यताभित्र सजीव मृदु छाल छन्
मीठो कल्कलको शान्त कोलाहल-कुतूहल,
जहाँ पंछीहरू बोल्थे देवसंदेश पंखमा,
सपना झल्किए जस्ती सृजनात्मक भूपकी ॥

(१०)

निकै बेर गरी गौर नदी ती निर्मलाउँदा
देखे किनारमा दूर कुनामनि पहाड़को,
जहाँ हाँगा बनी दोटा बग्दथिन् पर्वते जल
बीचमा बालुवा राखी सेतो थुप्रो दुवैतिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरियो हरियो रंग गहिरी खोंचमा भरी,
फनक्क घुम्न नसकी चिरिए झैं प्रयासले,
सेतो सैकतको घाउ गहिराई बनाउँदा
खतरादार ढिस्कोको हरियो शिर केशको ॥

(११)

देखे किनारमा दूर कुनामनि पहाड़को
बिहानै जलको पान गर्नखातिर ओलिंदो,
यौटा मिर्ग बड़ो शंकाधारी आँखा घुमाँउदो,
चिल्ला झाँगहरूबाट, झ्याम्म, पानी गुडाउने,
ओबानो भुइँ राखेका, हाँगामनि करालिदा
न्यानो धूलो जहाँ खोस्नी आँखा लाएर पुष्पमा
व्याधालाई छलो बस्न ठाउँ मिल्थ्यो सुवासको ॥

(१२)

धपेड़ीले हुने प्यास मेट्न त्यो ओर्लिंदो मृग
चनाखा नेत्र पारेर सुस्ताई पदको गति
कान ठाडा घुमाएर चट्ट फर्की बराबर
धकाई तुष्ट डरले खोक्दो उग्राइनें मुना
फींजले थोर छर्केर ओर्लिन्थ्यो एकलो कुना ॥

(१३)

देखेर जलको तीर, सजिलो पशुबुद्धिको
थकाइ मेट्नको यौटा सोझा औषधि शीतल
पानी पिउनु हो भन्ने संझी पश्चिमतर्फको
मोहोडबाट सजिलो झर्दथ्यो जलतीरमा,
टक्क केही अडी हेर्दा झरिकयो पत्रपातले,
गुफा झैं लाग्न गैहाल्दा खोपिएको पहाड त्यो
वर्षाका भेलले, टक्क, शंका लागेर अड्दछ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्छ ढल्किन्छ शिरले, अनि बढ्छ अगाडि त्यो
पानी छुन डराए झैं तर प्यून भई मन ॥

(१४)

त्यसै वेला धनुर्धारी द्विषन्मर्दनले त्यहाँ
छोडे बाण लिई आड वृक्षको अलि छेकिई ॥

(१५)

काल झैं प्वाँखवाला त्यो बिजुली वेगले उड्यो
टन्न डोरी बजाएर, शब्द गर्दै समीरमा ॥

(१६)

बुर्लुक्क उफ्रिँदो जन्तु चञ्चलाखीले हनाइको
मुटुमै बाण पाएर पर्‍यो शीघ्र जमीनमा ॥

(१७)

खालि खुट्टा जिए, घिच्रो तेर्सियो फर्किईकन ।
आँखामा जीवका आँसु काजका सामु पग्लिए ॥

(१८)

धनुर्धारी पुगे कुद्दै त्यो ठाऊँ अफसोसले
छाती चाँडै समाएर दिक्क भै गौर गर्दछन् ॥—

(१९)

"जिन्दगीको छिटो थुम्रो आँखादार नशाभरी,
मुना-मिठासको जन्तु वनको सौम्य यो शिशु,
स्निग्ध आनन्द जस्तो यो झाँगको दरबारको
विलासी, शीघ्र भगुवा, कानदार छिटोपना,
हवेलीको हवा प्यूने, भीरुहोश, रमाइलो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्यानलागी यहाँसम्म धाई पर्दछ कालको
कराल क्रूर बंगाराभित्र आँसु गिराउँदै
आँखा पिलिक्क पल्टाई भिजेको लमकोस यो,
मानो फिराद झैं चीसा स्वर्गको प्रभुतातिर,
नमिटेको महान् प्यास जिन्दगीको रुवाउँदै
अनन्त वेदनादार मुटुले ईश संझिदो ॥

(२०)

त्याग्नलाई तयारी छ क्लेशको पल्सिदो शव–
पल्सिदो त्यसकै पाउ जो थियो जिउँदो भय ॥

(२१)

'पानी पानी' भनी माग्दो आत्मादंशन क्रूरले ।
पल्सिएको छ लाचार तटमा शीघ्र वारिको ॥

(२२)

अहो! आत्मा ताँ के खांछस्? आँसु नै अरु जीवको ।
जिन्दगी लालसै खोज्छ जिन्दगीको पलाउन ॥

(२३)

हा, पाप ! अरुको पीडा आफ्नो ज्युनु बनाउनु ।
हा, हिंसा ! जीवको आँसु पिई जीवन पाउनु ॥"

(२४)

अफसोस् गरी बस्दा बस्दा तो प्रातकालमा ।
खोज्न आए जनहरू देख्दछन् अश्रुधार ती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२५)

भयो दिनभरी ठूलो विवाद अरुका संग।
लिएनन् अन्न औ पान मांसाहार हटाउन॥

(२६)

विज्ञ 'संविद्' अघि सरे संझाए धर्म वीरको।
'वीर क्षत्रियको धर्म, म्लेच्छ-शोणित-लोहित॥

(२७)

नमारे वीरले शत्रु अरू को हो निभाउने?
थिति थाक्रो लगाएर दुष्ट को छ हटाउने?"

(२८)

भन्दा प्रत्युत्तरी हुन्छन् सत्यप्रेमी पराक्रमी।
"आइलाग्नेहरूलाई जाइलाग्नु नरत्व हो।

(२९)

निर्दोष भीरु भगुवा अहिंसक अनाहक।
मार्नु हाम्रो न हो धर्म, न छ क्षत्रियको हक॥

(३०)

म्लेच्छका साथ लड्नेछन् सत्यधर्मसमर्थक।
स्वधर्मीसँग वा यस्तासँग लड्नु निरर्थक॥

(३१)

आजदेखि सबै छोरा भाई सन्तान संगत।
मांसाहार हटाएर त्याग क्रूर शिकार नै॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३२)

मेरो मर्दनको वंश अंश जो बुधवंशको ।
स्त्री, विप्र, पशुहत्त्यारो नहोस् बालकहिंसक ॥

(३३)

धर्मको सत्यको मात्र समर्थन गराउन ।
हिंसा समरको क्षेत्र बीचमा मात्र त्यो गरोस् ॥"

(३४)

द्विषन्मर्दनका यस्ता कुरा सुन्दा सबै त्यहाँ
प्रतिज्ञा गर्दछन्, "हिंसा व्यर्थमा वा असत्यमा
गर्नेछैनौं" भनी सारा साक्षी राखेर अम्बिका ॥"

(३५)

कन्दमूलहरू खाई छोड़ी अब शिकार नै ।
रमाई वनमा बस्छन् वनवासी रमाइला ॥

(३६)

त्यही रात भयो स्वप्न अम्बिकाको प्रसादले ।
"शान्तिको नगरी यौटा बना गंगाकिनारमा ॥

(३७)

मृगको मूर्ति राखेर मेरो वाहन झैं गरो ।
यौटा मन्दिर रच् राम्रो साक्षी पाप र धर्मको ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३८)

भन्ने भएर सपना गंगाका तटमा पुगे ।
द्विषन्मर्दनका साथ सय तीन प्रजाहरू ॥

(३९)

त्यहाँ शान्तिपुरी जन्मिन् गंगाजीका किनारमा ।
मृगकी वाहिनी माता अझै छन् भन्दछन् त्यहाँ ॥

(४०)

फलिफाप हुँदै आयो अम्बिकाका प्रसादले ।
दुष्टमर्दनको कीर्ति बढ्दी शहरसाथमा ॥

(४१)

माउरी झैं प्रजा लागे मह काट्न वसन्तको ।
चाकासमान घरले पुरी बन्थिन् मनोहर ॥

(४२)

सच्चा शान्त भए सारा संयमी धर्मवीर ती ।
अम्बिकाको बन्यो ठूलो कलाको स्वर्णमन्दिर ॥

(४३)

सेता मर्मरका भित्ता छिनाका लहरा लिईं ।
बुट्टाले रम्य लच्केका घेर्दथे मृग-वाहिनी ॥

(४४)

स्त्रीको सार सबै दिव्य भव्य माधुर्यले भरी ।
आकारिए झैं देखिन्छिन माता स्वच्छ मृगोपरि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४५)

सजीव छन् तिनी भन्थे बोल्दछिन् भन्दथे कुनै ।
नभन्दै बोल्दछिन् जत्ती देखिन्छिन् अभ्रसम्म नै ॥

(४६)

उनको चेहराभित्र विश्व-सौन्दर्य टम्म छ ।
त्यसकै सुन्दरी दुनाले जगत् राज गर्दछे ॥

(४७)

वेला वेला तिनी बोल्थिन् जब संकष्ट पर्दथ्यो ।
घनको घोष नै बन्दी बिजूली-व्यूढ व्योममा ॥

(४८)

दुष्टमर्दनको शेख भएथे व्याघ्रमर्दन ।
छोटा नाटा थिए रे ती, हात्तीका सौख राख्दथे ॥

(४९)

पुरी चौडा गराएर जनसंख्या बढाउँदै ।
गणेशको मन्दिरले स्वर्णचूड सजाउँदै ॥

(५०)

प्रबंधहरू राम्राले ऐन कानून औ थिति ।
राखी, कृषि-व्यवस्थामा ध्यान राम्रो दिईकन ॥

(५१)

पाटी पौवा बनाएर साधु पाली तथा द्विज ।
राज्य राम्रो खँदीलो र सुखी पारी यिनी गए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५२)

जहाँ देवहरू प्यूँछन् दरबार जुहारका ।
बीचमा मधुका प्याला परीका हातबाट रे ॥

(५३)

यिनकी दुइटी रानी सुकला विमला थिए।
दुवैबाट हुँदा पुत्र झगडा तब मच्चिए।
सुकलापुत्रको नाम अरिमर्दन सिंह हो।
विमलापुत्रको नाम दुष्टमर्दन सिंह हो॥

(५४)

विमला बहुतै सोझी राजमाता त्यहाँ भइन्।
सौतेनी डाहले जल्दी सुकला चतुरी थिइन्॥

(५५)

दुष्टमर्दनको चाँडै बनिवास गराँउदी ।
अरिमर्दनकी माता राजमाता भइन् अब॥

(५६)

दुष्टमर्दनका साथी अनुयायीहरू पछि ।
मिली गए जंगलमा बाटो उत्तरको लिई ॥

(५७)

हजार जनसंख्यामा एकै सय जवानको।
भक्तिसाथ पुगे राजा नेपाली गिरिफेदमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५८)

त्यहाँ सुत्दा भयो स्वप्ना भवानीका प्रभावले।
"दुष्टमर्दन जा भित्र किल्ला प्रकृतिको जहाँ॥

म्लेच्छबाट बचाएर तरुका तहमा हरा।
ध्वजा नित हरा लिन्छ लहरामा प्रसूनका॥

कीर्ति मेरो सुनाएर दूधालु स्वर्गगानले।
चाँदी-गजुरका किल्ला गरामाथि गरा गरा॥

सूर्य चन्द्र लगाएर दिन रात सुहाउने।
चाँदी-मन्दिरको मेरो चुचुरामनि सुन्दर॥

जहाँ ताराहरू झर्छन् शीत जस्ता निशीथमा।
सिहको पीठमा नाच्ने मेरो एकान्त नृत्यमा॥

(५९)

जहाँ झर्ना हजाराँले हरा गिरि छ गुंजित।
सातै सुर निकालेर शिलां सप्त-तरंगमा॥
तरुका तहमा नाची हीरा मोतीहरू छरी॥
निर्झरीले चरालाई बोल मीठा सिकाउँछन्।
फूल झैं रंगका पंख सपनामा उठाउँदै॥

(६०)

जहाँ रजत नालाका नागबेली प्रवाहले।
हरा छातीहरूलाई हार लाएर बग्दछन्।
धानो धनी धान्य धन्य क्षेत्रमा मृदु स्वादिला॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६१)

जहाँ बनहरू उड्छन् उषाको साँझको पनि।
दरबार सुनौलाका किनारतक सुन्दर॥
कतै मुन्द्रा परे जस्ता केशमा कामदेवका।
खंड खंड कतै राम्रा जुल्फी झैं घनश्यामका॥
कतै शिव जटाजूट गंगा-गूढ़ सुधा छवि।

(६२)

जहाँ मन्दिर धौताका नीरका नीलरेख छन्॥
एकान्त झैं नन्दनका ऊँचा झूलन बागका।

(६३)

अभ्रभेदी जहाँ शृंग इन्द्रेणी काँधमा लिंदा।
आधा नीला बनी ओढ्छन् वाफका झल्ल चादर॥

(६४)

जहाँ साँझ उषा घेरै वेरसम्मन् बसीकन।
हिउँका टाकुराबाट सुनौला विश्व हेर्दछन्।
बाटुला तीन घेरामा खात खात झिलीमिली।
पाटा पाटा झल्केका धधरकेका बली सुन॥

(६५)

जहाँ मलयभन्दा छ मोठो श्वास अहर्निस।
वसन्त पनि जाँदैन झुल्दै बस्छ पहाडमा।
चराको कंठ मंत्रेर इन्द्रेणी वनमा ऊँचा॥

(६६)

जहाँबाट झरी सारा अन्नका उब्जनीहरू।
पोस्छन् भारतका आत्मा स्वर्गका निर्झरीहरू॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६७)

जहाँ आस्तिकले गर्छ विश्वास सब देवमा ।
परीमा स्वर्गमा त्यस्तै आर्यको सत्यसारमा ॥

(६८)

जहाँ मरणमा हुन्छ दिव्य संतोष आर्यको ।
जहाँ जीवनमा हुन्छ स्वर्ग नै पृथिवीभरी ॥

(६९)

दुष्टमर्दन जा यौटा कुना नन्दन बागको ।
तेरो भाग लगाएर राखिदिन्छु पहाडको ॥"

(७०)

भएर यस्तो सपना बिहानीपख ती हिंडे ।
सय मान्छे लिई आफ्ना बाटो उत्तरको लिई ॥

(७१)

साँझको तानले बुन्दा सुनका सूत व्योममा ।
पछीको पंख फर्काई टाढाबाट गृहोत्सुक ॥
पुगे मन्दिर झैं राम्रो नाला-वेष्टित निर्झरी ।
नाचेका गिरिमा खंड खंड सुन्दरता भरी ॥
नीला बिघादरीबीच शान्तिका स्वर्ण-सुन्दर ।
पुष्पदार बगैंचाले हरा प्राकृत शीतल ॥

(७२)

देवकूट भनी भन्थे नाम त्यो गिरि उच्चको ।
तहमा तह भै उड्दो दृश्य फिल्मी बनाउँदै ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७३)

सल्लाका हरिया शोभा वनी लहर खंडमा ।
हावाका निर्झरी जस्ता मनोमोहन मर्मर ॥
विचित्रसँग गाएर शुद्ध स्वस्थ समीरको ।
संचार शीतलो गर्ने हरिया तटका अघि ॥

(७४)

चट्टानमा त्यहाँनेर देखियो मूक गह्वर ।
जहाँ वल्लीहरू हल्ली द्वारमा नृत्य गर्दथे ॥

(७५)

कामधेनु त्यहाँ देखे पाँच थून बहाउँदी ।
सफेद दूधका थोपा ठाउँमा स्वर्ग-शीतल ॥

(७६)

त्यहाँ पसेर हेर्दामा सिंहको मूर्ति देखियो ।
सिंह जस्तो एक ढुङ्गा याल पुच्छरसाथको ॥

(७७)

नजीकमा थियो अर्को शिला सारीसमेतकी ।
देवीको दिव्य आकार स्पष्टता लिन तत्पर ॥

(७८)

त्यो देखेर त्यहां हाम्रा दुष्टमर्दनले भने ।
"अम्बिकाको यहीं हेर महिमा शुद्ध प्राकृत ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७९)

यही हो जननी बस्ने ठाँउ यो सिह स्पष्ट छ।
यस्तै छन् जननी हेर सालङ्कारा समङ्किता ॥

(८०)

यही ठाउँ बनाएर वासस्थान रमाइलो॥
जननीको गरूँ सेवा वरदान अरू लिन ॥

(८१)

देवदारू हवा स्वस्थ मर्मराउंदछन् जहाँ
घारी घारी बनी बारी जस्ता गन्धर्वका ऊँचा ॥

(८२)

जहाँ छ पातमा बास्ना आर्यको दिल शीतल।
पाने स्वर्गपुरी डुल्ने बागमा नित्य सुन्दर ॥

(८३)

हिमालका उँचा चूली श्रीपेचसरि भारती।
रंग रंग लिइ बन्छन् पूर्व पश्चिम मंडली ॥

(८४)

पाँच झर्ना यहाँ छन् रे पाँच नाला बनाउने।
पानो प्रशस्त यो ठाउँ वाकवीणा झैं छ झंकृत ॥

(८५)

यहाँका वृक्ष छन् आर्य यहाँका गिरि आर्य छन्।
वेदका ध्वनि झैं पंछो वृक्षमा वास गर्दछन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(८६)

अम्बिका जननीको छ राज्य जस्तो रमाइलो।
सिहंको राजधानीमा नित्य सौन्दर्यले गरी॥

(८७)

हामी यहाँ बनाउँला ऋषिका सपना नयाँ।
गो ब्राह्मण सुखी पाली धर्मको दुनियाँ हरा॥

(८८)

स्वर्गीय भारती राज्य हिन्दू किल्ला रमाइलो।
वज्र - दुर्भेद्य भै फूल - कलिलो नित्य गानको॥

(८९)

यो स्वर्गको खेत ऊँचा गरा र तट सुन्दर।
परीका हातले रोपी देवका शिशु पालऊन्॥

(९०)

कुमारी भूमिमा छुच्चा छोटा पयर पाइला।
एकको दाग नहुने शीतशीतल भूमिमा॥
वसन्त आर्यको आकैं ल्याउने कोयलीहरू।
बनी हामी यहाँ बस्छौं नित्य-पुष्प-वसन्तमा॥
सुगन्धहरू फैलाई हावामा दक्षिणी जगत्।
चकाचौंध बनाएर हीराका लहरीहरू।
पठाई दूरतासम्म उर्मिको उलिने तट॥

(९१)

अरिमर्दनको राज्य सुन्ला काँपेर छक्क भै।
हेर्लान् उत्तरको घेरा आँखा विस्मयका दुवै॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोहनीमा अविदित लुकेकी स्वर्गकी पुरी।
छन् रे हिमालको काख भन्ने सुन्दा मनोहर॥

(९२)

यो हाम्रो जगको ढुङ्गा देवकूट मनोहर।
यहाँबाट जगत् हामी जितौंला सत्य शान्तिले॥

(९३)

जननीका गुफा आज हाम्रो विश्वास सुन्दर।
देवकूट-विजेता छु कृपाले उनकै यहाँ॥"

(९४)

भन्न सुन्दा सबै आँखा चम्केका रजपूतले।
तरवार झिकी झल्ल जयध्वनि उठाउँ छन्॥

(९५)

ऊँचा आवाजले साँझ सुनौला कीर्तिको गरी।
तीनवार कराएर थर्काईकन कन्दरा॥

(९६)

तब त्यो ठाउँमा सल्लाघारी फारी बनाउँ छन्।
जमीन सम्म झैं ऊँचा ढुङ्गा मिल्काउँदै तल॥
रोपनी चारको टुक्रो जति राम्रो रमाइलो।
अलि लाम्चो र चौडाइ थोरैको बाङ्लो गरी॥
किनारा भरका ढुङ्गे परखाल घुमाउँदै।
आउने कम्मरैसम्म अग्लो ऊँचा बढालुको॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(९७)

त्यहाँ खनेर सयले दरबार बनाउँछन् ।
ठूलै बनाउँथे क्या र ! तर ती दुष्टमर्दन
भन्छन् "तीनतले सानो हात पच्चीसको घर'
साधारण सफा चट्ट राम्रो सोझो खडा गर ॥"

(९८)

गान गाई सबै लागे ढुङ्गा ढुङ्गा मिलाउन ।
स्वर्गको राज्यको गाना रजपूत प्रतापको ॥

(९९)

भाषा भिन्दै थियो थोरै मिल्ने हाम्रा कुरासँग ।
तर त्यो गानको सार यही हो यत्ति हो रँग ॥-

"आज हामी डकर्मी छौं
नेपालको बनमा ।
यौटा स्वर्ग बनाउँछौं
शिखरको सुनमा ॥
बादल किल्ला हाम्रो मनको
सिर्जनाको धूनमा ।
हिन्दू दरबार खडा गर्छौं
सभ्यताको जूनमा ॥
वीरको यो झोलुङ्गो होस्
पहाडको ऊनमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सपनाले दिललाई छोऊन्
रंगी फूल वनमा ॥
झर्ना जस्ता कीति झरून्
नित्य गुन गुनमा ।
लहरा झैं नाता फुलून्
सन्तानको गुनमा ॥
सुगंधले छाऊन् जगत्
उच्च झूलन वनमा ।
आर्य होऊन् संसार ऊंचा
पहाडको धनमा ॥"

(१००)

घर राम्रो बनाएर गेरुले रुचिराकृति ।
टिपकारी भरी राम्रा रोपी बोट सुगंधका ॥
बगैंचा क्यारीले बेह्रो चुनी जंगलका फल ।
बास्नादार हरा राम्रा पातका बोटले सजे ॥
सानो स्वर्ग बनाएर सफा प्राङ्गण सुन्दर ।
झारलाई दबाएर बालुवाले सफा गरी ॥
पारिलो दक्षिणी पारी थामका सामु सुन्दर ।
नागबेली गरी बुट्टा लहरा झैं सजाउँथे ।
मालाले रङ्गका राम्रा उज्याला वन पुष्पका ॥

(१०१)

त्यहाँ रमाउँदा राजा दुष्टमर्दन सिंहका ।
वरीपरी ठाउँ हेरी खरले छाइने घर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ढुङ्गाका दुइ छाने झैँ पिंढीदार रमाइला ।
ऊँचाइको भिन्नताले बने सय जवानका ॥

(१०२)

देवकूट फुल्यो फैल्यो रानुले बस्न आउँदा ।
वृत्त गुन्न भए जस्तो मह खोज्ने उडानले ॥

(१०३)

फारे बन कतै खेती गर्न ढुङ्गा हटाउँदै ।
कुनै नदी किनारामा पुगे खेत बनाउँदै ॥

(१०४)

दुष्टमर्दनको झुल्दो रम्य राज्य पहाडको ।
फष्टिंदै गो, सुखी बन्दै बन्दै नित्य रमाइलो ॥

(१०५)

तर ती उर्मिला रानी सन्तानबिनु दुःखिता ।
व्रतले पातली बन्दै विषादसँग बस्दथिन् ॥

(१०६)

गोरी झिनी चारु आँखा सुकुमारी, सुकोमला ।
कामना झैँ नफल्ने ती शुक्र लागिन् दुखी बनी ॥

(१०७)

गाई ब्राह्मणको पूजा नित्य गर्थिन् सधैंभरी ।
गीता पाठ गरी मात्र खान्थिन् अन्न निरामिष ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१०८)

अम्बिकाको गरी पूजा हात जोडेर बस्दछिन् ।
माइको नपरी दृष्टि सधैँ विरह बन्दछिन् ॥

(१०९)

वन्ध्याको दुःख झैं छैन दुःख केही नबोल्तिने ।
जिन्दगी आँसु पारेर खोल्न खोजे नखोलिने ॥

(११०)

विनाफल विनाफूल वसन्त वनमा त्यसै ।
झोक्काएर रुँदै बस्ने लहरा झैं विषादको ॥

(१११)

बालकृष्ण नपाएर काखमा अति चाखको ।
रित्तो जीवनले तर्सी परलोक गुमाउँदो ॥

(११२)

बनी जीवन झैं शून्य जननी भावको विना ।
शिला शिंगारिए जस्ती उन्यू जस्ती पहाडमा ॥
फोस्रो झैं धानको गेडा विनादाना विनारस ।
शून्यमा गुन्न उम्रेकी उर्मिला आँसु झार्दछिन् ॥

(११३)

सन्तानको गरी आस दुष्टमर्दन सिंहले ।
एक क्रूर गरे काम—दोस्रो फेरि बिहा गरे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(११४)

पार्वती नामकी कन्या, छिमेकी शावकूटका ।
राजाकी माहिली कन्या षोडशी अति सुन्दरी ॥

(११५)

उर्मिला विचरीलाई छातीको घाउमा पर्‍यो ।
नून चुक, त्यसै वैली अन्नपात त्यजी मरिन् ॥

(११६)

मर्ने वेला शरापेर सारा संसारको अघि ।
"दुइ स्वास्नी बिहा गर्नेहरूलाई नहोस्" भनी ॥
"स्वर्ग वा पृथिवी दोटै" आँखा चिम्लिन् विरक्त भै ।

(११७)

पार्वतीबाट जन्मेथे दुइ पुत्र बड़ा गुणी ।
रक्षोमर्दन जेठा र परमर्दन माहिला ॥

(११८)

विमातृ श्रापले गर्दा छिमेको धूम्रकूटले ।
कर तिर्ने गराएर दबाएका दुवै जना ॥
रजौटासम्म गनिए विशाल सपना उड्यो ।
स्वर्ग भूमि गरी राज आर्यझंडा अडाउने ॥

(११९)

परमर्दनको वंश फैलिएर गयो, तर ।
रक्षोमर्दनका छोरो निस्सन्तान भई मरे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१२०)

परमर्दनका नाती गजम सिंह हुन् ।
बडा पराक्रमी वीर बाघ मार्ने निरस्त्र भै ॥

(१२१)

छँदै छ अभ्र ज्यौंका त्यौं यिनको कृष्ण-मन्दिर ।
पहाड खोपी कुँदिई बनेको कति सुन्दर ॥

(१२२)

पनाति यिनका विद्वान् कविरत्न शिरोमणि ।
प्रसिद्ध पूर्वमा साह्रै निशिमर्दन सिंह हुन् ॥

(१२३)

नाति हुन् यिनका हाम्रा शत्रुमर्दन सिंह जो
ज्ञानेश्वरनजीकैमा यो कथाभित्र बस्दछन् ॥
कप्तानसम्मको दर्जा पाएका यी पराक्रमी ।
हिन्दुस्थान पुगी आफ्नो कीर्तिको स्वर्णक्षेत्रमा ॥
चौद्ध-अट्ठार[1]का वर्ष नेपाली वीरताकन ।
सुनौला लिपिका पारी, आँखा एक गुमीकन ॥
बस्दछन् घरमा भत्ता गरी सरकारको दिगो ।
नक्सा पल्टाउँदै बस्छन् वीर-वार्धक्य-भूषण ॥

(१२४)

सारै धनी घमण्डी छन् खाने ह्वाङ् ह्वाङ शब्दले ।
दुइ छोरा र छोरीका धनी छप्पन्न वर्षका ॥

---

1. १९१४—१८ को महासमर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१२५)

चण्डमर्दन जेठा छन् कांछा तिमिरमर्दन ।
सुलोचना नामकी छन् छोरी नेपाल-भूषण ॥
दुइ भाइ मिली पढ्छन् अँग्रेजी अति चाखले ।
बी० ए० पास हुने साल यही नब्बे र पाँच हो ॥

तृतीय सर्ग

(१)

अनंगनाथ खत्री जो अग्ला, गोरा, मनोहर ।
बान्किला जीउका, चट्ट मिलेका नाक औ मिही ॥
काला भौंका, थोर लाम्चो चेहरा, अति सुन्दर ।
खाने मुख बडो राम्रो हिसिको मृदुलाधर ॥
रेशमी केश फर्केको सलक्क शिर पुष्ट छ ।
निधार नै तेजवाला गहिराइविना कतै ॥
आँखा सलक्क भौं, कोस हंसिला छविला तथा ।
जेहेनको उज्यालोले पानीदार सुकोमल ॥
सफा गला, कठालोको कालो रङ्ग नजीकमा ।
भेदले बहुतै राम्रो, छाती ठिक्क फराकिलो ॥
सलक्क हातका रेखा औंला लामा र बान्किला ।
गोल गोल सफा लालीदार राम्रा लिने नङ ॥
नीला नसाहरू रेखी नारी छ सुकुमारिता ।
फुर्तिलोपनले छीटा मोतीका मृदु दन्तले ।
मुगा ओठ दुवै खोली हाँस्दा लोभ लगाउने ॥
बोली सुर मिलाएको गाना जस्तो सफा जहाँ ।
स्पष्टता सुरिलो हुन्थ्यो रीड् झैं मधुर तीव्रता ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छाँट काँट मिलाएको पोशाक छरितोसँग।
हलुका ढङ्ग लाएर हिड्ने मधुर भावले ॥
छोटो कल्ली लुगालाई तुना कम्मरमा हुने।
पेटीले बाँधिने टम्म पकेटदार फराकिलो ॥
कालो टलक्क टल्केको. माथि धर्के कमीजको।
बटन्दार कलर्बाट झल्किन्थ्यो एक पत्थर ॥
नीलो छिर्का बनाएर उज्यालो दिनको खुला।
टोपी सुन्दर ढाकाले ढल्किएको अलिकति ॥
टम्म छन् पाइजामाका छरिता पतलोपना।
फ्रेंच ग्याँटिसको नीलो धर्को पारी अलीकति ॥
वेरागका पाइजामा मोजाको रङ्ग देखिने।
सफा पालिसको काला जुत्ता टलटल टल्किने ॥
चंचमाउँछ फूर्तिले ऊँचाइ नव बैंसको।
कोटको छाँट नै भिन्दै, खल्ती छोटा रमाइला ॥
बाटुला छरिता बान्की लच्कादार घुमाउरा।
टाँकको प्वालमा यौटा फूल राखी गुलाफको ॥
रेशमी रङ्गको राम्रो रुमाल रसिलो गरी।
फूल जस्तो बनाएर फर्काएर सुहाउँछ।
मा थल्लो कोटको खल्ती खुश्बूदार मजासले ॥

(२)

गुण्डा अनंग जो भन्थे सहपाठीहरू, उनी
भन्दथे, 'म छु के गुण्डो ? सौन्दर्योपासकै नाहुँ।
कलाप्रेमी लुगा हाम्रो, शृंगार, यदि हो भने।
किन बक्खू लगाएर जंगलीपनमा हुनु ?
अंग अंग सबै राम्रा अनंगैका समान हुन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिल्ने छाँट छरीतो होस् लुगा नै सभ्यता न हो ॥
यो कला हो सूक्ष्म कला आत्मालाई खुसाउने ।
मनुष्य पशुको भेद, सभ्य शृंगार सुन्दर,
पोशाकबाट जांचिन्छ देशको ढङ्ग गौरव ।
असुन्दर निको मान्ने नरद्रोही मिजाजका ।
पाखंडी पहिला अब्दी पुराना जंगली न हुन् ।
जित्ने प्रकृति पो मान्छे भज्ने प्रकृति हो पशु ॥
प्रतिभा नरको हेर रँगमा छाँटकाँटमा ।
नयाँ निर्माणका राम्रा बुनाइ र कटाइमा ॥
उपदेश लगौंटीका गर्मी भारत-धूपका ।
ग्रीष्मको नग्न हो शिक्षा हामी बस्छौं पहाडमा ॥
सीधा साधा भनी रेक्छन् गरीबहरू बुद्धिका ।
हामी धनी विवेकीले मीठो राम्रो मनाउँछौं ॥
व्यक्तित्व छाँटको बाबु ! राम्रो कदरको सफा ।
पुराना युगका खस्रा सांग्रा ऐटनले किन
हामी गुमाऊँ व्यक्तित्व ? कलाको नव सिर्जना ।
विकाश नव आकाश नयाँ खोज, पता, अनि
आफुलाई बनाएर बनाउनू अरू पनि ।
छोटो जीवन यो राम्रो रँग शृंगारले सजी ॥
यही बीशौं शताब्दी हो ।" अरू छक्क परीकन
सुन्दथे उनका वार्ता कुरा काट्न डराउँदै ॥

(३)

चण्डमर्दनका साथ पढ्ने तिमिरमर्दन ।
रवाफ रँग देखेर, तेजी र छरितोपना ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनकै भक्त झैं बन्थे, गर्थे नक्कल सुन्दथे।
चाखले उनका वार्ता सधैं लागी पछी पछि॥

(४)

साथी थिए सकल यो शिशुकाल थियो जब।
शत्रुमर्दनको वास ज्ञानेश्वर रमाइलो॥
खेत खेत सबै कुद्थे जंगली पान पार्दथे।
वोरी र आलुबखडा बोक्रो पात चपाउँदै॥
चढ्थे कनकचंपाका बोटमा, सालपातमा।
फूल मीठा छिपाएर, चर्को मग्मग बासको।
उन्दथे जाइका माला सिन्काभर सजाउँथे।
लच्काएर जहाँ फुल्थ्यो सेतो हाँगा रमाइलो॥
पहिलो आलुबखडा परखालनजीकमा।
वसन्तकुञ्जमा पूजा गर्न, ढुंगा रमाइला॥
वाग्मतीतटका ल्याई छालले बाटुला हुँदा।
चिप्ला, चिल्ला, मिही रेखा परेका देवतासरि।
भोगटेपातले राम्रा चिल्ला टलक्का सबै।
बेरुवा रच्दथे बाजा, ओठबाट बजाइने॥
अबीर धूप चोरेर बत्ती त्यस्तै सलाइका
बट्टाहरू, सबै खान्थे झटाई मुड्ली बज्यै
जंग्याएर—उनी आई छ्यान्नब्यान्न गरीकन
शराप खान्थिन् शिशुको मुमाको डरले तर
भाग्दथे वाग्मतीतर्फ कुलो पाटी बनाउन
धाराहरू—यसैबीच डेढे नोकर आउँथ्यो,
छ्या र सुकुटे—सारा शिशुलाई धपाउँथ्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घरतर्फ कुनै भेडा-गोठालाका पशुसरि
अथवा आँधिका झोक्का वसन्त वनमा कुनै ॥

(५)

बराबर त्यहाँ हुन्थिन् बान्किली दीर्घलोचनी।
कुमारी बहुतै राम्री बहिनी दुइ भाइकी ॥
उनी जाई थुङ्गा पाथिन् राम्रा राम्रा उनीकन।
सियो धागो लिई आई बगैँचामा वसन्तको ॥

(६)

'पिंजराको सुगा' भन्ने कविता कंठ गाउँथे।
'जगदीश्वर'को गाना नेपाली कवि-सूर्यका।
लोली मिलाई सारा ती जुनेली रातमा बसी।
कहानी हाल्दथे मीठा, हाँगाबाट झरेसरि।
फूलदार नयाँ हाँगा वसन्तैका चराहरू।
एकादेशहरूबाट रंगीचंगी झरेसरि ॥

(७)

कहिले चल्दथे वार्ता मीठा बहस शैशवी।
चन्द्रमा बोल्दछन् भन्थे सपनामा कुनै कुनै ॥
कुनै त मुख मात्रै छ छैन खुट्टा र हात नै।
भन्थे, कोही त्यहाँ देख्थे खरायो अनि तारका ॥
जूनकीरीहरू भन्थे स्वर्गका, हाँस्दथे सधैँ।
खेल्दथे, बोल्दथे, चल्थे जिउँदा अंगका छिटा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(८)

जिज्ञासाहरूका ज्योति चंकाईकन नेत्रमा।
पानीदार, सदा विश्व नवनूतन रूपको।
जादूका बाग झैं हेर्थे तारा चन्द्र रमाइलो।
कथा जगत् बनाएर पृथिवीको भुरुङ्कन॥
सुनकेस्रा महारानी, पंपा राजकुमारको।
मैयाँ अबोलाहरूको, जूँघेको, जुइका कथा-
हरू हाली, उचालेर पृथिवी बाल्यसौखले।
स्वर्गको नेर रंगीन बदलीका प्रदेशमा।
फूल, वृक्ष तथा तारा, चन्द्र, आकाश सूर्यमा।
साहचर्य तथा बोली पाँउदै मिष्ट मानव।
खोली 'सम्सम' सानन्द कल्पनाका पहाडमा।
आफ्नै जगत् बसी डुल्थे जिउँथे सुरका शिशु।
एकादेश नयाँभित्र चन्द्रमाका प्रकाशमा॥

(९)

लियो समयले अर्कै रंग, दृश्य अरू खुले।
वैलियो पहिलो जादू, आर्को टूना बन्यो जगत्॥
कथाबाट भयो आफ्नो मनको सपनासरि।
वैंसले कानमा आर्कै कहानी भन्दथ्यो अब॥
जिन्दगीको—विनाकाँढा फूल फुल्ने वसन्तको।
रंगको ढंगको आर्कै मंजरीको मिठासमा॥
चिल्लो ताजापना आई आकार परिपक्व भै।
फूलको कोपिला फुक्दा बोटको बास्निने दिन॥
उज्याला ग्रीष्मका आए जोशिला, नवबादल।
उडाउलान् भने जस्ता, संगीतसित जीवन॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१०)

बानेश्वर रहे हाम्रा अनंग, तर मर्दन ।
ज्ञानेश्वर सरे यौटा ठूलो घर किनीकन ॥

(११)

सम्बन्ध पनि टाढा भो अज्यालसंग—पण्डित ।
वासुदेवसंगै पर्दा शत्रुमर्दनको रिस ॥

(१२)

औलादौला, घमंडी ती बिर्ताबाल र वंशका
गर्वले बहुतै फुल्ने, राजाको वंश हुँ भनी ॥
हिन्दुस्थान गई तक्मा पाएका एक नेत्रले
विहीन काँचको आँखा लाएका शत्रुमर्दन ॥
अग्ला, काला, नबोल्ने ती हम्मेसी गर्वका शिर
ठाडो गरेर हप्काए जस्तो आवाजले संधैं
कुरा गर्ने, नहाँस्ने ती, पासा खेल्थे बराबर
पण्डितजी साथ घरमा, नली लाएर ओठमा ।
वालिष्टको अडेसा ली सानेलाई हनाउँदै ।
गोटी चालेर आफैले मौन मूर्ति बनीकन ॥

(१३)

एक रोज पर्‍यो घंसाघंसी पण्डितसाथमा ।
चालेछन् चुप भै गोटी बन्दीमा वासुदेवले ॥
एक चाल सकी देखे शत्रुमर्दनले जब ।
झांक्रुङ्क बाघ झैं झम्टे "मोतीटारे गधा" भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डित्जी भन्दथे, "मैले नदेखेको म के गरूँ ?"
"आंखा हुने गधा देख्छन् अन्धा गोरू नदेख्दछन् ॥"

भनी उत्तर पाएर रेन्कोको, झोकको तब।
"सबै काना, सबै अन्धा, आंखा हो कुन सूर्यको ?"

भनी जबाफले छेड्दा झोक्किए शत्रुमर्दन।
"तं काठो कन्धने ! को होस् ? कात्तिके ! मअगाडिमा

जबाफ लाउने ठूलो ! टपरे, सोह्र श्राद्धको।"
भनेर उल्टिदा पासा पण्डितजीका कपोलमा।

लाळी लाली भयो रक्त समूचा नै शरीरको ॥

(१४)

"म तिम्रो कात्तिके हैन, भान्से बाहुन हैन म।
म आफ्नो घरको राजा झोपडी नै भए पनि॥

पैसाभंदा भिजाउँ हो ठूलो मानिसको धन।
यस्ता टुच्छर बोलीको वासमा पाउ हाल्दिनँ॥"

भनी पण्डित फन्केर गएदेखि अझैतक।
दुइटाको कुराकानी भएको छैन भन्दछन्॥

(१५)

अनंगनाथ तर छन् साथी मर्दनका दुइ।
बाबु बाबु भए शत्रु छोरा छोरा भए संगी॥
सापो नापो मिलाएर सानो प्राकृत ऐनले।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१६)

हाम्रो बुवा घमंडीका पूरो मर्दन भन्दथे ।
"बूढ़ा बूढ़ा गरून् जङ्ग हामी दङ्ग बनीकन ।
साथो साथी सधैँका हौँ अनङ्ग ! नङमासु झैं ॥

(१७)

अनंग भन्दथे, "हाम्रो केको रीस छ, राग छ ?
'उदार चरितानांतु वसुधैव कुटुम्बकम् ॥' "

(१८)

एक रोज सँगी तीन ज्ञानेश्वरनजीकमा
पुग्दा मर्दनले भन्छन्, "हिंड् अनंग तँलाइ के ?
हाम्रो घर"—"म ता जान्न बुवाले नोल लीकन
धपाउनेछन् के खान आइस् उल्लू भनीकन ॥"

(१९)

भन्दा मर्दन ती भन्छन्, "जा उल्लू ! के धपाउँथे ?
हाम्रो पो घर हो साँच्चै बूढाको अधिकार नै
खुकुलो छ ! खँदीलो छ हाम्रो पो अधिकार भन् ।
उमेरसाथ हकले ओह्रालो लिन्छ, बैंसले
उकालो लिन्छ दावामा ! यो हाम्रो घरमा तँ के
बूढाका डरले घुस्न किन संकोच मान्दछस् ?
हिंड् हिंड् नगै नगै हुन्न, जानैपर्दछ" भन्दछन् ॥

(२०)

"ठोक्लान् बुवा नि जङ्गोर" भन्दै हात समाइँदा ।
तानिँदा परदछन् भित्र अनंग अब द्वारमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२१)

"म पसें घरमा तिम्रो आठ वर्ष पुगेपछि ।
सतासी सालको जङ्ग पन्चान्नब्बे छ सन्धिको ॥"
भन्दै हाँसी पसे तीन, अग्ला हाम्रा अनंग र ।
पुड्का चंड र ठिक्कैका जोशी तिमिरमर्दन ॥
नववर्ष शुरू हुन्थ्यो पंचान्नब्य रमाइलो ।
सुगन्धमय हावाले, फूलका बहुरङ्गले ॥
दाडिमी पालुवा चिल्लाहरूले सब कंटक ।
छोपी हिउँदका तीखा नवसिर्जन ल्याउँदै ॥
नवप्रश्नहरू बोल्दा नव हाँगा बिगासनि ।
चाँदी बादलका राम्रा तहले व्योमको पट ॥
ठिक्क पारी सिंगारेर जूनेली ज्योतिले लिपी ।
बैंस जस्तो हरा पारी बगैंचा नवयौवनी ॥

(२२)

वाल्पेपर्ले सजाएको सिलिङसम्म रमाइलो ।
तीनझ्याले सफा कोठा दक्षिणी वायु मगमग ॥
मान्छेभन्दा एकबित्ता जति अग्लो र ठिक्को ।
ऐनादार पहेंलो छ जसमा झ्याल सुन्दर ॥
बुट्टे चीसो भुइँटाट लगाएको छ छेउमा ।
टेबिल् पालिसको राखी "देविकाँ" को मनोहर
चित्र बारा लगाएको, साथमा फूलदान छ,
काँचको हरियो, नीलो रंगका लाहुरेहरू ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राखिएका यतापट्टि, अलमारीमा रमाइलो ।
ऐनादार सबै खंड किताबहरूले भरी ॥

अङ्के ताल्चा लगाएको अंग्रेजी कोषका दुइ
ठेली राखेर शिरमा 'विश्वकोष' सँगी गरी ॥

(२३)

उतापट्टी पलङ्गमा फलामे झूल पातलो ।
बाबर्लेट्‌को उचालेको, तकिया छन् बनारसी ॥

श्रीकृष्णमूर्तिले राम्रा चित्रिएका सफाइले ।
तन्ना सरक तानेको डस्नामाथि सुकोमल ॥

दोलाईं नागवेलीमा मिलाएको सिपालुले ।
भित्तातर्फ, यकापट्टि खाटे तन्ना लरक्क भै ॥

भुइँलाई छ छोपेको हरियो रंगको सफा ।
भुइँ केही उठाएको बुट्टादार बुनौटको ॥

जसको नेर यौटा छ तकियासाथ लम्पट ।
गलैंचा मखमली नीलो टल्किने अलि छोप्दछ ॥

जसको रम्य छातीमा गुलाफी लाल फूल छ ।
बेलायती छ कार्पेट फूलदार बुनौटको ॥

दुवैतर्फ त्यता ढोकासम्म पुग्ने, उतातिर ।
काटेर राखिएको छ आलमाड़ीमुनोतिर ॥

यौटा स्टांड्दार कलम फाउन्टेन् पेन भने पनि ।
हुने जस्तो छ राखेको उल्टो, टेबिल् सजाउन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२४)

पहिलो झ्यालमा रेकर्ड्‌हरू छन् हरिया सफा।
टीनबट्टाहरूभित्र चार वा पाँच टम्म छन्॥
ग्रामोफोन नजीकैमा रातो पालिसदार जो।
चौकुने चट्ट बाकस् झैं बसेको चूपचाप छ॥

(२५)

तीनौटा मेच छन् यौटा भित्ता उत्तर माझमा।
यौटा दोस्रो छ झ्यालैमा तेस्रो टेबिल्‌नजीकमा॥

(२६)

तीन साथी त्यहाँ आए हाँस्दै दंग परीकन।
मेचमा बस्दछन् तीनै, झ्यालकोमा अनंग छन्॥

(२७)

जूनको हँसिलो ज्योति फारी बादल झर्दथ्यो।
बगैंचा दक्षिणीलाई लिपी मस्त मिठासले॥
जादूगर्नी स्वर्गकी ती ताजा हरित रंगमा।
टलक्क मधुरो टूना दिन्थिन् दाडिमबोटमा॥
जहाँ यौटा कलेजी छ मुना बाँकी हरा हुन।
जाईको बोटमा मौन सुनौला रंगमा छरी॥
सुधा बयान नहुने, चंपाको दिलको रस।
तीखो मधुरतासाथ मग्मगाएर जूनमा॥
स्वर्गकी मंत्रकी रानी हाँस्दथिन् बीचबादल।
शरीर नै बादलको जूनको सूतले बुनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चौडा आँगनमा यौटा नयाँ जादू लिपीकन।
वैशाख बैंसकी चाँद रानीतुल्य वसन्तकी।
प्रेमकी जादूगर्नी झैं सपना पार्दथिन् सब॥

(२८)

एकै झलकमा भन्छन् झ्यालबाट अनंग ती,
"आहा ! क्या हँसिलो ठाउँ बास्नादार रमाइलो,
उर्वशीसँग रंभाका सँग वा मेनकासँग,
विश्वामित्र पुरूरवा, अरू वा नृप कै रवा॥
प्रेम गर्थे यहाँ भन्नु मेरो दिल पत्याउँछ।
उपन्यास बनाएमा यहाँ प्रेम गराउँछु॥
हेर त्यो जाइको बोटनेर झाँग गुलाफको।
जहाँ चित्रिन्छ सौन्दर्य जंगली शुक्ल फूलमा।
कलिला जूनका पत्ती झैं लिदा पीत केशर॥"

(२९)

"अनंग किन चाहन्छस् कवि बन्न अनाहक।
दुनियाँको भुली सत्य जूनको बहुला चरो॥
बनी मिथ्या र उन्माद भ्रान्तिमा घुम्न बेसरी।
सत्यमा आ ! सत्यमा आ ! दुनियाँको हिंडाइमा !
गर्नुपर्ने कुरा धेरै बाँकी नै छन् स्वदेशमा।
कवि बन्छस् तं पनि के पुजारी पात छालको॥
जीव बादलको, खल्लो मिठाईहरूमा डुबी।
माखो बन्न, मरी सारा पृथ्वीनिति असुन्दर-
हरूको सत्य छूनामा आँखा चिम्लेर सुन्दर
भनी खोज्ने सधैं झूठो भ्रान्ति किल्ला बतासको॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३०)

भन्दा अनंगजी भन्छन् 'कच्चा बच्चा तिमीहरू ।
अन्धविश्वास तोड्नुमा अन्धविश्वास बन्दछ ॥
विज्ञानको सत्यलाई पूजा गर्ने यतातिर ।
विवेकका बनी काना, कल्पना भ्रान्ति भन्दछन् ॥
सच्चा कुरा यही जान कल्पना विश्व हो सब ।
जस्तो भो कल्पना उस्तै हुन्छन् मानिस विश्वमा ॥
शरीररूप खँदिलो मासुडल्लो छ सत्य यो ।
तर के यसमा हामी पाँउछौ सब मानिस ?
यो माटो, मन हो फूल, बास्ना हो कल्पना त्यहाँ ।
जिन्दगी न त मासु हो न आत्मा हो, दुवै कुरा ॥
विरोध नै जीवन हो मिसौट सब छ्यासिमसे ।
कविता, रमिता, गाना, काँढा, फूल, प्रभा, तम ॥
असुन्दर यसैमा छ यसैमा सब सुन्दर ।
कविता एक हो ढङ्ग त्यसको एक अंग हो ॥
कवि बन्दै खराबी के ? आफ्नो आनन्द सिर्जनु ।
मीठा मस्त कुराभित्र घुस्नु आनन्द पाउनु ॥
आनन्द पहिलो खोज आखिरी अन्त खोजको ।
आनन्द पाइयो जेमा, त्यहीं स्वर्ग त्यहीं सुख ।
त्यहीं सत्य त्यहीं नित्य" भन्छन् तिमिरमर्दन ॥

(३१)

"त्यसो भए छँटा ! मीठा गाँजा रम्य तरंगका ।
लगा बस् लहडी बन् ताँ ढुंगा चामल होस् ! कथा ॥
जगत् भन् भाव-सामग्री, पोशाक पनि कल्पना ।
आगो सँझी हिँडँदमा, लडाइँ जित् तरंगले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तीखा अभावका दाह्रा दबा राम्रा विचारले ।
गन्धे झारहरूलाई गुलाफहरू भन्, बना ॥
रोग बिर्सी, सबै शोक बिर्सी चोसा पहाडका ।
बिर्सी कंकालका रूप, खोक्रा आँखा, सुखा मुख ॥
बनाइदेन दुनियाँ यौटा आदर्श रंगको !
अहो क्याबात ! क्याबात ! मूर्खका शिर हल्लिने ॥"

(३२)

"हामीलाई पुगीहाल्छ आत्म-सन्तोषले सबै ।
जहाँ आनन्द पाइन्छ त्यहाँ ज्ञान अनंत छ ॥
नहुन् कृष्ण बुझिस् मेरो दिलमा तृप्ति होस् यदि ।
आत्म-सन्तोष होस् मेरो निति ती सत्य एक हुन् ॥
कोही छैन भनेदेखि उपार, यति ता भयो ।
उच्च आदर्श, या भावहरूमा टक्राउँदै ॥
मरिन्च्याँसे, जिउनुको सुख ता थोर फेरियो ।
यो जाने काल कालीको बलि झैं जिन्दगी अलि ॥
सुनौला हुन ता पाओस् रंग राम्रा नयाँ थपी !
यही कला, बुझिस् बाबु ! प्रेम, आनन्दका कुरा ॥
खोजी नयाँ रंग निका त्यसमा जिन्दगी लिनु ।
त्यही हो सत्य संझेर प्रेमको जिन्दगी दिनु ॥
यही सुधार ! के हुन्छन् सुधार यस विश्वमा ?
सारा उधार हुन् कि हो खालि राम्रो असुन्दर ?
आत्माको तृप्तिको खेल ! समूचा जिन्दगी उठो ।
यो राम्रो यो नराम्रो वा भन्नु मान्नु यही न हो !
नबोले नसके भन्न के राम्रो के असुन्दर ?
तिनमा पनि छन् भेद दुनियाँ रमगाउँछ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफै मात्र बने राम्रो पुगिगो किन यो जगत् ।
सुधार गर्न यो तर्क गर्छौं कच्चा ठिटाहरू ?
सुधार नित्य बन्दैनन् यौटा गर्छ सुधार र ।
आर्को उधारले गर्छ त्यसमाथि सुधार रे ।
नित्य स्थायी कुरा यौटा आत्मतृप्ति र सत्य हो ॥"

(३३)

भन्छन् भन्न् नाक चेप्ख्याई जोशी तिमिरमर्दन,
"धुत् मूर्खके त्यही हो त दुनियाँको सबै मुद्दु ?
अराजक तिमी रैछौ ! आत्मा तृप्ति लिए सधैं ॥
भैंचालो पृथिवीलाई हुरी हावाहरूकन ।
कव्याई सुख के मिल्छ ? दुनियाँ कति बन्दछ ?
धर्म को कर्मको सारा लहडीपन स्वर्ग हो !"

(३४)

चण्डमर्दनले थप्छन् "देवताहरू शास्त्रका ।
स्वर्गमा गर्दछन् के के ? अप्सरा नै नचाउँछन् ।
प्याला प्यूँछन् अमृतका वलासहरू जोड्दछन् ।
यही हो दिव्य आदर्श खानु, प्यूनु र गाउनु,
नाच्नु सारा नचाएर आनन्दकन नित्य मैं
पार्नु; चाँडै रिसाएर सातो लिनु, नपस्तिनु,
तेजी हुनु, अरूलाई दिन सक्नु र शक्तिको
अघि माथ झुकाएर मान्ने मान्नु र आडले
ठूलाको, आफ्नु ऐश्वर्य आफ्नो शान्ति बढाउनु ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्ग भन्ने उता छैन यतै छ सब देवता।
ठूला बडाहरू नै हुन् ! ऐन मान्नु बिभिन्डिने।
काम छोड्नु, आफुपछि छोराछोरी जिलाउनु।
यही हो मुट्टु सिद्धान्त अरू बगनफूस हो।"

(३५)

"कस्तो बयलसिद्धान्त, नाकडोरी लगाउने !
खालि पिप्लको पूजा भंटा मात्र झटारिने !
ऐनमा चल्नु ता पर्छ, राख्नुपर्छ समानता।
तर के छैन यो ठाउं सुधारहरुको जग ?
यत्ति आदर्श हो दाज्यू ?"
"यत्ति हो छैन क्यै अरू ॥"

(३७)

"साँचो साँचो" यिनीं भन्छन्, अनंग तब थप्द छन्,
"राजा छ विश्वको यौटा हजारौं मूर्खका अघि ॥
गुलाफ के सुधारिन्छ ? ताराको तौल के अझ
राम्रो पारेर पारिन्छ ? पूर्णता काम गर्दछ
जहाँ, त्यो ठाउँमा हामी सांग्रा चैतन्यले किन
सुधारहरुको भाव राखी फेरि सरूँ अघि ?
हामी आफू बनी यौता, बनी आत्म-सुधारक।
ठाउँ हेरेर बढ्नु नै फुल्दै फल्दै सुधार हो ॥
अरू उधार हुन् सारा प्याला हो देवको सुख।
गाना हो लय औ ताल मिल्नु नै नृत्य जिन्दगी,
सजीवता लिई फुल्दो नाच्दो रंग मिठासमा।
सुधार कुन के गर्छौं ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३७)

"विवाहहरू हेरन ।।
अन्धा ईश्वरका भक्त ! बोक्रे रक्तपिपासुता !
शिक्षाको ढंग नै हेर ! घरको ढङ्ग हेरन ।।"

(३८)

अनङ्ग भन्दछन्, "हेर ! विधवाको सतीत्वमा ।
मृत्यु नाघेर सर्वस्व चढाएको मिठास छ ।।
त्यहाँ रहन्छ सन्सार हाम्रो धर्म्म सहिष्णुता ।
दृढता, पूर्ण विश्वास !"

(३९)

"त्यहाँ हेरन फेरि के
अत्याचार, अनाचार, व्यभिचार अचार छन् ।।"

(४०)

"व्यभिचार सबै हाम्रा कमजोरीहरू न हुन् ।
अत्याचार त्यहाँ छैन जहाँ धर्म्म र स्वर्ग छ ।।
पाचुकी अझ छन्, दुष्ट लाखौं हृदय लालका ।
आँसुले रक्तले भिज्छन् कमजोरी बढाउँछन् ।।
स्वामीका गर्दछन् हत्या चांचल्यकन पोषण
गर्छन्, आचार नै भ्रष्ट पार्दछन्, के त्यहाँ छ र
कोही सौन्दर्य वा सुख ? के अंग्रेजहरू कतै
हामीभन्दा सुखी हुन्छन् ? बोक्रे झूठा विलासले ?
झिलीमिली बढाएर ? यी भ्रान्तिहरू हुन् बुझ्यौ ?
पश्चिमी व्योमका हावा यथार्थकन पार्दछन् ।
अझ व्यर्थ विकम्मा नै सुधारै भ्रान्ति हो सब ।।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४१)

"बुझ्नै मगज नै छैन" भन्छन् तिमिरमर्दन,
"विकम्मा यी ! बिकम्मा यी ! कस्ता दुष्ट पुराण छौ ।
स्वार्थी बेकामका झूठा पंथी, भ्रान्तविना छांव,
विनाजोश विनाहोश ! भो भो छाड सबै कुरा ।
व्यर्थका, सुन यो गाना प्रश्नको युगको नयाँ ॥"

(४२)

यत्तिसाथ झिकी रेकार्ड बजाए, तीन सुन्दछन् ।
गाना युवकको कोही दार्जिलिङ्को मनोहर ॥

(४२)

गाना

"यो नवयुगमा युवकहरूहो यौटा धर्म बनाऊँ ।
जन्मभूमि नै स्वर्ग र द्यौता भाइ बहिनी मनाऊँ ॥
पहाड हाम्रा मन्दिर राम्रा भाषा भजन बनाऊँ ।
प्रेम वेदको मन्त्र मनोहर सारा हृदय सुनाऊँ ॥
अन्धकारका आसुर किल्ला दिलदिलबाट उडाऊँ ।
फेरि फेरि यी जन्मभूमिमा जन्मी बलि हुन आऊँ ॥"
"यसमा छ नयाँ ढंग नयाँ ध्वनि नयाँ कुरा ।
नयाँ जोश नयाँ आँखा अन्ध-विश्वास हो अरू ॥"

(४३)

"राम्रो रहेछ यो गाना" भन्दै तारीफले तब
अनंग हेर्दछन् नाडी - घडी, आठ बजेछ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"अबेर भो" भनी उठ्छन् , अरू साथ दिनाकन
उठ्दछन् तर ती भन्छन् "मलाई थाह छैन र
यो तिम्रो घरको बाटो ? तकलीफ उठाउनु
पर्दैन जान्छु है "गुड् नाइट्" भनी हिंड्छन् अनंग ती।

(४४)

तर बिर्सेर बाटो नै पुगे उत्तर बागमा ।
संझेर अघिको बाटो जो थियो आँघ ता त्यहाँ ॥
तर ईंटहरू ल्याई थुनी एकान्त सुन्दर।
बनाउने ·राएर, त्यो बाटो बन्द नै थियो ॥
मानो आदत झैं कोही आफ्नो राह स्वभावको ।
लिन खोज्दो—त्यतै लागे द्वार बन्द हुँदा पनि ॥
चुरोटहरू खोज्नेले धूम्रपान त्यजेपछि ।
यसो हात पसारे झैं देख्दा बट्टा सलाइको ॥

(४५)

तर त्यो उत्तरीवाग बडो आनंदको थियो ।
झाँग पर्खालमा लागी छाँटएको मनोहर ॥
बाटुलो बान्किलो ठूलो वैशाख नवबैंस झैं ।
झार राम्रा लगाएका दूभो सेतो यता उता ॥
बुट्टा काटेर बाटामा इंटले बालुवा छरी ।
फूलका बोटले राम्रो रंगदार सुगन्धका ॥
चम्पा, जाई, जुई, बेली, जमुना, मधुमालती ।
केशरी, कुन्तला, काँची, कामिनी, केवरा, कलि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सेता गुलाफ राता र पहेंला गुनकेसरी ।
फलका वृक्षका नेर लागी लहर फुल्दथे ॥
सुन्तला हरियो लिन्थी बढालु कलिलो फल ।
भोगटे अलि क्यै ठूलो हरियो डाँठमा थियो ॥
नाभि झर्दै थिए धेरै फलका, कीप फुल्दथो ।
बेला बखतको केही विचार नहुने तरु ॥
कागति पनि देखिन्थी दाखका झाँग झुल्दथे ।
गुलाफका हरा झाँग जंगली शुक्ल पुष्पका ॥
लहरे लच्किदा माला जस्ता हाँगा परीकन ।
फुलेका जूनमा राम्रा टिप्ने हात डसीदिने ॥

(४७)

जूनेली दृश्यमा हावा वास्ना ल्याएर भंदथ्यो ।
"निता आनन्दको मित्र ! अनंग वनमा यहाँ ॥
यौटा कमलको बोट फुल्दो ढिस्को लिईकन ।
जूनेलो बागमा राम्रा हेर ! उत्तर पश्चिम ॥"

(४८)

त्यहाँबाट थियो गाना मीठो लहर आउँदो ।
सुगंधसाथ मिसिई फूलका मृदु तालले ॥
मानो परी कुनै ओर्ली स्वर्गबाट त्यतातिर ।
जाईको रूखको आड लिई गाउँदथी नयाँ ॥
पल्लवाधरका मीठा सुरीला मसिना स्वर ।
कहिले जून झैं चंकी, कहिले वायु झैं चली ॥
कहिले कम्पिंदै साझो पालुवा झैं बतासमा ।
कहिले शीतका थोपा झल्किए झैं प्रसूनमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कहिले फूलको ओठ लिए जस्ता सुगन्धले।
कहिले बैंसका सारा नसा तार बनेसरि॥
कहिले मंजरी लागे जस्तो नव्य वसन्तमा।
कहिले सिल्मिलाएका छाल झैं जगमा सफा॥
त्यो बगैंचा बनाएर संगीतमय माधुरी।
सुतेका चिडिया सारा सपनामा कराउँदा॥
जस्तो मधुर त्यो गाना वसन्त वनको मुटु।
प्रेमको लहरीद्वारा ढुकढुकाउँछ झैं गरी।
सर्र स्पर्श नै आयो केन्द्र छोई अनंगको॥

(४९)

सुलोचना बसी त्यस्तो ठाउँबीच मनोहर।
गाउँथिन् तलको गाना—अप्सराको भरो स्वर॥

(५०)

गाना

"फुल फुल फुल रे मधुर जराका, अधर मनोहर फूल।
झुल झुल झुल रे मृदु लहराका
परिमलदार कबूल॥
यस दुनियाँमा अधर छ खालि
अति रस – कोमल भाव निकाली
जललवहरूले झलमल डाली
उरमा निहित छ शूल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खुल खुल खुल रे भन्दछ मधुऋतु
विधुकरसित अनुकूल ॥
तह तह भाषा, तह तह आशा
कन्छन् जललव मधुर पिपासा
नीरव चल्छे मृदुल पवनमा
मृदुल हुनू नै भूल ।
यौवन फूल हो, यौवन आँसु
यौवन निहित छ शूल !"

(५१)

अडी अनंगजी सुन्थे सपनाको प्रदेशमा ।
पुगेका सुतुवा जस्ता जूनेली रातमा सफा ॥

(५२)

सुलोचना उज्याली ती गाउँदै अब आउँछिन् ।
चन्द्रमालाई हेरेर पूर्णबिंब प्रकाशमा ॥

(५३)

केश लामा फिजारेकी नितबतक, सुन्दरी ।
मानो झ्नाउपरकी चन्द्रमा झैं निशीथमा ।
जब झर्नो उतापट्टी, यता चन्द्र छद्गाउँछन ॥

(५४)

सफेद शान्त सारीमा काला! बुट्टा मनोहर ।
लहरे रसिलो पारी लगाएको बनारसी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रा मुजा परी रेखा कलाका रम्य झर्दथे ।
गोलीगाँठासम्म छुने पाउको हिउँ झैं सफा ॥
रँगलाई दिई चट्टी काला धर्को मनोहर ।
कुर्कुच्चा घोटिए जस्तो फूलको रंगको सफा ॥
बाँकटे रेशमी चोली सेतो रेशम टल्किने,
पाखुरा स्पष्ट देखाई पुष्टताले फराकिलो,
जूनको रँगले गोल, फूलको रसले मिहीं,
सप्को सरक्क पारेर बाँया र न अलीकति ।
झल्किने पुष्टता जस्तो, रेखा उक्सी रमाइलो ॥
आधा छ केश ढाकेको सप्कोले त्यो पछिल्तिर ।
तर हावा उचालेर खेलाउँछ अलीकति ॥

(५५)

निधार पृष्ठमा यौटा केश फर्फर हल्लियो ।
तर भौंले जितेको छ त्यसको कृष्ण माधुरी ॥
आँखा उज्यालो देखिन्छन् चन्द्रिकाको प्रसन्नता ।
झल्केर जलमा मानो परे झैं निशि माधुरी ॥
सजीव सपनादार आनन्दमय देखिने ।
कपोल छ सफा नौनी ढाले झैं पुष्टता लिने ॥
जादूको मसिनो डल्लो जस्तो चिबुकमा बनी ।
अप्सरा नन्दनैबीच गाउँदी झैं हिंडिन् यिनी ॥
बेयाद शान्त सौन्दर्य संगीतमय बैंसकी ।
सुरिलो चिडिया जस्ती पल्लवाधरकी बनी ॥
पुष्प शूल तथा आँसु भएका भाव घोलिने ।
गीत गाएर त्यै भावबीचमा मन्दगामिनी ।
छातीबाट उठे जस्ता सच्चा प्रकृत भावमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५६)

झसङ्ग झस्किइन् झट्ट देखी आफ्नो नजीकमा।
घडी तीन बितेको त्यो रातको वाटिकाविषे
देखो अनंगको मूर्ति, कल्पना झैं मनोहर॥

(५७)

चट्ट गान त्यहीं थामिन् टक भै शरमाउँदी।
अकमक ब.नन् केही, न भागूँ न रहूँ गरी॥

(५८)

लाटा अनंगले बोले हतकेला उठाउँदा।
"कहाँ हो ?" शब्द यी तीन ढल्काइबाट देखिने।
पिइ नजरले खालि मुहार मनमोहन॥

(५९)

बोलोले चिन्न ती छोटी अनंगै हुन् भनी फन
ठमाई मनले केही रोकिइन्, संझनाहरू
झुंड झुंड बनाएर पालुवा झैं अगाडिका॥

(६०)

भेटे नजर दोटा ती दीर्घकाल वियोगका।
हेरिन् पुलुक्क उनले, उनी खालि पिई पिई।
प्रशंसाका पुजारी झैं खडा हुन्थे सुनिश्चल॥

(६१)

सुलोचना चट्ट झुकिन्, फेरि हेरिन् रसाउँदै।
"रोकूँ रोकूँ" गरे जस्ता आँखाले अति कोमल॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६२)

नरमायो जिउ पनि, अङ्ग अङ्ग झुके अनि ।
अबोला ढंगले भन्थ्यो "किन बिर्सौं कतातिर
बसेका यतिका रोज आशा बैलाउँदै सब !"

(६३)

पानी कोमल आँखामा आँसु दाना बनूँ बनूँ
जस्तो देखेर आँखाले बुझ्के भाव अगोचर ॥

(६४)

"ह्मामो खेल्थ्यौं आघ आघ" भन्दछन् रोकिईकन ।
सहानुभूतिका आँखा रसाएका अनंग तो ॥

(६५)

झुकेर मुखमा हेरिन् बनी करुणा—लोचनी ।
प्रतिज्ञा तब आत्माले गर्‍यो मन्मथको त्यहाँ ।
"अरुको हुन्न पूजारी अब यो व्योमका मनि ॥"

(६६)

तब आँखा पुछी वेही निहुँले फर्कंदी तिनी ।
प्रशंसा उनमा देखी उज्यालो मुखकी भइन् ॥

(६७)

स्त्रीको हृदयले देख्यो सिद्ध टूनाहरू सब ।
आकर्षण त्यहाँ बन्दा बडो सफल पात्रमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६८)

अब आफू सह्माल्छेर भन्दछिन् नवयौवना।
"चिन्नको यो कठिनता हामीलाई अहो ! किन ?"

(६९)

"चिनें मैले, सुनें मैले, बुझें मैले, लिएँ सब।
पुजारी हूँ सदा भक्त प्रतिज्ञा गर्छु यै अब॥"

(७०)

"आम्मै ! भक्तहरूको ता भक्त हुन् भगवान् भने।
भक्त बन्नु खराबी छ ? म जस्ती भक्त नै बने॥

(७१)

तर भो यी कुरा छोडूँ, नबिर्से पुगिगैगयो।
माथि जाऊँ न कोठामा थोरै बेर बसूँ उहाँ
दाइहरू तुवै होलान् पाल्नुहोस्न् गरूँ गफ।
अबेर के भएको छ ? ढोका फिर्सेर आउँदा
जाने बाटो नदी हाम्रो बगैंचाले थुनीदियो।
हाम्रो सौभाग्य भन् आज डबल सौभाग्य झैं भयो॥"

(७२)

चापल्य देखी उनमा रोकिएको कडापन।
अनंग होशमा आए, बोल्न लागे खुलासँग॥

(७३)

"ज्यादै अबेर भो मैयाँ गफ सारा सकीकन
आएँथें जान बाटोले दियो धोका यतातिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अड्कायो, अनि गानाले मुग्ध भै म खडा रहें।
सपनादेशकी रानी विपनामा उदाउँदा॥
चिन्नै सकिनँ मैले ता पहिले तर संझना
फर्की झलक्क जाँचेर मुखाकृति र भाषण।
तब मैले बुझें मैयाँ मंजरी फूल बन्दथिन्।
नयाँ रंग बढाएर नयाँ बास्ना बहाउँदै॥
आज जान्छु अवेला छ बिदाबारी भईसके।
बाटो त्यतातिरै हो कि? सवारी होस् न"—यत्तिमा
मैयाँ झुकिन् "हरे जाने? नबस्ने!" भन्दछिन् तिनी।
शिर चारु हिलाएर मुखमा फेरि नेत्रले
दिई कारुण्यको दृष्टि फेरि केही रसाउँदै॥

(७४)

"आज जान्छु अबेरै छ माफी पाऊँ म आउँला।"
भनी हिंडे सबै छाती यौटा नजरमा दिई॥

(७५)

अडिन् टक्क झुकी मैयाँ शोचसाथ 'म के गरूँ?
कसरी बोल्नको मौका नवदर्शन पाउँला?'
भने झैं अनि ती झट्ट फूल केही टिपीकन
दगुरिन्, तर ती प्रेमो पुगे बाहिर शीघ्र नै॥

(७६)

भर्‍याङमा "कला"नामा केटी भेटी तिनी अब।
भौंमा गाँठो बनाएर तर्किई भन्दछिन् "किन
त्यसै कार्कोर्ति हेरेकी? के मेरो मुखमा कतै
तमाशा छ? तँ जा बेस्से कसैको मुख हेर्दिनँ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७७)

गमी सुलोचना उक्लिन्, आफ्नो कोठा पुगीकन
ढ्याम्ढुम्म ढोका लाएर झर्किएसरि ती बसिन् ॥

(७८)

अनि हेरेर ऐनामा आँखा तार्छिन् त्यहाँपछि ।
कृष्णको चित्र ली छाती लगाईकन चुम्बन
दिएर तर्किई भन्छिन् "नबुझ्ने दिल नै हरे!
कति मीठा कुरा राम्रा सुनूँला भनि-भन्दथें !
कस्तो अबेर! निठुरी गयौ चित्त दुखाउँदै ।
भैगो !"—भनेर राखेर टेबिल्मा लेख्न थाल्दछिन्
नाराजको चेहराले भौंमा ग्रन्थि बनाउँदी ॥

—०❀०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थ सर्ग

(१)

एक रोज बसी चारै—अनङ्ग बुइ मर्दन ।
सुलोचना साथसाथै कुरा बहस गर्दथे ॥

(२)

भने तिमिरले "छैन परमेश्वर नामको
कोही जीव कुनै चीज केही सत्ता कतै पनि ॥

(३)

बनायौं देवता सारा हामीले, परमेश्वर ।
बनाउने मानिसै हो, देवता नर-सिर्जना ॥

(४)

शास्त्रले यी कुरालाई छिपाईकन भन्दछन् ।
आत्मा ईश्वर यौटै हो, नरै हो परमेश्वर ॥

(५)

माछाको स्वर्ग हो ठूलो उज्यालो रानीपोखरी ।
जहाँ जल नसुक्ने छ कीरा खूब प्रशस्त छन् ॥

(६)

विलासको पराकाष्टा, स्वर्ग हो, कल्पना पनि
देख्छ ईश्वर धूरीमा सुनौला गिरिगेरुका ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७)

म ता नास्तिक हूँ खास बोक्के आस्तिकका आँष।
माछाले प्यूँ दछन् रक्त माछाले शान्ति राख्दछन् ॥

(८)

अहो! पहाड यो हेर! मूर्खताको सबैतिर।
नाटीकुटी थुपारेर महात्मा स्वर्ग भन्दछन् ॥

(९)

प्रेमनीति, आत्मबल, तेज, चोडापना—यिनै
धर्म्म हुन्, विधि हुन् हाम्रा, किन ईश्वर चाहियो?

(१०)

बुद्धि सोझो बिगारेर भ्रान्त मात्र बढाउने।
काम गर्न बिग्रिएका, कल्पनाका मिजाजका।
अन्धा कट्टर, मेरो नै लाठी, मेरा सबै कुरा।
भन्ने झूठा अहंकारी, स्वर्गको रेशमी लुगा।
परीको हातको प्याला भन्ने, यी जनताकन।
अन्धकारविषे राख्ने कथा झूठा सुनाउने।
साधुका नामका मूर्ख लुट्छन् भारतको यश॥"

(११)

सुलोचना कान थुन्छिन् "आम्मै दाज्यू अघोर नै।
बनी नास्तिक बिग्रेर जथाभावी कुरा गरे-
बक्सिन्छ है! कसो भन्लान् सुन्नेले पनि यी कुरा!
साधुको त्यसरी निन्दा गरेको म सहन्नँ है!"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१२)

थपे अनंगले :--"सारा कार्यको हुन्छ कारण।
यत्रो विश्व छ सामुमा छैन ईश्वर ५ यहाँ ?

(१३)

चंडमर्दनले भन्छन्, "राजा हुन् विष्णु, देवता
ठूला ठूला बड़ा सारा, चमारहरू मानिस ॥
स्वर्ग नै मातृभूमि हो, मुक्ति हो बलिदान नै।
धर्म्म हो उनकै सेवा, पुण्य हो त्यसको फल ॥"

(१४)

"त्यो जान्ने कुन पो छैन ? भन्छन् तिमिरमर्दन।
"अन्धा विश्वास फैलाई फाइदा के छ देशमा ?
राजा राजा भए, फेरि प्रजा पूजा दिने भए,
तर विष्णु कहाँ छन् लौ ? कल्पनाका तरंगमा ॥
न आए, न कुनै देख्छन् सपनामा अधोगत
अन्धा साधु महात्माका काना नजर देख्दछन्।
म पनि देख्न सक्तिनँ ? यौटा स्वर्ग रमाइलो ?"

(१५)

अनंगले दिए शीघ्र जबाफ अति जोशले,
सानो रायो नजान्नेले नसक्ने तिल सिर्जन ॥
यौटा रौं नै नबुझ्ने ठे दाना यौटा जुगान्जुग
झल्कीरहेको आँखामा नबुझ्नेले सबै जगत्
जाने झैं ईश्वरै छैन भन्नु के हैन मूर्खता ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१६)

आफुले रचना विश्व सक्तैनौ गर्न, यो कुरा
याद् भै, आफुभन्दा त्यो अगोचर विशालको
पूर्णताका कला दिव्य झल्मलाउँदछन् जहाँ।
जहाँ जगत कणा जस्ता गंगाका तटका बने।
नीलो सागरका हीरा असीम अविजेयमा।
जहाँ कणा विश्वभित्र कणामा विश्व छन् सब
रहस्यहरु खाँदिन्छन् गोल गोल टनाटन।
जहाँ पातहरू हाम्रा बुद्धिलाई खिज्याउँछन्।
जहाँ मरणको म्याउँ आउँदा 'लौन ईश्वर!'
नभनी जोव मर्दैन; जहाँ जीवन तारमा
सुर मिल्दैन मान्छेको परमेश्वरको नयाँ
टूनाले नछुँदा पारी सारा नास्तिक झुक्झुक!
थोत्रा, जीर्ण महाशीर्ण शून्यका मरु झैं सबै।
जहाँ संगीतले भन्छ 'लयदार छ विश्व यो।'
जहाँ छ कविता भन्दी, 'छन्ददार प्रबध यो'
जहाँ तारा मुनानिंति मुना ताराहरूकन
बनेकाछन्; जहाँ आर्को नितिमा भनु जीवन
बनी फुलीरहेको छ, जहाँ त्याग मिठासले
महाअमृतको लिन्छ दिलमा शुद्ध शासन।
यो चमत्कार आश्चर्य, यो टूना झलमल्लको।
आफु हैन भनी कर्ता याद भै, छैन कारण।
शून्य हो, भ्रान्ति हो भन्नु, वैज्ञानिक यथार्थता।
आफ्नो अस्तित्वको आफैं विरोध र निषेधले
नामेट गर्नका झूठा प्रमाणहरू ल्याउने
के तिमी शून्य हौ ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१७)

भन्छन् हाम्रा तिमिरमर्दन,
"हो ! हो म शून्य हूँ नानी ! यी गन्फूस हुन् सबै
एक एक गरी जाँचे खोष्टा, बोक्रा, बिनागुदी ॥"

(१८)

"जाँचौला जिन्दगीभित्र बुझ्यौ तिमिरमर्दन ?
सारा बहस बेकंमा अहंकार कराउने।
रेखा मिहीन राखेर, महाचैतन्य सुन्दर।
जहाँ जादूहरू नाच्छन्, जादू फुल्छन् टुसाउँछन्।
जादू खुल्छन् प्रात साँझ जादू छन् कावका पनि।
जादूका लागी हुन्छन् दिलमा जिन्दगीहरू
जादूमा जन्मिई जान्छन् जादू झैं परलोकमा।
जहाँ नीति तथा ऐन चैतन्य छ वरीपरी।
जहाँ विकाश देखिन्छ पूर्णतातिर, भागमा
भागमा शिल्प सौन्दर्य हिसाब लय छन्द छ।
जहाँ बिचार मर्दैनन् आफ्नै निति, जहाँ सबै
दिव्य उत्तरदायित्व लिएका नर बन्दछन्।
जहाँ समय बाँडन्छन् अवकाश छ सीमित।
अभिप्राय रूनिति, जहाँ दिव्य कलाहरू
छुन्छन् हृदयमा पूर्ण सत्यको महिमासरि।
पूर्ण सौन्दर्यको झल्का झल्काएर रहस्यको
छाया मसीना पारेर नर चैतन्य-सिन्धुमा।
जहाँ असीमको मंत्र चमत्कार बनाउँछ।
"म सक्तिनँ हरे !" भन्ने नैराश्य नरको छुँदै।
जहाँ जीवनको भित्र ढुक्ढुकी लयदारले।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वनाश हुँदा त्रास आसको आड पाउन।
'छौ! छौ! तिमी छौ!' भन्दो छ शून्य हूँला भनीकन।
कालो क्रूरपना जस्तो अँध्यारो निशामा जहाँ
झिल्काहरू झल्केर गर्दछन् दिल शीतल॥
ध्वान हुन् भ्रान्तका झूठा! सच्चा क्षण सिकाउँ छ।
जो सिकिन्न पढी वर्ष कडारन कलेजमा।
खोल्दछन् दिलका पाना जब आँखा, अनंत नै
पढौला, तब बुझ्नेछौ, भित्रभित्रै गभीरको
ध्वान संग्लेर आएको गाहरो क्षणमा, दुवै
नेत्रमा मृदुमुक्ता ली तिमी बुझ्छौ सबै कुरा॥

(१९)

सत्य बाहिर देखिन्न सत्य देखिन्छ भित्रको।
भित्रको तहमा आफ्नो दिलको केन्द्रमा त्यसै॥"

(२०)

सुलोचनाका मुखमा हेरी सत्वर थप्दछन्,
"हामी ईश्वर देख्दछौं दिव्य सौन्दर्यका सफा
मुहारका महीन रेखाहरूका चातुरीभरी॥

(२१)

हाम्रो ईश्वर झल्किन्छ दिलले दिललाइ नै।
पुकार्दो गुप्त ध्वनिले पर्दाद्वारा वियोगको॥

(२२)

हाम्रो अनंत झल्किन्छ जब यौटे मुहारले।
अवर्णनीय जादूले नयाँ जीवन रच्दछ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२३)

आत्माले गाउँदा होश आफ्नो सुन्दर देवता।
देखिँदा, ईश छन् भन्ने चेत-रोमांचसाथमा॥

(२४)

नसामा लहरी चल्दा पूर्वजन्म अनेकका।
होशमा मसिनो रंग गुलाफी सर्र छाउँदा।
रँगाई कुइरा हाम्रा सत्यको गुप्त रंगले॥

(२५)

बने झैं मग्न ती आफ्ना शब्दका तारतम्यमा।
गानामा मस्त आभा झैं निदाए झैं गरीकन
बोल्न थाले, "त्यहाँ हुन्छन् हाम्रा ईश्वर, छन् जहाँ
पूर्णका कामनासाथ मिसिंदा प्रेमका रङ।
अनन्त भावना तारा बनाएर असीममा।
सम्भावना हरा फुल्दा सुगन्धी चेत बन्दछन्।
बाटुलो विश्वको मानो मुटुमा एक मन्दिर।
घंटादार वजी बोल्दा पातला रसना लिई॥

(२६)

सारा जीवनको मैन बाले आनन्ददीपले।
सुगन्ध पाउँदा झीनो फैलेका अन्धकारमा॥

(२७)

रूप रङ्ग हुँदा गाना चढी उत्री मिठासमा।
दृश्य नै शब्द झैं बन्दा छातीमा झुन्झुनाउँदै॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२८)

देवी-मन्दिरमा मानो सूर्यका रश्मिका स्तुति ।
घोप्टो अमृतको बन्दा अर्द्धवृत्त पयोधि झैँ ॥"

(२९)

"बहुला हुन लाग्यो यो" भन्दछन् चंद्रमदन,
"आँखा चिम्ली खिंदो गाँजा तरङ्ग मनमौजमा ॥"

(३०)

आधा चिम्लन लागेकी आँखा कोमल भावका
सपनाहरुका वान्कों बन्न लाग्दा यथार्थ झैं ।
सुलोचना चट्ट झस्किन्, आँखा खोलेर भन्दछिन्,
"कति राम्रा कुरा मीठा गर्नु हुन्छ, अनंगजी !
मानो ईश्वर देखे झैं झल्किने झलमल्ल झैं ।
सारै नास्तिक है दाइ ! सुन्तुहोस् न कुरा अरू ॥'

(३१)

भन्दा तिमिरले बोले, "यी तरंग उमंगका ।
बेढंगका कुरा खालि बहुलाइदिए बन्यो ॥
महात्मा सब कानाले छोडी न्याय विवेक नै ।
तरङ्गका रंग जमे तपस्या र समाधि भो ॥
जंजमाएर झुम्मिन्छन् समाज उङ, स्वाँगका ।
तिमी के जान्दछ्यौ जाऊ ! कृष्णको मूर्तिमा रुन ।
सेक्स-कंसेक्स् हुन् सबै यस्ता बाङ्गा टिङ्गा कुराहरू ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३२)

सुनेर मुखमा चढ्दो लाली रोक्ने प्रयासकी
सुलोचना चूप लागी किताबतिर हेर्दछिन् ॥

(३३)

"के नाक मुखको कोही हुन्छन् ईश्वर स्वर्गमा ?
विश्वकारणको चेतसम्म पो ईश मानियो।
लौ भन् अनंग छन् काहाँ तेरो ईश्वर मूर्तिमान् ?"

(३४)

भन्दा अनंगले हेरे साश्चर्य मुखमा आन।
चुप लागे नबोल्नु नै सम्झी उचित शान्त भै ॥

(३५)

सुलोचना त्यहाँ फेरि बोल्न लागिन् नयाँ कुरा।
उत्तेजित भई भाव सहभाव बढाउदी ॥

(३६)

उनको स्वरमा आयो नयाँ जादू नयाँ रंग।
बसन्तबागमा बोल्ने कोइलीमा मिलेसरी।
पहिलो कंठ आनन्दी हजारौं रंग रंगिदा।
अनेक सुर चालेर मीठो मधुर छन्दमा
बोल्न लागिन् तिनी झट्ट प्रेरणाले विचित्रको ॥

(३७)

"छ जो भर्ने सारा त्रिभुवनभरी
प्राण सबमा।
छ जो गर्ने सारा झिलिमिलि
चमत्कार रचना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ जो सारा छातीनिहित मृदुको
स्पन्दनसरी ।
छ आँखा साराको जुन सब नसामा
पनि भरी ।
कडोरौं प्राणीका मृदुहरू बने
घंट जसका ।
कडोरौं प्राणीका तनमन बने
मन्दिर निका ।
छ जो फिल्मी झिल्मिल्
पलपल नचाएर रहने ।
कडोरौं झल्काले निशिदिन उज्यालो
भरिदिने ॥

(३८)

छरो मुक्तामाला चमचम गराई उडुगण ।
कतै झुंका, गुच्छा, लहर छविला झलमल कण
झझल्काई झल्का मधुर थितिमा
प्रेमरसको ।
अनंतै दाना झैं द्रवित दिलका
छाउँदछ जो ॥

(३९)

असीमाकाशैमा छतसरि निलो
रत्नहरुको ।
झझल् झल् झल् पारी ललव झझल्के-
सरि निको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महादानी प्रेमी टलपल टपल् पल्
पलपल ।
छ हेर्दा जो सारा हृदय रचना यो
झलझल ॥

(४०)

सबै प्राणीलाई गगन छतको
एक घरमा ।
पहाडी खंबाका हरित लहरादार
कुसुमो ।
छ सज्दो शृङ्गारी मखमल हरा
बैठकहरू ।
चराका बोलीले मधुर महिमा
पुष्पहरुले
सुगन्धी पारेका रवि, उडु शशी,
झाडहरुले
उज्यालो पारेको रंग रंग मिलाई
तह तह ।
सुनौला स्वप्नाका जलदहरु पर्दा
सरि नव
बनाई हावामा सृजन मनका सुन्दर हुने ।
बनाई पृथ्वीको मृदुल उर गानाहरु लिने
कणा थोपा थोपा झरझर झझल्की झलमल ।
परी इन्द्रेणीका रंगरँग नयाँ गान-मृदुल
झझं झंझं गाई, छमछम नटीतुल्य बिजुली
नचाई राखेको सलिल बहने राहहरुले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हत्रा पंखा पारी लहलह हरा पल्लवयुत,
हजारौं खोपीका विविध रंगमा मस्त रहन,
जहाँ बन्छन् भाइ प्रणयमय प्राणी हृदयका।
उहाँ छैनन् छैनन् हरि हरि हरि प्राण सबका।
पिता छैनन् छैनन् शिशुहरु सबै छन् जनकका !

(४१)

म आए भन्छन् ती घचघच गरी पक्ष मनमा।
म हाँसे भन्छन् ती किरणहरुको स्वर्ण वनमा॥
बिझें भन्छन् सारा हृदयहरुका घाउहरुमा।
हरे ! बेचारा छन् छिन छिन निराशीय मरुमा !

(४२)

बनें सानो दाना किरणहरु खोज्ने म पहिले।
त्यहाँ आयो यौटा नवपुलक संझिन्नँ अहिले॥
कथा जस्तो मीठो अगम रसको विश्वपुलक।
त्यसैमा फुल्दैछन् जललव लिंदो जो अझतक॥

(४३)

शिखा मेरा साना सरस सपनाका रंग बने।
नबोल्ने भाषाले अधर कलिला सुरर्तार चुने॥
थियो प्रेमी मेरो दिलतिर कहीँ केन्द्र जपना।
छ त्यो भन्ने बास्ना अलि अलि गरी बन्छ विपना॥

(४४)

बने काँढा मेरा मृदुल वनका भाव गहन।
उज्यालोमा आएँ उर पनि फुकाएँ छवि लिन॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बने दाना दाना अगम सपनाका विरह यी।
मनो फुल्दै बोल्छन् कुसुमवनमा प्रेमसँग यी ॥

(४५)

'कुहू कूहू' बोल्छे पिक युवतिले पुष्पवनमा।
'तिमी को हो? को हो?' सरि नव दिने जागृति यहाँ॥
कहाँ होला? को हो? सब हृदयको प्रश्न छ जहाँ।
अहो! दाज्यै हाम्रो किन दिल बन्यो नीरस यहाँ!"

(४६)

अनंगनाथका आँखा स्वर्ग हेरी झरे तल।
बत्तो चोरी हजारौं ती जो थिए त्यसमा भरी॥

(४७)

घोप्टो परी पाखुरामा दिलमा पुष्प-ढुक्ढुकी।
लिई आँसु बने मीठा प्रातको स्वर्ण-स्वर्गले॥

(४८)

तर ती कविता मीठो संझेका तमसर्दन।
भन्दछन्, "कविता बोल, के त्यहाँ खँदिलो छ क्यै?

(४९)

छैनन् ईश्वर छैनन् रे छैनन् छैनन् सधैं भरी।
म गर्नैछैन विश्वास गए पनि जगत् मरी॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५०)

यत्ति भन्दा त्यहाँ आए शत्रुमर्दन कानका
तीखा, आँखा भने यौटा कांचको आंधि भौं भरी ॥
जांच गर्न भनी केही लुकेका सुस्तरी त्यहां।
ढोकाबाहिर कूनामा, नसकी खप्न पस्दछन् ॥

(५१)

जुरुक् मुरुक्क दोटै ती उठे, भागिन् सुलोचना।
घोप्टै अनंग छन् आफ्ना भावनाको बत्ती जल ॥

(५२)

"को हो यो देशको गुन्डो ? मुन्डो शिर लिईकन।
पारी नक्कल आएको के खान ? यस ठाउँमा ॥

(५३)

जुंघा काटेर पुतली पारेको ! फा घसीकन।
मकुंडे मुखको को हो ?"

(५४)

अनंग तब उठ्दछन्।
रुमालले दुवै आंखा पुछी गम्भीर भावले
खडा भै हेर्दछन्–'को हो ?' भनी ती शत्रुमर्दन
शिरदेखि पाउसम्म हेर्दछन्, अवहेलना
राखी नजरमा यौटा भौं खुम्च्याएर सांघ्रिंदो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५५)

"तुना हेर कहां छन् ती राग खै सुरुवालको!
जुत्ता लाएर कोठामा! को हो यो? हेर कोट यो
चोलो जस्तो तं को होस् ए? किन आइस् यहां बता!"

(५६)

"साथी बुवा"—भनी भन्छन् नाराज तमसर्दन।
आंखा बाङ्गा लगाएर भुइँमा व्यवहारले॥

(५७)

झर्केर फन्किई केही चण्डमर्दन भन्दछन्,
"साथी कलेजका हाम्रा सहपाठी यहां त्यसै
गफ गर्न, कुरा गर्ने, पढ्न, उध्रन, आउंछन्।"

(५८)

"गफ गर्न? कुरा गर्न? सुरा गर्न त हैन कि?
छुरा लिएर ता हैन? यही हो मित्रको गति?
यही साथी? मुढे जस्तो! यो को हो, कुन हो? कहाँ
बस्छ? यो कसको छोरो?" सोध्दछन् अवहेलक॥

(५९)

चण्डले भाइको हेरे मुखमा चूप ती थिए।
अक्मकाए दाज्युचाहीं बोले तब अनंगले॥

(६०)

"म हुँ पण्डितको छोरो छिमेकी अघिको उहां
बानेश्वर हुँदा सारा; म अनंग, सबै मिली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खेल्थ्यौं शैशवमा हामी सहपाठी बन्यौं अब।
आ भने घरमा मेरो, म आएँ, यी लुगाहरू
छाँट काँटहरू सारा जमाना हुन् नयाँ, म ता
यस्तै लुगा लगाएर यस्तै छाँट गरीकन
हिड्छु नेपालमा, मेरो कसूर यसमा भए
माफी पाऊँ, म यस्तै छु के गरूँ! यत्ति हो कुरा ॥"

(६१)

"तं छस् असल हे गुंडो! तरुनी होस् फकाउने।
नआ जा! घरमा मेरो नपसेस् कन्धने तं को?
मेरो अगाडि यो फूर्ति देखाएर बडो हुने?
तं जस्ता लाख छन् मेरा घरमा पनि नोकर।
साथी हजार पाइन्छन्। मुडेको कन्धने ताँ जा!
बाटो खुला छ आ फेरि, खुट्टा काटी पठाउंछु॥
ए गुण्डा! गइहाल् जा!"

(६२)

"जा भन्नैपर्दैन जान्छु यो!
नआइरहुँला फेरि, आ भनेर म आउँथें।
जा भने हिड्छु अहिले के खानु छ मलाइ र?"

(६३)

यतिसाथ हिंडे हाम्रा अनंग अनि आंधिले
झन् भयंकरता पायो झंटे छोराहरूकन॥
बूढाले, "तिमिरे ग्वाङ्आ! चंडे! भुस्कुट् तिमीहरू।
कुलांगार! यहाँ सारा गुंडा बटुल देशका॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तरुनी बहिनो ल्याई तमाशा गर मन्परी।
ईश्वरै छैन रे भन्थ्यो तिमिरे, प्रेमका कुरा।
इशारा गर्दथे दोटा बिग्रिएका बरालिई॥
अंग्रेजी चालका ग्वाङ्ग्रा आन्द्रा थुत्दछ एकले।
यौटा पक्ष परी बन्छ आर्को वांग परीकन॥
त्यो को हो ? बाबु हो तेरो ? फेरि ले त नकाटुँ म !
लफन्दरे यहां आई सिकन्दर बनीकन।
गर्छन् रजाइं घरमा ! खालास् लाटा तंलाइ त्यो
बेचीदिन्छ लगी हाम्रो बजारीं इन्द्रचोकमा॥
ग्वाङ्ग्रा नास्तिकका च्याङ्ग्रा फल्याङ्ग्रासरि उफ्रिए।
गधा रेके, त्यसै नाचे बोका झैं, छैन सोर क्यै॥
न वंशको घमन्डी छ न छ इज्जतको डर।
कुलांगारहरू खालि गुंडा बटुल लौ गर
मित्यारी चोरका साथ, डांकू बन मुडीकन
कपाल, घरको सारा अब राज्य तिमी गर॥
जाक खाडलमा बाबु जिउंदै लौ ज्ञानी गर।
बनेन घर लौ मेरो ! गुंडा ल्याई सबौ भर॥"

(६४)

दाह्रा किटेर बोल्छन् ती "ले ले खै त्यो नकच्चरी !
नाक कान दुवै काटी गुंडासँग पठाउँछु॥
बेश्ये ! कहाँ छ त्यो रण्डी घरबाट निकालिदे !
बट्टा इज्जतमा लाई रण्डी हुन्छे कहां हिंडी !
जगल्टा लौ उखेल् कान्छी ! उखेल् कान निकालिदे !
बडी कुरा यहां गर्दी गुंडाको साथ नारिई॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी पढिस् ! यी पढिस् ग्वांग्रा ! फ्याँकिदे सब पुस्तक ।
के पढ्छन, गुन्दछन् यी के बिनामगजका गधा ॥
घाँस ल्याएर राखी दे ! चपाओस घांस् पढीकन
पार लाग्दैन—फेरि त्यो आओस् त खुकुरी लिई
खुट्टा काटेर फ्याक्नेछु त्यो गुंडो सुकुले अनि ।
साथी बन्छ, बुझिस् कान्छी, कहां भागी नकच्चर्रा ?
भाङ्ग्रो लगा ! गुन्द्रुक दे ! ढिंडो खा, नपढा अब !
रन्डी भएर जानेछ नहिंडा अब एकलै ।
बगैंचामा र बारीमा ! खालिस् चोट कुनै दिन ॥
बूढो बेकासको जाग्या भनी आंखा तं तर्दछेस् ।
देखिलस् चाल नयाँ फेरि ! यी नास्तिक मखंड यी ॥
यी म्लेच्छ आई जन्मेका कुललाई संघारन ।
बूढो फलाक्दथ्यो भन्छेस् भोलि पर्सी कुनै दिन ॥
पाउनेछस् बुझिस् थाहा !" भन्दै जागेर रन्कँदै ।
हिंडे छाडेर त्यो कोठा ती जंगी शत्रुमर्दन ॥

(६५)

मखना नामकी आमा कुरा सुंदै चियाउँथिन् ।
खोस्याइन् तब आंखाले, ठुस्स भै तममदन
बोलेनन्, चण्डले सारा वृत्तान्तकन वर्णन
गरे, आमा यसो केही घोरिईकन सोध्दछिन्,
"के के भनी त उसले ?" जंगी तिमिरमर्दन ।
"के भन्थी ? भन्दथी के र ? ड के भन्थ्यो र भन्दथी ?
सोझो बहस चल्दैछ साथीसँग कुराहरू
साधारण छ मामूली बस् बूढा पर्दछन् त्यसै
जंगिई, व्यर्थको राडो बेइज्जत गरीकन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न बस्नु न त्यसै मर्नू जस्तो पारिदिने त्यसै !
के भन्लान् अब यो सुन्दा साथीले ? कसरी मुख
देखाउने हो अब लौ ! यस्तै बेकामका कुरा
रायो पर्वत पारेर !" "बहिनी छ नकच्चरी।
धक केही नमानेर बोलिदिन्छे सबैसँग॥
पापको मनले बोली ? किन बोल्थी ! तिमीहरू-
अगाडि बोल्न के सक्ती ? उल्टो सम्झ बाबुको॥
उचाहिंनि छैन केही बोलिदिन्छे त्यसै, उसै।
विचार क्यै नराखेर अवस्थाको, मिजाजको॥
बाबु यस्ता, यिनी यस्ता, म यस्ती, यो विचार नै
शून्यै छ, मूर्खकी पिंड ! जा बाबु ताँ पछाडि जा॥
अर्को छ उग्र चंडी त्यो ! कहाँ हिंडदछ, जा ताँ हेर्।
फुलाएर, फकाएर, चाँडै ले घरमा अब।
आउन्न क्या र त्यो साथी ! भैगो जो हुनु भैगयो॥
जा बाबु, झट्ट जा ! चाँडै फर्काइले !" भनीकन
चंडलाई पठाएर छोरालाई बुझाउन।
हप्काउन भनी जान्छिन् आमाचाहिं सुशीलती॥

———

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पंचम सर्ग

(१)

कप्तान्नी मखना बस्थिन् चकटीमाथि झ्यालको
नजीकमा, घेनु थिई बाट्दी केश, लगाउँ दै—
थाँक्रोले केश झारेर, रातो थांक्रो अलीकति
खिईएको र मोरेको चाँदोले चट्ट बींडमा —
काँचको त्यो कचौरीमा तोरीको तेल बाकलो
राखी नजीकमा, धेरै कुरा गर्दै यता उता ॥

(२)

यस्तो कुराहरूबाट चल्यो कर्णेलको कुरा ।
"आला दौला बडा ठूला, हीराको चाँद लाउने ॥
दरबार भने जस्तो घर ठूलो, सबैतिर
प्रसिद्ध, बहुतै राम्रा काइदाका मिजाजका ॥
सारै असल, क्यै सीधा ढंगका, दरबारको
हाली म्वाली र भंडार राख्ने धर्ने दिने लिने ॥
बूढी थिइन् बडी बाठी, चतुरी चारखाल नै
बेचीदिने, बडी मापा, तर पाखे त हैन नि
सदरैको—बडी बाठी, छोरोचाहिं विलासले ।
अँग्रेजी भड्भडाएको अंग्रेजैको दुरुस्त छ ॥
सारा रवाफका मानो जर्णेलसरि देखिने ।
धनी, गाउनमा उस्तै, राम्रा छी-ा रमाइला ॥
मिजासिला चढ़ी घोडा कुद्ने ठूलो रवाफले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कहिले कहिले साइकल्—दिनमा हात ता निकै
फुक्का—वर्ष भने कोही होला चौबिस, बाइस।
हो हो तेइस्, बिहा गर्ने वेला ठिक्क थियो तर
केटी भने भने जस्तो चाहियो रे, नपाइने
तुरुन्त नै—'कहाँ मिल्थ्यो, उसै मिल्दछ ? एक छन्
अप्सरा तुल्यकी राम्री, 'भनेको त कहां कहां ?'
भनो निकै बुझे, निक्कै खोख्याएथे त्यसै कहां
कहिले भन्दथेँ बाबै ! भनोर्न, म त आच्छु नै
भईहालेँ, भनूँ के र ? को भनूँ, को भनूँ भयो॥
'त्यसै जिस्केर बोलेको म खोजी गरिहाल्छु नि।
अप्सरा, अप्सरा जस्ती अनि चित्त बुझाउँछु॥'
भने; नभैगो भनो आँखा तर्कीकन हिंडिन् दिदी।
ठकुरीकी बुहारी क्या ?—बिजुली तब आउँछिन्॥
बहिनीचाहिंने के हुँ ? भन्थिन् ती विधवा हुने।
राम्री उपद्रकी—राम्री—कठै तर बिहापछि
एकै मैहा नजांदैमा खसे खसम, ती बरी
विधवा भैगइन्— ठिक्कै उस्तो चाल निको कहाँ
छ र भन्छन्—र भन्दैनन् ? किन भन्दैनथे अनि
केही हैन भनेँ मैले तब आएँ यतातिर।
भन्दथी घेनुले हाली तेल फेटी कपालमा॥

(३)

""भनिनस् ? किन भन्थिनस् फटाही जा! कुरा चल्यो !
के भने त ?"—भनी सोध्छिन् मखना मुखको अघि
राखी दर्पण हेरेर बैंसका दाँति, चेहरा
रेखा लिन तयारी भै बिम्रिदो अघिको सबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टूना सारा हराएर गालाका हाड क्यै तिखा
बन्दा मासु त्यसै वैली थाके झैं शुष्कता लिई ॥
बूढी भएँ म पनि लौ भन्दी ऐनाअगाडिमा ।
विरक्ति पहिलो पाई आँखा खुम्च्याउँदी अलि ॥

(४)

धेनु भन्थी, "कहाँ गर्थें मनपेट नपाउँदै
याताको ? कसरी गर्थें ? आम्मै ! के भन्दथे अनि
त्यसै गर्न कहाँ हुन्थ्यो ! कुरो जस्तै कुलो न हो ।
ढ्यांग्रो पिटी हाल्दछ न ए ! मुखालेहरु यत्तिमा ।

रौं मात्र पक्डियोस् यौटा जंगलै देख्दछन् अरू ।
उनीहरू त के भन्थे ? कुरा मात्र उठाउँन ।
लौन बा लौन बा भन्थे, थाग्लो फोर्थे त्यसै कहाँ
पाइन्छ लौ त यी जस्ती हीरा हीरा अमोलकी ।
लमकोसे त्यसै राम्री गोरी अग्ली रमाइलो ।

पढ़ेकी—कति राम्रो छ खाने मुख हिसी सबै
त्यसै पाइन्छ खोजेर"—भनी केशमुठा लिई
काँइयो लाउँछे "दुख्ला कठै ! खस्रो छ हात ता ।
बूढी भएँ म पनि त" भन्दै हाँसेर खित्खित ॥

(५)

उमाकान्त त्यसै वेला आए, भन्छन् बसीकन,
"बिहा त खानुपर्ने हो मैयाँको किन यस्तरी
चुपचाप गरीबक्स्यो वेला अफ भएन र ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६)

जसै सुलोचना आइन् किताबकन हातमा
लिएर बीचमो औंला लगाएर, र ओठमा
सीसाकलमको टुप्पा लगाएर "म जान्छु है !
मुमा आज बगैंचामा जाइका झांगको मनि।
बसेर पढ्छु आनन्दसँग यौटा किताब यो।"
भनेर, प्रश्न आमाको "केको पढ्छस् किताब, त्यो?"
"के किताब ? उठाएर" दिंदी उत्तर चारु ती,
"उपन्यास कुनै यौटा अँग्रेजी — सब भक्तिको ।।"

(७)

"केटो मिले बिहा गर्नैपर्नैछ, अबलाइ ता
घेरै राख्न कहां हुन्छ !" भन्दछिन् मखना तब॥
"प्रतापसिंह कर्णेल्का छोरा छन् अति उत्तम।
विलाससिंह हो नाम, सारै राम्रा रमाइला।
धनी, खाफ़का जेठा, यौटै छोरा पढी गुनी
अँग्रेजी पास पाएका, गरिप्रवर ठाउँ ता
साह्रै साह्रै बेस पो छ दिनैपर्छ त्यहां अहो!
सानो खाफका छन् र ? यसो केही कुरा सिही
छेडूँ कि त कसो, खामित् सुस्त, सुस्त, यता उता
नपुग्ने चट्ट पारेर—गुलाफी ढंग मात्रले ?"

(८)

धेनु भन्छिन्, "म ता भन्थें! कुरा कस्तो मिलेछ त!
लौ मालिक्नी ! त्यहीं आंटूँ ! साह्रै राम्रो छ ठाउँ यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१०)

यस्ता कुराहरू गर्दै कर्णेलका घरका सब
ठांटका, ढंगका, ढांचाहरूका नव वर्णन
बढाएर त्यहां दोटै कम्पान्नीका मिजाजमा
प्रसन्नता थपी "लौ त कुरा गरन हेरूँला"
भन्ने सल्लाह पाएर जान्छन् ती गौंथलीहरू ॥

(११)

कुरा ठिक्क भए सारा यसका सात रोजमा
ताकिता लाग्न पो लागे शत्रुमर्दनले सुने ॥
"त्यहां भए हुन्छ फेरि के हेर्छस्, दे" भनीकन
दिए सल्लाह मखनालाई–छोरी सिंगार्न र
कन्यादान गरी आफ्नो घरतर्फ पठाउन।
व्यवहारहरू गर्न, सौखकी मखना तिनी
दंग भै छिन्नको गर्छिन् तयारी ज्योतिषीकन
बोलाएर ॥

(१२)

त्यहां आए उडुकान्त तिमिल्सिना।
कान लामा भई दोटै रउँले शुभ्र शोभित
भौंमा लामा नछांटेका रौंहरू, मुख चाउरे।
पुड्का, होचा, सात औंले दाहिना हातका सधैँ
मुख रित्तो चपाएर, गालाको भर घोरिने
धेरै नबोल्ने बोलेमा बन्दोबस्ती मुठीसंग
ठमाईकन क्यै बोले तर दोधारका कुरा।
विकल्पहरुका धूर्त, मिलाउन दुवैतिर।
उल्टा कुराका ती जान्ने विरोधो दूर पुच्छर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रश्नले नै लिने पेट चेहरा पनि जाँच्नका
निक्कै चतुर, आँखाका इशाराले ठमाउने ॥

(१३)

धुलौटो घेर कोरेर चिना हेरेर भन्दछन्,
"आठौं छन स्थानमा शुक्र, झगडा तगडा हुने
सम्भावना त देखिन्छ, आगो नै हो परालको।
अरू ता बस नै देखे हुन्छ यत्ति मिलेपछि
अरू केही हेर्नुपर्ने हुँदैन—दुइ पुत्र छन्।
चार छोरी ह्वैन त लौ—हो !—हो ! घाट कुरी लिने
चागोटै मात्र छन् भन्छ, अलि होम गराउनु
पर्ने झैं देखियो याहाँ; शनिको ! मिल्न ता दुई
अंघोरै मिल्दछन् भन्छ; झगडा तगडा कतै
कतै यसो उसो होला; आगो नै हो परालको।
सासू ? केही कडा होलिन् भने झैं देखियो यहाँ।
तर के गर्छ नै ! सासू ? वधु वर मिले दुवै ॥
अहा ! बेस छ है सारा ज्येष्ठ पांच गते छ लौ।
राम्रो साहितको लग्न, फष्ट दर्जा—त्यसै दिन ॥
बुझिबक्स्यो ?—बार के भो ?—रविबार—अहा ! यि
भाग्यमानी बडी छन् है मैयां हीराहरू हुने
घरमा पर्दछिन् भन्छ चिनाले कति स्पष्ट लौ ॥

(१४)

कुराकानी मिले छिन्ने भयो निश्चय, घेनुले
फरिया पाउने राम्रो, उमाकान्त छ पाउने
कोट राम्रो हेर मैयाँ मात्र प्रेम नपाउने ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१५)

धेनुको र उमाकान्त बाजेका छन् बिहा अब ।
तर मैयां रुँदै सुन्छिन् दिलले यी कुरा सब ॥

(१६)

बसी लेखिन् त्यही रोज कविता मध्यरातमा
आंसु पोखेर दिलको रातलाई रुलांउदी ॥

(१७)

म लेख्दी छू राती गहभर
हजारौं कण धरी ।
भएकी मुर्दा झैं निशिसरि
कणा मात्र बिखरी ।
नचल्ने पत्ती झैं हृदयभर
लीं भाव बिचरी ।
अन्ध्यारोमा लेखी गहन दुखको
विस्तृत घरी ॥

(१८)

अडेका छन् मेरा पवन,
स ब दिक् छन् तिमिरमा ।
मिटाई रेखा नै रङसंग
अंधेरी प्रहरमा ।
छ भाषा मूर्छामा लवजहरु बन्छन्
जल जल ।
म ज्यूँदी छू भन्ने सुरपुरनजीकै
टलपल ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१९)

छ अन्त्यैको वेला रव सब दबाई
हृदयमा।
भरी आँखा खालि प्रभुसँग
पुकार्दीं विरहमा।
सुतेकी मूर्छाकी निशिगिरि-
हरूका शिखरमा।
निराशामा मर्ने विरहसरि
मुर्दा प्रहरमा॥

(२०)

धुनी ढोका सारा अब सकल
आशाहरु गए।
गुफा बस्दा मेरा घन तिमिरमा
मीलित भए।
बनै जस्तो ठूलो अनल सब सल्की
बन रूकी।
खरानीको कालोसरि हुन गयो
जीवन लुकी॥

(२१)

म के हूँ को हूँ वा कुन रङ
कहाँको कुन शिशु ?
छ के मेरो आफ्नै विरह मनको,
को शरण हो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कता जाने मैले कसरी
चिरो दर्द उरको ।
बनूं पानो पानी पद् पद्
म जान्दीन किन ? को ?

(२२)

जगत् यस्तो होला तिमिरहरुको
गह्वर भनी।
कहां जाने मैले अब छ अहिले
हेर अर्वनि ।
महा कालो बाक्लो विरह तमले
स्तब्ध मुटुमा ।
कहाँ के हो ? के हो ? दुख अब न-
बोल्ने छ घटमा ।
मरूँलाको आशासँग चमचमाए
जललव ।
म ज्यूँदै छू भन्ने यति विदित राखी
विधि अब
सधैं रो रो रो रो वन सब सुती
मस्त रहलान् ।
भने जस्तो गर्दै हृदय रहने
पार्दछ शव ॥

(२३)

मसी मेरो कालो सकल छरिई
बन्दछ घन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नजानेका आँसु प्रहरकन हुन्छन्
जल घन ।
हरे ! झल्के लाखां सुरपुर सजाई
झिलमिल ।
न देख्छन् बेयादी हृदय-दृग चिंली-
कन तल ॥

(२४)

अँध्यारोको कोठातिर अब पुर्‍याऊं
यसकन ।
मुखै बन्दै पारी विधि नयनले
स्तब्धित मन ।
थिच्दी आत्मा मेरो त्रिभुवन उखाडो
सब जगत्-
हरूको माटोले शवसरि पुरी
मूर्छित फगत् ।
गिज्याई आत्माका गति रति
सबै प्राकृत त्यहाँ ।
थुनी राखूं भाषा विगत सब आशा
तिमिरमा ।
सबै टूटा भूटा लवजहरु जंजीर
जसमा ।
सधैं जक्डी राख्छन् निशिसँग
मिलाएर वशमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भने जस्ता सारा निठुर दिलका शक्तिहरूले ।
अँध्याराका सेनाहरु सब तयारी नित गरी ।
चिताको बाजाले छनछुन मनाईकन बिहा ।
दुदन् दन् आगोमा विधि मकन राख्छस् अब कहाँ ?

(२५)

खरानी पारी दे जुन पद भजेँथें
रहुँ उहीं ।
कि पानी पारी दे सलसल म बग्दै
चलूँ उहीँ ।
कि हावा पारी दे हरहर सुगन्धी
रहरमा ।
सबैं बास्ना छर्दै वरिपरि घुमूँ
प्राक् प्रहरमा ॥

(२६)

झिकी दे पर्दा यो निशि उदय पाओस्
कनकको ।
सबै पत्ती भर्दै जललव हवा दे
गमकको ।
चरा मेरा सारा हृदयगुंडका
पंख सिकुडी ।
बनी मूर्छा बस्छन् विधि सब ताँ फो !
रव उडी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२७)

शरापूँला साह्रै हृदय अबलाको
निठुर छ।
धुजा होला तेरो त्रिभुवन यहाँ क्रूर जल छ।
यही आगो बन्ला सृजन सब खाला वरिपरि।
नभत्का यो विश्व प्रबल दुखले दुष्ट खहरो ॥"

(२८)

भोली पल्ट पसिन् आमा सबेरै मन जाँच्नको
इच्छा गरी, बसी सोधिन् "तिम्रो मन, सुलोचना।
पर्‍यो पेरेन वा के भो बिहा छिन्ने कुरा चल्यो।
पक्कापक्की भए झैं भो के भन्छथ्यौ अब के गरूँ?

(२९)

भयो अँध्यारो र विषण्ण चेहरा
छाए त्यहाँ बादल आउँदै धुरा।
नबिर्सिएका सब वारि सुन्दर।
मिली बनिन् एक विषाद-मन्दिर ॥

(३०)

प्रभात जस्ती जब वारिवाहले
ढाकेर सारा रवि नै महारथी।
संदेश वर्षाहरूको सनाउँछन्।
हावाहरू भै जललाइ सारथी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३१)

बनिन् तिनी फूलसमान सुन्दरी।
नफुल्न सक्ने रँगसाथ माधुरी
लिई हँसाईकन चेहरा सब।
हुँदा घनाच्छन्न अकास नीरव।
अमा हुँदा चन्द्र हुँदा कतै पर
वियोगिनी झैँ विधुकी मनोहर।
न आँसु बन्दी न त शब्दमा रुँदी
निराशका रात्रिमुहार झैँ हुँदी॥

(३२)

नबोलिनेछन् कटु वेदना य ाँ।
भनेर छातीतिर वाहुली दिंदी।
नपोखिने आँसु लिई त्यसै रुँदी
वर्षाहरूका दुख श्वासमा छुँदी॥

(३३)

नबोल्न सक्दी न त खोल्न सक्दी।
कारुण्यको दृष्टि लिएर झुक्दी।
प्रकाशको वेग विकाश रोक्दी।
विना कुनै शब्द वियोग पोख्दी॥

(३४)

डराँउदी भन्न खुलस्त पारी।
लिएर बोझा दिलभित्र भारी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वसन्तको बादलको मुहार-
समान सारा कलि छिन्न पारी ॥

(३५)

मुहारकी एक दुखी भिखारी ।
चुहिन्छ जस्ती दृगबाट वारि।
छ भीति जाला सब पिश्व हारी ।
भन्छिन् "उताद्यौं अब लौ मुरारि !"

(३६)

यहो छ वेला अब कंठ खोल ।
वीरांगना हौ यदि आज बोल।
नबोल्न पाए अनमोल मोल
जानेछ यो जीवनबाट गोल !

(३७)

डराँउदी नेत्र पुलुक्क हेरी ।
बोलूं कि झैं थोर गरेर फेरि।
झुकेर हेर्दी भुइँमा नजानी।
केले म उत्रं दिल यो बखानी।
भनेर शोच्दी न उपाय जानी ।।

(३८)

लाचार बन्दी छ मुहार बन्दं। ।
कुनै नयाँ कुड्मलतुल्य गन्दी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घडीहरू झैं पल, मौन बन्दी
कसो गरूँ ईश ! भनेर गुन्दो ॥

(३९)

झल्क्क आयो तब रोष लाल ।
छाएर राम्रो मुख मिष्ठ चाल ।
"त्यो जिन्दगीको अनमोल वेला
गुमाउनु हुन्न गरेर हेला !"

(४०)

भनेर आफ्नो सब शक्तिलाई ।
खिंचेर आत्माकन ओठ ल्याई ।
प्रयास गर्दी अब भन्नलाई ।
रोकिन्न भन्दै हृदयै जलाई ॥

(४१)

खोलूँ म खोलूं अब ओठ भन्दी ।
बढी त्यसै ढुक् ढुक चाल गन्दी ।
कोट्ट्याउँछिन् "के गरूं" साथ भित्ता ।
नाप्छिन् त्यहां कालसमान वित्ता ॥

(४२)

"के भो र ? के भो र तँलाइ के भो ?
परेन तेरो मन क्या र के भो ?"
भन्दा रिसाएसरि छल गाला
बनेर भन्छिन् कुसुमोप ज्वाला ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४३)

"पहाडका साथ रहन्छ आगो।
छ रेवती चन्द्र जहाँ जहाँ गो।
छ कोपिलाको प्रिय एक हांगो
छन् कृष्ण मेरो उनकै छ धागो॥

(४४)

बिहा कतै गर्दिनँ ओ मुमा म।
छ मर्द साराकन यो प्रणाम।
छ कृष्णको सुन्दर एक धाम।
जपेर बस्नेछु म एक नाम॥"

(४५)

बुझ्नलाइ अलि धेर कठोर।
प्रेमको रस बुझी, मृदु शोर-
साथ प्रश्न मखना अब गर्छिन्।
"के अनंगसंग आशक्त भो र ?"

(४६)

लाल लाल शरमी छ मुहार।
जित्न लाजकन यत्न हजार-
साथ बल्ल बहुवार फरक्क।
फर्किई नजर हुन्छ तरक्क॥

(४७)

"के अनङ्ग पनि मानिस हैन ?
के धनै नभइ चैन हुँदैन ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्तको करमको वश छैन ।
हुन्छ, हुन्छ, यदि हुन्न, हुँदैन ॥

(४८)

कृष्ण छन् सकलका दिललाई ।
पुग्छ कृष्ण प्रभुमात्र मलाई ।
भक्ति लिन्छु उनको अबलाई ।
गर्छु यो जगतलाइ भलाई ॥"

(४९)

भन्दा बन्दी चकित मखना
हेर्दछिन् त्यो मुहार ।
देखिन्थ्यो क्या सुदृढ हठको
शक्तिको चारु सार ।
बल्दी खुल्दी सजल नयना
चित्त दौर्बल्य फारी ।
उग्र जस्ती मधुमय उषा-
की थिइन् चित्रकारी ॥

(५०)

"लाजै छैन हरे यिनीहरू सबै बिग्रे ! गए हा ! सडे ।
राजाकी कुलकी जुहार फु की भर्छे त्यसै आँधिमा ।
कस्ता दुष्ट भए रुवाउन हरे ! यो चित्त मेरो सदा ।
जे गर्छयौं गर मन्परी अब तिमी जानेछु मागी बिदा ।"

(५१)

भन्दो तो मखना रुँदो नयनको हेरेर छोरोकन ।
"क्या बिभ्रिस शिव हाय ! कर्मगतिले आए नि कस्ता दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तैंले कुक्कुर वर्दछेस् यदि भने मैले गरो रक्षण
राख्नै पर्दछ कावुमा, लहडमा छाडेर बस्छेस् मन ॥

(५२)

के भन्ला दुनियाँ ? त्यसै शरम नै सारा पचाईकन
बोल्छेस् खूब सिपालु भै अब जथाभावी गरूँला भनी।
तेरो छैन यहाँ कुनै पनि तँ बुझ्, राख्नेछु पाता कसी
डल्ल्याएर म जान दिन्न यसरी वेश्या बनो उर्वशी ॥

(५३)

ले सारा गहना कला ! सब बटुल् जो जो यहाँ कागज
पाइन्छन् सब चित्र रत्नहरु वा चिट्ठाहरू वा अरू
ढोकामा अब मारिदे नखुलिने ताल्चा यहीं राखिदे।
खाना ल्याई दिएस् बिहान यसको त्यस्तै गरेस् साँझमा

(५४)

बिग्री बुद्धि गयो न शुद्धि रहिगो जिद्दी लियौ बेसरी।
आफैं जान जगत् र मान कुलको ज्ञानी तिमी छौ बडी।
अंग्रेजी पनि पास भै सकल भो विद्या बढयो चातुरी।
सारा पुस्तक ले ! बटुल् अब कला आगो निलोस् यै घरी

(५५)

भन्दै आँसु तरक्क दुःखित बनी झार्दी भइन् त्यो क्षण।
ढोका ढंम गरेर ती सब कुरा गुमूगाम पार्नाकन ।
राखी स्नेहज चातुरी अब गरूँ के जुक्ति भन्दै तिनी
लागिन् सोच्न गई रुँदै अनि पुछी आँखा दुखीया बनी

—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

षष्ठमसर्ग

(१)

तारन्तार हुँदै आयो ताकिता झन् विवाहका ।
गर्नें नगर्नें के गर्ने निधा देऊ भनीकन ॥

(२)

"बिहा किन टँगाएको भन्दछन् शत्रुमर्दन,
"भोली नै छिनिदे सारा बन्दोबस्त मिलाई दे ॥"

(३)

मखनाले कुरा केही सुनाइन् नरमी गरी,
"बिहा गर्दिन रे छोरी जान्न रे त्यस ठाउँमा ॥"

(४)

सुनी बहुत जंगेका क्रोधी तो शत्रुमर्दन ।
"के भा ? के भो ?" भनी उफ्रे "किन रे? किन रे किन ?"

(५)

"त्यसै गर्दिन रे ! हामी के बुझूँ कुन कारण
उही जानोस् ! बनी भक्त कृष्णकी बस्दछे अरे !"

(६)

"बस्दछे कृष्णा की भक्त ! गुंडो कृष्ण नचाउँछे ।
अब पाइस बुढी थाहा या बूढो व्यर्थ जंगियो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७)

चेहराले त्यसै बुझ्छौं हामी इंग्लिश पढाउँछेस !
पढाइनस कि अंग्रेजी ! कस्तो भो अब हिड्दछे
गोरे नोकरका साथ, कलकत्ता हँसाउँछे ॥

(८)

ए त्यो अनांगे ! त्यो खत्री त्तत्री बाहुन खच्चर।
नकच्चरो महा गुंडो पोशाके पुतली जुँघे ॥

(९)

त्यही हो त्यसको मान्छे त्यसै साथ कुरा गरी।
छयल्ल बन्दथी रून्थी वेस्से, दाज्यूहरूअधि ॥

(१०)

समाती ले लगा कोर्रा गोर्खेलेरी कसीकन
सिस्नो ला ! कसरी हिड्छे हेरूं नखरमाउली !

(११)

कथा हुन् जिन्दगी तेरो ! च्यातिदे सब पुस्तक।
मेरो घर बुझिस् राज्य मेरो हुकुम चल्दछ ॥
म राजा, कुलको निंति छोरी पनि बगाउँछु।
सेलाउँछु बुझिस् लाटी ! मेरो हुकुम चल्दछ ॥
खुट्टा काटेर राख्नेछु परेवा पनि छाडुँला।
कहाँ उड्छे कहाँ जान्छे ? पिंजरा म बनाउँला ॥
सिक्रीले बाँधिराखूँला ! ध्यान मेरो खुआउँला।
मेरो बोली पढाएर ! कहाँ जान्छे ? कतातिर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डुल्न पाउन्न ! गर् ढोका बन्द । मान्छे लगाइदे
साथमा दुइटा हेर्ने तल माथि गरे पनि ।
पहरा दी रातदिन नछोड् त्यो जालिया बनी
भाग्ने दाउ गरी बस्दी होली, राम्रा लुगा सबै
खोसिदे ! दे कुनै भाङ्ग्रो धोक्रोको वस्त्र लाइदे ।
कहाँ जान्छे ? कता हिँड्छे ? नानीको हेर्छु पाइन !

(१२)

" बिहा गर्दिन रे भन्थी अरू केही कुरा कुनै
थाहा पाइनँ है मैले ! अनंगसँग आशक
गर्छे भन्ने त होवैन ! त्यो कहाँ अब आउँछ ?
कृष्णको भक्तिमा बस्छु भन्दथी नगरी बिहा ॥ "

(१३)

" तैं मात्र छस् जगत् जान्ने ? तैं छस् शुक्र सरस्वती ?
त्यो गुंडासाथ त्यसको नभए प्रेम, आशक
कान काटी बुचे हूँला न बुझ्छेस् दुष्ट कन्धने ?
छोरीलाइ सत्याएर ठीमापुत्र सिगार्दछ ।
आओस् न घरमा मेरो ! नमुडेर पठाउँ त !"

(१४)

यस्तै शब्द गरी जाग्दा रीसले चूर मर्दन
फत्फताई रहे भन्दै "लौ हेर् चाला ' भनीकन ॥

(१५)

संझाइन् मखनाले तो चतुरा बातले जब ।
भए मन्थर सेलाए भन्दछन् सुस्त भै तब ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१६)

"बिहा छिन्दे झट्ट ग्वाङ्भी ! भोलि नै छिनिदे नराख्।
आज पच्चिस भो क्या र जेठको चार पाँचमा
बिहा झट्ट छिनी अन्मा घरभित्र पठाइदे।
बराल्निइसकि छोरी खालिस् लाटी यसै गरी॥

(१७)

भोलीपल्ट बिहा छिन्न आए मानिस, बैठक
सजियो सानले बोक्यो किरती रेशम लाउने।
मशाला पानका बट्टा सुनका झिकिए जहाँ
कारीगढीहरू राम्रा सुनमाथि सुगन्ध छन्॥
खुश्बू अनेक छिटिए, कौच राम्रा लगाइए।
बिछ्यौनामा मखमली तन्ना राम्रा सजाइए॥
झर झर झरे खुश्बू सिर्को शीतल सुन्दर।
भुँइ नै तक गंकाई, ऐना ठूला लगाइए।
हजारौं चित्र पारेर घनदार झिलीमिली।
अम्रता पातले यौटा किल्किती पायो झल्झल्कने॥
फूलले रँगिलो पायो आर्को किश्ती मनोहर।
टेबिलमा चट्ट लौ गद्दी इन्द्रजात्रा मनाउँदै॥
पट्ट पट्ट फुटे सोडा, लेमुनेट् रुपियाँहरू
पान्धिकी झल्झली लड्डू ताजा गिर्दी किनारका
बाटुला लाम लागेर माला जस्ता घुमाउरा।
छोपिए पतला झीना माकुराजाल बट्टले।
असर्फीहरू किश्तीमा सुनौला शानमा बसे॥
ज्योतिषीले लगाएर फेटा रेशमको, जुंघा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ताउ लाएर खटिया हरा साटनको त्यसै
मनोहर बनाएको चीनाका खोल सुन्दर
राखो किताबका साथ, पात्रो साथ गर्न किए ॥
माला झुले सबै ठाउँ झ्याल खुटी, र चित्रका
पुराना मुख छोपेर कीलाको आडली कन ।
अडेस लाई बालिष्ट काचोंपी खोलमा बसे ॥
शत्रुमर्दन गम्केर, गाला वेही फुलाउँदा ।
गम्भीर, तेजका आँखा पार्नै नित्य प्रयत्नले
हेर्दा नोकरमा, लामो नली सुन लगाइने ।
बुट्टादार बसालेर ठाँटले आढ्य ओठमा ।
उठेनन् जब ती आए दुलहाका सबै जना ।
टिम्म भै कसिई मानो विश्वका विजया सरि ।
रवाफ राख्न आएका, आँखा ठूला लगाउँदा ।
पानले उप्सिदा गाला, लाल ओठ बनीकन ।
किश्तीमा चट्ट ल्याएर राख्यो चीज झिलीमिली ।
ज्योतिषो आँघ खुर्पाले घुंडा टेकी, दुवै कर-
बाट सौगात ल्याए झैँ ज्योतिषी वृद्धका आघि ॥

(१८)

यस्तै भएर छिनियो बिहा तर दुवै थरी
बिहा गर्नै थिए टाढै को को जस्ता कता हरि !

(१९)

बिहा गरी दिने फुल्छन् वंलिन्छन, भन् बिहा हुने ।
चीसा श्वास लिई मर्छन् वसन्तऋतुमा यहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाहा पाएर त्यो सारा 'कला' का मुखबाट ती
सुलोचना खसे जस्ती छाँगाबाट बनिन् तिनी ॥
कलाको मुख हेरेर टोह्लाइन टल्पलाउँदै
निकै बेर र बुझिनन् ती शब्दहरू अर्थका।
जिन्दगी काटिने धार, तीखा खंजर स्पष्टता-
साथ झिल्ल नजीकैमा आँखानेर झल्झल्किए।
लाचारी मुटुले छोडी ठाउँ लुक्न कतैतिर
खोज्दथ्यो स्पष्टतालाई छली, जीवन छैन कि
भन्ने जस्तो गराएर; बुझ्नदेखि डराँउदी।
बुझ्नु मर्नु दुवै साथी हुनाले जिन्दगी त्यसै
लाटो बने झैँ टोह्लायो मानो बालकले कुनै
आमाको हातको झलझल झल्किने मुटुको छुरी
हत्याको निति देखेर टोह्लाए झैं परी टक
दुवै निर्दोष आँखामा के गर्ने हुन् भनेसर।
अर्थ बुझ्नुअघि शब्द कानमा गै दुवै दग
कानसाथ हुँदा लाटा मुटुले ठाउँ छोड्दछ।
खोक्रो जीवनले हेर्छ खोक्रो विश्व सबै कुरा
मूक प्रलयमा जांदा, जिन्दगीको सबै रस
आंखामा चढ्छ, गहिरा बन्दा, मानो कतैतिर
ठाउँ छैन भनी बस्न कालो सुकुमारिता
रसाएर परेलाका आडले अडिईकन
थोरै बेर डुबाएर, नानी ती टल्पलाउँछन्
झर्न सागरको सारा जल मोती बनेसरि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२१)

भरी नजरले सुस्त खुकुला हात खोज्दछन् ।
नसकी अड्न त्यो पानी आंखाका गहिराइमा ॥
खास्टोको छेउले पुच्छिन् छोई सकोछले तब ।
गह्को भरिलो तौल पृथिवीतिर वर्षने ॥
गहुकोपनले अड्दा बल्ल बल्ल गिरूँ सरी ।
मानो त्यो रसिलो थोपा छातीमाथि वसुन्धरा ।
आमाको आँखली काँप्दो भरियो छेउले पुछिन् ॥

(२२)

पुछिन् फेरि रसाएर आए आंखा तुरुन्त नै ।
मौन भाषाहरू जस्ता आंखा आंखा मिलीकन ।
सुलोचना कलाका ती बोले झैँ भाव भावले ॥

(२३)

अबोल वेदना रुन्थ्या आंखाबाट चियाँउदैं ।
सहभाव मिही खोजी कलाको अबलादिल-
तिर हेरेर भट्केका हजारों स्वप्नका पुरी-
हरू सेंचेर जलले भैंचालोपछिको झरी
जस्तो बादलको ठंडा विषाद मृदु छाउँदै ।
सिर्रिर भाव ज्यूँदाले छातीका दर्दमा छुंदै ।
ठंडा निराशका श्वासहरुले टलपलांउदै ।
कलालाई रुलाएर दिलमा अबला-जगत्
बदलीबाट बिजुली चंके झैं भावले खुली ।
नैराश्य प्रेमका सारा, मुट्ठु बिभ्ने छुरा कुरा ।
न फिक्न सकिने काँढा न बोल्न सकिने दुख ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मौन एकान्तका आँसु मुर्दा जीवन-वेदना।
भग्नावशेष आशाका, गुलाफी तहका जल।
रूँ रूँपना लगाएर कलाका दिलमा घुसे॥

(२४)

संझिइन् उनले आफ्नो जिन्दगीको दुखी गति—
पहिलो प्रेमदिलको कोइलीको बसन्त झैं।
सुना सुना बनी फुक्दो रंग रंग सुगन्ध ली।
नयाँ रोमांचका साथ नव आलोकका मनि।
उजाडिएर काँढाका तीक्ष्ण संपत्तिमा पुगी।
मरु जस्तो बनेको त्यो आशाको हरियो रंग-
विना, विना कुनै पात, सूक धूप कडामनि
घिस्रिने जिन्दगीलाई प्यासदार बनाउँदै।
गला सुकाउँदै लग्ने मृगतृष्णाहरूतिर।
झूठा छाया निकालेर सपनाबाट नींदका॥

(२५)

भावशून्य हिंडाइमा मुर्दा काम गरीकन।
नोकर्नी बस्न आइन् ती भुलन पाटनको पुर।
जहाँ प्रेम गरी कोही निठुराले, लिई दिल।
पहिलो पुष्प झैं फुल्दो पहिला प्रेम अर्पण
च्याती च्याती त्यसै फ्याक्यो हिलोमा सब आँसुका॥

(२६)

आँसु आफ्ना छिपाएर पोल्टामा दिलको सबै।
शर तीखा लुकाएर पंखका मनि बैसका।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भमराले लगाएको फैलाई उसको चत
पत्ती खुंची लुकाएर बसेकी दुःखिनी कला
संधै हँसमुखी हुन्थन् सेवामा अरुको घर।
आफ्नो घर गुमाएर स्वप्नका निशि दूरमा।
मृत्युको हातले बन्ला भन्ने आस गरीकन॥

(२७)

कला रोइन् सुल्सुलाई जिन्दगी मूलभित्रको
कता कता कताबाट, सहभाव छिटो लिदो॥

(२८)

देखेर नेत्रमा पानी, दिलको गहनासरी।
कलिलो मूलको भुल्का भाषा झैं सहभावको।
सुलोचना भइन् केही सचेत तब सोध्दछिन्,
"किन रोयौ कला ? तिम्रो छातामा दर्द के छ र ?
कुन नबोलिने घाउ, चीरा जस्तो पहाडको।
जब छुट्टिन्छ चट्टान वज्र पर्दा वियोगको ?"

(२९)

भन्दा कला दुवै आँखा मौनले मुख हेर्दछिन्।
जिन्दगीको कथा सारा सुनाई जलबिन्दुले॥

(३०)

"मैयाँ हजूरको भित्री दिलको भुल्भुलावट
टलपलाई उडेकोले आँखामा मृदु बैंसको।
हावाबाट अँधेरोका गोल भै खँदिला बनी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जदेखिने बाफहरू पुष्पका उरमा परे-
सरी मेरा झल्झल्का यी झ्याउमा देहका बसे।
स्मृतिका रासला दाना घेरैसाथ मिलोकन
गुडुंला गुडुंला जस्तो गरेर सहभावले ॥"

(३१)

तब आफ्नो कथा दुःखी प्रेमको ती सुनाउँछिन्।
बराबर रसाएर बराबर डुबी स्वर।
छाती छचल्किदै छाती छचल्काएर कानको
आँखा भिजाउँदै, आँखा शब्दतर्फ रसाउँदै ॥

(३२)

यत्तिकैमा पर्‍यो साँझ रोयो एकान्त, आँसुका
झरे बादलका दाना लुके ताराहरू सबै।
झरर गर्जियो मेघ देवासुर लडाइँ झैं।
आत्माको झगडा भित्री चंके झैं बिजूली बली।
झल्ल झल्ल चचंकेर अन्धकार बढाउँदै।
रुँदै आकाशले बोल्यो बिलौना सब प्राणमा ॥

(३३)

तर ती दुइटी साथसाथ बस्दा, दुखी दिल।
प्रेमको पहिलो मीठो सौन्दर्यंकन भक्त झैं
कुरा गर्दै रहे लामो, दिलले दिलको ध्वनि
डाक्यो, सागरकी छोरी दुइटी शैलका कतै
फेदनेर मिले जाता प्रेम सागरका गति।
बोलाइन दुवैतर्फ बिलौनालहरीभरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३४)

आफ्नो दुःख हुँदा ठूलो जिन्दगी अन्धकार झैं ।
बर्षरे माघका वर्षा जस्ता दिन उराठका ।
ठंडा श्वासहरू झर्ने पात झर्ने कला अब ।
"प्रेमको पथमा हाम्री मैयाँको दिलमा मिले
यात्राको देवता, काँढा पहाडहरु नाघिदै
यौटा जीवन ता हुन्थ्यो हँसिलो बसले खुला ।"
भन्ने विचार गर्दी ती, "तिम्रो ध्येय पुऱ्याउँछु
चढाई जिन्दगी आफ्नो" भन्ने सुर गराकन
"जुक्ति छैन कुनै मैयां ?' भन्दछिन् सहश्रवले ॥

(३५)

खोली दिल खुलस्तै ती कलासाथ सुलोचना
बताउँछिन् जिन्दगीको हुने सफलता कुनै
उपाय जसको सिद्धि चुलोमाथि पुऱ्याउँथ्यो ।
त्यस्तै विफलता सारा चूर पारी गिराउँथ्यो ॥

(३६)

कलाले जिन्दगीलाई अर्पिने सुर नै कला
त्यो रातको झरीभित्र बिजूलीको प्रकाशमा
बानेश्वर हिंड्छिन् लाई वर्षादी मर्द झैं बनी ॥

(३७)

कोही हिंड्दैनथ्यो राती छाती सडकको अब
दुनियाँबाट कुल्चेको पखाल्थ्यो स्वर्गको झरी ॥
उर्लेर दर्किंदो दर बिजुली भो झर्माल्कंदो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थोपा थोपा टटल्केर गाउँदो गड्गडाउँदै ।
छछं छं छं झझं झझं रङ्गमंच बनाउँदो ।
हजारौं पद चल्दाका क्षेत्र वैशाख मासका
खोला, कुला, बनाएर छरिता सल्सलाउँदा ।
बलेँसी सब दर्काई अँध्यारोमा थपी घन ।
आँखा झिलिक्क पारेर मिलिक्कसित अल्पिने
झल्काले भन् बनाएर अन्धो पथिक राहमा ।
गर्जिदो घनमा घन्न घनता अन्धकारको ।
गिरि-गह्वर गड्काई दूरतासम्म गड्गडी-
सित, क्यै मधुरो हुन्थ्यो घोष घर्र गरीकन ।
जाँतो झैं जलको मानो क्रोधको वेग सिंढ्ढई
पछाडि पोखिने थौरै रीसले भुत्भुताउँदो
नागबेली बनाएर बिजुली दुष्ट नागिनी
बल्दो ईर्ष्या बले जरती, मेघको डर डरथ्यो ।
अथवा दुःखको छाती घन बादल छाउने
दुष्टात्माले डसे जस्तो बनी साँप झझल्किदो ।
स्वर्गको क्रोध घन्काई हजारौं साधु बिन्दुले ॥

(३८)

ओलिइन् मुख छोपेर आँखा टुल्टुल झैं दुइ
ओह्रालोमा, त्यहाँ कोही थिएनन् सब्यतर्फको
पुलिस् खोप्रो थियो रित्तो, गोल चौकी पंखालिदो ॥

(३९)

ओलिइन् छप्छपाएर जहाँ रूखहरू पनि
टप्कन्थे तप्तपाएर, खेतमा दुइतर्फका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भ्यागुताहरुले गर्थें गाना मंडूकदेशका ।
एकोहरो लिई शब्द मानो सुन्दैन क्वै पनि
कलात्मक निदाएको नर-आत्मा भनेसरी ॥

(४०)

रातो पुल झम्झल्काई दूरमा वृक्षपंक्तिको
लामो धरो सडकको बालुवादार देखियो
बिजुलीमा; तिनी हिड्थन् एक्ला आफ्ना विचारमा ।
ठूलो विप्लवको त्रास लिदी मेघसमानका
शत्रुमर्दनको घोष घर्घराउँछ कि भनी ॥

(४१)

झाडी झाँगहरू देखिन् जहाँ आकाशका लता ।
हांग्या कलिला झुल्थे हावामा र गुलाफका ।
जंगली झांग काँढाका अरू जो हरियै थिए ।
सेता सुघ्घर माला झैं लहरे फूल लच्किदा ।
पानीले पातमा केही गरी दख्खल टप्किदा ।
गेडादार कतै झांग थिए सडकछेउमा ।
किनारमा कतै राम्रा झोपडी पुष्प-बागका ।
बार लाई निदाएको झरिका सपनासरी ।
मानो कुकुर नै सुत्थ्यो भुक्ने ताराहरूअघि ।
बुझेर यो प्रक्रांतको निषेध सब हिड्नुमा ॥

(४२)

कोही रमनले भेटे के गरूँला भनीकन
डर परथ्यो कतै झट्ट जब छाया कुनै परी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोही मानिस होला कि भनेर बिजुलीसँग
दोस्रो झलकमा सोध्थिन् पन्सिएर चिह्याउँदी ॥

(४३)

धोबीखोला भजी बग्ने कुलाहरु कराउँथे।
पानी झन् झन् बढ्यो चीसो स्याँठले थपिदो बनी ॥

(४४)

भडाँरखालको पार्श्व—त्यो बगैँचा पहाड़को।
हरा नित्य, भरा नित्य कोइलीको कुना घना।
झाँगको पुष्पको शोभा शिव-नन्दनबाग त्यो।
ताड छन् हरियो पखातुल्य, बाँदरको बन।
कविको कुञ्ज नेपाली, चित्रकानन सुन्दर।
अस्तकाल सुनौलाले हेर्ने हरित उच्चता
दिने रुद्रमतीलाई दाइजो शान्त; खेतका
भण्डारखालको पार्श्व कला रुभदै पुगिन् अनि
वंही उक्लेर लागिन् ती दाहिना राहमा, अनि
चाडै पुगिन् त्यहाँ हाम्रा अनंग जुन ठाउँमा
बस्दथे टायलेछानो सानो घर रमाइलो।
दुवैतले र छरितो बारेको फूल बागको ॥

(४५)

ड्याम्म तोप जसै पड्क्यो बिहानीपखको त्यहाँ।
अनंगनाथ ओर्लेर आए जान भनीकन
शिवमन्दिरमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४६)

यस्तो उनको दृढ़ आदत
याद राखेर आएकी कला ती जब देख्छिन् ।
पछि लागेर जान्छिन् ती चूपचाप, भरी त्यसै
दकिएको सडकमा ॥

(४७)

केही बेर भएपछि ।
बनकालीनजीकैमा पार्श्वमा आउँदी तिनी ।
टर्चको उज्यालो पाएर मुखमा, खिल्ल हाँस्दछिन् ॥

(४८)

"के हँ ? को हँ ?" भनी सोध्छन् अनङ्ग "म म" भन्दछिन् ।
"कला" "कला? को हँ ? कला?" सोध्छन् ती अनङ्गले ॥

(४९)

"यहाँ किन कला ! आज ? के भयो र ? यहाँ किन ?
एकली ? ख्वौ त साथी क्वै ? यस वेला ? झरी हुँदा ?
किन यस्तो गरेको हँ ? वाग्मती जान हो कि ? के
के भयो र ? यहाँ आयौ ? किन आयौ अचम्म ! हँ ?"

(५०)

बताइन् सब वृत्तान्त कलाले रूखफेदमा ।
बनकालीनजीकैमा पत्र यौटा झिकी दिइन् ॥

(५१)

हेरे अनंगले बाली हातको टर्च बिजूलिको ।
सुलोचनाले लेखेको पत्र खोलेर खामको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रक्तले लेखिएको त्यो आँलाको, मृदु अक्षर।
बाङ्गो हरफ ढल्केका चारै पंक्ति रुवाउने।
सबै झरी सबै वर्षा मिली भाषा बनेसरि॥

(५२)

'प्राण ! आँसुहरु लाख नसुन्ने ?
अन्त्यको समयमा अब बाजा !
काल ल्याउँछ नजीक नि राजा!
पक्र पक्र कर या म हूँ शून्ने ?"

(५३)

तल नाम थियो प्यारो रक्तका लिपिमा मृदु।
"आँधिको आँसुको फूल मर्नलाग्दो सुलोचना॥"

(५४)

माथि आफ्नो "प्रियतम अनङ्ग !" यति नामले
सजाएको पत्र पढी रुन लागे अनंग ती॥

(५५)

"जबाफ के ?" भनी सोध्छिन् कला "जीवनको धन
चोरेर फ्याँक्न पाइन्न पापको हा हिमालय॥

(५६)

पहिलो प्रेमको श्रद्धा स्वर्गभंदा रमाइलो।
उजाड्न अब पाइन्न घाउ लाएर नित्यको॥

(५७)

पर्दा खोली चिहाएकी बोलेकी प्रात अप्सरा।
फूल सारा रुवाएर स्वर्गको सपना रची।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बदली पार्न पाइन्न छवि छेकेर स्वर्गको ॥
यो हो ढुक्कुरको छातीभित्रको शब्द कुलिने ।
पहिला कम्प बास्नाले पाइन्न शरले छुन ॥

(५८)

यो हो प्रकाश तृष्णा झैं फूलको तहको तह ।
खोल्न खोज्ने कोपिलैमा चुँडन पाइन्न फ्याँक्न त्यो ॥

(५९)

यौटा जीवनको आँसु विश्वगोल रसाउँदो ।
पाउमा पर्छ पाइन्न लत्याउन विनाडर ॥

(६०)

बिहा हो काल आत्माको बाजा ठूलो बजाउँछ ।
खरानी पार्न पाइन्न शव पारेर जीवन ॥

(६१)

आशाको बूँदले भिज्दी जिउँछिन् अंश जोर्दछिन् ।
छाती जो छ चिरा पर्दै आउँदो त्यो प्रतिक्षण ॥

(६२)

मेरो हिमाल भन्दै ती डाँडामा अन्त्य ो अब ।
पुकारा गर्दछिन् डुब्दी निशाको अन्धकारमा ।
आशा गर्दी चढ्नलाई उदयाद्रि सुवर्णको ॥

(६३)

आँसुको भवमा डुब्छिन् अन्त्यको झैं पुकारले ।
दिलका प्रभुले संझी उतालान् कि भनीकन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६४)

श्वास श्वासहरू सारा बिलौना गर्न आउँदा।
झरी आँसु हुँदा प्रेमी मुतेकै छन् भनी रुँदी॥

(६५)

जलकी ती कुमुदिनी फाटला बादल भन्दथिन्।
छातीलाई छिपाएर मुटुको केन्द्रमा रुभी॥

(६६)

अरूले बुझ्न सक्तैन भनी भाव छिपाउँदी।
यौटा गजुरको झल्का लिने यात्री बनी हिंडिन्
काँढाका पथमा फूल फुल्ला भन्दी उ पारमा।
सारा जीवन अर्पेर मुटु घंट बजाउँदै॥
'मेरो आत्मा लिई देऊ' भनी डुब्दी फुलारु झैं।
हात फैलाउँदी दोटा, गलासम्म बनी जल
डुब्न डुब्न तयारी छन् यस पार उ पार वा।
यति प्रश्न रह्यो बाँकी अरू खतम भैगयो॥

(६७)

यहाँ जीवनले भन्छ 'आँट, जीवन बन्दछु।
नत्र काट पयो यौटा बिलौनासरि डुब्दछु॥'

(६८)

के जबाफ दिने ? झट्ट ! बोल्नुहोस्न, म आउँछु
दुःखको बदलीबाट बिजुली झैं बनीकन॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६९)

दर्किंदो गड्गडाईमा यो मोहोड छ प्राणको।
'कता ?' भन्छिन् तिनी दोटा हातले 'स्वर्ग वा धरा !'

(७०)

यहाँ दोधारका धार काट्नेछ मृदु जीवन।
विश्व सारा रुवाएर चाँडै उत्तर पाउँला।
भनी आशा गरी बस्छु ! तिनी संसार त्यागनको
अँध्यारो गोडमा होलिन् के म आशा बनीकन
उदाउँदछ रे भोली भन्न पाउन्नँ स्वर्गको ?"

(७१)

कला कुराहरू थप्थिन् मुटुलाई समाबने।
अनङ्ग घुँड भै रोए रूखको फेदमा खडा॥

(७२)

"मेरी संसारकी ज्योति मेरी पूजा, विकासकी
सपना, तारका मेरी, मेरी आँखा प्रकाशकी।
मेरी अनंतकी आशा, म चूलोकी उषा तिनी।
मेरी स्वर्ग, कणा मेरी मौन एकान्तकी जल।
गुलाफ छातो तहकी मोती, यो अधिको मुटु-
भित्र सानन्द राखेकी, वास सारा वसन्तकी।
मेरा भावहरू सारा गुंड खोज्ने निकुंज ती।
मेरा छिनाहरूकी तो जादू, मोहनमंत्र ती
दुःखी छन्, बाबुआमाको अत्याचार परीकन॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७३)

कलाले तब शोचेका उपाय बतलाउँछिन्।
भोलिपल्ट दुवै भेट्ने रातमा, अनि भाग्नको
तरीका, अनि बस्नाको ठाउँ, केही बिताउने
हल्लाका मुखका रोज साम्य हुन्जेल यताउता॥

(७४)

आफ्नो सदेश भेजेर भोली आउन टिक्को
बन्दोबस्त गरी दिन्छन् कलालाई बिदाइ ती॥

(७५)

फर्किन् कला शीघ्र त्यही बाटो पानो ससाङ्ग्रियो।
घरमा आइपुग्दामा बास्यो कुक्कुट, मिर्मिरे
विभूति रंगको चढ्दो उज्यालो पूर्वमा चढ्यो।
जहाँ छुवाउँदा साना टुक्रा बादलका मनि
नीलो आकाशको रग ज्योतिले पहिलो अति
चड्का हुन गए जस्ता घनका राग भेदले
मिर्मिरे बज्दथ्यो घंट यौटा दोटा सुनाउँदै॥

———

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तम सर्ग

(१)

कर्मको छ तर चाल विचित्र ।
जो बुनिन्छ सपना मनभित्र ।

आँसु बन्छ रङ उड्छ सुनौला ।
जिन्दगी घन भिईकन नौला ॥

(२)

रुन्छ, प्रातहरुका सब आशा ।
स्वर्णरंग, कलकूजित भाषा ।

अश्रु पूर्ण बदली दिनलाई ।
बन्न जान्छ सब विश्व रुलाई ॥

(३)

टाकुराहरु अगाडि बलेर ।
निभ्दछन् क्षणिक आस खुलेर ।

स्वर्गतुल्य सपना छविदार ।
आँसु हुन्छ दिनलाइ हजार ॥

(४)

आसले अधि भरीकन कान–
बीच मंत्र, सुखकल्पित तान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दीर्घ नीरव विषाद बनेर।
अलिपदा हृदयको गति हेर॥

(५)

घेर रोज सुनपंख उदाए।
बन्न शीघ्र बदली जल-धारा।

स्वर्गतुल्य सपनाहरु आए।
भिन्न खाक हुन बादलद्वारा॥

पुष्पका प्रथम जो मुसकान।
अल्प सुन्दर घडी मुसकाए।

शीत श्वासकृत दुःखित प्राण।
ती हुरी र जलशोच बिलाए।

(६)

फुल्न फुल्न दिल हुन्छ तयारी।
बल्न बल्न रँग सुन्दर भारी।

कर्मको निठुर हात पिटिक्क।
पारिदिन्छ भुइँमाथि लतारी॥

(७)

कामना हृदयमा जब लागे।
पालुवासरि वसन्त भजेर।

कर्मकोट तब पर्छ जरामा।
पार्न जीवन धुजाहरु हे॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(८)

जो छ ज्योति मुटुको उसलाई।
चन्द्रतुल्य नभको मुसकाइ।

आँधि आँसुहरूका घन आई।
ढाकिदिन्छ सब रोज रुवाई॥

(९)

प्राण भन्छ दिलले जुन सोही।
पाँइदैन जगबीच नरोई।

प्रातको छवि सुवर्ण छिपेर।
खोज्नुपर्छ सब पात भिजेर॥

(१०)

कामना हृदयका सब रुन्छन्।
जिन्दगी विफलता सब हुन्छन्।

भित्रको मुटुकुरा सबलाई।
हिड्नुपर्छ, जलभित्र छिपाई॥

(११)

आँसु ली कुसुम हेर्दछ प्रात।
छन् विलापसरि निष्फल बात।

आँसुदार नभमा सब रात
पाउँदैन सुख यो नरजात॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१२)

माग्छ जो विधु-सुधा उसलाई ।
नित्य को छ बदलो छ रुलाइ !

माग यो हृदयको सपना छ ।
दुःख मात्र जगमा विपना छ ॥

(१३)

फूलको मृदुल सुन्दर सूत ।
अल्प-जीवन भनी कवि रुन्छन् ।

आसको सृजन भन् छ कलीलो ।
स्वल्प एक क्षण जीवन हुन्छन् ॥

(१४)

निष्फलै हुनु छ जीवन भन्नु ।
बैंसको छ मृदु कोकिल सुन्नु ।

ग्रीष्म-ताप जल हुन्छ पछाडि ।
झर्न, पात, हिउँ वैरिन बाढी ॥

(१५)

के छ के छ दिलबीच नमिल्ने ।
कामना गह भिजीकन हेर्छे ।

तारका जग कडोर अगाडि ।
एकली हृदय-झयाल बसेर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१६)

अग्नि हुन्छ मुटुमा अवनीको ।
फूल हुन्छ मुखमा तर ताजा ।

जिन्दगी मृदुभरी नित आँसु ।
हाँसिदिन्छ हृदले दुइ खोक्रा ॥

(१७)

प्रेमका मधुर सम्सम सारा ।
शैलबीच वनबीच ‍उजाराँ ।

द्वार बन्द हुन गैकन रिक्त ।
विश्वमा रुनु छ ब्यूनु विरक्त ॥

(१८)

कर्मले सकल मर्म उजाडी ।
जिन्दगीकन लगी दुखखाडी ।

आँसु आँसु पदमा भरिदिन्छ ।
दुःखको सँग बिहा गरिदिन्छ ॥

(१९)

पाइँदैन जगमा दिलमाग ।
उड्छ त्यो हृदयबाट पराग-

तुल्य फूलहरुले मुरझाई ।
जानुपर्छ पछि बाग रुवाई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मले गिरिशिखाकन दिन्छ ।
स्वर्गको छविपछाडि निश थ ।
अन्धकारमय रच्छ वितान ।
दुःख आँसुहरुले झलमल्ल ॥

(२०)

पाइँदैन नि यहां सुकुमारी ।
जो कुरा रुदित जीवन भन्छ ।
आंसुका झलक मात्र उज्याला ।
छन् यहां उर सधैं भर भिज्छ ॥

(२१)

आजको दिन समुल्लसिता ती ।
आरुले हृदयको अति जाती ।
स्वप्न बुन्न छरिती बहु भाँति ।
पंखदार चिडियासरि जाती ॥

(२२)

"स्वर्गमा सुनहला म उडूँला ।
प्रेमको जलधिभित्र बुडूँला ।
कुंजभित्र छविका रङ्दार ।
प्रेमको दिल निमित्त सिंगार ॥

(२३)

भित्र भित्र मुटुको रव सारा ।
रोउँला सँग लिईकन प्यारा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकलो सुख उँचा अति पारी।
स्वर्ग स्वप्नहरुका फुलबारी ॥

(२४)

लाउनेछु म उषासँग भारी।
आँशु रत्न सुखसाथ मित्यारी।
रङ्गमा सुनहला म फुलूँला।
यो सबै विरह आँसु भुलूँला ॥

(२५)

यी विचार मनका मृदु गाँसी।
माल्यतुल्य मनका मृदु हाँसी।
प्रेमको अब स्वयंवरमाला।
भावदार म चढाउँछु" भन्दी ॥

(२६)

चल्मलाउन तयार जिलाई।
मुस्किदा मुदु शिराहरुलाई।
नेत्रमा मृदु लिई मुसकान।
ती कलातिर थिइन् सखि ज्यान ॥

(२७)

प्रातले सुनहला छवि छायो।
हेर ! पुष्पवन झल्ल गरायो।
घाम भो अमृत न्यानु समाने।
फुस्किए कुसुम-वास सुवान ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२८)

भो हरा सब जगत् अति चारु ।
फुल्दथ्यो रङ लिईकन आरु ।

कोइली पनि अझै मृदु वाणी ।
बोल्दथी ध्वनि मनोहर तानी ॥

(२९)

आज आज कि त जीवन रम्य ।
अन्धकार कि त घोर अगम्य ।

प्रेमको कि हरियो मृदु राज ।
या त दुःखमय कंटक ताज ॥

(३०)

वायुमण्डल बन्यो अति नीलो ।
साँझमा रवि विदा भइ जाँदा ।

तारका सकल प्रेमहरूकी ।
बिन्दु झैं विशद दिव्य उदाइन् ॥

(३१)

भन्दथिन् गगनकी छवि, तारा ।
"जिन्दगी सकल आँसु हरूको ।

एक बिन्दु झलमल्ल बनेर ।
खोज गर्छु प्रियको नित हेर !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३२)

त्यो कुरा मृदु सुनी सब बोट ।
शान्त मुग्ध चुपचाप बनेर ।

खोजका सब विहंगम खिच्दै ।
सुन्दथे मृदुल चाख लिएर ॥

(३३)

"कै भयो ? कुन कुरा र ? कथा हो ?
के भए त घटना मुटुतुल्य ?

प्रश्नसाथ सुरका पुरबाट
अप्सराहरु झरे झलमल्ल ॥

(३४)

यो कथाछन रहस्यहरूको ।
भिर्मिरेसँग बताउनुपर्छ ।

गुह्यभित्र दिलको गहिराइ ।
नीलको जल बनी निशि मर्छ ॥

(३५)

भन्दथिन् तब सबैसँग तारा ।
"यो जगत् अघि छिपाउनुपर्छ ।

नत्र आँधिहरु छुट्छ कठोर ।
पुष्पको दिल चुंडी जुनि मर्छ ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३६)

रातले गहन लो गहिराइ ।
आँसु आँसुसँग ती प्रियलाई ।
पर्खँदी समयमा वननील-
बीच, वृत्तहरुबीच सुशील।

श्वास मन्द सँग बन्द गरेर ।
गन्ध मात्र मनको अलि बेर ।
"सुस्त सुःत" भनदी गतिलाई ।
वायुको चपल अन्चल तानी ॥

"चाल मार, न त हुन्छ रिसानी !"
झैँ बसीकन निकुंज अँध्यारो ।
त्रास, आस दुइसाथ झुकेर ।
गौडले शिर यसो निहुराइन् ॥

कान शीघ्र हलुकाइ गरेर ।
पातको मधुर चाल सरक्क ।
सुन्नझस्किन गएर फरक्क ।
नेत्र मात्र अलि चम्चम पारी ॥

क्यै चिहाउन तयार बनेर ।
ढुक्ढुकी हृदयको अलि थामी ।
हात पाउ दुइ ओठ दिएर ।
चोर अंगुल यसो सुनसान ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बीचको मधुर उत्सुक प्राण ।
रातले गहन ली गहिराइ ।
नील कुंजहरूभित्र छिपेर ।
हेर्दछिन् हृदयको अब राह ।
क्यै नदीकन अडकन थाह ।।

(३७)

चाँद हेर हँसिया लिइ आए ।
कामधेनुकन काट्न हरीया ।
शैल चूडहरुका मृदु शस्य ।
जानिदैन त्यसको त रहस्य ।।

(३८)

"बेर आज बहुतै किन लाए ?
मर्दको दिल ढिलोसँग चल्छ ।
चन्द्र निष्ठुर भएर उदाए ।
आसको पयर हा ! कति गल्छ ।।

(३९)

छैन हाय ! करुणा कि मलाई ?
आस मात्र दिन प्राण रुलाई ।
एकली मुटु जिलाइ भुलाई ।
क्रूर दो दशन यी पललाई ।
बिसिए कि त कि आउनलाई ।
चित्त छैन निठुरी मनलाई ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी विचारहरूकी दुखवाला।
हेर्दछिन् गगनका सब चाला॥

(४०)

बस्दथिन् तर कला यस बेला
द्वारमा, घर र चाल विचार्न।
एक कुक्कुर भुक्यो पशुजात।
खल्बलाउन सबै मृदु रात॥

(४१)

झाँगको तब लिईकन आड।
लुक्दछिन् नयनकी मृगिणी ती।
लुक्दछिन् तब कला पनि भित्र।
द्वारको नरमचाल गरेर॥

(४२)

कान शीघ्र तर ती मखनाका।
चित्त चिन्तित हुँदा जननीको।
सत्यको अब परीकन छायाँ।
कर्मको वश त्यतातिर झुक्छन्॥

(४३)

आउँछिन् मथरले सब चाल
मार्नलाइ चतुरी मखना ती।
को रहेछ त भनीकन राती।
द्वारसम्म, र कपाट खुला ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आधि देख्न अब खूब अचम्म ।
रातको प्रहरमा सुनसान ॥

(४४)

भन्दछिन् तब कला "किन भुक्छ
आज कुक्कुर ? कता तिर लुक्छ
चोर, क्या र कि ? अलच्छिन जात
भुक्छ व्यर्थ चलदा पनि पात ?"

(४५)

"आउँछेस् किन यहाँ यस वेला ?
खै कहाँ छ कुन ठाउँ छ मैयाँ ?"
"माथि कुक्कुर भुकीकन खालि ।
को रहेछ किन भुक्दछ भन्दी
ओर्लिएँ तल यसो अनि द्वार
खोलिहेर्छु ! अरू छैन कि क्या र ?

(४६)

झूठ छिप्छ जगभित्र कहाँ र ?
'छैन क्या र अरू' ले मखनामा
लागिगो हृदयमा अब शङ्का ।
पर्दछिन् कुसुमको सपनामा ॥

(४७)

देख्दछिन् निशिसमान लुकेकी ।
त्रासदार दुहिता, पर छायाँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जाइनेर र नजीक गएर।
ल्याउँछिन् घर तिनी पक्डेर॥

(४८)

घुँक घुँक शुरु भो मुटुदेखि।
एक जीवन बनीकन आँसु।
भित्रको दुख थियो जुन टम्म।
त्यो निसास्सिन गई बिनुबोली
आउँथ्यो अब परोकन गाँठो
कंठसम्म, तब रोकिन जान्थ्यो॥

(४९)

आँधिका जलदको घट जस्तो।
थोर आँसु मुटुका बररर।
छाल नै रुधिरका दुखदार।
जो निशाभर छचल्किन जान्थे॥

(५०)

"तारका अब मरें ! म मरें नि!"
तुल्य भाव ध्वनि मौन हुँदामा।
मर्म लाख मनभित्र विलापी।
भित्र चक्कर परेर रुँदामा॥

(५१)

होश गो सकल मूर्छित भाव।
" जिन्दगी मरण भो अब भन्थ्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थर्र कोमल शिराहरु काँपी ।
पीँजराविच चरो-मृदु रुन्थ्यो ॥

(५२)

भित्र अग्नि गहिरोतिर पर्दो ।
आँसु जो मनमनैतिर घुस्थे ।
भै उकुस मुकुस थर्थर पारी ।
कंपदार उर त्यो सुकुमारी ।

फुटन बाहिर न सक्तछ ज्वाला ।
खालि ग्रन्थिसरि उठून तयार
बन्छ झर्छ सब जीवन काँपी ।
चिर्छ लाखन चिरासित छाती ॥

(५३)

लाजले जुन हुने अवरुद्ध ।
भाव हो मदनदीप्त विशुद्ध ।
घुक्क घुँक्क अब ती जपयित्री-
को अगाडि सब आउँछ भित्री ॥

(५४)

"यो सबै बुझिदिए जननीले ।
जो जलाथल अघोर अदृश्य ।
पींधभित्र वडवानल राखी ।
आसका तट छुने लहरोले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थि यो हृदयको सब प्राण
छन् जहाँ बदुलिने बहु गाढा।
हुन्नथ्यो हृदय यत्ति कठोर।
यो सबै बुझिदिए पनि थोर॥"
यो विचार गह दिन्छ रसाई।
पुग्छ कंठतक नै तिनलाई॥

(५५)

रात त्यो अब बनेर रडाको।
नींदबाट बिउँझाउँछ सारा।
शत्रुमर्दन समेत उठाई।
क्रोध-निद्रित समान जगाई॥

(५६)

क्रोधले जब छुरीसरि थोर।
मन्दता लिन गयो अलि बेर।
भन्दछिन् नयनको जलवाली।
त्रास, लाज मनबाट निकाली॥

(५७)

"एक नै पटक फुल्छ गुलाफ।
पाउँदा किरणको मृदु ताप।
कोपिला कुसुम हुन्न पछाडि।
काल झार्छ बरु विश्वअगाडि॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५८)

हुन्छ एक मुट्ठु नै सबलाई।
खोल्छ एक रविले दिनलाई।
एक चन्द्र रजनीकन राजा।
एक मूर्ति नित बन्दछ ताजा॥

(५९)

एक जीवन छ जीवनलाई।
छैन त्रास अबलाइ मलाई।
गर्दछौ यदि बिहा शबलाइ।
लौ सिंगार म मरें अबलाई !"

(६०)

यत्तिसाथ मनको सब बाधा।
घुँक घुँक्क जल लीकन पोख्दी।
दुःखकंपित मनोहर छाती।
रोक्न मुस्किल भईकन रोइन्॥

(६१)

के थियो र बिचरी अरु भाषा ?
के थियो र बिचरी अरु आशा ?
आँसु नै बल सबै अबलाका।
भावदार गहका भर रोइन्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६२)

बुझ्दछन् कुन पिता कुन माता ?
छन् सदा मृदुल क्रूर विधाता ।
कंटकै छ कुसुमी दिललाई ।
शीतका कि त कणा रुनलाई ॥

(६३)

शत्रुमर्दन सुनी कन जङ्गे ।
"हेर हेर ! नखरी बिनुलाज
बोल्दछे शरम छैन रॉलाई ।
नाक कान मुडिदे अबलाई ॥

(६४)

पाइँदैन यसरी हठद्वारा ।
टम्म टिम्म पुतलीकट प्यारा ।
मान इज्जत गरी बरबाद ।
चल्नुपर्दछ गरी कुल याद ॥

(६५)

मान्दछे यदि भने अबलाई ।
राख् कडाइसँग लौ यसलाई ।
यो निकाल् नगरकी नखरी यो ।
यो कला कुटिलता कुट्नी यो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६६)

छैन मंजुर भने यसलाई ।
थुन् यहाँ ! दिनु दुटो अबलाई ।
द्वारमा पनि तं मार अब ताल्चा ।
एक स्त्रीकन दिई सँगलाई ।।"

(६७)

"त्यक्त छू" सकलकी अब भन्छिन् ।
लाला लोचन बनीकन रुन्छिन् ।
"त्यक्त छू सकलकी अबलाई ।
खाक भो हृदय ल्यौ शवलाई ।।"

(६८)

घोर क्रूर ज्वरले थलिएका ।
होश-हीन विधिले छलिएका ।
नाम लीकन बराबर बर्बर ।
गर्दथे जुन कबूल लिएका ।

हाय ! हाय ! तिनको छ दशा के ?
त्यो नभै हृदयमा रति याद ।
ठान्दथिन् हृदयको कमजोरी ।
ती विरक्त मनकी अबलाले ।।

(६९)

क्रूरतासरि परीकन भान ।
विह्वल प्रकृतिका मृदु प्राण ।

२१६६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती झरीसरि कठै ! रुन थालिन् ।
स्वर्गमा मुटु विरक्त उचालिन् ॥

(७०)

"छैन आस भर हाय ! मलाई
जिन्दगी मरण भो अबलाई।
लौ बिहा गर" भनी "शवलाई।"
आँसुका नजर दी सबलाई।
ती 'कला'कन अघोर रुलाई
बन्दछिन् सजल चित्र मलाई ॥

(७१)

सर्दछन् तिमिर फेरि अगाडि ।
थाम्न चित्त नसकीकन आज।
देखिदा हृदयको दुख-बाढी ।
भै घृणा अब त हेर्न समाज ॥

(७२)

धिक् छ ! धिक् छ ! जगका सबलाई ।
प्रेमको दिल मिचेर रुलाई ॥
जिन्दगी शव बनाउनलाई ।
लाज छैन जसमा अबलाई ॥

(७३)

प्रेम भो त उनको जससाथ ।
सो नहास् सतत जीवन साथी !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नत्र के घर ? कतातिर आग ?
चित्त भैकन अल्कन दास ॥

(७४)

प्रेम शून्य घर एक चिता हो।
लौ सिगार शव भन्छ बिहाले।
चित्तलाई विधवासरि पारी।
के बिहा छ र मनाउनु भारी ?

(७५)

हाय ! इज्जत कहाँ छ चितामा ?
क्रूर भै दिल जलाउनु भित्र ?
खाक पार्नु तब भाव पवित्र।
क्या जगत् छ विपरीत विचित्र ॥

(७६)

ह्वैन, ह्वैन, यिनलाइ जहाँ छ
प्रेम, स्वर्ग मनको त्यसमा छ।
के अनंग पनि मानिस ह्वैन ?
थिच्नु मिच्नु दिललाइ हुँदैन ॥"

(७७)

यो सुनीकन समुत्सुक कान
बन्दछन् सबजना मुख हेरी।
शत्रुमर्दन भने अब जङ्गी।
गर्जिए सकलका अघि फेरि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७८)

"हेर त्यो गजबको कति जान्ने ?
बाबुलाइ पनि जिस्दछ तान्ने ।
शास्त्र धर्म सब पार गरेर ।
बोल्छ हेर सु कुटे बतुरेर ॥"

(७९)

रात त्यो बितिगयो अब रोई ।
आँसुले सरस ती गह धोई ।
ती कला पनि रुँदै निशि काटिन् ।
भोलिपल्ट तब त्यो घर त्यागिन् ॥

(८०)

ती बिदाइ लिन आँसु बनेर ।
टप्किइन् पयरमा दुख लेर ।
घुँक्क घुँक्कसँग बाहिर जाँदी ।
ती कुरंग-नयनी वन छाडी ॥

(८१)

दुर्मुखा हृदयकी सब शून्य ।
दुष्ट बुच्छर कुबुद्धि मुखाले ।
चेहरा सकल बाँदर जस्तो ।
साथमा अब रही "नहिफाले ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(८२)

मूक मौन माहमा दुखकी झैं।
तो वसन्त-बदली दिन जस्ती।
बारबार गहना गहलाई।
लाउँथिन् जल जलीकन हाइ!

(८३)

बुझ्नलाई नसकी विधि चाल।
त्यो अनंग दिलको पनि हाल।
बेदना हृदयकी जलदार।
मूक छन् घन मलीन मुहार॥

(८४)

हाय! बन्धन कडा दिन हाय!
हाय! कर्म अब हा! निरुपाय।
हाय! हाय! सपना मधुदार।
क्या चुडिन्छ दिल टूक हजार॥

———

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टम सर्ग

(१)

बजी रहेछन् अब आज बाजा ।
छ हर्ष सारा मनभित्र ताजा ।
सुलोचना छन् तर हेर आज ।
पुरीसरि दूर भएर राजा ॥

(२)

शशी छिपाई घरभित्र बस्ने ।
मानो तिनी छन् बदलीसमान ।
धरा अँध्यारो हुन जान्छ सारा ।
छ स्वर्गको तर्फ खुला पुकारा ॥

(३)

वसन्तकी झैँ च्युत एक शाखा ।
लिंदी नफुभे कलिकोष लाखाँ ।
अरूहरूको सुख रंगदार ।
अगाडि झुक्दी जलले हजार ॥

(४)

नफुक्न सक्ने तर एकवार ।
लिई चिचिल्ला कलिका जुहार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै हुँदा सुक्न यसै त ार ।
न आँत भिज्ने जलले हजार ॥

(५)

रंगी र चंगी सबका बिहामा ।
रुँदी मुक्को कोष भिजेर लामा ।
सुनेर बाजा भमराहरूका ।
खुशी र हाँसो मुखमा अरूका ॥

(६)

धरेर फर्मायस रंग नाना ।
खुशी थए बालक मस्त साना ।
अनेक बैंसे झलमल्ल सारी ।
हेर्थे नयाँ जीवनको तयारी ॥

(७)

थियो घरै खल्बल झैं चराको ।
प्रसंग चल्थ्यो रसिला कुराको ।
वसन्त शृङ्गार थियो धराको ।
वैधव्य जस्तो तर ती वराको !

(८)

झिलीमिलोले मन झन् रुलायो ।
जगत् अनौठो मरु झैं तुल्यायो ।
देखी सबै जीवनसाथ भेद ।
बनिन् तिनी आँसुसमान खेद ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(९)

समस्त शृङ्गारहरू गिज्याई ।
आत्मा रुवाई नजरै भिजाई ।
सिगार सारा अब भो चिताको ।
वियोगको पावक दन्दनाई ॥

(१०)

मरेर आत्मा शवको व वरीपरी
घुमेर हेर्दा अब अग्नि बेसरी ।
अनेक ज्वालाहरुले दनादन
सिगारिए झैं हुन गो नयाँ दिन ॥

(११)

मिली ठड्याए अब बाँस आँगन ।
डोरी लगाए मुड्ड टूक टाँगिन ।
वेदी बनाए अब होम्न जीवन ।
स्वाहा गरी अग्निविषे दनादन ॥

(१२)

देखेर रोइन् नब्यानिने कण ।
भयो जगत् नै परदेशको वन ।
छ सुन्न को ? हाय ! अरण्यरोदन ।
समस्त हाँसे शव पार्न जीवन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१३)

थिए कलीला मुसकानदार ।
झलक्क खुल्ने मुखका जुहार ।
सबै शिराका सुख सौखदार ।
छाती हलुका अरु वारपार ॥

(१४)

समस्त यो विश्व चिरेर छाती
थिची रहे झैं, दिनलाइ राती
पारी, अँध्यारो धनघोर छाई ।
थियो जहाँ ऐंठनको रजाइँ ।

ती जिन्दगी मृत्यु लिंदी अँगालो
पारेर तारा दिलका पुकारा ।
खद्योतकी छन् सुखका हजारा ।
गुमाउँदी जीवन-ज्योति सारा ॥

(१५)

खोक्रो खजेने सकल दुनियाँ, झूठको मात्र जाली ।
रित्तो हाँसो अहृदय लिने, मोल झूठा निकाली ।
मिच्ने सारा दिल, मरण नै जिन्दगीमा छ खालि ।
साङ्गा आशा अनृत सुखका कल्पनाभित्र पाली ॥

(१६)

छाना लाए घर हुन गयो, जिन्दगी छैन भित्र
मुर्दा मुर्दा दुइ दिल विहा गर्दछन् या विचित्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सारा हाँस्छन् खँडहर गरी जिन्दगीको पवि
बुझ्ने कोही त्रिभुवनविषे छैन हा ! मर्म्म भित्र

(१७)

स्वाहा गर्छन् सुख अनलमा वेद सारा बिगारी।
हाँसो पारी विबुधहरुको सामने शास्त्र भारी।
कीरा सीगा नजर दुइटा बन्द ढुंगा उघार्
मुर्दा पारी हृदय जिउँदो, पत्र काला उघारी

(१८)

यौता साछी दिल चरु हुने यो बिहामा कराल।
छाती फारीकन लगनको ग्रन्थि जुट्ने छ चाल।
आत्मा मारी शव हुइ बिहा गर्दछन् साथसाथ
बत्ती बाली घरभर गरी जिन्दगी दीर्घ रात

(१९)

"आँखा रुन्छन् रुधिर दिलका, बाहिरीमा सितारा।
लिन्छन् छाती सुन तिलहरी, हुन्छ फाँसी हजारौं।
लाई कल्ली रङ रङ चुरी नेल गलफन्दी सा
जान्छौं हामी घरतिर सबै जेलमा झैं अँध्यार

(२०)

काँढा बाँको मरुसरि बनी बैंसका फुल्ल बाग।
झर्रा खाई मुटुभर रुँदा भाव पंछी लिपर
आत्मा मूर्छा तर छ जिउँदो दुःख यौटा सजी
हाम्रो यस्तो करम कि जगत् मूर्ख हो यो अजीब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२१)

भन्दै सोच्दो विहग-नयनी, बाणले बेधिंदामा।
स्वर्णाभाको सुरपुर भजो पंखले उक्तिदामा।
छातीभित्रै कटु सर छिपी तोरमा जिन्दगीको।
पस्ने की झैं नजर दुइकी अन्त्यको बोल बन्थिन् ॥

(२२)

भन्थे, "कस्तो सुहायो शशिवदन अहा! बान्किलो रम्य यारिन्।
तारा-झुंका दिए झैं झलल श्रवणमा रत्नको पानिदार ॥"
कोही भन्थे, "जगत्मा रसरङ सखुकी योसरि भाग्यमानी।
छैनन कोही उज्याली कुसुमसरि कुँदेको छिनोले सुनौला ॥"

कोही भन्थे, "शिगारो अतिकति त यसो हेर ऐना उज्याली।"
आँखा हुन्थे दुवै ती बरबर जलले गाजलै सुध्द फाली।
आफ्नो मुर्दा सजेको मुख अब कसरी हेर्नु भन्ने विचारी।
आत्मा दिन्थ्यो सहारा दुखमय रसिला नेत्रमा टप्प वारि ॥

(२३)

बाँधे चुरोले तब हातलाई।
घुम्टो लगाए कति झल्मलाई।
आत्मा उड्यो "लौन अनङ्ग" भन्दै।
"मारे नि मारे जिउँदै मलाई!"

(२४)

ती यंत्र जस्ती अब तीन हात।
जता लगाए पनि चल्न थालिन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिम्लेर आँखा अब त्यो चितामा ।
नपालिने भैकन हाम फालिन् ॥

(२५)

लगेर राखे सँगमा कसैको ।
"म बेचिएँ" यत्ति लिई बसिन् तो ।
पुरेतले गर्छ दुवै प्रतिज्ञा ।
बेहोशकी भैँ पुतली बनिन् ती ॥

(२६)

विलासको चित्त थियो अरूमा ।
'गिलाँस *' का ती नखराहरूमा ।
त्यो नाच छीटो दुइपाउ चारु ।
छ छं छ छं छं स्वर माधुरीमा ॥

(२७)

"वेकामकी यो न पुलुक्क हेर्ने ।
घुम्टो लगाई निहुरेर मर्ने ।
न चाल छीटो, न छ शब्द मीठो ।
'गिलाँस' हो माखन, यो छ पीठो ॥

(२८)

न नाच्न जान्ने, न त गान जान्ने ।
पहाडिया नन्दरमूर्तितुल्य ।

* गिलाँस नामकी वेश्या ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झिनी, मसीनी, पुतली, कमीना ।
त्यहा छनेछन् म यहाँ थिईनँ ॥”

(२९)

भनेर गौंडेर विलाससिंह ।
पुरेतका श्मश्रु सफेद हेर्छन् ।
बग्गी गरी बाचक वेग घोडा ।
जो हत्पते भै चरु धान छर्छन् ॥

(३०)

त्यो खेतमा जो रहने छ बाँझो ।
साछी बनाईकन देवद्योता ।
विहीन बन्दा सब भाव भित्री ।
न देखिने छन्, बुझिने न यौटा ॥

(३१)

कन्यादान भयो, थिए दुइजना भोका भगत् धर्म्मका ।
पानीदार बिझा गरेर अंगुली जोडीदिए कर्म्मका ।
त्यो सम्बन्ध चसक्क हुन्छ मुटुमा काँढा र गाँठो बनी ।
मुर्दा झैं बिचरी ! मरयौ अब वरी ! वैधव्य भो जीवनी !

(३२)

फाँसी पर्छ गला, अनेकन कला जो शास्त्रका छन् भला ।
पाछन् आज थला त्यसै सब पला त्यो जिन्दगीको खुला ।
ताल्चा लाग्दछ टम्म आज मुटुमा ताल्चा अनेकौं तह ।
कैदी आज अँधेरकी विरहको पर्छिन् अकेला रह !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३३)

यो हो जीवनको शुरू कति अहा ! आनन्दको छन्दको।
सारा बन्द गरी विरोध मनको स्वच्छन्दका गन्धको।
यो जोडा सुखका कबूतर दुवै प्रेमी भए विश्वमा।
दुःखा फेरि हुने कहाँ र कुन हो ? आनन्दको दृश्यमा।

(३४)

धेरै हुन् यिनका सुखी शिशुहरू जोड़ा बनून् शत्रुको।
ठूलो होस् फलिफाप रम्य घरमा डाँढा नहुन् क्लेशका।
यी यात्री दुइ राजहंस जलका आनन्दले पौडिऊन्।
पानी निर्मलमा विशाल सुखका गाना उज्याला हऊन्।

(३५)

स्यूँधो होस् नित लाल, भाल हँसिलो
हाँसी रहोस् कर्म्मसा।
स्वप्ना हुन् सब सिद्ध, गिद्धहरूले
चुच्चो नदी मर्म्ममा।

यो दाम्पत्य विशाल स्वर्गसरि होस्
राम्रा अलङ्कारले।
लक्ष्मीसाथ रमेश हुन् दुइजना
आनंद टङ्कारले॥

(३६)

आशिर्वाद दिऊन् उमापति त्यहाँ,
बस्छन् जहाँ यी दुइ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सारा फूल गुलाफ होस् सुरभिको
काँढाविना बिस्तरा।
मानो भै मधुमालती विटपकी
फुल्दै रहून् सुन्दरी।
साँच्चैको घर होस् त्यहाँ दिल दुवै बस्मान्
जहाँ यो घरी॥

(३५)

मानो सूर्य प्रकाश नै दुइ बनून्
होऊन् शशी कौमुदी।
यौटा चित्त बुझेर चाल दिलको
आर्को गरोस् ढुकढुकी।
होओस् श्वाससमान नै समयको
इन्द्रेनि दोटा परून्।
आँखाबाट बुझेर नेत्र दुइले
आत्मा गृहस्थी गरून्॥

(३६)

दोटा चक्षु बनून् स्वदेश यसमा
हुन् पूर्तिको मूर्ति धी।
दोटा अङ्ग बनून् समस्त सुखका
हून् मेघ सौदामिनी।
यौटा फूल बनोस् सुगन्धसरि होस्
आर्को, पिनी कोइली।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मीठो फेरि वसन्त भैँ उ हुन गै
साथै रहून् यी मिली?

(३६)

कन्यादान छ पुण्यको चरम नै
चूडा भनी भन्दछन्।
के जानूँ ? जसका अनेक दुहिता
वैकुंठ ती बन्दछन्।
लौ यी हेर ! बनेर चूप अहिले
अर्पेर आत्माकन।
स्वर्गतर्फ पुऱ्याउँछिन् जनक औ
माता दुवै तत्क्षण॥

(४०)

पूजा भो सब देवको, सब जुटे
आनंद औ मंगल।
ठूलो साहितमा बिहा हुन गयो,
चित्तै भयो शीतल।
काँढो एक थियो जहाँ हृदयमा
आफैं मऱ्यो त्यो भनी।
आनन्दी मनकी बनेर जननी
गन्थिन् सखी जीवनी।

(४१)

"छोरीको घर भो, वरेण्य वर भो, राम्रो भयो यो बिहा।
भंडैले अरु हात, रात गइथी छ,डूथें त्यसै मै कहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विर्सेली अ बत्यो अनंग, मनले संझी बनी चूप त्यो।
आर्काकी करकी, बनेर घरकी बत्ती छ बस्ने उहाँ॥"

(४२)

भन्दी ती मखना सुकोमलमना आनंदकी संझना।
के बुझिथन् र घना विनष्ट सपना मुर्दापना सत्‌विना।
पीरा आँसु कणा, अँघेर विपना काँढाहरू ती घना।
मुर्दा मौनपना, र ध्वस्त जपना, जो भो नयाँ सिर्जना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नवम सर्ग

(१)

अब तो विचरी चरी भइन् ।
घरको पिजराभित्र दुःखनी ।
सपना वनका खुला गए ।
विपना अश्रु लिई खडा भए ॥

(२)

घर हो वन हो कता कता ।
अथवा हो सुखको महाचिता ।
नभई दिललाइ क्यै पता ।
अब बन्छिन् शव, यंत्र झैं यता ॥

(३)

निल नानि ! भने निलीदिने ।
बस भन्दा अरुले बसीदिने ।
सुत नानि ! भने सुतीदिने ।
नितकी रोदन छन् तिनी भने ॥

(४)

जससाथ अगाडि प्रेमले
मनमा राज्य गरी खुशाउथ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सब विश्व सुखी बनाँउदै
जगतैको मुख नै हँसाउँथ्यो ॥

(५)

अब आज उही हुँदा पर
नलिई चित्त दिएर संभना ।
सब जीवन अर्पणै गरी-
कन आइन् अब काललाइ ती ॥

(६)

पति नाम थिए विलासका ।
रसिला मौज अनेक चाहने ।
हर रोज गरेर ठाँट ती
अरु गुण्डासँग हिंड्दथे कता ॥

(७)

उनको मुख हेर्न नै धक
नित लागी निहुरी दिने त्यसै ।
तिनले पति भन्न चित्तले ।
बहुतै कष्ट परेर भुक्दथिन् ॥

(८)

तर दर्शन एकबारको
पतिको मान लिने मुहारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जब झट्ट मिल्यो, नयाँ घर
उनको भो निशितुल्य आतुर॥

(९)

मुख मन्मथको कहाँ हरे !
उनको चाल र बोल सुन्दर।
उनमा सब रूप वैभव-
हरू मिल्थे. यिनमा हरे ! तर॥

(१०)

सब कर्कशताहरू मिली।
बहुतै रूप थियो असुन्दर।
मुख त्यो सब छ्याकटे थियो।
दुइ आँखा शर झैं कड़ा तर॥

(११)

कति ठाँट र बाँटले गरी।
सुकुले झैं विट बन्दथे तिनी।
कृशकाय, हिँडाइमा पनि
अति ब्याङ्चा, अनि शब्द कर्कश॥

(१२)

दिल शून्य हुने शिलासरी।
अघि राखेर गिञ्याउनाकन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विधिले अब जाल रच्दथ्यो ।
दिलमा दुःख रुवाउनाकन ॥

(१३)

घर एक विरक्त झैं भयो ।
जगतै शून्यसमान फैलियो ।
सपना दिलबाट वैलियो ।
मुटुले मूर्छित भाव नै लियो ॥

(१४)

घर यो बन झैं बनीकन ।
परदेशी सुखसाथ जीवन ॥
मरुबीच बिताउँदी तिनी
अब देख्छिन् दुख मात्र जीवनी ॥

(१५)

घरमा अनि घोर दुर्मुखा ।
जुन सासू जननी समानका
रसनाकन धार लाउँदी ।
दिल छन् नित्य हरे रुवाउँदी ॥

(१६)

ससुरा पनि कानका कम ।
दुइ आँखा पनि बन्द नै भई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनका वशमा बसीकन
नित माला लिइ काट्दथे दिन ॥

(१७)

सब नोकरले निराशले ।
कपटी आइछ भन्दथे त्यहाँ ।
मनको सब मूकता त्यसै
मलिनो रंग बनी सबै गयो ॥

(१८)

कति रोज त अन्नका कणा-
कन गन्दी रसना भिजाउँदै ।
अनिकाल परेर भित्र ती
कृशकाया हुन गै त्यसै उठिन ॥

(१९)

न त स्वाद न ब्याद भो हरे !
सब आफ्ना सपनाहरू मरे ।
अबलाइ बिहा भने गरे ।
तर सारा दिन रात भै मरे ॥

(२०)

न त एक थियो खुशी कुरा ।
न घरै त्यो छ रमाइलो कहीं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दरबारसमान दुःखको ।
बहुतै बन्छ विशाल तामसी ॥

(२१)

बरु कुक्कुरका कुनै सँगी-
हरु बन्छन् खुशले रमाइला ।
बरु कुक्कुर भुक्दथे त्यहाँ
सुखका शब्द बनी सदा खुला ॥

(२२)

तर मानिसलाइ हास्य छ ।
किन हुन्थ्यो सुख जिन्दगी यह ?
सब या परदेश भैं घर ।
विधिले रच्दछ भोगखाँदिर ॥

(२३)

न सँगी न त सौख्य वा खुशी ।
न त स्वामी घर वा मिठास छ ।
न त जीवन फुल्छ प्रेमले ।
न त छाँगाहरुमाथि आस छ ॥

(२४)

मरुतुल्य बनेर जीवनी ।
दशाले घिस्रिन चाल्छ पाइला ।
मृगतृष्णिाक जिन्दगी भयो ।
रुनु नै प्यास लिई सधैंभर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२५)

अब बन्द्छ हेर ! जीवन ।
जबसम्मन् नउडोस् पखेरु यो ।
तबसम्म चिता-समर्पित ।
शव जस्तो नउठी खुशीसित ॥

(२६)

यस बन्धनलाइ छैन नि
जगमा तोड्न उपाय क्यै पनि ।
दुखकी अब ती बडी धनी ।
न त बोल्छिन् अरु साथमा पनि ॥

(२७)

कति प्रश्न गरे रमाइला ।
कति प्यारोसँग सोध्दथे कुरा ।
तर मूक बनी तिनी रहिन् ।
जसको चित्तविषे थियो छुरा ॥

(२८)

"अति यो कपटी मिजाजको ।
पनि पाखे र पहाडकी सुता ।
न त बोल्न न चल्न सौरकी ।
किन यस्तो परिगैछ यो यता ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२९)

जति बोल्न पुकार्न आउँथे ।
सबको यो मत भो सधैं भरी ।
दुखमीन बनिन् तिनी बरी !
जब सासू अति दुर्मुखा थिइन् ॥

(३०)

"यसलाइ सधाउने कुरा-
हरु खोजी अब गर्छु तालिम ।"
यति चित्त लिएर सासुले
अब लागिन् दिन भर्न आँसुले ॥

(३१)

तर तो बिचरी दुखी परी
नित हेर्थिन् दुखले वरीपरी ।
सब फुङ्ग धुलो उडेसरी ।
जगतै जीवनमा परी हुरी ॥

(३२)

जति काम गर्‍यो हुने उति ।
सब उल्टोसँग राहु-सम्पति ।
रिभिने त कुरा परे रहोस् ।
नित बन्ने रिसले बुढी खरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३३)

सबले अब भन्दथे त्यहाँ ।
"किन लाटी यसरी बिहा गर्यौ ?"
अकमक्क परेर हेर्दछे ।
न त क्यै काम सपारिसर्दछे ॥

(३४)

अब नोकर हेर्न थाल्दछन्
र कुरौटेहरू क्रोध थाल्दछन् ।
अनि रच्दछ जाल माकुरो ।
तिलनै बन्छ पहाड झैं कुरो ॥

(३५)

दुनियाँ मरुमा परी तिनी ।
घर भन्ने उपहास बीचमा ।
परदेश गएर बस्दछिन् ।
दुखका आँसु लिई नगीचमा ॥

(३६)

उननिर्ति न हुन्छ जीवन ।
न त केही दिलभित्रको धन ।
दुख मात्र हुने टनाटन ।
शिरमा बज्रिन क्रूर साधन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३७)

कति रोज रूँदै बिताउँदी ।
अति पाखे छ भनी कहाउँदी ।
सुर स्वर्ग दुवै रूवाउँदी ।
न भइन् ती दिल क्यै खुलाउँदी ॥

(३८)

न त माइतमा गए पनि ।
म यहीं बस्दछु भन्दिछन् तिनी ।
घर जानु भने हिंडिन् घर ।
बस भन्दा पनि माइतीतिर
चुपचाप बसीदिने त्यसै ।
न त बोल्ने न लिने कुनै पिर ।
अब यन्त्रसमान चल्दछिन् ।
दिल मूर्छा हुन गै बिभी शर ॥

(३९)

अब जीवनको पसिन् वन ।
जिउँदी हाय ! मरी सकी तर
अब एक विषाद मौन भैँ ।
दिलमा भित्र वरी अरू वर ॥

(४०)

तर यो जगको सबै कुरा ।
गति औ चाल र रीतिले सदा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नित पुष्टि लिई रहोस् भनी।
सब अर्पिन् अब जिन्दगी पनि॥

(४१)

"शवको कुन हुन्छ कामना ?
शवको के छ र भित्र भावना ?
शव मै छु भने जसो गरून्।
म नबोलूँ बरु यो शिरा मरून्॥

(४२)

यदि ईश्वर स्वर्गमा भए।
सुनिहाल्लान् सब यो पुकार नै।
यदि प्राण लिंदैन स्वर्गले
तँ जिएस् भन्दछ देववर्गले।

म जिऊँ शव झैं जहाँतक
विधिको आज्ञ हुँदैन औ हक
नपुगीकन ली सदा धक।
छ यहाँ वस्तु मलाइ ली दुख॥"

(४३)

यति भित्र विचार लीकन।
सब मुर्दा अब गर्दछिन् मन।
"सब सुम्पिदिएँ सबै लिऊन्।
सब मेरा अब भावशून्य हुन्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४४)

गर जे गर गर्दछौ अब ।
म नबोलूँ, नचलूँ, बनूँ शव ।
दिलभित्र रहून् हुँदा रव ।
अब मै मै पनि छैन को तब ?

(४५)

जननीदिलर्निति सुम्पिएँ ।
जिउ मेरो घरमा यहाँ अब ।
हकदार लिऊन् सधाउँ दै ।
सब आफ्ना अब काम लाउँ दै ॥"

(४६)

यस्ता भाव लिई बनिन् मृदुमुखी
सम्पूर्णता–त्यागिनी ।
लाटीतुल्य बनिन् विरक्त मनकी
सासू थिइन् बाघिनी ।
"केही काम न गर्दछे मुख त्यसै
हेर्छे सधैं टुल्टुली ।
बेकम्मा बिनुसौरकी बिनुहिसी
ल्याएछु क्या अल्मली ॥"

(४७)

भन्दै घेर कुरा लगाउन तिनो
बन्दी सिपालू त्यहाँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोरा इड सिकाउँथिन् "अब सधा
हप्काइदे लौ यहाँ ॥"
स्वामीले पनि "यो बिकाम छ" भनी
भन्ने गरी भावना।
लाटी संम्झिन गै गरे अति घृणा।
पाखे भनी बेगुना॥

(४)

यौटीले जब कानभित्र घुइरो
केहा सुनाई दिई।
"तिम्रो घोर घृणा गरेसरि बुझें
त्यो चित्त आकैंतिर
लागेतुल्य छ चाल हेर त्यसको
लाटी कहाँ त्यो छर?"
भन्ने चट्ट सुनी बसे पति गुनी
हेरेर चालाहरू॥

(४६)

देखे मौन रुँदी सँधै पद छुँदी
श्रीकृष्णको तस्विर।
खानैलाइ घृणा गरेर घरमा
भञ्दीसरि क्वै पर।
यस्तो देख्न जलेर ली हृदयमा
अर्को बिहा गर्दछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने भित्र लिएर खोज्न अरुमा
आज्ञा दिए सुन्दरी ॥

(५०)

मैहा मात्र बितेन फेरि जमिगो
अर्को बिहाको रँग।
ती थौरै दिन माइतीतिर गइन्
ती रुन्नथिन् त्यो दिन।
आमाले दृग आँसुका सरसलो
"के भो ?" भनी प्रश्नले।
सोद्धा मूक बनेर नेत्र जननी-
का हेर्दथिन् सुन्दरी ॥

(५१)

"हा, हा भाग्य ! तँलाइ आज यसरी
सौतामिली बस्नु नि !
तेरो त्यो घर दुष्ट रैछ नि हरे !
यो कर्मको खेल हो।
लाटी मन्द कुनै कुनै विरहकी
प्रेमी अनी गाउँने।
कस्तो साहितमा लिइस जनम नि !
के दुःख हो पाउने ?"

(५२)

भन्दै आँसु भरी तिनी नजरमा
हेर्थिन् सुताको मुख।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"मेरो दुःख" भनेर खित्खित तिनी
हाँसी दिइन् सन्मुख।
त्यो देखी पगला भयो मगज वा
के भो भनी शीघ्र नै।
बोलाईकन वैद्य जाँच्नकन उल्-
लाई यसो हेर्दछिन्॥

(५३)

"केही छैन व्यथा, दुरुस्त छ सबै,
राम्रो छ स्वास्थ्यै पनि।
यो यौटा मनबीच आतस पसी
पार्दो बडो रन्थनी।
छाँटा हो पहिलो हुने सकलमा
जो दुःखको चोट हो।
पर्छन् यो जगमा दुखी हृदयका
काँढाहुने बोटमा॥"

(५४)

यस्तो वाक्य गरेर वैद्य गइगो
केही छटाएसरी
देखिन्थिन् अब चालमा नयनकी
हाम्री कुरङ्गी परी।
"जानैपर्छ घरै रिझाउन सबै
आफ्नो बुझी जिन्दगी।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने दी उपदेश दुःख घरमा
छोरी पठाइन् वरी ॥

(५५)

टिंकेकी अब "लौ बिहा गरिदिएँ
तेरो बुता क्यै भए।
सौतालाइ पठा अरूतिर कतै
जा प्रेमको पान्थमा।"
भन्ने भाव गरेसमान अब ती
स्वामी थिए क्रूरता।
केही शब्दविना थपक्क दुखको
लिन्थिन् दुखी कोठरी ॥

(५६)

कोही छैन जगत्‌विषे शिव हरे!
एक्लो छ यो जिन्दगी।
काँढाको पथमा जगत् विपिनमा
आँखा दुवैको झरी।
भन्ने भाव भएर कृष्ण प्रभुको
गर्दै तिनी भावना।
स्वामीको अब मूक छन् घरविषे
तो कालकी कामना ॥

(५७)

"केही गर्नु तँलाइ यो घरविषे
पर्दैन खा भात तँ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आएकी भतुवै बनेर घरमा
पाखे कमी जात तँ !"
भन्दै दुष्ट अनेक छेडहरुले
सासू सधैं घोच्दथिन् ।
हाँसी बस्दछ पागलै मन ब..ी
ती भाव देखीकन ॥

(५८)

यस्तै जीवन भो हरे ! भुवनकी
सौन्दर्यको माधुरी ।
तिम्रो चन्द्रसमान त्यो वदन भो
कालो निशा यो धरी ।
तिम्रा आश मरे, झरे सब मुना
बैंसै उजाडीकन ।
काँढा शेष रहेर जीवन त्यसै
भो दुःखको नै धन ॥

(५९)

केले चित्त बुझाउने शिव हरे !
छाती छ रित्तो रधैं ।
गर्दो ढुक्ढुक दुःखको मुटु जियो
सारा उड्यो जीवनै ।
कोही छैन हरे ! भएर अबला
आज्ञा अरूको लिई ।
वन्नू यो करिया लगाइ फरिया
बाँधी चुरी हातमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६०)

यस्तै कर्म थियो बुझेन जगले
त्यो मर्म नै भित्रको।
केले चित्रण साफ गर्नु घरको
त्यो वेदना चित्रको।
हाम्रो जीवन भन्दछौं जुन कुरा
सो दूर अर्पीकन।
बस्छ्यौ आज न शब्द बोल्दछ कुनै
क्या रुन्छ दुख्दो मन!

(६१)

यस्तै दुःखविषे अनेक अबला
बस्छन् यहाँ विश्वमा।
धेरै आँसु झरे जमीन बिखरे
दुःखीहरूले यहाँ।
फुल्ने फूलसमान एक कविता
त्यो आँसु दाना भिजी।
मेरो यो दिलबाट फुल्दछ उहाँ
त्यो भाव तिम्रो रुभी॥

(६२)

यस्तो जीवनको गरेर बाल लौ
यो छाँटमा यो धरी।
बस्छ्यौ पागल झैं यसै हृदयको
लाटी बने झैं हरि!
स्वामीको पनि भो विवाह अब ता
आर्की भई साथमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छुट्टा बस्नु थियो अलग्ग दिलले
आँखा रुभी रातमा ॥

(६३)

यस्तै जीवन भाग्यले जुन दियो
त्यो आज छ्यूँदी तिमी।
लाटी भैं दुखकोठरीतिर रह्यो
त्यो वेदना मूक छ।
गर्थ्यौ कृष्ण भजेर आँसुहरुले
पूजा तिमी दिन्दिन।
वारंवार भिजाउँथ्यौ नजर ती
छाती उचालीकन ॥

(६४)

यस्तै जीवनको भयो गति हरे !
क्यै छैन यो जीवन।
पृथ्वीमा सब हुन्छ के सकल जो
हामी लिऊँ यो मन।
यो दुःखी भव हो सबै विफल छन्
काँढा यहाँ खालि छ।
केही छैन नि जिन्दगी भनिलिने
यो आँशुको वालि छ ॥

(६५)

स्वामी कृष्ण भजेर नित्य रहँदी
गर्दी सफा भावना।
मानी त्यो परदेश जो घर थियो,
छुट्टा बनेकी मुना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यागी सर्व जगत् सिंगार यसका
आफैं भजी पार ती ।
गर्थिन् ती प्रभु कृष्णको, ज्वलनले
संसारको आरती ॥

(६६)

यस्ता रोज बिते अनेक घरमा,
"बन्छे सधैं धर्मरे ।
छाडी काम विकासकी वनचरी
दुःखी बनी मर्मरे ।"
भन्ने भो जनमा त्यहाँ अब, तिनी
हल्ला नसुन्दी कुनै ।
आफ्नो जीवन धूप वासहरुले
पुज्थिन् सदा कृष्ण नै ॥

(६७)

कोठा मन्दिर झैं बन्यो दिन दिनै
भ' श्वास नै चामर ।
घण्टा भो मुटु, स्तब्धता हृदयको
बन्थ्यो तपस्या वर ।
वारंवार उठी सजीव दिलका
आँखा बहाईकन ।
" हे ! हे कृष्ण ! म पाउँ मुक्ति जगमा "
भन्दी तिनी पस्थिन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६८)

सारा विश्व रहेछ एक छल यो
यौटा महान् वंचना।
यो झूठो जगमा असार सब छन्
क्यै छैन सद्भावना।
खोक्रो हास्य वसुन्धरा अनलले
भर्दा सधैं वन्ति।
हाँस्छिन् नित्य अनेक रंगहरुमा
यस्तै छ यो जिन्दगी!

(६९)

यस्ती ती मनका तरङ्गहरुको
फर्काउँदी छन् गति
श्रीकृष्ण प्रभु पाउतर्फ, अब यो
छाड्री जगत्मा रति।
सारा चित्तविषे हुने सब नदी
जो छन् विचारादिका।
भन्ने सागर झैं बनाउन छदी
ती मुक्तिकी भावना॥

(७०)

धेरै रोज विते न अन्न जलको
क्यै स्वाद पाईकन
बस्थिन् ती घरमा, न वास घरको
हुन्थ्यो त्यहाँ क्यै क्षण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मा सुन्दर त्यो उडेर चिडिया
जान्थ्यो किनारातिर
स्वर्गैको, सब जिन्दगी अवनिका
देखेर व्यर्थैं तर ॥

(७१)

यस्तो जीवनको गरेर गति ती
सुन्दा जगत्को कुरा ।
अर्कै दिव्य वसन्त झैं हृदयको
भित्थिन् नयाँ आँकुरा ।
आफ्नो जीवनमा गरी दृढ त्यहाँ
विश्वास बस्थिन् तिनी ।
आत्मालाइ पठाउँदी गगनमा
पर्खेर बस्ने भनी ॥

(७२)

जो आफ्नो मनको थियो नृपति झैं
गादी लिने संझना ।
लाई ताज समस्त विश्व सुखको
आनन्द सत् भावना ।
त्यो आफ्नो नभपर दूर रहँदा
सड्दा सबै जीवन ।
आशायुक्त भई विरक्त मनकी
खोज्थिन् सदा कृष्ण नै ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७३)

"स्वामी एक मलाइ छैन अरु कवै
तो छन् जगत्का पति।
स्वामी आखिरमा सबै हृदयका
वैकुंठका हुन् पति।"
भन्दी ती दुखकी प्रकाश रसिली
पुग्दी महान् उच्चता।
भज्थिन् स्वर्णप्रभाततुल्य अरु नै
स्वर्गै लिने जीवन॥

(७४)

यस्तै भाव उठी हुरी हृदयको
झन् ।म्य बन्दै गयो।
सारा बादलमा दिनै दिन परे
श्रीकृष्ण ज्योत्स्ना-धनु।
ती चढ्छिन् अब विश्वकंटकहरू-
का शैल उल्लंघन।
गर्दा दुःख अनेक भित्र दिलका
श्रद्धा बढाईकन॥

(७५)

जो हो रोग वियोग शोक जगको
त्यो खालि हो वंचना।
यौटा भ्रान्तिसमान, छैन त्यसमा
क्यै सारको संझना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी हुन् श्री प्रभुका समस्त दिलका
आनन्द चेतावनो।
दुःखैको जलबाट फुल्दछ ावै
रंगो जगत् जीवनो॥

(७६)

भन्ने भाव बढेर ती नजरले
क्यै देख्न लागिन् अब।
जो ज्योत्स्ना बदली तथा तामरको
यो विश्वको पार छ।
केही खुल्दछ कृष्णको मधुरता
ज्योत्स्ना अनौठा लिई।
स्वप्ना औ विपना दुवै निकटमा
ल्याएर छाईवरी॥

(७७)

जो आफ्नो दिलको थियो प्रिय बन्यो
त्यो मूर्ति झैं कृष्णको।
त्यस्ता कृष्ण अनन्त सुन्दर भए
छाई जगत् विश्व यो।
ती सारा मनमा मिलेर सबका
यौटा बन्यो सच्छवि।
यौटा अमृत भाव सागर महान्
जस्तो नदेख्ने रवि॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७८)

यौटा विश्व विराट् सफा अमृतका
फैलाउने झैं छवि।
यौटा निर्गुण रूप झैं तर सदा
आनन्द झैं झलमली।
तारामा रविमा शशी गगनमा
ती शैलमा शालमा।
हावामा, द्रुममा, सबैतिर हुने
भर्ने सुधा जीवनी॥

(७९)

त्यस्ता सुन्दर ती अनङ्ग प्रभुका
आभास मीठा सब।
झल्के झलमल भै जतातिर तिनी
हेर्थिन् लिंदै आसव।
रूपै रङ्ग निभे सबै जग बने
व्यक्तित्वले हीन झैं।
ती देख्थिन् दिलचक्षुका अघि सदा
ती विश्वका द्योतक॥

(८०)

यौटै भो तब रूपरङ्ग सबको
स्वामी बने एक नै।
यौटै सुन्दरता समस्त जगको
नाची उड्यो भेद नै।
सारा जात जमात बात सब नै
यौटै बने माधुरी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तो सारा अनगिन्ति सुन्दर हुना
मा झल्किए झन् हरि !

(८१)

यस्तो जीवनले अनेक रङमा
देख्थ्यो नयाँ सम्पति ।
यौटा मात्र भई हजार अब छन्
ती दुःखिनीका पति ।
साथै नित्य भएर ती अब रहे
मीठो सदा स्पर्शली ।
आनन्दी मनका बनी भुवनकी
रानी बनिन् श्रीमती ॥

(८२)

सारा गो, अब चेहरा छविभरी
भो जीवनै जागृत ।
झल्क्यो झल्झल नेत्रमा छवि-सुधा
आनन्द मीठोसित ।
ती बन्छिन् सुखका अनन्त सुषमा
जस्ती उज्याली अब ।
देख्दी निन्दित सर्व यो विषयका
मैला हुना वैभव ॥

(८३)

स्वामी ती जगका जसै घर पसे
सारा विशालै घुम्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सारा सुन्दरता समस्त धन नै
रयो स्नेहभित्रै पर्‍यो।
बैलो रङ्ग र रूप दुःखहरूका
रेखा न देखिछन् तिनी।
देखिथन् हेर भन्याङमा पनि सदा
सोपान नै स्वर्गको॥

(८४)

आफ्ना झ्याल बने अनेक रङ्का
हावाहरू स्वर्गका।
आई वास दिने मिठासहरुका
राम्रा प्रभावी बनी।
शोभाले दिनको सफा उदयमा
त्यो स्वर्ग क्या खोल्दथ्यो!
कस्तो सुन्दरको दिई खबर ती
डुब्थे बिदामा रवि!

(८५)

यस्तै भाव विचित्रका अब बने
ती भित्रका सुन्दर।
मानिन् त्यो घर नै विशाल प्रभुको
आनन्दको मन्दिर।
साराका अब चेहराहरु बने
श्रीकृष्ण मुस्कान झैं।
बन्छन् दुष्ट कुरा दिने मुद्ध छुरा
आनन्दका धार नै॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(८६)

यस्तो सुन्दर भावले नित रमी
झुल्दी तिनो गाँउदी।
कैले बर्बर भै रुँदी तब हुँदी
आनन्दले गद्गद।
बस्थिन् भाव हुँदा छिटा पयरका
छाती छुने सुन्दर।
दुःखी त्यो कमरा भयो अब त्यसै
आनन्दको मन्दिर॥

(८७)

यस्ती भै जब ती रमिन् मनमनै
बिर्सी र.बै जीवन।
सारा रूप भुलेर स्नेहहरुका
दुःखै हटाईकन।
भन्ने जो मुख छन् "गईं, अब गईं"
भन्थे "छुँटाईकन॥"

(८८)

कैले सुन्दर भावका रसहरू
आँखा भिजाईकन।
बस्थिन् ती पगलीसमान घरमा
होशै उडाईकन।
ठाटो नेत्र लिई अरूअघि खडा
छाती कँपाईकन।
स्वामी लौन भनेर गद्गदमना
बास्थिन् रुँदी छिन्छिन॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(८९)

यस्तो चाल भएर के हुन गयो
आश्चर्य के हो भनी।
सोच्थे भित्र सदा विलास घरमा
"के यो छँटाई ?" भनी।
साराले पगली बनी अब भनो
ठट्टा र हँस्सी गरे।
ती हँस्सीहरु कृष्णका वचन झैं
ती कानमा झन् परे॥

(९०)

सारा दुःख फुल्यो, झुल्यो भुवन नै
आनन्दका भै वन।
होशै नित्य उडाउँदी तब रुँदी
उन्मादले दिव्य ती।
जो जो हार थिए बनाउन ..की
छातीविषे हार झैं।
प्रेमैको अब जिन्दगी लिन गइन्
जो दिव्य हो पूर्णता।

(९१)

यस्तो जीवनमा रमी नित घुमो
श्रद्धाहरूका वन।
खोल्थिन् पुष्पसमान ती हृदयमा
भावादि नै नूतन।
सारा ज्ञान खुल्यो फुल्यो मरु सबै
बास्ना अनौठा चले।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बल्दी दिव्य मुहारको अब तिनी
तेजी बनिन् सुन्दरी ॥

(६२)

देखी दिव्य मुहारको छवि छटा
तेजी उज्यालोपना।
"राम्रोबीच बयानको छ तर यो
विग्री छँटाईकन !"
भन्थे त्यो घरमा सब, तर तिनी
सौन्दर्यवाली थिइन्।
सुन्दी नित्य कथा सबै कुसुमका
छातीहरूका व्यथा ॥

(६३)

बोल्थे शैल पहाड निर्भर नदी
बोल्थे नबोल्ने कुरा।
पंछी दिव्य लिई सधैं खबरका
स्वर्गीय मीठोपन।
आई शब्द गरेर कल्कल र हाँ
दिन्थे उडाई मन।
वर्षा बादलका पछाडि छ भनी
बासन्तिकी नन्दन ॥

(६४)

छोटो ताक र कुंचित प्रकृतिकी
पृथ्वी थिइन् जो तिनी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानो होश दिने सुदिव्य परको
आनन्दकी जीवनी।
सारा नित्यहरू अनित्यहरुले
ल्याएर चेतावनी।
मानो गोल बनेर विश्व हारियो
छन् स्वर्ग छायामनि॥

(६५)

कोहीं सुाथ थिएन दिव्य रहमा
मानो सुनौला तिनी।
यौटी सुन्दर आँसुदार गिरिका
चूडाविषे रुन्भुनी।
पंछीका दिलदार तारहरुमा
बास्दी अनौठा स्वर।
बारीबीच गुलाफकी प्रभुजिकी
श्रद्धालु बन्छिन् सुर॥

(६६)

यस्तै जीवनका तरंगहरुले
मीठा लिए रंग र
तेजी कल्पितता प्रकाशमय भो
छातीभरी तस्विर।
बुझ्ने हाय! थियो र को जगतमा?
सारा छँटाई भनी
गर्थे हास्य सदा मुहार उनको
देखेर जान्ने बनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(९७)

बिजुली नामकी छोरी, कर्णेलको विधवा थिइन् ।
बराबर तिनो आई उनका साथ बस्दथिन् ॥

(९८)

कुरा त पहिले थोरै हुन्थ्यो ती गहु काउँथिन्
सुलोचना त्यहाँ बोल्न, तर ती नित्य आउँथिन् ॥

(९९)

चरित्र भ्रष्ट छन् भन्ने घुइरो बात फैलई ।
सबैका दिलमा लुक्थ्यो, बेपर्वाही बनी तिनी ॥

(१००)

"आफ्नो मौजमजालागी वश्यको सुखनिंतिमा ।
जे गरूँ मनले मैले मेरै आनन्दनिंतिमा ॥"

(१०१)

भन्ने भाव लिई बस्दी बेपर्वाह गरीकन ।
जाल मात्र बनाएर बिजुलीका बिते दिन ॥

(१०२)

विधवा ती थिइन भन्थिन, 'मेरो पनि यहाँ हक
बैसको जिन्दगीको छ ! मलाइ पनि के धक ?

(१०३)

राम्रो सुन्दर बैंसालु युवा देखेर नेत्रले
इशारा दिनु नै हाम्रो" तिनी "प्रकृति" भन्दथिन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१०४)

राम्री गोरी तिनी यौटी पहिली पानिदार छन्।
तर त्यो जिन्दगी खोक्रो हुँदा सब्र बहार छन्॥

(१०५)

माइतैमा बसी आफ्नो गाना ताना लिंदी सदा।
सिंगारहरूले राम्रा शोभा भर्थिन् मुहारका॥

(१०६)

आफ्नो रहर जो बैंसे नपाएकी भनीकन।
आमाले हुगकी तारा छोरीको दिन पोषण
सधैं तयार बन्नाले छोरी मोजमजासँग
आफ्नो जीवनको लिन्थिन् लहडी मौजको ढँग॥

(१०७)

गाना गाउनकी मीठो सिपालु सुरिली स्वर।
तिनी बाग बसी बोल्थिन् चिडिया सुन्दथे तर॥

(१०८)

तिनको जिन्दगीलाई मेट्न खोज्यो निराशले।
तर ती बलियी बाङ्गी ज्यूँदछिन् नव्य आसले॥

(१०९)

प्रेमको रसिलो दूना बैंस खोज्थ्यो सधैंभरी।
आँखामा चंकियो बैंस फुलाई अंग वल्लरी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(११०)

भाउज्यूको त्यहाँ देखी अनौठा चाल ती तर।
के भएछ भनी सोच्दी जाँच्न लागिन् यसो वर ॥

(१११)

यसी बातहरू गर्दी परीक्षाका मुहार ती।
देख्दथिन् नेत्रमा दोटा कृष्णको नित्य आरती ॥

(११२)

अंग्रेजी पढ्दथिन् आफैं बिजुली, जिन्दगी हुँदा
बेकामको सधैं रित्तो दिलले वयै नपाउँदा ॥

(११३)

अब निक्कै पढी लेखी विचार मनका पनि
आफैं रंग लिएको ती बनिन् जीवन कामिनी ॥

(११४)

तर ती भाउज्यू जेठो त्यस्तो चाल लिंदीकन।
के भएछ भनी जाँच्न साथ बस्थिन् सबै दिन ॥

(११५)

चेहरामा बुझी चाल कृष्णकी भक्त यी किन
बनिन् भनी विचारेर छामिन् मुटु बसीकन ॥

(११६)

प्रश्न गर्थिन् अनेकौं ती थोरै बोल्थिन् उनी उता।
तर ती शिक्षितालाई चांडै भो मुटुको पता ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(११७)

"प्रेमभित्र फसेकी यी कसैको करको घर
पाएर अब छन् भक्त नमिल्ने कृष्णखातिर ॥"

(११८)

भन्ने बुझेर बिजुली जाँच गर्थिन् सधैंभर।
देख्थिन् नैराश्यका आशा बनेका कृष्ण सुन्दर॥

(११९)

उनी भन्थिन् "मेरो हृदय सब रित्तो हुन गयो।"
उनी भन्थिन् "मेरो हृदय अब भित्तो पुगिगयो।"
जरामा दौंटैका विकल छ दुवै ओट कुसुमी।
फुले बन्दै दोटा कुसुम, तर यो सौरभ कमी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दशम सर्ग

(१)

तिमिरमर्दन भेट्न भनीकन ।
अब गए घरमा बहिनी कन ।
"बहुत दुःखित छन् मनमा तिनी
अलि छुटाउँदछिन् पनि रे!" सुना।

(२)

हृदयबीच व्यथा बहुतै कडा।
हुन गईकन आज वियोगिनी।
मरणको घरमा रहँदी तिनी।
मगज खल्बलिएछ कि क्या ?" भनो ॥

(३)

मनमनै जनका मनका कुरा-
हरु विचार गराकन रिक्त ती।
कुल र इज्जतका सब झाकुरा
अनृतजाल लिनेसरि देख्दथे ॥

(४)

सडकमा सब मानिस चल्दथे
भडकमा कुल इज्जत मानमा।
सकल रङ्ग थिए कति झूठ ती!
प्रकृतिमा छ विरोध त्यहां कति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५)

सकल यंत्रसमान अजीव छन्।
हृदयशून्य बनीकन फिर्दछन्।
धन भनीकन जो सब भज्दछन्।
विषसमान बिगार्दछ जीवन॥

(६)

कति त नाक त्यसै नक्षमा दिने।
कति छ लोचन शून्य र चम्किने।
पयरका सब रङ्मग झैं हिंडो।
सुख तिरोकन दुःख समाउँथे॥

(७)

न त छ ध्येय कुनै न त चाख छ।
प्रकृतिमा, न त जीवनमा रति।
दिन दिनै सब व्यर्थ यता उता
गफसमान थिए त्रिनुसम्मति॥

(८)

कि त लुगाहरुको नखरो कतै।
नयनज्योति लगाउँछ बैंसमा।
कति नवाब छ थोर भई धन।
हृदयशून्य विलास र ऐशमा॥

(९)

सकल साबुन दूध मिठाइ हो
अझ भनेसरि धेर पहाडिया।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घिउ गह्नाउँदछन् र धरोधर्रा।
झिलिमिली पुरभित्र बहाडिया ॥

(१०)

न त छ रङ्ग न ध्येय न भाव छ।
न त सुसंस्कृत सभ्य स्वभाव छ।
अति सुधा वसुधाभर रङ्मग।
पथिक छन् पथमा स्वदिशा लिने ॥

(११)

सकल झूठ छ मोल र जिन्दगी।
बहुत कुंचित मार्ग लिईकन।
पसल झैं जगमा नित किन्दथ्यो।
बहुत भ्रान्ति झिलीमिलि देखिने ॥

(१२)

न त पुराण थियो रंग सुन्दर
सब गुमेर गईकन दिव्यता।
न त थियो नव सिर्जनको कला।
न त छ मौलिक सुन्दर नव्यता ॥

(१३)

हृदय रिक्त अनेकन ती जन।
सब चलेसरि शून्य भईकन।
सकल यंत्रसमान यता उता
सडकमा सब रङ्मग देख्दथे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१४)

बहुत दिक्क भईकन सोच्दछन्।
मधुर होश मिही मसिना कुरा।
हृदयका मृदुभाव र मूल्यका।
अभ्क पलाउनका नव आँकुरा॥

(१५)

सब अभाव अपूर्ण समाजका।
सकल भ्रान्तिहरू जन माभ्का-
हरु विचार गरीकन हिंड्दछन्।
मिरमिरी त्रिपुरेश्वरमा फिका॥

(१६)

लहर आउँछ धेर विचारको
नव भरूँ सपना मनको भनी।
हृदयमा उनलाइ असुन्दर।
सब जगत् हुन गा रविका मनि॥

(१७)

घर बनाउन नै सब तो अभ्क
कति जुगान्जुगसम्म विचारले
जग जगाउनसम्म अजान छन्।
अभ्क कला तर दूर अजान छ॥

(१८)

यति विचार गरीकन ती हिंडे।
मन विषाद भरी पथमा गरी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घर पुगे अब तो बहिनी जहाँ।
बहुत दुःखित छन् बिचरी बरी॥

(१९)

तटनजीक पवित्र प्रवाहको।
सलिल शुद्ध सलीज्ञ प्रवाहिनी-
उपरको घर एक थियो कुनै
कुसुमवेष्टित ज्येष्ठप्रवातमा॥

(२०)

जुन उँचा परखाल वरीपरी।
वनगुलाफ फुलेर थरीथरी।
कुसुमको वनतुल्य छ भानको।
विपुल द्वार लिईकन मानको॥

(२१)

मुख छ पूर्व, प्रवेश छ सुन्दर।
कुसुमका गमलाहरुले सजी।
छ लहरा जुन नित्य हरा बनी।
उपर चढ्छ समात्दछ भित्तिका॥

(२२)

तब भर्याङ चढेर घुमाउरो।
तिमिरमर्दन माथि पुगे तिनी।
सकल कोष्ठ हवालु फराकिला।
सलिलका तटनेर सुशीतल॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२३)

बहुत सुन्दर बैठकमा पुगे।
मखमली कपडा भुइँमा भरी।
विपुल दर्पणदार फराकिलो।
सब विलास सिंगार सफा भरी॥

(२४)

तब विलास त्यतातिर आँउछन्।
दुइजना अनि भेट गरीवरी।
समय थोर बसे त्यस ठाउँमा।
तर कुरा न खुलस्त गरी भयो॥

(२५)

मुख मुखै दुइटा अलि मौन भै।
नजरबाट परीक्षित बन्दथे।
तिमिरमर्दनको अघि लाजले
निहुरिंदो शिर हुन्छ विलासको॥

(२६)

तिमिरको मनमा अब भाव यो।
वदनबाट परीक्षित आउँछ।
निहुरिंदो मुखबाट विषादको।
"दुइजना घरमा अति दूर छन्॥

(२७)

छ मुखको जुन यो यति छ्याकटे।
सुकृशकाय बनौट न ढक्कको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नित विलास भजी दिल रंदिदो।
कुल र इज्जतले कति छानियो?"

(२८)

यति विचार गरे "दिल शून्यको।
बहुत क्रूरपना व्यवहार यो!
न दिल बुझ्छ न बुझ्दछ पाप नै।
बहुत ठाँट गरीकन झूठ यो!

(२९)

यदि कतै करिया घर ल्याउने
मन भए किन गर्छ विवाह यो?
घरविषे अबलाकन के गला-
कन कटाउन ल्याउँछ एकलो?

(३०)

मन मिलेन भने पनि सत्वर।
'गर तिमी म त छोड्छु अरू घर।'
यति भनी अमलेख गराउन।
पशुहरूकन मुश्किल आउन॥"

(३१)

यति विचार गरीकन मर्दन
तब उठे, मुख थोर मलीन भै।
"म बहिनोसँग भेट्न भनी यता-
तिर हिंडे" विनयैसँग भन्दछन्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३२)

तब उठीकन नोकर डाक्दछन्।
तब अह्राउँदछन् उसलाइ ती।
"तँ गइ भन् सुसुपालकहाँ अब
मिलन आउँदछन् भनि माइती॥

(३३)

तब "अबेर भयो म हिंडें" भनी
त्वरित अत्तरको जल छिड्किंदा
पशु विलास गए जब बाहिर।
तिमिरको दिल भन्दछ "यो वर।
कुसुमसाथ विवाहित कंटक।
निशि र सूर्य मिलाउनको हक।
सब असुन्दर सुन्दरतासँग।
निगम आगमले छ विवाहित॥"

(३४)

यति हुँदा तब नोकर आउँछ।
उससँगै बहिनीतिर हिंड्दछन्।
जुन, मिलीकन दक्षिण कोठरी
बहुत अल्प, थिइन् रहँदी बरी॥

(३५)

जब पसे तब दिव्य मुहारकी।
कुसुम-सज्जितकेश थरी थरी।
धन हुँदी विधवाऽऽकृति माधुरी।
बरबरो दृगले रहँदी झरी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३६)

बहुत दुःखित भै पृथिवी-परी।
सदनकी सुरकी रसिली परी।
छवि मनोहर साँझविषे झरी।
विपिन-पुष्प सिंगार लिंदी बरी॥

(३७)

चपलता दिलको कुसमाङ्कको।
सब ढिलो हुन गै दुख माधुरी।
निशिसमान रुँदो अब एकलो।
पवन्-स्तब्ध हुँदी बिचरी बरी॥

(३८)

मधुर होश फिरीकन कै चरी।
पवनमार्ग हुँदा वनकी सखि।
विपिनको सुखले स्मृति-सुन्दरी।
मृदु विषाद थिइन् वदनाऽऽवरी॥

(३९)

कुसुम झैं निशिकी स्मृति प्रातको।
सुरनिकेतनबाट कतै झरी।
प्रथम शब्द लिंदो खग सामुमा।
बरर र्दे बनिन् हृदयाऽधरी॥

(४०)

विपिनकी दुहिता मृदु मारकी।
मृदुल रव सुकोमल भारकी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हृदयकी अति सुन्दर अप्सरा।
जटिल पिंजरबीच कठै बरा!

(४१)

कति रुँदो छ हरे! दिल कोमल।
कति छ करा हरे! पलको पल।
अब झरेर सबै तर ती जल।
सकल श्रावणकी बिजुली थिइन्॥

(४२)

तिमिरमर्दन सामु खडा भए।
नजर टलपल भै जल देखिए।
हृदयका दुख झलमल लेखिए।
गह्भरी जलले बाहनीअघि॥

(४३)

जुन छ नास्तिक सो छ सुकोमल।
सकल पूजन चिर्दछ हा! दिल।
कति वक्षोस् र कता अब यो जल?
गह रुमाल लिईकन पुछ्दछन्!

(४४)

नजरबाट झरे कतिका कण
मृदुल चारु कपोल बनाउँदै।
विरहका खहरेहरु रेलिंदा।
जल गुडोकन मात्र उछालिदा!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४५)

किन म कारण संभन्न सक्तिनँ।
किन त्यहाँ तर के हुन गै मन।
नयनको जल ती सहसा उठिन्।
तिमिरमर्दनलाइ अँगालन।

(४६)

हृदय धुंक्क भयो र घुँघुँक्क भै।
अब भरिन् सब बादलको भरो।
जिउन अन्य मिलेसरि तत्क्षण
तिमिरको दिलमा दिल पोखिन॥

(४७)

तब बसाउँदछन् तिनलाइ ती।
तिमिरमर्दन एकहिं माइती।
भलहरू जलका गहका पुछी।
"नबन हा! बहिनी दुखिनी" भनो॥

(४८)

तर दुवै दृग गर्न निमीलन।
दिल हुँदी दुखचित्रण तो नुहिन्।
प्रभुजिको अब चित्रनजीकमा
शिर दिईकन घोप्टिन गै रुँदो॥

(४९)

हृदयलाइ बुझाउन मर्दन
हृदयले नसकेर रमाउले।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गह दुवै अब छोप्न घुँघुँक भै।
हृदय उल्टिन छन् अब तत्पर!

(५०)

तर पुछीकन आँसु तिनी वसे।
शिर दिई पदबीच सुलोचना।
प्रभुजिको पदमा मन पोख्दथिन्।
न भनिने न रुने दृगभावना॥

(५१)

'उठ' भनीकन भन्न तयार ती।
हृदय कंठ पुगी अवरुद्ध छन्।
समय गो बहुतै त्यसरी बसी
तब त्यहाँ बिजुली पनि आउँछिन्।

(५२)

"किन त्यहाँ? अब भो! उठिबक्सियोस्!"
स्वर दिई बिजुली पनि बक्दछिन्
निकटमा तब ती दुखकी परी।
गह भरीकन सुस्तरि उठ्दछिन्॥

(५३)

"बहुत भक्ति भरीकन आँसुले।
नित उनैसित बस्नुहुँदा यहाँ।
व्रज विभूषणकी वनगोपिनी-
सरि सबैकन छन् घरमा यिनी॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५४)

यति भनीकन मर्दनको मुख।
मधुर लोचनबाट निहारदी।
जल भएसरि देखिन गे अलि।
कति सुकोमल हृत्कलि झैं भइन्॥

(५५)

"किन र के हुन गो र यहाँ अब।
जल भरीकन लोचनमा दुइ
रहनुभो यसरी ? किन बन्दछ
अधर आज फिका, मुख मन्द छ ?"

(५६)

यति भनी बिजुली मुख हेर्दछिन्।
सुनयनीकन खातिर गर्दछिन्।
तब उठाउँदछिन् रसिला कुरा।
तिमिरमर्दनको मन हर्दछिन्॥

(५७)

"मृदुल ती विधवा अति रूपकी
कमल कोमल सुन्दर बाहु ती
बिनुचुरी, दिलकी जलकी परी।
निकट ऊषित छन् नव माधुरी॥

(५८)

उर छ पुष्ट न प्रेम रह्यो त्यहाँ।
वदन मिष्ट छ, दुष्ट भयो जगत्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विधि छ रुष्ट सुपुष्ट कपोलमा।
मृदु गुलाफ लिने वनफूलमा॥

(५९)

नजरमा छ सिहीन ए जीवता।
चमकदार मिठास र मोहनी।
तर फुटी दुइ नेत्र यसै उता।
विरहकी विधवासरि छन् यिनी॥

(६०)

कुसुमकोमल गाथ छ रंगको।
मृदु गला छ कला छ विहंगको।
मृदुल यौवनबाग अनंगको।
नजरमा सपना छ तरंगको॥

(६१)

तर रुँदो दिल प्यास लिंदो सदा।
हृदय रिक्त भनोकन सर्वदा।
मृदु शिराहरु रम्य सजीव छन्।
नव सुरा भरिईकन बैंसका॥

(६२)

तर छ जोवन कंटकको वन।
रँग लिंदै छ रुँदै मृदु यौवन।
मधुर मारिसन जान्छ सुयौवन।
नित बनी जलका रहका कण॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६३)

सब छिपाउँनुपर्दछ भाव ती।
विपिनको नवपुष्पित मालती।
जटिल छन् जगका सब जाल ती
हृदयमा मृदु प्रेम सुहाउँदो॥"

(६४)

यति विचार गरीकन मर्दन
मधुर त्यो मुखलाई निरीक्षण।
समय थोर गरी भुइँमा झुके।
मलिनता दिलका मुखमा फुके॥

(६५)

अलि विचार गरीकन जाँचनको
हृदयलाइ सिपालु बिजूलि ती।
"हृदयदार रहेछ कुनै जन
भुवनमा रसिलो मनमोहन।"
यतिकुरा मनभित्र विचार्दछिन्॥

(६६)

नजरबाट मलीन पुकारको
मृदुल संस्कृतभाव रलाँल्दी।
"हृदयमा अलि कोमलता लिने
रस छ?" प्रश्न गरीकन हेर्दछन्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६७)

तब कुरा रसिली सुरिली गला
तिमिरमर्दनका अघि गर्दछिन्।
"हृदयकी अबला सबका पला
जल जलै दिनका अघि झार्दछन्॥

(६८)

मृदुलता जल नै नित दाइजो।
हृदय रुन्छ सदैव भजो हिजो।
निठुरता जगको सब खिच्दछ।
कमलकोमल जीवन - वासको॥

(६९)

पवनभित्र विलाप भरी भरी।
हृदयले रुन आउँदछन् सब।
समय चोर्छ सुवास रमाइलो।
मरुविषे मुरझाउँदछन् तब॥

(७०)

हृदयको नहुने मृदुकामना।
सफलसिद्ध कतैतिर भावना।
जिउनु साउनका घन झैँ घना
नित भएर रुवाउँछ संझना॥

(७१)

किन नबन्नु हँदै तब पागल!
सकल भावहरु मुटुमा बसी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विरह-ग्रन्थि बनेर, प्रतिक्षण
नित उचाल्न दुख। पवनैकन ॥"

(७२)

यति भनीकन ती मुख हेर्दछिन्
तिमिरमर्दनको रसिलो गह।
तब बुझाउँदछिन् मन दुःखको।
"रुनु हुन्न नवयौवनले" भनी॥

(७३)

"तब विचार गरेर सबै कुरा।
हृदय विद्ध भई मृदु प्रेमले
सरस जीवन आज नयाँ लिंदी।"
तब भनिन् "बहुलाइ बनिन् रुँदी॥"

(७४)

यति भनी बिजुली तब थप्दछिन्।
"सकल कृष्ण प्रपूजक भाव छ।
हृदयका दुखका अत्र कुंठित।
भर लिने मुटुभित्र उपासना॥"

(७५

तिमिरमर्दन छक्क बनी गमे।
सब कुरा, उनका मुखका सुनी।
तब यतातिर फर्किन गै तिनी।
वदन ती बहिनीतिर जाँच्दछन्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७६)

कुसुम जंगलका शिरमा धरी।
विविध रंग भरीकन कंटक।
वसनको पनि याद नगरीकन।
हृदय स्वर्ग पठाउन खोज्दथिन्।

(७७)

"तर यसै गर दुःख निभाउन।
गर सदा परमेश्वर अर्चन।
हृदयमा सुख राख" भनीकन।
तब उठे दुखका गह, मर्दन।

तर रहिन् गहदार सुलोचना
न त उठी न बसी घरमै त्यहीं।
"जति भने पनि लौ! जगका कुरा।
सकललाई म गर्छु" भनो, "सही॥"

———

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकादश सर्ग

गृह अत्याचर

(१)

गर्भाधान हुँदा हाम्री बिजूली विधवा तर
आमाको प्रेमकी छोरी सुन्दरीजलमा गइन् ॥

(२)

आग्यो नोकर गुंडो त्यो जो थियो कर्मकोविद ।
गांगु गरी मुमाद्वारा सुन्दरीजलमा गइन् ॥

(३)

भागिन् भन्ने भयो सारा,
घर माइतमा दुवै ।
भ्रष्टा उल्लू थिई भन्ने,
कुरा गर्थे मिली सबै ॥

(४)

सुन्दरीजलमा मोटा
ड्यापु जो ब्वानु नामको ।
थियो पर्णकुटीभित्र
मोही कर्णेल् प्रतापको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५)

उनलाई बुझाएर
कुरा सङ्कष्टका सब।
ठेके र महिनावारी
हेरचाह पुऱ्याउँथिन॥

(६)

कबूलले मुमाद्वारा
सुन्दरीजल ती गइन्।
झोपडी एक सानो भो
तयार दिन एकमै॥

(७)

सुन्दरीजल माईको गर्छु
दर्शन आज म।
भनी आमा र छोरी ती
बन्दोबस्त मिलाउन॥

(८)

गए मोटरमा आज
भोलिपल्ट त अल्पिइन्।
छोरीचाहिं सबेरै नै,
ठूलो खलबली गरे॥

(९)

प्रतापसिंह कर्णलले
अन्धो माला जपीकन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर क्यै याद पाएनन्
संझे "छो ी गइन् घर ॥"

(१०)

छोपछाप गरी सारा
कुरा ठिक्क मिलाउँदी ।
कर्णाल्नी भन्दथिन् "भागो
कलकत्ता कसैसँग ॥"

(११)

बिजूली जब निस्केर
गइन् हाम्री सुलोचना ।
एकली भै सधैं कृष्ण
भनी रुन्थिन् र हाँस्दथिन् ॥

(१२)

सासूले पगलो भन्थिन्
ठुंग्थिन् वचनले कटु ।
सौता अब त्यहाँ लागिन्
जालिया, नामकी 'पटु ॥'

(१३)

देवताहरुका पाला-
देखिन् सौता छ दुश्मन ।
भै कुक्कुर बिराला झैं
हुन्छन् प्रकृत शत्रु ती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१४)

दिलको हकमा हुन्छ
झगड़ा स्त्रीसमाजमा ।
वश गर्न सबै खोज्छन्
आफ्ना सौन्दर्यपाशमा ॥

(१५)

छलले बलले होस् वा
झूठले वा छकाइले ।
आकर्षणकलानाम्नी
जिगीषा मूर्ति स्त्री सबै ॥

(१५)

खिच्न खोज्छन् सधैं आफ्ना
पतिलाई दबाउन ।
इशारामा नचाएर
पुतली झैं बनाउन ॥

(१६)

अबलाको बलै यै छ
कुराहरु बनाउनु ।
जाल गर्नु तथा पार्नु
जालमा स्त्रीहरु अरू ॥

(१७)

घर आफ्नो बनाएर
अरूहरु हटाउनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हक आफ्नो जमाएर
अरूहरु धपाउनु ॥

(१८)

स्वामीको प्रेममा आफ्नो
एकलौटी जमाउनु ।
सौताको नाम घरमा
सधैंलाइ मिटाउनु ॥

(१९)

रीसका द्रोहका आँखा
जस्तै दुःखी भए पनि ।
सौतामाथि लगाएर
तन्किन्छन् दुःखमा पनि ॥

(२०)

लक्ष्मी सरस्वती जस्ता
परस्पर विरोधका ।
विद्वान्का भाग्यमा जस्तै
सौता छन् नानिका फिका ॥

(२१)

यौटै जमीनका दोटा
झगड़ादार दुर्जन
जस्ता सधैं काटमार
गर्न खोज्छन् तिनोहरू ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्र॰ ेन

(२१)

आफ्नो जीवन जेमा छ
त्यसको अधिकारिणी
बन्न खोज्नेहरूलाई
सहन्नन् ती मरे पनि ॥

(२२)

हजार नेत्रको रात्री
जस्ती सौता बनीकन ।
कुना काप्चा सबै हेर्छन्
सौताको भेद पाउन ॥

(२३)

मुसुक्क पतिले हाँसे
पनि जल्ने सधैं भरी ।
सौतेनी नागिनी जात
विष छन् कानमा भरी ॥

(२४)

परीक्षा गर्नमा आँखा
चनाखा नित्य पार्दछन् ।
नाटीकुटीहरूसम्म
रायो पर्वत पार्दछन् ॥

(२५)

सौता घर हुँदा हुन्छन्
राजाका नेत्र, डाहका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्ता, सशंक ती आँखा
सौताका द्रोह होशका ॥

(२६)

दोटा बोट लड्दै जस्ता
लड्दछन् एक ठाउँमा ।
हाँगी जराहरू आफ्नै
यौटा शुष्क, उ कैलिने ॥

(२७)

दोटा रेखा मिले जस्ता
हुन्छन् ती एक बिन्दुमा ।
पतिको दिलमा जुट्ने
आफू फाट्ने अनंतमा ॥

(२८)

मृत्युको घाटमा पस्ती
आखिरीको हिरिक्कमा ।
सौता हुँदा पनि सौता
आँखा तर्केर हेर्दछन् ॥

(२९)

सुलोचना थिइन् दुःखी
बिचरी, अधिकारिणी
स्वामीको दिलमा यौटी
वेदबन्धनले जुटी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३०)

फुटी सुद्ध त्यसै मलिन्
भने जस्ती कठैवरा!
सौताको डाहमा पर्छिन्
नैसर्गिक स्वभावको ॥

(३१)

कुरा लाउन लागिन् ती
वाणीले पतिका सँग
अनेक ढंगले छेड्ने
समालोचक झैं कन ॥

(३२)

झूठ व्याख्यानभन्दा छ
अरूमा के प्रभाव र?
सबै शिक्षककी यौटी
शिक्षिका रोज्दछिन् घर ॥

(३३)

"अरूको प्रेममा फस्दी
घृणा गर्दी विवाहको।
दुःखी पागल झैं बन्छे
सौता" भन्थिन् खिज्याउने ॥

(३४)

"कहिले कहिले हाँस्ने
रुने तर सधैंभरी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छाँटाहरू निकालेर
काम छल्ने सधैंभरी ॥

(३५)

कृष्णको मूर्ति ल्याएर
पूजा गर्दी निरन्तर ।
स्वामी जस्तो बनाएर
अर्को पति अरू तर ॥

(३६)

वेश्या हो खास" भन्थिन् ती
"परेर गृहबन्धन ।
उल्टो भक्ति गरे जस्तो
देखाएकी दुखीकन ॥

(३७)

मुखमा छ सधैं राम
बगलीमा सधैं छुरा ।
दुनियाँले सबै देखी
के के गरिसके कुरा !

(३८)

कृष्णको मूर्ति राखेको
ठाउँनेर दराजमा ।
चिठी-पत्रहरू छन् रे
भन्दथे अरुले यहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३९)

यस्तो बेइज्जती आफ्नो
सहीकन निरन्तर।
घरमा राख्न के लाज
गयो हजुरका तर ॥

(४०)

घर त्यस्तो भए उल्टो
दुःखको नै निकेतन।
साइतैबीचमा डल्ली
बस्न त्यो किन सक्दिन?

(४१)

वेश्या भए लुकिछिपी
भ्रष्टाचार गरीकन।
किन त्यो घरमा बस्छे?
निकजोस् गुन्डो कुनै लिन ॥

(४२)

हेप्दछे कसरी नाथ!
त्यो गर्छें नित्य दर्शन?
कहिले कहिले ढोग-
टोपल्छे ठरिईकन ॥

(४३)

काम यौटा अह्राएको
नसम्झे झैं गरीकन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बहुलाही बनी बस्छे !
सजिलो कति जीवन !

(४४)

झ्यालमा बस्दछे रोई
टिप्दछे फूल गाँउदै ।
प्रेमका रसिला गाना
वेश्या आँखा रसाउँदै ॥

(४५)

दिलमा छ अरू सौता
कृष्ण छन् देख्न बाहिर
तेस्रो हजूर पो पारी !
लखोटी झैं निरन्तर ॥

(४६)

त्यसको माइती बस्ने
यौटा नोकर भन्दथ्यो ।
बिहा गर्नु अगाडि नै
रडाको घरमा भयो ॥

(४७)

तर कोसाथ हो भन्ने
त्यसको प्रेमको कथा
गामगूम गरी सारा
आमा चतुरले यता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झट्टपट्ट बिहाबारी
गरी सुम्पिन् तथापि यो
छाँटा अनेक देखाई
बस्दछे घरमा अहो !

(४८)

घृणाको दृष्टि देखिन्छ
त्यसको दुइ नेत्रमा ।
मुहारअघि चिम्लिन्छे
आँखा दोटै बराबरी ॥

(४९)

यस्तो निकम्मा नखरे
लखौटीकन यो घर
राख्न नाकै गयो सारा
म देख्नै पर्न सक्तिनँ ॥

(५०)

हल्ला गर्दछ साराले
दुनियाँ गाँउछन् कथा ।
कान बन्द गरी बस्ने
कस्तो हजुर बेपता ?"

(५१)

यस्ता कुराहरू गर्दी,
'नामर्दीपन नै भयो'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भने जस्तो झझल्काई
वाणीले विष भर्दछिन् ॥

(५२)

विलासका श्रवणमा
सुन्थे ती घोरिईकन ।
'सौतेनी रीत होला वा
साँचै होला' भनीकन ॥

(५३)

आफूमाथि घृणा पर्दा
स्वामीको जात गर्वको ।
त्यसदेखि रिसाएर
"दुःख पाओस् म हेर्दिनँ ।"
भन्ने भाव लिई आफ्नो
नभै प्रकृत-पूजन ।
दूर दूर सधैं बन्थे
फर्काएर विलोचन ॥
भेटे पनि त्यसै आफैं
तर्किने, शून्य-भाषण ।
काँढा झैं पार्श्वको गन्थे
नालीमाथि गिराउन ॥

(५४)

जो आफ्नो छैन जगमा
गर्वको नित्य पूजक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैलाई सधैँ हेर्छन्
रिसले नमरेतक ॥

(५५)

कृष्णको भक्ति गर्दैमा
पतिको दिल जल्दछ ।
त्यही पनि भए दोस्रो
प्रेमीको दिल बल्दछ ॥

(५६)

वैमनस्य थियो बढ्दो
चाँदनानैरको वन
खँदिलो झैं लिंदो जस्तो
आकाशै फैलिईकन ॥

(५७)

सुनसान भयो पैले
अबोला बदली बढ्दो ।
गुँड आफ्नो लगाएर
बस्दथ्यो दिलको हुरी ॥

(५८)

'सौतेनी' शब्दले आँखा
कतिका भ्रान्त पर्दछन् ।
नीलो हुन्छ सधैं कालो
जगतै अन्ध पार्दछन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५९)

त्यस्तो हुँदा हुँदा बन्थ्यो
बिहाको दिव्य बन्धन।
जिन्दगी बाल्न राखेको
चिताको वद्ध इन्धन॥

(६०)

खाएको पनि सौताले
रिस गर्थिन् सधैं भर।
बिचरी एक मुट्ठीको
आहारा ली निरन्तर॥

(६१)

छेडछाड हुँदा गाँस
आँसु जस्तो बनाउँथिन्।
खिसी गर्थिन् मिली भान्से
कष्ट खाई अघाउँथिन्॥

(६२)

अरू जात्राहरू हेर्न
जान्थे ठाँट गरीकन।
तिनी ली आँसुका ठाँट
जात्रा हुन्थिन् सबै दिन॥

(६३)

अरू बोल्थे कुरा मीठा
हाँसो हाँसो परस्पर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अबोल वेदना जस्ती
बस्थिन् तो दुःखिनी तर ॥

(६४)

कृष्ण पूजा गरी हुन्छे
बहुलाही भनीकन ।
अब रोकिदिए पूजा
कठै ! दुःखित भो मन ॥

(६५)

"कोठामा बस्न पाउन्नस्'
भनी काम गराउन ।
नोकर्नी झैँ बनाएर
सासु लागिन् दुखीकन ॥

(६६)

"लहडी चालले हुन्न
लहरीले तरंगका ।"
भनी सासू मुखालेको
तिनी हप्काइ पाउँथिन् ॥

(६७)

जाँतो पिंधाउँथिन्, ढिकी
अनि कुट्न लगाउँथिन् ।
कर्कलकी बुहारीले
नगर्ने काम लाउँथिन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६८)

ढिक्की कुट्दा तिनीलाई
कृष्णसाथ निरन्तर ।
नाचेको भाव आएर
वृन्दावन मनोहर ।
हाँस्दथिन् बहुलाहो झैँ
छाँटामा अति सुन्दर ।
सुखी हुन्थिन् सधैँ फेरि
छेडका दुःखका घर ।
छाती बिझाउँदा ब्यूँझी
झस्कन्थिन् त्राशले तर ॥

(६९)

कुचो बढार्न लाएर, नोकर्नी झैँ बनाउँदी ।
दिन्थिन् सरहका वस्त्र खस्ता सासूभनाउँदी ॥

(७०)

थोरै ढिडो पकाएर,
आधा भात दिईकन ।
घाँटी कोर्ने रूखो खाना
दिन्थे दिल बुझाउन ॥

(७१)

नोकर्नीले भने जस्तो
गर्नु भन्थे सधैँभरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्री सासू बनाएर
नामको मात्र "सुन्दरी ॥"

(७२)

मकै पठाई दिन्थिन् ती
ठेट्ना फूलविना सब ।
"आज भात पकाउँन्न
पाकेको सिद्धियो" भनी ॥

(७३)

यस्तै क्रूर थिए लाखौं
अत्याचारहरू त्यहाँ ।
परदेश पसे जस्तो
घृणाको दुष्ट गेहमा ॥

(७४)

तर ती काम गर्दामा
जे जे भन्थे उसै गरी ।
गरिदिन्थिन्, कुनै प्रश्न
नउठाई सधैंभरी ॥

(७५)

बिर्सिन्थिन् तर ती काम
घृणाको ठाउँ ठाउँमा ।
तब खान्थिन् कड़ा चोट
शब्दका ती घरी घरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७६)

हेर्ने आँखाविना कोही
अरण्यगत बालिका ।
काँढामाथि सुते जस्तो
भयो जीवन सर्वदा ॥

(७७)

भोको आत्मा त्यसै सुत्थ्यो,
अधहोश थियो मन ।
सबै इन्द्रियले लाटा
गर्दथे काम व्यर्थका ॥

(७८)

कृष्णपूजा हटाएर
जब सासू सधाउँथिन् ।
यमका दूतका चोट
शब्द आफ्नो बनाउँथिन् ॥

(७९)

कानले सुन्दथ्यो आधा
बाधा हुन्थ्यो कता कता ।
तर ती रुन नै छोडिन्
आत्मा भै नित बेपता ॥

(८०)

बिभ्सन छोडे सबै काँढा
मुर्दा जीवन मासुमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तुषारो मरुमा पर्थ्यो
जम्दो हृदय आँसुमा ॥

(८१)

चरी जब कतै हाँगा-
बीचमा "पिउ !" बोल्दथ्यो ।
मुटुले आँसु छासेर
मुर्दा झैं अंग गल्दथ्यो ।
आत्मा भन्थ्यो, "यहाँ हुन्छ
चरी ! प्रेम कतैतिर ?
मलाई लगिदे तेरो
शब्दको देश सुन्दर ॥"

(८२)

जब ती रातमा थोर
घडी फुर्सत पाउँथिन् ।
कविता दिलका आफ्ना
भक्तिका मौन गाउँथिन् ॥

(८३)

उठ्थ्यो लहरमा भाषा
उत्तेजित भई मन ।
हजार श्लोक चंकिन्थे
सुनौला कल्प नै क्षण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्थे अन्तरका दाना
आँसुका रसिला कण ।
सुनौला भाव झल्केका
स्वर्गसदृश जीवन ॥

(८४)

नसा हुने सबै तार
झन्झनाई अपारका ।
मुरलीधरका वाणी
बज्दथे मुटुभित्रका ॥

(८५)

श्वास आफ्नो बनाएर
प्रभुको मन्द चामर ।
भावका पुष्पले पुज्थिन्
मुटु-घंट वजाउँदी ।
नसामा वीनका तार
मृदु झन्कारका गरी ।
जल बादलका आफ्ना
हवाका बासनासरी ।
पगालेर पखालेर
प्रभुको पाउ सुन्दर ।
अनि सुत्थिन् तिनी आफ्नो
तकियाकन संझदी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभुको दिव्य त्यो देह
छातीमाथि लगाउँदो ।
लुटुक्क भै निदाएर
फूल झैं आँधिका पछि ।
सपना देख्दथिन् उड्ने
स्वर्गका बागमा हरा ।
जहाँ खोज्दथिन् तिनी यौटा
त्यो मुहार कठैवरा !

—०❀०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वादश सर्ग

(१)

चारमैना गयो पंख छ बीस दिनका लिई ।
वैशाखको आढ्यताले बीचमा बदली झरी ।
रोयो गर्जनका सासु, संझनाका बिजुलीमा ।
कुइरो अब आएर छोप्न लाग्यो प्रभातको
सुनौला रंग, दिलमा ज्यादा दुःख नहोस् भनी ॥

(२)

दशैं आयो सबै हाँसे, केटाकेटीहरू धरी
रंगी चंगी नयाँ नाना कल्पनाका मिठासका ।
नवीन आँकुरा जस्ता जउका सल्बलाउँदै ।
कल्कलाएर जन्मेका कलीला सपनासरी ।
कालका मुखमा बोके "म्याँ म्याँ" कोमल गर्दथे ।
घाँस घाँस भनी मानो कलीलो रसको नव ।
कालले सुम्सुम्याएका सबै जीव रमाउँथे ।
रंगी चंगी महामीठो जिन्दगी छ भनीकन ।
कालले खोज्दथ्यो मासु पेटमा सब शास्त्रको,
कालले खोज्दथ्यो घाँस पेटमा अजको सब ।
पशुपाल बनी काल सबैलाई रमाउँथ्यो ।
रमाइलो बगैंचामा घाँस खान घुमाउँथ्यो ।
कालले जिन्दगी वेचो काला चाँदी कमाउँथ्यो ।
कालकै शस्त्र औ अस्त्र वस्त्रको रूप ल्याउँथ्यो
किनी, बजारका सारा कालका मालतालका ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठिटीहरू सबै भन्थे पीङ झैं झुल्छ जीवन ।
काल हेर्थ्यो पयो सारा सुस्त सुस्त चपाउन !
बलिदान भए बोका हजारौं कालका मुख ।
"जिन्दगी" भन्दथ्यो खाने लाल अमृत हो सुख
खानेलाई सधैं काल मोटाउन लगाउँथ्यो ।
हत्या गर्न लगी काँही बकरेको मिजाजले !
अब भन्थ्यो दशैं आयो हाम्रो सारा समाजले ॥

(४)

धर्म पाशवले पोख्यो ती मन्दिर भरी नशा-
मदिरा जिन्दगीबाट पग्लिदो भावना लिई ।
अरूको बलिले आफ्नो जिन्दगी सप्रियोस् भनी ।
कमजोर कटाएर अहंकार बढाउँदै ।
चन-ऐन गरी पूजा जननी-भाव-वंचित ॥

(५)

चिता घरहरू ठानी बकरे सब यो दशैं ।
हत्याशाला बुझी सारा लाल आँगन आजका ।
घरमा वस्न भै वाक्क डिब्डिबे शब्दका सँग ।
खूनको यो बिहा देखी हिंडे तिमिरमर्दन ।
"खोज्न जान्छु प्रकृतिमा चिन्छु सुन्दर भावना ।
ब्यूझाउँने दशैं नींद सब मानिसको" भनी ॥

(६)

लुगा लगाउँदै शोचे "कता जाऊँ" भनीकन ।
देखे उत्तरका राम्रा पहाडहरु शान्तिमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नीला मन्दिर झैं मीठा औपन्यासिक गुह्यका।
हजारौं जिन्दगीलाई नीलो शान्ति बनाउने।

छाया अनंतका जस्ता झुकेका, ताज लाउँदै।
शरद्को कलिलो घाम पाटा पाटा परीकन।

विभक्त, वनका नीला रहस्यहरु सिर्मिर।
ढुंगादार उँचाइमा छोएका छविका टुना।

एकान्त झैं प्रकृतिको संगीतमय माधुरी।
सूचनादार, पहिलो सिर्जनासरि प्राकृत।

जहाँ धर्म नयाँ ताजा चराका ध्वानमा हुने
वर्नाभित्र सधैं बोल्थ्यो झर्ना शीतल शान्तिमा।

पहिला शक्तिका खेलसंग निर्माण प्राकृत
हुने, मंत्रहरू चल्थे स्वतंत्र गतिमा जहाँ

सभ्यताका जरा घुस्थे अप्राकृत सबैकन
ताजापना दिने भित्री जराभाव पह्लाउने।
नवीन सपना भर्ने अवभासहरू दिने।

ध्यानको गौडको ठूलो महानिन्दित नन्दन
जस्तो देखे उचालेका बगैंचासरि स्वर्गका॥

(७)

हिंडे त्यतातिर तिनी छडी एक घुमाउँदै।
एकला, मस्त आनन्दी गौडमा यो विशालमा।
यात्री आत्मा बने जस्ता आत्मतत्त्व भजीकन।
पहाडका मन्दिरमा जननी-भाव-भक्त भै
जाँदा दर्शनका झल्का मीठा स्वर्गिक पाउन॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(८)

प्रभातको हवा मीठो वनदार पहाडका
श्वास शीतलको वाफ लिएर कुइरो बनी ।
आधि चल्दो, आधि डम्म बनी बादल भूमिको ।
अस्पष्टता गरी मीठो छेकी दूरावलोकन ।
सिम्सिमे वाफ झैं चल्थ्यो धूलीका केन्द्रका कणा ।
मोहनी साथ बेह्रेर वाग्मती तीरमा तर ॥

(९)

करीब दश बज्दामा खुल्यो आकाश सुम्त त्यो
हट्यो जब पुगे हाम्रा गौडी तिमिरमर्दन
सुन्दरीजलमा, झर्ना झरेको ठाउँमा जहाँ
पहिलो घाममा झल्क्यो पश्चिमी छहरा बनी ।
लडी लडी सफा मोती लच्के माला जुहारको
हरीयो वनको नित्य कोसेली झलमलाउँदो ।
नेपाललाई ढुंगाको पोल्टोमा थापिने, त्यसै
जिउँदा लहरीदार सौगातसरि सल्बलो ।
गाना हृदयको गाई भावप्रस्तारमा झरी
पहिला शक्तिका झल्का झझल्काएर विश्वको ।
गाई सिर्जनको गान समुद्रतक लम्बिने
लयदार बनाएर कालको दूर दीर्घता ।
बल चक्करमा गोल अनंत लयको पथ ।
पहिला छन्दमा नाची पहिला नृत्यमा लिई
चाल जो जीवनैभन्दा तारल्य पहिलो बनी
भाषा प्रथमको कल्कल् आभाससंग चल्दथ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बोल्दै पहाडका भाव वनदार प्रभावका
ढुंगा तरंगको बाटो लिन लामा घुमाउरा
मोती हीराहरूलाई दिई अधर झल्कने
लाग्यो ति मरलाई यो दशैं लाल मिजाजको।
निर्दोषको काल जस्तो बाल जस्तो अशंकको।
रेटने कलिला "म्याँ म्याँ" जननीका मुहारमा।
शरदीय महाशान्ति मीठो प्रकृति निर्मला-
को उज्याला घामदार मुटु छाम्न न रुक्दथे।
गहीरो भ्रान्तिले गर्दा काल जस्तो कराल यो
दशैंले पाल्दथ्यो बोका खसी भेंडाहरूकन।
घाँस हालेर मुखमा ह्याकुलो छाम्न कंठमा
धार लाउन उल्लू यो फटाहा झैं बिकासको।
जननी-भावको उल्टो रक्तलोलुप भावना।
महानास्तिकता जस्ता पेटको मासु चाहना
मोटो मिजाजकी, क्रूर रक्तचंचु विहंगिनी।
नंग्रामा लाल झैं आइन् पखेटा कालका फिजी।
'महाष्टमी' लिई नाम महाकाली करालता।
पग्लिदो रक्तको स्वाद रसनाको प्रसन्नता।
हुन सक्ने, महागिद्ध, कालो पारी शरदृतु।
अकलात्मक चाहाड, बिकम्बा काल काल यो;
सफा हृदयको भित्र घृणा पैदा गराउँद।
वाक्क वाक्क हुने मौका तीखा दांत उजाइने।
बेभावकी उग्रचडी हुरी चल्ने अकासमा।
मानवी पशुतालाई लालमोहर लाउने।
समाज लाल पारेर मुख, नंग्रा र पेटमा।
अरू सन्थे दशैं आयो खुशीका सुख लाउँदैं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उदाशीनमना हुन्थे देखी तिमिरमर्दन ।
बेभावका मुटुहरू सांग्रा आदतमा कडा ।
क्रूरमा सौख राखेर नूर आफ्ना गिराउँदा ।
रंगमा प्रेम राखेर कला जीवनको सब
गुमेका वस्त्रका सौखी, विनाहृदयका गुदी ।
कालको ज्ञानसम्पन्न् नै दिलले न छ पाउने ।
शरदीय प्रकृतिमा रक्तलोलुपता हुने ।
पहाड वन सौन्दर्य नबुझी उच्च भावको ।
सिर्गका प्यास मेटेर पन्नाहरु फुलाउने ।
बोजलाई नयाँ स्वप्न दिएर पहिलो हरा
होशले कालिलो सानो आँकुरे जिन्दगी दिने ।
प्रकाशका कथा भन्दै जो थियो स्वान्त प्रेरणा ॥

(१०)

यहाँ सिर्जनको जोश उत्साह पहिलो थियो ।
विकाशशील गिरिको ध्वनिदार अनंतमा ।
घुम्ने अन्वेषणी चाल छालदार, बनाउने ।
फुलाउने, हरा पार्ने सपना कविको मुटु ।
घाट प्रकृत भावैले छचल्की ओर्लिएमरी
सभ्यताको हरा आस लिएको गानशीलता ।
आन्दोलन ध्वनिप्रति जगत्‌लाई सुनाउँदै ।
कथा हालेर जोशीला सम्यता का नयां नयाँ ।
ब्यूझाउँथ्या नयाँ क्षेत्र पानी चाँदी छिनो लिई ।
कुँदिएर बनेका छन् सपना नै सजीवता !
पारावार भजी सारा कला छन्द र नाचका !
अनंतता सुनाएर फूल रच्छ भविष्यले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिवांकुर लिंदी टूना आकार खँदिलाउँथ्यो ।
रहस्यको ली खपटा टुसालाई बढाउँदै ।
पंख हाल्न ह । टोटा नवरोमांचले खु ी
प्रकाश भज्ने सौन्दर्यमय प्यास लिईकन ॥

(११)

यहाँ केही थियो छैन जो मानवसमाजमा
ताजा वैदिकता भुल्भुल् ध्वनिदार प्रकाशको
पहिला रश्मि सौन्दर्य रहस्यैबाट आउँदो
टूना झैं पहिलो झल्की, झर्दो मोती हिरा लडो ।

झझल्काएर सपना संलिने गतिमा लिई
एकान्तको सफा बाटो सूचनादार सुन्दर !
सबै यांत्रिकता जस्ता हांगे जीवनका झिना ।
तर्कदार खियौटे, ती खोजका अन्ध बन्ध झैं ।

सारा दूर हटाएर पहिलो कविताझरी ।
मीठो मूल हुने भुल्भुल् छातीदार पहाडका ।
वनका उच्चताबाट कन्दरा गुँजिने गरी ।
पारावार भजी चल्दो यौटा प्रथम जीवन ।

जहाँ आधुनिक स्वार्थ साङ्ग्रो संकीर्णता तथा
छोटा ताकहरूबाट निस्केका चिसिने कला ।
आत्मबर्धक सीतोथ न्यूताको विशालता ।
रुग्णता छरिंदो छ्याछ्न्याङ्गका हीन जीवन

थिएनन् जसमा यौटा संगीतसरि सुन्दर
पहिलोपन झल्कन्थ्यो बोले जस्तो पहाडले !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१२)

अति गौड गरी हाम्रा चले तिमिरमर्दन।
पहाडको उँचा ठाउँ कलिको घाम पाउने।
एकान्तले ध्यान लिने प्रकाशमय शान्तिमा
चढ्दै माथि जहाँबाट गोसाइँ थान तर्फमा
चल्ने यात्री भावशून्य ठिमिले पद चाल्दछन्।
ठिमिले गर्ने यात्रा ती आँखाशून्य र कानका
बहिरा भावका मूर्दा थोत्रो शास्त्र प्रभावले
मर्म मेटेर यात्राको चीसो पानी छुनाकन॥
चढदै चढदै गए हाम्रा सौखी तिमिरमर्दन।
गरादार हरा कुंज औपन्यासिक मोहनी-
साथ हेर्दै त्यहां देखे झोपडीहरू शान्तिका।
खर घुंटो लगाएर छुटिएका सिठासके।
ऊँचा विनयमा, हेर्न खोच, खाल्डा, रमाइला।
अलग गर्न प्रशंसा ती उद्योगकन प्रेरणा
गर्ने, पाउ नचाएर कामरूपा नृत्य मानव।
गानाहरू सिकाएर पंछीका सँगिनीसरी
पहाड बालिकालाई फुर्फुराइ नचाउँथे॥

(१४)

तिनी घुंदै तब गए खोला लहडको सब
नागबेली बनाएर चढ्दै उच्च पहाडमा।
हेर्दै गए, गौड गर्दै, माथितिर उचालिदै॥

(१५)

पुगे आखिर ती भंज्याङ सुन्दरीजल नामको
गंगाप्रवाहले फुल्ने क्षेत्र, सौन्दर्य-विस्तृत।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनेक रंगको हेरी रमाएको पहाडको
चतुरो कोणमा मीठो नेपाली महिमा सब
चित्रकारी बनाएर पहिला हेर्न चाहने।
रंगका मधुरा तृप्त अध-तीव्र र कोमल।
ढुंगा राम्रा हुने दीर्घ दृश्यले बहलाउन।
ऊँचा एकान्तमा बस्ने गिरिको उच्च माथमा॥

(१६)

धेरै बेर वसी हेरे नै अघाउँ दथ्यो मन।
शोभा शोभाहरूभित्र घुसेर तहमा तह।
मिलेर मृदु सौन्दर्य, कहाँ छ महिमा भने।
भन्न मुश्किल ने पर्ने जता हेर्यो उतातिर।
नेपाल चित्रमय भै रंगदार प्रकाशमा।
झल्केका चिरा राम्रा खेतमा रेखिदा नदी।
जाली जलबुना, मानो नशादार मिठासको
सौन्दर्य फैलिएका झैं ताजा बैंस लिईकन।
नजीकको उज्यालो त्यो हरियोपन चङ्किलो।
सुस्त सुस्त मधुरिइ नीलो बन्दो किनारमा।
पहाड फेदमा दूर दक्षिणी क्यै उचा लिई।
सिल्थ्यो त्यो नीलिमाभित्र जो पहाड बनी उठ्यो।
अनंत उब्जनी आई छोए झैं मृदु हातले।
शान्त साफल्यमा सुत्थिन् प्रशस्त घन स्वप्निल।
पृथिवी कोरिए जस्ती काटिए झैं सफा गरी
शस्य-श्यामल-सौन्दर्य, कृष्ट-माधुर्य-दर्शिनी।
स्वर्गकी बहिनी जस्ती मनुष्यहरू खांदने।
पहाड घेरा लाएर सपना देख्न बालिको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संभावनाहरू दिव्य अर्धाकारित रूपमा
झमल्काई बनाएकी बनेकी अथवा मही।
यहाँ सुरहरू धेरै बढाएर, उतार ली।
बहन्थित् समता काहीं लिई, संगीत मौन झैं।
निर्माण भावका झुल् झुल् झुल्झुलाई निरन्तर
उत्तेजना दिई नव्य आर्य भव्य मिठास ।।

(१७)

त्यहाँबाट लिई आफ्ना अवभासहरू नयाँ
जोशको वायु पी साँची अलक्ष्य गिरिसूचना।
नेपाली चित्र हेरेर स्वयं दर्शित सुन्दर।
मुदुको ज्योतिका मोठा अभिलाषी तिनी उठे।
तब ओर्लिन त्यो बाटो जहाँबाट तीनी चढे।।

(१८)

ओर्लिदै ओर्लिदैं जाँदा बीचो बीच पुगेपछि।
देखे यौटा पर्णकुटी निकै सुघ्घर, काँधमा
शैलको, जो थियो आफ्नो कराली खेतको धनी
ग्रीष्मका धूपमा बढ्ने मकैका बोटका धनी।

अहिले तर नाङ्गो भै ढोड राखी मुठा मुठा
फर्दिार ङबलुछाने रातोमाटे थियो घर
ढुंगाको, पोतिएको त्यो, सफा आगनको जहाँ
तुलसीमठ यौटा छ बालिकाको उचाइको।

सानो पिढी दगुर्ने त्यो पाठो जाँतो नजीकमा।
घैंटो यौटा थियो शायद्, भटमास त्यहाँ थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झुसे कोसे र कल्सँदो हरियो बोट पोषको।
जसको सभ्यता गर्छ ठूलो कदर आज रे!

(१९)

त्यो देखेर त्यहाँ पश्न को रहेछ त्यहाँ भनी।
"कस्तो जीवन ज्यूदा छन् किसानहरू देशका।

के के छ चाहना, कस्तो, रीति थिति रिवाज छ।
कस्तो ढङ्ग, कहाँ क्लेश, कुन ठाउँ छ वेदना

भन्ने बुझेर ता जाऊँ" भन्ने गौड़ गरीकन
पसे त्यहाँ जिज्ञासु हाम्रा तिमिरमर्दन ॥

(२०)

जिज्ञासा तर आश्चर्यातिर ढल्क्यो, नजीकमा
जब देखे त्यहाँ यौटी सुन्दरी अति उत्तमा ॥

(२१)

पोशाक पनि राम्रा छन् मानो शहरकी सुता।
थोरै दिन त्यहाँ बस्न आएकी झैं यसो यता ॥

(२२)

तर तीं स्त्री त्यहाँबाट देखी तिमिरमर्दन।
इशारा गर्दछिन्, भन्छिन्, "सवारी होस्न के त्यसै

नचिह्ने झैं गरेको नि? म पर्खेनी भए पनि!
चिह्नैपर्ने! यहाँ आज थोरै बेर त राज होस् ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२३)

भनी आँखभरी हुन्छिन्, नचिह्नी तर मर्दन
अक्कमक्क बनी हेर्छन् को रहीछिन भनीकन ॥

(२४)

त्यसै वेला त्यहाँ आई पुग्यो, ज्यापू जुवानु त्यो।
काँधमा एक कोदाली हिलोदार धरीकन
हिलो खुट्टा लिई हाँसो, "कस्टो छ ट, मचा? त्यसै!
कटि राम्रो सुटेको छ टपाइँ बस्नुहोस् ट! मो
जान्छ है मो! म बस्डैन चाहिन्छ्या कि कुनै कुरा?"
भना सोधेर उभिभन्छ नबुझी उनको दशा ॥

(२५)

"केही चाहिन्न भा! दाज्यू पुगेकै छ सबै कुरा।
सोध्नु नै पनि हो लाख चाख राखेर दुःखमा!
यसरी सोध्दछन् को र? तलाई कुन चाहना
सुटुमा छ रुँदै बस्ने नित्यको आस झैं बनी!
को सोध्दछ यहाँ हामी जस्ता दुःखीहरूकन?
यिनै पहाड मेरा छन् दाज्यू भाइ र माइती!
मेरो को छ र यस्तो यो सुनसान जगत्भरी?
फ्याँकिएकी फुल यौटी फुटेकी भाग्य बरदछु।
आँखा चीसा गराएर सपना अघिका सब
एकान्तलाइ देखाई वनलाई रुवाउँदै।
मेरो को छ? सुन्यौ दाजू? योटा सुटुछ मंद यो।
जिन्दगी भन्नुको नाम पयो यौटा छ प्राणको।
पानी पानी छ सारा यो जगत्, डुब्नै तयार छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घुइ्का आखिरको खाई यौटा आशा छ तिर्शना।
यौटा आँसु एक बोलो आत्माको एक चाहना।
यौटा बाँकी कुनै हाँगा आसको एक नै, तर
म भन्दिनँ नसक्ने छु के हो त्यो प्राणको पिर !"
भन्दै आँखा भरी पारा डब्डबाएर दूरता
निहार्दी, तब ती हेर्दी मुखमा पाहुनाकन
नव-स्वागत पाएको, फर्किइन् क्यै तरक्क भै!

(२६)

" भन्नु के पर्छ है मैयाँ हामा जान्छ त्यसै सबै।
दुख भन्ने सबैलाई पर्ने टा हेर पर्दछ
टर ईशोरले गर्दा टर्न ता हेर ठढछ !"

(२७)

"टर्छ भन्ने सबै बन्छन् ज्योतिषी अरूका अघि।
तर का हर्छ त्यो दुःख जो जरा हाल्छ भित्र नै।
यो इज्जत तथा मान शानको हाटमा कुन
नीचा आत्मा दबाएर ऊँचा चढछ पहाड र?
आँसु को हेर्छ ता चूली जसमा हेर जन्दछन
थोर पग्लेर, धेरै नै कठ्याङ्ग्रिन उचाइमा?
उपाय नहुने हेर्छन् रुदं यो गहिराइमा।
उपाय पाउने सुन्छन् तर लाचार बन्दछन्॥

(२८)

को बताउन चाहन्छ थोत्रो विकृत जोवन?
को दुर्भाग्य कडालाई आँसुसाथ अँगाल्दछ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को हेर्छ अरूको चित्त चिरा भ्वाङ परे पनि ?
खोटो कर्म हुनेलाई कसले प्रेम गर्दछ ?
मुर्दालाई जिलाएर प्राण को जन्न भर्दछ ?
टुटेको तारमा हेर कसले गान भर्दछ ?

(२९)

दुखीको सँगिनो छैन संगी छैन, रुनेहरू
साथी नित्य नपाएर एकला आसु झार्दछन्॥
काँढा हुने सधैं आफ्ना शर तीखा छिपाउँछन् ।
झिक्क सक्ने सधैं आफ्ना कृपाकर लुकाउँछन्।
बिझ्ला भनेर त्यो काँढा उड्ने उड्छन् सबै भरी।
पखेटा बाणले विद्ध रुन्छे फेद बसी चरी।
मेरो छाती चिरी मैले देखाऊँ त कसै गरी ?
देख्ने आफैं डराएर भन्नेछैन कठैबरी !"

(३०)

"साच्चा भन्यो भन्न टा हो त्यस्तो माइटमा ठियो
कर्नेल्को घरमा थूलो त्यस्टा आनन्डमा यहाँ
कहाँ पाउछ त्यो सुख्ख ? डुःखै डुःखै त डम्म छ।
गरीबसाठको यस्टो झुपरीमा बस्यो ! अनि
त्यस्टो सुख कहाँ हुन्छ डैवका गटि के गरूँ ?"

(३१)

यस्तो सुनेर सहसा चिन्छन् तिमिरमर्दन
'बिजुली' भन्छ आश्चर्य, 'बिजुली' गहको जल !
'बिजुली' हात दोटाले के के छाम्न पसारिई।
अङ्कमक्क परी आरमा लाटो बन्दछ तत्क्षण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवरुद्ध गला झुकछ टलपलाएर नेत्रमा।
चुहिन्छ भावको थोपा आँखा फेरि उचालिई
हेर्छन् सजल आँखामा मौन प्रश्न गरोकन।
मानो "के बिजुली तिम्रो यही हो भाग्य जीवन ?"

(३२)

बुझे झैं दिलको प्रश्न बिजुली भन्दछिन् तब
'यही हो जिन्दगी मेरो यही हो भाग्यकर्म यो !
गुलाफमा थिएँ सिस्नो बनेकी आज बस्दछु।
आफ्नै काँढाहरू आफ्ना आँगमा लिन पोलिन।
समाजबाट सिल्केकी रछ्यान ! म अमानुषी।
राक्षसी ! दिलकी छोटी खोटो कर्म र मर्मको।
धर्मकी शत्रु साराकी पइताला नछोइने
शरीर जस्तो छोटाकी, एकलत्का शिंगानमा।
थुकिएकी, थुँगेकी म कमजोरीपना, लता
सडेकी, फूल वँलेकी हिले पानी, अछूत म।
कपाल खौरिएकी म ढेडू, नाक कटाउँदी।
बुच्ची, आँखा निभाएकी रटना ! म धुवाँ जली
आँखामा अरूका लाग्ने धुआँसो घरको निशि।
माइतीकी, सबैकीमा आँखालाइ कसिंगर।
टुटेकी तार, भाँचेकी मुरली, मुड जो फुटो।
आशाको आखिरी थौटा पयो संझेर झुण्डिंदै।
पृथ्वीलाई नसंझेर स्वर्ग संझेर बस्दछे !
यो निराधर हाँगामा एक फूल कतैतिर
रोइदिन्छ, सधैं भन्छ "दूध दे" आसले वढूँ
भन्दो चिचिला जो बन्छ अवहेलन विश्वको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नलोमा—जन्मिए जस्तो कीरो, बाबुविना त्यसै।
निराधर फ्याँकिएको फुल झैं गुँड नै विना।
शास्त्रको सूठको चल्लो कुखुरीको—म बस्दछु
जिउँदी छु त्यसैलाई अँसु घुट्का पिलाउँ छु—
बिरामी छ–सुतेको छ–निमूनियाँ भयो कि के?
कसले हेर्छ? को जाँच्ने रुखानुसार जीवन।
कच्चा बालकको जो छ हड्डीको कमजोर जो
गर्ने सक्तैन दह्राले सामना दम्भको, त्यही
खोकी लागी रुवा लागी रुन्थ्यो च्याँठ लिईकन।
'उहूँ उहूँ' गरी बस्छ कनीकन यहाँ; कहाँ
छाती दुख्यो? भने भन्न सक्तैन तर नेत्रले
कृष्णाजीका मुखै हेर्छ 'वेदना बुझ्दछेस्?' भनी।
रसाएर, रुवाएर, रुदिलो, रुज क्यै कुरा
खुवाएथे लवङ्गादि छोएन छ! जरो पनि
निक्कै! चुस्न पनि छोड्यो यी लाम्टा दुःखको त्यसै!
मुखमा हेर्छ आँखाले, आँखा ठूला लगाउँदै!
निधारमा चन्दनले माईको छ सुशोभित।
तर शीतल बन्दैन हाडभित्र जरो कवै
'उँ ऊँ' गर्दछ त्यो कन्छ वेदनाले निसास्सिंदै
चिर्रिन्छ, अनि लेप्याई ओठ हेर्दछ दुःखले।
म रुन्छु मनमा मेरो मुखको अघि झल्झली
देखाउँछ तमाशा त्यो नालक! म पापिनी
म दुखी कर्मकी खेटी म चिरा मुटुको, मसा
दैवले दिन्छ यी आँखा जननीका रुवाउन।
धाँजा फाटेर, यो मेरो दशा, यो क्रूर कर्म्मको
तमाशा पापिनीलाई लेखिएको छ कर्म्ममा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म हेर्दैं छु, म हेर्दैं छु छाती फार्दैं छु हेर्दछु ।
कलेजा कम्पले नित्य, सात रोज भई सक्यो ।
जरो घट्दैन, डिग्रो छ दाहिना हात कर्मको ।
फुक्दछन्, फार्दछन्, छ्याप्छन् फस्काएर यतातिर ।
निमूनियाँ छ, कीराले फोक्सोमा कलिला कुरा
धुजा पार्दो, उ हेर्दो छ जननी जन्म ता दिइस्
तर के संम्भिई कस्तो कुसाइत परीकन
के पापले मलाई यो कष्ट यो किन वेदना ?'
भने जस्तो गरी चुस्न छोड्यो दूध टुलू टुलु
कनी कनी पयो राखी जिन्दगीको उ हेर्दछ ।
हज्जार देवता जप्दै मुटु रुन्छ डरा'छ ।
'बाबा !' भन्छु बुझे जस्तो गर्छ, आँखा उचाल्दछ ।
म हेर्दछु तमाशा त्यो आँखा फुट्दैन, ज्यूँदछु ।
आशामा फुंडिई ! मेरो पापका फल हो, यहाँ
आई एकान्तमा भन्छ, 'लो हेर् कर्म अभागिनी
पापको फलको भोग चढ् शूली, खा त अग्नि, ले
सुइराका तिखा फुप्पा शरशय्या छ लेट् यहाँ ।
हेर् आँखा ! सुन् सधैं तेरा कानले ! मनले त भाव् !
कल्पनाले त जाँच् तेरा छातीलाई चिरीकन
जननी बन् यहीं मेरो भाग्यको दुष्ट क्रूरता ।'
भन्दो छ, ईशको आज्ञा पाए र सब पापको
नतीजा भोग्न, यो मेरो सबै रौरव-भोग, यो ।
मेरो जीवनको तृष्णा यो जगत् वेदनामय
निराधार, निरालम्ब, निराश्रय, निराशमा !
आँखा सुकूँ सुकूँ भन्छन् सभ आउँछ जोवन !
यस्तै मेरो कर्म थियो पापको फल जीवन !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३३)

"कहाँ छ त" भनी सोधछन् विषादमय लोचन
"हाय संसारको चाल ! हाय ! सन्सार जीवन !"
भनी तरक काढेर आँखाबाट दुइ कण।
टोल्हाएर यसो हेर्छन् दुःखको दुख जीवन ॥

(३४)

पसे भित्र दुवै, हेरे योटा सुकुलमा त्यहाँ
डस्ना मैलो बिछ्राएको, डस्ना बालकनितिमा।
छोपिएको ओढनेले मुख मात्र समुज्ज्वल
भाल चन्दनको बाल कन्दै कन्दै बराबर
लठ्ठिएको सुते जस्तो, आँखा चिम्ली; बराबर
सुस्त खोलेर हेरे झैं निमेषभर कोठरी
नीदबाट, त्यहाँ बस्छन् दुवै मुखपरीदक।
किसान पनि आएर नजीक छ खडा त्यहाँ ॥

(३५)

जाँच्छन् तिमिरले नारी, हात लाई निधारमा
हेर्दछन्, पाउका टुप्पा कलीला सुम्सुम्याउँ छन् ॥

(३६)

"निमूनियाँ भएको हो ; निकै चर्को छ है व्यथा !
डाक्टरै लाउनैपर्छ !" भन्दछन् ती "यताउता
कोही छैन ? यहाँ को छ ?—यस्तो ठाउँ ! यहाँ कति
मर्दा होलान् त्यसै केही नपाईकन औषधि !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३७)

"को आउँछ हरे! यस्तो अनकंटार ठाउँमा ?
पैसाविना मकै खाने झोपडीमा गरीबका
दुःख हेर्दैन जान्नेले, ज्यानसम्म बचाउने
परमेश्वर छन् खालि, माता प्रकृति छन् यहाँ!
गरीबहरूका बच्चा नाङ्गै राखे पनि त्यसै
हावामा बलिया बाङ्गा बन्दै बढ्छन् यहाँ तर
न सहन्छिन् विलासीका बच्चा प्रकृतिले—कहाँ
पाइन्छ र यहाँ हाम्रा डाक्टर! वैद्य खुशामदी।
दुःख औषधि चाहन्न परमेश्वर भन्दछ।
सुख्ख औषधि चाहन्छ परमेश्वर भुल्दछ॥
गरीब गर्छ विश्वास, आश गर्छन् धनीहरू।
टूना मंत्र गरीबका छन् मूलो औषधिहरू!

चित्त मात्र बुझ्नाएर बाबु आमा टुलू टुलू
हेर्दछन् बाल बच्चाका सुखमाथि पुलू पुलू॥
ज्ञानको गूढ सम्पत्ति सबै मानिसमा कहाँ
पुग्न सक्दछ ? निर्धाको ईश आधार छन् यहाँ!
एक आधार ल्याएर आज ईश्वरले मन
ठंडा मेरो बनाएर दिन्छ शीतलता अहा!
सवारी त नहास्! छाडी नजानोस्! बसिबक्सियोस
यहाँ, लाखन विन्ति छ! लाखौं आँसु पुकार्दछ।
हिमालय बुटीदार हजूरै हुनुहुन्छ, जो
जिन्दगी झैं आउनुभो परमेश्वरको कृपा
हुँदा; नजानोस् है छोडी मृत्यु पारेर यो घर!
जो प्राण झैं आउनुभो! आजलाई यहीं अब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आराम गर्नुहोस्, विंति यौटा मेरो भिक्षुवर!
यौटा अमृतका प्याला! यौटा हृदय सुन्दर!"

(३८)

यो पुकार पुग्यो छाती, पुग्यो अन्तरमा बस्यो।
जनन हरूका दुःख बोले झैं कल्प कल्पका।
यौटा शब्द बनी "आज नजानोस्, प्राण हालिदिनोस्॥"

(३९)

भन्छन् तिमिर पग्लेर, "म बस्दछु, म बस्दछु।
सेवाका निति जन्मेथें, बस्छु सेवक झैं यहाँ।
दुःखको हकले लिन्छ आत्मा मेरो समर्पित।
जहाँ जीवनले माग्छ नरको एक जीवन।
त्यहाँ शैतान नै खालि प्राण दिन्न, म हूँ नर।
म हुँ मानिसको पाउ, गर्न के सक्दछु तर
यो जीवन-समस्यामा ? अपूर्ण बिनुईश्वर॥"

(४०)

"यो टा हो नाग लागेको," भन्छ ज्यापू जुवानुले।
"पक्का हो नाग लागेको पूजो गर्डैन, चत्त नै
निको हुन्छ ट, हाम्रो भो! हुँडैन र टपाइँका!
दाक्तरले टा चरिदिन्छ, त्यसै हुन्छ निको ट नि॥"

(४१)

"अन्ध-विश्वास क्या गर्छ टूना हाम्रा पहाडमा!"
भन्छन् तिमिरले हेरी बिजूलीको मुहारमा॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४२)

बिजुलो तर खाएर दैवको चोट जो थिइन् ।
परमेश्वर-विश्वासी अब ती भन्न लाग्दछिन् ॥

(४३)

"अन्धा विश्वासमा झन् छ यौटा सुन्दर मोहनो ।
गरीबको जिन्दगीको विजोग र टुना पनि ।
अभावलाई पन्साई भावनाले अनेकन ।
रहस्यमय जादूले कल्पनाका जिलाउँछन् ।
मर्नेहरूसम्म पनि जो उहाँ सभ्य केन्द्रमा ।
हजारौं रुपियाँ माटो पारी व्यर्थ विलाउँछन् ॥"

(४४)

सोचे तिमिरले दुःख अभागी सुन्दरीकन
अन्ध-विश्वासमा लग्छ परमेश्वर दीकन ॥

(४५)

झमक्क साँझ परिगो बसी तिमिर तो त्यहाँ
आमाको दिलको टुक्रालाई मदत गर्दछन् ।
यसलाई जिलाएर यौटा जीवन-दानले
सुखी बनी म फर्कुंला भन्ने भाव लिईकन ॥

(४६)

थाकेकी रात सातै नै नसुतेर, प्रतिक्षण
उठ्दै झस्की सधैँ हेर्दी बालको मुखमा तिनी ।
आधार आज पाएर तकिया हातको गरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नजीकै मुकुलैमा त्यो ढल्कीकन निदाउँछिन्
बिजूलो, नींदमा खालि वेदनाहरू बिसिंदी ॥

(४७)

तर जागा रहे सारा रात कोमल मर्दन।
पानी तताउँथे कैले, कैले घुड्का पिलाउँथे।
खुट्टा मुसारिदिन्थे ता बालका, तर त्यो भने
"वँ ऊँ" बराबर गरी कष्टसाथ बराबर
कन्दथ्यो निशिको बाक्लो सन्नाटामा सुनाँउदै।
वेदना दिलको यौटा, अनौठा न त उम्रिने!

(४८)

भोलिपल्ट उठा श्वास प्रातको बिजुली पनि
व्यूँझिइन् र सुते मस्त हाम्रा तिमिरमर्दन।
त्यहाँ लंपटमा यौटा घेरै बेर निदाउन।
देखी मानिसको दुःख जगत्‌को दुःखको मुख
सुनी पुकारा दुखका, ध्वनी नै दुःखका परी
कान मानवमा साह्रै थाकेका श्रान्त अंग ती
लंक्याएर तुखेको त्यो निहुरीकन गर्धन
तकियामाथि राखेर घुर्न लागे बराबर।
बिजुली थोर सस्तेकी हेर्दथिन् शिशु त्यो तर!

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रयोदश सर्ग

(१)

यौटा छ्याके मझा दुब्लो मरिच्याँसे विकामको ।
अग्लो बाँस ठडाए झैँ चश्मा नीलो लगाउने ।
थोत्रो कमोज घर्बूने लगाएको, गरीब झैँ ।
सुरुवाल हरा धर्के टोपीमा भद्गाउँले ।
कपाल खौरिएको र जुँघा काटी सफाचट ।
पछ्यौरा एक ओढ़ेको व्यक्ति आई यताउति ।
विलासको घरैनेर घुम्दथ्यो त्यो बराबर ।
को हो भनी कुनै सोध्थे "जैमाने" नाम भन्दथ्यो ॥

(२)

"कर्णेल्को घरमा कोही चाहिए एक नोकर ।
भन्दिनोस्न" भनेकोले 'भोटे'ले गई भन्दछ ।
विलास सिंहको छेउ, "यौटा मान्छे छ कामको ।
विघ्नै सिपालु मान्छे रे कलकत्ता पुगीकन ।
आएको रे सबै थोक गर्न जान्दछु भन्दथ्यो ।
कर्णेल् साहेबकाँ कोही चाहिएहुँदि नोकर ।
मलाई भन्थ्यौ भन्थ्यो त्यो त्यसैले विंति गर्दछु—
दुब्लो अग्लो र छ्याके छ चश्मा नीलो लगाउँछ ।
साँझ साँझ सधैं हाम्रो वाग्मतीतिर आउँछ ।
काम क्या र नपाएर घोरिएर बिताउँछ ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३)

विलास सिंह ती भन्छन् भोटेका यी कुरा सुनी ।
"लेर आन त त्यो मान्छे, यौटा नोकर चाहिने
छँदै छ घरमा मेरो, गाने आगिगयो अब ।
लेर आन त त्यो कस्तो रहेछ अनि हेरुँला ॥"
भन्ने आज्ञा मिली भोटे, "जैमाने" लाइ ल्याउँछ ।
विलास सिंहको चित्त जैमानेले बुझाउँछ ॥

(४)

"मेरो कोठा सफा गर्नु, बगैंचा हेर्नु, जानु ताँ
बजारमा खरीदेर मालमत्ता पठाउनु ।
ल्याउनु—यत्ति हो काम अरू कामविशेषले
परिआए ताँ गर्न्यैछस्, मैह्नावारी म धेर ता
दिन सक्दिनँ पैले नै, आठौटा रुपियाँ भयो ।
कसो बस्छस् ?" भनी सोद्धा "शिर टेकेर बस्दछु ।
नजोकमा म त्यसको जो मेरो नून अन्न छ !
मेरो सर्वस्व सम्झेर, मेरो स्वर्ग यही घर ।
दरबार यही सम्झी, आँखाको आँसुको ढिको ।"
भनी टलपल्ल पारेर भक्ति आँखाभरी दुवै ।
गरीब बिचरो जस्तो थप्छ, "भोको र प्यासको
शिकार, म गरीबीको मैलो आशा त्यहीं न छ ।
न खाएँ न सुतें धेरै रोज बेकार बस्दथें ।
खिइएको छ यो मासु चिन्ताले विनुनींदको ।
कतै खाना नपाएर भोका आँखा फिराउँदै ।
पशुको भाग्य देखेर ईर्ख गर्दै म हिंड्दथें ।
चराका गुँड देखेर गर्दै डाहाड चित्तले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाग्यले ठगिएको म, भैंचालाले सबै घर
भत्केको, एकलो जन्तु तारामनि सधैंभर।
'कनिका कनिका' भन्दै हात दोटै पसार्दथें।
वर्षन्नथ्यो ! म आएर वाग्मतीतटमा यसै
भोकै बस्थें त्यहाँ हेर्थें छातीमा जलको सफा
मीठो रोटी चन्द्रमाको, टक भौं स्वर्गको सफा।
तर बादल आएर निल्यो त्यो चन्द्रमा अनि
आफै बादल भौं बन्दै म रोई बस्दथें यहाँ!
यहीं खान्छु यहीं प्यूँछु, यहीं बस्छु यहीं सधैं
घर गर्छु म सेवामा पाउको, एकलो छु म।
त्यो छातीमा मालिकको यहीं प्राण चढाउँछु।
नछुटोस् प्रभु, यो सेवा! यहीं दिन बिताउँछु।"
भन्दै गजबका शब्द गर्दो व्यक्ति विचित्र त्यो
केही आश्चर्य पारेर विलासकन, बस्दछ॥

(५)

बिहान त्यो गई टिप्थ्यो फूल सुन्दर बागका।
एक झुप्पा त्यहाँ राख्थ्यो कोठाको फूलदानमा।
एक झुप्पा लिई जान्थ्यो जहाँ बस्थिन् सुलोचना।
खाटमा राख्दथ्यो नित्य जहाँ ती मृदु पाउले
आराम लिन्थे आनन्दी सपनाहरु साथमा।
रातको दर्दले हीन टूनामा मस्त भैकन॥

(६)

बगैंचामा कुना सानो बोट दाडिमको मनि।
माटोको त्यसले चाँडै रच्यो मन्दिर कृष्णको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुइहाते, लगाएर भिंगटीको भिनो छत।
टुक्रा सुन्दर जोरेर, साना गुम्बज सुन्दर
लच्काएर, भरी राम्रा लहरा फूलदार भो
बुट्टा बनी रंग राम्रा निकै देखाउँथे कला।
खंबा रुचिर हालेर, काँचका अल्प खंडले
रंगीन जडिए राम्रा; धूपदानी र दीपका
बान्की राम्रा सजाएर राखेर त्यस बीचमा॥

(७)

दोटा ढुंगा सधैँ कुँदिथ्यो हुँदा फुर्सद कामको।
कृष्ण राधा बनाएर रेखा राम्रा लगाउँदै।
मुरली बान्किलो रूपसाथमा चट्ट राधिका॥

(८)

तिनलाई लगी राख्यो सानो त्यो घरमा जहाँ।
पहिले भग्न आनन्द स्वर्ग सुन्दर पाउँथ्यो।
प्रेमी हृदयको सारा, आदर्शहरु झल्किने।
सानो स्वर्ग बनाएर प्रेमको दिल जोरका।

दिव्य भेट भई दोटा प्रेमी घर बनाउँथे।
सानो र छरितो वास पृथिवीमा नपाइने।
घरको वासनालाई दिव्य पूर्ति दिईकन।
आँसुले भजिने रूप आत्माको सब प्रेमको।

प्यारा हृदयका तृष्णा रुँदै नित्य रमाउने।
आफ्नो साफल्य खोजेर प्रतिबिंबित मूर्तिमा॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(९)

त्यहाँ गै मुरली नित्य जैसानेले बजाउँथ्यो ।
फूलले ढाक्दथ्यो छाना दीप बाली सजाउँथ्यो ।
आँखा दुवै डन्डबाई कृष्ण राधा रिझाउँथ्यो ॥

(१०)

एक रोज त्यहाँ आइन् फूल टिप्दी सुलोचना ।
देखिन् ती रचना राम्रो सानो मिष्ठ कलामय ।
नाचूँ झैं दिलले गर्न लाग्यो, अड्दी तिनी त्यहाँ
धेरै बेर खडा बन्दी हेर्दथिन् जलदार भै ॥

(११)

टिपेका फूल पोल्टाको चढाएर त्यहाँ सब ।
अरू फूलहरू टिप्न गइन्, ल्यादै अबेर भै
सासू उर्लन लागेर सौता आइन् त्यतातिर
फलाक्दै, "कति हो बेर ! के गरेको ?" भनीकन ।
सजीव भाव छोडेर मुर्दा भो चेहरा तब ।
तिनी फूलहरू थोरै लिई त्यो घरमा पसिन् ।
कड़ा शब्दहरूद्वारा सासूले फेरि डाँटिन ॥

(१२)

बराबर त्यसै गर्दा कृष्णको घरमा तिनी
सपना एक देखेर टोल्हाई नित्य बस्दथिन् ॥

(१३)

मानो हृदयको स्वर्ग त्यहाँ सूचित बन्दथ्यो ।
मानो घर थियो सच्चा, कच्चा अल्प बनौटको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कलात्मक, कुनै नित्य भावना आँसुदारको
छाया साफल्यको जस्तो, नमूना झैं मिठासको।
प्रेमको रजधानी झैं कोठरीदार बान्किलो।
कल्पनाले बने जस्तो कुँदे झैं सब आँसुले।
पृथिवीले नपाएको यथार्थहरुमा कडा।
कुनै सत्य झल्के झैं कलाको अनुहारमा।
झुंड झैं शब्दका सारा जो बोल्छन् सब ढुक्कुर।
नपाइने कुरा जस्तो स्वप्न जस्तो नपक्डिने।
छाया सम्भावनाका झैं अगोचर, अपार्थिव।
अगाध रँगका पर्दा लाएका, दुइ तत्त्वको
मिलाप जस्तो सुन्दरता प्रेम जस्तो नसेटिने।
अस्पष्ट दिव्य आनन्द कुनै मिलनको नयाँ
बन्थ्यो आँसु निकालेको छन्दमा, एक त्यो घर।
विशाल विश्वको सानो नमूना झैं बनीकन।
वियोगी दिलका तृष्णा एकला आँसुदारमा।
छोटा मिलनका साना घर राम्रा बनौटको।
आशा झल्काउँथ्यो, कृष्ण राधा दोटा मिलाउने॥

(१४)

थोरै बेर त्यहाँ बस्थिन् सुखी अब सुलोचना।
ईर्षाका क्रूर आँखाले तीखा भूकम्पका हुरी
नचलाऊन् भनी भित्र तसिएकी चरीसरी।
थोरै बेर त्यहाँ हेर्थिन् नअघाएर हिंड्दथिन्॥

(१५)

तर अत्याचार बढ्यो हवा झैं चैत्रमासको।
फूलको दिलमा हाली धूलो सडकका कडा॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१६)

सासू हृदयकी शून्य बोझिथन् वचन जो कटु।
सौता, हृदयकी धार, साँध लाउनकी पटु।
अझ तीखा बनाएर तिनलाई बिझाउन
सधैं खोज्थिन्, सधैं दुःखी बन्थिन् हाम्री सुलोचना
तर्सिएकी बरा ! आत्मा पिंजराकी परीसरी।
आँसुकी जलकी पात्र पछाडितिर खुम्चिने
निहुरेर, जसै पर्थ्यो छाया मानिसको त्यहाँ॥

(१७)

यस्ता रोज बिते धेरै के बयान गरूँ सब!
दुःखको दुःख देखाई दुःखी संसारमा अब॥

(१८)

जैमाने मुरली थौटा लिई नीरव रातको।
मुठुमा भर्दथ्यो बोली अनेकौं पारपारको॥
बगैंचामा बसी काँही अंध्यारो सुनसानमा।
नींदको मस्त विश्रान्तिलाई स्वप्ना बनाँउदै॥
मीठो बोलहरू हाली भाषाभन्दा रमाइला।
दिलका कन्दरा सारा प्रतिध्वनित पार्दथ्यो
झीना कल्पहरू बोल्थे, पातलाई हुरी परी
पालुवा बाल्यमै तर्सी कांपे झैं मेघ धुम्मिदा।
आँसुका मसिना दानाहरूका स्वान्त स्पन्दमा
छातीमा झीलका चल्ने बतासअघि कम्पन।
झोलुंगाहरुमा भित्री कलीला बालक्रन्दन।
फूलका निशिका आँसु तहमाथि सुगन्धका।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदा आशाहरूबाट भाषा मधुरता लिने।
सीपीको जिन्दगीभित्र मोती जीवनको हृयसै
थर्किदा लहरीद्वारा दुःख सागर - कम्पन।
अकेला गुंडमा राती आँधिमा खगरोदन।
आमा दिल रुने शब्द असवाल भरीकन।
रात औ दिनका सारा वियोगहरुको लव।
वैधव्यसम वाञ्छाका दिलभित्र हुने दिल।
तारामा आँसुको भाव झल्के झैँ अन्धकारमा
रंग रूप निभी सारा जिन्दगीको रमाइलो।
शब्दको मुटुको भाव जब गाना पगाल्दछ
जमेका स्मृतिका ढोका पर्दा छेडेर मौक्तिक
आँसुदाना खँदिलिनुभन्दा अघि सरर भै।
मनभित्र हवा पग्ली आउने भावका रव।
गोपिनी दृगका दाना मर्दभित्र वसन्तका
नबोलिने सबै दुःख वियोगहरुका स्वर।
खोलाको अब्धिको खोज नागबेली रुवाउँदो
पहाडहरुका फेद, दिल हाली शिला भरी।
सबै रोदनका शब्द हुँदै करुण - क्रन्दन
भरेर मुरलीमा त्या गर्थ्यो करुण वादन।
सन्नाटा निशिको रुन्थ्यो सारा हृदयका ध्वनि
निदाएका सबै भित्र ब्यूँझाई तारकामनि॥

(१९)

प्रभावहरु ती मीठा मिठास दुखका लिई।
आनन्दभन्दा आनन्द दुःखभन्दा पनि दुख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घुस्थे सुलोचनाभित्र जूनभन्दा सफा बनी ।
रुन्थिन् ती आँसुका ढीका शब्दभित्र निंदाउँदी ।
सम्भनाहरुका राग सहभावी जगाउने
सपनाहरुमा घुस्थिन् चित्र बन्थे त्यहाँ ध्वनि ।
देख्थिन् अनंग ती फेरि आँखा सजल लीकन ।
विषादहरुका मूर्ति खडा आफ्ना अगाडिमा ।
तर ती दुइ बोल्दैनन् हेर्दछन् चूपचाप भै ।
योटी भुकी रुँदी भित्र आर्को आँखा जलैजल ॥

(२०)

यस्ता रात बिते धेरै, तर हाम्री सुलोचना
कतै गर्दैनथिन् शंका, त्यस्तो मुरलिवादक
अनंगको सिवा कोही अरू हैन भनीकन ॥

(२१)

तर ईर्ष्या सधैं खोज्थ्यो छिद्र यस्ती दुखीकन
हटाउन भनी आफ्नो घर-साम्राज्यबाहिर ॥

(२२)

एक रात कुरा लाइन् पटुले पतिका सग ।
भएका नभएका जो कुरा पाइन् लगाउन ।
बनाइन् विधिको खेल पर्दा एक नयाँ कुरा ।
चिठीपत्रहरू धेरै छन् दराजभरी भनी ।
अरूको प्रेममा बस्ने रोएर घरमा सधैँ ।
यस्ती अलच्छिनीलाई हेर्न लाज नमानिनु
गजबै हो" भनी आफ्नु पतिद्वारा "सबै कुरा
आन्द्रामुँडी निकालेर हेरूँ त त्यसको" भनो ॥

CC-0. In Public Domain. Digitization by eGangotri

(२३)

"त्यस्तो रहेछ ! के गर्छौं चिठीपत्र धरूसँग ?"
भन्ने प्रश्न गरी थोरै बेर ती घोरिई रहे।
"नभएका कुरा हामी जान्दछौं र बनाउन।
आफ्नै आँखा लगाएर प्रमाण खँदिला बुझे
भैहाल्छ नि, छ को झूठ, को सच्चा थाह पाइने
चाँडै होला" भनी ईर्ष्या चतुरी शीघ्र थर्पर्दछिन् ॥

(२४)

निकाली दिन्छु आजै नै म राख्दिनँ यहाँ अब।"
भनी विलास ती उठ्छन् जान्छन् ‹ स्थिन् सुलोचना
जहाँ, सानू कोठरीमा बत्ती बालेर रातमा।
ढोका टम्म थुनी आफ्नो दुःख एकान्तमा रुन ॥

(२५)

ढ्याम्म ढ्याम्म गरी लात लगाई बन्द द्वारमा।
विलाससिंह ती शंका पार्दछन् घोर आँधिको।
झस्की सुलोचना उठ्छिन् ढोका खोल्न, पछि तब
कोठामा, भन्दछन् आँखा ठूला लाएर क्रोधका।
दोषी दिल भनी संझी हप्काएतुल्य दृष्टिले।
"खै ले साँचो कुलाङ्गार्नी पूजा आज गरीकन
दोस्रो बिहा गरी तेरो पठाउँछु" भनीकन ॥

(२६)

डराएकी तिनी मानो चरी झैं अन्धकारकी।
हुरीको पहिलो शब्द सुनेर, 'अब के कुरा

29666

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छारो उड्छ अँध्यारोमा ! कति आँसु छ दर्किने !
कति नागहरू डस्छन् आकाश ! कति जोडले
जिन्दगीको गुँडैलाई हुत्त्याउन लगाउलान् !
कति वज्रहरू पर्लान् कति गर्जनका पछि !'

(२७)

भन्ने संझेर तो खालि निहुरीकन बस्दथिन् ।
मुटु ढुकूढुक पारेर त्रासले नव भावले ॥

(२८)

रीसका झोकमा चट्ट हात छाडे विलासले ।
"वेश्या को होस् यहाँ बस्ने कोठी हो ? तँमलाइ के
गिज्याउन यहाँ आइस् ? साँचो दिन्नस् ?" भनीकन ।
खास्टो थुतेर फ्याँकेर खडा पारे रुनै पनि
नजान्ने दुःखकी मूर्त्ति अय्या भन्न पनि अब
बिर्सेकी झैँ सधैँ भोगी कडोरौं दुःख ठोकर ॥

(२९)

आश्चर्यतुल्य आँखाकी विषादमय माधुरी ।
'फुंग संसार भत्केक. हेर्दी जस्ती कुनै चरी ।
बिचरी ती खडा हुन्छिन् कारुण्य मुखको सब ।
मुटु सिर्र हुने श्वाससाथ केही निसास्सिदो
रुवाइभित्र निश्शब्द कुना हक्को विषादको
थोरै खुम्च्याउँदी छातो उछाली थोर दुःखले
क्रूरको अघि ती हेर्दी शून्यमा घोर ध्वंसक ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३०)

झुत्तो साँचो छ लट्केको तुनाबाट जहाँ तिनी
खुंचिई थोर लज्जाले स्त्रीको प्रकृति राख्दछिन्
छातीमाथि दुवै हात बायाँउपर दाहिना ॥

(३१)

झुत्तो देखेर साँचाको तुनामा ती विलासले
साँचो खैंचेर झट्कारी चुँडे निष्ठुर हातले ॥

(३२)

साँचो मिलाउँदा बल्ल खुल्यो ताल्चा दराजको ।
पेचदार पहेंलो त्यो संरक्षकसमान जो ॥

(३३)

प्रेमका पेचका चिट्ठीहरू छन् रे त्यहाँ भनी
सम्झिएका बड़ा क्रुद्ध खोज्छन् डाहाडले त्यहाँ ॥

(३४)

फेला पारे चिठी दोटा गुलाफी चित्र-खाममा ।
नीलो कागजमा, दोटै खुला केही सुगन्धले
छिट्किए झैं, हत्तपत्त खोली हेरे र पाउँछन् ।
प्रेमका मृदु उद्गार दुवैमा र अनंगको
नामको लहरे पंक्ति लहरादार लो डिको ।
गिज्याउँथे भई राम्रा मुखलाई विलासको ॥

(३५)

"जन्म जन्म म तिम्रो हूँ अग्निद्वारा परीक्षित ।
चितावार यता आई चितापार उतातिर ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३६)

भन्ने मधुर बेहोरा भएका ती चिठी बने।
विद्रोहले लेखिएका धंकी भैं प्राणदण्डक ॥

(३७)

"वेश्या संसारकी !" शब्द लाग्यो ज्वलित क्रोधले।
"नाक कान दुवै काटी चुल्ठो काटी पठाउँछु।
भ्रष्टा ताँ कुलटा मैली श्वान सबकी जुठी।
काली गोमन सर्पात्मा धर्मात्मा अनुहारकी।
सिंगारिएकी दौर्बल्य कुलांगार यहाँ बसी।
धर्मात्मा बन्दथिस् बन्थिस् पगली नक्कले नटी।
को हो अनंग! यो तेरो ? बता! कोठी थियो यहाँ ?
टाउकामा यही तेरा तेरो कृष्ण म फोर्दछु।"
भनेर कृष्णको चित्र उचाली हान्दछन् तिनो।
च्वार्लाम् झुलुम् गरी ऐना दुःखीको माथ पर्दाकई।
टुक्रा संसारका सारा वरीपरि झल्झल्किने
उपहार चढाएर, च्याती तस्बीर कृष्णको
रुलाए ती सतीलाई, खडी संसार-वेदना।
ठाउँ ठाउँ लगाएर घाउ राता रुँदा त्यहाँ ॥

(३८)

सुनिए शब्द चड्केको ऐना च्वार्लाम्म शब्द त्यो।
जैमाने के भयो भन्दै उक्ल्यो मास्तिर चिन्तित ॥

(३९)

देख्यो महानाटकको वियोगी दृश्य, ती सती !
शरीरमय संसार चकनाचूरको अघि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्देह आत्मा सजल जस्ती कृष्ण पुकारकी।
कपोल लालीको शोभा आँखा टलपलिंदा दुइ।
विषादमय-सौन्दर्य शिल्पकार विचित्रले
कुँदे जस्ती, महारानी जस्ती करुण भावकी
कुँदेकी, दुःख शिल्पेकी, रेखा मृदुल गर्वकी।
अबला दिलको केही आत्मआदर, दुःखले
प्रकाशित बनिन् पाई नैराश्यसँग सामना।
काललाई जिते जस्ती महा त्रिपुरसुन्दरी।
आँखाका आँसु रोकेर गौड गर्दी विचित्रता।
विरोधहरुका त्रास जितेकी आत्म-ज्योतिले।
बल्न बल्न तयारी ती भाषा खोज्दी प्रकाशन।
धेरै दिन निराशाले अत्याचार गरीकन
दबिएका फुरे भाषा आफ्नो आत्म-प्रकाशन॥

(४०)

शिर केही उचालेर हेरिन् आँखा लगाउँदी।
क्रूर त्यो दिलको शून्य विलास अघि भावले॥

(४१)

"ताँ को होस् घरमा बस्ने मेरो ! वेश्या रछान ताँ !
कुहिएका सबै हाड थुप्रो पारी खड़ा हुन !
कुलटा विषकी मासी; तँ जा घोक्री ! यहां नबस् !
तेरो हक यहां के छ ? तँ कोहोस् !" यति शब्दका
साथमा केशमा हात खस्रो निठुरतासरी
लगाएर जगल्ट्याई घोक्राउन तयार ती।
जैमाने देख्दछन् आँखा डब्डबाई खडा हुँदो॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४२)

बोल्नको खोजको भाषा दबियो भित्र त्यो त्यसै ।
महाक्रूर दयाहीन जंगलीपनले गरी ।
सुलोचना छली ऐना-टुक्रा केही हटीकन
झ्यालतर्फ बाँढ्न् चट्ट घुँक्क घुंक्क गरी रुन ॥

(४३)

हरेक घुँक्कमा हुन्थ्यो दिल घुँक्क तथापि त्यो
छातीको भित्र राखेर, भित्र भित्र सँगै रुँदै
जैमानेले घृणासाथ हेऱ्यो मुख विलासको ॥

(४४)

"चिठीपत्र गरी बस्छे यो वेश्ये ! को अनंग हो ?
कुन गुंडो ? कहाँ बस्छ ? कुन वेला यतातिर
चोरको पाइला चालो बिराले दाउ गर्दछ ?
बता खुलस्त हे रंडी ! निक्ली, ले खुकुरी यहीँ
चुल्ठो नाक दुवै काटी घोक्राउँछु म राख्दिनँ !"

(४५)

यतिमा पटुले सारा घरलाई जगाउँदा
सासू आइन् त्यहाँ आए भान्से, नोकर, दृश्य भो ।
घनघोर त्यहाँ उफ्रे विलास अति क्रोधले ।
घुँक्क घुँक्क गरी रुन्छिन् झ्यालतर्फ सुलोचना ।
तिनैतर्फ दिई दृष्टि जैमाने हेर्दथ्यो, दुवै
आँखा रसीला पारेर, 'दुखिनी अति दुर्बल ।
अत्याचारहरूकी हा ! शिकार अति कोमला !'
भन्दै मनमनै केही नबोली मौन दुःखले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४६)

सासूले तब हप्काइन् चिठी हेरी अनंगको
बुहारीलाइ पहिले, जिब्रोकी तेजदार ती।
पछि छोरातर्फ फर्की "के रडाको मचाउँछस् ?
बेकाममा ! त्यसै आफ्नो जाने इज्जत देशमा।
बिहा नगर्दै यसको अनंगसँग आशक
भएको दुनियाँ सारा खुलस्तसँग जान्दछ।
यो रंडी हैन यो वेश्ये हैन ! यो हो अलच्छिनी।
अभागिनी करैसाथ आएकी घरमा यहाँ।
यो आमा बाबुको भूल, पगली यो बिहाअघि
चिठीपत्र गरी निक्कै अनंगसँग यो रही।
तर भेट हुनै काहीं नपाईकन, बाबुले।
आमाले यसलाई यो घरभित्र पठाउन
झट्टपट्ट बिहा छिन्दा खुस्के झैं मगजै भई।
छटाएर यहाँ आई यो हो खालि अलच्छिनी।"
भन्दा परक सौताले मन-ो आफ्नो बटादृथिन्॥

(४७)

बिलास सिंह जंगेर भन्दछन्, "घरभित्र म
राख्दै राख्दिनँ यल्लाई, चोखी होस् तर राख्दिनँ।
मेरै सतीत्वमा बस्ने नभए, यो बिवाहिता
रंडी हो, खास वेश्या हो, पानी खान्नँ, म हेर्दिनँ।
यो बेइज्जती सधैंको यो सधैंकी यो कुलच्छिनी।"
भंदै बिलास जंगेर उफ्रिए झोकले तब।
घोक्राएर लगे ढोकासम्म "आजै निकाल्दछु
बस्न दिन्न यहाँ" भन्दै आमाले "भो नगर" भनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"यो ब्यादा भो कहाँ जान्छिन् एकली मध्यरातमा ?
घरबाट निकालेर ? निराधार अभागिनी ।"
भन्दा घचेडी आमाको हातसम्म सबै मुख
अँध्यारा मौन पारेर जैमानेको विशेषले ॥

(४८)

सहनै नसकी सर्छे जैमाने त्यो अघिल्तिर ।
"के गरिबक्सिएको यो ? अत्याचार अघोर भो ।
स्वर्ग पाताल नै रुन्छन् काँप्दछिन् पृथिवी पनि ।
निकाली बक्सिनै हुन्न आज यो मध्यरातमा ।
कहाँ सवारी होला लौ विनाआधार एकली ।
दुःखको दिलमा केही राख्नुपर्दछ आदर ।
यस्तो निष्ठुरतासाथ व्यवहार गरीकन
यिनको चित्तले नित्य सराप्नेछ कठैबरा !
स्त्रीको हृदयमा हुन्छ नबोल्ने घोर वेदना ।
बताउन कहाँ सक्छन् भाषाले यस देशका !
आँसुदार दुखी जात नबोल्ने निशि दुःखका ।
यी अनंत दुखी दानाहरूका कोस सुन्दर ।
फूल झैं कलिला हाय ! आँसु झैं तर दुर्बल ।
अधिकार लिई जन्मे हवापानी र घामको ।
मनुष्य बन्न सक्तैनन् दावा दब्दछ दुःखमा ।
हाँस्न फुल्न भनी आए आँसु ली मुरझाइँछन् ।
आत्मा घायल यी पंखहरूले शर छोपिने
चरी-वेधक व्याधाका, जगत्‌का यी शिकार जो
बोली आफ्ना नपाएर आँसु मागेर प्यूँदछन्
मध्यरात कठै ! यस्तो अँध्यारो घनघोरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छतहीन विनाबाटो विनाजीवनको सँगी
अरण्य-बालिका जस्तो बनाएर कतातिर
पठाउने ? कहाँ जाने यिनले ? को छ आश्रय ?
जो आधार हुँदो होला जिन्दगीको अघि अघि।
सो छैन घरमा ल्याए बिहाबारी गरीकन।
चुँडेर मन यी आइन् करले वशले तर
आत्मा जान्दछ आँसुको आत्मा जान्दछ दुःखको
दैवले कसरी सारा आशा भाषा छकाउँदै।
देखरभूली बनाएर जिन्दगीले गिज्याउँछ।
यिनको के कतै आफ्नो आत्माको अधिकार नै
थिएन र ? यिनी यस्तै मुर्दा नै हुन जन्मिइन् ?
दोष नै यिनको के छ ? दिल जो फुल्दथ्यो फुल्यो
एकैबार कतै फेरि फुल्न सक्तैन जो दिल।
तर यो घरमा बस्थिन् पोखेर झलका झल।
टम्म ती दिलका आँसु जो जीवन गुमाउने
भग्नावशेषमा रुन्छन्, यी झरी बिजुली सधैँ
रुने शावककी रात, यी सबै हक-वंचित
भएकी, दीन यी आत्मा शिकार कटुकालकी।
आत्माको शब्द छातीले थिची बस्ने निरंतर।
महासागर आँसुकी, लहरी दुःखकी हरे !
यिनलाई कतै छैन ? हक आफ्नो जगत्भरी
कुमारी-दिलको भाव, पहिलो कोइली रव।
पहिलो कोपिला स्मेर फुलेको गन्धको स्मिति।
पहिलो दिनको आशा, सुनौला झल्किँदा चुली
गुमाएर जगत् सारा मुर्दा जस्तो सधैँ बनी।
चिता जीवनका ज्वाला, माला सकल आँसुकी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यिनलाई यहाँ हेर्नै, बुझ्ने भर दिने छ को ?
यौटा अज्ञात टाढाको ईशबाहेक स्वर्गमा ?
यी कुनै व्यक्ति भज्दो हुन् कुमारीमा यिनी पनि
थिइन् मानिस छातीकी, कोपिला फुक्न चाहँदी।
छामी प्रकृत बास्नामा दोष लाऊँ त्यहाँ कुन ?
आयो होला हवा कहींबाट मन्द सुगन्धले।
हाँसिहोलिन् त्यहाँ आफ्ना छातीका पत्रका तह।
रंगदार मसी हाली लेखिहोलिन् त्यहाँ कुरा।
अपराध महान् के यो हुन सक्दछ ? प्रकृति
आफ्नो गति लिंदै चल्छिन् त्यसमा दोष के भयो ?
वेश्या ? लाखौं यहाँ वेश्याहरूछन् घरमा सब।
पहिला भाव जन्मेका दवाएका मनैमन।
यौटा वरण छाडेर विहा आर्को गरीकन।
को छ यो जगमा सच्चा शुद्ध स्फटिक निर्मल ?
कसको भावना हुन्न कुमारी-दिलमा नयाँ
आसको नव लावण्यमय सौन्दर्य रूपको ?
को जिन्दगी नचाहन्छ ? फुल्न को चाहँदैन र ?
कुन हो फूल जो आफ्नो शिंगारहरू सुन्दर
लगाएर खुशी हाँसी भँवराहरु डाक्नमा
दोष देख्छन् ? त्यहाँ के छ अपराध जगत्भरी ?
किन हत्या यसै हाय ! अबलाको ? लगाउँदै
दोष ठूला जलाएर सतीका दिल सुन्दर।
जगत् नित्य खडेरीमा हार खान्छ जुगान्जुग।
यो के शिक्षित चालाहो ? निकाल्नु अबलाकन।
कुमारी-दिलको देखी प्रेमको चाहना ? चिठी
देखी ? प्रकृतिको प्रेमी ? यो सतीत्त्व अगाध छ !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सके मिलाउनुपर्ने यिनका प्रियसाथमा
जिन्दगी दान गर्ने भै उदार दिलका कति !
तर यो आस राखिन्न यिनी चोखी र शुद्ध छन्।
परमेश्वरको भक्त, आज्ञाकारी मिठासकी।
दिल हत्या गरी बस्ने घरभित्र विवाहको।
आगो हृदयको सारा आँसु हाली निभाउँदी।
के यो कम कुरा हो र ? यिनी भ्रष्ट नभैकन।
वेश्या नभै, नछाडेर कुलको धर्म्म बस्दछिन्।

वेदको आज्ञ मानेर मानो घर समाज र
हृद्हत्या, दुःखको छाती कृष्ण झंझी बनाउँदी।
शान्त निर्मलतापूर्ण स्वर्गबिम्बित झील झैं
यस्ता उपरमा गर्नु क्रूरता यो कडापन
अत्याचार खरो होला, शिलाको दिल पग्लिने।
यो मुहार महादुःखी कुन शिक्षितको दिल
पगाल्दैन ? यिनी रुन्छिन् को हेर्ने आँसु भित्रका?
सौता छन्, फ्याँकिएकी ती जगत्मा एकली सधैं !

किन जीवनले भन्छ तेरो सौता म हूँ सधैं ?
के यी मानिस नै हैनन् के यो जीवन हैन र ?
के यहाँ मुटु नै छैन ? के यो हृदय हैन र ?
आजको रातमा यस्ती अबला दुर्बलाकन
कालको मुखमा हाली देव सारा रुवाउनु
के यो निठुरता हैन ? यिनको दोष नै छ के ?
हरे यी पिंजराभित्र परेकी मुनियाँ, यिनी
दुनियाँका सबै भ्रान्ति भूठा मोल अनेकका
शिकार, शुद्ध निर्दोष ! सती प्रथम भावकी।
यिनलाई कहाँ फ्याँक्ने ? अबलाको कहाँ घर ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो अभागमा आज करुणा रति छैन र ?
निकाल्न खोजिबक्सेको ? निकाले भोलि आउँछ ।
रोई रोई बसून् दुःखी कमसे कम आज ता
घरभित्र, गिज्यायो यो बिहाले जिन्दगीकन ।
एक रात जहाँ मेरो पतिको मान गर्दछिन् ।
थोरै निगाहले हेरी एकैरात भए पनि ।
कलिलो दिलले राख्थें पाहुनासरि दुःखकी ।
हाय ! हाय ! सबै रुन्छन् देवता यी बसून् यहाँ ।
एकरात म छोएर शिरले पाउ माग्दछु ।
यत्ति मानवता आज, आज यी ननिकालिऊन् ।।"

(४९)

यति भाषण दी सारा आश्चर्यमय नेत्रका ।
विलासको झुकाएर क्रोधको शिर गोड्ले ।
पाउमा शिर राखेर दुइ दाना चुहाउँदो
जैमानेले दया माग्यो, ताजूबाले सुलोचना
उसको देवता चढ्दो चाल हेरेर छक्क छन् ।
यो को ? अनंग जस्तो यो ? को होला ? किन बोल्दछ
मेरो निमित्तमा यस्ता मुटुका गूढ मर्म नै ?

(५०)

सासूले तब संझाई छारालाई बुझाउँदी
'अनंग नामको यो को कुन मानिस हो ? कहाँ ?"
भनी सोध्छन् रुबैसाथ, पगलीको मुहारमा
टाढा पुलुक्क हेरेर बदलीका विषादका
जिन्दगीभरका सारा वर्षाका घनका ढिका
देखेर नरभाएका भावोद्गार सुनीकन ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५१)

जैमाने अन्न लाग्यो त्यो अनौठा भावले तब।
"अनंग नामको यौटा, आधा पागल कर्म्मको।
कथिया, दुःखको भाँडो, फुटेको आसको घट।
आँसुको खिम्सिमे थोपा, यौटा प्यास अनन्तको।
गुँड भत्केर हावाले अँध्यारो निशिको चरो।
यौटा पंडितको छोरो छरितो चालको निकै
रवाफिलो थियो पैह्ले ताजा आदर्श सुन्दर।
चूलीमा देख्दथ्यो, उड्थ्यो सपना स्वर्गमा ऊँचा।
जिन्दगी भन्दथ्यो पैह्ले काँढाशून्य गुलाफको
सुगन्ध हो, उज्यालो हो, अँध्यारोपछिको कुनै
निर्माण हो, नयाँ मीठा रोमांचहरूको, नयाँ,
आनन्दको महल हो कलाका नाएमा सधैं
काँचरंगी, निगाहाले स्वर्गको वायु शीतल
सुगन्धदार सपना सुनका सूतले बुनी।
उषाले पूर्वगिरिमा झुंड्याएको मनोरथ।
सधैं अमृतको हाँसो बसन्ती वनमा जहाँ
हलुका दिलमा सुन्छन् सपना मृदु चाँदनी
ओढी चादर, यस्तैमा यौवनाकाशमा कुनै
सुधारश्मि कलापूर्ण चाँदनी मोहिनी स्मिति।
स्वर्गकी छविकी रानी, जादूगर्नी पहाडकी।
सपनामा डुबाएर सारा सन्सार कर्कश
नरमाएर आनन्द सुधा छर्दै उदाउँछिन्॥
तिनै जो पहिले खेल्थिन् बाल्यमा वाग्मतीतट-
नजीकमा लहरकी चाँदी चांचल्य चंचले।
मीठा गुन्गुन गाएर गिरितोते यता उता
दिन-रात दुवैलाई झल्काई स्मिति बाल्यमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फूलदार किनारामा पृथ्वीको चपनाउँदो ।
कलिला करले साना सब आनंद छन्दका ।
तिनै जो बाल्यमा सानी कोपिला तटका तह
रंगका कामनादार अचेत मृदु ग्रन्थिमा
बान्किलो राख्दथिन् फुक्न हवा, पानी, प्रकाशमा ।
वाक्य आनन्दले चौंडै सपना र तरङ्गको
सूतलाई रंगाएर, जिन्दगी मोहनी मृदु
निर्माण गर्न खोजेर, अंग आफ्ना फुकाउँदै
सुगन्धदार आशाले खोज्यो संगी मिठासको ।
साथी हृदयको पैह्लो पुतलीहरूको सँगी ॥
वसन्ती बागको शब्द थियो एक अनंग त्या ।
उस्तै आशाहरूलाई फूलरंग दिंदो बढी
अनंग भेट भो काहीं ती दोटाको वसन्तमा
बैंसको–एक गाएर चाँदनी नै हँसाउँथिन् ।
आर्को बाटा विराएर आउँथ्यो सुन्न मोहनो
आँखाले प्रेमका दाना गिराए मृदु प्राकृत ।
नबोलेको अभैसम्म प्रेम रंग लिंदो नयाँ ।
रसाई दूर आँखामा बोल्यो साना मिठासले ॥
त्यो रात छुट्टिए दोटा ताराअघि सुनाउन ।
ओठ पाएर जन्मेका नयाँ शब्द जलामय ॥
भेट फेरि भयो आर्को, दाजूको दुइका सँगै ।
अनङ्ग भावले उर्ली सारा सुन्दरता छुंदै ।
विश्वको महिमाकार ईश अस्तित्त्व छाँट्दथे ।
खँदिलो चीज झैं पारी कुनै बहसमा, त्यहाँ
सुलोचना–कोइली झैं छोएकी मधुमासको
पहिलो मोहनोदार शब्ददायक पुष्पका
रसले पालुवादार रसना कपको दिइ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुलोचना ठुला आँखा रसाई सहभावले।
मग्न प्रेमसरी मीठो सपनासरि सुन्दर।
दिव्य भाषणले आफैँ भुलेकी गर्दथिन् त्यहाँ
प्रकाशन सबै आत्मा पुष्पद्वार बसन्तको।
शीतद्वार उषाकाल बोले झैँ छन्द छन्दमा॥
छुरो आयो महाकालो हुरी स्वप्न उखाडिने।
वियोगिनी बनाएर आत्माको सपनाकन
दुवैतर्फ ! उठ्यो जाल महाजाल सबै मिली।
होम्न आनन्द आत्माको बिहा गर्ने बिचारका
पखेटामा दिए वेग आत्माकी पिंजरे चरी
उड्न खोजी त्यसै वेला जरोले क्रूरता लिई
बैरायो जिन्दगीमाथि भुंग्रो घोर अनंगको।
बिचेत प्रेमले देख्यो विश्व - भूकम्पमा नयाँ।
आत्मा उडेन आसाले, महीना दिनका पछि
दुब्लो विकृत त्यो रोगी सधैँको प्यास झैँ उठ्यो।
'पानी ! पानी !' भनी खालि ताराका अघि बिन्दु झैँ—

सुन्यो खबर छातीमा बज्र लागेर मूर्छित
भयो, होश त्यहाँदेखि लाटो भो शिशुकालको
छानाबाट खसी नाच्ने लाटाहरुसमान त्यो
नखाई नपिई धेरै प्रेमी कुक्कुर झैं बस्यो।
व्याधाको जालमा पर्दा दिलकी एक मोहनी।
दुब्लाउँदै, हुँदै रुग्ण मृत्यु जीवन पाउँदो।
सधैँ हात पसारेर शून्यमा हक प्रार्थना
स्वर्गका अघि गर्ने त्यो, वाग्मती-तटमा सधैँ
देख्यो सन्सार रोएको अन्ध खोजी अनन्तको।
भोको झैं दिलको सेवा खँदिलाउन खोज्दथ्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाउका कलिला रेखा पूजा गर्दों सधैंभरी ॥
तर त्यो अलिपयो काहीं छैन रे घरबार नै
खोसिएको ! कुनै दुःखी 'उजूरहरू आँसुका
गर्न जान्छु' भनी काहीं भन्दछन् त्यो विदेशियो।

यहाँ छैन, उ भन्दो छ स्वर्गको नै अदालत।
जिन्दगी खपटा पारी आफ्नो जलभरी घट।
टुटाएर, फुकाएर, वाफ झैं उड्न खोज्दछ।
यो पारमा नपाएर आसका बादुला सुख।

हिंड्छ रे त्यो विदेशी भै बहुला सब मर्म्मको ॥
तर यो दुःखकी साथी संगिनी मुटु आँसुकी
चोखी छन् अणुमा सारा सफा स्फटिककी अणु।
स्वर्गज्योति चर्चकाई झल्किने पानिदार ती।

अणु सारा सफा शुद्ध भावनाकी सुकोमल।
प्रेमलाई पुऱ्याएकी निराशामा त्यतातिर।
जहाँ अमूर्त आनन्द बन्छ अमृत भक्तिको।
यी आत्मबलिकी वेदी, आँसुदार सतीत्व यी।

यी मीरा कृष्णकी, शुद्ध भावनाकी प्रसून यी।
यिनलाई कुनै भन्छन् रंडी वेश्या भने रदा ॥
क्षुद्र सेवक यो लेला हजारौं काल, रौरव
महा-रौरवका ठूला परीक्षा, दुःखका दिन

अनंतकालका छेउसम्म यो वडवानल-
भित्र बस्ला, सधैं गर्ला प्रतिज्ञा—यो कतै पनि
मैलो छैनन् कुनै थोपा कुनै अणु कुनै तिल।
पृथ्वी मैली थिइन् हाय ! काल धोखा दुखी दिल !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५२)

अति भाषणको बाद नबोली आँसुले भरी
आँखा लिएर त्यो दुःखी जैमाने गो सुरु सुरु
ओर्ह्लेर सब तस्वोर पारी आश्चर्य मौनमा ॥

(५३)

सुलोचना बनिन् यौटी तस्वीर सब वेदना
आश्चर्यतिर ढल्केका पानीदार सुकोमल।
स्वरूप मुखमा हेर्दी देवताको समर्थक।
आवाज जति चढ्दै गो उति निश्चयता लिंदी।
'यो हो अनंग नै पक्का' भन्ने आखिरमा चिनी
आफ्नो सेवक त्यो मौन प्रेमको झैं समर्थक।
उही आवाज, सौन्दर्य-भावमा दिलको उही।
भेष आर्कै गरी बस्ने आफ्नो यो परदेशमा।
यौटा आड—रुँदा भावहरू चालेर शब्द झैं
बोल्दै ती मुटुका शब्द जो तिनो बोल्न खोज्दथिन्—
जाँदो आखिर स्वप्ना झैं पर्दा राखेर बोचमा—
पर्दा अनौठा पृथ्वीको समाज र विवाहको॥

(५४)

विलाससिंहले हेरे फर्किएर पुलुक्क त्यो
जाँदा बाहिर ढोकामा, मौन आश्चर्यले सुनी
कति शिक्षितका शब्द, निठुरी शरमाउने।
आफ्नै आत्मा बनाएर अपराधी लजाउने।
सारा निष्ठुरता आफ्नो, सत्य खोलेर भित्रको।
कुंजी झैं भावको यौटा, मूर्ति अल्पेर छेकिंदो।
द्वारले॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५५)

तर त्यो चाँडै गयो बाहिर अल्पियो
अँधेरी रातमा पस्दो अन्धकार विशालमा।
कता जान उही जानोस्! तर बोलिन् त्यहाँपछि
आमाचाहिं, "यसै राख् त बाबु आज सबै कुरा।
आजको रात दे बस्न भोलि हामी सबै मिली
गरौंला फैसला भैगो--त्यही हो त अनंग भन्?
त्यही हो?" भन्दछिन् फेरि बुहारीतिर, ती तर
झुकिन् केही नबोलेर आँखाले मुखमा यसो
जलदार महाभावसाथ हेरेर 'हो' भनी
नबोलेर भनेतुल्य, संझनाले रुवाइँदी॥

(५६)

सबै गए त्यहीं छाड़ी दुःखिनीकन एकली।
बिहानीपखको केही चिसोपन शुरू हुँदा॥

(५७)

सुलोचना रुँदै केही वेर थाकेर सुत्दछिन्।
मस्त नींद लिई आफ्ना थाकेका अंग, वेदना
आँसु सारा त्यसै बिर्सी हुरीपछि निदाउँदी।
पुष्पशोभा बनेकी ती। सुते अरुहरू पनि।
तर यो रातमा अर्कै भयंकर कुरा थियो।
पछुताउ अनौठाले छोप्यो छाती विलासको॥
नींद लागेन त्यो रात, वियोगमय नाटक
देखेर दुइ प्रेमीको आफू काँढा भईकन!
दुवैको जिन्दगीलाई दिएको वेदनाकन
कल्पनाबाट नापेर, सारा निठुरताहरू-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संझेर घरका आफ्ना, त्यो दुःखीमा अभागिनी
बझेका; त्यसका सारा पीरा आँसु नबोलिने
दर्द, त्यो टुहुरी, प्रेम-विधवा सधवा रुँदी।
भाषा नपाउँदी देखे दुःखकी मूर्ति झैं खडा।
कल्पनाअघि झल्केर शब्द सारा अनंगका।
त्यसको दिलको फेरि चकनाचूर क्रन्दन॥
"दुइटा प्रेमका छातीबीच काँढ़ा बनीकन
रुवाई अबलालाई म ज्यूँदै छु" भनीकन।
दुःखले अब छोपेर भेटी गाढा विषादले।
उत्कृष्ट भावले छोई, जो झर्छन् दुःखका निशि
उल्टाई दिलका मोल दोस्रो कोण दिईकन।
जिन्दगी एक सांग्रो यो सीमादार त्यसै क्षण
उल्लंघन गरी, भन्दै खुला शीत अनन्तता।
विशाल भावले आफ्नो प्रायश्चित गरूँ भनी
तयार दीप्त वेलामा–अनौठा एक प्रेरणा
आयो– मन कसे – लेखे चिठी यौटा– र घोरिए
थोरै बेर, झिके आफ्नो तब पिस्तौल्, त्यहाँ अनि
गोली भरे यसो संझे परमेश्वर, आँटले
सब ताकेर छातीमा आत्महत्या गरी मरे॥

—oo—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्दश सर्ग

(१)

अनंग वनमा गए तर अँधेर त्यो रातमा।
जसै पवन ब्यूँझिए मिरमिरे हुँदो प्रातमा
पुगे विपिनमा बनी हृदय-भ्रान्त दुःखीसरी
'म बस्दिनँ कतै' भनो 'जनसमाज अन्धो भरी ॥'

(२)

पसे शिवपुरी तिनी निविड त्यो महारण्यमा।
जहाँ वन उचालिँदै गिरि विशालका खंडमा
विभिन्न तरुका थिए निविड भीड जस्तो उठी
सिंगारसँग डम्मिदा जनसरी तमाशाअघि ॥

(३)

जहाँ किरण सूर्यका सतत छेकिई वृक्षले।
सधैं मिरमिरे बनी मधुरता लिंदो दृश्यले।
हरा प्रचुरता लिई कुसुमदार शृंगारमा।
सुशीतल मिठासको रँग लिंदो छ संसारमा ॥

(४)

गजेन्द्रहरुको महान्, घरसमान त्यो कानन।
अनेक मृग छन् प्रजा बहुल पुष्प पन्ना धन।
अनेक कमरा हरा कवि चराहरूले भरी।
त्रिछाई भुइँ शोभिने मखमली हरा बिस्तरा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५)

प्रसून रँगिला परी बसन जा कलीला धरी।
अनेक नखरा गरी मृदु सुगन्धका माधुरी।
सुमन्द वन-श्वासमा विविध नृत्य नाचीवरा।
सदा मन खुशाउने चपलता तरुनो भरी॥

(६)

कुरंग प्रसदाहरू विपुललोचनी भावका
बसेर तरुफेदमा हृदय-विज्ञ स्वामीनिका
लिई सँग कन्याइँदा मधुर ढंग संचो गरी
थिए सतत ढल्किदा मृदुल शस्यमा सुन्दरी॥

(७)

अनेक वननिझगा रजत-चंचला चलमल
झझल्किन मिठासले तरल ओह्लिँदा छन् तल।
कुनै हृदय साधुको सुविज्ञभावको माधुरी।
लड़ासँग लड़ी झरो मृदु प्रकाशले स्वर्गको।
सजीव लहरी लिंदो भजन सत्यको झैं गरी।
शिवालयहरू भजो मृदुल नागबेली परी।
झरेसरि थिए त्यहाँ हृदय कल्कलाएसरी।
जलैजल झझल्किने नित घुमेर हिंड्ने झरी॥

(८)

गजेन्द्रहरुको थियो प्रकृति शांतिको शासन।
थिए घर र बार नै तरु र झाँग पुष्पै धन।
चरा मधुर बोल्दथे प्रकृतिवालको झूलन।
थियो सकल सौख्यको सब सुवासको नन्दन॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(९)

त्यहाँ समर ता थिए तर स्वभावका प्राकृत।
अविकृत मिठासका प्रकृतप्यासका भोकका।
प्रयोजनविना लडो विविध चाहना कृत्रिम।
थिएन त्यस ठाउँमजनसमाजको झैं तम॥

(१०)

स्वतन्त्र हकको जगत् प्रकृत वासना ली खुला।
प्रकाशन सधैं लिंदो हृदयको उज्यालो भला।
विनाकर फुली झुली मधुर बैंसका बागमा।
थिए हृदय फैलिंदा प्रकृत गेहमा आसमा॥

(११)

थिएन यस ठाउँमा शठपना तथा चातुरो।
थिएन यस ठाउँमा जनसमाजको विकृति।
न एक नकली कुरा न शठ ज्ञानठेलीहरू।
थियो प्रकृत माधुरी मृदु विकाशमा सुन्दर॥

(१२)

त्यहाँ जनसमाजका सकल चाल बाङ्गा बनी।
रुँदो हृदय राख्दथे निहित दुःख छातीमनि।
दबी हृदयका कुरा सब विषालु लो आँकुरा।
विशाल वन-वृन्द झैं जन थिए भई माकुरा॥

(१३)

यहाँ प्रथम तत्वका कलुषहीन भावादिक
थिए मधुर कामना तरु जरा छुने वेधक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुशीतल समाज झैं नियममा हरा प्राकृत
थियो सुख-प्रभावको विपिनरूप संसार यो ॥

(१४)

यहाँ रहनु नै थियो सकल घाउ पारी निको।
मिही मलम लाउन प्रकृति सौख्य पाई निको।
समाजपरको जगत् मधुर पुष्प एकान्त यो।
यहाँ यदि हवा पिए कलुष हट्दथ्यो भ्रान्तको ॥

(१५)

'म खान्न अब अन्न नै तर म प्यूँ दछु यो जल।
टिपेर वनबीचको धकविना फूलेको फल।
म बस्छु शिवसाथमा—शिवपुरी भजी, सुन्दर
बनाउँछु महीरुहै प्रकृत सौखको मन्दिर॥

(१६)

विराद्न यहाँ महान् प, चरा तथा फूल हो।
यही विपिन-सभ्यता मधुर आर्यको मूल हो।
बसी तप गरी गरां प्रकृत चालको यो तन
चढाउँछु फुलून् भनी कुसुमवृक्ष प्यारोकन ॥

(१७)

मिठाससँग सुस्तरी हृदयका सबै भावना
बनाउँछु उचालिदा कुसुमवृक्षको वासना।
झिकेर अणुका छवि प्रकृतिबीच आत्माकन
उतैतिर लगाउँला जुन छ स्वर्गको जीवन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१८)

प्रतिक्षण म श्वासले मधुर गर्छु आमंत्रण
त्यही हृदयको छ जो सकल विश्वको नै धन।
प्रसून तरु पखमा सतत गर्छु आरोपण।
तिमी मसंग आऊ हे! हृदयको" भनी "जीवन॥

(१९)

कणा हृदयका सुनी मधुर प्रेम झंकार ता।
सबै शँग र वस्तुमा नकहिने मिठी भाव लो।
लिएर सहभावका मसृण चुम्बका वासना।
मतर्फ दिल फर्किई मिलन निति तैयार हुन्॥

(२०)

सुनून् हृदय-कानले मधुर मौन एकान्तमा।
प्रतिक्षण जगत् छुटोस् सकल भावना अन्तमा।
मतर्फ धन सङ्लिदी जलधितर्फका निम्नगा
बना मिलनमा पूगून् नित चढ़ेर ओर्ह्लीकन"॥

(२१)

यस्तो भाव गरी हाम्रा अनङ्ग बनमा बसे।
टिपेर फल मौकाको पिएर जल शीतल॥

(२२)

पुकार्थे वृक्षमा कैले, "स्वर्ग—संदेशको गुँड!
ब्यूँझाइदे तिनीलाई सारा पत्र चलाउँदै।
बास्ना सब निकालेर मेरो जीवनको" भनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२३)

कतै नालाहरूलाई भन्थे, "रजत-शब्दका
माधुरी लहराएर वन, शैल, पहाड़मा
महासागर-प्रासाद निनादसँग बोलिदे।
उनको नींडमा मैले बोलाएको सुनाइँदै ॥"

(२४)

कहिले शस्यमा भन्थे, "शैल-रोमिल-माधुरी !
नयाँ रोमांच ल्याएर तिनका केश केशमा
आमन्त्रण सविश्वास मेरो सौगन्ध-शीतल
आरोपण गरीदेऊ आर्को मिल्छ उषा भनी।
निराशामय यो ठूलो अन्धकार पछाडिको ॥"

(२५)

चराका सामुमा भन्थे, "पंख पारी सबै कुरा
मनका, जा भनीदे तँ स्वर्गमा देवताहरू
पर्खीरहेछन् झुन्ड्याई फूल राम्रा गुलाफको।
सुनौला घरमा ठूला हामीलाई ! तिमी र म
गरूँ प्रस्थान त्यो बाटो जहाँ किरण सूर्यका
गाउँदै आउँछन् पृथ्वी अँध्यारो निशिका पछि ॥"

(२६)

अंधकार जसै छायो वनमा भन्दथे तिनी,
"सुनसान अँध्यारो त जा छाने घरमा जहाँ
सुलोचना बसेकी छन्, लाख तारा जगत्‌हरू
चंचमाई रहेका छन् सूचनासाथ व्योममा
सेतो राप लिइ, हाम्रो दिलमा, लाख छौं जगत
गर्न स्वागत के रुन्छ्यौ अँध्यारो घरमा ?" भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२७)

जसै आकाशले लिन्थ्यो रँग स्वर्ण प्रभातको।
"मेरो वैकुंठ ओर्ह्लेको छायाको रूपमा," भनी
तिनो भन्थे, "कहाँ बस्ने मेरी प्यारी सुलोचना?
हवेली कुन हो, के हो सिंगार नव स्वर्गको?
परी कति छ राखेको प्याला पीयूषका कता?"

(२८)

यस्तै भाव गरी नित्य दुब्लाई रोज रोज ती
एकान्तबीचमा बस्थे प्रेमी पागलझैं सदा॥

(२९)

भावना नित्य गाढा भै झन् झन् भाषा विचित्र भो।
के भने झैं के भने झैं सांकेतिक मिठासको॥

(३०)

वृक्षले बोल्न थाले ती विहंग बुझिने भए।
आकाशले लेख्न थाले सुनौला दिव्य अक्षर॥

(३१)

फूलले ओठ खोलेर मृदु भाषण गर्दथ्यो।
प्रत्युत्तर चले मीठा बुझ्थे खालि अनंग ती॥

(३२)

ताराको गतिमा देख्थे तिनी छंछम नृत्यका।
माल्यका कुंजका भाव गाना सुन्थे रमाइला॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३३)

परी पर्खीरहेका छन् अनंग र सुलोचना-
लाई नाची उँचा व्योम, मृदु स्वागतले भरी ॥

(३४)

चन्द्रमा हांस्दथे माथि पीयूषकर मोहन ।
'लागे लागे' भनी 'मिल्न अनंग र सुलोचना ॥'

(३५)

नालाले नित्य गाएर 'प्रेमको दिलको गति
पारावारनजीकै छ' भन्न लागे सफासफी ॥

(३६)

झण्डाको वृक्षको हाँगा हरियो पुष्पशोभित ।
'हामी मिलनका निंति' भन्दथ्यो, 'प्रेम निमित ॥'

(३७)

औंठीतुल्य भयो खाल्डो सुनील गिरि-वेष्टित ।
पन्ना ठूलो जडे जस्तो बिहाको निंति स्वर्गमा ॥

(३८)

ताजलाई झल्केर पूर्वपट्टि हिमालय ।
'प्रेमको छ बिहा' भन्दै लागे झल्किन सुन्दर ॥

(३९)

आए बादलका खात तहमा तह सुन्दर ।
धूलो पखाल्नको निंति वायुमंडलमा सब ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४०)

उडे चराहरू राम्रा पंख चाली अकासिई ।
हर्षका पंख झैं बोल्दै 'प्रेमको स्वर्ग भो भनी ॥

(४१)

पृथिवी नाच्न लगीकी सशैल-वन-निम्नगा ।
चन्द्रहार जडाएर शरद्को स्वर्गमा पसिन् ॥

(४२)

शनिश्चर त्यहाँ आए हजारौं चन्द्रमाहरू ।
माला गुच्छा बनाएर प्रेमको स्वर्गखातिर ॥

(४३)

रातो भो एक ताराको लालीदार मुहार त्यो ।
आइन् सुलोचना हामीलाई गर्न फिका भनी ॥

(४४)

झरे किरण गाएर झर्ना भै उदयाद्रिका ।
सुनौला मधुरा झर्ना बाटुलो प्रेम सूर्यको
विम्बबाट झरे जस्ता भावनाहरू गाउँदा ॥

(४५)

सपनामा निदाएर वनले ध्यान गर्दथ्यो ।
सुलोचनाको सौन्दर्य कस्तो हुन्छ उहाँ भनी ॥

(४६)

वनका पातले गर्थे इशारा मृदु हातले ।
'आऊ सुलोचना' भन्दै हजारौं भावनातिर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४७)

कुल्यों ढुक्कुर चोरेर भावना त्यो अलौकित ।
पृथिवीमा एक जीव हूना जान्ने अनंतको ॥

(४८)

मोती मोती लड़ी लागे डरमा बनपुष्पका
रोयो हर्ष सबैतर्फ सुगन्धसँग सुन्दर ॥

(४९)

साँझले ढलिंकदो शोभा लालीदार बनीकन
अस्ताद्रिमाथि क्यै भन्थिन् 'विश्रान्तिमय जीवन ॥'
अस्थिपिंजर जस्ता ती जिन्दगीको पर्यो लिई ।
अकेला अन्त्यको झीनू प्रेरणाले विचित्रको
एक दिन शरद्छेऊ आर्यघाट पुगे, जहाँ
अवसान छ साराको चन्द्रशेखर-पाउमा ॥

———

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चदश सर्ग

अब नभैकन आउ सुलोचना।
हृदयकी विधवा विधवा भइन्।
विहंगिनी वनकी विधवा बनी।
रहित-नींड भइन् घनका मनि॥

(२)

अब स्वरूप भयो सकली भला।
घर त्यही तर भो दुखको थला।
सुचिर मन्द थिए अझ ती पला!
जिउनका करका घरमा भला॥

(३)

हृदयका रव दीन उडी सकी।
सुरपुरीतर, देह झिनो झुकी।
बदन मात्र बनी विधुको तिनी।
घर बसिन् घनको निशिमा घना॥

(४)

अब त जीवनको वन–रोदन
विशद भो शरदीय बनी कण
हृदयका जलदार सबै घन।
पवनभित्र छिपेर रसाउन॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५)

कुसुमको मृदु ओठ झरीवरी।
रँग अनेक रुँदै सहँदी हुरी।
समयमा शरदीय बसेसरी।
कृश भइन तर दिव्य प्रभावरी
ऋतुमुताबिक लीकन सुन्दरी
हृदयमा अवता अरु कामना।
सुरपुरीतिरका मृदु भावना ॥

(६)

जुन छ जीवन पितृप्रदान यो।
हृदयलाइ बुझाउन दीकन।
अब चरीसरि पंख फिजाउँदी।
मनमनै पिंजराकन जित्तथिन् ॥

(७)

मधुर मृत्यु भयो तर जीवन।
नित चुहीं दृगमा जलका कणा।
अब भयो अवसान नजीकमा।
तर शरदृऋतु छन् मन सङ्लिंदी।
अब तयार भए सब भावना
मिलनलाइ गरीकन कामना ॥

(८)

अब त शब्द बने परलोकका
सकल चीज र रंग वरीपरि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब गयो खँदिलोपन दृश्यमा ।
अब गए घनका रसिला झरी ॥

(९)

मृदुल शान्ति समान छ सूचित ।
सकल भाव उतातिर प्रेरित ।
हुन गई अब आउँछ स्वागत ।
खबरमा खगका पनि अद्भुत ॥

(१०)

कुसुमले अवसान लिने घरी ।
पवनमा अब आउँ भनेसरी ।
हृदयमा नव प्रेरणा आउँछ ।
पवन बास लिई पर धाउँछ ॥

(११)

ग्रह जुहार लिंदो नभले पनि ।
'भुवन छन् अरू हे गृह कामिनी !
विविध नृत्य छ आउ' भनी भनी ।
अब समाउँदथ्यो छबिलो बनी ॥

(१२)

'सुरपुरी छ उतातिर शैलको ।
कनक-सुन्दर पुष्प शिंगारको ।
हृदयका सपनाहरु ब्यूँझिने
शिखरमा' यति शब्द सुनाउँथे
खग जसै रवि नूतन आउँथे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१३)

हृदयका मृदु प्रेरण झैं निका
प्रणयका सब सुन्दर भावले ।
अब झरीकन ती विधवाकन
धव अनेक शिगार बनाउँथे ॥

(१४)

कृश बनिन् तनुको तनुदार तो ।
छवि उडेसरि, स्वर्ग-मुहार तो ।
अब थियो जगजीवन आरती ।
अब विसर्जन जीवनभारको ॥

(१५)

अवनिबीच समस्त अपूर्णता ।
सकल वर्तुल बन्दछ जो उता ।
अब त्यजीकन त्यो मन भन्दथ्यो ।
मदनको वन नन्दन झैं उता ॥

(१६)

अब सुकिन् सुकुमार मुहार ती ।
त्तय पर्‍यो जिउमा, मुखमा तर
सकल स्वर्ग बसेर जुहार तो ।
अवनिको अब छन् विधु सुन्दरी ॥

(१७)

कुसुम जीवनको कणदार यो ।
हृदयको सब बास उडीदिने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रंग निभोकन कंटक झैं हुने।
समय स्वल्प हुने जग अल्पियो ॥

(१८)

अब तिनी अवसानसमीपमा।
पशुपती प्रभुको पदमा पुगिन्।
मरण आयं हुने अब घाटमा
ऋण तिरूँ भनि जीवनको गइन् ॥

(१९)

अब थिइन् जननी गहमा जल।
हृदयको सब दुष्ट कुशासन
डसितु झैं स्मृतिमा भरिए त्यहाँ।
कुसुम झैं दुहिताअघि घाटमा ॥

(२०)

"न घर भो ! न त जीवन भो हरे !
हृदयका सब आस झरी मरे।
दुख अनेकन भोग्न रुँदै रुँदै
जनम भो नि हरे ! तिमिमा सधैँ ॥

(२१)

दिन र रात रुँदै पगलीसरी
दिन बिताउँदथ्यौ नि कठैबरी !
गह सुकेन हरे नि कुनै दिन !
नित रुँदी रहमा मनको भन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२२)

पछि त बोल्नसमेत त्यजीकन
हृदयको हृदयै रसिला कण
हरु भरी तहमा जल ली फुली
हुन गयौ अति कुंचित कोपिली ॥

(२३)

रहविषे गहलाइ रुझाउँदी ।
विरहका रह चित्त डुबाउँदी ।
जलपरी सुकुमार मुहारको ।
विरहको रहमै नित बस्दथ्यौ ॥

(२४)

न सुख भो सपना न फुले कुनै ।
जलद-व्याप्त भयौ मनको मनै ।
यति सफा सुकुमार मुहारकी
मृदु जुहार दुखी यसरी बन्यौ ॥

(२५)

जुन बनीकन जून समुज्ज्वल ।
हँसमुखी नभकी मृदु अप्सरा ।
सुख मनोहर स्वर्ग रचीकन ।
जगतकी महिषीसरि भैकन ।
सकल यो दिललाइ रिझाउँने
किरण शीतलले मुसकाउँदै
सखि सुखीसँग चंकनुपर्दथ्यो ।
नित दुखी घनकी मांहमा बन्यौ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२६)

हरित कुंजविषे मृदु बैंसका
किरण न्यानु परी उर फैलिदी।
सुमनतुल्य सुगन्ध लिई हवा
सब दिशा खुश पार्न अहार्उदी।

वदनकी महिमा, मनकी सुख।
हरितपत्रविषे घर सुन्दर।
जुन लिईकन फक्रनुपर्दथ्यो।
नित उही मुरभाउँदथ्यौ हरे!

(२७)

न गुँड भो, न भयो सुख जिन्दगी।
न छवि भो, रवि भो, न बने दिन।
किरण शून्य भरी, नितकी चरी
शर बिभी उरभित्र कटैबरी!

निठुरता जगको नसही अब
हृदयघायल छौ अवसानमा।
नित रुँदा गह आज रसाउँछन्।
निकट जीवन हुन्छ मशानमा॥

(२८)

हृदयकी कलि भैँ छवि खोज्दथ्यौ।
नवनिकुंज लिई जगको खुला।
तर थियो रुनु कर्म सधैँ हरे!
गहभरी रहभित्र डुबे पला॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२९)

'म सुखको घर एक बनाउँला।
सुमनको दिलतुल्य फुलाउँला।
रमणासाथ रमा म मिलाउँला।
हृदयमा सुख नित्य दिलाउँला।

अमृत जीवनका म पिलाउँला।'
नित भनी जननी जुन जीवकी।
हृदय आस भरीकन बस्दथी।
अब कठै! उसमा सब जीवन

हुन गईं सब साउनका घन।
छ अवसान समीप दुखी दिन।
अब कसो गरि थाम्नु हरे! मन?"

(३०)

यति भनी गह टलपल दुःखका।
विरहिणी जननी दिल घुँक भै।
सहनसम्म नभै अब वेदना।
हृदय-वेधितका अघि पुछ्दछिन्॥

(३१)

कुल र इज्जत भूठ विचारले
कसरि जीवन रुन्छ सँधैभरी!
हृदयमूल्य जलेर बिहा गरी
करसँगै कसरी बिचरी बरी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुसुम तुल्य जमीनविषे झरो।
नजरमा जलकी कण सुन्दरी।
अवनि - जीवनको अवसानमा
अब बनिन् उपदेश मनोरमा ॥

(३२)

"अति थियो हुनु भो, अब जिन्दगी
न फिरिआउँछ, बन्छ न यो सुखी।
अवनिमा म बनें गहकी जल।
भल फुटेर रुँदै दिनका पल ॥

विविध घाउ बन्यो दिल कोमल।
सुख थिएन यहाँ तर हा ! तल।
अनलमा म बसें पृथिवीतल।
तर उतातिर बन्दछ शीतल ॥"

(३३)

यति लिईकन भाव मुहारमा
टलपल उनलाइ तयार ती।
हृदयमा जननीकन भन्दछिन्
'अब बिसाउँछु जीवन-भार' ती।

मुदु रुँदो छ सुदिव्य मुहार ती।
सजल लोचन विश्व-जुहार ती ॥

(३४)

अब रुँदा गहले सब घेरिंदो।
सदय दृष्टि दिईकन हेरिंदी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सकल चुक्चुकले अब बेह्रिंदी।
हृदयका जलले अब सेचिंदी।
करुण अनेकनकी संगिनी तिनी।
अवनिमा वनिता दुखकी बनो।
"छ उसपार अपार जुहार रे।
सब करुणाकृत मौक्तिक हार रे॥"
यति भनीकन दिव्य मुहारले
मृदु पुकार गरीकन बस्दथिन्॥

(३५)

अब त्यहां जति आउँदछन् जन।
हृदयले नरुँदै कुन फर्किने ?
सकल जीवनको सविषादता
गहभरी नभरीकन के पता ?

(३६)

कुसुम एक थिइन् मुरझाउँदो।
निठुरताअघि आँधिविषे रुँदी।
अब त जीवनको अवसानमा
मुख समुज्वल शान्तिसरी भइन्।
प्रकृत तैपनि आंसु डुबै लिंदी।
जगत जीवनलाइ करुणा दिंदी॥

(३७)

मुख विषाद थियो अब चण्डको।
सब दिदी बहिनीहरू छन् रुँदा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब त जीवन आँसु लिईकन
अवनिसाथ लिंदो छ सदा बिदा ॥

(३८)

"तिमिर दाजु कता?" दिलले भन्यो।
"जुन थिए दुखमा सब माइती ॥"
विधिवशाद् अब ती बिजुली लिई
क्षण त्यही तिनको अघि आउँ छन् ॥

(३९)

तिमिरको बहिनीअघि दुःखले
नजर टलपल भो, अब संभना
सब मिली मुटुबाट रसाँउथ्यो ।
वदनको अघि दुःख समुज्ज्वल ॥

(४०)

अब बनिन् बिजुली दृगकी झरी ।
सरस लोचनकी दुख बर्बरी ।
वदनले अब तीं वदनाम्बुका
मृदुकणा सहभाव भरी लियो ॥

(४१)

अहह ! जीवन यो पृथिवीतल
दुख रहेछ भनी गहका जल
मृदुल चन्दन पुछ्नु छ भूतल
सकल बग्न तयार छ यो पल ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४२)

तिमिर चट्ट बसेर नजीकमा
अब रुमाल लिई दृग पुछ्दछन् ।
वदनको सुकुमारपनाभरी
दुखकथाहरू नीरव बुझ्दछन् ॥

(४३)

लघुपनासँग तो अंगुली यसो
अब उचाल्न गरीकन कामना ।
'उपरबाट छ इंगित,' भन्दछिन् ।
'अवनि जीवनको अवसानको ॥'

(४४)

तिमिरले तर बात अरू बुझे ।
'किन कतातिर आज ?' भनेसरी ।
तब कथा बिजुलीसँगको त्यहाँ
सब सुनाउँदछन् दुखका अघि ॥

(४५)

शिशु थियो कसरी गरि दूरमा ।
विपुल – लोचन– सुन्दर तारका ।
मृदु मुहार मनोहर बान्किलो ।
दुख लिने जननी दिल भारका ॥

(४६)

तर त्यहां कसरी जननी रुँदा ।
सकल मदतपार पहाडमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिशु हुँदा अवसान - समीपमा।
विधिवशाद् सबको गृह-चाडमा।

प्रकृतिको मुख हेर्न भनी पुगे
तिमिरमर्दन दीन कुटीतिर।
निशिभरी कसरी जननी सुतिन्।
तब रहे नित जागृत तो तर॥

(४७)

यदि उनी नभए जननी शिशु
सँगसँगै जगतैकन त्याग्दथे।
तर उनी रहँदा जननी बचिन्।
व्यथित बाल गयो परलोकमा॥

(४८)

नजर सुन्दर ती जलले भरी
अधर बाल उचाल्दछ दुःखले।
सब भएर चिसो मुटुसम्म त्यो
कुन विजोग गरेर बिदा भयो॥

(४९)

कुसुम झैं दिलको जननीकन
पवन-शीतल नित्य प्रतिक्षण।
हृदयको टुकडासरि, कालले
सतत घाउ लगाइन खोसियो॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५०)

अनि बनिन् जननी कसरी तिनी
जल र आँधि र क्रन्दन कम्पन।
सब पहाड भिजाइ रुवाउँदो।
हृदयको भर आड टुटीकन॥

(५१)

तब समाज सबैतन धिक् भनी।
हृदयमा अति दुःखित दिक् बनी
तब बिजोगविषे कसरी परे।
पयरमा जलसिंचित सुन्दर॥

(५१)

"'हृदयकी दुखिनी! नित रोदन!
विधि कराल भई शिशु जो चुँड्यो।
मकन लेउ तिमी पदको जल।
भर दिनेछु बनाउन शीतल!'

(५३)

यति भनी म परें जब पाउमा।
तब गलाकन यी जलबल्लरी
सकल जीवनको जल पोख्दथिन्।
मृदुल आड दिने दुइ काँधमा॥

(५४)

पुरुष नै अबलादिल-आड हो।
पुरुष एक अवश्य छ चाहिने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सलिल पुछ्न भनी दृगका दुइ।
म नित भक्त बनेछु बिजोगमा ॥

(५५)

सब समाज मिलीकन छिः गरी
पर गरे पनि यी दुखिनीकन
पुरुषको दिल भित्र ममा थियो।
तब लिएँ उरमाथि थिनीकन ॥

(५६)

अब दुवै सँग कान्तिपुरीतिर
घर लिईकन जीवन भन्दछौं।
दुख अनेक र दूर कुराहरू
अब कथा दिलका सरि सुन्दछौं ॥"

(५७)

यति भनीकन ती दुइ सुन्दर
टलपलाउँ दछन् गह चारले।
अब परस्पर दृष्टि दिईकन
सजल लोचन हेर्न सुलोचना ॥

(५८)

गहभरी बिचरी दुखिनी तिनी।
हृदयवंचित सौख्य नजीकमा
दुइ सुखी दिल देख्न रसाउँ छिन्।
सुख विषाद बराबर पाउँछिन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५९)

सुख मिली दिलमा मुख हेर्दछिन्
सजल नेत्र हुँदी बिजुलीकन ।
जब नजीक सरिन् बिजुली बुझी ।
तब मुसुक्क गरी दङ तीं परिन् ॥

(६०)

अब बसे दिन घेर दुवै जना ।
बदनमाथि प्रकाश अलौकिक ।
सलिलमाथि शरद्-मृदुहास झैं ।
नित खुशी रहँदी विहगीनिर ॥

(६१)

तब यहाँ दिन एक कुनै जन ।
न ऋषि भन्नु न पागल भन्नु झैं ।
वसन जीर्ण धरीकन आउँछ ।
नजर ती मुखमा त्यसको परी
हृदयभित्र घुसिन् जगमाधुरी ।
पल झिलिक्क भयो, सब हेर्दछन् ।
तर तिनी तनुत्यक्त त्यहाँ भइन् ।
तब गएपछि मात्र अनंग हो
यति कुरा सबका दिलमा पस्यो ॥

(६२)

अब रुँदी जननी उर पिट्दछिन् ।
तिमिर आँसु भरी गह पुछ्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब घुँघुँक्क गरिन् बिजुली पनि।
तर भइन् त्यणकी बिजुलो तिनी॥

(६३)

अब त जीवनदुःख समाप्त भो।
विरहवर्तुल एक कथा गयो।
अविदिताकृति झैं रहमा घना।
मदनसाथ लिएर सुलोचना॥

(६४)

गहभरी अब आँसु गरीवरी।
हृदयभित्र छँदै सब यो धरी।
अब पुछौं जल आस यही गरी।
छ उसपार कहीं सुखको घरी॥

(६५)

सलिल ली गहमा यति लेखियो।
भुवनजीवनको दुख देखियो।
हृदयमा उपदेश लिई नव।
गर त्तमा त्रुटिमा मनका सब॥

॥ इति ॥

HARI NIWAS,
1|105. GUSINGAL,
LALITPUR,
KATHMANDU, (NEPAL.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नै० भा० प्र० समिति
नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली-

शाकुन्तल-

महाकाव्य

प्रकाशक-
ने. भा. प्र. समिति नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली

शाकुन्तल

महाकाव्य

HARI NIWAS,
1|105. GUSINGAL,
LALITPUR,
KATHMANDU, (NEPAL.)

लेखक-

लक्ष्मीप्रसाद देवकोटा बी. ए. बी. एल.

मे. क. पुष्कर शमशेर ज. ब रा. का अध्यक्षतामा
नेपाली भाषानुवाद-परिषद्द्वारा

तयार भएको

नेपाली भाषानुवाद-परिषद्

प्रकाशक

प्र. गो द. बा., मे. क. बालकृष्ण शमशेर ज. ब. राणाको
अध्यक्षतामा

नेपाली भाषाप्रकाशिनी समिति,
नेपाल ।

२९६६

सम्वत २००२

मूल्य २।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाकिम मास्टर सागरमणि आ॰ दी॰ को

प्रबन्धबाट—

नेभाप्रसं

पहिलो पटक १०००

मुद्रक—

सु॰ ऋद्धिबहादुर मल्ल,

जोरगणेश छापाखाना, नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

भारतका विश्वविद्यालयहरूमा अरू प्रधान भाषासरह हाम्रो नेपाली भाषा पनि प्रधान विषय मानियोस् भन्ने राजर्षि श्री ३ महाराज जुद्ध शमशेर जङ्गबहादुर राणाको उच्च उद्देश्य-बमोजिम, शिक्षाविभागका डाइरेक्टर जनरल साहेबबाट प्रयत्न गरिबक्सिरहेके थियो। आखिरमा हाम्रो नेपाली भाषाले प्रधान विषयहरूमास्थान पायो। यो उद्देश्य सफल गराउनामा गो.द.बा. सरदार प्रिन्सिपल रुद्रराज पांडे एम. ए. ले पनि अथक परिश्रम गरेका हुन्।

आई. ए, बी. ए. मा पढाउन लायकका पुस्तकहरूको केही न्यूनता देखिएको हुनाले शिक्षाविभागका डाइरेक्टर जनरल श्री सु. प्र. गो. द. बा मे. जनरल सारदा शमशेर ज. ब. रा. एम्. ए. बाट तदुपयोगी पुस्तकहरू तयार गर्नू भन्ने मर्जी बक्से-बमोजिम नेपाली भाषानुवाद-परिषद्बाट निकालेका पुस्तक-मध्येको यो हो।

पुष्कर शमशेर.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२१५५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

सृष्टिको विषय गहन छ, तर आदि सङ्केतबाट भाषाको स्वरूप खडा भयो भन्दा अत्युक्ति होओइन। अहा ! त्यो मूकताको पर्दा पन्छाएर आफ्नो मानसिक भावहरू प्रकाश गर्ने पाउँदा कस्तो अद्भुत आनन्दको अनुभव भयो होला ! हुनत आनन्दको आव्हान हरएकले गरेकै हुन्छ, तथापि त्यो आव्हानलाई उसले तौलन्छ निःसार भए ठङ्कारेर फिर्ता पठाउने र सारवान् भए प्रत्येक परमाणु गन्दै सुहाउँदो प्रत्युत्तर दिने उसको नियम छ।

कवि पनि शब्दमय आधारमा कल्पनाको रङ चढाउँदै किसिम किसिमको चित्र हालेर उसलाई नितो पत्याउँछ र कलाको सुन्दर रङ्गमञ्चमा उसलाई नचाउन खोज्दछ। काव्यमय कला आनन्दको ज्यादै प्यारो हुनाले प्रायः छ आइ पनि हाल्छ, यसैले त्यस्तो काव्यको स्वरूपको जिज्ञासा हुनु स्वाभाविक हो, तर यसमा धेरै मत पाइन्छन्। कसैको भनाइ छ, 'वक्रोक्ति नै काव्यको ज्यान हो।, उसलाई अर्को भन्छ, 'अत् के तिमीले लगाएको गहना तिमी हौ ? फेरि यसो निहालेमा त्यो त अडकलपछु मात्र हो, यसैले दोषरहित किन्तु सगुण तथा सिंगारिएको शब्द र अर्थ नै काव्य हो। तर अर्को भन्छ-'त्यो कसरी ! शब्द र अर्थ दुवैलाई काव्य भन्नामा प्रमाण के ? फेरि काव्य पढियो तर अर्थ राम्रोसँग बुझिएन' इत्यादि व्यवहारबाट शब्दविशेष नै काव्य हो भन्ने बुझिन्छ। यो पनि सोधिहालौं-'काव्य' शब्द अर्थ दुवैमा लागू छ अथवा भिन्न भिन्नमा ? दुवैमा भन्ने हो भने श्लोकरूप वाक्य काव्य ठहरिएन। भिन्नै हो भने एउटै श्लोकमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुइ काव्य मान्नुपर्ला, फेरि विचार गर्दा-कविको कर्म नै काव्य न हो ? त्यसैले राम्रो अर्थ बुझाउने शब्द नै काव्य हो। त्यसलाई अर्को भन्दछ-'आनन्दको उद्बोधक हुनु नै काव्यको स्वरूप हो।' त्यो त शब्द र अर्थमा बराबर छ। फेरि राम्रो अर्थ भनेको के? उही वाच्यार्थ हो कि अथवा ध्वनिरूप ? पहिलो हो भने समस्त शब्द काव्य ठहरिएलान्। दोस्रो हो भने हाम्रो मूठीमा परिहाल्यौ तर हाम्रो ध्वनि के हो त्यो पनि बुझिहाल तिमी-नायिकाको अङ्गले लावण्य झैं शब्द वा अर्थले स्वार्थलाई गौण तुल्याएर जुन कुरा व्यक्त गर्छन त्यही ध्वनि हो। यसको घाँटी ३ कोल्टे फर्काउँछ; 'ओहो कस्तो गजबको कुरा गर्‍यौ ! आफ्नो अर्थ पनि कहीं गौण मानिन्छ ? यसो आँखा फिराऊ। अग्नि सिद्ध गर्नाको लागि हेतु बनेको धूवाँलाई गौण भन्नुहुँदैन। वास्तवमा तिम्रो ध्वनि अनुमानबाहेक केही पनि होइन, अनि बत्ती जस्तो व्यञ्जक कसरी मान्ने !' अर्को भन्दछ-हामी त प्रत्यक्षलाई अपनाउँछौं अनि यस्तो शुष्क तर्कले कसरी तत्त्वनिर्णय हुने ? यसैले सत्य, शिव, सुन्दर नै काव्य हो-अर्थात् हाम्रा जीवनमा परिआउने अनुभवात्मक भावका लहरहरू स्पष्ट झल्किदा उसको रूप सत्य हो। कल्पनाको तरङ्ग फैलिएको देखेर भावको सौन्दर्यमा मस्त हुँदा हामी जहाँ आनन्दको गोता लाउँछौं त्यही सुन्दर हो, जहाँ लोककल्याणका नीतिहरू घुसेका हुन्छन् उही शिव हो। अर्को भन्छ-यसमा पनि बखेडा नै छ, अर्थात् ती तीनै थरी एकत्रित हुनुपर्छ कि पर्दैन ? पर्दछ भने कला कलाकै लागि हो भन्नेहरू शिवको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपेक्षा गर्दछन । अब त्यसलाई के भन्ने ? एउटा मात्र भए पनि हुन्छ भने काव्य सुलभ होला, फेरि त्यस्तो के ? शब्द हो कि अर्थ हो ? अब शिवका उपेक्षकहरूसँग पहिले एउटा सानो कुरा गरि हालौं-मह खाँदा माधुर्यका साथसाथै ताकत पनि बढ्दछ भने हानि के, त्यसलाई त्यत्रो तिरस्कार किन ? बरु भन--सत्य र सुन्दरलाई फालेर खालि शिवको उपासना गर्दा रसास्वाद हुँदैन । फेरि कला कलाको लागि भनेको के ? के फूल फूलको निंति कहीं हुन सक्छ ? बरु स्पष्ट शब्दमा यसो भन्नुपर्छ-कला सौन्दर्यको लागि, सौन्दर्य आनन्दको लागि ।'

यस्ता मत अनगिन्ती छन, जान्सन भन्दछन, पद्यमय निबन्ध नै काव्य हो । मिल्टनको भनाइ छ-कल्पनाशक्ति विवेकको सहायक भएर सत्य र आनन्दको परस्पर मिश्रण गराइने कला नै काव्य हो' । रस्किन भन्दछन्-कल्पनाशक्तिद्वारा उदात्त मनोवृत्तिहरूको श्रेष्ठ आलंबनको व्यञ्जना नै काव्य हो । वाट्स डंटन भन्दछन्--मनोवेगमय र संगीतमय भाषामा मानव अन्तःकरणको मूर्त र कलात्मक व्यञ्जना नै काव्य हो, दार्शनिक रिकार्टको भनाइ छ-भावुक दुर्बलताहरूलाई रोकेर हाम्रा आत्मालाई शान्ति र तृप्ति दिने नै काव्य हो ।'

खालि खण्डन मात्र गरिरहने उद्देश्य होइन, फेरि सारा संसारमा यस्ता मतभेद चलिरहेकै छन, निहालेर हेर्दा ज्ञान पनि अगाध छ । बिना त्यसमा चुलुम्म नडुबी गहिन्याइ पत्ता लाग्दैन । त्यसैले पूर्वोक्त लक्षणहरू कुनै संकुचित छन् त कुनै विस्तृत, फेरि वास्तवमा सबैको लक्ष्य रसमय वाक्य नै हो जस्तो देखिन्छ अतः स्पष्टरूपमा भन्नुपर्छ रसात्मक वाक्य नै काव्य हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीको मुख सिंगार्न प्रकृतिले कति रूप, रङ्ग, रेखा भर्नुपर्छ! खालि चिनी हालेर शरबतको स्वाद आउँछ र ? काव्यमा पनि हृ-दयक अणुमा कला भएन र साधनको परिमाण मिलेन भने रसा-स्वाद हुँदैन भन्न सहजै सकिन्छ। 'विरहवेदना, भीषण लडाइँ, आ-कस्मिक दुःख इत्यादिबाट रसको सृष्टि कसरी हुनु ?' यस्तो प्रश्न पनि कसैले उठाउन सक्छ, तर कुरा यो हो--दुष्यन्तसँगको भेटमा मस्किएकी शकुन्तलाबाट जस्तो रसको निष्पत्ति हुन्छ त्यत्ति-कै पछि दरबारमा जाँदा परित्यक्ताबाट पाइन्छ। यसमा प्रमाण अनुभवै छ, त्यति नभए करुण रसलाई गलहत्ती लगाउनुपर्नेछ। शेलीले पनि भनेका छन्- करुणमय दशा जाहेर गर्ने गीत नै मीठो हो।

यस्ता रसमय काव्यमालाहरू धेरैजसो अरू नै भाषाका शि-रमा सुशोभित देखिन्थे। पछि नेपाली कविहरूका मनमा पनि सु-भावना उठ्यो र आफ्नी मातृभाषालाई माला चढाउन थाले। हा-ल हाम्रा कवि लक्ष्मीप्रसाद देवकोटाले पनि शाकुन्तल सूत्रमा उनेर कल्पनाको बुट्टा भर्दै यो माला पहिराएका हुन्। यसको रच-ना कठिन छ तर सरस; विस्तृत छ तर खँदिलो; कल्पनामय छ तर सुन्दर; विचित्र छ तर चित्रमय; उत्कट छ तर भावपूर्ण; अनियत छ तर प्रवाहमय। फेरि मस्तिष्कको बादलमा ठक्कर लगाएर ठाउँ ठाउँमा बिजुली चंकाउँदै भावुक कवि आकाशमा दगुर्छन्, कहीं भने आफ्ना तरङ्गमय सपनालाई साक्षात् देख्तछन् अनि त्य-सैमा रङ्गमडिन्छन्, यसैले बीच बाटाका साना साना थुँकाहरू ले उनीलाई छेक्दैन, नत्र तीनै महीनामा यत्रो काव्य कसरी तयार हुनु ? निचोरमा कविको शक्ति अलौकिक छ। जस्तो शब्द नचा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनि जान्दछन अर्थ पनि उत्तिकै। वास्तवमा यी कवि कलाकार हुन यसैले वर पर कसैको मुख हेर्दैनन, किन्तु आफ्नो धूनमा चल्दछन अनि किन नियमको घेरा भित्र पर्दथे ?

'भिन्नरुचिर्हि लोकः' भन्ने जगतमा प्रसिद्ध छ, यसैले कुमुदले सूर्यलाई रुचाउँदैन, तर त्यसबाट सूर्यको महत्व घट्छ भन्न सकिन; हुनत काक, कोइली दुवैलाई वसन्तले आफ्नो गुणगान गराउन सकेको भए कति रमाइलो हुँदो हो! त्यस्तै बुझ्न नसकेर कविको शैलीलाई नरुचाउने व्यक्ति पनि हुन सक्दछ, तर यो उनीहरुका लागि हो जो अलौकिक कल्पनालाई च्याप्न सक्तछन। वास्तमा आकाशमा उडेको कल्पनामय चङ्गालाई दोहोऱ्याएर हेरिदिनु सहृदयको कर्तव्य हो। त्यति गर्दा पनि रसास्वाद् भएन भने अनि भन्नुपर्दछ।

प्रायः गंभीर, मार्मिक, सरस भावहरू संगीतमय भाषामा व्यक्त हुँदै आएका देखिन्छन, यसैले त्यो नियमलाई छोड्दा कविताको बाह्य सौन्दर्यमा धक्का लाग्छ भन्न सकिन्छ। त्यस्तो परिधिभित्र सांग्रिएर बस्दा कष्ट त जरूरै हुन्छ फेरि एउटा भाव लिएर कलम चलाउन लाग्यो अर्कै भावमा परिणत हुन्छ, तथापि उसलाई आफ्नो हैकममा ल्याएर सौन्दर्य भर्दै भाव व्यक्त गर्न सक्ने कविलाई धन्यवाद दिनैपर्छ।

कविले केवल अन्त्यानुप्रासको पुच्छर समातेर पाउ चलाएका छैनन्, फेरि उ आएर पाउ पऱ्यो भने शरणाको मरण पनि गर्दैनन्। कुरा पनि ठीकै हो—मिलेकोलाई किन छोड्ने, नमिलेलाई किन धाइरहने ? यस्तो गर्दा न बेमतलबको शब्द प्रयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुपर्छ, न कविताको धाराप्रवाह रोकिन्छ, नत भावलाई मार्नुपर्छ। कविताको प्राधान्य रसैमा हो भने गौण शब्दाडम्बरको सेवा गरेर मात्र किन उसको ज्यानै गुमाइदिने ? खोइ बाल्मीकि, कालिदास, अश्वघोष, मिल्टन इत्यादि कविहरुको अन्त्यानुप्रास-रहित कविता सुन्दा राम्रो सुनिएन भनी नाक चेप्प्राउने कुनै सहृदय छैन। यसै गरी अभ्यास भयो भने नेपाली पद्य पनि तुकवन्दीविना सुन्दर सुनिन सक्छ।

व्याकरणको सडकमा कविले हिंड्न खोजेको हो तापनि वार्णिक छन्दमा जकडिनु परेकोले कहीं कहीं साँध नाघ्नु स्वाभाविकै हो, तर कविको प्रवृत्ति योभन्दा बढ्ता पनि छ, अर्थात् उनी शब्दमय भण्डार भर्न चाहन्छन्। जस्तो 'सिकारु' हुन्छ भने "फुलारु किन नहुनु ? इत्यादि। यस्ता शब्दहरु हाल चलन नभए तापनि कविको प्रणालीलाई अपनाउनु अथवा उछिट्याउनु भविष्यकै हातमा छ। त्यो कुरा परै रहोस् अझ विशेषणमा विभक्ति लगाएर विशेष्यलाई अकेला राखिदिने इत्यादि गरी कहीं कहीं कविले निकै स्वातन्त्रय लिएका छन्। त्यस्तै कहीं ज्यादै दूरान्वय छ, कहीं भने उडेको कल्पनालाई चारैतिरबाट खिचेर परिच्छिन्न स्थलमा घुसाउन खोज्दा मात्र दुरूह भएको देखिन्छ, यसै हुँदा चारखुट्टे छन्दलाई ३० खुट्टेसम्म पनि बनाइदिएका छन्, तर फलामको च्यूरा बिलकुल कमलो हुन सकेको छैन ,हुनत यस्तो भन्नेलाई कविले मन्दबुद्धिको तक्मा दिन सक्तछन् तर भावी समालोचनाले यसको निर्णय गर्नेछ।

कविले संकृत शब्दलाई निकै नै अपनाएका छन्। नयापना-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनु पनि किन ? ठाउँमा पर्‍यो भने एउटा संस्कृत शब्दले श्लोकैलाई प्रशस्त चहक दिन्छ, बरु औचित्यको विचारै नगरी जहाँ पायो उहीं भरमार प्रयोग गर्दा सौन्दर्य बढ्दैन भन्न सकिन्छ।

कविको प्रणाली अद्भुतको छ-एक चोटि आफ्नो मस्तिष्कबाट निस्किसकेको कवितामय गुच्छलाई उनी फेरी पुलुक पनि हेर्दैनन; तैपनि यस्तो चमत्कार छ, तर यसलाई अझ कुँदिदिएको भए सुनमा सुगन्ध हुने थियो।

न कस्तूरीलाई माटो भन्न सकिन्छ, नत माटोलाई कस्तूरी; तर कहीं ती दुवै मिलेर एक ज्यान जस्तो भएकोमा प्रत्येक परमाणु छुट्याउन लाग्दा निकै समय दिनुपर्छ, यसैले यस परिषद्का मुखबाट संक्षिप्त रूपमा माथिको कुरा निस्केको हो।

नेपाली भाषानुवाद-परिषद्
(बदरीनाथ)

CC-0. In Public Domain. Digitization by eGangotri

वक्तव्य

नेपाली महाकाव्य आइसल्यान्डको सर्प जस्तो थियो। मलाई अभाव पूरा गर्ने इच्छा पल्हायो र आएकोले लेखें। लेखें तीनै महीनामा; राती राती बसेर फुर्सदमा। कलम बिजुली झैं दौड्यो, तर कति उज्यालो आयो म भन्न सक्तिन। समितिको व्याकरणमुताबिक लेख्ने प्रयास गरेकोले ठाउँ ठाउँमा वैयाकरण-बलिदान दिनु परेको स्पष्ट देखिएला। पुरानो शैली नै अपनाउन खोजियो—वार्णिक छन्दमा। विस्तार नै यसको गुण र अवगुण होला। के यो नेपालीमा प्रदान ठहरिन सक्छ? त्यो भविष्यको नजरलाई। अहिले अभावपूर्तिको रूपमा खडा छ। ६०० पेज पुगनपुग, तीन महीनाको, फुर्सद फुर्सदको काम, कति राम्रो भइहाल्यो होला र? संस्कृत प्रचुर मात्रामा प्रयोग गरेको देखिएला। त्यो म सम्झन्छु यस किसिमका रचनालाई आवश्यकीय। ज्यादा लामो हुनाले "तीन महीनाको रचना, तीन वर्षको पढाइ" भन्ने उखान निक्लेला जस्तो छ। पट्यार जरूर लाग्ला। पंडितहरूलाई ठाउँ ठाउँमा आधुनिकताले तर्साउँछ, ग्रेजुएट्लाई संस्कृतले, साधारण पाठकलाई विचारको र शब्दको क्लिष्ट नवीनताले। म पर्छु बीचको शून्यमा। लोकप्रियता टाढै रहोस्, बुझेर पढिदिने एक हातको औंलामा गन्न पाए काफी छ। दोस्रो संस्करणमा यसलाई राम्रोसँग सशोधन गरूँला भन्ने आशा गर्छु। अहिले त्रुटि धेरै होलान्। म सदा समालोचकको त्रासमा रहन्छु। हुनत समालोचकको केड कतै कुत्कुत्याउँछ, चिलाउने ठाउँमा कन्याइदिन्छ, कतै लिखा परेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउँमा ठुङ मार्छ, घाउ चिरिदिन्छ, पीप निकाल्छ, राल सिङान पुछ्छ। व्याकरणाले तर्कुल्ल्या बर्धन्याको दायाँ बायाँको घुम्टो ठाउँ ठाउँमा मिलेन भनेर नाक चेप्राउने अवकाश कहीं पाउला तर रसिक अर्कै चीजमा रमाउला।

कविता कोमल वनिता
रसयति रसिकं रसेन सम्मिलिता।

तब धेरै किन ? यो पउटा भगीरथको गङ्गा हो, थाप्लामा बोक्न मुश्किल छ। एकवार यस्तै भयां। पछि अझ राम्रो गरूँला।

लक्ष्मी प्रसाद देवकोटा
डिल्ली बजार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीः

नेपाली शाकुन्तल महाकाव्य

प्रथम सर्ग

(शार्दूलविक्रीडित)

चिम्ली लोचन दीर्घकाल तपमा खोलेर वासन्तिका ।
नाच्दी सुन्दर तालले पवनमा देखी फुलेकी लता ॥
बिर्से झैं "भन को तिमी" यति भनी गौरी रुलाईकन ।
मुस्काएर फुल्याउँदा शिव दिऊन् कल्याणको चुम्बन ॥

(१)

चम्किन्थे अघि स्वर्णकालमहिमा पूर्वीय आकाशमा ।
गम्किन्थे सपनासमान घनमा बुट्टाहरू बान्किला ॥
आँखामा खगको परीकन तिनै गाना बनी गुँज्दथे ।
त्यो आभा भर भारती, भरतको यो भारताऽकाशमा ॥

(२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मीठो लाग्छ मलाइ ता प्रियकथा प्राचीन संसारको ।
हाम्रो भारतवर्षको उदयको हैमप्रभासारको ॥
जाडामा पनि कोयली कुसुमका बास्नाहरू संझिदैं ।
फर्केलान् दिन फेरि उत्तर भनी बस्छे अकेली रुँदै ॥

(३)

बिर्सेका पुर्खा रुखा हृदयका सुख्खा झिना सन्तति ।
हामी दुर्बल रुग्ण खाडल खनी हाल्दा सबै संपति ॥
फालेका कलिकालकल्मष बली गर्दा सँधै खलबली ।
श्रद्धाभक्तिविहीन भै मुटु जली लाग्यौं नि! जानै ढली ॥

(४)

आफैंलाइ चिनाउने, रस दिने, प्राचीन संझाउने ।
मीठा व्यंजन ल्याउने, धन हुने, संसार ब्यूँझाउने ॥
चिन्ता दूर भगाउने, समय नै स्वर्णाभ फर्काउने ।
ज्ञानीले पनि गाउने प्रियकथा आनन्द वर्षाउने ॥

(५)

गाऊँ आज भनी लिएँ कलमको वीणा यसो हातमा ।
चल्थ्यो हात कहाँ? कठ्याङ्ग्रिन गयो अज्ञानका रातमा ।
काँप्यो थुर्थुर चाल बिग्रिन गयो, बिग्रेर झंकार यो ।
हुंकारेर 'अहं' महाशठमनाको मूर्ख टंकार भो ॥

(६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाटो हो हुनता तथापि गहिरा आँखा हुने सज्जन ।
दाना सुन्दर स्वर्णका झलझली देख्लान् गुडेका कण ॥
जो आयो तर वर्षिई घनघटाकालोनिलोबाट यो ।
जो जो ल्याउँछ सो बिनी बिनिलिने सौजन्यको सौख हो ॥

(७)

आँखालाइ न भोज यो झिलिमिली, मीठो न यो कानमा ।
गाना षड् पदको छ श्रेष्ठ कविको यो कल्पनोद्यानमा ॥
नामैमात्र पवित्र मित्र यसको के भित्र होला तर ? ।
यस्ता क्षुद्र दरिद्रका हृदयका दारिद्र्यका चित्र छन् ॥

(८)

यात्री आज बनूं अतीत युगका, संझूँ त त्यो भारत ।
ब्यूझाऊँ त सुषुप्तभाव अघिका, पर्दा लगाऊँ यता ॥
यो कोलाहल बिर्सिऊँ, मृतकको यो नामको जीवन ।
पाल्नोस् सज्जनवृन्द, यो रसिकको मीठो छ बृन्दावन ॥

(९)

छोटो दैनिक जिन्दगी, न घटना, झन् धूलिले धूसर, ।
सस्ता ताक नफा लिएर छ सदा अन्धो, नभै सुन्दर ॥
शासै फेर्नु छ वर्तमान, नमिले यो भूतको आढ्यता ।
हामी दीन र हीन बन्नु छ भनी लेखें पुरानो कथा ॥

(१०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाएकी वनपुष्पहार हरियो शारी शिंगारीकन ।
बच्चा ली मृगको घुमेर वनमा संगीतमा दी मन ॥
छायाले छविले बनी छिरिविरी ठंडा छहारीतिर ।
लाग्दी कोमल कल्पना छ कविकी कुँज्दी कथा-कोकिला ॥

(११)

नेपाली घरमा बनाउँछु भनी प्राचीनको यो वन ।
रोपें बीज विचारका, कलमका बुट्टा बनून् वल्लरी ॥
मालादार गला बनून् रसिकका, पंखा नचाऊन् परी ।
सानो कुड्मल उक्सिँदै हृदयको बास्ना बनोस् वायुमा ॥

(१२)

विर्सेका तकिया बनून् रसिकका शैलादि झैं शीतल ।
तन्ना हून् हरिया, बनून् कुसुमका बुट्टा त्यहाँ मंजुल ॥
जागून् चित्रविचित्रतासँग, उठोस् मुन्द्रा घुमी धूपको ।
कोठभित्र कुटी बनून, ध्वनि बनून् मीठा चरा कानमा ।

(१३)

पढ्दै मंजुल लोल-ढाल ललिता ती मालिनीका चलून् ।
भित्ताका तरुचित्रमा कुसुमका बुट्टा अनौठा फुलून् ॥
पृथ्वी हून् तरुनी, फरक समयै फर्कोस् सुनौला बनी ।
ओर्लून् देवपरी विमान मनका घुम्दै उड्न् स्वर्गमा ॥

(१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वस्ती दिव्य बसाउने गगनमा राम्रा कलाले भरी ।
सीमालाई स्वदेशको विजयले सानन्द चौडा गरी ॥
थो सौन्दर्य फलाइने हृदयका आकाशका खेतमा ।
जो साहित्यकलाकुवेर कविको सो सौख्य मेरो भयो ॥
(१५)

उद्योगैतक गर्छु आज म सखे! बन्ला न बन्ला कसो ? ।
जादूबाट जगत् बनाउनु उसै होला सजीलो कहाँ ?
मेरी शैशव-कल्पना छुकछुके के के गरी गुन्गुन ।
हात्तीमाथि चढेर बादलविषे बोल्छे सुरेन्द्रैसँग ॥
(१६)

भाषा भासिन जान्छ भासहरूमा दौडेर चाँडो अलि ।
अड्दै टिप्न सिपालु छैन रसिला बास्ना भएका कलि ॥
बत्ती फूलसमान शब्दहरूका जान्नन् धपक्कै बली ।
होली कान्तकला कपोल-कलिता लज्जावतीलालिमा ॥
(१७)

भाषा सागररत्न हो झिलिमिली छाती छचल्काउँदै ।
स्वर्गैलाइ समाउने सुनहला सौन्दर्यका छालमा ॥
यो ढुङ्गे तटमा सिपी सजल नै फ्याँक्दो छ रित्ता सब ।
पारावारध्वनि प्रगूढ यसमा गुँज्छन् भने तुष्ट छु ॥
(१८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दाढीबाट सफेद व्यास ऋषिको गङ्गा बनेकी कथा ।
ओर्ली सल्बल कल्कलाउन चली पूर्वीय मैदानमा ॥
कालीदासकला बनेर रसिली कल्लोलकौतूहला ।
"पुग्छिन् सागर" भन्नु सत्य छ भने नाघ्लिन् बलौटो यही ॥

(१९)

के श्रृङ्गार गुलाबलाइ ? कमलैलाई म धोऊँ किन ! ।
नीलो रंग थपी सफा गगनमा मूर्खै बनूँ के भन? ॥
ठोसी यो नखरे ठुटे कलमको टुप्पो झिनो चक्चके ।
"सक्तैनस्" यति मात्र लेखिन गए संतुष्ट हुन्थे जन ॥

(२०)

कालीदास भनेर कोकिल अरू काला भए तापनि ।
कुँदैछन् वनमा न अड्छ तिनको आफ्नो वसन्ती ध्वनि ॥
के मगङ्क कराउनु प्रकृतिले, पापीपना हुन्छ र ? ।
गौरीशंकरको नजीक चुचुरा उठ्छन् अरू वामन ॥

(२१)

गाए तुम्बुरुले सुनेर सुरले ताली दिए गड्गडी ।
नाची थी विजुली, जुहारहरूका झल्झल् लडेथे लडी ॥
उर्लेको खहरे तिनै सुर लिई हाम्फाल्नको हड्बडी ।
गर्दै, पर्वत नै कपाउँछ सदा बाढी धमीलो बढी ॥

(२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"मालाले कवि ! भारतीपद भजी चोला सुनौला लिनू ।
वर्दैनन् स्तन ती त्यसै किन लिइस् बेकारको यो छिनु" ॥
भन्ने बुद्धि कुबुद्धि भो, कवि बढ्यो मीठो अहंकारले ।
"आँसु होस् सब दोष, होश पर होस्, पूजा यही" भन्दछ ॥
(२३)

मेरो हंस चढी सफा स्फटिकको माला धरी आँसुका ।
वीणा ली करमा नशा भुनुनुनु झंकार्दछिन् जो सदा ।
ती माता स्तनको सुधा हृदयमा बस्छिन् बहाईकन ।
बुट्टा काट्छु छिनो लिई, नजर हुन् बत्ती उज्यालो दिन ।
(२४)

"बुट्टा हेरन पिच्छमा झिलिमिली" भन्दै त्यसै ढल्किंदो ।
हुन् आरूढ नहुन् कि शुक्लवसना इन्द्रेषु झैं झल्किँदो ॥
भैगो मत्तमयूर नाच्दछ भने नाचोस् फुलेका-'मन'
लागून् बादल वेसरी गगनमा होला दुखी झन् किन ?
(२५)

"नाला मात्र रहेछ यो शिशु" भनी दाढी फुलेका भनून् ।
मानो शावक तुल्य नाच्छ वनमा फुर्फुर् गरी उफ्रिँदै ॥
"पानी धेर भए गभीर ढँगले गंगा बगी चल्दथ्यो,
पारावार पुगेर पूर्ण महिमा पूर्णेन्दुको खुल्दथ्यो ॥
(२६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तो मो, शिशुले पढ्छन् कनिकुथी कस्तो कथा हो भनी ।
रेखा तीनहुने विचार गहिरा दाढी बढारून् यहाँ ॥
घुंटो आधि झिकेर स्त्रीहरू पढ्न् टाढा चिहाईकन ।
काँढाबाट बची सबै रसिकले पत्ती गुलाफी सुँघून् ॥
(२७)

"हा ! हा !! भारत" भन्छ जो अब पसोस् यो कुंजमा काव्यको ।
जो भज्छौं पुरखा मुसार करले दाढी यहाँ कण्वका ॥
नाचून् दिव्य परी जवानहरुका आँखा उज्याला गरी ।
पर्दा फेरि उचालिएर युगका दुष्यन्त राजा बनून् ॥
(२८)

अर्ती वृद्धि छ चाहिने यदि भने भेट्न् यहाँ गौतमी ।
बूढी सुन्दर चाउरीहरू हुने मेरो रूचाऊन् कथा ॥
मातालाइ शकुन्तला छ करमै "थप्या' र 'थप्या" दिन ।
भज्ने स्वर्ग छ पाउने झिलीमिली देखेर आरोहण ॥
(२९)

देखून् सज्जन हातले नजर क्यै छेकेर टाढातिर ।
यो प्राचीन जगत् सुदूर युगका छेडी सबै बादल ॥
नाचून् पात्र सजीवतासँग यहाँ हृद्रंगमा देशको ।
थोरै बेर जिऊन् दरिद्र दुनियाँ प्राचीन आनन्दमा ॥
(३०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठूला नीति सिकून्, प्रजाहरु सिकून् सद्भक्तिको माधुरी,
ज्ञानी ज्ञान सिकून्, सिकून् कविहरू यो काव्यमा चातुरी॥
जानून् गर्न विलास दिव्य यसमा सारा नवाबी जन।
बस्ती नव्य बसाउने रसिक हून् एकान्त वृन्दावन॥

(३१)

हामी वालक ह्वौं भुलेर युग यो, यो क्रूर कोलाहल।
बारी बादलका फुलून् नजरमा सानंद निष्कंटक॥
यात्रा आज गरौं उषाभवनको पूर्वीय आकाशमा।
ल्याऔंला नवगन्ध पुष्प हँसिला पोल्टाभरी वासमा॥

(३२)

पल्टेकी वनमा नयाँ सुमनमा स्वप्ना बुनी सुन्दरी।
गालाबीच गुलाफका कमल झैं, सेता चढाई कर॥
फुस्केका मृदु गन्धले पवनमा भन्ने कथा झैं गरी।
मेरो काव्य सुधा पिई अधरले चाखून् निगाहा गरी॥

(३३)

प्रेमीमुग्ध हुँदी कुरंगनयनी ओजस्विनी कामिनी।
प्रेमीसाथ बसी पढून् प्रियकथा फुल्दा ऋहारीमनि॥
मारी चारु कटाक्ष ती तब भनून् "भुल्छन् कसोरी नर"
"भुल्नेछन् भँवरा, म भुल्दिन भनी" प्रेमी दिऊन् उत्तर॥

(३४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झोर्लाको कनिका प्रशान्त मनले सर्वर् चपाईकन ।
कुकुर् ढुकुर झैं रमी हृदयले योगी डुलून् कानन ॥
"रामै तुल्य रमाइलो छ रसिना प्राचीनको यो वन ।"
भन्दै कराव र कश्यप प्रभृतिका हुन सामु योगी जन ॥
(३५)

हाँसून् हास्य रुचाउने लहरमा बत्तीस मोती खुली ।
राम्रा नक्कलले हँसाउन सकून् हाम्रा गफाडी गुरु ॥
पग्लोस् भुल्भुल चित्त कोमल यहाँ देखी वियोगी दशा ।
अर्को जीवनको पसोस् हृदयमा हेर्नेहरूमा नशा ॥
(३६)

पाई चारु कला यहाँ प्रकृतिले राम्रो शिंगारून् मुख ।
शिल्पी भाव कुँदून् प्रकाश नवमा तस्वीर लीला गरी ॥
जो छन् सुन्दरता सुगन्धलगका पाऊन् यहाँ नित्यता ।
भोको भव्य भविष्य भृत्यसरि भै मागोस् सदा काव्य यो ॥
(३७)

चर्खामा विधिले विचित्र ढँगले काते सुनौला कुरा ।
चोला मानिसको खडा हुन गयो, बुन्दा त्यही तानमा ॥
मलो भैकन भार भूकन बनी उध्रेर जाला भनी ।
स्वर्गैतर्फ उडी सुनैसुन हुने गाना बन्यो जीवनी ॥
(३८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्गङ्गा शिरमा झरेर कविको आह्वानले सुन्दरी ।
लट्टा पूर्व विचारका वन बनी चढ्दा कराली परी ॥
नाघी सिल्विल नागिनीसरि बनी उत्रेर मैदानमा ।
पानीकी रसजाल भूमितलमा प्यासाहरूकी बनून् ॥
(३९)

माटैको अफ गन्ध फूल फलमा, खानाहरू भित्र छ ।
ताराको छ निमेष तुल्य सुख नै झिकी छिटो निम्दछ ॥
भुल्केको दिलको नयाँ नजर नै यो काव्यको सौख हो ।
टुप्पामा रसना भरी अमृतको थोपो बनी बस्दछ ॥
(४०)

सुन मिष्टकथा सुभाषिणी,
मृदुमाधुर्यविलासमोहिनी ।
वनशीतलवारिवाहिनी
शिवसत्सुन्दरतानिनादिनी ॥
(४१)

सुन कोविदकालिदासको
कलकल्लोलकलास्वलंकृता ।
रचनाप्रतिविम्बिनी कथा
सब यो भारतको प्रिय-व्यथा ॥
(४२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वसुधा हरियो गरी सुधा-
जल झर्ने बहुरंग-सम्पदा ।
युगनाम मिलिन्दगुंजिनी
छ नदी झैं कुसुमायना कथा ॥
(४४)

मरुपान्थ ! नदी छ शीतल
पसिना सुक्र ! सुगन्ध-मंजुल ।
मृदु वन्य हवा हिलाउँछ
जलकल्लोल प्रसन्न मञ्जरी ॥
(४५)

हिंड सुन्दरको विदेशमा
चिडिया आज बनूँ उडी त्यहाँ ।
ढकनक सुगन्ध छाउने,
वनमा नीड रचेर गाउने ॥
(४५)

कलिकल्मषहीन कालिनी
कनकाभा छ उषा चिरंतनी ॥
ऋषिजीवनले रमाइली
छ हरा शावककी वनस्थली ॥
(४६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जल चंचल कल्कलाउँदो
वन फुल्दो तटमा सुहाउँदो ।
मृदु मर्मरका मिठासमा
सपनातुल्य कथा छ बासमा ॥

(४७)

सुरलोक नटी झिनी-कटी
सपना झैं विपना बनी फुटी,
वनबीच वसन्तकामिनी–
सरि नाच्छन् लघुपंखगामिनी ॥

(४८)

म त जान्छु, हिंडें सखे ! अब
किन बस्ने यस देशमा जब ।
छ अनन्त विलास वैभव
कविकाननमा सुधाऽऽसव ॥

(४९)

हडवडसित लेखें छैन उस्तो मिठास ।
गडवड कति पर्छन्; मर्दछन् भित्र आश ॥
लटपटसित आयो काव्य यो नामनिंति ।
खटपट परिजाँदा माफको गर्छु विन्ति ॥

(५०)

—=०=—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीय सर्ग

(छन्द मालिनी)

विपिन छ बहु-शाखा-रम्य, ऊँचा, विशाल ।
विटपदलहरूको शीतल स्निग्धजाल ॥
बहु विहगहरूले गुँज्छ जो चल्मलाई ।
पवन-चपल बास्नादार पुष्पादि पाई ॥
(१)

वन छ कुसुमश्रीको देश जस्तो हरीयो ।
कलकल जल खेल्ने चल्मलाएर चाँदी ॥
सरस मृदुमुनाका स्वादजिज्ञासु साना ।
दुधमुख मृगबच्चा खेल्दछन् नित्य नाना ॥
(२)

मृग सुखसँग खेल्छन् हेर पोथी कन्याई ।
मखमल हरिया छन् मस्त उग्राइलाई ॥
बहुल विपिनवल्ली नाच्दछन् दिव्य हल्ली ।
पिक नव-रव बोल्छन् मंजरीभित्र चिल्ली ॥
(३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शहर छ पशुको झैं पत्रको छत्रदार।
किशलय कलि पन्ना लुकिने रंगदार॥
जल-लवसित मुक्ता-हार झैं झर्छ दाना।
विविध विटप खंवा छन् अलंकार नाना॥
(४)

ध्वनित पवनले छन् बाँस बाजा वनैया।
चिरविर चुँचुँ चुच्चो चारु चल्छन् गवैया॥
महल छ लहराको क्या हरा! फूलदार।
मृदुल हरित तन्ना, फूल-वुट्टा हजार॥
(५)

छिरविर कति बुट्टा छन् कलाका वहारी।
मधुरगति मरुत्‌ले डोल्छ पंखा फिंजारी॥
प्रकृत कृषि, सबैका दिव्य भ्रातृत्वभाव।
पशुहरु सुखमा क्या! देखिने सुस्वभाव॥
(६)

शहर पर हरामा रम्य यो तारतम्य।
वन विजनपरीको सिर्जना झैं अचम्म॥
रविकरकन छेकी पालुवाले हजारौं।
प्रकृति हृदय खोल्छे ध्यानका दृष्टिद्वारा॥
(७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरितवसनवाली पुष्पमाला धरेकी ।
जललव टप लाई, बल्लरीमा झरेकी ॥
अमृतकिरण प्यूँदी काखमा ली खरायो ।
छिरविर वनमा के शान्तिको राज्य छायो ?

(८)

प्रथम घर कलाको व्यासको पाठशाला ।
प्रथम भल यही हो आर्यहृद्को उज्याला ॥
कुसुमहरु यहाँ छन् वेदका पत्रतुल्य ।
सृजन प्रलयका छन् चित्र राम्रा अमूल्य ॥

(९)

गगनपथ यहाँ छन् आउने सत्प्रभाव ।
यस वनतिर झर्छन् तारकाबाट भाव ॥
पवन पनि अनौठा चल्छ कानेखुशीले ।
प्रथम ध्वनि मिहीले भर्छ आत्मा खुशीले ॥

(१०)

कुसुमहरु कलाका खोल्दछन् ओठ साना ।
विमल झलक झैं छन् सत्यका शीत दाना ॥
यस वनतिर जाँदा कल्पना बन्छ छीटो ।
तरुतल जल सँग्ली बिम्ब ली बोल्छ मीठो ॥

(११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रविकिरण फुटेका पुष्प रंगीन फुल्छन् ।
शिशु-सरलपनामा स्वर्गका जीव खेल्छन् ॥
मधुर प्रकृतवाली देवताबाट फल्छन् ।
कतिपय धन मिल्छन् जो जगत्‌मा हुँदैनन् ।

(१२)

अमृतरस फिंजारी शीतलाऽऽह्लादकारी ।
हृदय कुमुदिनीको हास्यद्वारा उघारी ॥
छिरबिरसित भारी रम्य पारी छहारी ।
मधुमय विधु ओर्लीं डुल्दछन् भै विहारी ॥

(१३)

तरल जलपरीका नागिनीतुल्य झीना ।
रजतपयर नाच्छन् स्वप्नभन्दा मसीना ॥
विधुकर तर पर्दा झलमलाएर बोली ।
"कल कल कल" भन्छन् ती मिलाएर लोली ॥

(१४)

झलमल नभ नीलो झूल झैं झल्ल पारी ।
तमकन भवनिद्रातुल्य पारी फिंजारी ॥
अचल पवन अड्दा स्तब्धता ली निशाले ।
विहगभजन सुन्दो ध्यान गर्छे मजाले ॥

(१५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुसुमित छ यही नै सत्य शाखा प्रशाखा ।
कुसुम विहग बन्दै पाउँछन् आदिभाषा ।
प्रकृति सृजनद्वारा चारुताका विचित्र ।
मनुज--हृदय खिच्छिन् सत्यतर्फै पवित्र ॥
(१६)

कुसुमयुत हवामा जिस्किनामा शिखारु ।
विषम भुइँभरी त्यो खजमज्यापर चारु ॥
सतत–हरित वैंशे केश पृथ्वी--परीको ।
निविड विपिन राम्रो हेर गोदावरीको ॥
(१७)

(शिखरिणी)

यहाँ आए कोही दिन बहुत तेजी नृपवर ।
जगज्जेता बन्ने प्रबल मनका कीर्तिशिखर ॥
बुझेका हिंसाको पथ रुधिरले लाल अब यी ।
तपस्याको बाटो लिन वन हिंडे स्वर्गविजयी ॥
(१८)

थिए यी राजर्षिप्रवर, सुन झैं बाससहित, ।
महाज्ञानी मानो मकुटमणि झैं मानव महान् ॥
प्रशाखा फैलेका बहु विषयका कीर्तिहरित ।
महादानी भूभृन्मणि अब बसे पादपतल ॥
(१९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जरा भै पृथ्वीमा मधुर रसले तुष्ट नभई ।
उठ्‍ छाडी छोटा विषय धन यी पार्थिव भनी ॥
सबैलाई राम्रा कुसुमधन झार्दा नृपवर ।
जगत्को निद्रामा तरुसरि समाधिस्थ अब छन् ॥
(२०)

नबस्ने को होला ? त्यस थल पुगे शान्त तपमा ?
हराले बाँधेका तटकन चुमेका कलकल ॥
उज्याला झल्का दी जल-लहर बेलेर रसिला ।
जहाँ बग्छिन् श्रद्धा जलधिकन संझेर सरिता ॥
(२१)

नदी छड्छिन् सारा धन झिलिमिली चारु करले ।
न हीरा भन्छिन् ती, न त सुन नं मोती लुँगलुँग, ॥
बगाई ती चाँदी, महलहरू छाडीकन पर ।
सबै छन्छन् भन्छिन् उछलिइ उतै भक्तिरसमा॥
(२२)

हँसीलो चाला ली जलधितिर पाषाणपथमा ।
कुरा मीठो गर्दै रविकिरण टिप्दै प्रगतिमा ॥
भजी पारावारप्रकृतिकन भन्दी "चल चल" ।
थिइन् बासना फुल्दी मुनिमन--लता तुल्य असल ॥
(२३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँ सुत्थे सुन्दै चिरसमय पाषाणपथमा ।
लिई निद्रा मीठो कलकल कुराका महलमा ॥
त्यहाँ 'ध्यानी' भयाउ च्यवन ऋषिको झैं छ गहना ।
त्यसै भुल्थे आफ्नो परुषपन ती झंकृत बनी ॥

(२४)

सँधै झल्कन्थे ती दिनकर त्यहाँ ईश्वरसरि ।
हजारौं बन्थे ती कति झलक खेली वरिपरि ॥
अँध्यारै ओर्लेमा जगतभर ताराहरु झरी ।
सँधै स्वर्गै खेल्थ्यो हृदयतलमा कल्कल गरी ॥

(२५)

सुधा झर्थ्यो मीठो शशिवदनको शीतलतम ।
हवा सुत्थ्यो पातै पनि अचल बन्दै हरदम ॥
सुषुम्ना झैं बाङ्गो जलपथ कुनै नागरमणी ।
बने जस्तै चल्थ्यो परतिर महाशून्य तल त्यो ॥

(२६)

पुगी बग्दै टाढा कठिन पथमा शोणितनदी ।
नदी देखी भज्दी खुश दिल बनी ब्रह्मजलधि ॥
दुवै आँखा चिम्ली दिवस र निशातुल्य सुचिर ।
बसे ध्यानी राजा सुरपुर गराई थरहर ॥

(२७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न हिल्थ्यो यौटा रौं अणु अणु थिए शान्त अचल ।
पलैंटी मार्थे ती तरुमनि चुनी शीतल थल ॥
दुवै आँखा फर्की युगल-भ्रुकुटी-केन्द्र छविमा ।
उदाएका देख्छन् शशिवदन पीयूष-करमा ॥

(२८)

थुनेका छन् दोटै श्रवणबलले भित्र मनको ।
छ व्यापारै बन्दै विषय-विष मारेर तनको ॥
असंकल्पी ध्यानी विमलदिलका, पर्वत सरि ।
निशामा छन्, अड्दा पवन, नचलेका रुँ-मुना ॥

(२९)

अँध्यारो भो सारा जगत अब कालो तिमिरमा ।
निभे बत्ती काला रँग सब मिली कृष्णरँगमा ॥
उज्यालो भो यौटै कमलदिलको भै विकसित ।
बने जीवात्मा ती भ्रमरसरि चुस्दा हरि-रस ॥

(३०)

गए फ्याँक्दै फ्याँक्दै तहतह अनेकौं तिमिरका ।
उडे पत्रे वोक्रा, जब ऋषि बसे शान्त तपमा ॥
उडेका ती आत्मा सुरपुरतिरै उन्नत भई ।
उठे वज्रीलाई अब भय महाभीषण दिई ॥

(३१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरे ! हामी भन्छौं त्रिभुवन जितौं शस्त्र-बलले ।
गुनी सेना संख्या रुधिरपथमा झूठ छलले ॥
अहा ! सत्‌को प्यारो सुखद पथमा शान्त विजयी ।
अशोकै छन् यौटा कि त अघि थिए कौशिक यिनै ॥
(३२)

परीक्षा ठूला छन् जटिल तर यो शान्ति-पथमा ।
करोडौं सेना छन् समर पनि छन् शान्त रणमा ॥
यिनैलाई जित्नै कठिन छ मिही अस्त्र-बलले ।
जिते सारा आफैं अमरपति जित्छन् सहजले ॥
(३३)

परीका गाला झैं रसमधुर प्यालाहरु लिई ।
विलासीका नेता त्रिदशपति निर्धक्कसँग तीं ॥
सुगन्धी स्वर्गैको अमरपुरमा दिव्य महल ।
बनाई राज्‌गर्थे, तर डर पसी विह्वल बने ॥
(३४)

सुरीला फुल्दा ती सुरवनपरी, वैंश अमर ।
उज्याला पाएका गुनगुन गरी गान मधुर ॥
टिपी राम्रा राम्रा रँगसहित अम्लान कुसुम ।
गलालाई गुँथ्थे अति ललितमाला हरदम ॥
(३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिन नाच्थे झम् झम् कुसुमपदले कोकिल-ध्वनि ।
पखेटा फर्फ भैं रस-सहित लच्कीकन घुमी ॥
जुनेली जादू झैं वसन पतलामा अधखुला ।
नितम्वी रेखा भैं रस मधुरले मोहनकला ॥
(३६)

नटी नाच्थे झम् झम् गिरि-विपिनका निर्भर कला ।
झरी हीरा झल् झल् लहर हँसिला, नृत्य रसिला ॥
जुहारी शोभामा स्वर मधुरले नन्दन वन ।
सदा पार्थे गाना लहर हरियो पुष्पित धन ॥
(३७)

करोडौं द्यौताका मुकुट-मणिले पाउ सजिने ।
रिसाएमा सारा शिखर डरले थर्थर हुने ॥
अनेकौ योद्धाका असुर शिर—छेदी कुलिशवान् ।
डराए ती इन्द्रै थरहर हुँदा त्यो तप महान् ॥
(३८)

गडड्गड् गड्कन्थ्यो घनमहिम भैं शक्ति जसको ।
चचड्चड् चड्कन्थ्यो गिरिशिखरभेदी कुलिश त्यो
झझल्झल् झल्कन्थ्यो धनु पनि जगत्का नजरमा ।
तपस्वीको ठूलो बल अघि त्यंही दब्छ डरमा ॥
(३९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तपस्याका तेजी विपिनतटमा निश्चल थिए ।
जगज्जेता जस्ता जटिल जगतीजाल उखडी ॥
जटाजूटी ध्यानी , परम प्रभुका सन्निधि भई ।
उज्यालो बाटाको पथिकसरि भै शान्त विजयी ॥
(४०)

डराएका ऊँचा सुरपति चिहाई तलतिर ।
झुकी शोच्छन् " केले अब म तप भाडूँ नि प्रखर !
बढी आई लिन्छन् सुरभवन-साम्राज्य सहज ।
उडेका धूँवा झैं सुरपुर भजी यज्ञ-उपर ॥
(४१)

" थिए काला ठूला असुर वलिया नित्य झगडे ।
असत्का जिद्दीमा कुलिशअधि सत्ले सब लडे ॥
न बज्रै मान्ने भो यिनसँग त लड्नाकन अब ।
त्यसै काँप्छन् मेरा, कुलिश, मुटु, साम्राज्यविभव ॥
(४२)

छ यो भित्री क्षेत्र प्रखर तपको प्रश्न-जटिल ।
यहाँ क्वै जित्दैनन् प्रबल तपलाई असिबल ॥
प्रहारीको आफैं थरहर भई काँप्दछ कर ।
अहो धर्माऽऽपत्ति प्रभु ! अब लिनोस् ; हाल खबर ॥
(४३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिई आई प्याला मधुर मदवाला जब परी ।
सुनौला प्यालामा अमृतरस सेतोसब भरी ॥
बनी लाली झुक्दी कर अघिदिई माणिकखुली ।
पिएनन् वज्रीले सजलनयनी भैकन चली ॥
(४४)

सभा भो चाँडै नै सुरवर बसे शान्तवदन ।
थियो नीलो ठूलो तहतह हुँदो बैठक त्यहाँ ॥
जहाँ बत्ती बल्थे दिल खुश गरी नागमणिका ।
बसे बज्री, डोल्थे चमर करले स्वर्गगणिका ॥
(४५)

त्यहाँ भो सल्लाहा "तप र दम जित्ने कुलहरू ।
भए झुक्ला चाँडै सुरपुर छुँदो तापस–तरु ॥
उनैको दौर्वल्यादिककन जगाए छ पतन ।
अरू व्यर्थै हुन्छन् प्रवल तप त्यो जित्न जतन ॥
(४६)

तपस्या ज्यादै नै पनि अलि खराबै छ कि कसो ? ।
महामायाद्वारा विचलित बनाईकन यसो ॥
बडा बज्री जस्ता पनि कपटली कातर भए ।
बडा घौता जल्छन् अलिकति त हाम्रा उदयले ॥
(४७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुझ्के वज्रीले यो प्रबल तपको तापहरण ।
तपस्वीमै भन्नें सुरविषयको दुर्बलपन ॥
ननाघी स्वर्गैको झिलिमिलि जगत्को जितिलिने ।
परी राम्रा दिन्छन् सुरपति सुनौला स्तन हुने ॥
(४८)

मकन यदि दिए ता प्यूँदथें चारु प्याला ।
दिन दिन रस लिन्थें क्या मुसारेर गाला ॥
तर हरि ! कविता यो कालिमाले छ काली ।
यससँग दिन बित्छन् खानुपर्ने छ गाली ॥
(४९)

—=०=—

तृतीय सर्ग

मेनकाऽऽगमन

(तोटक)

सुन बादल भो सुन सूर्य भए ।
सुरद्वार खुल्यो सुनको नभमा ॥
सुनको भव भो सुनको जलले ।
सुन तार बजाउँछ कल्कलले ॥
(१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनको छ सिंढी सुरमार्गसरि।
अलि लाल गुलाब छरी हँसिलो ॥
झलमल्ल समुज्ज्वल कान्तितिर।
दिन हेर्छ सुवर्णपुरीशिखर ॥

(२)

अब दिव्य हिरण्मयको प्रहर।
दिन पुग्दछ स्वर्ग उडी सहजै ॥
सुन-पंख लिईं सुनको चिडिया।
मन देख्दछ क्या! सुनको शहर ॥

(३)

सपना दिउँसै सब चक्षुअघि।
सुनबाट सुगन्धसमान खुल्यो ॥
अब शीतल शान्त समीरणले।
मन लग्दछ सुन्दर-मन्दिरमा ॥

(४)

पृथिवी सुनले सब छाइदिँदा।
सुरका पुरको सुन कान्ति हुँदा ॥
सुरलोक भनींकन देवपरी,
छकिईकन आउँदछन् कि झरी ?

(५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिनको सपना रचना रसिलो ।
अब पुग्छ चढी सुनको शिखर ॥
रविले कवि झैं छवि छाइदिंदा ।
अब धप्प भयो सुनको शहर ।
(६)

म त हेर्दछु आज रही तटमा ।
वनमा जलको सुन–छल्छलमा ॥
दरबार बनाउँछ कल्कलले ।
घनका प्रतिविम्बित टलपलमा ॥
(७)

सुन झनझन छनछन शब्द भरी ।
घुँघुरा जलका श्रुतिरंजन छन् ।
अलि गुंजन झैं जल–भंजन ती ।
सुन मंजुल शब्द सुनाउँदछन् ॥
(८)

लहरी कति भ्याउकिनार छुंद ।
झलमल्ल झरीकन छर्वरिंदै ॥
हरिया भुइँमा बहुरत्न लडी ।
लयदार बने झलमल्ल गुडी ॥
(९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरियो वनमा नव वैंश हुँदा ।
नव पल्लवका अधरासवले ॥
मदमत्त छ कोकिल काल बुझी, ।
वनबीच वसन्त र स्वर्ग सुझी ॥
(१०)

ऋतुराज छ आज यहाँ वनमा ।
छ वसन्त उहाँ घनका सुनमा ॥
सुनमा पनि आज सुगन्ध रस ।
छ फुलेर हुँदो सपना सरस ॥
(११)

लतिका पतिका सुकरा श्रयमा ।
सुनको पलमा ध्वनि कोमलमा ॥
" सुनकेश परी तल हेर, झरी ! "
यति शब्द सुनेर फुली नखरी ॥
(१२)

सुनकी तनकी सुनकेश परी ।
जुन साँझ भनी नरले कहिने ॥
सिउरेर गुलाब मुसुक्क बनी ।
विहगावलिले कति चारु बनी ॥
(१३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कि त मायिक मोह रची झलल ।
सुरको दरबार बसेर छल ॥
दुनियाँ सबमा अब मोह रँग ।
करबाट बढाउँछ झन् दुगुना ॥
(१४)

मृगशावक हेर फुरुक्क पऱ्यो ।
सुनको दुनियाँ जब सामु झऱ्यो ॥
पिउनाकन वारि नदीतटमा ।
जब त्यो शिशु चंचल भै दगुऱ्यो ॥
(१५)

म त एक परी मृदुलाऽऽधरकी ।
मृदुरेशममा हरियो वनको ॥
पनला भुइँमा बहुपुष्प जडी ।
सँगिनी यस ठाउँ बनाउँदथें ॥
(१६)

कुसुमाऽऽधरका मदिरा बटुली ।
मधुमस्त बनी तरुमूलनिर ॥
जलका घुँघराहरूबाट कथा ।
कति दिव्य रचेर सुनाउँदथें ॥
(१७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उ मुसुक्क गरेर गुलाब बनी ।
कति हाउ र भाउ झिकेर अनि ॥
वनकी महिमासरि कान दिने ।
म वुनी दिलमा सपना कहने ॥
(१८)

म बताउँदथें कसरी दिलमा ।
सुन साँझ पसी सब सभ्य बने ॥
कसरी चिडिया पनि गान बने ।
कसरी कविता जलबाट वुने ॥
(१९)

अनि ल्याउँदथें जलरत्न पनि ।
उसका शिरलाई जुहार दिन ॥
अनि निर्झरिणी सुनकी सुनिंदा ।
ऊ त नृत्य बनी म त गाउँदथें ॥
(२०)

उनका मृदु अंग प्रसंगसँग ।
कुसुमान्वित भै मलयाऽनिलमा ॥
सब प्राकृत प्रेरणले रसिला ।
प्रबलीकृत भाव हिलाउँदथे ॥
(२१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि अस्फुट पल्लव भावहरू ।
मृदु आउँदथे उनका मनमा ॥
सुन छाउँदथे उनका शिरमा ।
सुन तार बजाउँदथें करमा ॥
जल झल्झल प्रेम लिई गहमा ।
रहँदा वनमा उनका सँगमा ॥
(२२)

वनकी महिमा उ सजीव तिनी ।
किन चाहनु मर्त्यसुता सँगिनी ॥
सब नृत्य गरीकन भाव भरी ।
नजरैअघि हेर यहीं मधुरी ॥
(२३)

तपको मद भङ्ग हुने ऋतुमा ।
यस सुन्दर काननमा नृपति ॥
गह बन्द गरी अवहेलनले ।
रहँदा तर इन्द्रसमेत गले ॥
(२५)

(द्रुतविलम्बित)

कनककान्ति छ बादल खुट्किला ।
सुरपुरीतिरको नभ साँझमा ॥
पयर चट्ट उचाल्न तयार ती ।
उपर हेरन ! चित्रित मेनका ॥
(२५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समय सुन्दर सान्ध्य सुवर्णको ।
मदनमन्दिरमा वन पर्णको ॥
जलनिनाद लिंदी ललितांशुका ।
तल झरिन् पृथिवीतिर मेनका ॥
(२६)

मधुर शिल्पकला जिउँदो बनी ।
युवति चित्र उडान तयारमा ॥
कुसुमबीच वसन्तविहारको ।
नृपतिका दरवारसमीपमा ॥
प्रकृत पंख लिएर सुहाउँदो ।
सदृश छन् नभमा अब अप्सरा ॥
सुन गुलाब त्यहाँ सब फुल्दछन् ।
वि पंख फिंजी मृदु बोल्दछन् ॥
(२७)

"तल झरूँ कि भनेर दिनान्तमा ।
सुरपुरी रहने 'छवि' साँझकी ॥
कनकपंख ढलक्क गरीकन ।
अधर लाल मुसुक्क जसो गरी ।
शिखर झील रँगाउन हेर्दछन् ।
अब त्यसै वनले पनि गर्दछिन् ॥
(२८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तल झरूँ कि भनेर त्यहाँ तिनी ।
लघुतनी हलुकासँग ओर्लिइन् ॥
कुसुम त्यै मनले मलयानिल-
चपतमा धरणीतिर झर्दछन् ॥
(२९)

शवल पंखहरू तरुमा अडी
तल सफाजल प्यूँन मसक्क भै ।
प्रथम फर्फरले अघि हुत्तिई
उर अगाडि दिई अलि कर्किंदै ॥
(३०)

जुन प्रयत्न गरीकन दृष्टिको
मधुर पात गरी तल हेर्दछन्
सदृशता त्यसको उनमा थियो ।
जब तिनी पृथिवीतिर फर्किइन् ॥
(३१)

बहुत दूर हुँदा चिडिया थिइन् ।
जलद उज्वलका चयबीचमा ॥
अब बनिन् सुमुखी तल ओर्लिंदी ।
कवि घनीकृत झै सुषमा कुनै ॥
(३२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हृदयव्योमसुवर्णविहारिणी
मधुरमादकपंखप्रसारिणी
विहग-आवलिले कलभाषिणी।
अनुपमा सपनासरि छन् तिनी ॥

(३३)

मदनशासनकाल धरातिर।
मृदुलपंख रँगीन सुरेख भै ॥
कुसुमरम्य उडीकन आउँछन्।
पवनमा हलुका गतिले झरी ॥

(३४)

नजर सूक्ष्म नभै नरको तर।
गगन देख्न कठोर छ सुन्दर ॥
सदृश छन् लघु-पंख-प्रचालिनी।
सुरपुरी वनकी कुसुमाङ्गिनी ॥

(३५)

मधुर छन्द थियो कविता परी।
प्रकृतपंख लिएर बहेसरि ॥
सुनहलापन बीच रमाउँदो।
हृदय सिर्जनको नव बागमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नजरले सुखका क्षण शान्तमा
अलसपंख गरी पृथिवी सब ।
हृदयरम्य विहार बनाउँदा
जलदरंग लिदो मृदु भागमा ॥
(३६)

सुनहला चिडियासरी साँझकी ।
अब वरावर हाँकिन वेगले,
अनि वरावर लाउन चक्कर !
उरअगाडि दिईकन वैंशका
लहरले, रस चारु धकेलिने—
जलद फुल्छ जहाँ तहमा तह ।
गगनमा सुषमा अब ओर्लिइन् ।
(३७)

हृदयकी सुषमा सुरदेशकी ।
त्रिदशमन्दिरद्वार खुलाउँदी ॥
बचनवर्णन धूसर पार्दछिन् ।
अवनिमा गह दी मनमोहिनी ॥
(३८)

सुखद दृश्य मनोहर देखियो ।
घर, पुरी, वन, शैल, नदीभरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सकल सूक्ष्म सुरूप लिने गरी ।
अलि अलौकिक नव्य छ माधुरी ॥
(३९)

गिरि बने गज झैं वन रोम झैं ।
गजुर हैम शिवालयमन्दिर ॥
सकल छन् पुतली शिशुका सरि ।
सलिलका पथ छन् मृदुरेखित ॥
(४०)

शहर छन् सब अल्प मनोहर ।
मधुपका घर झैं बहुखंडका ॥
सडकका पनि सूत्र विचित्रका ।
अवनिका पटमा तनु तानिने ॥
(४१)

वन छ मिर्मिर दूर भईकन ।
सब छ अल्प हुँदा मृदु मोहनी ॥
अनि कतै कुइरो अलि नील छ ।
सब बताउन सक्तिन लेखनी ॥
(४२)

अवनिमा सुखको मृदु मोहनी ।
सकल सुन्दरको लव गोल झैं ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रजतरात्रि प्रभा सुघनीकृता ।
कुसुममाथि हिमांबु बनी झर्‍यो ॥
(४३)

कुसुमलोल समीरणले गरी ।
मधुर प्रेरण सत्त्वर फर्किई ॥
विटपमा परिवेष्टित वल्लरी ।
वदन हेर्न मनोहर कर्किई ॥
(४४)

सुन सफा दुनियाँतिर गाउँदी ।
अब त्यहाँ मुनियाँ वनकी कथा ॥
कति फुरुक्क फरक्क उफ्रिकई ।
मधुर शब्द सुनाउन बिर्सिई ॥
(४५)

किन कि ती कनकाभ सुकालमा ।
मधुर पंख चलीकन गाउँथिन् ॥
सदृश गाउँछ स्वर्णचरो–दिन ।
जलधि चुम्बनलाइ उडी पर ॥
(४६)

अविदिता सुषमा सुरदेशकी
श्रवणमा मनको मृदु मर्मरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तुहिन हेम हुँदा गिरि कानन–
तिर सुदूर झरेसरि निर्झर ॥
मधुर पंख प्रचारण गर्दछिन् ।
जब धरातिर ती तल झर्दछिन् ॥
(४७)

तब अलौकिक वाद्यहरू भरी ।
नसुनिने मृदुलस्वर-मंजरी ॥
कवि बसेर सुनेसरि बागमा ।
मृहुलको कुसुमाकर आउँदा ॥
(४८)

म त अहो अब बढ्न कठोर भो ।
मृदुलका सब शब्द मिलून् कहाँ ॥
वदन दृश्य भइ अब लेखनी ।
लटमुखा सरि हेर्दछ मोहनी ॥
(४९)

सकल अक्षर मंजु वसन्तका ।
अधखुला कलिकासरि कोमल ॥
हृदय सौरभगुञ्जनसूचना–
सहित मात्र भए महिमा भरूँ ॥
(५०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तदपि एक छ शब्द बयानको ।
उ छ विचित्र अनिर्वचनीयता ॥
युग अनेक मिलिन्द बनूँ भनी ।
जसअगाड़ि बने नित वेपता ॥
(५१)

जुन शरद् ऋतुको विधुको रँग
तुहिनशुभ्रशिखाऽवलिशासन ।
वदनको रँग सोहिसमान छ
जुन चकोरमनोहरप्राण छ ।
झलकबीच अनन्त बन्यो पल
अब झिलिक्क बनीकन मंजुल ॥
(५२)

वदन मानव झैं तर तेजिलो ।
अमरपुष्पसमान अरू अधि ॥
झलक एक सुनाउँदथ्यो यही ।
"सुरपुरी सुनले लटरम्म छ"
(५३)

अमृत ओज थियो सुकुमारिता ।
कुसुमका तनुबाट बनेसरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वदन शिल्पकलारचनासरि ।
विधु गिज्याउँदथ्यो मुखवाटुला ॥
(५४)

मृदुल अंचल कौश्र भुवावुना ।
गगनका गतिले अलि लत्रियो ॥
कुसुम पत्र सफासरि लत्रियो ।
मधुर फर्फर बीच प्रवातको ॥
(५५)

पिहित छन् स्तन चूत बढालु झैं ।
सुरपुरीलतिका उर बाँद्धछन् ॥
फल लुकाउन फूल जडीकन ।
शरम राख्न सुगन्ध समाउँछन् ॥
(५६)

उर अधोगत देख्न वनस्थली ।
पुलकसाथ बनी कुसुमाऽऽवलि ॥
पिक मदालस बोल्छ "कुहू कुहू"
र प्रश्न गरेर मुहुर्मुहुः ॥
(५७)

सुरपुरी सब हेर्दछ, रंगको ।
मृदु घडाहरु दृश्य-भरी छरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लहर बन्छ समीरण सुस्तरी ।
श्रवणमा मुनिको मृदु मर्मरी ॥
(५८)

तर उनी नसुनी दृढमौन छन् ।
जड त्यहाँ जब रुन्भुन गर्दछन् ॥
तटशिला पनि सुन्दरले छुँदा ।
सलिल-रंग तरंग सुनाउँछन् ॥
(५९)

अब झरिन् धरणीतिर अप्सरा ।
मधुर पंख निमीलित झैं चरा ॥
विटपका करमा करले अडी ।
मृदुलतासरि छन् तरुमा जडी ॥
(६०)

सलिलदर्पणमा मुख हेर्दछिन् ।
अब म भन्दिन त्यो मुखमाधुरी ॥
कुन बयान ? बने कति अप्सरा ।
जल तथा थल औ उरमा परी ॥
(६१)

प्रथम पुष्प प्रकाशक पद्मको ।
उर छुने उनको बुझ उन्नता ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तदपि अल्पबयस्क छ त्यो रस ।
अमर-षोडश-वैंश-मदालस ॥
(६२)

पयर ती चतुरा क्रमक्रम् चले ।
लहरमा सम दीकन चंचले ॥
विहगका सब मूक गला खुले ।
अधर फर्फर भै ऋषिका चले ॥
(६३)

मधुर कम्बरमा कर कोमल ।
कुसुमतुल्य दिईकन लच्किंदै ॥
चपल चाँप सजीकन नर्तन ।
लिन तयार भइन मृदुलाधरा ॥
(६४)

यदि यथार्थ खुलासित लेखियोस् ।
तब बयान हुँदा बहुतै धनी ॥
अबनितर्फ कुवेर झरीकन ।
"म छु गरीव" भनीकन धाँउथे ॥
(६५)

धवल जाँघ थिए कदलीदल ।
रहरका रसिला अति पेशल ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मधुर मसृण मादकता भरी ।
दुइ हिले हलुका हँसिला खुली ॥

(६६)

पयर क्रंक्रम चल्क कला-लघु--
म उपमा कुन चीजविषे लगूँ ?
मदनका वनमा गुनकेसरी ।
पहिरिने कि त काश्मिरका परी–
तिर कुनै तुलनापदमा पुगूँ ?

(६७)

कि पर रेशमको घर चीनमा ।
मधुर किम्बु टिपेर पहाडमा ॥
अधर लाल गरीकन गाउने ।
युवतिका पद भन्नु मनोरम !

(६८)

धनुष दिव्य खुली रँगले भरी ।
अवनिनिति तृषार्त झरी झरी ॥
विविध रंग शिंगार लिने परी ,
शवलपंख-मयूरनिवासिनी ,
सुख झरीकन हेर्न जसोगरी ,
झिलिमिली शिखिपंख फिजाउँछे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मधुर नाचन झमाझम माधुरी ।
अब चलिन् त्यसरी सुरसुन्दरी ॥
(६९)

मलयमन्दसमीरसुगन्धको ।
धन लिनाकन कोमल कोषको ॥
विकच सुन्दरतासँग जिस्कँदा ।
मधुर हाव र भाव गरीवरि ॥
कुसुमिता लतिका वनकी परी ।
मुकुलदार बिभूषण झुंकिई ॥
नव लिई नखरा अलि गंकिई ।
तनु हिलाउँदछन् नव वैंशको ॥
रँग शिंगार लिएर जसो गरी ।
कनक–पंख हुँदा दिन माधुरी ॥
अब उही नखरासित नाच्दछिन् ॥
(७०)

पयरको गति चारु छ मोहनी
मृदु मुना भुइँमा मरणै पनि ।
पयरस्पर्श मिले अमृतै भनी
सकल अर्पणनिंति तयार छन् ॥
तदपि फेरि उठीकन भन्दछन्
"छुनु हरा नवजीवन बन्दछन्"
(७१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब लता, तरु औ तृण, पात नै
मधुर दोलन ताल दिने भए ।
गगनमा छवि लाल सबैतिर
मदनकी मदिरा रँगिली बनी ॥
(७२)

अब दिवाकर राज्य अनंगको
झलल पार्न गई जलमा डुबे ।
कमलिनी उरमा भँवरो धरी
नयन चिम्लननिंति तयार छ ॥
(७३)

हरर मग्मग बासहरू चले
मृदु समुच्छ्वसित प्रणयाऽऽस्रव ।
मधुर भै दिनको प्रखर प्रभा
तरु गलासँग वद्ध छ कामिनी ॥
(७४)

किशलयी अवला कुचकोमला
मधुर पार्न ढिटी पिकको गला ।
शरमलाल उरोरुह छेक्दथी
अब फुकी अवगुंठन फ्याँक्दछे ॥
(७५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुरभिका शरले उर भेदिने
विविध रंग दिईकन भावमा ।
रति-मनोरमको रजनी सफा
अब छ शासन हेर सुवासको ॥

(७६)

मधुर काम जगाउन गाउँथिन्
नरम नर्तनमा मृदुकामना ।
कुसुम तुल्य हुने रँगमा झरी
शवल भैं मनका मृदु वागमा ॥

(७७)

उहुहु, हेर ! मसक्क मुसुक्क भै
युवतिबाट झिलिक्क कटाक्ष गो ।
नयन दिव्य सजीव भलक्क भो
हृदयमा रतिदीप झिलिक्क भो ॥

(७८)

धनु थियो भ्रुकुटी शरदर्शन
हृदय घायल पाउँछ स्पर्शन ।
रुधिर लाल झरेर गुलाबले
रँग लियो वनबीच वसन्तमा ॥

(७९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढ अघिल्तिर भन्दछ लेखनी
वहुत चाख लिई तरुनो बनी ।
समय घेर गयो भुलुँला भनी
त्रिभुवनै,- अब थास्दछु तैपनि ॥
(८०)

—x-0-x—

चारौं सर्ग

मेनकानृत्य र तपोभंग

(शार्दूलविक्रीडित)

हे साधो सुन, मूर्ख छौ सब तिमी फुस्रा कुरामा पर्‍यौ ।
ढुंगा आसन भो, हठै व्यसन भो, झन् स्वर्गबाटै झर्‍यौ ॥
शय्या एक बनाउनू मखमली बुट्टा भरी सुन्दर ।
यौटी राख त अप्सरा मृदुमुखी देखिन्छ है ईश्वर !
(१)

चिम्टाका बदला चुरी छनछनी, गाँजा त्यजी कामिनी ।
भिक्षा प्रेम लिए जगत् भुलिगए मायाविनी यामिनी ॥
आँखा आधि गरी निमीलन सुखी सन्मार्गमा सत्वर ।
आऊ, सुन्दर नागिनी धर गला, पाऊ त्यहाँ ईश्वर ॥
(२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वामित्र थिए अनन्त तपमा तेजी थिए धप्धप ।
ढुंगामाथि जमेर आसन कडा भऽथे महान् पादप ॥
त्यस्ताको पनि चित्त डग्मग भयो आनन्द नाचीकन ।
मुर्दा छैन अनङ्ग, विभक्त शर हे ! भो छोड माला, वन ॥

(३)

(भुजङ्गप्रयात)

नटी मेनका छम्छमाउन् अगाडि ।
कटी भाँच्न लच्की लिई चाल भारी ॥
भुलून् गर्व हेरी सबै आज साधु ।
मसीनो कलाको भजी मोहजादू ॥

(४)

बनून् दीप्त आँखा सबै सौख्य पाऊन् ।
खुली स्वर्ग झल्काहरू झल्किजाऊन् ॥
सफा पाउ राम्रा सँधै छम्छमाऊन् ।
सबै श्लोकले 'हाइ क्याबात' पाऊन् ॥

(५)

तपस्वी बडाका खुलून् आज आँखा ।
हँसीला उज्याला परी जग्मगाऊन् ॥
यहाँ एक कन्या अनौठी उज्याली ।
नटी मेनकाकोखमा जन्म पाऊन् ॥

(६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झुकी साँझ आइन् झरिन् एक तारा ।
थियो चारु घुस्टो फिका मिर्मिरेको ॥
पखालेर लाली उँचा टाकुरामा ।
झरिन् शीतका बूँद ती फूलमाथि ॥

(७)

कणा सौरभी कुद्न लागे मरुत्मा ।
सबै ठाँटका फूल पारेर मस्त ॥
निशा झिकिइन् झूल तानेर नीलो ।
सजी कामको फूलबुट्टे बिछौना ॥

(८)

थियो दिव्य षड्यंत्रको सूक्ष्म जादू ।
कहाँ टिक्न सक्थे त्यहाँ हेर ! साधु !
यता मेनका मोहिनी छंक्रमाई ।
उता कोयली साँझमा सोध्न आई ॥

(९)

तपस्या त्यसै शब्द सुन्दै डराई
मरेका सबै मासु आयो पलाई ।
जगत्‌तर्फ आँखा खुले चल्मलाई ॥
जसै मेनकाले परीगान गाई ॥

(१०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न वा त्यो चरी हो, न वा त्यो परी हो ?
न वा कृष्णको मोहनी माधुरी हो ?
न वा विश्वसौन्दर्यको चातुरी हो ?
यसै कान पीयूषले नै भरी भो ॥

(११)

बडा लालसातुल्य आँखा लगाई
उनीतर्फ फर्के सुनी झ्म्कमाई ॥
जसोरी उषाका सुनौला नचाई ।
तपस्वी निशाको वनै डग्मगाई ॥
उघारेर आँखा लगी पूर्वतर्फ ।
महाश्चर्यको दृश्य दिन्छन् खुलाई ॥

(१२)

फुले चाँद ठूला जुनेली जगत भो ।
त्यहाँ त्यो परीले सफा अंगलाई ॥
दिई चारु लच्का घुमाई नचाई ।
अहा ! कामगाना शशीमा सुनाई ॥

(१३)

यता चन्द्र हाँसे, उता फूल हाँसे ।
मरुल्लोल छन् वल्लरी फूल-आशे ॥
रँगी पंख बासे, उता एकनासे ॥
सरिच्चालले लोल कल्लोल गाँसे ॥

(१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै पुष्पले कामवास्ना निकासे ।
रँगाएर छाती सबै साधु छासे ॥
मिही भित्रको प्रेरणा गन्ध मासे ।
कचौरे बने कै, कुनै छन् गिलाँसे ॥
(१५)

हरा वृक्ष हाँसे सबै दुःख नाशे ।
झरी झर्न लाग्यो वनैया बतासे ॥
जुहारी अकाशे परी दिव्य हाँसे ।
टिर्पा स्वर्ग-हीरा नयाँ माल्य गाँसे ॥
(१६)

झझल् झल्, झझल् झल् छ झल्कीरहेको ।
मछल्लोल कल्लोल छल् छल् छ छल् छल् ॥
जहाँ जून टलपल् छ चलमल् चलेर ।
ककल् कल्, नयाँ कल्पना कल्कलाई ॥
(१७)

यता स्वर्गका अप्सरा छंछमाए ।
मिही झिकिने–चालले चंचमाए ॥
उता वायु नै गन्धले झंझमाए ।
यता रंग नै राप भै रंरमाए ॥
(१८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"सधैं के तपस्या ?" भनी पालुवाले ।
नयाँ कामको रंगकी वैंशवाली ॥
भरीलो नशादार चापल्यद्वारा ।
गरी, वायुको आड पाई इशारा ॥

(१९)

चुमे पातले पात त्यो प्रेरणाले ।
न देखिन्छ जो नाम ली गन्धवाह ॥
अँगालो दिंदी कामिनी वृक्षलाई ।
गिज्याई तपस्वीहरू मुस्कुराई ॥

(२०)

भने च्याखुराले "छ सौन्दर्यभित्र
अहो ! मारको मोहनी क्या विचित्र ।
त्यहीं स्वर्ग देखिन्छ, त्यो हो समाधि
अरू शून्य हो, शून्य वैकुण्ठ गादी ॥"

(२१)

त्यसै स्वर्ग ओल्यों तपस्या गिज्याई
परीरूप भन्थ्यो "सबैले मलाई,
सँधै खोज्दछन, साधु ! संसार त्यागी
नदेख्ने नटिप्ने सबै हुन् अभागी ॥"

(२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झरे झल्किई निर्झरी शीकराणु ।
सुधारश्मिका वन्य मीठा मरुत्मा ॥
मिल्यो जूनमा शब्दमाधुर्य सारा ।
झर्‍यो कानमा दिव्य पीयूषधारा ॥

(२३)

परी भन्दछिन् निर्झरी झैं बनेर ।
सबै ग्रामका शब्दका माधुरीमा ॥
" अकेला उनी वस्त्रलाई उठेर ।
कहाँ छन् तिनी ? श्री " भनी खोज्न लागे ॥

(२४)

" तिनी मुस्कुराएर नाचेर आइन् ।
बन्यो स्वर्ग प्रासाद आनन्दलाई ॥
पहीलो त्यहीं ब्यूँझियो प्रेमनाम्रा ।
कुनै तत्त्व मीठो दुवैका नशामा ॥

(२४)

सबै विश्वश्रृंगार भो प्रेमलाई ।
त्यहाँ ब्यूँझिए काम सौन्दर्य पाई ॥
पहीली उषा फुल्न लागी गुलाफी ।
उठे राग-बुट्टा बनी छिर्बिराई ॥

(२६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महाशून्यमा तारका झिलिमिलाए
फुले चाँद नालाहरू झल्मलाए ।
सबै कोयलीले वनै खल्बलाए
जसै कामले रंग राम्रा रँगाए ॥

(२७)

शशी-मोहले मुग्ध बन्छन् चकोर
नदी चल्दछन् प्रेम वेली विलोर ।
जुहारी बने हेर तारा उज्याला
चढे इन्द्रका कंठमा प्रेममाला ॥

(२८)

सबै सत्य पर्ग्ली शशीमा सुधा भो
त्यही दिव्य सौन्दर्यले स्त्री बनाए ।
असत् बीच लज्जा बनी चारु लाली
भयो नृत्य नै जिन्दगी नाम खालि ॥

(२९)

लताकेशमा रेशमी पालुवा छ
मुगा ओठ मेरा, गुलावी कपोल ।
नशामा छ नाला उषालाल लोल ?
ममा प्रेम गर्ने छ को आज ? बोल !

(३०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" म ता माधुरी सत्यकी मोहनी हुँ ।
म आत्माहरू खिच्न आएँ झरेर ॥
सबै स्वर्गका तर्फ बोलाउँदी छु ।
असत्‌को तपस्या अरू हुन्छ हेर ॥

(३१)

" न छोए असत्‌ले जगत्‌मा मलाई ।
बड़ो लाजले भाग्छ आत्मा डराई ॥
भए प्रेम सच्चा म लैजान्छु स्वर्ग ।
नजान्ने कुनै प्रेम गर्नै मलाई ॥

(३२)

म देखेर जो मोहनीले छुँदैन ।
उ आत्मा जगत्मा सजीवै हुँदैन ॥
तपस्या म हूँ, ईशकी भै शिंगार ।
अरू कष्ट हुन् हेर फुस्रा अँगार ॥

(३३)

तपस्वी हठी शून्यमा पुग्छ मेरो ।
भुली मोहनी, गर्व ली तुच्छ सार ॥
सबै सिर्जना डग्मगाएर काँप्छे ।
सबै सभ्यता बन्छ कालो अँगार ॥

(३४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" म बोलाउँदी भै तिमी बोल प्यारा !
तिमी बोल्नुमा स्वर्ग आधार लिन्छ
न ता रून्छु सारा जगत् नै जलाई
सुने फुल्छ सारा जगत्को भलाई "

(३५)

भरेका सुगन्धी सफा शीतभित्र ।
सबै कौमुदीका कणा बोल्न थाले ॥
सुनी कल्पना योग धिक्कार्न लागिन् ।
तपस्या डराई अरूतर्फ भागिन् ॥

(३६)

तपस्वी बने लट्ठ, आँखा खुलेका ।
भयो प्रेरणा आधि बोलाउनाको ॥
दबाए त्यसै भाव लज्जा उठेर
दुवै नेत्र भन्थे ' नछाडे मलाई '

(३७)

त्यहाँ एक झुल्का भयो एक उल्का ।
नराम्रो कुरा क्यै सुनायो कराई ॥
नराम्रा कुराका सबै त्रास पर्दा ।
उनी तर्सिइन् "लौन नि" भन्नलाई ॥
नशा किर्किरी भो, भयो ढक्क छाती ।
"बचाऊ कुनै' भन्दछिन् ती 'मलाई"

(३८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तपस्वी उठे गर्न रक्षा परीको ।
तिनी टाँस्सिइन् आड पाई लजाई ॥
जसोरी कुनै वल्लरी बैंशवाली ।
बडो वृक्षको आड लिन्छे समाई ॥

(३९)

भयो स्पर्श त्यो कान्तिको झैं धरामा ।
जहाँ कौमुदीका सुधा वर्षनाले ॥
सबै रोम जस्ता मुनामा हजारौं ।
नयाँ कंप लिन्छन् भिजेका कणाले ॥

(४०)

तिनी प्रश्न गर्छन् "कहाँबाट आयौ ?
कहाँबाट टूनाहरू मिष्ट ल्यायौ ?
परी हौ कि कोही कि देवी उज्याली ?
नढाँटी तिमी बोल संकोच फाली ॥"

(४१)

उनी लाम्चिला नेत्रका ती कुनाले ।
यसो हेर्न लागिन् झुकी लाज मानी ॥
यता लाजका हात व्यूँझी सँमाले ।
पक्षयौरा उता लर्किंदा बिर्सनाले ॥

(४२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरे के छ यो कामिनीका कलामा !
सबै षट्पदी छन् फुका कोपिलामा ॥
तरी उर्मिवाला अनोखी तरंग ।
वसन्ती मरूत् खोज्दछन् दिव्य अंग ॥

(४३)

सुगन्धीपना वैंशको ठाँट पारी ।
महामोहको मोहनीतुल्य भारी ॥
कलीलो लिई ओठ फुल्दो छ सारा ।
तपस्वी लगाई छखुट्टे किनारा ॥

(४४)

भई मोहनी ईश लठ्याउँदा छन् ।
कुनैमा सुधा दी कुनैमा विषै दी ॥
कुनै आसुरी कामले लठ्ठ पर्छन् ।
पिई मर्त्यताको सुरा यो अनादि ॥

(४५)

महात्माहरूबाट दृष्टान्त पाई ।
अजेया यिनी छन् भनी वैंशलाई ॥
तपस्यापरी सुन्दरी चट्ट छोडी ।
सबै भज्दछन् कामिनी भुन्भुनाई ॥

(४६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झिना झुन्झुने स्वर्गका तारलाई ।
मिलाएर बोल्ने कलाको मिठाई ॥
तपस्याहरू लाख गर्थें तथापि ।
म पाए सँधै सुन्न ती कान थापी ॥
(४७)

तिनी भन्दथिन् वीन झैं रुन्झुनाई ।
सबै कोषमा शब्द पीयूष ल्याई ॥
त्यहीं फेरि चाली उछाली नचाई ।
सबै सप्तक स्वादुका शब्द छाई ॥
(४८)

म ता मेनका स्वर्गकी नाचनानी ।
थिएँ अप्सरा देवताकी वयानी ॥
वसन्ती थियो नृत्यमा लाल वाग ।
जहाँ देवता भृङ्ग झैं झुल्न लागे ॥
(४९)

म लाली हुँदा लाजका फूल फुल्थे ।
यहाँ यी धरामा गुलाबी वयानी ॥
झरी सूक्ष्म झल्का त्यही गानबाट ।
सुधा भर्दछन् कोइली कानभित्र ॥
(५०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थियो नाट्यशाला जहाँ देवबाला–
हरू निर्झरीका हँसीला जुहार ॥
टिपी शब्दले गानमा दिव्य सार ।
भरी नाचमा जोड्न खोज्छन् शिंगार ॥

(५१)

त्यहाँ नाच गर्थँ सबैका अगाडि ।
निशाकज्जली मोह झैं केश झाडी ॥
त्यसै कालमा मर्त्यले संझिनाले ।
गिऱ्यो आँसु मेरो त्यहाँ हद् छुनाले ॥

(५२)

वहाँ प्रेममा भावना मात्र हुन्छन् ।
जहाँ प्रेम सच्चा धराभित्र हुन्छन् ॥
भयो दिव्य भावानुसारी रुलाई ।
त्यहाँ हर्षको नाचमा झन् मलाई ॥

(५३)

उठ्यो इन्द्रको वीर भौंमाथि आँधि ।
र आज्ञा भयो " छैन तेरो समाधि ॥
धराको वियोगी हरामा गएर ।
बसेस् खालि खल्लो कुरामा रहेर ॥ "

(५४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म बलें त्यहाँ च्याँठ लाग्यो अनन्त ।
अँध्यारो परे झैं थियो दिग्दिगन्त ॥
यहाँ कोयली शब्द खल्लो सुनेर ।
म रूँ रूँ भएँ आउ शून्यै भएर ॥

(५५)

म नाचूँ र गाऊँ भने झैं भएँछु ।
भरूँ झैं दिशामा यहाँ रंग रंग ॥
थपूं मंजरीमा सफा कल्कलाई ।
भयो वेदना झैं सरित् सल्सलाई ॥

(५६)

कला संझिएँ सत्यको भाव भर्ने ।
भयो भित्रको प्रेरणा गान गर्ने ॥
यहाँ चालमा दिव्यता नै नपाई ।
भयो सक्सकी नाच्नलाई मलाई ॥ "

(५७)

तिनी फूलका बाहुलीबाट गाला ।
दुवैमाथि फुल्ने छिपाएर लाली ॥
" अरू के भनूँ के भनूँ " को मिठास ।
भई चल्मलाई बनिन् चित्र खास ॥

(५८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. CC-0. In Public Domain. Digitization by eGangotri

खुल्यो चाँदनी चारुको निस्कनाले ।
त्यसैबीच चाँदीकिनारा उज्यालो ॥
सबै प्रेमका भावका कोपिलाको ।
लिई चारु उक्साइको गन्ध छाल्ने ॥

(५९)

सबै बैंशका लाज लाली सुराले ।
शशी झैं परीमा शशी मुस्कुराइन् ॥
मिही व्यङ्ग्य जस्ता गुलाबी सफाई ।
लिएका अनौठा नबोल्ने कुराले ॥

(६०)

सुधा सग्लिएको सुधारश्मि छाई ।
खुल्यो दिव्यता बाउलो झलमलाई ॥
कलीलोपना हास्यमा कल्कलाई ।
प्रभाको सफा नव्य संसारलाई ॥

(६१)

हरे देख्न पाए तिमी बुझ्न सक्थ्यौ ।
रहेछन् कति स्वर्गमा झिल्मिलाई ॥
बनी च्याखुरा नेत्र भै मुग्ध दौटै ।
नबोलूँ नबोलूँ पिऊँ भो मलाई ॥

(६२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुनेलीपनाले बने झैं सजीव।
थियो नेत्र पानीभरी कल्कलाई ॥
यसै लड्दछन् की दुवै नेत्र मेरो ॥
तिमीतर्फ भन्ने छ झल्को मलाई ॥

(६३)

भए चित्रकारी भरी रंग भारी ।
त्यही चाल झल्का सफा ठिक्क पारी ॥
जुनेली दिई दिव्य पानी उतारी ।
जगन्नेत्रमा मोज दिन्थें म भारी ॥

(६४)

हरे ! सक्छ को खिंच्न रेखा मिहीन ।
परी इन्द्रमाया जगत्मा दिएन ॥
सँधै कल्पिनाको लिएका मिठास ।
भयौं तिर्सना मूर्ति झैं चित्र खास ॥
न साफल्य पायौं न बन्छौं हताश ॥

(६५)

न मिल्ने, न खुल्ने, न फुल्ने, न गल्ने, ।
सबै चीजकी झैं तिनी छन् मिठास ॥
लता विश्वकी श्री सफा दिव्य पाई ।
फुले झैं हिले झैं छुँदै स्वर् बतास ॥

(६६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ जो नेत्रको नीलिमामा चढेकी ।
उज्याली नटी दिव्य सौदामिनी झैं ॥
घना केशको मेघ चढ्दा हिमाल ।
यहाँ नाच गर्थी बनी दिव्य ज्योति ॥

(६७)

कुरंगीहरूका हरा राज्य रंगी ।
वनैंया कलेजी कलीला मुनाले ॥
नबोलेर बोल्थे त्यसै झल्किनाले ।
मुगाओठ राम्रा मिही लच्किनाले ॥

(६८)

त्यहाँ ब्रह्मको अमृतानन्द झल्की ।
तपस्वी रमाए सुधा दिव्य टल्की ॥
त्यहाँ खोज आफ्नो पुग्यो सिद्धिचूली ।
भए मुक्त ज्यूँदै जगज्जाल भुल्दा ॥

(६९)

लिए हात आहा ! लता झैं कलीलो ।
शशीको सफा बाहुली झैं हँसीलो ॥
जहाँ पुष्परेखा नशादार राम्रा ।
छुँदामा नशामा नशा झैं दगुर्छ ॥

(७०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तपस्यापिपासा बुझ्यो बाहुलीमा।
त्यहाँ चुम्नको चारु आनन्द चाखी॥
रसीला भएका तिनी बोल्न थाले॥
सुनिन् लज्जती लाजकी मेनकाले॥

(७१)

" तिमी मोहिनी ईशकी रूपतुल्य।
सबै विश्वकी माधुरी झैं अमूल्य॥
तिमी चाँदनी छौ निशाभित्र काली।
जगद्द्योतिनी दिव्य ज्योत्स्ना उज्याली॥

(७२)

तिमी चाँदनी छौ म तिम्रो चकोर।
तिमी तारका छौ म पानी बिलोर॥
तिमी फूल प्यारी मता बासना झैं।
यता दिव्य स्वप्ना, उता संझना झैं॥

(७३)

तडित् झैं तिमी छौं म ता मेघमाला।
तिमी श्री जगत्‌की म ता भाग्यज्वाला॥
तिमी वल्लरी वृक्षको प्रेम मेरो।
तिमीमा जगत् बाटुलो हुन्छ फेरो॥

(७४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिमी दिव्य सौन्दर्यकी छौ पयोधि ।
म हूँ ऊर्मि आनन्दको पूर्णिमामा ॥
म हूँ शैल फुल्दो तिमी स्वर्णचूली ।
वहाँ झल्कियो स्वर्गको नै बिजूली ॥

(७५)

तपस्या सबैकी तिमी सिद्धिदेवी ।
तिमी अप्सरा छौ म ता पादसेवी ।
म चाहन्न है इन्द्रको राज-छत्र ।
म नेता जगत्को यिनै नेत्रभित्र ॥

(७६)

म मा प्रेम राखी दयाकोमला छौ ।
म रच्नेछु यो कुंजमा विश्व एक ॥
कुरा मात्र तिम्रा बनी बीजतुल्य ।
जगत् रोपिएला उज्यालो अमूल्य ॥

(७७)

बसौं आज हामी जहाँ वल्लरीले ।
बनाई जुनेली सफा पुष्पकुंज ॥
हवाका सुगन्धी उज्याला हिलोर ।
सुखी रोमका स्पर्श दिन्छन् चुमेर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरा भयाउमा लोल कल्लोलतुल्य ।
बगे झैं सफा कल्कलाई विलोर ॥

(७८)

तिनी लाज मानी त्यहाँ मुस्कुराइन् ।
सबै स्वर्ग पृथ्वी उज्यालो गराइन् ॥
"म जस्ती विकस्वा" भनी नेत्र तर्छिन् ।
"बिकस्वा कुरा मात्र जान्ने म जस्ती"
भनी खिल्खिलाई सबै दुःख हर्छिन् ॥

(७९)

"म यस्ती निकम्वा छु नाजोर व्यर्थ ।
तपस्वीहरूको अरू नै छ अर्थ ॥
मकुंडी भनी फ्याँक्दछन् स्त्री भनेर ।
महात्मा परीलाई तुच्छै गनेर ॥"

(८०)

यही व्यङ्ग्यमा इन्द्रजी माथि हाँसे ।
त्यहाँ मुस्किई वल्लरी स्वर्बतासे ॥
नदी चम्चमाए उज्याला अकाशे ।
सफा मुस्कुरे नृत्यका माल्य गाँसे ॥

(८१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ छन् धरामा अनेकौं अभाव ।
कडा वस्तुका दुःखदायी स्वभाव ॥
यहाँ फूल काँडा विना राखिँदैन ।
विनाआँसुको नेत्र कोही हुँदैन ॥

(८२)

तिनी चिन्तिता झैं लिएकी झुकाई ।
मलीनोपना फा शिंगारेर लाई ॥
त्यहाँ थप्दथिन् "प्रेममा आँसु भर्छन् ।
वहाँ रे, भनी भन्दथे क्या ! मलाई"

(८३)

"नटुट्ने पनि प्रेम हुन्छन्" भनेर ।
झुकी काननेरै गई क्यै वुझाई ॥
हवाले चुमे झैं गरी भित्र ईर्ष्या ।
चुमे लोभले हल्लिंदो केशलाई ॥

(८४)

तिनी झस्किइन् भन्दछिन् मुस्कुराई ।
सबै रोम छन् भाव बुझ्ने मलाई ॥
यही मर्त्यको हो पहिलो छुवाई ?
—त्यसैले अनौठा र नौलो भएर–
भयो चट्ट के के भए झैं मलाई ॥

(८५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसै बीच दौडै पसे कुंजभित्र ।
रँगीलो वसन्ती सुखी ठाउँ पाई ॥
त्यहाँ कोपिला फुल्दथे जूनलाई ।
हवा चोर्दथ्यो बासना चल्नलाई ॥
(८६)

सफा कल्पनाकुंजमा चाँदनीको ।
बसेका कलाकार झैं झन्झनाई ॥
हरा सिर्जनाको सुवासी हवामा ।
बसे लेखनी चित्र–मूर्छा बनाई ॥
(८७)

त्यहाँ भन्दछिन् मेनका " भै अकेली ।
अनेकौं धराश्रास हुन्छन् मलाई ॥
अकेली हुंदा नन्दने बागभित्र ।
म निर्भीक हुन्थें सुरागान गाई ॥
(८८)

वहाँ कामको वासना देखिंदैन ।
सबै छन् कला मौनमा मस्त हाई !
यहाँ कर्कशा मर्त्यता स्पर्श–लोभी ।
हवाका झिना हात लाग्छन् मलाई ॥
(८९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बहाँ भेद देवी तथा देवताको ।
छ राम्रा कला सिर्जना गर्नेलाई ॥
सुवासी त्यहाँ प्रेमका भाव झीना ।
यहाँ टिप्दछन् फूलले बासनामा ॥ "

(६०)

सुनी काम लज्जाहरूमा बिलायो ।
बनी स्वादु आनन्द अर्कै रमायो ॥
बहाँ थप्दथिन् मेनका "दिव्य नीति ।
विना बाँधले राख्छ आनन्दरीति ॥

(६१)

सँधै दिव्य इच्छा कतै छैन बाधा ।
त्यहाँ सिर्जना गर्दछौं स्वप्नलाई ॥
यहाँ बाँधिएकी धराचक्रभित्र ।
बनिन् आज यी खुंचिए झैं मलाई ॥

(६२)

जसै उड्नको प्रेरणा पंखभित्र ।
ममा कुत्कुती दिन्छ आफ्नो विचित्र ॥
उज्यालो कलाकारकी स्वप्नतुल्य ।
म पाऊँ त्यसै उड्न स्वेच्छा-पवित्र ॥

(६३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न ता बाँधिएकी म भै फूलतुल्य ।
सबै ओठ भै मूक हा! वैलिनेछु ।
सफा प्रेममा स्वर्ग पृथ्वी हुनाले ।
म बस्नेछु सच्चाइले नै छुनाले ॥

(६४)

"नहोस् बद्ध इच्छा प्रभो! दिव्यप्रज्ञ ।
हओस् एकली यो सजीली प्रतिज्ञा ॥
'तिमी उड्न खोजे म छोड्नेछु फेरि ।
म बाँधा गरी राख्न चाहन्न', भन्ने ॥"

(६५)

सुनी भन्दछन् ती तपस्वी विलासी ।
"सबै शब्द हुन् सिद्ध तिम्रा विकाशी ॥
न यो प्रेम मर्ला न ती पंख उड्लान् ।
विषादी कुनै आँसु झैं भै अकाशी ॥

(६६)

परी मेनका ती नजीकै भएर ।
कुरा गर्न थालिन् यसो टाँस्सिएर ।
जसोरी लता फुल्न स्वेच्छा मिलेकी ।
जहाँ स्वर्ग संझी उहीं टाँस्सिइन्छे ॥

(६७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain: Digitization by eGangotri

त्यहाँका कुरा गर्न लागे समस्त ।
हरे ! जिन्दगी नै नहोला प्रशस्त ॥
यही चित्र हेरूँ बनी आज मस्त ।
सुनूँ भित्रका कानले सुस्त सुस्त ॥
(६८)

—=०=—

पञ्चम सर्ग.

यस्तो नन्दन बागमा अब रमी मीठा लिंदा स्पन्दन ।
आनंदी मनले बसे दुइ जना स्वःसौखका छन् दिन ॥
बन्दी कुड्मल फुल्दथ्यो हृदयको संवादसौगन्ध्यमा ।
बेली एक भई दुवै दिल फुले पाई हवेली त्यहाँ ॥
(१)

चल्छन् वन्य समीर मन्द गतिका आनन्दमा मंदमा ।
डुल्छन् रंग अनंग बाणहरूमा भृङ्गादिका संगमा ॥
स्वादु स्पर्श प्रसून शीतल लिंदै ती छालको छन्दमा ।
आनंदी वनका सुगन्ध मनका छर्छन् फुली रंगमा ॥

(२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उड्दा स्वर्ण पँखेरु चारु दिन छन् लाली सुनौलासँग ।
गालाबीच गुलाफको छ मदिरा प्यूने परीका रँग ॥
प्याला फूल छ, चाँदनी रस भरी, पंखा छ हाँगाभरी ।
कल्लोली मृदु अप्सराहरू नदी छन् नाचन कल्कल् गरी ॥

(३)

राम्रा वन्य कुरा सबैतिर त्यहाँ स्वादिष्ट छन् रंजन ।
मिल्छन् पुष्पसुरा र मूल, फलका आनंदका व्यंजन ॥
त्यस्तो प्राकृत मंजरी रँग फुटी हिल्दा लतागेहमा ।
पाऊँ बस्न त वन्दथें त्रिभुवनी राजा भई रंगमा ॥

(४)

चिल्लो आसन भो हरा मखमली औ मेनका कामिनी ।
फुल्दी कोष्ठ यता लता सुरभिता प्यूँदी सुधा चाँदनी ॥
राम्रो स्वर्गसमान कानन कुटी जो प्राकृताऽऽभूषण ।
मेरा मित्र, सुचित्र भित्र मनमा यो मात्र होस् चित्रण ॥

(५)

झुल्दा छन् सब हिल्ल हिल्ल हँसिला हाँगा तथा बल्लरी ।
फुल्दा छन् रँग रश्मिका कतिथरी बास्ना भरी भै झरी ॥
झलमल् गर्दछ शीत पुष्प ऋतुको वर्षा परी झर्झरी ।
पानी रोकिदिने हरा छत फुली रंगीन भो माधुरी ॥
बुट्टा जून छिरीविरी मुख परी तेसैं बनिन् सुन्दरी ।

(६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फुल्दो द्वार छ बाटुलो र हँसिला पुष्पाङ्गिनीले रची ।
बुट्टा भर्दछ व्योममा र मनमा त्यो दृश्य हेर्दा सजी ॥
यौटा शावक साथमा सरस त्यो साक्षी छ लज्जा दिन ।
गाई नित्य तरंगिनी छ सरिता सानन्द संभाषिणी ॥

(७)

नाच्छन् चित्र विचित्रका छ बहिनी जो नामका छन् ऋतु ।
सातौं स्वर्ग पुऱ्याइ सर्व सपना लाखौं भरी माधुरी ॥
कस्तो वन्य सुगन्ध शान्त वनको एकान्तको शासमा ।
के मिल्ने तपबाट चीज र अरू ? के दिव्य आश्वासन ?

(८)

हाँसी काल दगुर्छ चारु पदमा कल्लोलका चालमा ।
नाच्छन् भाव मिठाससाथ नखरे नाच्दा परी तालमा ॥
लुर्कन्छन् हँसिला जुहार हरिया पन्ना सजी सालमा ।
विश्वामित्रसमान बन्न कसको भाग्यै थियो भालमा ॥

(९)

त्यस्तो वन्य कुटी, विलास रसिलो आनन्दको नन्दन ।
धेरै रोज बहिन् तरंगसलिला यो काव्य झैं गुन्गुन ॥
लागेछन् सहकारमा फल चुसी माधुर्य त्यो दृश्यको ।
लज्जा भो दिन एक ती युवतिमा बेढंगले अंगको ॥

(१०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झन् झन् कोमलता लिएर मुखले छाला भयो पातलो ।
लज्जा मुस्किन खोज्छ झैं हुन गयो बाक्लो बनी व्यर्थमा ॥
नानाभित्र सुषुप्ति झैं स्मृतिहरू दिन्थे कता कुत्कुती ।
भागूँ क्या र अगाडिबाट उनको जस्तो गराई कति ॥ १

(११)

धेरै रोज बिते बसेर वनमा अर्कै फुटी मंजरी ।
अर्की कोकिलले गला सरसले गुँज्दी छ वन्यस्थली ॥
मीठा जन्म लिने अनेक कुसुमी नानीहरू ब्यूँझिए ।
केही कष्ट नभै वसन्त ऋतुमा आमा भइन् मेनका ॥

(१२)

देख्दामा शिशु काखमा युवतिको राजर्षिमा ज्ञान भो ।
केही क्रोध उठ्यो झनक्क मनमा संध्या रिसाए सरि ॥
चाँडै नै तर अग्नि शान्त हुन गो ठंडा बनी क्यै अलि ।
हाँसे मुस्स सुधांशु झैं घनहरू थाङ्ना बनेका दिन ॥

(१३)

औंलालाइ चुसी बनेर हँसिली हाँस्दी दुवै नेत्रले ।
गूँ गूँ गर्ने तयार दुग्धमुख ती सानी सफा मोहनी ॥
सग्ली सुन्दरता सलक्क रसिला राम्रा छिटा अङ्गकी ।
देखी दंग हुँदा झसङ्ग मनमा झस्के त्यहाँ ती ऋषि ॥

(१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लागे शोच्न "डगेछ स्वर्ग पुरमा के इन्द्रको आसन ?
बूढोलाई बिगार्न शान्त तपमा के मेनका यी झरिन् ?
लौ वित्यास परेछ ! नारद डुबी मायाविषे विष्णुको।
आश्चर्यान्वित दृष्टिले वरिपरी हेर्थे म उस्तै भएँ॥

(१५)

चुट्की दी च्चुच्चु ! साथ चारु नयनीलाई हँसाईकन।
"धाई बन्न त आज शक्तिन शिशो। थाङ्ना सह्यारीकन॥
पापा खोज्न म जान्न जान्छु तपमा" भन्छन् उठी ती ऋषि।
थाङ्ना बादलमा प्रभानिकर झैं छाड्दा गुलाफी हिउँ॥

(१६)

सानो कुड्मलपंखमा मलयका हावा परीले धरी।
नाघी शैल-उपत्यका, नृपतिका सीमा अनेकौं थरी॥
उड्दो झैं मधुमासमा तुहिनका श्रीपेचका देशमा।
आइन् पंख चलाउँदै सुरनटी बोकेर ती बालिका॥

(१७)

लज्जाले मुख लाल भो तर जसै दाढी सफा कण्वको।
देखिन् चाह कमी हुने उटजमा, धूवाँ उठी घुम्रिदो॥
फर्किन् थोर यता हवा मलयकी बोक्दी गुलाफी शिशु।
मीठो चुम्बन दी थपक्क वनमा राखी त्यहाँ मुस्किइन्॥

(१८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोपी चादरले मिहीन पतला ती बालिकाचन्द्रिका ।
राखी फूल सुगन्धदार तकिया पारी बडो कोमल ॥
हेर्थिन् ती रजनीसमान नभकी ओर्लेर पृथ्वीतिर ।
आफ्नी बालशशी लुटुक्क घनमा फुल्दो महाशाखमा ॥

(१९)

"बच्ची छौ सुरसुन्दरी चुस तिमी यी दूध मीठा स्तन ।
आमातुल्य दयावती प्रकृतिका खाए सबै व्यंजन ॥
मेरो आशिषसाथ दिव्य सुषमा पाई बढे फूल झैं ।
आफ्नो चाह चुसी हवा र वनमा राम्रो फुले फूल झैं ॥

(२०)

कोही जन्तु न त्रास दिन्छ शिशुमा छौ प्रेम झैं सुन्दरी ।
तिम्रो शैशवयोग्य पोषण दिने हुन्छन् धराका परी ॥
हिंसा विस्तृत प्रेमसाथ सबले पोषेर संवर्द्धन ।
राख्नेछन् महिमा जुहार पृथिवीकी छौ भनी मोहन ।

(२१)

मीठा तत्त्व मिली त्यहाँ कुसुम छन्, छन् बीज राम्रा जहाँ ।
काली मृण्मय छन् धरा पनि जरा पोष्दी यहाँ स्वर्गका ॥
खालि स्वर्गिक बीज पर्छ हुनु है ! छन् पंकमै पंकज ।
कालो व्योम सिंगार्न फुल्दछ शशीनामा सुधावारिज ॥

(२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिंसाको जंगमा छ शैशव जहाँ यो दिव्यता पाउने ।
त्यस्तो बालमिठासको अमृतमा छन् सिंह भोकाउने ॥
छाडी शावकलाई बालक यहाँ ती सिंह आत्मा पनि ।
देख्छन् शैशवको अहिंस्रकपनाको स्वर्गको मोहनी ॥

(२३)

एकै केन्द्र छ ऐशभित्र दिलमा सारा त्यहाँ भाइ छन् ।
हिंसा नै तमको विकार बुझिने छन् दिव्य क्या सूचना ॥
आत्मा हेर, विभिन्न रूपहरुमा ती फूलमा जन्तुमा ॥
एकै ऐक्य सहानुभौतिक गुँथे क्या प्रेमका तन्तुमा ॥

(२४)

भाषा एक छ प्रेमशब्द रसिलो जो भित्रका भावमा ।
सुन्छन् बुझ्न समर्थ छन् शिशुहरू यो प्राकृतोद्यानमा ॥
जे बोल्ने मन गर्दछन् कुसुमले लाली लिंदो ओठले ।
सो टिप्दै मुखरी छ मानवचरी त्यै शैशवी खोजले ॥

(२५)

यत्रो विश्व बनाउने छ करुणाको दिव्य तस्वीर झैं ।
आनन्दै दिन जीवमा गगनमा तारा भन्यो झिलिमिली ।
सोही कुँदुछ मुना, छिनो छ मसिनो कुद्ने जगन्माधुरी ।
खाना दिव्य खुवाउलिन् प्रकृतिले नानी परी सुन्दरी ॥

(२६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो शिक्षालय हो सबै कुसुम छन् रंगीन अध्यापक ।
पाना दिव्य खुलेर अक्षर सफा छन् रोज नै पाठ यी ॥
खुल्दो प्रेम समष्टिसार रसिलो साफल्य हो पाठको ।
हामी नित्य परीक्षित प्रकृतिमा छौं प्रश्नले आठको ॥

(२७)

आत्मा मानव चुस्छ ओठ कलिला यी पुष्पका सुन्दर ।
ताराबाट झल्किंदो छ महिमा जो बन्छ विश्वम्भर ॥
गर्छन् खुस्खुस कानमा अनिलले संदेशको चारुता ।
पंछी गर्छ कुरा त्यही ऋषिहरू जो खोज्न छन् वेपता ॥

(२८)

जो छन् नाश हुरी बडा प्रकृतिमा भूकंप उल्काहरू ।
त्यस्तामा पनि शस्त्ररूप उसको छन् दिव्य प्रेमी क्रिया ॥
सानो सुस्त छिनो लिएर करमा कुंदो छ सौन्दर्यको ।
प्रेमै मात्र पछाडि प्राप्त बुझियो यो नीतिको विश्वमा ॥

(२९)

रोगैमा पनि शुद्धिका कति क्रिया देखाउँछन् लक्षण ।
डोरामा शिव नीतिका उडुभरी झुल्की प्रभा-मोहिनी ॥
कालै हो यदि राह ता अमृतको क्या दिव्य त्यो अक्षर ।
हाम्रा कंटक दुःखमा कुसुमको भर्दो छ पत्तीहरू ॥

(३०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धोका हुन्न यहाँ कतै प्रकृतिमा हे दिव्यताकी शिशु !
बुझ्नेलाई बिरादरी तरु, लता, कल्लोल पंछी पशु ॥
मिल्ला त्यो मह जो अनेक कुसुमी मौरीपरी हाल्दछन् ।
जो मीठा मृदुभाव खोजहरुका मौनीहरू जान्दछन् ॥

(३१)

पंछीले सुरकी लता फुलिलिने जानेर प्रेमी बनी ।
हेर्चाहासित बोलमा मधुरता खोजी महान् प्रेमको ॥
हेर्नेछन् शिशुलाई जन्तुहरूले दिन्छन् इशाराहरू ।
जेले ती पशु पाउँछन् हृदयमा आत्मा-सुखी आवरू ॥

(३२)

यी शिक्षा शिशुकानमा मधुर दी छोडी चलिन् ती परी ।
हाँस्दै पंख फुकाउँदी कुसुम झैं वैशाखका अन्त्यमा ॥
औंलाले भुइँमा दिई भर यसो थोरै उचाल्दी तन ।
उड्नालाई तयार भै नजरमा पानी भरी हेर्देछिन् ॥

(३३)

मौरी झुम्मिगएर कुंज त्यसमा मीठा गिराए मह ।
मीठो भुन्भुन तत्त्वपूर्ण शिशुको आत्मा बन्यो सौरभी ॥
टिप्तै स्वादु मुना फुरुक्क वनमा "खान्छ्यौ कि नानी?" सरि ।
लाग्यो शावक चर्न चारु जननी जान्थी पिलाईवरि ॥

(३४) २०९६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नौलो स्वादु जगत् अनन्त छ सुना ट्रना त्यहाँ गुन्गुन ।
नाच्छन् नाच वसन्तका छुनुमुनु स्वच्छन्द वल्ली शिशु ॥
"वाँहाँडोल" गरेर फूलहरुले बोलूं कि बोलूँ गरे ।
पंछीले नभबीच नृत्यहरुले बोले बनी फर्फरे ॥

(३५)

"को को हो" सित कोकिला मृदुगला सोध्थी सुखी चंचला ।
पाक्यो काफल सोध्दछन् खग सुनी हाँस्थे फुकी कोपिला ॥
लागे खेल्न अनेक पातसँगमा क्या पासली पोसली ।
साना ढुक्कुर कुर्लिए हृदयमा कुर्कुर् गरी कोरली ॥

(३६)

फुल्थिन् लाल उषा सुवर्ण सुषमा स्वर्गीयता साथमा ।
खोली लाल गुलाव–बाग सुरको त्यो स्वर्णको देशमा ॥
झर्थे जूनपरी मुसूमुसु गरी आधूत छन् बल्लरी ।
हीरा लुर्कन लाउँदा वनभरी ती रातमा झल्लरी ॥

(३७)

पन्ना प्रस्फुट त्यो वसन्त ऋतुको कुँद्थ्यो छिनोले कुनै ।
हीरा खेल्न विभिन्न रंगहरु छन् भूस्वर्ग गर्ने वनै ॥
टुक्रा वारिदका बनेर सपना त्यो नीरमा उड्दथे ।
पल्ली पंख त्यहाँ बिहानपखमा मोती बनी गुड्दथे ॥

(३८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छल्कन्थिन् जल ढल्किदा किरणमा भंगीमयी निम्नगा ।
झल्कन्थिन् अनि माधुरी प्रकृतिकी चलमल् गरी रत्तदा ॥
बल्कन्थिन् कलिला नशा लहरमा लाली बनी कल्कली ।
ढल्कन्थिन् जब स्वर्ण साँझ वनमा वैकुंठको झल्झली ॥

(३९)

ताजा स्वादु हरा रँगीन मदिरा पोख्थे त्यहाँ अप्सरा ।
बन्थे ती रँग ओठमा कुसुमका वैंशालु चड्दा सुरा ॥
टूना सूक्ष्म लिने मुना पनि फुटी, स्वप्ना बनेकी धरा ।
मीठा वन्य तरंग रंग दगुरी गर्थिन् विहंगी कुरा ॥

(४०)

आँखा भर्दछ चाँदनी हृदयले प्यूँथिन् सुधा तन्तनी ।
साना ती घुँगुरा विचार शिशुका नाच्थे त्यसै छन्छनी ॥
बोल्थे भ्याउ, शिला बनी जलगला त्यै माधुरी गुन्गुनी ।
जो बोल्छन् शिशु छालले जलधिको माधुर्य भैं फन्फनी ॥

(४१)

राम्रा हास्य टिपी शिंगार तिनका राम्री छ वन्यस्थली ।
सिक्छन् भाव टिपेर उड्न सहजै साना चरा चंचली ॥
हेरी घूँघर रंग घुम्रिन सिकी जो पल्लवी माधुरी ।
हाम्रो यो अनुमान हुन्छ सबको हो सृत एकैथरी ॥

(४२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शायद् पल्लव जन्मिए सब जहाँ ती बालका ओठ छन् ।
शायद् जून झझल्किने पनि जहाँ ती नेत्रका ज्योति छन् ॥
शायद् विष्टप जन्मियो पनि जहाँ राम्रा उठे भावना ।
एकै चीज छ भित्र बाहिर जगत् भन्ने छ संभावना ॥

(४३)

हाम्रो शैशव मानवी प्रकृतिको हृद्केन्द्रमा जन्मियो ।
एकै पोषणले भयो मधुर यो, ती भावले झुम्मियो ॥
पाई स्पर्श बजे चरा, गिरि नदी त्यस्तै त्यहाँ छोइयो ।
एकै नै महिमा मिलेर सबले दूधालुको दोहियो ॥

(४४)

थोटै चित्त समस्त रश्मि रँगिदो त्यो रंग होरी हुँदो ।
बल्दो धप्प छुँदो शशी, रवि कहीं खोला बनी भङ्गिदो ॥
झल्की दीप्ति झलक्क झल्किइदिंदो त्यस्तै मिही मुस्किदो ।
फुल्दो फूल बनी रहस्य भवको खोली मिही फुस्किदो ॥

(४५)

छाड्छु क्या र ! बयान आज शिशुको लामो छ ढाक्ला जगत् ।
झल्का झल्ल खुलाउने अलि यसो कामै छ मेरो फगत् ॥
ती सानी वनकी सुचारु दुहिता त्यो कुंजमा शीतल ।
बढ्छिन् कोमल मोहिनी शिशु लिंदी आनंद शाकुन्तल ॥

(४६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

षष्ठ सर्ग

(स्रग्विणी)

मेनका हेर्दथिन् भावले सुन्दरी ।
बालिकालाइ ती मालिनीतीरमा ॥
आउँथे प्रेरणा दिव्य आनन्दका ।
चन्द्रका रश्मिमा स्वर्गदेखिन् झरी ॥

(१)

घामको उष्णता चंकिदा मुस्किने ।
फूलका मुस्मुसे शान्त जादूहरू ॥
चक्षुमा बालको पर्दथे सुस्तरी ।
ओठ आनन्दले सुस्त मुस्काउन ॥

(२)

रंगका वस्त्रमा वास मग्मग् भरी ।
रेशमी पातला पुष्पका शानले ॥
दक्षिणी वायुको राहमा डाकिने ।
गुन्गुने गानका पंख छन् भृङ्ग ती ॥

(३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउँथे झुंड भै वल्लरीमा सजी ।
पुष्प पीयूषको एक गोला त्यहाँ ॥
पुष्पका स्नायुका चाँदनीका सुधा ।
तप्प तप्काँउथे ओठमा बालको ॥

(४)

चन्द्रमा टिप्नको चाहमा बाहुली ।
फ्याँक्दथिन् पाउ ती फेरि कल्लोल झैं ॥
मालिनीतीरका छालका शब्दले ।
केलिकौतूहला बालिका बन्दथिन् ॥

(५)

तारका झल्किदो झूलमा नीरको ।
चंकिदा चक्षुका चारु चंकाइले ॥
चंचले चालले सुन्दरी बालिका ।
हेर्दथिन् स्वर्गका मेनकाका सखी ॥

(६)

वायुले झस्किदा स्नायु ती पातका ।
दिव्य आनन्दका स्वप्नमा सुत्दथिन् ॥
पुष्पको कोपिलातुल्य आधी खुला ।
चक्षु ती चुंदथ्यो चाँदनीले सफा ॥

(७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वायुमा वन्य ती बासले बेलिंदा ।
पालुवामा हुने हिल्नको प्रेरणा ॥
केलि आनन्दको त्यो हवेलीबिषे ।
बालका चालमा तालमा ल्याउँथ्यो ॥

(८)

एक लाली चढ्यो पश्चिमी फेरमा ।
सांध्य आकाशको पक्षमाला धरी ।
फेरि त्यो फिर्दथ्यो पूर्वको गंडमा ।
दिव्य संघारमा स्वर्गको उघ्रिंदो ॥

(९)

हुस्सु झैं पातलो चारु पोल्टो भरी ।
तारकाका लिई दिव्य दानाहरू ॥
मिर्मिरे पस्दछिन् द्वार कर्के गरी ।
शैलका श्रृंगमा स्वर्णका स्वर्गको ॥

(१०)

लाजको लालिमा भालमा झल्किदी ।
दूरदेखी त्यहाँ सूर्यको स्पन्दन ॥
टाप सप्ताश्वका कड्किंदा पूर्वमा ।
झस्किइन् स्वर्गका रत्न चोरीवरी ॥

(११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देख्छ चोरी त्यही कण्वको चक्षुले ।
स्नान सिद्धेपछि ध्यान त्यागीकन ॥
फर्किंदो फेरमा स्वर्गका द्वारमा ।
एक तारा झरी झल्किंदा नीरमा ॥

(१२)

इन्द्रका चापका रंगका गिन्तिले ।
अश्व जोती डटे सूर्यले स्य·दन ॥
दिव्य सम्राट् बनी पूर्वमा हाँस्दछन् ।
अन्धका शैलका ती विजेता बनी ॥

(१३)

बाफको दुर्ग जो रौप्य भै बस्दथ्यो ।
स्वर्ण भो पूर्वमा शैलका शृंगमा ॥
सत्यको रोशनी दिव्य सौन्दर्यमा ।
जिन्दगी सूतमा रंगिए भैं अहाँ ॥

(१४)

ध्यानका चक्षुले कान्तिमा स्वप्निल ।
देख्न लागे तिनी कृष्णका भूषण ॥
मेघ सारा बन्यो दिव्य पीताम्बर ।
नीर त्यो रंगमा झल्कियो आनन ॥

(१५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोपिनी झैं बने फूल ती चञ्चले ।
अप्सरा वन्दछन् गाउने ती चरा ॥
वेणु झैं बज्दछन् प्रातका रश्मि ती ।
सात रंगी बनी दिव्यको ग्राममा ॥

(१६)

" स्वर्ग खुल्दो छ यो पूर्वका द्वारमा ।
कृष्णका कान्तिको पाउने माधुरी ॥
सत्य सौन्दर्य हो मोहिनी विश्वको ।
स्वर्गको द्वारको दिव्य आह्वान यो ॥

(१७)

"जान्छु टाढा कतै स्वर्णको देशमा–
दिव्य सौन्दर्यको स्वर्णको देशमा–
कान्ति हे सुन्दरी ! शांतिकी मोहिनी ।
चित्त मेरो खिंची लग् परै पूर्वमा ॥"

(१८)

यत्ति बोली तिनी कॉलका फूल झैं ।
धोबिनीको ध्वनि स्वादिलो पाउँदा ॥
शीतका बिन्दुका झलुरी कांतिमा ।
वृक्षशाखा हुँदा बढ्दछन् झन् अघि ॥

(१९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आज लौ बाजले लाज छोडीकन ।
पेट नै भर्नको रक्तको काजमा ॥
पूर्वका साजका माझ सौन्दर्यको ।
शान्तिको सूचना तोड्छ झंटीकन ।

(२०)

एक तर्सी रुँदी आँसुवाली चरी ।
बालिका नीडकी त्यो पहेंलीचुचे ॥
जिन्दगी कालले झंटिदा आउने ॥
कंपमा रुग्णगे पंख तर्सी रुँदी ।

(२१)

" ए नछो ! ए नछो ! छोडिदे ! छोडिदे !
हा नलुछ् हा नलुछ् जिन्दगीका भुवा ॥
फूल झैं कोमला बालिका सुन्दरी "
शब्द यस्तै गरी कराव लागे पक्षि ॥

(२२)

क्रूर हे कालको भाइ— नङ्ग्रा हुने ।
भो नच्यात् ! भो नच्यात पुष्पकी पात त्यो ॥
जीवनाऽनंदको कोमल स्पन्दन ।
ढुक्ढुकाई छिटो त्रासले भो, नमार् ॥

(२३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाय तप्क्यो हरे ! रक्तको बिन्दु नै ।
लाल हिंसा धराबीच बुट्टा बनी ॥
शांतिको सूचनातुल्य यो कान्तिमा ।
क्रूर के डस्दछस् ईश्वरैको मुटु ?

(२४)

योनि फेर् योनि फेर् शाक खाने बनी ।
मूल खाने बनी ले फलाहार तँ ॥
मांस नै भक्ष्य जो भन्छ त्यो क्रूर हो ।
लास खाने लुछी लाज छोडीकन ॥

(२५)

हाय हा ! हाय हा ! हाय हा ! हाय हा !"
तर्सिई बाज त्यो छोड्छ त्यो बालिका ॥
चीँचिचीं चंचुले पक्ष पानी भर्जी ।
फूल गुच्छा बनी लाल थोप्ला लिंदी ॥

(२६)

गै उठाए त्यहाँ कणवले बालिका ।
आर्द्र आँखा हुँदी क्रूरका पापले ॥
देखिइन् बालिका अप्सराकी त्यहीं ।
कुंजमा फूलको गर्दथिन् क्रन्दन ॥

(२७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आस संसारका दूर छाया बनी ।
बालको त्यो विलौनाविषे सुस्तरी ।
आउँदा चित्तमा मेघका पंख झैं ।
वारिवर्षा गरी ती विलाप्थिन त्यहाँ ॥

(२८)

(भुजंगप्रयात)

अहो ! कोयली अप्सराकी मुहार ।
विजूली नटीकी सुता झैं उज्याली ॥
वसन्ती मुनामा रसीली बनेर ।
विलापीरहेकी चुहाएर आँखा ॥

(२९)

उषातुल्य राम्री उदाई सवेरै ।
सफा भालमा स्पर्श गर्दी हिमाल ॥
नयाँ घुम्रिएका भुवाले शिंगारी ।
यहाँ ओर्लिइन् शीत ली आँसुदार ॥

(३०)

चुचुच्चु ! चुचुच्चु ! कुनै नाडबाट ।
चरी स्वर्गकी आज पृथ्वी झरेकी ॥
हँदी फूलकी कोपिला वासवाली ।
फुलेकी चरी ! आँसु पाछ्यौं शिंगार ॥

(३१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अहा ! कास लामा भिजेका परेला ।
दुबैबाट झल्काउँदी रत्नदाना ॥
परी एकलो ठाउँको त्रास रुन्छयौ ।
न जानी रुँदो शब्द जो भन्छ "आमा"

(३२)

पिपिल् पिल् पिपिल् पिल् तिमी दुःख मानी ।
ममा हेर्दछयौ आड पाएर नानी ॥
म बूढो बनूँ चोर तिम्रो कि क्या र ?
कुनै छैन आधार यो ठाउँमा र !

(३३)

हलूका नयाँ पुष्प जस्तै प्रभाती ।
तिमीलाई चोर्ने म हावासमान ॥
कुदाएर लैजान्छु आनंद मानी ।
जहाँ गौतमी चाउरी छन् बयानी ।
कुनै शैल जस्ती मुजाले पुरानी ॥

(३४)

मानो वृद्ध हिमालले तप गरी ध्यानी बनी रातमा ।
बोक्छन् काँधविषे उषा-छवि हुँदा लाली,(प्रभाती शिशु)॥
(छोरी दिव्य प्रकाशकी वनविषे आकाशमा एकली)।
हाँसी पश्चिम नै कुदेसरि गरी आए घरैमा ऋषि ॥

(३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बल्ली बेढिन गै रँगी कुसुमले राम्रो थियो झोपडी ।
सानो स्वर्गसमान पूर्ण सुखको कम्ती हुँदा चाहना ॥
छाएको खरले विहंगस्वरले मीठो, हवा शीतल ।
पाएको वनबाट, घाम कलिलो ओढेर न्यानो गरी ॥

(३६)

हाँस्दा फूल वसन्तका यश बनी बास्ना हवामा भरी ।
हिल्थे केशर वृक्षका वरिपरी 'आऊ' भने झैं गरी ॥
'को' 'को हो' रव ली बली वनप्रभा आँखाविषे कोइली ।
चिन्दी झैं वनबालिका, विहगकी सङ्गी फुली बागमा ॥

(३७)

दूनाको हरियो सुस्निग्धपनमा पानी भरी रंगले ।
छाएकी, वनपुष्प सुन्दर सजी मार्तण्डको अर्घमा ॥
हीराका चय विश्ववन्द्य रवि जो हुन् पद्मिनीवल्लभ ।
लिन्थे वन्दन शुष्कपत्रसदृशी ती गौतमीको त्यहाँ ॥

(३८)

ल्याएँ यी ललिताङ्गिनी मुसमुसे मुन्द्रे परी–बालिका ।
आविष्कार सुगन्धका पवनकी वन्य प्रभा स्वर्गकी ॥
स्वप्ना झैं वनको प्रसूनवदनी, कल्लोलकी केलि यी ।
विश्वामित्र र मेनका दुइ मिली राम्री बनेकी जुनी ”

(३९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता शब्द सुनेर भै चकित ती चम्किन् त्यहाँ गौतमी ।
ठट्टासाथ भनिन् "थिईं कि त कुनै प्यारी रखौटी परी ॥
गाला लाल सुपुष्ट सुन्दर हुने राम्रा सफा अंगकी "
आफैंले तपको गरी निहुँ कतै जन्मिन् कि यी बालिका ?

(४०)

"प्यारी गोबर गौतमी छ चुनरी बूढ्याइँको भूषण ।
खुंची भूसरि सुन्दरी मुखभरी लिन्छ्यौ सुखी चाउरी ॥
फुल्छन् काँस बनेर केश हिउँदे पर्दा तुषारे रँग ।
टूना या, पतली तिमी यदि घरै बस्ने अरू कोसँग ?

(४१)

चोखै बन्छु हिमालकी हिंउ झरी छाती भरी सुन्दरी ।
यी आँखा दुइको सुधांशु छवि झैं छौ झोपडीमै तिमी ॥
बूढो प्रेम बढी बसी नजरमा गर्दै तुषारस्तुति ।
लेला आड प्रगाढ नै लगुडको के खोज्नु मैले परी ?

(४२)

पाको फूल छ केश, अंगहरू छन् तिम्रा मिही पातला ।
उड्छ्यौ पंख लिई विचारहरूमा तन्द्राहरूमा झुकी ॥
तिम्रो त्यो नखरे सिपालु छ छिटो नाच्ने अझै आखिभौं ।
हामी प्रेम अरू परीसँग कहाँ पाऊँ र के गर्दछौं ?"

(४३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता बात सुनी तिनी हँसमुखी शाली दिदी दृष्टिले ।
"प्यारी सुन्दर यो असुन्दरपना क्या छेड गर्ने" भनी ॥
"आऊ छ्यानु यहाँ, कठै ! कति बछ्यौ एकान्तमा एकली"
भन्दै 'चुक्चुक' साथ हात दुइले पक्डिन् थुँगा फूलकी ॥

(४४)

"कस्ती सुन्दरता बिछट्ट रसिली हाँस्दी नयाँ कोपिला ।
लालीदार मुहार हेर हँसिलो, मानो वसन्ती उषा ॥
बोल्दो लोचनले गुगूँ गुँगुँ गरी कल्लोल झैं गुन्गुने ।
आधा शब्द लुकेरअर्द्ध बुझिने वाक् बोल्दछिन् फूल झैं ॥

(४५)

बस्दामा वनमा महाविजनमा माता पिता दूर भै ।
तस्यौं क्या र अलीकता त मनमा हे चाँदनी स्वर्गकी ॥
मीठो चुम्बनसाथ आज दुहिता मेरी बन्यौ है भनी ।
अमाएँ मृदुलाधरा बदनले हाँसेर स्वीकार द्यौ ॥"

(४६)

यस्ता मिष्ट गरी कुरा कुसुमकी गुच्छा तिनै लीकन ।
गाभा झैं सुनकी महीरुहविषे बोक्दै झुलिन् गौतमी ॥
आमाका सब भाव जो प्रथम छन् हावा झुलौना बनी ।
पार्ने छुन्मुन फूल विश्ववनमा नानी शिंगार्ने भए ॥

(४७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

के यो विश्व बनेन के त शिशुको चाचा र शृङ्गार हो ?
बूढा बाबु सदैव छन् हँसमुखा यो झल्लरी झूलमा ॥
आमाको मुटु स्नेहले प्रकृतिले बस्छिन् सह्यारी शिशु ।
सारा सिर्जन बालकेलिकन हो हाँस्ने र रम्ने कला ॥

(४८)

बाँडोला र छुनूमुनू कुसुमका हाँगाहरूका सब ।
बीयाँका भुइँबीच वर्षशुरूमा ती पासलीपोसली ॥
हावाका "झुल· बाबु" रंगहरूका चाचा, चरी चकचके ।
तोते ताति अनेक छन् प्रकृतिमा वात्सल्य नै विश्व हो ॥

(४६)

" राखूँ नाम म के " भनेर ऋषिले अर्द्धाङ्गिनीसाथमा ।
सोधे चट्ट "शकुन्तला" भनिदिइन् क्या भाव राम्रो फुरी ॥
राम्रो सूझ गर्‍यौ भनेर ऋषिले लेखे नयाँ पातमा ।
चिल्ला पिप्पलको हवासित सदा उफ्रेर मर्मर् लिने ॥

(५०)

म्यानो आँगनमा वसन्त ऋतुको फुल्दा सफा सुन्तला ।
गुन् गुन् गुन् भँवरा सुरारस पिई आनन्दको, पंखिदा ॥
साना छुन्मुन स्निग्ध पल्लव फुटी, पन्ना हिलेका दिन,
आँखाले हँसिली मुमा प्रकृतिको खेलाउँथिन् ती शिशु ॥

(५१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानो रत्नसमान वृद्ध तरुका हाँगाहरूमा परिन् ।
गंकाईकन गौतमी चमचमी चंरिकन् त्यहाँ बालिका ॥
पारी शीतल शांत चित्त उनको भन्थिन् कथा स्वर्गको ।
नानीमा सुरदेशको अलिकता पानी भरेकी चरी ॥

(५२)

तोते बोली बालको यो क्र सारा ।
गुन्गुन् गर्ने काव्य संकेतद्वारा ॥
खेलें होला खालि सौजन्यलाई ।
"थय्या' थय्या" स्नेहको हाइ हाइ ! "

(५३)

—:o:—

सप्तम सर्ग

(इन्द्रवज्रा)

सानी उज्याली वनबालिका ती ।
हालेर जादूमय स्वप्न जाली ॥
बुन्थिन् तरंगीपट भाँति भाँति ।
अनेक राम्रा मृदु भावका ती ॥

(१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेर्थिन् वसन्ती कलिदार डाली ।
कल्लोल झैं स्वर्णप्रभातमा ती ।
आनन्दका पाउ छिटा उचाली ॥

(२)

दिन्छन् मुना, पल्लव, पुष्प, ताली ।
विहंग बोल्छन् रसिला कुरा ली ॥
छन् वल्लरी नै उनलाइ आलि ।
चल्छन् हवाले मृदु अङ्ग चाली ॥

(३)

कल्लोलले निर्मल नृत्यवाली
नाला बगेका गिरिकुंजभित्र ॥
भाषा छ तोते नवपल्लवीय ।
वसन्त झैं शब्द हुने मुनामा ॥

(४)

रेखाहरूले नव कोपिलाको ।
मुनाहरूका मृदु चालबाट ॥
आकाशका सुन्दर मेघबाट ।
भाषा छ बन्दो तिनको अचम्म ॥

(५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जो भाव बन्छन् हरिया र रंगी ।
वसुन्धरामा नव रश्मिद्वारा ॥
ती भाव राम्रा मसिना मिहीन ।
छन् रेखिएका दिलमा नवीन ॥

(६)

ती चारुप्यारी वनकी कुमारी ।
आनंदको शासनमा हरीयो ॥
बन्थिन् कहीं फूल कहीं चरा ती ।
अलौकिकाऽऽभास लिएर जाति ॥

(७)

जो सिर्जनाको झलमल्ल ज्योति ।
सेतो भई राप, बनेर मोती ॥
निशापरीका घन केश काला ।
भरी सँधै झल्मल छन् उज्याला ॥

(८)

हामीहरू नाम दिएर तारा ।
जो हेर्दछौं झल्मल नित्य सारा ॥
ती रत्न देखेर शकुन्तला ती ।
प्रवाह लिन्थिन् कति भाँति भाँति ॥

(९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परीहरूले सपना दिएर ।
मिठासको स्वप्नसुसार गर्थे ॥
प्रभाततारा सुनतुल्य आशा ।
अनेक राम्रा दिलभित्र भर्थे ॥

(१०)

उषा उज्याली, घनकेशवाली ।
सुवर्णवातायनबीच बत्ती ॥
बाली, जसै " स्वागत अंशुमाली "
भन्थिन्, हवाभित्र सुगन्ध हाली ॥
भन्थिन् तिनी " स्वर्ग खुल्यो मुमाको "
गुलाफबारीहरुको सुगन्ध ॥
सुँघेर बन्दी सुनमा सुगन्ध ।

(११)

(वसन्ततिलका)

ऐनासमान हलपी जलतुल्य साफ ।
निष्पाप शुद्ध दिलमा नभएर ताप ॥
मानो त्यसै क्र प्रतिबिंबित हेर ! स्वर्ग ।
आनंदको सुन सुगन्ध लिएर झल्की ॥

(१२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नालासमान तिनका पद नृत्य गर्छन् ।
चांचल्यको सरल सुन्दरता लिएर ॥
जान्छिन् जहाँ शिशु घुमी मृदु कलकलाई ।
फुल्थे त्यहाँ कुसुम नृत्य गरी रमाई ॥
(१३)

जादूनिकेतनसमान समस्त विश्व ।
आनंदको छ जसको गहिरो रहस्य ॥
जो रूपरंगहरूको छ अनन्त टूना ।
त्यो बालनिंति छ अरू सब दुःख भन्छन् ॥
(१४)

जो साधुले भजिरहे युगसम्म लाखौं ।
जो भाव दुर्गम सँधै छ सरस्वतीको ॥
जो भोग्छ ईशपति बाल बनेर आई ।
त्यो भाव क्या सुलभ दिव्य छ हाइ हाई !
(१५)

पन्ना छ पल्लव जहाँ, जल बन्छ मोती,
मीठो कथा छ विधुको मुख, दिव्य रोटी,
भाषा बुझिन्छ खगको अनि नाटकीय ।
त्यो बाल्यस्वर्ग छ अहो सहजै स्वकीय ॥
(१६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जो पात एक महलैसरि दिव्य ठानी ।
बन्छिन् अनंतसित गद्गद दिव्य रानी ॥
नानी जहाँ जलदले छ चमक चारु ।
आनंदका महल हुन् शिशु नै फुलेका ॥

(१७)

छन् प्रौढभाव उनका मनका मुना झैं ।
स्वप्ना छ प्रौढ बिपना मृदुकल्पनामा ॥
ती रंग रंगहरुमा दुनियाँ बनेर ।
बिग्रिन्छ फेरि नवता लिन चारु हेर !

(१८)

बोल्छन् प्रवाल तरुका उनसाथ सुस्त ।
खोलेर ओठहरु सुन्दरता प्रशस्त ॥
संबादबीच दिल शैशवको छ मस्त ।
अजमेर उत्तर अनेक सुनाउँछिन् ती ॥

(१९)

देखेर ऐक्य सब रूप र रंगभित्र ।
जो भाव टिप्दछ कुरा मृदु आँकुराको ॥
मीठोपनासँग समाउँछ भित्र छाती ।
त्यो भाव लग्छ अभ्र क्या र कि स्वर्गमाथि ॥

(२०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्जीव छैन तटनेर शिला सलक्क ।
जो छुन्छ चारु लहरी जलको झलक्क ॥
त्यो गर्छ भाषण मनोहर कल्कलाई ।
आनंदका मुटुसितै लय नै मिलाई ॥
(२१)

विश्वासको मृदुलता जुन हो भुना झैं ।
जो नित्य हुन्छ हरियो सुरबागभित्र ॥
खस्दैन आँधिहरूबाट, ढलेर जाँदा ।
ठूला महीरुह, यिनीसँग त्यो छ भित्र ॥
(२२)

आधारदार सुकुमार विचारधारा ।
सौन्दर्यसारसित लिन्छ अडान दिव्य ॥
देखेर मूर्ति प्रभुका सब रूपभि ।
आनंद झैं मधुर ज्योति लिने विचित्र ॥
(२३)

अज्ञानको मधुर ज्ञान अनंत निल्ने ।
जो हुन्छ साधु, ऋषिमा सहजै नमिल्ने ।
पृथ्वी समस्तकन हाल्दछ दिव्य जाली ।
जादूसमान मृदु गुह्य प्रभा निकाली ॥
(२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आँखा अनन्तसित गर्छ कुरा चमक्क ।
धप्किन्छ दीप दिलमा क्षणमै धपक्क ॥
बन्छन् कथा सरसतासित चारु छन्द ।
ली शान्त शुद्ध मुटुमा लयदार गन्ध ॥

(२५)

जो व्यास हुन् शिशु थिए शिशुलाई सारा ।
त्यो दिव्य भाव सब हो शिशुचारु धारा ॥
झल्किन्छ त्यो प्रगतिमा सुरगुह्य झल्ल ।
जो भावमा विबुध छन्, शिशु छन् त्यहीं नै ॥

(२६)

पाऊँ म त्यो मधुरता यदि आज थोर ।
बन्थे परी, विबुध, स्वर्ग नलाइ बेर ॥
जो कल्पना छ खँदिली प्रकृतिप्रभाकी ।
विश्वाससाथ सब विश्व उ राजगर्छे ॥

(२७)

हामी त्यहाँ मधुरिमासित स्वर्ग पाई ।
पूजा गरेर दिलले जलसाथ हेर्छौं॥
छन् बालनृत्यहरूले सब स्वर्ग टम्म ।
कल्पद्रुमादि जसमा लटरम्म फुल्छन् ॥

(२८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विग्रिन्छ प्रौढहरूको जब बुद्धि सारा।
बर्षिन्छ हेर जगमा प्रलयाग्निधारा॥
त्यो कालमा शिशु अविकृत शान्त हाँसी।
रोक्ने छ क्या र ? गति कारणको विनाशी॥

(२९)

त्यो इन्द्रको धनुपछाडि दगुर्न खोज्ने।
देखेर सत्य खँदिलो नभबीच ऊँचा॥
जो भावको गति छ त्यो यदि आज पाऊँ।
यौटा नयाँ निगम यो जगमा बनाऊँ॥

(३०)

खेली कुदेर छरिता पदसाथ नाची।
हाँसेर हेर जगतैकन यो उदासी॥
आल्हादको रस भरूँ कि भनेर ईश।
आए बनेर शिशु गर्न सुचारु लीला॥

(३१)

यो दुःखको जलधिमा यदि मिल्छ एक।
आनंदको लहर रश्मिप्रसन्न चारु॥
तारा कतै छ तममा यदि जिन्दगीको।
त्यो हो वसन्त मुजुरा, शिशुता शिखारु॥

(३२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सानी शकुन्त-सँगिनी हँसिली भएर ।
पंछीहरूसँग मिलीकन वार वार ॥
उड्थिन् सुवर्णनभमा सुप्रभातभित्र ।
रंगीनपंख मनमाफिकले विचित्र ॥

(३३)

देखिन्छ ईश्वर त्यहाँ शिशु छन् जहाँ यी ।
श्रीकृष्ण छन् ऋषि कुनैकन पातमाथि ॥
चिल्लो हरा मृदुलता नव पालुवाको ।
पाएर ईश्वर बसे शिशुरूप बन्छन् ॥

(३४)

यो कोपिलाकन सुगन्ध दिने जरामा ।
हो स्वर्ग, हैन जलरश्मि यहाँ जरामा ॥
त्यो शब्दको मधुर तान थियो चरामा ।
तोते मिठास अझ छैन कि स्वर्गमा नै ॥

(३५)

यो काँचको घर नहो बहुरत्न-खाना ।
छन् इन्द्रका धनु विभूषण रंग नाना ॥
प्रत्येक रश्मि रविको पनि हुन्छ झल्ल ॥
त्यो कल्पना अझ छ रंग दिने झलल्ल ॥

(३६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

के फूल हुन् र कविजी जग-सिर्जनाका।
आदर्शरूप दिलका मृदु गुह्यवाला ?
मेरो निमित्त शिशु नै सब फूललाई।
जित्छन् सुगन्धमय जीवन दिव्य पाई ॥

(३७)

ती अप्सरा र नृपकी दुइ-अंशवाली।
पृथ्वी र स्वर्गकन साथ लिएर घुम्छिन् ॥
आनंदलाई ऋषिको तपको गिज्याई।
आनंदतुल्य खँदिलो नव स्वर्ग लिन्छिन् ॥

(३८)

दाढी सफा सकल ज्ञान छुने हिलाई।
'नानी' भनेर जब कण्व पुकार गर्थे ॥
नानी दुवै चमकले दुइस्वर्गतुल्य।
हेर्थे मनोहर बनी ऋषिमा प्रफुल्ल ॥

(३९)

त्यस्ती जुहार घरमा हँसिली हुनाले।
टूनासमान छविदार गयो अधेँरी ॥
दारिद्र्य नै धन भयो र कुवेर हाँसे।
लक्ष्मी बसिन् अब मिलेर सरस्वतीमा ॥

(४०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती गौतमी पनि बनी जननी तिनैको ।
शिक्षा अमूल्य दिलको सब स्वर्गभन्दा ॥
मीठा प्रभावहरूका अब आज पाई ।
छन् मस्त, गीत रसिला उसमा सुनाई ॥

(४१)

मारेर सुस्त ढुँग मस्त हुँदी ठिटीका ।
मुन्द्रा मुनासरि सुकोमल केशमाथि ॥
ती बाललाई पृथिवी जननी बनेर ।
बूढी लुटुकसँग फूल बनाइलिन्थिन् ॥

(४२)

राम्रा कथाहरू सुनी ऋषि कण्वबाट ।
राम्रो लिएर शिशुचाल रमाइलोले ॥
ती कल्पनासरि भइन् रसिली सजीव ।
देखेर झल्ल सब जो ऋषि थोर देख्थे ॥

(४३)

थौटा थियो घरविषे मृग सानु बच्चा ।
कच्चा उमेर दुइको अब प्रेम सच्चा
बढ्दै गएर दुइसाथ बसेर वार्ता ।
गर्थे, बुझेर मृगशावक दङ्ग पर्थ्यो ॥

(४४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तारा विभातहरूका सरि एकली भै ।
एकान्तमा मृदुमुखी पनि हाँसिदिन्थिन् ॥
यौटा प्रभा सुनहला तब विश्वभित्र ।
स्वप्नासमान नव जागृत बन्न जान्थ्यो ॥

(४५)

(अनुष्टुप्)

अनसूया, तथा 'चारू' अर्की एक 'प्रियंवदा ।'
खेल्थे साथी भई तीन हाँगामा पुष्प झैं बनी ॥

(४६)

रानी पारी तिनैलाई ताज फूल बनाउँदै ।
शिंगारी नाच्द्थे आफू, मानो विपिनका परी ॥

(४७)

बसुन्धरा कतै नाच्थे कतै "छुम् छुम् छनानना"
पुष्पका तालमा नाच्थे सुखतुल्य सबै जना ॥

(४८)

बिहा गरेर ती खेल्थे 'चारु' राजा बनीकन ।
रानी शकुन्तला बन्थिन् प्रजा बन्थे अरू जन ॥

(४९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(शालिनी)

यस्तै लीला बाल्यमा चारु खेली ।
मीठो पाई सौख्य जस्तो हवेली ॥
चोरी गाना मालिनीका उज्याली ।
बढ्थिन् हाम्री अप्सरारूपवाली ॥

(५०)

जूनै जूनैबाट मानो कुँदेकी ।
फूलै फूलैबाट मानो बनेकी ॥
राता गाला दीर्घ आँखा उज्याला ।
विश्वश्री झैं प्रातमा चारुचाला ॥

(५१)

बढ्थिन् हाम्री बालिका दिव्य राम्री ।
तोते बोली अप्सरा शब्द घोली ॥
भुप्रोलाई एक थुप्रो जुहार ।
जस्तो पारी रूप भारी कुमारी ॥

(५२)

(स्रग्धरा)

नाच्दी कुद्दी उज्याली चपल मधुर छन्
बोल तोते तरंगी,
बढ्थिन् ती मालिनीका तट निकट हुने
भावमा दिव्य रंगी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संगी पंछीहरूकी मृगशिशुहरूकी,
तारकामा उमंगी,
रंगी रंगी अनेकौं मृदुलयहरूमा।
बग्दछिन् चित्त-गंगी ॥
(५३)

ढंगी ढंगी तरंगी रँगरँगहरूका।
खेलमा चित्त वंगी ॥
उल्लंघी ती कहीले जनकवचन नै।
जो छ क्रीडाप्रसंगी ॥
इन्द्रेणी रंग-भंगी लहडहरुविषे।
खोज्नकी स्वादुसंगी ॥
रंगी चंगी विहंगीसरि दिन दिन नै।
बढ्दछिन् चित्तचंगी ॥
(५४)

भाषा तोते छ मेरी अधखिल अधरा।
अन्धकारै छ भित्र ॥
त्यस्ती मीठी उज्याली विहगशिशुसँगै।
दाँजिदा आज भित्र ॥
जो जो लेखें सकेको कनिकुथिसँगको।
यो विषे क्यै विचित्र ॥
झल्का पाए उज्यालो नजर दुइ त्यसै।
चिम्लिनोस् भूलभित्र ॥
(५५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टम सर्ग

विपिनबीच छन् ती शकुन्तला ।
कुसुम-कोपिला कान्त-कुन्तला ॥
चपल चालकी दीर्घलोचनी ।
ललित लालिमा-युक्त मोहनी ॥

(१)

वदन वान्किलो हास्यसुन्दर ।
विहगगानकी मंजुमन्दिर ॥
रँग प्रवालका, ओठ पातला ।
दशवसन्तकी दिव्य पातला ॥

(२)

सलिलकेलिकी कान्ति झल्झल ।
मधुर गानकी मूर्ति कल्कल ॥
मृदु गुलाबमा शीत विन्दु झैं ।
पतित झीलमा चारु इन्दु झैं ॥

(३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चपल बीचि झैं तीरचुम्बिनी ।
दिव्य कान्तिले मुस्कँदी तिनी ॥
मधुर चालकी छन् स्वतंत्रता ।
विपिन-बालिका केलिमा रता ॥

(४)

ललित चालले लोलमंजुला ।
सरल शान्त छन् ती शकुन्तला ॥
हरिणानृत्यको फुर्फुरेपना ।
अंग कोपिलाबीच चल्दथ्यो ॥

(५)

कुसुम पंख भै मिष्ट बोल्दथ्यो ।
विहग फूल भै शान्त फुल्दथ्यो ॥
प्रकृतिमा मिली नाच्न आँगन ।
पहर आठ छन् चंचलेक्षण ॥

(६)

बाल-केलिको स्वर्णकाल छ ।
प्रौढको जगत् धूलिवर्ण छ ॥
जनकभावले भू प्रकाशित ।
नव शिंगारले हुन्छ भूषित ॥

(७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ र अनंतमा खेल्नको मन ।
रङ्गमञ्च भो स्निग्ध प्रांगण ॥
अवनि छन् भुरुङ् व्योम झिलिमिले ।
चपल गानमा तारका बले ॥

(८)

कुद र खेल हे वन्य बाल हो !
मधुर गानले स्वर्ग बन्छ रे ॥
सत्य फुल्छ रे हिल्छ चल्छ रे ।
मधुर शानमा खेल्छ डुल्छ रे ॥

(९)

नव शिंगारकी छन् वसुन्धरा ।
रवि भजी रिङी नृत्य अप्सरा ॥
लय र तालमा तारका परी ।
हृदयकन्दरा बस्दछन् भरी ॥

(१०)

भ्रमरभित्रको मिष्ट भुन्भुन ।
छुनु हरा जगत् नाच्छ रे यहाँ ॥
जनक सुन्दछन् बन्न गद्गद ।
सृजनमाधुरी–बीच षड्पद ॥

(११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शवल सिर्जना ईशले गरे ।
किन त ? बालका नृत्य हेर्न रे !
सुख शिला भरी फुल्छ जिन्दगी ।
पयर पाउँदै नृत्य गानको ॥

(१२)

कुसुम-ओठमा नव्य नाद छन् ।
छ ऋतु नृत्यका पाठ बन्दछन् ॥
स्वप्न वान्किने बो टर्खै बनी ।
किरण केलिमा फुल्छ जिन्दगी ॥

(१३)

भावना मिली बढ्न फुल्नको ।
मधुर वासना पाउँछिन् तिनी ॥
मृदु प्रियम्वदा चारुचंचला ।
सखि तृतीय ती द्वेषहीनता ॥

(१४)

मृदु शकुन्तला छन् चतुर्थ यी ।
दश–वसन्तकी कान्तकुन्तला ॥
छनन छन्न छन् छम्म छम्ममा ।
जल छचल्किने शस्यतीरमा ॥

(१५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मधुर कुंजमा जून छकिंदा ।
झम्म झाँगका पत्रपुंजमा ॥
विपिनका परी नाच गर्दथे ।
सरस रंग भै पत्र हेर्दथे ॥
(१६)

छलल छल्ल छल् छाल गर्दथे ।
टलल टल् टपल् चन्द्र झर्दथे ॥
पुलिन सज्दछन् नृत्यवाद ती ।
कथन भज्दछन् क्या ! रमाइला ॥
(१७)

यस्तै खेल कुरा गरी बसिरहे ती मालिनीतीरमा ।
आफ्ना स्वप्न अनेक शब्दहरूमा मीठा सुनाईकन ॥
ऊँचा चन्द्रमुहारले मुसुमुस्न, सौन्दर्य छाईकन ।
सुन्थ्यो स्वादु कुरा जगत् सब बनी क्या ! चाँदनीको वन ॥
(१८)

ती साना मसिना झिना मृदु मुना ट्रना कुरा गन्गन ।
वोकी स्वादु–स्वना नदी सब कुना भर्दै मिहीं गुन्गुन ॥
जूनेली जल झन्झने लहर ली आनन्द भै दोगुना ।
पार्थिन् वीर प्रसूनका छुनमुना, रत्नार्णवी कामना ॥
(१९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"को दुष्यन्त ?" शकुन्तकी सखि त्यहाँ सोध्थिन् सफा चाखले।
"राजा रूपप्रतापका र गुणका छन् सन्तका पालक ॥
ती दुष्यन्त दिगन्त–कीर्ति, दिलका छन् कान्त, ती शान्त छन्।
फिंज्दै प्रान्त र अन्त अन्त जगमा वासन्तिकी वासना ॥

(२०)

भन्दी चारु भइन् हलक्क अलि क्यै चाँडै बढेकी ठिटी।
आनन्दी शिशुसाथ नन्दनकुनाका बीच सौगन्धमा ॥
फुल्दो कुड्मलतुल्य छन्द तिनको गर्थ्यो सुगन्धी कुरा।
दुष्यन्त प्रभुका अनन्त यशको जो सन्त पाल्ने थिए ॥

(२१)

"हात्ती छन् सुनका छुने गगन रे ! बाबै ! सिंगारीकन।
चढ्छन् रे ! अनि इन्द्र नै थरहरी काँपेर झुक्छन् अरे ॥
सारा सागरका जुहारहरूका छन् हार रे सुन्दर।
मीठा बाग फुली विहारहरूका छन् रम्य रे मन्दिर ॥

(२२)

"छन् चाँदीहरु चन्द्रतुल्य दुकुटी झल्‌ झल्‌ गरी झल्किने।
रातै हुन्न अँधेर रे महलमा हुन्नन् अमा नै अरे ॥
हीरा स्वच्छ भरीभराउ घरमा इन्द्रेणि झैं पर्छ रे।
खोलामा पनि बग्छ रे सुन झल्झल्‌ झल्‌ बालुवातुल्य रे ॥

(२३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" रत्नै फल्दछ रे अनेक रँगको सारा बगैंचाभरी ।
  छाना नै सुनको अरे गजबको " ! आँखा यहाँ चंकिए ।'
गर्छिन् शान दुवै समुच्च करले, "आकाश भन्दा पनी ।
  ठूलो रे, सुनको विहानसरिको झल्झल् उँचा रम्य रे "

(२४)

भन्दा चाख लिएर चन्द्र वदनी हेर्छिन् महान् नीरमा ।
  त्यो अत्युक्ति सुनेर चन्द्रनभमा मुस्काउँदा छन् मृदु ॥
हाँसिन् सत्वर मालिनी–तरलता तारंग ती बालको ।
  टिप्दै गुन्गुनसाथ "सत्य सब हो", जस्तो गरी जूनमा ॥

(२५)

"बूढा छन् त तिनी ? सफा लहरिंदो दाढी यहाँ लुर्किने ?
  हाम्रा कण्वपितासमान वयका सारा कुराका धनी " ?
जो सोधे पनि भन्न तत्पर बनी गर्ने तपस्या पनि ?
  आँखा बन्द गरी बसेर जगतै देख्ने खुलस्तै पनि ?

(२६)

भन्छन् एक " छ ओठमाथि उनको जुँघा त मुस्लो सखे !
  हाम्रो उम्रिदिँदैन क्या र ? " यतिले खल्लखल् बने ती सबै ॥
" ती बस्छन् दरबारमा झिलिमिली आनन्दका सारमा ।
  रानीलाई दिँई जुहार कतिका हीराहरू हारमा ॥

(२७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भारी हुन्छ शिंगारका झिलिमिली हीरा सितारा भरी ।
पाईं नित्य तयार मिष्ट गठिला नाना परीकार ती ॥
धप्कादार जुहार झलमल गरी बस्छन् नचाई परी ।
मीठा तार सितारमा नित गरी झन्कार लाखौं धरी ॥

(२८)

"त्यस्तो के अनि चारु ? लौन म सुनूं ? के के अरू गर्दछन् ?
भन्दै प्रश्न उठेर नेत्र दुइमा क्या ! मोहनी भर्दछन् ॥
ती देख्छिन् सपना बनाइ विपना छायासितै जूनको ।
"रानी बन्न सुयोग्य छौ" जब सुनिन् झस्किन् पुगे झैं कहाँ ॥

(२९)

" ती राजा अब आउँछन् सखि यहाँ गर्छन् बिहा छाँटले ।
तिम्रो साथ शकुन्तला, अनि तिमी रानी बनी सुन्दरी ॥
छाना नै सुनको, जुहारहरूको प्रासादमा सुन्दर ।
बस्नेछ्यौ सखि चाकरी सब गरी लिन्छ्यौ बुझ्यौ चामर ॥
भन्थिन् ती प्रियबात मिष्ट रसिला बोल्ने ठिटी साथकी ।
" जाऊ धुत्त नकच्चरी " यति भनी फर्किन् परी सुन्दरी ॥

(३०)

" जाऊ चारु तिमी त आरुसरि छ्यौ तीतो वियाँको गुदी ।
जे जे आउँछ चित्तमा भनिदियो ! खै हेर ! तिम्रो गिदी ॥
गर्दै गर्दिन है बिहा म त सँधै कन्या बनी वस्दछु " ।
भन्दै ठुस्स परी विहंगसँगिनी तर्केर फर्कीदिइन् ॥

(३१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चीसो वायु हरा प्रशाख तरुमा लाग्यो गरी सिर्सिरी ।
चीसो श्वाससमान त्यो विपिनको आयो बढी सर्सरी ॥
ठंडा भो अमृतप्रकाश तटमा आनन्दको पावन ।
उठ्छन् ती अब बालिका घर हिडूँ भन्ने गरी भावना ॥

(३२)

(मालिनी)

यतिपछि हिंडिहाले ती उज्याला मुहार ।
पयर प्रकृतचाला नृत्य गर्दा समान ॥
तरुवरमनि राम्रा जूनले भासमान ।
छिरबिर भुइँ-बुट्टा राहमा झल्मलिन्थ्यो ॥

(३३)

(शार्दूलविक्रीडित)

आयो हेर कुटी नजीक तिनमा मानो अँगालो दिन ।
पुष्पैतुल्य हुँदो प्रफुल्लवनमा पर्दा हँसीलो प्रभा ॥
जूनेली सुरपुष्प सुन्दर सफा मानो छ फुल्दो त्यहाँ ।
बास्ना नै जसको छ शान्ति रसिलो, आनन्द नै रूप छ ॥

(३४)

"हामी हौं प्रथमप्रभा प्रकृतिका सर्वस्व जादूगरी ।
टूना चारुमुखी महा नृपतिका आनन्द कारीगरी ॥
हामी दिव्यकला अनंत सुखका बुट्टा छिना सूक्ष्मका ।
थोरैमा जति छन् उनी अरु कहीं छैनन् उज्याला हरि ॥"

(३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आऊ नानि ! शकुन्तला किन तिमी बस्छ्यौ अबेरतक ?
यस्तो बेर गरी नआउनु बुरुयौ राकाचकोरीसरि ॥
ठंडा सारै भयो, यहाँ छ गहुँको, जो हुन्छ ठंडा अति ।
रातीसम्म बसेर झन तटमा लाग्नेछ रुघा कति !

(३६)

सुन्दी शब्द शकुन्तला शिशुपना बाँकी रहेकी अझ ।
"कस्तो रात सफा छ हेर्नु त हवस्" भन्छिन् दुवै हातले ॥
बूढा हात मुसारिए घुँघरमा ती बाल्किला माथमा ।
भन्छन् "रात सफा भएर न त्यहाँ झन् खान बयै पातमा ॥"

(३७)

फाँको सत्तु लगाउँदी वदनका कूना सफा पार्दछिन् ।
रोटी भैकन खान थोर भुइँमा सेतो झरी झार्दछिन् ॥
पुछ्दी फेरि यसो मुहार करले पानी पिई कल्कल ।
ती बल्दी सुषमा वसन्त वनकी, के चाँदनी झार्दछिन् ?

(३८)

यति बाद सुतिन् शकुन्तला ।
सपनामा वनका परीसँग ॥
सुनको दरवारमा उडी–
कन हेर्दी नृपकीर्तिका रँग ॥

(३९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(वसन्ततिलका)

मानो छ एक सपना मनको मलाई ।
आउन्न रंग विपनातिर सत्य हाई !
हुन् कालिदास कवि नै कि त व्यास आई ।
राखून् समस्त पद चित्रणमा सफाई ॥

(४०)

—=०=—

नवम सर्ग

(पृथ्वी)

छ वैंस, वन, बागमा प्रकृतिको हरा भागमा ।
वसन्त छ परागमा, विहगका गला रागमा ॥
प्रशाख तरु रम्य कुन् हरित रंग वैशाखमा ।
विभाग वनका झुले मधुर रागका लागमा ॥

(१)

छ काग पनि कोइली मधुर 'कोयँ' को शब्द ली ।
डटे तरु फुली झुली नरम वैंसजादू बली ॥
नवीन सुषमा फुली अब दिंगगना क्या खुली ।
फुलेर सुषमा झुली मृदुलता लताको मिली ॥

(२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुरंगवन ढंग भो बहुविहंगका सङ्गमा ।
प्रसंग घुइरा चले कुसुमओठका रंगमा ॥
अनंग छ तरंगमा, प्रकृत सिर्जना ढङ्गमा ।
उमंग-वन अगमा लहरिँदो छ क्या ढङ्गमा ॥

(३)

वसन्त छ अनन्तको मधुर पंथ झैं सन्तको ।
बली कुसुमवृन्तको हृदय दीप्ति झैं अन्तको ॥
खुल्यो मुख दिगन्तको विधुमुहारका दन्तको ।
प्रभा स्फुटित पथ भो छ सपना महाशान्तको ॥

(४)

बढेर नव आँकुरा भुइँभरी हरा औ भरा ।
मुसुक लहरा, हरा विटपको लिंदी पाखुरा ॥
चरासरि नयाँ कुरा यति बढेछ छापी धरा ।
भनेर कुसुमाकरा द्युति पुऱ्याउँछे टाकुरा ॥

(५)

बनेर नृप वन्य झैं ऋतु वरेण्यमा गण्य झैं ।
कुवेर धनधन्य झैं कलुषकालिमा शून्य झैं ॥
मनोहर अनन्य झैं मदनजन्य लावण्य झैं ।
प्रफुल्लित हिरण्य झैं छ ऋतुराज सौजन्य झैं ॥

(६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिएर मृदु मंजरी त्यस भरी भरी ती जरी ।
नशासरि रँगीन छन् जुन त्यसै भरी बेसरी ॥
हवा हरहरी गरी मलयको परीको थरी ।
हिलाउन डुले धरी चमर हेर लाखौं थरी ॥

(७)

डटी बसनमा हरा मखमली बनाई धरा ।
लिई कुसुमका सुरा पुलकमा पुर्‍याई शिरा ॥
गवाउन सिकी चरा सुरभिले छुँदो उर्वरा ।
प्रसूनज्वलितांबरा, नृप छ राजगर्दो धरा ॥

(८)

रँगीन उसको कला कतिभला रसामा खुला ।
नचाउँछ पला पला सुचपला मुना कोपिला ॥
अनेक रसिला थला मृदुगला-गुँजिन्छन् भला ।
तँगीकन तला तला कुसुमरंगमंची कला ॥

(९)

छ ईश मृदु छन्दमा कुसुमबन्धका गन्धमा ।
विकाश दिलको लिंदो किरणदार आनंदमा ॥
झिनो छिनु खिनो दिंदो मधुर शिल्पको स्वल्पता ।
कुँदेर मृदु ओठ ती, छ मुसकाउँदो फूलमा ॥

(१०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशाल पटमा टमाटम भरी टुना च्चातुरी ।
टुसाउन लगाउने किसलयी हरा माधुरी ॥
थपी रँग थरी थरी कुसुममा सहस्राऽधरी ।
विचित्र महिमा दिने कुन छ चित्रकारी हरि ?

(११)

धराभर हराभरा वनभरी कुनै अप्सरा ।
बसी सुरपुरी कतै अमृतको घडा ली खडा ॥
दिंदी छ कि त ? त्यो सुरा मधुर शान्त सिर्का परी ।
रँगीन भइ झल्किने अवनिबीच छिर्का भरी ॥

(१२)

छ चित् शवल रंगमा लहरिंदो लतासंगमा ।
फुलेर मृदु ढंगमा मधुरता लिंदो अंगमा ॥
शिखासरि धधकिंदो मधुर बासको नै कतै ।
कतै लहरमा हरा छ लहरा फुली दंगमा ॥
कतै मधुर माधुरी मधुभरी चढी क्या धुरी ।

(१३)

अपार गति पारमा विपिनसार संसारमा ।
छ चाल व्यवहारमा प्रगतिमा र विस्तारमा ॥
झिना मधुर तारमा, भ्रमर भारका सारमा ।
मनोहर मुहारमा मधुरता छ विस्तारमा ॥

(१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनेक छ त एकता बहुल मंजरी–मंजुल ।
निकुंजभर गुंजिदो कुसुमपत्रमा पुंजिदो ॥
शिंगार नव पाउँदो मधुर काम फैलाउँदो ।
फुरेर रँग रूप नै शबल सिर्जना झैं हुँदो ॥

(१५)

छ हास सब बासनामय· महाचिदाऽऽभासमा ।
समुल्लसित ज्योति छन् सृजनका हृदाकाशमा ॥
बनी मधुर बोल्दछन् विहग-जीवनी आशमा ।
उही छवि छ झल्किंदो मृदुल सर्सरे घाँसमा ॥

(१६)

सफेद कर काँच झैं सकल मूलका कामना ।
झिलीमिलि रँगाउँछन् कुसुमकालका रंगमा ॥
सबै किरणकामना हृदयका बनी भावना ।
तिनै किरणपोषमा मधुर तोष हालीकन ॥
नशाभर सुरा भरी रँग र रूपना माधुरी ।
प्रकाशन प्रयत्नमा अधर हालिदिन्छन् हरि ॥

(१७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ जो अमित ब्रह्मको नित अनन्त आनंदिता।
त्यही प्रथम भावको स्फुरणमा लिई स्पन्दता॥
सुगन्धसरि बन्द भै कुसुम--कुड्मल--स्वप्नमा।
अनन्त मृदु ओठ ली छ कि वसन्त विस्तारमा॥

(१८)

अबोल पनि बोल भै अचलसम्म नै दोल भै।
सुधामधुर घोल भै अमर–जीवका मोल भै॥
फुली सृजनपुष्प झैं प्रथम प्रातमा खातमा।
सिके कुसुमले कि यी विपिनबीच फुल्ने कला?

(१९)

झरेर तरुनोपना हरितरंग बल्दो घना।
छुँदो सब मुना कुना नित नवीन टूना भरी॥
विहंगम गला गरी मधुर वेणु झैं मोहन।
जगत् छ कि बनाउँदो नित नवीन वृन्दावन॥

(२०)

कि रागहरू रङ्गिदै मधुरका मिही तानमा।
हरा मनहरा कतै अरुण रुष्ट भावादिमा॥
बनी रँग विभिन्नता छिरविराउँछन् के यता।
चलूँ मृदु झुलूँ फुलूँ रव गरूँ भने झैं कता॥

(२१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चरा छ जसको कुरा अनि छ रोगनै नै हरा ।
छ पुष्प मधुरो शिरा किशलयाऽऽधरा हृद्हरा ॥
छ राज्य जसको हरा कुसुम–वल्लरीमन्दिरा ।
हरा छ मृदु बिस्तरा, वन छ बैंसकी अप्सरा ॥

(२२)

जहाँ तरुणा नित्यकी तरुणता छ भर्दी लता ।
दिईं मधुरको सुरा पुलकले भरी सर्सरा ॥
उरोज मृदु उप्सिने मधुरता नयाँ भावका ।
झरे वनबिषे परे अब शकुन्तलामा पनि ॥

(२३)

जहाँ पिक छ प्रश्नमा हृदयभित्र 'कोहो?' भनी ।
जहाँ मृदुल पालुवा मदनको छ पर्दा धनी ॥
प्रसून सपना बनी छ मधु दी लिंदो भुन्भुनी !
विहार वनमा गरी अब फुलिन् फुकी कामिनी ॥

(२४)

बनी रुचिरयौवनी सकलरंग राम्रा बनी ।
कपोल कुसुमै बनी सुमन रंग भै रोशनी ॥
कुरंगनयनी यिनी ललितता लताकी बनी ।
बनिन् विपिन झैं धनी मदनमोहनी मोहिनी ॥

(२५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कथाहरू पुराणका विपिन गर्दछन् वर्णन ।
प्रफुल्ल लहरा जहाँ हरहरा हवा हर्दछन् ॥
अनंत रुचिरांगिनी मदनमोहिनी मोहनी ।
स्वरूप छ र कृष्णजी तल झरेकि झैं छन् यिनी ॥
(२६)

सुरेख मृदु अंग छन् वश अनंत आफैं हुने ।
बनी भजन भृङ्गको हृदयले सुधा नै लिने ॥
शशी रवि दुवै हुने नजरमा नयाँ रोशनी ।
हुने मरण नै मजा पयरमाथि छाती धरी ॥
(२७)

कहाँ प्रकृत साधु छन् ? हठ र योगका भक्त ती ।
नजान्नु गिरिजापति प्रकृति हाय कस्तो गति ॥
अमानव छ शून्यता नजरमा न रोमांच छ ।
छ साधु मकनै उही जुन अगाडि सत् जादु छ ॥
(२८)

पर्‍यो विपिन जानु नै किन बसी घरैका घर ।
जितीकन अनंग नै विजय माधुरीको गर ॥
झरेर घर मोहिनी बनिदिए यहाँ जो हरि ।
उनैकन भजे पुग्यो मृदुल अंगमा वेसरी ॥
(२९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ ईश कुन ठाउँमा ? छ जुन ठाउँमा माधुरी ।
महातप त्यही न हो भजन गर्छ जो स्वःपरी ॥
बुझे मधुर रूप नै निगम नै छ के काम र ?
बुझे हृदय प्रेमको भव छ स्वर्गको मन्दिर ॥

(३०)

बुझे सरस लाजको मृदुल "नाइँ"को माधुरी ।
छ दर्शन यहाँ अरू कुन जगत्‌विषे चाहिने ?
अनंत मृदुता त्यसै विजय गर्न दिन्नन् यहाँ ।
कडा परुषहातले मृदुलता कहाँ छोइने ?

(३१)

"अनंत रसकी सुधा हृदयमोहिनी पो म ता ।
सुरेश हरिकी छटा मकन पाउँछौ लौ कता ?
समुच्च मृदु भावनासित म दिव्य टूनाकन ।
सँधैभर भजे म छु प्रकृतप्राप्त आत्माकन ॥"

(३२)

"ममा शरम चित्तमा नरम रंगले आउँछ ।
कडा परुषता हुँदा दिल अनित्यले मोहिंदा ॥
म सत्य अनि नित्यकी मधुर मोहनी हूँ बुझ ।
भनी मकन मृत्तिका नछुनु लाग्छ लज्जा अझ ॥"

(३३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यही छ ध्वनि रूपको कुसुमतुल्यको यौवन ।
प्रदर्शन गरी गरी हृदय गर्छ आमंत्रण ॥
अहो ! रुचिररूपकी मृदु शकुन्तला मोहिनी ।
यहाँ किन झरिन् र को हृदय डाक्न आइन् यिनी ॥

(३४)

तमोवृत छ जो जगत् विषयका खिंचातानमा ।
यहाँ हृदयका-चरा परुषका सुखा शानमा ॥
यिनैकन गरूँ भनी मृदुल रूप आमंत्रण ।
भुलाउन फुलाइने मृदुलमंत्र हो यौवन ॥

(३५)

न लेशभर लोभका न कटु कामको कामना ।
लिईकन छुनू यहाँ!" भनि-दिंदै सफा संझना ॥
गुलाबहरु बेलिंदै विषयपत्र झारी झरे ।
उडेर तर मोहनी मृदु कपोलमा ती चढे ॥

(३६)

वियोगसरि बन्दछन् कुसुमबोट भै कंटक ।
सजीव अमर प्रभा तर बनेर निष्कंटक ॥
अनंत समयै भरी प्रकृतप्रेमले पाउने ।
बनिन् अमृत झैं यिनी अधरदार पृथ्वी विषे ॥

(३७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अरू चपल चारुता चटुलता र चांचल्यले ।
वनेर नखरे ठिटी मन इशारिने बढ्दछन् ।
यिनी मधुर-भावकी सरलता फुलेकी लता
-समान अति चारु छन् प्रकृतभावलज्जास्पदा ॥

(३८)

हवासदृश बग्दछन् सुरभिभाव सानंद ती ।
तिनी प्रकृत चालकी मृदु प्रवाल छन् मालती ॥
मुसुकस्मित मुस्किदा सुम फुलेकि ? संसारमा ।
अझै शरम खोज्छ र; प्रथम लालिमा सारमा ॥

(३९)

यिनी शरम-शुद्ध छन् मधुर रंग चढ्दैछ त्यो ।
छ खालि वन कोपिले रँग कसो कसोमा अहो ॥
उघारिन उघारिनै छ छि तयार झैं माधुरी ।
उषासदृश प्रातको उदय थोर बाँकी हुँदा ॥

(४०)

बुझे पनि नबुझ्नुमा छल गरी दिलै भज्नुमा ।
सुने पनि नसुन्नुमा नबिझिए त्यसै बिझ्नुमा ॥
अनेक नखरा गरी रिझिनुमा तथा रिझ्नुमा ।
म देख्छु प्रभु मोहनी हृदयजीवको खिंच्नुमा ॥

(४१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

 CC-0. In Public Domain. Digitization by eGangotri

यही प्रकृत भावना अलि लिंदा मिही रंजक ।
मिठास सरसाउँदी अविदिता बनी कामना ॥
कुरंगवनरंगले कुसुमकालकी झैं मुना ।
र सूक्ष्म ललितांगिनी वदनको सुगन्धी पना ॥

(४२)

सुनी प्रणयका कथा प्रथमभाव क्यै पाउँदी ।
मिही मृदुल चालले श्रवण थोर ढल्काउदी ॥
अदृष्ट पतिको कुनै हृदयबीच स्वप्ना हुँदी ।
तिनी मृदुलयौवनी रतिसमान बस्थिन् हुदी ॥

(४३)

—:o:—

दशम सर्ग

गुणसुवर्णका आढ्य आकर ।
चहकदार छन् नृपतिका वर ॥
यश फिजाउँदा विश्व नै भर ।
उदय स्वर्णका कान्तिसुन्दर ॥
न छ कसी कुनै राख्न त्यो दर ।
लेखनी त्यसै बन्छ कातर ॥

(१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समरसिंह ती उच्च शासन।
गुण पहाडका कीर्ति कानन ॥
बीच बल्लरीका ध्वजा फुली।
फर्फराउँदो राज्यमा डुली ॥
गौरवी बनी उत्तमोत्तम।
नृप नृसिंह छन् ती प्रजाकन ॥

(२)

तिमिर रूपको शत्रु नाशिने।
शर समानका रश्मि फैलिने ॥
पूर्व सानुमा छन् दिवाकर।
तिमिर शत्रु ती स्वर्ण सुन्दर ॥
दश दिशा तिनी हाँक्दछन् रथ।
कनक--कीर्तिको उच्च ली पथ ॥

(३)

उर उदारका दाननिर्झरी-
हरू वहाउने वीरता-गिरि ॥
यश हराभरा दीप्त कानन।
शिखर स्वर्गका भूमि धारण ॥

(४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कीर्ति--वल्लरी बागमा फुली ।
नरम बासले मग्मगाउँछ ॥
रंग रंगका फूल रंगिने, ।
कुसुमकालमा कोकिलायित ॥

(५)

भारतेन्दु ती हृदय सिन्धुका ।
कीर्तिकौमुदीपूर्णिमा बनी ॥
कुसुमचूड ती उर्लिआउँदा ।
क्या फुलाउँथे बीचि बल्लरी ॥

(६)

अवनिमा बनी भूपका मणि ।
स्वर्ग चित्र झैं व्योमका मनि ॥
तारका मिलेतुल्य सुन्दर ।
जन मिलापले राज्यमन्दिर ॥
सुख र ज्योतिले नित्य छाउन ।
तल झरे शशीसरि उदाउन ॥

(७)

रंग देखिंदै हृदयभित्रका ।
यदि फुलून् सबै लवज बासले ॥
तब बनाउँथें पत्रका पट ।
रसिक सामुमा चारु चित्रका ॥

(८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर छ सामुमा खालि बादल ।
दूर श्रृंगको दृश्य ढाकिने ॥
हृदय देख्छ जो कीर्तिका धन ।
सहज ढाक्दछन् शब्दका घन ॥

(९)

गगननीरमा एक सूर्य झैं ।
सहज गर्दथे भूप शासन ॥
चन्द्रमा बने, तारका बने,
नृप अरू उनीसामु धूसर ॥
तमविषे छटा छाउँथे अक्ष ।
उडु निभाउँथे ज्योतिले यिनी ।

(१०)

विपुलवक्षका धीर बान्किला ।
तिलकदार छन् पुष्टभाल यी ॥
मुख छ तेजिलो ओजदार छन् ।
सब प्रतापका दिव्यसार छन् ॥

(११)

जलधिको तिनीमा गभीरता ।
विमलभावका वीचिका छिना ॥
गुण बनाउँदै रत्न कुँदछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जति छ वर्षिंदो दानको घडा ॥
उन्ति धर्मका राह कुद्छन् ।
गजब ! ती भने नित्य उन्ति छन् ॥

(१२)

विष्णुरूपका युग्म बाहु ली ।
राज गर्दछन् भूप भूमिमा ॥
बाहुली दुवै स्वर्गमा पनि ।
राज गर्दछन् देवताकन ॥

(१३)

शिखरबीच छन् वीर शंकर ।
तारकाविषे छन् दिवाकर ॥
ऋतु समस्तका यी वसन्त छन् ।
कुसुमकीर्तिका रँग अनन्त छन् ॥

(१४)

कविहरू बनी गानका चरा ।
नीडरूपकी त्यागदछन् धरा ॥
हृदयपंखले पाउँदै सुरा ।
उच्च कनकको कीर्तिकान्तिमा ॥

(१५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मृदु मुहार ली कामदेवका ।
समरदेवता डालडोलका ॥
चतुर हान्दछन् युद्धमा शर ।
युवति देख्दछन् पुष्पका तर ॥

(१६)

दीनका यिनी कल्पका तरु ।
कुसुम रत्न छन् बाहुमा भरी ॥
सब पुकारका श्वासले सदा ।
प्रकृत भावले आउने झरी ॥
कल्पवृक्ष त्यो स्वर्गमा बरु ।
नरनिमित्तको छैन रे तरु ॥
फूल टिप्दछन् देवताहरू ।

(१७)

एक सूर्यले फुल्छ जीवन ।
नित हराभरा रंग रंगमा ॥
किरण केन्द्र छन् चित्तका सब ।
जन जरा बनी पाउँछन् रस ॥
मधुर बीज झैं स्वप्न बढ्दछन् ।
देश कालमा रंग रंगिन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सौख्य कुंजका वृक्ष झैं प्रजा ।
पाउँछन् हरा धन्य जीवन ॥

(१८)

स्वर्ग पंखका नीड सुन्दर ।
विहगभावका पत्र मन्दिर ॥
मृदु कला छ क्या रंग लेखिने ।
पत्र पुष्पमा मंजु देखिने ॥

(१९)

समरघोष छन् मेघ झैं यिनी ।
अरि निभाउने घोरगर्जन ॥
रुधिर शत्रुको बन्दथ्यो झरी ।
देख्दथे त्यहाँ मित्रले तर ॥
धनुष इन्द्रको कीर्तिसुन्दर ।
दिल खुशाउने लोकको सब ॥

(२०)

हरित कुंजको माथि उच्चता-
साथ श्रृंगमा रम्य ठाउँमा ॥
तुहिनदेशका काँधमा कहीं ।
शिखर उच्चमा गूँड लाउने ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विहगसिंह झैं व्योमचारक ।
पंख कीर्तिका भूप फिंज्दथे ॥

(२१)

गगन झैं सदा यी उदार छन् ।
ग्रह विचार ती तेजदार छन् ॥
पवन चल्दछन् युग सुवर्णका ।
विश्वप्रेमका स्वप्न बन्दछन् ॥

(२२)

सकल तारका ती विचारका ।
नीतिमा लिई तौल अड्दछन् ॥
ईश सूर्य झैं पाउँछन् पथ ।
कर फिंजारिई सृष्टि चल्दछन् ॥
हित अगाधका प्रेमसागर ।
पुत्रवत् प्रजालाइ हेर्दछन् ॥
रत्न रत्नका बूँद देशमा ।
जलधि कोषका झर्र भर्दछन् ॥
ज्योति झर्दछन् स्वर्ग देशका ।
पुष्प झैं कलामाथि पर्दछन् ॥

(२३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न्याय, तौलको झैं तुला बनी ।
युगल हातको तुल्य थालमा ॥
वजन नापिने रौं प्रमाणका ।
यश फिजाउँछन् न्याय मूर्तिको ॥
(२४)

तुहिनपूत भै पग्लिने त्यसै ।
अति दयालुता शुभ्र शैलको ॥
सलिल नागिनी भै झरेसरि ।
तरल रौप्य झैं झर्दथी तल ॥
पार्न क्षेत्रका वक्ष नै हरा ।
विमल भावले अब्धिमा पुगी ॥
स्वर्गमा चढी फेरि वर्लिन ।
(२५)

नित हरा यिनी छन् महीरुह ।
कर हजार छन् दानविस्तृत ॥
अमृतता फली प्यास मेटिने ।
खवर ल्याउँथे देवदूतले ॥
मलयसम्मका वायु चाखका ।
सुरभि कीर्तिको गन्ध पाउँथे ॥
(२६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जति दुह्यो उती कामधेनु झैं ।
सद्गुणी त्यहीं पाँउथे सुधा ॥
शस्य चाहिने कामधेनुमा ।
भक्ति चाहिने खालि भै यता ॥

(२७)

नीलछत्रका ग्रह जुहार झैं ।
राज्य पाउँदा चन्द्रशीतल ॥
सब प्रजा थिए चम्चमाउँदा ।
सुखप्रकाशले उत्तरोत्तर ॥

(२८)

भक्त धर्मका, युक्त कर्मका, ।
साधु मर्मका विज्ञ भूपति ॥
दुष्ट व्याघ्रका चर्म नै झिकी ।
रिपु शिकारमा कीर्ति पाँउछन् ॥

(२९)

बागमा यिनी सौख राख्दछन् ।
कुसुम कीर्तिका मृदु फुलाउने ॥
सूर्य कान्तिका स्वकरले रची ।
रंग रंगका सुरभि सुन्दर ॥
राज्यको कला छाँटकाँटमा ।
वन बनाउँदै बहु विभागमा ॥

(३०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विज्ञको सभा ग्रह जुहारले ।
बाठुलो बनी पूर्णरूप छ ॥
निष्कलंकतामा नबैलिने ।
नृपतिको त्यहाँ चन्द्ररूप छ ॥

(३१)

मधुर कान छन् गानका थिनी ।
सूक्ष्म ती कला सारका कसी ॥
समरमार्गमा चातुरी लिई ।
प्रीतिले लिने शान्तिको पथ ॥

(३२)

सत्यपालनामा सुधीर छन् ।
नीति राजको सत्यमा अडी ॥
आफुले रची जाल, पर्दछन् ।
दुष्ट माकुरा सोहि जालमा ॥

(३३)

तुल्य दृष्टि दी अल्प, उच्चमा ।
पर्णका कुटी रश्मिले छुने ॥
किरण छुन्छ जो शृङ्ग स्वर्णका ।
वालुवा भरी सो छ झल्किने ॥

(३४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उदय स्वर्णले खुल्छ शासन ।
दिन भरी फिंजी कीर्ति घामको ॥
दिन स्वदेशमा छन् समुज्ज्वल ।
स्वर्ण अस्तले स्वर्ग भज्दछन् ॥
अस्त भै यता, देशमा अरू ।
पछि उदाउँछन् स्वर्णकीर्तिमा ॥

(३५)

थकित झोंझले राजकाजको ।
दिन खुला हुँदा रम्य आजको ॥
अब शिकारमा जान चित्त भै ।
वन विहारमा छन् तयार ती ॥

(३६)

कनक–सूतको कोट झलमल ।
रत्नदारमा मन्मथोज्ज्वल ॥
बगलमा धरी चर्म म्यानमा ।
असि सुहाउँदो वक्ररेख त्यो ॥
कनक ताज ली हीरकद्युति ।
रत्न लुर्कने दिव्य झलमल ॥
विपुल भालमा पीत चन्दन ।
माल्ययुक्त छन् देशनन्दन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पयर ढाक्दछन् टिम्म वस्त्रले ।
सुन शिंगारको पांउपोष छ ॥

(३७)

रथ चढे तिनी चार अश्वको ।
टलकदार छन् अश्व तेजिला ॥
टाप कट्किने लोह झिल्किने ।
छाँटकाँटका स्निग्ध यालका ॥
गुच्छदार छन् लोल पुच्छर ।
धावनेच्छु छन् रोकिंदा, तर ॥
पद अधीर भै ती उचाल्दछन् ।
हिन्हिनाउँदै मार्गखातिर ॥

(३८)

धनु छ हातमा कोष पीठमा ।
बगलमा बसे बक्बके अब ॥
मुख हँसाउने दीर्घ मार्गको ।

(३९)

अश्व चल्दछन् अग्र प्रेरित ।
रथ शिंगारको चल्छ तीपछि ॥
छल्छ दीर्घ भै लामलश्कर ।
नजरले त्यसै दृश्य देखिने ॥

(४०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पद हजारका वाद्य बज्दछन् ।
चालमा मिली बढ्दछन् अघि ॥
ढर्रर ढम्म भैं बज्छ ढोलक ।
"छनन छन्न" छन्, वाद्य रुन्भुने ॥
"धुँ धुँ धुँ" गर्दछन् तालमा मिली ।
पयर चल्दछन् लाम लश्कर ॥

(४१)

गगन खैरियो धूलिधूसर ।
जब समूहको आँधि आउँदा ॥
वाद्य छन् जहाँ मेघगर्जन ॥
पद हजारका वृष्टि झर्दछन् ॥

(४२)

कनकयानमा सूर्यतुल्य ती ।
धनुष हातमा रश्मि झैं शर ॥
क्रूरताहरू मार्न चल्दछन् ।
विपिनमा लिने अन्धगह्वर ॥

(४३)

—:०:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकादश सर्ग

(पञ्चचामर)

छुटे सबै पदाति ती, पछाडि अश्व पर्दछन् ।
सवेग अश्व चार छन् रथाधिरूढ बढ्दछन् ॥
विशाल वृक्ष छन् त्यहाँ उमेरमा शताधिक ।
हजार वृष्टि आँधिका हजार पंख वादक ॥

(१)

खुला छ मार्ग यानको शिला छरेर खड्खडे ।
शिकारनिम्ति जो बन्यो छ टापनिम्ति कड्कडे ॥
घरर्र चार चक्र ती बने गुडेर गड्गडे ।
थरर्र बन्छ घच्घचा रथै समस्त हड्बडे ॥

(२)

चरा अनेक चिर्बिरे फरर्र पंख छिर्बिरे ।
हवा बहन्छ हर्हरे छ शुष्कपत्र सर्सरे ॥
अरण्यमा अनेक छन् कुरा विचित्र मर्मरे ।
दगुर्छ यान थर्थरे लिएर मार्ग घर्घरे ।

(३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशालमा उडान ली दिएर दृष्टि नीडमा ।
भुवा पलाउँदा ठिटाठिटीहरू थिए जहाँ ।
अनेक पंखका मजा उडी, बही, धकेलिँदै ।
सवेग हानिँदै लिने चरा सुनेर भीत भै ॥
अवश्य लौ विपद् परे भनी डराउँदै झरे ।
बनेर माउ चिर्विरे सशङ्क चक्षुले तरे ॥

(४)

'अडा' भनेर कीर्तिमान् यता उति निहार्दछन् ।
खुला जमीन पाउँदा घुमेर दृष्टि झार्दछन् ॥
लगाम खिच्छ सारथि प्रवेग अश्व अड्दछन् ।
अधीर चाल टापले अगाडि सुस्त बढ्दछन् ॥
लगाम चट्ट खैंचिदा उठेर वक्र ती शिर ।
सफेन दाँत बाउँछन् पछाडि यत्न फर्किंदा ॥
अगाडि टाप वेगका उठूँ भनी उचालिंदा ।
पछाडिबाट रोकिंदा र चाल अल्मलाउँदा ॥

(५)

नजीक झट्ट देखियो सशङ्क मिर्ग सुन्दर ।
सुस्निग्ध लाल रोमको टलक्क बाङ्किलो खुर ॥
सुचारु वन्य बाल त्यो हरा मिलेर मन्दिर ।
टिपी मुना रमाउँदो मिठासदार फींजले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सजीव अङ्ग सर्सरे झसङ्ग बन्ऋ त्रासले ।
सुनेर मेघघर्घरेसमान यानको स्वर ॥
पुलुक हेर्दै व्योममा, फरक्क घुम्कः पुच्छर ।
सभीति पार्श्वदृष्टिले चटक्क अड्‌क चर्वण ॥
उचाल्कः कान दीर्घ ती फरक्क फर्किईकन ।
चपाउँदै गरी गरी मुनाहरू बराबर ॥
सत्रास फेरि फर्कंदो, भुलेर दाँत सत्वर ।
अडेर पार्श्व दृष्टिले चिहाउँदो त्यतातिर ॥
खिचेर ज्या चढाउँदा सुसूक्ष्म ताकको शर ।
बुझेर तर्सिई झऱ्यो फरक्क त्यो तलैतिर ॥

(६)

'सवेग हाँक' भनी त्यहाँ पछाडि दृष्टि जो दिने ।
लिएर बाण हातमा अनङ्गमूर्ति झैं बने ॥
चढेर पुष्पमाल्यको शिंगारदार त्यो रथ ।
सुचारु कामिनी कुनै विदीर्ण पार्न बाणले ॥
सवेग अश्व कामका चढेर पुष्पमार्गले ।
सुचारु हैम यानमा बिचार्न बैंसको पथ ॥

(७)

कटट्ट टाप कड्‌कियो पटट्ट रज्जु पड्‌कियो ।
शिला चटट्ट चड्‌कियो गडड्ड यान गड्‌कियो ॥
घरर्र चक्र घुम्दछन् झिलिल्ल अग्नि झिल्कियो ।
सवेग अश्व चल्दछन् तथापि मिर्ग अल्पियो ॥

(८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढेर जान्छ वेग झन् पिटाइ पाँउदा हय ।
तडित्समान बन्दछन् बुझी समस्त आशय ॥
गरेर घोष मेघको दगुर्छ झिल्किंदै रथ ।
अरण्य-अग्रगण्यको लिएर बेगले पथ ॥

(९)

सफेन अश्व तेजका भिजी प्रसाधिताङ्ग ती ।
जुटेर रोम टाँस्सिदा लगाम जो चपाउँछन् ॥
फुरेर नाक फोहरा फुर्र बीच बीचमा ।
गला सुदीर्घयालका समस्त छल्बलाउँछन् ॥
सजीव स्थूल नेत्र छन् र कान छन् उचालिंदा ।
सुशीघ्र चारु टाप छन उज्यालिंदा, खसालिंदा ॥
घुँडा छुने लतारिने छ लोल दीर्घ पुच्छर ।
अगाडितर्फ उफ्रिंदा कटट्ट टाप कड्किंदा ॥

(१०)

उ मिर्ग ! आधि खाँइदो छ घाँस आधि दाँतमा ।
छरेर बुर्कुसी लिंदै सुरेख कंठ बाङ्गिदो ॥
पछाडि आँग खुम्चिदाँ भएर त्रास बाणको ।
अगाडि ज्यादि हुत्तिदो फटक्क दूर फट्किंदो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जमीन थोर नै छुने र धेर जो हवा हुने ।
झिना सुशीघ्रपादले फटक्क फट्ट फड्किंदो ॥
दिएर दृष्टि यानमा सशङ्क सट्ट सड्किंदो ।

(११)

सुवर्णयानमा डटी मुहारका समुज्ज्वल ।
खिचेर ज्या सुबाहुले यसो पछाडि ढल्किदा ॥
लिएर ताक, भौं दुवै सरक्क खुंचिदा अलि ।
खिचेर ज्योति नेत्रको सुदूरमा लगाउँदा ॥

(१२)

'उड्डँ उड्डँ' समान त्यो छ बाण तीक्ष्ण तत्पर ।
हवा हुंदो छ ज्यानले उडेर मिर्ग सुन्दर ॥
छ चित्र काल जीवको जगत् अरण्यमा सरि ।
सशङ्क जीव आत्तिदो 'छलूं' भनी बनी डुरी ॥

(१३)

अदृष्ट दूत झैं त्यहाँ झलक्क देखिए दुइ ।
सुशान्त साधुरूप छन् त्रिरेख भाल चन्दन ॥
खडा भएर बीचमा स्ववक्षबाट रक्षण ।
गरेर भीत मिर्गको उचाल्दछन् दुवै कर ।
"प्रहार माफ" होस् भनी उठाउँदा दुवै स्वर ॥

(१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झलक्क झल्किँदा तिनी झसङ्ग झट्ट झस्किए ।
झल्याँस्स ! चट्ट वाण त्यो झुकेर झर्छ झारमा ॥
सुवीर वाहु काँप्दछन् र झर्छ पाउमा धनु ।
स्वधर्मका विरोधमा त्यसो गरेर झस्किनु ॥
(१५)

"प्रहार माफ पाउँला प्रभो" भनेर बढ्दछन् ।
अगाडि हात जोड्दछन् विनीत वाक्य बोल्दछन् ॥
प्रहार माफ पाउँला ! प्रभो जगत्-प्रभाकर ।
नजीक पर्णको कुटी धनी छ मिर्गको पर ॥
छ साधु जीव शान्त त्यो अरण्यमा मनोहर ।
हरा सुमिष्ट शस्यले सुपुष्ट जन्तु सुन्दर ॥
सदैव चाट्छ प्रेमले सुवृद्ध कण्वका कर ।
(१६)

बढेर वन्य बाल झैं सुचारुकेलिप्राकृत ।
गरी कुटी सुहाउँदो नवीन नृत्यले नित ॥
फुरुक्क फुर्कि हुर्कियो महर्षिको मनोरथ ।
सुचारु हातले सदा सप्रेम सुम्सुम्याइँदो ॥
(१७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सचेत चारुनेत्रले सजीव दृष्टिले रुँदो ।
"तरक्क आँशु झार्दथ्यो फरक्क फर्किईकन ॥"
स-शङ्क दृष्टि लाउँदो समस्त शत्रु हुन् नर ।
िी झैं भएर कुद्दथ्यो सयत्न-फौज सत्त्वर ॥

(१८)

स-शङ्क वक्ष उफ्सिदो धकाउँदो र आत्तिदो ।
तडित्-समान वेगको ढलूँ जगत् भने सरि ॥
झरेर शस्य दाँतले झरक्क फौज झर्किदो ।
फटक्क नाघ्दथ्यो वुटा बनेर अन्ध वेगको ॥
खँलाँति तुल्य शासको, फरक्क फर्किई रुँदो ।
तरक्क आँशु नेत्रको झलक्क भै हवा हुँदो ॥

(१९)

भएर अन्ध वेगमा मिलेर चट्ट ठक्कर ।
चरक्क घाउ रेखिंदो भिजेर रक्तले खुर ॥
कतै कतै छिटा झरी भुवा रँगाउदो अलि ।
उड्यो हवा बनेर त्यो अनन्त त्रासले वली ॥

(२०)

न सुन्दथ्यो कुटीविषे कदापि शब्द कर्कश ।
सदा प्रसन्न टिप्दथ्यो चुनेर शस्यका रस ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न त्रासले सताउँथ्यो न कालको थियो डर ।
प्रभो ! नृसिंह देखिंदा उडे छ होश ॐ तर ॥
क्षमा गरेर भीतमा प्रभो क्षमा-महीधर ।
सुपुण्य प्राणदान होस्, नकष्टले उठून् कर ”

(२१)

सुनी प्रतापका धनी दयार्द्र चित्तका बनी ।
महागुणी सुनाउँछन् दयालु भावका ध्वनि ॥
"भनेर मिर्ग मामुली लखेटमा थिएँ तर ।
बुझी महर्षि कण्वको कुटी-शिंगार सुन्दर ॥
त्यसै झरेछ हातको सुतीक्ष्ण नोकको शर ।
बडो कलङ्क पापको हुने थियो छुट्यो तर ॥
चरोस् हरा अरण्यमा फुरुक्क भै विनाडर ।
सुशीघ्र टापले झिना हवा बनी बचाउँथ्यो ॥
कलङ्कबाट पापको मलाइ जो उडी पर ।"

(२२)

विनीत प्रार्थना दुवै मिलेर गर्दछन् त्यहाँ ।
"नजीक पर्णको कुटी छ चारु कण्वको यहाँ ॥
पवित्र पाउको भए प्रवेश भूपको जहाँ ।
थकाइसम्म मर्दथ्यो शिकारको यसो वहाँ ॥
सुहाउँथ्यो महेन्द्रले दरिद्र आशको कुटी ।
प्रदीप्त सूर्य ओर्लिंदा सुवर्ण तेजले डटी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समान रश्मिका सदा चढेर कीर्ति टाकुरा ।
सुदीन शस्यको छुने बढालु आश आँकुरा ॥
महर्षि कण्व पाल्नुभो सुदूर सोमतीर्थमा ।
दया भए प्रसन्न ता हुने थियो कृतार्थमा ॥"

(२३)

यसो गुनेर भन्दछन् "म आउँला यसो घुमी ।
अरण्यका विभिन्न यी सुचारु दृश्यमा रमी ॥
धरेर वस्त्र मामुली हिंडेर आज पैदल ।
सुदूर राख सारथि प्रशस्त अश्व औ दल ॥
म लिन्छु वन्य मार्गको विहार चारु शीतल ।
नगर्नु शान्त ठाउँमा 'म छु' भनेर खल्बल ॥"

(२४)

यसो भनेर ओर्लिए त्यजेर ताज सुन्दर ।
धरेर वस्त्र मामुली सुसभ्य ठाँटको तर ॥
सुचारु माथपोषमा अनङ्ग झैं मनोहर ।
लिएर साथ हास्यको सँगी रमाइलो चर ॥
हठ्यो लिएर यान त्यो घुमेर सूत त्यो पर ।

(२५)

हराभरा अरण्यमा चरा टिपेर आँकुरा ।
कुरा गरी धुराधुरा रँगीन-पंख-फर्फर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नरा भिजी हरा हुँदा तुषार नै हराउँदा ।
झुझुप्प वृक्ष झाँगमा वसन्त फौज झैं हुँदा ॥
पुरानु पंख पत्र झैं जमीनमा गिराउँदा ।
महीप कीर्ति गानमा थिए कि चिर्विराउँदा ॥ ?

(२६)

सुशान्त शीतलो पना, हरा अनन्त यौवन ।
विभिन्न भाव बल्लरी, विचित्र पुष्प चित्रण ॥
प्रशस्त-पत्र-माधुरी, नवीन-सृष्टि-मंजरी ।
सुबोल शब्दले भरी, मिठासमा थरी थरी ॥
अनेक रंग मोहनो फुटेर चित् सरीवरी ।
शिंगारदार भूमिमा छ शस्यमाथि ससंरी ।
सुदूर देश मग्मगे हवा बहन्छ हर्हरी ।
कतै छ फेरि मिर्मिरे कतै छ हेर छिर्विरे ॥
कतै छ पंख उच्चता भजूँ भनेर फर्फरे ।
कतै छ खालि कोपिला कतै प्रफुल्लता लिने ॥
छ काव्य-हृद्जगत्सरि प्रभावमा भनूँ भने ।

(२७)

हवा भजी फिंजाउँदा असंख्य पत्रका कर ।
सुचारु छत्र झैं थिए विचित्रता मनोहर ॥
सुडोल रौप्य डाँठका प्रशाख-दंड सुन्दर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिंगार पुष्पका जिने क्षितीश छत्र छन् तरू ॥
हिलाउँछन् लता जहाँ अडेर पत्र चामर ।

(२८)

छल्ल् छल्ल् छचल्किदी छ छालदार छल्छले ।
नदी सलील चंचला झलल्ल कान्ति-अंचला ॥
गरीकिनार कल्कले सजीव चारु चालकी ।
झलल्ल झिल्ल झल्किदी वसन्त-नृत्य तालकी ।
शिला तरङ्ग बोलमा हिलोर लोल लाउँदी ॥
स्वतन्त्र नागवेलिमा छ वन्य गान गाउँदी ।
चराहरू शिकाउँदी सबै गला रसाउँदी ॥
अनेक हाव भावकी नटी बनै हसाउँदी ।
हरा-भरा सुवासको समीर शीतलाउँदी ॥

(२९)

वसन्तकी वनस्थली छ चारु हाव-भावमा ।
हरा शिंगार मोहनी, प्रसून-हास्य-सुन्दरी ॥
सुस्निग्ध-बैंस-माधुरी-प्रदर्शिनी-परीसरि ।
सुवास मग्मगाउँदी सुचारु अङ्गबल्लरी ॥
सर्र् शस्य-रोमिला सुकेशमंजुमंजरी ।
चरा भरी मृदु-स्वरा, प्रवाल-पल्लवाऽधरा ॥
सरोजकी कपोलकी, मिलिन्द-नेत्र-अप्सरा ।
सलील-छाल-धूँघरा सुगन्ध-शास-हर्हरा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनंगराज्यरंगले बनाउँदी हरा-भरा ।
अबीर स्वर्गको छरी सुवर्णमा सुगन्ध दी ॥
मुसुक्क मुस्कुराउँदी सजेर स्वर्ग झैं धरा ।
चले प्रसूनमार्गमा अनङ्ग–मूर्ति सुन्दर ॥
चलाउँछन् कि झैं थिए अनेक रंगका शर ।
विषाद–तुल्य कामको सँगी छ साथमा तर ॥

(३१)

उ भन्छ "काम के यहाँ ? मिठाइ छैन खानको !
कलल्ल लोल छाल यो पटेर खालि कानको ॥
चपाउँ मिर्ग झैं भने मुना बुटा र मंजरी ।
छ चार पाउ चाहिने र वाह्रशींग माधुरी ॥
न भोग पाइने यहाँ नटी विकाम बल्लरी ।
छ व्यर्थ संझना दिने हिलिल्ल-हल्ल-हल्लरी ॥
चराहरू न सेकुवा चुरुम्म चम्म दाँतमा !
र खालि जाग्छ भोक नै हवा हिलेर पातमा ॥
कटट्ट टट्ट दाँतले छ हेर्नु शून्य रातमा ।
न लड्डु वालुवा लिई मुठी मुठी चपाउनु ॥
न यी "अहा ! अहो ! " प्रभो गरी यहाँ अघाउनु ।
थर्रर थर्र काँप्दछन् नशा टुटी टुटी उरू ॥
छ दंडमात्र मित्र यो, न ता जगत् सबै मरु ।
बडा अघाउँदा सँधै न पीर बुझ्दछन् मिही ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अरर्र ! क्या सँभालिए, थचक्क मर्दथें यही ।
पसेछ तीक्ष्ण दाँतको मलाइ टोक्क कंटक ॥
छलेर पाउपोष यो लिएर मंत्र वेधक ।
अहो ! उहू ! अरे ! विभयो नि ! चस्स चस्स भै मुट्टु ।
मरें नि वाहुनीचरी तृषार्त भै अकालमा ॥
दुहेर वृक्ष दूध होस् म प्यूँदथे घुट्ट घुट्ट ।
सिएर पात ओढने भए बनी गुट्टमुट्ट ॥
समस्त विश्व रन्कियो नशा तनक्क तन्कियो ।
वनै घनक्क घन्कियो कपाल आज सन्कियो ॥
म जान्न जान्न भो प्रभो म जान्न खान्न है हवा ।
छ लड्डु मोतिचूरको सिवाय और के दवा ?"
भनी लडूँ लडूँ गरी विचित्र विकृतानन ।
"थकाइले मरें" भनी हसाउँदा भए वन ॥

(३२)

धरेर हात कानमा "नगै हुँदैन आउ लौ"
भनेर तान्दछन् त्यहाँ क्षितीश मुस्कुराउँदा ॥
"यहाँ छ सात हातको गजेन्द्र मेघ गर्जन ।
लुला र लङ्गडा मिले छ ओर्लिने चपाउन ।
भनेर हाँस्न हेर्दछन् सँगी हँल्लाउँदोकन ॥
थरर्र काँप्दछन् सँगी झिकेर स्वाँग गन्थन ।

(३३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" अहो ! म जान्न! जान्न नि करालडंष्ट्र आउला ।
म तीन हातको बुजो मर्के भनी चपाउँला ॥
कपालकाँशकी प्रिया धुरू धुरू रुआउला ।
ठिटा ठिटीहरू हरे ! मबाद को खुआउला ॥
म रुन्छु पेटमा पसी झिकेर को बचाउला ? "
भनेर आँसु नक्कली निकाल्न थूक लाउँदा ॥
भए विनोद, हास्यका सँगी त्यहाँ हँसाउँदा ।

(३४)

सुचारु वन्य मार्गका दुवै किनार फुल्दछन् ।
विहंग रंग रंगका कुँजेर मस्त झुल्दछन् ॥
अनङ्गवाण रंगका अनेक ढंग फुल्दछन् ।
संगी लिई क्षितीश ती प्रसन्नचित्त चल्दछन् ॥

(३५)

सुकाइँदा उ देखिए अनेक चारु बल्कल ।
हरा प्रशाख वृक्षमा भिजेर तप्तपाउँदा ॥
टपक्क रत्न वूंदती गुडेर झलमलाउँछन् ।
विभिन्न रंगमा फुटी जुहार झैं सुहाउँछन् ॥
कतै छ खोल वाहुको कतै छ कोट वक्षको ।
लता लिएर बाँधिने विभक्त पार्श्व पक्षको ॥

(३६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"कुहू' कुहू" छ कोइली, शुगाहरू कराउँछन् ।
कतै त्यहाँ "पिर्वा पिर्वी" कतै त कुर्कुराउँछन् ॥
"चिर्रिर्" चिर्विराउँछन् चरेर चुर्वुराउँछन् ।
चिंची चुचूं कुलुल् ! कुलुल् ! "चचच्चले" चलाउँछन् ॥
सुसेलिंदा र केंकिंदा, कराउँदा र कुलिंदा ।
फुली झुली र कोइली छ शब्दिता वनस्थली ॥
अनेक शब्द मोहनी रँगीन कंठमा खुली ।

(३७)

कतै छ फूल सौख्य झैं कतै छ दुःख संकट ।
कतै हरा, कतै जरा, छ घाम स्याँल औ टक ॥
अनेक जन्तुले भरी स्वभावको थरी थरी ।
जगत्समान रूपकी वनस्थली छ सुन्दरी ॥

(३८)

कला सुचारु देखियो फुली सुहाउँदो थला ।
यहाँ छ हेर ! सुन्तला सुवासदार कुन्तला ॥
अनेक फूलबोट छन् चुनी बढाइँदा भला ।
कुटी नजीक कण्वको भई अवश्य मंजुला ॥

(३९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षितीशपार्श्वं दाहिना फर्र फर्फराउँदा ।
यहाँ छ प्रेम सूचना भनेर भित्र आउँदा ॥
कुरा चरासमानका गरेर बागमा डुली ।
घडा लिने ठिटीहरू, गुलाफबैंसमा फुली ॥
सशङ्क चाल सुन्दरी फुलारु वन्य माधुरी ।
वसन्त बैंसमंजरी अरण्य-वासिनी परी ॥
सुचारु-अंगवल्लरीप्रसूनतुल्यवल्कला ।
त्यहाँ झल्याँस्स देखिए-सुमिष्ट-कोयली-गला ॥
"लुकेर हेर" भन्दछन् छिपी क्षितीश तेजिला ।

(४०)

—=०=—

द्वादश सर्ग

(वंशस्थ)

अडेर हाँगाहरुमा हराभरा ।
फुलेर झुल्छन् लहराहरू हरा ॥
नशा कलेजी छ र पात मंजुल ।
सुरेख, चिल्ला, छरिता फरासिला ॥
सलक्क हुन्छन् हलुका र बान्किला ।

(१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चुरी क्रे नंग्रा पनि रेशमी हरा ।
अडान खोज्छन् तरुमा मनोहर ॥
फुलेर हाँसेर मुसुक्क सुन्दर ।
अडाँउछन् ती मृदुबैंस घूँघुर ॥
सहर्षप्रेमी तरुका भजी उर ।

(२)

झुकीरहेका तल शान्त सुन्दर ।
द्रुमप्रशाखा छुन, ती वसुन्धरा ॥
त्यजेर उड्छन्, तरु पाद छाँदले ।
छुँदै, हवाको पथ प्रेमको लिई ॥
सुनेर प्रेमी तरुका चरा-कुरा ॥

(३)

फुकाउँछन् कुड्मल पत्र घुम्रिदा ।
उरोजमा चादरतुल्य लत्रिंदा ॥
प्रकाशतर्फै नित तिर्सना लिंदा ।
समीरमा सर्सर रोम पल्लब ॥
सजीव रोमांच लिई हिलाउँदा ।

(४)

रँगीन छन् स्वर्गिक-रश्मिका शिशु ।
उषापरीका कुसुमांचला सुता ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चँढेर पानी सुकुमार वैंसमा ।
मुना तथा फूल र कोस केशर ॥
लिएर जन्मे रँगिदा, रमाउँदा ।
हवा भजी शीतल, छुन्मुनाउँदा ।
विचित्र भावादिकतुल्य वैंसका ॥
" फुलूँ र सिर्जूं रँगले भरूँ भनी ।
फुटीदिंदा जीवन डाँठका सुरा ,
सुवास दिन्छन् तरुमा, सुनी चरा ॥

(५)

तथापि सापेक्षिक भावमा त्यहाँ ।
फुलूँ हिलूँ वक्ष उचालियोस् भुलूँ ; ॥
रँगीन बन्दै मधुबासले खुलूँ , ।
मिलिन्द सानंद बनाउँदै चलूँ ॥
चरा-कुरामा पृथिवी सबै भुलूँ ।
लज्जा-रसीला नवपल्लवाऽऽधर ॥
खोलेर, आधा मुसकान सुन्दर, ।
अनंगका रंग खुलाउँदै डुलूँ ॥
भन्ने सबै भाव पल्हाउँदा ठिटी ।
छन् वैशवल्ली अझ हेर सुन्दरी ॥
सुवास चोखा वनवैंस मुस्मुसे ।

(६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कडा र चिल्ला अति दीर्घ बाङ्किला ।
सलक्क उप्सीकन फर्किंदा निका ॥
टलक्क टल्केर हराशिरा धरी , ।
पछाडि खेरा कलिका–भुवा भरी ॥
कडा र ठाडा जुन पात बाहिरी ।
बढाँउछन् कोमल शुभ्र माधुरी ।
सुबासका पत्र सफेद घाम झैं ॥
फुकीलिने षड्पद कोषमा धरी ।
खिलाउँदै त्यो मकरन्द माधुरी ॥
छ गुप्त गट्टासँग जो सुधासरि ।
छुँदा पहेंलीकन घाउ लाग्छ जो ।
छ फुक्क उप्सीकन शुभ्रता भरी ॥
थियो त्यहाँ बोटसमान बैंसको ।
फुकाउँदो कुड्मल वक्ष कोमल ॥
सुरेख भै प्रेम लिएर फैलिंदो ।
उँचाइमा षोडशवर्ष माधुरी ॥
वरावरी कोकिल शब्द सुन्दर ॥
तथापि फुक्दा स्तन पद्म–कोपिला ।
कपोलका चाँद र कोयली-गला ॥
सफा हँसीला तुहिनाभ्र अंगका ॥
ठिटी त्यहाँ छन् अझ हेर सुन्दरी ।

२९६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फुलेर जाई छ सुवर्ण-सुन्दरी ।
झिना-मुना-मंजुल केशले भरी ॥
घरी सुनौला मधुपूर्ण डाँठमा ।
जडाउ ढुंग्री हँसिला फुका गरी,

सुवर्ण काटीकन बास दीकन ।
मिलिन्द डाकेर सिंगार सुन्दरी ॥
छ बैंसवाली नरलोककी परी-
तथापि बैंसे कमनीय बोट छन् ॥

फुलाउने षोडशवर्षमाधुरी ।
हवा भरी बास मिही फिजाँउदा ॥
उ मात गर्ने हँसिला सुवर्ण छन् ।
मुनामुना केश सुहाँउदा परी ॥

(८)

गुलाब छन् लाल सुकोमलाऽधरा ।
बोलूँ कि बोलूँ कि ? समान अप्सरा ॥
सुचारु रेखा तहदार चारुता ।
फुकेर छाती मृदुपात झर्दछन् ॥
हवा छिपेका जब गुह्य चोर्दछन् ।

(९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शराबझैं लाल सुडोल बैंसका।
कपोलमा षड्पद झुम्न झर्दछन् ॥
मौका ढुकी चुम्बन चारु गर्दछन् ।
जहाँ फुली कोमलता मनोहर ॥

छुवाइमा स्वर्ग सरर झर्दछन् ।
लाली र लज्जा रस स्वाद छर्दछन् ॥
सुवास मुस्की सुकुमार सार छ।
प्रफुल्लता बैंस लिंदो मुहार छ ॥

तथापि राम्रा रमणी कपोलमा।
सुचारू लाली अझ दिव्य सार छ ॥

(१०)

हवा भजी पंख फिंजी ढलक्क ती।
गरेर भूँ भूँ भमरा झुली कति ॥
चुसेर त्यो यौवनको सुधारस।
बनीरहेछन् तरुमा मदाऽऽलस ॥

तथापि कालो छ टलक्क टल्किने।
कपाल त्यो रेशम झैं सुधारस ॥
वनेर कालो रँग जन्मिएसरि ।
सलक्क केस्रा लहराउँदो झरी ॥

(११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुरंग हुन्छन् वनमा रमाइला ।
अनंगका पुष्पित कुंजमा हरा ॥
फुलेर झुल्छन् लहरा जहाँ सुनी ।
बुट्टा वनी निर्भरका नयाँ-कुरा ॥

टिपेर बोल्छन् तरु शाख भै चरा ।
विचित्रवार्तातरलायिताऽधरा ॥
तन्नाहरू मखमलका सजी धरा ।
वनाउँछिन् पल्टिन शस्य-विस्तरा ॥

वर्रर वर्षिन्छ झरी फुलीकन ।
हाँगाहरूमा रवि--रश्मिका सुरा ॥
हवा हुँदा शीतल काम हम्किने ।
रोमांच झैं जंगलमा हराभरा ॥

त्यहाँ बसेकी मृगिणी कन्याँइदी ।
क अङ्गमा स्पर्श–मिलेर सर्सर ॥
चपाउँदी जो मृगदारुको रस ।
बनेर न्यानो सुखमा सदाऽऽलस ॥

बरावरी पुच्छर झारमा परी ।
कुहूकुहू सुन्न उठाउँदी शिर ॥
चिल्ली रसीली, मृदु कोरली ठिटी।-
जस्ती उज्याली लम-कोस-लोचनी ॥

उचाल्दछे झट्ट झलक्क मोहनी ।
उस्तै थिए वन्य कुरंग-लोचनी ॥
फुलीरहेका तरु औ लतामनि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिहीं छ लच्का जुन इन्द्रको धनु ।
कुंद्ने कुनै कोमल भावको छिनु ॥
लचक्क लाम्चा र सलक्क सुन्दर ।
रेखा छ पार्दो भ्रकुटी मनोहर ॥
रँगै मिसाई रँग-कृष्णामा तर ।

(१३)

सुती कुनै कल्कलको किनारमा ।
एकान्तको पुष्प सुवास सारमा ॥
वसन्तमा चारु पँखेरुका मनि ।
सुषुप्तिका चित्र सफा खुला बनी ॥
देख्दो छ कोही कवि बागमा हरा ।
परीहरू चंचल चारुलोचनी ।
घडा लिएका वनमा सुरा भरी ॥
खन्याउँदा लच्लच अंग माधुरी ।
कुलो र राम्रा रँग, बोटका जरा ॥
भिजाँउदै ती मदिरा छरीवरी ।
जो रश्मिमा रंग हुँदो छिरीविरी ॥
बनेर उक्लिन्छ नशा भरी भरी ।
त्यस्ता परीका रसपूर्ण ती घडा ॥
कटी झिना लच्किनुले छचल्किदा ।
दायाँ बनी सुन्दर बैंस ढल्किदा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाङ्गो बनाई अलि चाल माधुरी ।
देखीरहेको कवि मुग्ध पर्दछ ॥
र कल्पना देख्दछ व्योमका परी ।
वर्षासुता वादलसूतका तनु ॥
पोखेर जान्छन् घटबाट जो झरी ।
वनस्पति प्रस्फुट भाव-माधुरी ॥
त्यो स्वप्नमा नै उपमा सुहाउँदो ।
लिएर गर्दो कविता थरी थरी ॥
देखीरहेको छ त्यहाँ सफा जल ।
काला कुनाबीच झलल्ल चंचल ॥
भौं त्यो उचालिन्छ मिही वरावर ।
ठट्टाहरूले शिर हिल्छ सुन्दर ॥
मसक्क मस्किन्छ लचक्क भै उर ।
ढलक्क ढल्कीकन फेरि मंजुल ॥
घलल्ल घल्चा जल चल्दछन् तल ।
मानो त्यहाँ छन् जलका परीहरू ।
जो बस्दछन् वादल बाग शीतल ॥
भिजाउने, कुंज हरा गराउने ।
लिएर पुष्पामृतका घडाजल ॥

(१४)

विशाल बक्षस्थलमा छ्वल्किदा ॥
बनेर राम्रो सपना जलैजल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हवा तथा स्वर्ग प्रकाशमा चल ॥
कुँदिन्छ छल् छल् जल छालले छुँदा ।
सफेद मोती लिइ स्पर्श कोमल ।
सिपीहरूमा ध्वनि मात्रको बल ॥
पसेर रेखा दिन जान्छ मंजुल ।

हुरी वहाँ बन्दछ खालि कोमल ।
बन्दो छ दाना खँदिलो जहाँ तल ॥
उम्रीरहेछन् जल भयाउ चल्मले ।
विचित्र छन् जन्तु जहाँ सुशीतल ॥

ती पींधका सुन्दरता सफा सफा ।
पानी भरेका मृदु दाँत कोमल ॥
लिएर मुस्के मृदु बैंसका फल ।
सौन्दर्यको वारिधि वन्यमा तल ॥

(१५)

जहाँ छ फुल्दी नलिनी लिई दल ।
सलक्क बान्कीसित-छाल-कोमल ॥
देखाउँदै मोहन सृष्टि मंजुल ।
त्यो ठाउँ हो नाक निधारको तल ॥

(१६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जहाँ शशीको छवि छुन्छ टाकुरा ।
सेता उज्याला हिउँका शरद् सफा ॥
ती भाल हुन् कोमल, कर्ण-कन्दरा ।
ती केश हुन् कृष्णलता हराभरा ॥
गला त्यही हो जुन छन् त्यहाँ चरा ।

(१७)

श्री कृष्णाले सुन्दर वैंस चालको ।
हेरूँ भनी चारु खुलस्त माधुरी ॥
लुकेर वृन्दावनबीच झाँगमा ।
जो देखिनेछन् मृदु गोपिनीहरू ॥
सुवासको मग्मग रंग भैं तरु ।
छ जो घडा सुन्दरता खडासरि ॥
पोखूँ कहाँ यौवन वारि झैं गरी ।
चलीरहेको प्रियका अभावमा ।
ठट्टा खुलाले वन नै हँसाउदो ॥
त्यस्तै थिए सुन्दर ती परीहरू ।

(१८)

(रथोद्धता)

एक छन् वगलमा प्रियंवदाः
मिष्ट-भाषण-सुहारकी सुधा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चारु चाल चपला यता जुदा ।
चारु छन् तरुणभाववैभवा ॥

(१९)

छन् तृतीय गणना सुखास्पदा ।
कोमला र अनसूय-भावदा ॥
छन् सुकोमल शकुन्तलाऽभिधा ।
अप्सरा-शिशु कुरंग-दृष्टिदा ॥
बैंस मूर्ति सरि छन् चतुर्विधा ॥

(२०)

स्वादु प्राकृत प्रवृत्ति-तत्परा ।
हास्य-चारु-अधरा प्रियंवदा ॥
बैंस-मिष्ट नखरासितै कुरा ।
गर्नलाइ चतुरी प्रियाऽधरा ॥
गर्दछिन् मधुर प्रश्न आलिमा ।
मिष्टभावप्रतिनादकन्दरा ॥
मोहिनी मृदुल-मार-मन्दिरा ।

(२१)

"बोल्दिनौ किन सँगी ! शकुन्तला ?"
झुकदछन् नजर निम्न लाग्दिला ॥
छैन हास्य-छवि बैंस-चंचला ।

(२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"मंजरी-कुसुम-रुद्ध भै गला ।
मूक छौ कि भन कंठकोकिला ?
या फुलेर मृदुबैंस सुन्तला ।
खोज्छ प्रेम भँवरा सुमंजुला ?
के छ उत्तर खुला शकुन्तला ?"

(२३)

मुस्कुराउँछ विनम्र लोचन ।
तेज चढ्छ, विजुली कि मोहन ?
भाव झल्किन गई छुँदो मन ।
लाग्चिईकन कुना विमोहन ॥

रोक्न कोसिस गरेर मुस्मुस ।
चारु ओठ क्रमका विकाशले ॥
पालुवासरि प्रवालका खुले ।
ती कपोल कलि लाल भै फुले ॥

रेखियो मधुरता मुहारमा ।
आँखिभौं अब उचालिंदा चल्ले ॥
वक्र लोचन बनेर दृष्टिले ।
चारु उत्तर दिइन् कुरै फुले ॥

(२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थप्दछिन् तब प्रियँवदा त्यहाँ ।
"क्या फुली मृदुलता लतासरि ॥
लाज फुल्छ लिन लाल माधुरी ।
एक डाकन मिलिन्दसुन्दरी ॥ "

(२५)

आँखिभौं मृदुलरेख खुम्चिदी ।
लाजसाथ अलि चट्ट फर्किंदी ॥
त्यो अशोक तरुलाइ कर्किंदी ।
अप्रसन्नपनसाथ तर्किंदी ॥
छन् खडा अलि घडा छचल्किंदी ।
बैंसको ढलक साथ ढल्किंदी ॥
मेघका विपिनबीच की कला ।
वारुणी मधुरता शकुन्तला ॥

(२६)

" हैन हैन नखरे यिनी सदा ।
बोल्दछिन् अनृत है प्रियम्वदा ॥
गर्दिनन् बुझ विहा शकुन्तला ।
क्या गिज्याँउन सिपालु चंचला "
भन्दछिन् जल दिएर बोटमा ।
चारु हास्य-रससाथ ओठमा ॥

(२७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चूपचाप अलिवेर चल्दछन् ।
बल्लरीकर कुनै त गल्दछन् ॥
गुप्त दर्शक " म बोक्दथें भनी ।
त्यो घडा युवतिको परीसरि "
आर्त चुक्चुक गरेर जल्दछन् ॥

(२८)

चारु चंख चपला बसीकन ।
त्यो घडाकन धरिन् जमीनमा ॥
"बोक्न शक्दिन म भार ' भन्दछिन् ।
" ढेडु यो घटभरी बिकाममा ॥
छाद्छ छल्छल गरी सँधैंभरी ।
खालि रुग्ण शिशु झैं झुकीवरी ॥
आफु चल्न नसकी सँधैं चढ्छ ।
भन्छ कस्वर गर्छु गरी गरी ॥
रुन्छ हेर बहुतै छचल्किई ।
वल्कलै पनि भिजाउँदै झरी ॥
चलमलाउँछ सदा कटा पनि ।
खान्छ चलमल गरेर कर्करी ।
"जान्छुवा" घर बरू विहा गरी ।
बाल वास्तव कटीविषे घरी " ॥

(२९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिल्हिलाउँछ निकुञ्ज सुन्दर ।
हाँस्दिनन् अझ रिसाउँछिन् तर ॥
ती शकुन्तसंगिनी मनोहरा ।

(३०)

भन्दछिन् "नगर दुष्ट हे कुरा-
कान दुःखदछ मलाइ चर्चर ॥"
चूप बन्दछ समाज बैसको ।
थप्दछिन् अलि सँभालिंदो स्वर ॥

(३१)

"हेर हेर सखि कुंजकौमुदी ।
मंजु पत्रहरूले खुशी हुँदी ॥
यो थिई हिंउँदमा यहाँ रुँदी ।
आज क्या तरुणता छ गंकिदी ॥
यो वसन्त वन जून झैं हुँदी ।
यो अशोक तरुकी विचुंविनी ॥
झुल्दछे खुस हुँदी हवा छुँदी ।

(३२)

बोल्दथिन् अनि सुमिष्ट सर्वदा ।
शब्दकोमल मिही प्रियम्वदा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"कौमुदी छ हँसिली सुधालता ।
बैंसदार स्तन कुड्मलाङ्किता ॥
चन्द्रसुन्दर समीरचुम्बिता ।
प्रेमकोमल-करा सुकेशरा ॥
त्यो अशोकपरिरंभिणी रता ।
बैंसकी मृदुलता बनी लता ॥
झुंकिदो मृदु शिंगारकी परी ।
बेर्दछे तरु बडो मनोहर ।
वाद्य चारु त्यसमा बने चरा ॥
यो विवाह छ वसन्तमा यहाँ ॥
छौ तिमी त अबला कठैबरा !"

(३३)

यो सुनेर मनको प्रतिध्वनि ।
पाउँदा मधुर शब्दका मनि ॥
भन्दछन् मनमनै जगन्मणि ।
कीर्तिका विभवका बडा धनी ।
"क्या मिलेछ यिनमा प्रियास्पदा ॥
नाम सुन्दर अहा ! प्रियम्वदा ।
बोलिदेउ न अरू कुरा त्यता ॥
बोल्न छोड्नु किन चूप भै यता ?"

(३४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चारु चक्षु अघि सर्दछिन् अब ।
"क्या मसक्क भन बैंस मस्कियो ॥"
सुन्दछिन नजरले इशारिंदी ।
ती नजीक रहँदी प्रियम्वदा ॥

"लच्किपछ अलि उप्सिईकन ।
वल्कलै पनि बढालु बैंसमा ॥
क्या छिचल्छ तरुणोपना भने ।
वस्त्र, कुड्मल सुगन्ध बन्धन ॥

फुक्छ पात भँवरा झुलाउन ।
उप्सिएर नलिनीप्रकोशमा ॥
फुट्दछन् हरित बाह्य बन्धन ।
मुग्ध पाउँछ सुवासको धन"

(३५)

"चारु जा तँ नखरे" भनी तिनी ।
अर्द्धचाख तर अर्द्धलाजकी ॥
लालिमा वदनमा सरक्क भै ।
रंग रोक्न अलि यत्न गर्दछिन् ॥

अर्द्ध छन् सफल ती मुहारमा ।
अर्द्ध छन् विफल रंग आउँदा ॥

(३६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थप्दछिन् छुन कपोल कोमल ।
हातले सुख लिंदी उरोरुहाँ ॥
"पुष्टतासँग प्रफुल्लता हुनु ।
पोटिलो हुनु चढेर माधुरी ॥

(३७)

'धन्य ती कर' भनी अभागका ।
हात सुन्दर सुरेख हेर्दछन् ॥
ती सहस्र समरादिका जयी ।
जो बने सहजमा त्यहाँ वश ॥
देखिंदा मधुर बैंसको यश ।
राज्यबीच हरियो दिशा दश ॥
भाललाई करले मुसार्दछन् ।
फूल'चारु' करले घुसार्दछिन् ॥

(३८)

केशमा प्रचुर रंग कोमल ।
भन्दछिन् अनि थपी तिनी त्यहाँ ॥
"फूल हेर नखरे सबै यहाँ ।
वस्त्र सुन्दर तथा शिंगारले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शान गर्न चतुरा भुलीकन ।
बँसका रस सुवासले हवा ॥
पार्दछन् सब फुलेर मग्मग ।
डाक्द ती मधुपलाइ सुन्दर ॥

(३९)

"छाड भो ! सकल थी कुरा तिमी ।
भर्न जानु बरु फेरि हे घडा ॥
नत्र काम गरिनौ भनीकन ।
जाउँला र लगाउँला कुरा ॥"
भन्दछिन् सरस ती शकुन्तला ।

(४०)

भन्दछन् मनमनै महीप ती ।
होइनन् द्विजसुता अलीकति ॥
अप्सरा कि त नयाँ कुनै परी–
तुल्य बोल्नु गतिमा छ माधुरी ॥

(४१)

वारु भर्न घट चल्दछिन् अब ।
कुँज्छ कोकिल "कुहू कुहू" रव ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाम्चिली हँसमुखी उचाल्दछिन् ।
नेत्रपानि भरिला त्यहाँ जब ॥
देखिने डर हुँदा यसो लुकी ।
फर्किए नृपति, खुम्चियो सँगी ॥

(४२)

भन्छ शानहरुमा अनेकन ।
" यी असुन्दर र पापका बन ॥
घोच्दछन् कुसुम शूलले यहाँ ।
खान छैन सब पेट रित्तियो ॥
जंगली कुसुम छन् अनर्थ हो ।
राह दीर्घ घरको अनर्थको ॥
काँप्दछन् उरु समेत थर्थर ।
बस्त्र छेड्छ वन-वायु हर्हर ॥
लोकनाथ सब बिर्सिने तर ।

(४३)

चूप्प चूप मुखमा गरीकन ।
अंगुली नृपतिले दिईकन ॥
थाम्दछन् घर भजी विना धक ।
चल्न तत्पर हुँदा विदूषक ॥

(४४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दछन् "विपिनबल्लरीहरू-
साम्मु तुच्छ दरबारका तरु ॥
प्राकृताशय सुखी यिनीहरू ।
नक्कली बहुशिंगार ती बरू ॥
यो हरा छ वन साम्मु स्वर्ग झैं ।
यी परीहरुसमान सुन्दरी ॥
अल्प भूषण र अल्प चाहना ।
फुल्दछन् विपिनमाधुरी घना ॥"

(४५)

"हेर हेर ! सखि लौ प्रियम्वदा ।
यो शुकी छ लहरा कठै बरा ॥ !
सुम्सुम्याउँछु सदैव प्रेमले ।
हौसला दिन गरी नयाँ कुरा ॥
हालिदिन्छु जल सेंचिने जरा,
हाय ! तै पनि छ रुग्ण यो बरा ॥
के उपाय अब लौन बोलन ।
यो पलाउन, म दिन्छु जीवन ॥
के भयो भन त वैलिंदो लता ?
पाल्नु भो कि पर तीर्थमा पिता । "
भन्दछिन् सजललोचनी परी ।
रित्तिदो घट जमीनमा धरी ॥

(४६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दछन् मनमनै समुज्ज्वल ।
कीर्तिका, " दिल रहेछ कोमल ॥
त्यत्तिकै जति छ रूप मंजुल "

(४७)

दुष्ट कृष्ण भँवरो उडीकन ।
ती कपोल दुइ फूलमोहन ॥
वन्य मिष्ट मधुसार हुन् भनी ।
दुःख दिन्छ अब घुम्छ भुन्भुनी ॥

(४८)

प्रश्नसाथ अलि घुम्छ फनफनी ।
केश रेशमलता भनी भनी ॥
भाव भै कुसुम रंगको त्यहाँ ।
घुम्छ शंसक पँखेरु भुन्भुनी ॥

(४९)

"लौन लौन" सँग आत्तिंदी तिनी ।
खोज्दछिन् अलि दगुर्ने तैपनि ॥
के गरूँ हुन गएर त्रासले ।
"लौन लौन !" ध्वनिको मिठासले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाहुली दुइ दिई कपोलमा ।
फेरि केशतिर चट्ट फर्किंदा ॥
"लौन लौन" ध्वनिकी पुकार छन् ।
लर्बरिन्छ मृदु अंग, "के गरूँ"

"लौन लौन" सँग डाक्दछिन् तरु ।
आँधिमा सदृश छन् लताहरू ॥
पुष्प भन्दछ झुली "म के गरूँ ?"
हास्यको सुख भए सँगी वरू ॥

भूप छन् "अघि सरूँ कि के गरूँ ?"
भन्छ शानहरूले विदूषक ॥
झाँगलाइ, करले, "म के गरूँ ?"
हातले अलि धपाउँदो 'अलि' ॥

झर्किंपर नखरे उ नक्कली ।
फर्किंपर डरले यसो अलि ॥

(५०)

चारु हास्यचपला हिली हिली ।
हाँस्दछिन् मधुप भुन्भुने कली ॥
जान्छ त्यो सब त्यजी यिनैतिर ।
हाँस्दछन् अझ सँगी मनोहर ॥

(५१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"लौन लौन" सित ती प्रियम्वदा ।
भन्दछिन् मधुर उत्तरप्रदा ॥
"यो पुकार गर भारतेन्दुमा ।
सद्गुणी विशद रत्नसिन्धुमा ॥"

(५२)

(द्रुतविलंवित)

युवतिका लतिका कृतिका निका ।
रुचिर अंग अनंग सुसंगत ॥
उपर भृंग चहार्दछ रंग त्यो ।
जुन छ यौवनको वनको रस ॥

(५३)

सुमनका मनका रस सारका ।
अधरका कलिला धरका थिए ॥
महक मै महको 'म हकी' भनी ।
भनभनी नभनीकन क्यै अरू ॥
भुनभुनाउँदथ्यो भँवरो बरो ।

(५४)

सुन हुँदानहुँदा दिवसप्रभा ।
मधुप धूप भई अलि कोमल ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कमल कोमलको रस मंजुल ।
कुसुम देख्छ कपोल सुडोलमा ॥
(५५)

कर गरेर गरे करले पर ।
वर वरै भँवरो गठरो हुने ॥
भुनुभुनूँ नभनूं अझ मात्तिने ।
मन भने नभने अझ आत्तिने ॥
(५६)

" उपलले पलले थलमा बही ।
मृत बनी तँ बनी रज झर्दथिस् ! ॥
मन भरी नभरी करूणा रहोस् ।
ल अब आबरु आ बरु आबरू ॥
(५७)

विनयले नयले नधपाइने ।
उभयले भयले नहटाइने ॥
मधुर आशयले शयले पनि ।
पर धपाउन पाउन मुस्किल । "
(५८)

पर सरी, रस रीस र रागकी ।
पधमर्फा वनकी कुसुमांगिनी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शरमदार-मुहार गुलाब छन् ।
ललित लोलित दोलित भाव छन् ॥
प्रकृत छन् कृतझंकृत कान ती ।
सरसता रस ताल र ढंगकी ॥

(५६)

गरि गुहार मुहार निहारदी ।
पवनमा सुकुमार प्रहार दी ॥
कुसुमरूप जुहार शिकार ती ।
मधुपकी, धपकीकन लाल भै ॥
अब बनिन् वनमा रति कामकी ।

(६०)

अघि सरी बिचरीकन भन्दछिन् ।
सहचरी अलि चंचललोचनी ॥
नृपतिमा पतिमान गरीकन ।
यश दिशा दश बीच छरीकन ॥

" स्ववश शत्रु गरी महिमा लिने ।
अलि धपाउनु पाँउन ! लौ भन !
किन कि छौ कनकाञ्चलिनी तिमी ।
अख्याता दिनकी सुरमोहिनी ॥"

(६१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यति भनी नखरे मृदुलाधरा ।
मुसुमुसुस्मित मुस्किदिइन् बरी ॥
त्रिदशकी दुहितासरि ती परी–
कन गरी दिनकी महिमासरि ॥

सुमनका मनका मृदु शब्द ती ।
श्रवणसिक्त प्रसन्नमना नृप ॥
मधुपको मधु प्यूँन बढे अघि ।
नजरले मधुकार शिकारमा ॥

(६२)

सकल चंचलता चकिता बने ।
मृदुलता लसितां असिता लता ॥
अब विचित्र बने छविचित्र ती ।
नचल्ने चल–नेत्र अलीकति ॥
पुरुषको रसको सुख कर्किंदा ।
पवनले गति चंचल बिर्सिंदा ॥

(६३)

"जन प्रतिष्ठित को ? कुन यो युवा ?
नर कि किन्नर ? देव कि मार वा ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विपुल भाल समुज्जल चेहरा ।
मधुर यौवन यो वनमा हरा ?

(६४)

किन यतातिर आउँछ त्यो युवा ?
रहन के, वसनोज्ज्वल यो घर ?"
मनमनै नभनीकन चिन्तना–
सहित ती घन कोमल कल्पना–
सरि तिनी मधुवैंस 'शकुन्तला'
चकित छन् कृतझंकृतकुन्तला ॥

(६५)

'अलि' हस्यो अलि दुष्ट त्यहाँ छली ।
भ्रमर कुन्तलबाट शकुन्तला–
कन दिईकन फुर्सद, हेर्न त्यो ।
पुरुषको रसको मनमोहन ॥

(६६)

"सदय देव यहाँ अरुणोदय–
सरि सबार हुँदो वनवारिमा ॥
पयरकष्ट गरीकन आसन ।
लिनुहवोस् कुशको प्रिय शासन ॥"

(६५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" नगर भो अति कष्ट सुकोमला ।
नगरका घरका जननिंतिमा ॥
नगर शान्त निकुंजनिवासिनी ।
नगरमी छ यहाँ न थकाइ छ ॥

नग-हुकाउँछ आँग नवा उरु ।
न गरलायित छन् वनका तरु "
यति विदूषकले तिनमा भने ।
बहुत खिलिखल ती पुतली बने :–

(६८)

" यदि खडा ' बखडा तरु ' फुल्दछ ।
किन खडा म नहूँ नखरा लिई ॥
म छु वयस्क हुँदा तगडा अझ ।
किन खडा हुनगो झगडा यहाँ ॥

धवल केश फुली लटरम्म छ ।
तरुणभाव त तैपनि टम्म छ " ॥
यति सुनीकन हास्यविनोदिता ।
अधर छोप्न तयार भए लता–

जब विदूषक छिंक गरी रुघा ।
सरस ताउ लगाउँदछन् जुँघा ॥

(६९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"सखि! कुशासन ल्याउन जाउन"
यति भनी शरमाउँदछिन् जहाँ ॥
वचनकी मधु ती, उनमा नृप ।
वचन मिष्ट सुनाउँदछन् यहाँ ॥

"किन यसै, नबसे पनि ठीक छ ।
जब सुवर्ण उ साँझ नजीक छ"
यति सुनीकन 'चारु' लिई घडा ।
मधुर आग्रहभाषण गर्दछिन् ॥
"थकित पाउ हुने रहँदा खडा" ॥

(७०)

बोली मिष्ट सुनेर ती पुरुषको आनन्दिता कानमा ।
देखी तेज प्रसन्न भै मनमनै सोद्धी नयाँ प्रश्न ती;
पापको मरुमा सफा जल हरा कै कुंजमा शीतल ।
यात्री झैं अति तृष्णा ती नजरकी हेर्दी भइन् पाहुना ॥

(७१)

दोटैका मनमा पस्यो प्रथम त्यो जादू छ जो कोयली ।
हाँगाबीच वसन्तको कुसुमको बोल्दो नयाँ प्रश्न झैं ॥
"को होला कुन यो महापुरुष हो" भन्थिन् उता सुन्दरी ।
"को होलिन् कुन हुन् परी ? ऋषिसुता हैनन्" उनी भन्दछन्॥

(७२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झुक्दै चट्ट बराबरी भुइँभरी बुट्टा भरी भिन्नका ।
हेर्ने चाख भएर झट् नजर ती वेला पखी लाउँछिन् ॥
आँखा जुध्छ कि झैं हुँदा सहज नै हाँगा हुँदी बैंसकी ।
ढुक् ढुक् बढ्न गएर लाल-गरमी लज्जा लिंदी गंड छन् ।

(७३)

सोधे ती सखिले कुरा अलि यसो राम्रो घुमाईकन ।
"हाम्रो भाग्य बलेछ आज कसरी ? आँखा उज्याला हुन ॥
के सेवा दिन शक्दछन् वन ठिटी भन्दो अहो भाग्यले ।
ल्यायो आज गिज्याउनै कि वनमा तेजी बडा पाहुना ?"

(७४)

सुन्दा थोर मुसुक्क मुस्किन गए तारीफका ओठ ती ।
भन्छन् भूप " म आज आउँछु यहाँ दुष्यन्तको दूत झैं ॥
रक्षा गर्न र हेर्न जाँच्न ऋषिका यी यज्ञका आश्रम ।
ठोकी दूर धपाँउला दितिजका दाह्रा दनासा भनी ॥ "

(७५)

हाम्रा पालक विश्वका मुकुट ती ती धर्मका रक्षक ।
ती दाता सब अन्नका, सकलका छाती भरी सूर्य झैं ॥
ती राजा थलका तथैव जलका, सारा दिशाका छवि ।
हावासाथ सुगन्ध कीर्ति बहने ती दानका सागर ॥

(७६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" ती दैत्यारि, समस्त आर्यहरुका ती इन्द्र, आनंद नै ।
हुँ बक्सिन्छ विरोधका दलहरू हात्तीहरूले किची ?
चाहन्छौं यति सुन्न छैन उनको त्यो चेहरामा कुनै ।
उक्लेको कुइरो सफा सुख मिची पारी धमीलो छवि ! "

(७७)

भन्ने प्रश्न सुनेर ती नजरमा आनंद गै कानको ।
भन्छन् भूपति, " छैन दुःख उनमा छाती छ मानो शरद् ॥
काँढा छैन सबै छ फूल, त्यसमा आनन्दको वास छ ।
यस्ता सुन्दररूपका अधरका मीठो प्रशंसा उडी ॥ "

(७८)

मानी चाख मिठास ती वचनका प्यूँदी दुवै कानले ।
धेरै बेर झुकेर तीक्ष्णश्रवणी आँखा उचाली लिंदी ॥
बिर्सेकी मनमुग्ध भैं शरम नै चैतन्य चाँडो पर्सी ।
लालीदार मुहार भै पलक ती चाँडै वराल्दी भइन् ॥

(७६)

" मीठा नाम म सुन्न पाँउछु भने बन्ने थिएँ कोइली ।
" को को हो यस कुंजमा अधर ली राम्रा रहेका फुली ? "
भन्दै प्रश्न गरेर झुल्न सुखमा घोली सुधा कानमा "
भन्दा भूप निहार्दछन् नजरले फुल्दी झुकेकी ठिटी ॥

(८०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" मीठो नाम प्रियम्वदा छ यिनको बोल्दै बुझीहालिने "
भन्छिन् चारु, प्रियम्वदा अघिसरि दिन्छिन् यही उत्तर ॥
राम्री भै यिनको छ नाम सहजै सौंदर्य भैं संभिने ।
कस्ती प्रेमशिखारु चारु हँसिली यी चारु छन् ओठकी ॥

(८१)

" ती राम्री सखिको कुरा गर बरू जो झुक्दछिन् लाजले ।
मानो फूल थुँगा बनी मधुरता झुक्छिन् स्वयं भारले ॥
नामै क्या छ शकुन्तला ! विहगकी आली उज्यालीसरि ।
आँखाको रस के कुरंगहरूले देखे चरी नन्दन ? "

(८२)

भन्दा भुत्भुत बन्न तत्पर बनी बोली अडेकी त्यसै ।
आँखाले मृदु लाम्चिला सरस ती छेडेर गाली नुहिन् ॥
मानो सुन्दर छन् स्वरूप अरुका आँखा छली फुल्नको ।
आफ्नो सोख लिंदी-थियो शरमको गाली दिंदो नेत्रले ॥

(८३)

'होवैनन् ऋषिकी सुता तर यिनी, बान्की छ अर्कै ढँग ।
ओठै छन् उनका प्रबालरँगका क्या पातला पालुवा ॥
बोल्ले कोकिलले लिई शरम के बिर्सिन्छ भाषा भनी ।
बोलीको टक मात्र सुन्दर दिई ती चल्दछन् वायुमा !"

(८४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने शब्द सुनी असह्य हुन गै साँभने बनी बस्न नै ।
फर्किन् चट्ट "कसो गरूँ" हुन गई बोक्छन् घडाको जल ॥
भुक्दी दूर गई प्रफुल्ल बिरुवा लाई भिजाईकन ।
सौन्दर्यैसरि भल्किदो सलिलको भाषा सुनाइन् कल ॥

(८५)

"औंठी दिन्छु म लिन्छ को ? जल त्यहाँ जो निर्दयी क्रूर छ ।
थाकेको मृदुरेख पेशलकटीमा भार बन्दो गर्हुँ ॥
बोकेमा जल मात्र एक छिन त्यो औंठी त्यसैको भयो" ।
भन्दा नेत्र जुधेर तीन सखिका बन्थिन् प्रशंसा तिनी ॥

(८६)

थप्छिन् फेरि प्रियम्वदा- " छ यिनमा सौदर्य नै स्वर्गको ।
पृथ्वीमाथि भरेसमान सखि छन् दोसाँधकी सुन्दरी ॥
यी हुन् कौशिककी सुचारु तनया जो मेनका-कोखमा ।
पाई जन्म यहाँ बढिन् कुसुम झैं छोरी पिता कण्वकी ॥

(८७)

पूरा वर्णन जन्मको जब गरे आलीहरूले त्यहाँ ।
काँढो गो मनको " यिनी ऋषिसुता हैनन् ' भनी चित्तले ॥
धर्मात्मा नृपको निकै अब लियो आनंदको भावना ,
कालो पापसमान दब्छ कुइरो आकाशमा पत्लिई ॥

(८८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै मिष्ट कुरा भए, तब थपिन् आली कुनैले त्यहाँ ।
"हाम्री छन् सखि पुष्पतुल्य, मधुकी प्याला फुकेकी रँगी ॥
झर्किन्छिन् , भँवरा नजीक नहवोस् भन्ने गरी भावना ।
लैजान्छन् कि टिपेर मन्मथ स्वयं भन्ने छ शंका यहाँ"

(८६)

भन्ने बात सुनी रिसाउन छिटी आँखा तरी बोल्दछिन् ,
"कस्ता लाज र भाँडका मुखहरू ! बोल्छ्यौ ठुटा नाकले
यस्ता शब्द गरी त्यसै मन परी छाड्ने सबै काम लौ ।
आमैसाथ गएर भन्दछु यहाँ के दुष्टता गर्दछौ ?"

(६०)

भन्दै भन्न फनक्क भैकन गइन् टाढा पुगिन् ती पर ।
फर्की हेर्न भएर चित्त मनले रच्दो भयो जाल क्यै ॥
यस्तैमा तब शूलले पयरमा बिभ्दा बहाना दिने ।
"आच्छु ! लौन" भनी थचक्क भुँइमा ती वेदनाले बसिन्॥

(६१)

राजा हेर्न गए गए सखिहरू काँढा झिके डोभको ।
तीखो दर्द परेर आफ्नु मुटुमा राजा रसीला बने ॥
यस्तैमा तब भूपका जनहरू आए गरी खल्बली ।
देखाईकन काम तीसँग बिदा बादी भए भूपति ॥

(६२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रयोदश सर्ग

(मालिनी)

मधुकर महिषीले पंख कूँजा फिंजारी ।
मधुमय वन डुल्दा फूल राम्रा निहारी ॥
हँसमुख सखि यौटी साथमा ली अकेली ।
कुसुमहरु हवामा जिस्किदा हाँसिखेली ॥
मधुकर सुइँकोले खोज्दछन् भुन्भुनाई ।
वनविचरण गर्दी भक्तको भक्तिलाई ॥
वरिपरि डुरिंदा ती तुल्य भिन्नै दिशामा ।
नृप जनहरु डुल्छन् भूप खोज्दा दशामा ॥

(१)

खलबल पहिले ता भुन्भुनाए समान ।
अलिकुल डुरिंदाको खोजको 'गन्न' गान ॥
निकट छ अब मानो शब्द सारौं–कराई ।
हलचलहरु भर्दै पंख फैं खल्वलाई ॥

(२)

कुसुमसदृश राम्रा वन्य वाला कुरंगी ।
शर सदृश छ आँखा, चाल कल्लोल-भंगी,
भ्रमर मधुर भौंका कंठका कोयली ती ।
खलबल हुन जाँदा भूप छोड्छन् त्यहीं ती ॥

(३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उदित रवि उज्यालातुल्य ती सामु आए ।
विहगहृदय तृष्णा ती प्रजाको बुझाए ॥
वन छ जलद जस्तो कीर्तिको रंग फुल्ने ।
दिनभर जुन छेक्थ्यो ज्योति भर्ने मुहार ॥
छविमय छ बनेको मिष्ट मुस्कानदार ।

(४)

"अब सब घर जाओ एकलो बस्छु पाई ।
सुखमय वन राम्रो शान्तिको झैं रजाँइ ॥
मुनिवरहरू बस्ने यो हरीयो निवास ।
मधुर कुसुम फुल्ने स्वर्गको भावना छ ॥

(५)

तप,जपसित बस्दा मोहनी दिव्य आई ।
हृदयकन छुनेछन् प्रेम झैं मुस्कुराईं ॥
जुन ऋषिहरु खोज्छन् वन्य मीठो विभूति ।
नयननिकट बन्छिन् आज मेरी यहीं ती ॥"

(६)

विहसित मुख हेर्छन् अर्थले ती सँगीमा ।
मुखविकृति अनौठा झट्ट आकारिंदोमा ॥
"अब वन वन चारी जंगली-प्रेम धारी ।
द्विजउपर हुँदामा आज रित्तो भकारो ॥

(७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वन कुसुम मुसारी कन्द कोक्याउँदाल ।
उदरकन बटारी ह्वौ वनैया भिखारी ॥
म त रहन नशक्ने, लड्डुको ढड्डु भारी ।
शहरतिर हिंडे हैं हात ठंडा बटारी ॥"
वचन यति लगाई हिड्न तम्सेर भन्छ।
" महल धन म पाऊँ ताजलाई शिंगारी ॥
रिपुहरु सब धुस्नो पार्छु जूँघा मुसारी । "

(८)

मुसुमुसु सब हाँसे आँखिभौंबाट ञासे । ·
बक बक वतुरेको वाक् बनेको बतासे ॥
स्वजनतिर निहारी भन्दछन् छत्रधारी ।
"वनतिर मन मेरो बन्न लाग्यो विहारी ॥"

(९)

" सुनन कति सुरीला बोल्दछन् वृक्षमाथि ।
रँग विरँग फुलेका चारु शाखा सगाथी ॥
कुसुमहरु उडे झैं बोल पाएर नाना ।
मुखरित महिमा झैं साँझ आई छुँदामा ॥

(१०)

अगणित महिमाका रँग फुट्छन् हजार ।
जलद-लसित ज्योत्स्ना दृश्यका छन् किनार ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"बहुल अधर हालूँ" भाव भन्दो सुभाषी ।
कुसुम, विहग, लाली, प्रेममा चल्छ गाँसी ॥

(११)

"सुखमय दिल जो जो बोल्न शक्तैन बोल ।
पुलकित तरु बोल्छन् नीड पाली अमोल ॥
अनुभवहरु राम्रा फैलिंदी कल्पनामा ।
स्मृतिमय क्षण झल्की शान्ति लुक्ने कुनामा ॥
मुखरितसरि बोल्छन् अर्थ नाघ्नेपनामा ।

(१२)

लह लह हरियोमा जिन्दगी झुल्छ रंगी ।
समररहित मीठा शान्तिका भाव–भङ्गी ॥
चचह चचह गर्छन् फुल्छ रंगिन्छ फुट्छ ।
प्रकृति हृदय, तृष्णा बन्छ आनन्द छुट्छ ॥

(१३)

अतिशय मृदु राम्रा फूलका जो जरामा ।
अधर मृदुल खोज्ने बोल्नलाई धरामा ॥
किरण मधुर भन्ने मोहनी वन्य चारु ।
पवनसँग हिलेका छन् हँसीला शिकारू ॥

(१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ध्वनि मृदु मुरलीका चल्दछन् श्वाससाथ ।
स्वर मधुर बनेका मंजरी फूल पात ॥
अनि विहग गलाले टिप्दछन् रंग रंगी ।
ऋषि-हृदय झुलाई नृत्यमा भर्न भंगी ॥

(१५)

विटप बहु प्रशाखा जिन्दगी झैं खडा छन् ।
खबरहरु चरा छन्, स्वर्गसंदेश–चारु ॥
बहुविध रस खोज्ने, गुप्त तृष्णा जरा छन् ।
कुसुमहरु कला छन् रंग चढ्दा सुरा छन् ॥

(१६)

दिन दिन छ खुलेको वन्य आनन्द दिव्य ।
कुसुम मधुर पाना रेखिंदो रंग सभ्य ॥
तह तह छ किताबी अक्षराऽऽभास भारी ।
प्रकृतिहृदयमा छन् पाठ राम्रा विहारी ॥

(१७)

अलिपर वहँदी छन् मालिनी कल्कलाई ।
जलधि भजन तृष्णा बोलमा झल्मलाई ॥
ऋषि सहृदय शिक्छन् छन्द त्यो भावभित्र ।
विपिनसरि जगत् यो फुल्छ बन्दै विचित्र ॥

(१८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" प्रकृतपन नशामा, अङ्गमा वन्य भाव।
हृदय-कुसुम गन्धी बल्लरीका स्वभाव॥
नयन मृदु कुरंगी बोल्न कल्लोलवाला–
सहित मधुर बैंसे फुल्दछन् वन्य बाला॥"

(१९)

झिलिमिलि न छ खल्लो च्याइना चारु थोर।
प्रकृत गति र गाना शान्तिको तुल्य शोर॥
ऋषिमहल हरीयो पात झुम्का शिंगार।
विटप विविध खम्बा कुञ्ज खोपी हजार॥
सुखद विपिन बल्ली छन् नटी बैंसदार।
मधुर लय गला छन् राज्य यो क्या अपार॥

(२०)

म त अब वन बस्ने, जान्न प्रासादतर्फ।
प्रकृति यश यहाँको मेट्छ, सम्पूर्ण गर्व॥
प्रचुर धन यहाँ छन्, रत्न पन्ना जुहार।
विजय बहु यहाँ छन् राज्य विस्तार सार॥

(२१)

हरित कुसुम हाँगा मग्मगी पत्रदार।
किरण मधुर छिर्ने छन् जहाँ छत्र सार॥
कुसुमरज छ लावा कीर्तिका गान--पंखी।
पवन चमर डोल्ने--हुन्छु सम्राट् अपार॥

(२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खलबल न मचाऊ, शान्त यो वन्य छाती ।
कलिसदृश कलीलो भावले भाँति भाँति ॥
नगर पर छिपेको पत्रले चट्ट छाई ।
समर स्वर सुनेकी बालिका झैं बनाई ॥
मृदु सुख सपनामा झंट्ट झस्का पसाई ।

(२३)

घरतिर सब जाओ सुस्तरी चूपचाप ।
बरु हृदय भएका प्रेमले कान थाप ॥
श्रवण ऋषिहरूका सुन्दछन् मंजरीमा ।
मृदुल मृदुल वार्ता शान्त कानेखुशीमा ॥

(२४)

पछि पछि म त हेर्दै सुस्तरी आउनेछु ।
थकित हृदय ठंडा कीर्तिले छाउनेछु ॥
अलि छिन पर गर्दा झोंझका काम काज ।
अमर वन-विहारी बन्छु झन देवराज ॥"

(२५)

अनुचर तब फर्के, रामका भक्ततुल्य ।
गिरि-शिखर कुटीका कुञ्ज छाडी अमूल्य ॥
सहृदय सुखवार्ता ज्ञान ठंडा सुनेर ।
वनभ्रमण विलासीको इरादा बुझेर ॥

(२६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब वनतिर डुल्दा छन् मिलेका सँगी यी ।
शर चतुर यिनी छन्, तीक्ष्ण त्यो मर्म भेदी ॥
नृपति दश दिशामा कीर्तिका हास भर्छन् ।
द्विज चतुर ठर्‍यौला हास्यले वश्य गर्छन् ॥

(२७)

"छि छि वन अमिली यी" स्वाट्ट टड्कारिएर ।
चतुर चतुर भन्छन् "दौंतरी हेर ! हेर !!"
अतिशय अमिला छन्, देख्न जिभ्रो रसायो ।
तर पछि रसनामा स्वादले रन्थन्यायो ॥

(२८)

हुन त सब बिजूलीतुल्य तीखा उज्याला ।
तर ज्वर पछि आई रुन्न पार्ने छ गाला ।
म त यदि दुइपैसा–का मिले चार चार ।
छि! छि! कति अमिला यी भन्दथे वार वार ॥

(२९)

किन हरि हरि सिर्त्तैं, यो कुरंगी कन्याई ।
रहनु वन अँध्यारो बीचमा रम्मगाई ॥
झिलिमिलि महलैमा ठाँट श्रृङ्गार पारी ।
मदनविजय गर्ने छन् परी दिव्य भारी ॥

(३०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"चपल नयनवाला रंगका चारु गाला ।
कुसुमसदृश छाला चल्मले झौं छ झाला ॥
शरम सरस चाला, बैंसवाला उज्याला ।
सुकठिन उरवाला चारु रम्भोरुवाला ॥

(३१)

"ढलमलसित हिंड्छन् हंसका ढङ्गवाला ।
भ्रमरसदृश काला केश मुन्द्रा उज्याला ॥
जुन चटु नखरामा गर्दछन् मात नाला ।
उनकन किन छोडी लाउने वन्य माला ॥

(३२)

न छ पहिरन राम्रो शुष्क बोक्रा भिरेका ।
युवतिहरु बनैया छाँट ठिङ्गा परेका ॥
पशुहरु पंक्ति लाग्छन् यी मकुन्डीहरूका ।
जब उदर छ रित्तो छन् पिडौला गन्हूँका ॥

(३३)

न सरस नखराले झौं छरीता उचाली ।
नयन मृदुल तिर्छीको इशारा निकाली ॥
चलमल चतुरा छन् स्नेहका चट्ट छाले ।
मुसु मुसु अधरे यी लाज लाम्चा कुनाले ॥

(३४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुसुम तरु खडाझैं फुल्दछन् ठिङ्गरा यी ।
शरम पनि नजान्ने जंगली क्या बरा यी ॥
बरु सब गमलामा राख्नु तस्बीर पारी ।
युवति सरस चाला एक नै छैन भारी ॥

(३५)

न त मसित कुनै यी जिस्किए एक ठट्टा ।
न त विपिनविषे यी पाउँछन् एक पट्टा ॥
वरिपरि सब सेता देख्दछन् ज्ञानलट्टा ।
यिनसँग म नबस्ने, दूर बस्नेछु छुट्टा ॥
न त वचन म बोलूँ बन्द पार्नेछु बट्टा ।
बरु वनमृगिणीको पुच्छरै लाग्नु सट्टा ॥
बरु कमल फुलेको हेर्नु सौगन्धगट्टा ।

(३६)

“छि ! छि ! छि ! छि !' यिनलाई एक कौडी नमानी ।
हिंड महल उज्यालो दौंतरी; बिन्ति जानी ॥
दहि-महि अमिला छन्, सातु छन् कन्दमूल ।
यिनसँग रहनेको पेटमा हुन्छ शूल ॥

(३७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नृपवर तर भन्छन् "जंगली यी प्रसून ।
प्रकृत तवरका छन् पौर-चापल्य-हीन ॥
सहज ललितताका छन् लता झैं फुलेका ।
मृदु अधर खुलेका, अङ्ग राम्रा मिलेका ॥

(३८)

यिनसँग नखराको नक्ली भाव छैन ।
छल कपट सुधाको जिन्दगी नै छुँदैन ॥
सरस सरल वार्ता गर्दछन् मिष्टभाषी ।
वन हृदय वने झैं ओठ रंगी सुवासी ॥

(३९)

वचन मृदु चरा छन्, वन्य यी अप्सरा छन् ।
प्रकृति कलित राम्रा कोपिलाका कुरा छन् ॥
रँग सुवदन बैंसे बीच चढ्दा सुरा छन् ।
सब वनदुहिता यी बैंसका आँकुरा छन् ॥

(४०)

मृग शिशु–सँग खेली प्रकृत स्वादु केली ।
कुसुमित रँग चढ्दा वन्य आनन्द वेली ॥
मदन शर बनाई बस्दछन् कुंजभित्र ।
हृदयसँग बढालू भाव मागी विचित्र ॥

(४१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"वन विरचित स्वप्नातुल्य राम्रा मुहार ।
प्रकृत तवर खुल्ने शान्त खोपी जुहार ॥
किरणहरु पसेका स्वर्गका स्वर्ण रंग ।
स्वर विहगहरूको भिंत्रिदो बोल ढङ्ग ॥

(४२)

"सलिल मृदुल रेखाबाट आकारिंदा यी ।
तुहिनधवल झल्कासाथ पाई सफाई ॥
"कुसुमकलि कि नारीरूपमा मूर्ति ल्याऊँ ?"
भनिकन विधिले यी आधि दोधारभित्र ॥
मसृण छिनुहरूले छन् कुँदेका विचित्र ।

(४३)

यिनकन जलका छन् बोल लोलाउँने जो ।
गुनु गुनुसित चल्ने बाल कल्लोल भाव ॥
पवन वन झुलौना झूल छन् पात झुँका ।
हरित शिशु जगत छन् मालिनीतीर थुम्का ॥
प्रकृति सरल शिक्षा ज्ञानको सत् प्रभाव ।
मधुर विहगवाला-तुल्य मीठा स्वभाव ॥

(४४)

जलद गगन ज्वाला रंगवाला उज्याला ।
रविकर मृदुमाला स्वप्नका रंगशाला ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हृदय-सर-विभासी भावका मंजुनाला।
प्रकृत रस छ भर्ने बैंसका स्वर्ण प्याला ॥

(४५)

विधुवदनसुधाको शीतलो शीत थाली।
टहटह वनमा जो दिव्य जादू खसाली ॥
कुसुम मृदु नशामा स्वप्निलो भर्छ पानी।
मगमग मृदुवास्ना पत्रमा चारु छानी ॥
त्यस रससँग फुल्दा बैंसका यी शिरामा!
'वल वल'-सित बल्की रंग चढ्छन् सुरामा ॥

(४६)

मृग-शिशुहरु पाई शैल सींढी तहालु।
लघु पयर उचाली फुर्फुरे सौखचालु ॥
प्रकृति-कलित उत्री टीपको रंग शाला।
हरित मृदु दुभोको शैलको खातवाला ॥
खुरखुरसँग चढ्दै ओर्लिंदै छन्दसाथ।
प्रकृतसुख सिपालु चालका स्निग्ध गाथ ॥
जुन सरस सजीव स्वादु नृत्य-प्रसन्न।
विपिन सरल हुन्छन् चाल त्यो चारु वन्य ॥
कति मधुर घुसेका कामिनी हेर धन्य!

(४७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हृदय किरण न्यानो कोपिलाले फुकाई ।
पवन रसिकलाई चोर्न खोली मिठाइ ॥
हिलमिलसँग हिल्ने भावमा नृत्यदार ।
कुसुमित छ उज्यालो बैंस खुल्दो मुहार ॥

(४८)

निशिभर सपनामा तारका छंद्रमाई ।
मृदु वन सहभावी भावमा चम्चमाई ॥
तदनुसरण गर्ने चालका प्रेरणामा ।
मुकुलित वन-वल्ली हल्लिँदा झैं नशामा ॥

प्रकृत मृदु कलामा नृत्य खुल्दो दशामा ।
अलि विउँझिन लाग्दा प्रात-चारी प्रवात ॥
किरणसँग सुनौला सूर्य्य बल्ने दिशामा ।
कति सरस उज्याला हास्यका चालदार ॥
मदनवनकुरंगी लच्किए अंगदार ।

(४६)

प्रथम छवि उषाको बाल झैं वारिवाह ।
उदय-नभ-सँघारे टुक्रिएको अथाह ॥
लघु मधुर बुनेका माकुरो-जालतुल्य ।
कवि-दिल सपनाको सूत जस्तो अमूल्य ॥

(५०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लसित मधुर ज्योत्स्ना स्वर्णलाली मिलेर ।
जब मुसुमुसु बन्दै जिन्दगी लिन्छ हेर ॥
जब पट सपनाको देश झैं खुल्छ घेर ।
प्रथम विहग बोल्दा स्वर्णको गर्भनेर ॥
त्यस रँग मधुरोले छोइएका कपोल ।
विपिन कुसुमवाला देखिए क्या अमोल !

(५१)

मदन वनविहारी पुष्पको वाणधारी ।
अतिशय सुकुमारी नग्न शोभाधिकारी ॥
मधुर मधु नशाले बैंसको वन्य मस्त ।
कर–धृत कलिप्याला कुंजमा चारु लस्त ॥

(५२)

तर सब तिनमध्ये एक ती छन् पहीली ।
प्रकृत सरलताकी पानि-आँखे छवीली ॥
अलक मृदु शिरिषी जो झुकेका परेला ।
लघु तवर उचालिछन् पर्खदै हेर्न वेला ॥

(५३)

कुसुमउपरका ती मिष्ट छन् स्वर्णदाना ।
सुरवन सुषमाकी रत्न रूपी खजाना ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मधुर विधिकलाकी शिल्पको स्वर्ण पाना ।
अमर तरु फुलेकी बैंस लावण्य नाना ॥

(५४)

कवि हृदय रसीली ज्योति जस्ती सजीव ।
अरुण सुमन-गाला बल्लरी लोल चाला ॥
मदनकि वहिनी झैं, ती उषाकी संगी छन् ।
अविदित महिमा झैं स्वप्न यात्राहरूकी ॥

(५५)

अबनितिर झरेकी रत्नकी व्योम ज्योति ।
पयर मधुर चल्ने फूलको झैं छ लोति ॥
मधुर मधुर गिंछन् मुस्कदा चारु मोती ।
अरुसरि तिनि छैनन् चारु संकोचकी ती ॥

(५६)

अलिपरतिर सर्नै मर्द देखेर सामु ।
प्रकृत शरमवाली कोपिला झैं खुला छन् ॥
रँग सुमधुर चढ्दा कोपिला झैं सुगन्ध ।
सुखसँग उर फुक्ने भै वडी लाजवाली ॥

(५७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उर छ भ्रमर वस्ला चट्ट काँही भनेर ।
छिन छिन मृदु गाला छोप्दछिन् ती नुहेर ॥
शिर रससित कर्के, कान यौटा उचाली ।
छिन छिन अलि छोपी छैन झैं भान पारी ॥

(५८)

अलिकति पर सर्दी फेरि झस्केर छर्दी ।
अलक अनि "कहाँ गो" झैं भनी चट्ट हेर्दी ॥
मृदुल सरस लच्कासाथ रंभोरु घुम्थिन् ।
नयन भ्रमर छल्दी स्वप्न झैं दिव्य बन्थिन् ॥

(५९)

जलभृत घट बस्दा लच्किएका कटी ती ।
छचल जल छचल्की झल्किएकी छचल्का ॥
तरुण रस कक्ल् कल् फूलका बोट पोषी ।
हृदयजजल जस्ता भावना छाल पोखी ॥
विपिन कुसुम-पोष्ने देवकन्यासमान ।
उपवनकन दिन्थिन् स्वर्गको चारु मान ॥

(६०)

कमलसरस भाल स्वेदले भो झिझिल्ल ।
उर रससित उप्स्यो श्वासले यत्न फुल्ल ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अलकतिर शिरीषी माधुरी साम्यभावी ।
  रँग विलसित गाला कर्म-टूना अमूल्य-
सरि युवति थिइन् ती कामकी झैं विलास ।

(६१)

सहन कठिन बन्छन् बैंस ठट्टा तिनीमा ।
  किन शरम हुने ती चाल गर्छन् भनेर ॥
चकित मधुरता झैं अप्रसन्न प्रभा छन् ।
  तर अरु कति त्यस्ता मोहिनी दिव्यता छन् ॥

(६२)

पयरतिर बिझेको शल्यले "आच्छु" पारी ।
  सखितिर जब फर्की बन्दथिन् ती गुहारी ॥
निठुर सरसता झैं दैवले पङ्गु पारी ।
  नजर सरस दिन्थिन् फर्किंदी स्वर्ग प्यारी ॥

(६३)

महल छ सब खल्लो छट्टुका राज्य जस्ता ।
  रँगहरू अति चड्का, पौर छन् चाल सस्ता ॥
झिलिमिलि सब बोक्रा, बैंस खोक्रा त्यहाँका ।
  सुमन मृदु खिरीला डाँठमा छन् यहाँका ॥

(६४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अप्रकृत नखराका धूर्तताका शिकार।
अति चपल प्रदर्शी भावका शून्य सार॥
अधर अति रँगाई बैंस ज्यादै सजाई।
अतिशय नकली ती नाक भौं शानदार॥

विकृतिमय र कामी-भावनाका शिकार।
युवति शहरका जो छन् सितारा-सिंगार॥
उनअघि वनबाला स्वर्गका छन् जुहार।
विकृत मुख न तीतो नक्ली चाल पार॥
अब म त वन बस्ने रोज सानन्द चार।"

(६५)

यतिपछि नृप लागे डुल्न तस्वीर प्यारा।
हृदय पट शिंगार्ने मौन खिच्दै हजारा॥
तर उ द्विज कन्याई छिर्विरे केश ठर्रा।
मुख विकृत लगाई खोज्दथ्यो व्यङ्ग्य पर्रा॥
धन जन घर छोड्ने भूपमा हान्न छर्रा।

(६६)

शशयुवति हँसीली पुष्प जस्ती रसीली।
कुसुमित जब देखे छन् त्यहाँ बैंस-ढीली॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यससँग मुटु पोल्दा च्याखुरा एक बोल्दा।
आले गर्जित भएछन् दुब्लिदा ज्योति ढल्दा॥

चतुर विपिनतिराासाथ लाई मितेरी।
हृदय सब खुलाई गर्दछन् एक बिन्ति॥
"स्वकर गत वनाँऊ ती उज्याली हँसीली"
वतुर विपिन तिरा भन्छ "ओर्लेर आऊ॥

सलिल--तिर डुबुल्की स्नेहको एक लाऊ।
तव विधु तल ओर्ले ठाउँमा वृद्ध घोर्ले॥
सलिलबिच डुबुल्की लाँउदै चट्ट हल्ले।
शश युवति उज्याली ती हिमाली कपोल॥

जलतिर जब झर्थिन् स्नानको निति हेर।
तव कर हलुकाले चट्ट टिप्छन् शशीले॥
तब शशधर बन्छन् पूर्णतामा खुशीले।
अहह! कति मजाको प्रेम लीला छ वन्य॥

भजअब शशबाला चन्द्रवंशी सुधन्य।
महल धन मजा ती स्वर्गको छोड रम्य॥
घनविपिन विहारी दौंतरी क्या अचम्म॥"
पतिसित वतुरे ती ओठ तीता लगाई।
"छि छि छि छि! सँग थुक्छन् वन्य पैयूँ चपाई॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर अब निशि ओलिन् रंग सारा पखाली ।
गगन मधुर पारी मिर्मिरे भाव हाली ॥
वन अब घुइरो भो, मार्ग अस्पष्ट रूप ।
उटजतिर हिंडे ती घोरिंदै फेरि भूप ॥

—=०=—

चतुर्दश सर्ग

वनकोपिला सपने ठिटी ।
शिशुकालबाट फुकी छिटी ॥
अलि लाजदार सचेतता-
सँग भृङ्गको ध्वनि खोज्दथी ॥
(१)

रसिला हवाहरु खुसखुस ।
वहँदा थिई अलि मुस्मुस ॥
ऋतुराजका रवि आउँदा ,
मृदु प्रेमका छवि छाउँदा ,
(२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सपना अनेक सुवर्णका ।
किरणेन्दुका उरमा घुसी ॥
रँगमा फुटीकन छाउँथे ।
नव बैसँका मृदु भावना ॥

(३)

सब स्वर्ग झलमल भै रुँदा ।
निशिमा छ आँसु वियोगको ॥
विरहाश्रुका जलविन्दुले ।
अति सुन्दरी वन-मन्दिरा ॥

(४)

वन कोपिलासरि फुल्दथिन् ।
सुकुमारदार शकुन्तला ॥
तर कल्कलाउँछ माधुरी ।
जल विन्दुका झलका परी ॥

(५)

दृग झुक्दथे सखिका अघि ।
रसिलो लिई डर आँसुमा ॥
जब भूपका यश वर्णन ।
सखि गर्दथे खुद सामुमा ॥

(६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मितभाषिणी वनवासिनी ।
अति शोच्दछिन् मनमा कुरा ॥
तर ओठ बन्द सँधै थिए ।
लजिली हुँदा वन-आँकुरा ॥

(७)

अलि म्लान छन मृदु ओठमा ।
रँग बैंसका वनपल्लवी ॥
अलि वैलिंदी कलिकोमला ।
छ मुहारको मधुरो छवि ॥

(८)

अलि व्योममा रँग मेघको !
तिर दृष्टि दीकन एकली ॥
दुइ ओठमा मृदु अङ्गुली ।
दिन खोज्दछिन् दुख झैं फुली ॥

(९)

बहिरी हुने अलि प्रश्नमा ।
अलि चित्त दूर उडेसरि ॥
अलि तारकामनि बस्नकी !
हृदयेच्छु छन् वनबीचमा ॥

(१०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋतुराजका विषयी कुरा ।
वनमंजरीसँग गर्दछिन् ॥
मनले त्यसै अखुलस्त ती ।
सखि सामुमा गह भर्दछिन् ॥

(११)

"सखि छन् कहाँ ऋतुराज ती ।
विरही बन्यौ किन मालती ?
जल हप्किदी अलि दीन छौ ।
दिल नै दुखेसरि हीन छौ ॥

(१२)

"कुन ती दिशा मलयाऽनिल ।
सब फूलको घरमा गयो ?
कुन ठाँउमा वन शोभन ।
अब छन् विराजित ती भन ?

(१३)

"न त जल्छ जो मनको मन ।
नबताइने विरहाऽनल ॥
अब कालले भइ शीतल ।
तनुसाथ निभ्छ यसै तल ॥"

(१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"सखि के गरी कुन मोहनी ।
पुरुषाकृति प्रभुतामनि ॥
तल झर्दछिन् वनकामिनी–
कन पुष्पदार शिखा बनी ॥

(१५)

न त विर्सिने नित संझिने ।
मनमा हुने मृदु भाव त्यो ॥
अरु काममा किन विस्मृति ।
दिन लिन्छ सुन्दर जागृति ॥
तरुको नजीक बनूँ बनूँ ।
सरि मुन्द्रिने लिन यो मति ॥

(१६)

कुन भाव यो नव रंगको ।
ऋतुराजको वन स्वागती ॥
किन मंजरीहरु छन् नव ।
अधरेच्छुता दिलको सब ? ॥

(१७)

गहमा भुलाउन शीतल ।
जलविन्दुको गहना किन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यति सौखको सुकुमारिता ।
दिल ट्पिंकिदा सुख यो किन ?

(१८)

"खगका कथाहरु नै सुनूँ ।
पिकको मिठो रवमा मिलूँ-
सरि कोपिले रँग रंगिदो ।
कुन भाव यो मृदु भंगिदो ?

अरुको अगाडि झसंग भै ।
सपना बनेर तरंगिदो ॥
मुख झल्किदो वन व्योममा ।
दिननाथको मधुराऽकृति ॥

मुटु न्यानु भैं, मुसकाउने ।
कुन भाव यी मृदु आउने ?
रसिली बनेर सिंगारमा ।
खदिलाँउ झैं दृग सामुमा ॥

पछि लागुँ भैं अलि क्यै उडी ।
दिलमा रची वनपत्रका ॥
नव पंख चारु विचित्रका ।
कुन भाव यी "म उचालिऊँ ॥

उर उप्सिएर" भने सरि ?
सुख मान्नु घामनजीकमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुन भावना, नव वासना ?
कुन हुन् सखे ! मृदु कामना ॥
कुन नामको वनको कुना-
तिर गर्नु लौन, उपासना ?"

(१९)

कलिली तिनी विरही बनी ।
अलि शोचदछिन मृदु प्रश्न ली ॥
सखि बल्लरी वनमा फुली ।
मृदु हाँस्दथे कलि खिलिखली ॥
रँग लाजका मुखमा बली ।
अधरेच्छु भै न खुली कुरा ॥
उनबाट दिव्य रहस्य ली ।

(२०)

तर देख्दछिन् जब अलमली ।
अलि कोपिले मनमा जली ॥
सबमा शराप तिनी पनि ।
मृदु ढंगका मनले दिंदी ॥
यति भन्दथिन "रवि आँउदा ।
सब आँशुदार बने रुँदा ॥"
तब बन्दथे सब छुन्मुना ।
पवनेच्छु ती कलि औ मुना ॥

(२१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर बुझ्दथिन् कि प्रियम्वदा ।
कि त चाह्ले मधुरास्पदा ॥
सखिभावना मनमंजरी ।
ऋतुराजको महिमा भरी ॥

(२२)

"किन बस्दथिन् सखि एकली ।
मरुपुष्प झैं खिइँदी फुली ॥
मृदु वासना नव बैंसको ।
विरही शिखा बनिगै जली ।"
दुइ भन्दथे सखि चिन्तिता ।
अनसूयिनी र प्रियम्वदा ॥

(२३)

"किन बस्दथिन् सखि एकली ।
मितभाषिणी निहुरी भली ?
लमकोस ती रसिला कुना ।
पनि छन् लुकाउन क्यै छली ॥
प्रभु कृष्णलाइ प्रसूनले ।
क्षण मौनबीच शिंगार्दछिन् ॥
अनि यो लता सपना हुँदो ।
गहले भुलेर निहार्दछिन् ॥

(२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शरमाउँदी नभनी कुरा ।
मुख-रंग चट्ट सपार्दछिन् ॥
कृशता बढी अलि म्लान भै ।
अधरै सुकेर बिगार्दछिन् ॥
मृदु बोटका कुसुमोज्ज्वल ।
सखि मुग्ध छन् अब निश्चित ॥
पृथिवीपतिमहिमासित ।"

(२५)

यति बातले दुइ मुस्मुसे ।
रँहदा भए अलि खुस्खुसे ॥
जब सूर्य लाल भई घुसे ।
जलगेहमा पर झल्मल ॥

(२६)

त्यस रातमा न त नींदले ।
पनि छोइँदी वनमंजरी ॥
सपनाहरू बिउँझैं रची
–कन शोच्दथिन् मनमा परी ॥
कुन भाव यो मधुराऽकरी ?

(२७)

"कसरी उनीकन भित्रका ।
मृदु भाव रंग विचित्रका ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुन ढंगबाट बुझाउनु ?
न बुझे कहाँ सुख पाउनु ॥
अब के गरी कुन युक्तिले ।
नजिकै बनी यशदारको ॥
दिनु सूक्ष्म यो दिलको निको ।
नत बोलिने नत रंगिने ॥
न त चालमा मृदु भंगिने ।
कुन चित्रमा मन रंगिने ?"

(२८)

" किन लाग्छ रूँ गहमा यसै ?
किन चित्त विह्वल भो त्यसै ?
किन हेरुँ हेरुँ भयो सदा ?
किन खोजुँ खोजुँ जताततता ?

(२९)

मधुसंचयीकन शानले ।
कुसुमी परीहरू डाक्दछन् ॥
नव चाल चारु शिंगारदै ।
जब कोयली रस लाग्दछन् ॥
तब के त्यसै गरि शानमा ।
मृदु भाव यो छ भुलाइने ?

(३०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जसरी लताहरु डाँक्दछन् ।
मलयप्रवात वसन्तमा ॥
मनको कुरा मृदु अंगले ।
त्यसरी कि बन्छ सुभाषित ?
कि त पुष्पतुल्य सुवासित ? ”

(३१)

यति शोच्दथिन् मनमा तिनी ।
“किन चारु ती नखरा गरी ॥
अलि नक्कली हुन सुन्दरी ।
मृदु हाँस्दथिन् चपलासरि ?”

(३२)

बहुतै तरंग अरूहरू ।
मनमा भए लहराउँदा ॥
घनसुन्दरीकन वासना ।
मलयानिलैसित आउँदा ॥

(३३)

अनि नींद रङ्गहरूसँग ।
मिसिई झरी वनजूनमा ॥
अमृतांशुका कर झैं लघु ।
ऋतुराजका मृदु पातमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तरुणी सुतिन् कुसुमायिता ।
सपना खुली छविसंयुता ॥
वन पस्दथे सपना कता ।
मृदु कुंजमा कुसुमी कता ॥

(३४)

यमुनाविचुंबित तीरमा ।
अमृतांशुले सुषमायुत ॥
तरुशाखिनी वन-बल्लरी ।
दुइ डोरमा तल झर्दथी ॥

तल पींग बन्न बटारिंदी ।
मुरली मनोहर विंतिमा ॥
रज झर्दथ्यो सब वर्वर ।
तरु गर्दथे अरु मर्मर ॥

दल गर्दथे सब सर्सर ।
वनश्वासमा मृदु हर्हर ॥
मृदु चंचुका स्वर चिर्विर ।
वन भर्दथे मुरली स्वर ॥

छवि छिर्विरे तरुफेदमा ।
वनबल्लरीतिर देख्दछिन् ॥
प्रभु कृष्णको मुसकानमा ।
मुरली मनोहरको छटा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिखिपुच्छ चारु शिंगारका ।
धन वास झैं कनकोज्ज्वल ॥
बिजुली चमक्क सुलोचन ।
स्वर भर्दथे मुरलीभरी ॥

(३५)

तरु फुल्दछन् वनमंजरी-
हरु झुल्दछन् खग बोल्दछन् ॥
यमुना मुनाहरु छालका ।
मृदु बोलमा मुजुराउँथिन् ॥

(३६)

तब सामु गैकन सोद्धछिन् ।
प्रभुमा तिनी सपनातिरै ॥
"प्रभु प्रेमको कुन भाव हो ? ।
कुन दिव्य चारु प्रभाव हो ?"

(३७)

प्रभु भन्दछन् "सुन सुन्दरी ।
ध्वनि जो बन्यो मुरलीभरी ॥
दुइमा हुने मृदु एकता ।
वनबेलिका दिल झैं सटी ॥
सित सत्यको रँगमा फुटी ।
रँग मिल्नको तृषिता द्युति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[२३२]

जग-बागमा रसराजको ।
गति गानमा प्रकटाकृति ॥

जुन जुन्किरीहरु बाल्दछन् ।
तमबीचमा दिलका प्रति ॥
जलपूर्णको तल ढल्किने ।
अनि झल्किने रसिलो गति ॥

सब फूलको सुरबागको ।
छवि संझिने किरणोच्छुता ॥
सब सिर्जनाभर झल्किने ।
जल विन्दुको गहिरो पता ॥

सब प्रेम हो, बुझ सुन्दरी,
ध्वनिमा छ जो मुरली भरी " ॥
यति बातले अलि जिल्ल ती ।
अरु प्रश्न गर्न बिचार्दथिन् ॥

तब झट् झल्याँस्स बनी उठिन् ।
जब मिर्मिरे नभ भो अलि ॥
अब प्रातले वनपातमा ।
मधुर प्रवात उठाउँछ ॥

रवि दूर भै छवि मिर्मिरे ।
'दिन' सूचना दिन आउँछ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मधु शीतको लहरीसरि ।
तुहिनप्रभावित झिर्मिरी ॥
बिउँझी हवा अचली चली ।
गति मन्द ली लहराउँछ ॥

अलि सिर्सिरी हलुका गरी ।
मृदु मंजरी उ रसाउँछ ॥
अनि झिर्मिरेपनको टुना ।
सपना किनार सुहाउँछ ॥

पहिला चरा वन-नीडमा ।
सपनापुछार कराउँछ ॥

क्षितिज प्रभापट पूर्वको ।
नव आशतुल्य रङ्गाउँछ ॥
कुइरो बनी कण शीतको ।
तल टप्किँदै फुल लाउँछ ॥

अब कृष्णता पछि रूपले ।
रँग राग धेर समाउँछ ॥
मृदु तारका नभ-नीलिमा ।
मधुरो गरी मुसकाउँछ ॥

अलि सर्सरे वनका मुना ।
पहिलो प्रभा झलकाउँछ ॥
पशु शस्यमा अलसी छिटा ।
हुन आँग पर्शन आउँछ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सपना पनी हँसिला बनी ।
बिपनातिरै सरिआउँछ ॥
विचरो उठी नबुझी कुरा ।
अधआँख चारु कराउँछ ॥

अनि फूल आधि उठी कुनै ।
मुख मोहडा फरकाउँछ ॥
उडु चम्किने निशि चम्चम !
दृग बन्द हुन्छ, निदाउँछ ॥

रविरश्मिको पहिलो छटा-
सित भै पहाड खुलाउँछ ॥
यति ब्यूँझिदो र किसानले ।
हरिनामले सुख पाउँछ ॥

गनगन्न भै तब बज्दछन् ।
जलतीरमा सुन-मन्दिर ॥

(३६)

झरिंदै छटा अब शून्यमा ।
दिन जन्म-उत्सव पाउँछ ॥
यस कालमा मृगको शिशु ।
वनबल्लरीनिर आउँछ ॥

शिर मिर्गको मसिनो टुसे ।
र उचालिंदी रँगको गला ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अति स्नेहले करले छुँदी ।
तब भन्दछिन् वनकोपिला ॥

(४०)

" सपनाविषे वनमा पुगी–
कन नींदमा मन-चक्षुले ॥
शिखिपुच्छ भूषणसुन्दर ।
मुरली मिठा प्रभुजी मिले ॥

तब एक शब्द त्यहाँ शिकें । `
जुन संझिदा बिपना गले ॥
सपनासमान सुकोमल ।
मृदु 'प्रेम' नाम छ कोपिले ॥

वनबाल हे ! तँ प्रबालका ।
मृदु मंजरीहरु पारखी ॥
अब झन् बुझे यस शब्दमा ।
कति जादु यी हँसिला बले ?

तँ पनी बुझी यस भावको ।
नव जादुको मृदु चाखले ॥
कति 'रूँ' र मुस्मुस मुस्किऊँ ।
हुन गै यहाँ लहरा फुले ॥

न बताउँछन् जनले यहाँ ।
मनमा त्यसै सपना हुने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मृदु शब्द यो प्रभु ओठको ।
 छ अभाषिताऽशय छाउने ॥
यस शब्दले तर एकलो ।
 जग क्या भयो छविमा खुला !!"
यति शब्दले मृग शावमा ।
 उपदेशसाथ शकुन्तला ॥
प्रकृतिप्रभा अब भै खुला ।
 त्यसलाइ हेर्न भनीकन ॥
हलुका लिई कुसुमी गति ।
 अब निस्किइन् वनमालती ॥

(४१)

छवि मिर्मिरे अब रंगियो ।
 पट पूर्वको गरि छिर्बिरे ॥
रँग उर्लियो सुन लालिमा ।
 चिडिया बने अति चिर्बिरे ॥
रविका प्रजा पशु ब्यूँझिए ।
 खग खोज्दछन् रँगिदा घन ॥
पर देखियो मुख दिव्यको ।
 चिर प्यासको हँसिलोपन ॥
मुख एकले जगतै खुली ।
 सृजनै फुली मनमोहन ॥

(४२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब स्वर्ण यो अरुणप्रभा ।
अघि सर्र रंग फिंजारिंदो ।
सुन धप्कियो सुरदेशको ।
छवि लच्कियो हिउँमा छुँदो ॥

रवि गोलिए र छिचोलिए ।
घन रंगले मृदु ढंगले ॥
सुन देशमा सपना टिपी–
कन गाउँदो छ विहंगले ॥

सब चित्रियो सुख स्वर्गको ।
सुरको सुराहि झझल्कियो ॥
रँग बल्कियो खग पल्कियो ।
हिउँ टल्कियो सुन झल्कियो ॥

रँगको घडा सुरव्योममा ।
छविदार झल्ल छचल्कियो ॥
कति पोखियो जल रंगमा ।
कति छिर्रविर्र र छर्र भो ॥

हिमठाकुराहरु पार्श्वका ।
अब लाल छन् ललितप्रभ ॥
अलि जिस्किदो वनवायुले ।
फुल ब्यूँझिए रँगका सफा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मधुराऽकृति प्रकटीकृता ।
अति स्पष्ट भो वनशैलमा ॥

अब स्फुलिकए जलका कणा ।
मधुमालती मृदु पत्रमा ॥

अब दृश्य चित्र विभिन्नता–
सँग रेखियो लिइ स्पष्टता ॥
रविबिम्बको तनुरेखिता ।
अलि धप्किंदो सुनको फिता ॥

घन टुक्रिंदा मृदु खंड ली ।
रँग पाउँछन् हँसिला यता ॥
छवि छिर्दछे जल सूतमा
कण बाफका रँगिए उता ॥

मृदु सर्सरे नखरी बने ।
पुलक प्रशस्त नयाँ मुना ॥
सपनासरी सब प्रेमको ।
अब देखियो सब सिर्जना ॥

रँग बद्लिंदो छ मिही जहाँ ।
पतला बनेर विचित्रमा ॥
अलि शुभ्रतातिर ढल्किंदो ।
अलि चर्किंदो घनपत्रमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तब भन्दछिन् वनकी सुता ।
मृदुभाषिणी मृगमा यता ॥
"अब देख्दछस् सपना अहा!
कुन शब्दको छ यहाँ पता ?

कुन शब्दले दिन यो खुल्यो ?
कुन शब्दका रँग रेखिए ?
मुखदिव्यकोसरि तिर्सना ।
यस शब्दको मुटु के बता ?"

(४४)

यति भै सबेर चरासँग ।
वनधोविनी स्वरले उठी ॥
अब आउँछन् सखि तीन ती ।
उनलाइ भेट्न भनी त्यहाँ ॥

(४५)

"छ त रात यो मन खलबले ।
छ तरंगको छवि झलमले ॥
पलका हुँदा गऱ्हुँका पद ।
उरमा हुने अलि आपद ॥

पर मालिनी जलवेलिमा ।
लहरा सुनौलिइ टलपली ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कल कल्कली मधुराऽवलि ।
स्वर छाल भो पर छल्वली ॥

सपना फुल्यो अब व्योममा ।
विपना फुल्यो वनरोममा ॥

अब शीत झल्झल झल्किए ।
कणादार भैं कुसुमोपरि ॥

अब स्वर्गको दरबारको ।
नमुना खुल्यो नयनाग्र भैं ॥

अलि बेर ती मृदु मूक छन् ।
पदले छुँदी जलको सिंढी ॥

मुख पूर्वकी नभ शंसिनी ।
मृदु चित्रतुल्य खडा बनी ॥

शिशु मिर्गको सहभावको ।
लिइ पार्श्वमा वनमोहिनी ॥

सुरदेशका रँग हेर्दछिन् ।
नव रोजको नव चित्रमा ॥

अझ नै तिमी मृदु नींदमा ।
निशिको पुकार सुशीतल ॥

मनमा लिने नखुले भला ।
मृदु प्रेमका सपना रची ॥

अझ मस्त छौ अलि सुस्तिई ।"
भनि भन्दथे मनमा म ता ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर सूर्यको मुख झल्किंदै ।
कति शीघ्र छौ विउँझी यता ॥ "

(४६)

यति बात भो सखि चारुले ।
सखिको लिई मृदु बाहुली ॥
तल चल्दछिन् मृदु शानले ।
अनि सोद्धछिन् " तल आउली ?
जब पूर्वका रविको यश ।
सपना हुँदो छ दिशा दश ॥

(४७)

नखरे बनी अघि सर्दछिन् ।
"भन आज सत्य शकुन्तला ॥
सपना कुनै मनकी मिटी ।
छ प्रकाशिता नभ-मंजुला ? "
म टुनाहरू पनि जान्दछु ।
यस रातमा बिउँझै बसी ॥
'सपना कुनै प्रिय मारको ।'
म पठाउँथे मनमा खुशी ॥
पुरुष प्रतापमुहारको ।
सपना मिल्यो कि कुनै घुसी ! "

(४८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुन आलि एक कुरा, कतै ।
पहिली कुनै वनकोइली ॥
कुन हो भनीकन एकली ।
अलि कुंजदथी मृदु प्रश्नले ॥

(४९)

" किन लाजसाथ निरुत्तर ।
यसरी बन्यौ भन, उत्तर ॥
तर बोल्दिनौ कपटी भला !
भन साफ लौ न शकुन्तला ॥ "

(५०)

तर लाजले अब खुंचिंदी ।
दृगकी उता अब छुन् तिनी ॥
पिकबोलले दिल खोल्नमा ।
निठुरी दिंदी वनकामिनी ॥

(५१)

अब ती चले वनमार्गमा ।
जलतीरतर्फ नुहाउन ॥
मधुभाषिणी वनकी चरा–
हरु तीन ताप डुबाउन ॥

(५२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सब मार्गमा पद सुस्तरी ।
हलुका गरीकन चाल्दछन् ॥
तर मूक छन् मृदुकुन्तला ।
दिल रंगिदी वनकोपिला ॥
अरु बोल्दछन् वनका चरा ।
जब प्रात शुभ्र बनी धरा ॥
रँगदार झलमल शीत छ ।

(५३)

अलि बेलिंदी वननागिनी ।
जलचंचला गिरिनिम्नगा ॥
सब रौप्य छन् हिउँ रोगन ।
अति छलबले छविमा खुला ॥
लहराउँदी र छचल्किंदी ।
जल झल्किने धवलीकृता ॥

(५४)

तर बानिले नडराउने ।
वनको सुताहरू वल्कल ॥
तटमा धरेर चले तल ।

(५५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कसरी बताउनु पत्रमा ।
नलिई मिही बुरुसै कुनै ॥
कुन रंग मिश्रण पाउनु ?
बरु श्रेय हो नबताउनै ॥

(५६)

तर रूपमा कुसुमोपमा ।
रसदिव्यसुन्दर मोहनी ॥
प्रभुकै हुँदा म यहाँ छुँदा ।
नबनूँ कतै धमिलो पनि ॥

(५७)

जुन सत्य हो मन-मोहन ।
तल मोहनीसरि झर्दछ ॥
अनि लेखनीबिच प्राकृत ।
रँग-रूपमा सब पर्दछ ॥

(५८)

अलि लाम्चिलोपन गोलिंदो ।
कलिलो हुने रँग रेखन ॥
कमलै फुलेसरि कोमल ।
मुखरूप मानवमा थियो ॥
न कपोल छन् अति गोल ती ।
लघु पुष्टता अनमोल ती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यति मासु भै मृदु हाडमा ।
जतिले कडापन ढाक्दछ ॥
तल लच्किएर झिनी बनी ।
सुकुमारिता छ छुँदी कटी ॥

(५९)

अलि टिङ्गरेपन चारुमा ।
अलि पातली र हलक छन् ॥
र प्रियम्वदा अलि होचि भै ।
तर अंग पुष्ट सलक छन् ॥
दुइ छाडि ती तर रोजिने ।
उनिचाँहि चट्ट सलक्क छन् ॥

(६०)

अलि शीतलो जल झल्किने ।
हिमबिन्दु झैं किरणांचल ॥
छरिती बनीकन छालको ।
छतछुल्लमा तब उठ्दछिन् ॥
त्वरितोत्थिता अरुणीकृता ।
मृदुकेशकी जलझल्मले ॥
मुसकाउँछिन् अनि कम्पिता ।
मृदु मोतिका छरिंदा लडी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुइ हातले जल केशको ।
अब 'चारु' चारु निचोर्दछिन् ॥
अनि केश चट्ट बहाउँदी ।
तटको सहाय दगुर्दछिन् ॥

(६१)

तटमा खडा जलनागनी-
सरि तीन ती मृदु पत्रले ॥
मृदुलाङ्गका जलका कणा-
हरु पुछ्दछन् सखि प्रेमले ।
अनि धामको कलिलोपना-
कन गालि कोमल दीकन ॥
सुरसुन्दरी सब चोर्दछन् ।
सखिकेशका जल लुर्कन ॥
तब लाउँछन् अलि खैरिदो ।
पतला सफा वनवल्कल ॥
मृदु लाजका गठिला शिखा ।
दुइ छोप्न छन् कति खिलिखिला ॥

(६२)

सब फूलका रँग चुन्दछन् ।
मृदु वाइली वनवैसका ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सब नामका सब ढंगका।
वन बागका स्मृतिसिर्जना॥

(६३)

"भन बिन्ति लौन शकुन्तला।
कुन रंगमा अलि प्यार छ?
हिमपाटला सब फूलकी।
महिषी बनी सुकुमार छ॥

वनतारका हुन खोज्दछ्यौ?
कि तिमी हुने हिमपाटला!
भन बिन्ति सुन्न म मर्दछु।
निठुरी तिमी नहुने खुला"

यति बातसाथ प्रियम्वदा।
तब भन्दछिन् रतिका कथा॥

(६४)

"वन बस्दथिन् किन अप्सरा।
दुहिता यिनी सुरदेशकी॥
नवबैंसकी सुकुमारिता।
अलकापुरी सुख पेशकी?"

सुरसौखमा सब राज्दछिन्।
किन बस्दथिन् वनमा भुली?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मृदु रेशमी रँग रंगिला ।
वसनोज्वला सब झलमली ॥
धन बाँड्दछिन् धनबाहुली ।
महिषी बनी यसले बली ॥
गजमा झुली डुलि नन्दन ।
अब छन हुने कति झलमली ॥
तर हामिलाइ सुसारमा ।
वगले विनीत बनाउलिन् ॥
सुनमा जडीकन हीरक ।
जल ओठलाइ पिलाउलिन् ॥
अनि शानमा नृपसिंहको ।
यश याललाई झुलाउँलिन् ॥
अनि बातमा नित लोकको ।
सब कम्प हेर्न खुलाउलिन् ॥

(६५)

तर गौतमी ,अति चाउरी ।
छ चुनाउ जो मुखमंडल ॥
जब देखिइन् अनि यी कुरा ।
सब चूप भै दिलमैं पसे ॥
सखि चंचला डरले यसो ।
घरमा सँभालिउँ झैं पसे ॥

(६६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पन्ध्र सर्ग

विधुका कुलका शिरोमणि ।
नृप छन् फेरि प्रभा समुज्ज्वला ॥
सब तर्फ छ व्योमका मनि ।
तिमिरै नाशिदिने महाकला ॥

(१)

अब हेर उनै विषादले ।
अति निस्तेज बनी पला पला ॥
मुखको छवि त्यो कहीं मिले ।
"कति हुन्थ्यो सुख" भन्दछन् त्यहाँ ॥

(२)

जुन हात उदारतासँग ।
धन दिन्थ्यो सबमा यथेष्ट नै ॥
छिन दान शिपालु बाहुली !
अब माग्दो छ उही निरन्तर ॥

(३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जब चन्द्र, सुचारु तारका ।
नभमा हास्य गरेर सुन्दर ॥
मृदु चंचम ज्योति छर्दछन् ।
छवि माग्छन् नृपका दुवै कर ॥

(४)

जसनिति वसुन्धरा सब ।
पतिको मान दिई शिंगारिने ॥
उसनिंति छ शून्य नै सब ।
नहुँदा आज शकुन्तला त्यहाँ ॥

(५)

जसको विजयी छटा थियो ।
अब आँखा जलले भिजाउँछन् ॥
उरका सबका महारवि ।
अब ती बादल झैं रसाउँछन् ॥

(६)

महलै पनि बिर्सिईकन ।
घर छोडेर विलास औ धन ॥
तपका वनमा बसी तिनी ।
अब भज्छन् विरहानलाऽऽतप ॥

(७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृथिवीभरका अधीश्वर।
जसका द्वार महेन्द्र आउँथे ॥
अब ती वनबीच एकला।
दिन नै याचक झैं बिताउँथे ॥
सपनासरि द्रव्य सुन्दर।
अब मागी वनकी शकुन्तला ॥

(८)

कि त लाख रहेछ माधुरी ?
वनकी ती दुहिताभरी त्यहाँ !
सपयोधि सशस्य मेदिनी-
कन त्यागी किन हिड्दथे तिनी ?

(९)

सब प्यास हटाउने नृप।
जनका स्वर्गसमान भूमिमा ॥
अब प्यास लिई नमेटिने।
किन दुःखी वनमा गई बने ?

(१०)

विधुको महिमा मनोहर-
कन देखेर चकोर टोल्हिई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुन लिन्छ अनंतको तृषा ।
हिउँका ज्योति झरेर पोलिई ?

(११)

अति सुन्दरका मुहारमा ।
कुन टूना किन ईशले दिए ?
किन आँशु बनी मनोहर ।
दुइ धारा सब जिन्दगी गए ?

(१२)

कुन स्वर्ग छ रम्य रूपमा ?
मुखरेखा किन हुन्छ अङ्कित ?
पटमा मुटुको निरन्तर ।
रँग बढ्दै रसिलो तृषासित ॥

(१३)

प्रभु मोहनबाट मोहनी ॥
मुटुमा बन्दछ धूप दीप झैं ॥
प्रभु खोजिलिंदो जगत् सब ।
त्यसमैं जीवनसार पाँउछ ।।

(१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन-मोहन पूर्ण चारुता ।
मृदुरेखा मुखकी बनीकन ॥
मुटुमा दिन दिव्य चुम्बन ।
कति टूनासरि छोप्दछे मन ॥

(१५)

विरहै पनि जिन्दगीकन ।
छ अनौठा सुखरूप व्यंजन ॥
जिउनै छ अतृप्त वांछना ।
सब खोज्छौं विधिको कला यही ॥

(१६)

अनि सुन्दरमा त सत्य नै ।
नलिई दाग विरोधका कुनै ॥
झललल्ल झझल्किएसरि ।
हुन गै चित् गहिरो रसाउँछ ॥

(१७)

दिलको कलिलो सुकेन्द्रमा ।
छवि झल्कीकन फूल जन्मिए ॥
वनका सपनाहरू-सरि ।
अनि रोएर सुगन्ध जन्मिए ॥

(१८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रुन आउँदछौं यहाँ सब।
पृथिवीमा रुनकै विलास ली॥
अनिवार्य अतृप्त कामना–
हरूका नाद अतृप्त आश ली॥

(१९)

कुन चीज नपुग्दथ्यो अब।
सब संसार अहो! मनाउँथ्यो॥
जगतै वन भै तिनी तर।
अब कुन् दास भजेर सुन्दर॥

(२०)

"कुन ठाउँ तिमी शकुन्तला।
मुखले पुष्पहरू फुलाउँछयौ?
अनि आँशु शिंगार पार्दछयौ।
स्मृतिको दिव्य सुगन्ध दीकन!

(२१)

वनकी दुहिता तिमी बनी।
बनका पत्रहरू हरासँग॥
छल गर्न सिकी प्रसून झैं।
निकटै कुँजविषे हराउँछयौ॥

(२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिजुलीसरि सल्किने क्षण-
भर नै फेरि बिलाउँदी त्यसै ॥
विरहानलबीच बादल ।
जलको जीवन झैं बनाउँछ्यौ ॥

(२३)

यदि आँशु कणा भए सब ।
छवि ताराहरूको झिलीमिली ॥
नभनिंति शिंगार पार्दथें ।
तिमिराच्छन्न वियोग नैशमा ॥

(२४)

तब यो गति यो वियोगको ।
दुइ आँखा अघि झलमलाउँथे ॥
निशिमा परबाट भावना-
हरु सेना स्मृति तुल्य आउँथे ॥

(२५)

कुन रुन्छ भनी कतातिर ।
गह तिम्रा पनि क्यैं रसाउँथे ॥
सब रातविषे सुधांशुको ।
मुख जस्ती अलि क्यै चिहाउँथ्यौ ॥

(२६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर दूर तिमी कता कता ॥
नजिकै भैकन हाय ! बेपता ॥
जलजीवन हुन्छु हा ! मता ।
विरहैबीच बनेर बेपता ॥
तर आँशु अनेक झल्किदा ।
दिलले पाउँछ आफ्नु क्यै पता ॥

(२७)

कसरी अति कोमलाङ्गिनी ।
विधुकी खंडसमान जन्मियौ ॥
सब दिव्य सुधा बनीकन ।
छवि छाई भुवनाभिमोहन ॥

(२८)

जसरी तटमा बसी कुनै ।
सब देख्छन् विधु नै कणा कणा ॥
सब सैकतका भरी भरी ।
गहमा आँशु लिई चकोरले ॥
म छु हेर ! उसै गरी सदा ।
वनको छेउ हरा पयोधिमा ॥
कुसुमादिहरू सबै तिमी-
सरि देख्ने विधु झैं शकुन्तला ॥

(२९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सपनासरि चट्ट झल्किई ।
रसवाली मनको मुहारमा ॥
अब हाय ! कता रह्यौ तिमी ।
म तृषानिति वियोगभारमा ॥

(३०)

क्षण नै गन्हुका बनी गए ।
अतिढीला नरमाइला पला ॥
कति सुस्त विषाद हिंड्दछ ।
समयै बन्दछ क्रूर लङ्गडो ॥

(३१)

दिलले दिलसाथ पोख्नको ।
रहरैमा जलभित्रभित्रको ॥
वन हेर ! भिजाउँदै थप्यो ।
नव शृङ्गार प्रसूनपत्रमा ॥

(३२)

रसिलो कलिलो प्रभामुखी ।
हँसिलो वन्य कलि प्रवातमा ॥
खँदिलो सपना सुशिल्पित ।
विधुकी खण्ड लुक्यौ कहाँ कहाँ ?

(३३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विधुको सब सारले बनी ।
हिउँ पग्लेसरि पग्लियौ कतै ?
वनमा कि प्रसूनका कुनै ।
मुटुमा चारु सुगन्ध नै बन्यौ ?

(३४)

म फिंजाउँछु वाञ्छनाहरू ।
वनमा छर्दछु बीज झैं नयाँ ॥
कुसुमाऽधरले तिनीहरू ।
सब फैली मनका कुरा भनून् ॥

(३५)

मृदु चुंबक बैंसकी नयाँ ।
कलिला पातहरू फुकाउँदी ॥
गठिली, रस चन्द्रको लिंदी,
कलि राम्री कुन ठाउँमा लुक्यौ !

(३६)

तडपिन्छ भनी " तिमी तिमी "
मुटु यो धड्कनले प्रतिक्षण ॥
विरहानल दिन्छ उष्णता ।
जल होस् शुष्क त ज्यून के पता ॥

(३७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नभमा जति तारका परी।
वनलीलाकन छन् शिंगार झैं॥
सब स्वर्गजुहार झैं हुँदा।
पनि तिम्रो महिमा छ चन्द्रिका॥

(३८)

मनलाइ रुलाउने तिमी-
कन यादै नभई फुलाइ छ॥
वनवायुहरू झुलाउँछन्।
तर आँखा रसिलो मलाइ छ॥

(३९)

यति आँशु झरे मनोहर।
दृग मुक्तालव झैं बराबरी॥
क्षणलाइ शिंगार सुन्दर।
दिनु जस्तो रुनु भो सुखै तर॥

(४०)

जुन भाव म प्रेम भन्दछु।
उसको निंति छ स्वर्ग झलमल॥
न त आँशुसमान तारका।
किन बन्थे कण झैं सफा जल॥

(४१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गति थोर विषादले भरी।
अनि जप्दै सनभिन्न माधुरी ॥
हनु सुन्दरता हुँदा यहाँ।
सुर ओर्ले तल प्रेमले भरी ॥

(४२)

कि त आह अनेक, कामना-
हरू झीना जनले नदेखिने ॥
म प्रवात बनाउँ सुन्दरी !
तब छुन्थ्यौ कि तिमी वरीपरी ॥

(४३)

मृदु विस्मृति नै विचार नै।
नगरी क्रूर कुटी बनाउँछ्यौ ॥
भृकुटी दुइले म घायल।
क्षणलाई महिमा सुनाउँदै ॥
खबरै नमिलेर घुस्दछु।
वनमा कंटकले बिझी रुँदै ॥

(४४)

जगतीर अगाडि बस्दछ्यौ।
दिनको स्वर्गप्रभातमा तिमी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कति आशचरा उडाउँदी ।
सुन झैं प्रेम दगार्द्र कालमा ॥

(४५)

तर प्रेम सुगन्ध झैं मिही ।
बहुतै पत्र लिएर छोपिंदो ॥
तहमा कलिला फुकी फुकी ।
छ खुला बन्न असंभवै हुँदो ॥

(४६)

भवँरा म बनेर आँउथें ।
यदि यो देह म पाउँ बदुलिन ॥
दुइ कानविषे सुनाउँथे ।
मधुरो प्रेम, प्रशस्त भुन्भुन ॥

(४७)

असको अघि मर्नु स्वर्ग छ ।
"म छु प्रेमी" सब कल्पको भनी ॥
उनलाइ न प्रेम याद छ ।
जगतैको जुन प्रेमको धनी ॥

(४८)

घनबादलबाट पुष्पको ।
मृदु शोभा बिजुली बने तिमी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झलल्ल खुली मरुस्थल ।
म बनी चातक पूँद्थें सुधा ॥

(४९)

सपनाहरुमा मिहीसँग ।
यदि यो भाव घुसे दिई रँग ॥
बिउँझी विरही दुखीकन ।
अलि दिन्थ्यौ स्मृतिको फिका धन!

(५०)

अलिगुंजनसाथ प्रेमको ।
लिन टूनाहरूको कुनै सही: ॥
अलि त्यो शिरको हिलाइले ।
कुसुमी ढंग लिंदी मनोहर ॥
महदार मुहारकी तिमी ।
यदि बोली नबनी सही सरी ॥

(५१)

मुसकान लिएर मोहनै ।
मुखले "हुन्छ बुझें" भनीकन ॥
म हजार बसन्तको रस ।
लिन बन्थें सुखले मदालस ॥

(५२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर यादविना मनोहर ।
निठुरी रूपसमान छौ तिमी ॥
वनकी सुषमा, महाधन ।
म गरीबैजन नै छु यो दिन ॥

(५३)

यस्तै रोदन ली मनैमन कहाँ बोली फुटाईकन ।
गर्दा पुष्प र पत्रदार वनमा प्रेमाभिसंबोधन ॥
खोजींका दिल ती अनेक क्षणका रंगीन भावादिले ।
यौटै चित्र शिंगार्दथें हृदयको त्यो दिव्य शाकुन्तल ॥

(५४)

तृष्णा दर्शनको बनेर घन झैं सान्निध्यकी चन्द्रिका-
लाई छोप्न तयार भै जलभरी बन्दी थिई बाफ झैं ॥
जो ज्योत्स्ना-निहिता थिइन् स्मृतिपरी खुल्दी तिनैको छवि ।
मानो बादलखंड झैं हुन गयो दुःखार्त उल्लासले ॥

(५५)

जो आए वनमा कुरंगहरुका तेजी शिकारी बनी ।
ती आफैं अब छन् शिकार वनमा राम्री कुरंगीतिर ॥
निस्तेजी गहिरो विषाद मनमा काँढाहरूले बिभ्यो ।
आगो जल्न तयार हुन्छ मनमा वर्षेर ती बच्दछन् ॥

(५६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानो त्यो स्मृति बन्छ बादलविषे छीटो बिजूलीसरि ।
झिल्‌ झिल्‌ पर्दछ व्योममा हृदयको पार्दै अँध्यारोपछि ॥
बल्दा विश्व झलल्ल बन्छ सुरुमा धप्केर अल्प क्षण
निस्दा "छैन" भनी "समीप" मनमा गाढा भई शून्यता ॥

(५७)

धेरै आँशु बफाउँदा जल बने स्वर्ण प्रभातअघि ।
लाए शीत शिंगार पुष्पहरुले झर्दा पखेटा हिली ॥
प्रेमै दिव्य सुवर्ण मेघसरि भो काँही धपक्कै जल्यो ।
काँही खाक झलक्क भै फुलिउठ्यो ती भूप हृद्‌व्योममा ॥

(५८)

खोलातुल्य बने अनंत लहरी त्यो मालिनीतीरमा ।
ब्यूँझी प्रेम प्रभातबाट रसिलो प्रश्वास खोज्ने बनी ॥
मीठो गुन्गुनले चले लहर ती छाया लिई स्वर्गको ।
राम्रो रूप शकुन्तला युवतिको मानो उषा झैं हुँदा ॥

(५९)

आँखा ती मनका चिहाउन सदा प्यासी बनेका थिए ।
मानो प्रात प्रभाझुलुक्क पहिली हेर्थी कुनै झ्यालमा ॥
हेर्दै यादविना निंदालु युवतीलाई उ उठ्ने अघि ।
मीठो स्वप्न त्यजेर पंखहरुका गाना सुनी ब्यूँझिदी ॥

(६०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बँसे लज्जतले ढलक्क तकिया गाला मिलाईकन ।
सुन्दीको महिमा अलौकिक यस्तो हेरूँ भनी मोहन ॥
त्यस्तै भै अब कल्पना किरणले कोही चिहाऊँसरि ।
खोज्छे ठाउँ महीरुहादिहरुको शोभा हरामा चढी ॥

(६१)

घुड्को एक घुटुक्क झैं भलकको आत्मा रसाईकन ।
मिल्ने आश गरेर ती नृप रहे, खोजी बहाना कुनै ॥
पाएनन् तर क्यै कुरा र सँगको साथी ठर्‍यौलोकन ।
सोधे "एक उपाय क्यै भन सखे मिल्नेहरे! दर्शन ॥

(६२)

ती राम्री मृदुता सलक्क जिउकी आँखा दुवैकी निशा ।
बास्नादार मिठास वन्यरसकी, हावाहरूको सुख,
बोल्दी ती चिडिया हरा भुवनकी, बास्ना घुसेकी दिल ।
ती पुष्पा मृदुकोपिला तहतहै स्वप्नाहरू फैलिंदी,

(६३)

लाली थोर गुलाबको वदनमा श्रीतुल्य वासन्तिकी,
लज्जादार प्रसून लज्जत लिने लालित्य झैं लोककी ॥
आत्माकी अतितृप्त ती प्रभुजिको सौन्दर्यको सिर्जना,
ती आभा विधुकी झरी पछि कतै खुल्ने कुनै जुक्ति के !"

(६४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कतै बल्लीलाई कुसुमहरूकी चन्द्रछविमा ।
त्यसै सुत्दी देखी पवन पनि सुत्दा विपिनमा ॥
अनेकौं छायाले भुईंकन दिंदा भूषणहरू ।
उनी सोध्ने "सुत्छ्यौ मकन नदिई नींद निठुरी !"

(६५)

चराले बोल्दामा पिउ पिउ गरी पुष्पधनमा ।
"तँ बुझ्छस् के मेरो मन अलिकति प्रेमक्षणमा ॥
भनी सोध्दै भन्छन् रवहरु सुनेकी तर तिनी ॥
सचेता बन्छिन् ती नृपति छ बिलौनामय भनी ॥

(६६)

बोल्दा प्रात विहंग, कंठ रँगिलो, ऊषा विहारी दृग ।
तेजीलो नरमी भुवा उर भरी लाम्चो उठेको अलि ॥
मीठो ढुकढुकले सुबोल नभको देखेर शोभा नव ।
जिह्वा पल्लवकंपले सरस भै बोल्दा वसंती दिल ॥

(६७)

स्यो भै चारु प्रशाख नीड हरियोनेरै बसी प्रातको ।
शोभाले छविलो उड्रँसरि हुँदो बोलेर मीठा कुरा ॥
त्यस्तो पंख रँगीनको वनशिशु प्रारंभको गानमा ।
देखी ती नृप भन्दछन् "विपिनका शाकुन्तशोभा तँ जा ॥

(६८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दे दिव्य सँगीसितै यति कुरा यौटा छ दुःखी यहाँ ।
प्रेमी आर्त प्रकाशभीरु जलले बोल्ने, भिजेको दृग ॥
त्यो तिम्रो दिलको अनंत विरही दानाहरू बर्वर ।
भारी हिड्छ प्रसूनमा र दिलको बास्ना त्यहाँ भर्दछ ॥
यौटै पुष्प टिपेर च्यात करले हेरी फुलेको उर ।
बास्ना मात्र सुँघेर त्यो बुझ तिमी कस्तो छ प्रेमातुर॥"

(६९)

राम्रा नव्य प्रबालका रँग मुना रेखा मिलेका मिही ।
चिल्ला चिम्ब खिचीलिने चपलता चँकाउने चारुता ॥
बोलीतुल्य विकाशशील मनमा लाग्ने मुनाका अघि ।
"भन्थे बोलन बोल हे अधरहो ! के भन्दछिन् हृद्छवि॥"

(७०)

देख्दा ती नृपको दशा विपिनमा शासै पिछे संझना ।
रोएकी मनमा मलीनपनले डेरा लिएकी दशा--
लाई आज भुलाउने छ बढिया भन्ने ठट्यौलो सँगी ।
शोची धेर उपाय भर्तृहरिको दृष्टान्त पाईकन ॥
पोल्टाभित्र मकै लिईकन बुजा हाल्दो रुँदै बस्तछ ।
बूढो घुंक गरेर 'सुँक' सँगमा आँखा भिजाईकन ॥

(७१)

आएको नृप देख्छ त्यो निकटमा "बा बा मरेंनी उहू !
छाती पोल्दछ बिझछ हाय! मुटु नै वेथा कहाँ यो कहूँ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दै विकृत चेहरास्मित वसी आँखा चुहाईकन ।
धाराले पनि नाटकीय नृपमा आफ्नो दशादर्शन।
देखाईकन भन्छ " लौन म मरें यो भित्रको कष्टले ॥
"के भो के ?" भनि सोद्धछन् नृपतिले "के पिर्छ! के दुष्टले॥

(७२)

भो भो हाय नबोल दौंतरि ! तिमी पोल्यो नि पोल्यो मुटु।
फूलै बल्दछ, गन्ध जल्छ, रँगले डस्छन् हवा पोल्दछ॥
जूनै अग्नि भयो, मसी निशि भयो कालो वियोगी मसी।
दुःखै हुन्छ समुद्र तैपनि कुनै देख्दैन मेरो दशा॥

(७३)

त्यस्तो दुःख भएछ ए ! बहुत नै पीडा भए झैं गर्‍यौ ।
थोरै मात्र बताइदेउन सखे ! के वेदनामा पर्‍यौ ?"
भन्दै मुस्मुस हास्यसाथ नृपले सोद्धा उ भन्दो भयो।
"दोटै अक्षर छन् सुवर्ण रँगका छातिविषे सुन्दर॥
जो देखे सब स्वर्गका विहग नै बोल्थे मिली सस्वर।"

(७४)

"के हो शीघ्र बता न ! आर्त भडुवा " भन्दा 'उहूहू' गरी।
बोल्यो कष्ट बढेसमान करले छामे र छातीकन॥
"के सुन्छौ अब दौंतरी ? विरहमा आफैं परौला तिमी।
हा शोभा सब देशकी मृदुमुखी हा! सुन्दरी कज्जला॥

(७५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"भो भो भन्दिन" भन्छ फेरि " नभने राम्रो पृबरू भन्दिनं ।
"कस्ती त्यो छ त" सोध्दछन् नृपतिले 'के अप्सरा हो भन"?
" माटो झैं जिउ छन् अरू युवतिका ! पाकी उज्याली सफा ।
लालीदार मुहार सुन्दर अहा ! क्या गाजले छन् तिनी ॥

बान्की सुन्दर बाटुलो र गठिलो वैंसे मजा चट्ट झैं ।
अंगै सुन्दररेख, क्षुद्र विधिको कारीगरी उत्तम ॥
लाई गाजल ती टलक्क मुख छन् झल्की सिताराहरू ।
तातै चट्ट टिपूँसमान गहिरी फुल्दी उज्याली थिइन् ॥

दाना सुन्दर रौप्यका कुसुम झैं पत्रे सुनौला भुइँ ।
मीठा मग्मग बाससाथ उदरै लोभी बनाईदिने ॥
छन् फुल्दी गहिरो खुला हृदयमा चापल्यले चंचला ।
त्यस्ती शान्त किसानगेहगहना देखिन्न क्यै मंजुला ॥

राम्रा फूल अनेक ती हृदयका खाना बनाईकन ।
रोई खान्छु हरे ! हरे ! मकन द्यौ ती वन्य आभूषण "
भन्दै घुँक्क गरेर, सुँक्कसँग त्यो आँखा भिजाईकन ॥
"प्यारी सोहि मिलाइद्यौ" मकन लौ तिम्रो निगाहा भए"

भन्दा नाम बताइदेउ न सँगी को रेछ हेरूँ भनी ।
जिज्ञासा, नृपकी बनी वचनमा क्यै आढ जस्ती त्यहाँ ॥

(७६)

खोन्याईकन धेर बेर नृपले सोध्दा बतायो तब ।
" धेरै नाम छ सुन्दरी युवतिको नाडी कटाईकन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाँ हाँ को पहिलो लिए छ सजिलो त्यै नाम उच्चारित ।
हा हाँडी हँसिली फुलेर रसिली हा कज्जला मोहिनी ॥

(७७)

"हाँडी" नाम मुसोमयी मृदुमुखी ती पुष्पभंडार हुन् ।
हा ! हाँडी मृदुयौवनी कुसुमकी भण्डार प्यारी तिमी
रन्केकी अलि-मारको ज्वर चढी फुल्दी नशा बैंसकी ॥
क्या मीठी मृदु कज्जला कति भला क्या पूर्ण पार्ने गला ॥
सारा चारु टुना तिमी भरखुला पाऊँ कहाँ कोपिला ?
भन्दै रुन्छ र भूप मुस्मुस गरी हाँसेर सुन्छन् कुरा ।
"हा हाँडी किन बिर्सियौ भनि रुँदै निकै हँसायो बरा ॥

(७८)

"हा ! हाँडी कसरी म पाँउनि हरे सारै बियोगी बनें
बुझ्दैनन् अरु हाँस्दछन् शिव हरे ! टाढा तिमी बन्दछ्यौ ।
झन् झन् झल्किन जान्छ गाजल अहा ! त्यो माधुरी श्यामल ॥
रूँ रूँ लाग्छ अनन्त ! हंत कसरी मैले सहूँ यी पल ॥
"हूँ हूँसाथ रुँदो बडो चतुर त्यो बूढो बनाई कुरा ।
पेटैसम्म मिचाउँदै नृपतिको हाँसो बन्यो त्यो रुँदै ॥

(७९)

"धन्दा छैन मिलाइदिन्छु सहजै गाला रँगाईकन ।
गाला जोर्न लगाउनेछु दिलकी त्यस्ती उज्यालोसँग ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिम्रो सवँ शिंगारले उनसँगै जोडी मिलाईकन ।
यो सारा वन वा सवै शहर ने घूँला घुमाई वरी ॥"

(८०)

यस्तो सुन्छ जवाफ कान दुइमा लाई दुवै अंगुली ।
"भो भो गर्दिन नी म गर्दिन बिहा भो जान्न सासूकहाँ
जो प्रेमी म छु भन्छ त्यै पुरुषको होस् त्यो बिहा जंगली ।
"हा ! हाँडी" तब भन्छ "क्या नृपतिको
आँखा छकायौ फुली ॥"

(८१)

प्रसन्नता साथ क्षितीश हाँसे ।
भुलेर आफ्नो दुख थोर बेर ॥
तथापि आयो उनमा प्रवाह ।
परी झझल्का लहरी उठेर ॥

(८२)

कहाँ उज्याली सुरकी जुहार ।
शठोपमा यो छ कहाँ असार ॥
फुटेर आँखा यदि स्वर्ग जाऊ ।
परी छ हाँडीसरि भन्न आऊ ॥

(८३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

 CC-0. In Public Domain. Digitization by eGangotri

छ गोरु उस्तै अन्ध नेत्रहीन ।
यहाँ छ भैंसी अघि हेर बीन ॥
यहाँ छ हीरा कपिको अगाडि ।
मकै चरा भज् अब मूर्ख हाँडी ॥
(८४)

सबै जगत्मा छ मपाइँ जैसी ।
जान्ने कहाँ हुन्छ दुधालु भैंसी ॥
दिए तँलाइ त्रिदिवेश ताज ।
बेच्ने थिइस् भजन तमाल गाँजा ॥
(८५)

हवाहरुले जसको सुगन्ध ।
भजी महासागर, दीर्घ तर्छन् ॥
उही छ बास्ना रँगरूप हेर ।
ती अङ्ग राम्रा उनका मिलेर ॥
(८६)

"त्यसो भएता म उपाय खोज्छु।"
भनी कन्याईकन त्यो कपाल ॥
घोरिन्छ, देखी उसलाई राजा।
हाँसेर भन्छन् "कति मूर्ख बन्छन् ॥
(८७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिमीअगाडि प्रतिभाविपन्न ।
बनेछ तिम्रो शिर कृष्ण धन्य ॥
उ रौं चमत्कारसमान लामा ।
टुपी त श्रीपेच छ श्वाँगनामा ॥

(८९)

मुसुक्क हाँसी विधिले लिएर ।
" म उब्जनी गर्दछु एक मान्छे ॥ "
भनेर, माटो तटको सुदूर,
दुःखी नहुन् कै जगमा भनेर ॥
सिर्जें तिमी नै तब चट्ट हेर ।

(९०)

(पृथ्वी)

यती वचनसाथ ती नृप गए डुलीं क्यै पर ।
बिचार मनमा यही चलिरह्यो " तिनी मोहिनी ॥
सुवर्णकन वास छन्, झलक दिव्य हीराकन ।
प्रसून वनलाइ छन्, अनि कुवेरकी छन् धन ॥

(९१)

धरा पनि धनी बनिन् यति शकुन्तलाले गरी ।
सबै शहर शून्य छन् वन छ दिव्यताले भरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अहा ! मृदुल चाँदनीसरि अनंत राम्री तिनी ॥
कतातिर म पाउंला दिन छुनै पला न गनी ॥

(६२)

न लोभ न छ लालसा विपिनको हरा राज्यमा ।
कुवेरनगरीसरी प्रथम सिर्जनाकी पुरी ॥
महीरुह अनेकको शबल भ्रातृताले गरी ।
छ सुन्दर फुली वनें युग सुवर्णको माधुरी ॥

(६३)

प्रवाल गहना लिने, मधुर फुट्छ पन्ना जहाँ ।
हरा कर अनेकमा ऋतु वसन्तका केसमा ॥
छ नृत्य रँग तुष्टिले मधुरमा हरा जीवन ।
प्रभावहरु छन् यहाँ ऋषि रमाउने मोहन ॥

(६४)

सुवासहरूले यिनै सकल सभ्यता जन्मिए ।
परी कुसुम नाच्दछन् जुन कला बनी फैलिए ॥
हरा प्रकृति हाँस्दछिन् मधुर छन् सबैका दिल ।
यहीं मधुप पढ्दछन् मधुर वेद क्या मंजुल ॥

(६५)

अनेक ऋतु आउँदै नव प्रभावले छाउँछन ।
चराहरु कुरा गरी खबर स्वर्गका ल्याउँछन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धरा पनि प्रशस्त छन् मित छ चाहना शीतल ।
कुटीहरु भँडार छन् सकल ज्ञानका मंजुल ।

(९६)

छ स्वर्गसरि यो हरा तर समस्तको श्री तिनी ।
सुधाघटसमान छन्, मृदुलरेख झैं भावना ॥
अहा ! करुण फूलको गुण जरा धरामा घुसी ।
समुच्च मृदु भावना कुसुमिता अहा ! षोडशी ॥

(९७)

मिहीन र नवोलिने सरस चारु टूनाभरी ।
शकुन्तसँगिनी सुखी रँग लिई हँसीली बनी ॥
खुला पवनमा बढी मृदुलता लिई फुल्दछन् ।
विचित्र रँग उड्दछन् विहग फुल्दछन् बोल्दछन् ॥
प्रसूनरसना लिई मधुर पातला शब्दका ।
छ वास उनमा अहा ! मधुर स्वर्गको रंगमा ॥

(९८)

अहो ! झलक पाउँ ता छिनभरी कतै यो तट ।
सुधातरल बन्दथ्यो सुख र शान्तिले बाँधिने ॥
बनाउन म लाग्दथें झलकनिंतिमा मन्दिर ।
कला हृदयको लिई किरणश्रध्द झैं विष्णुको

(९९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसूनप्रतिपालिनी रजतवाहिनो मालिनी ।
अरण्यघनशालिनी जलधिरत्नसौदामिनी ॥
वसन्तऋतुमा यिनी सुरभिगामिनी घुम्दछिन् ।
बनी मधुर पुष्पको तट छुँदा सफा मालिनी ॥

(१००)

परीहरू यहाँ कतै मधुर जूनमा आउलान् ।
झरेर मृदु तालमा सलिलका हिली गाउलान् ॥
लताहरु समाउलान्, हृदयका कथा ल्याउलान् ।
प्रसूनहरु प्रातमा मधुर लोतिमा लाउलान् ॥

(१०१)

कतै हरित शैलका कुसुमदार थुम्काहरू ।
कतै कुसुमको गुफा हरित चारु झुम्काहरू ॥
हिलाउँदछ द्वारमा पवनतालमा सुन्दर ।
बनेसरि परीगुफा अनि रमाइलो मन्दिर ॥

(१०२)

ककल् कलकलाउँदी सलिलले झझल् झल् बनी ।
सुचञ्चलप्रभाञ्चला उपलमा गरी छल् छल ॥
विनिर्मल छटा लिई मुखरिता सफा निम्नगा ।
सुकोमल निनादिनी लहरले घुमौरी बनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छचल मचल् शैलकी त्वरितगामिनी सुन्दरी ।
कुरंगहरूकी तृषा वनशिंगार बग्दी सुरा ॥
हरा पुलिनसुन्दरी कुसुमकी विलासी गति ।
छ गानपथमा लता बहुल वृक्ष शृंगारकी ॥

शिला छ मसिन्याँउदी चपत लोललाई कुँदी ।
सलक्क मृदु बाटुला सरस स्निग्ध पारीकन ॥
त्यहाँ सरस ठाउँमा कुसुमदार पत्रादिले ।
धनी लहरले छुने छिन छिनै रसाई सुधा ॥

विहंगम कराउने कुसुमकालको हृद् ध्वनि ।
हरा विटपका नयाँ नरम पत्र राम्रामनि ॥
छिरीबिरि सुचारुता मधुर शान्तिको शासन ।
गरेर मृदु मर्मरी कवि बनाउँदी छन् चरा ॥

कुनासरि छ स्वर्गको रँग र रूप गानाभरी ।
सुशीतल हरा हवा मधुर चल्छ हर्‌हर् गरी ॥
नितान्त मृदु नृत्यले मदनको हरा मन्दिर ।
छ दीपरस धूपले ललित ठाउँमा एकलो ॥

(१०३)

वसन्त ऋतु बागमा प्रकृतिको सफा भागमा ।
विहंगम बिहागमा नव मुना नयाँ रागमा ॥
हवा मृदु परागमा हृदय खोजको लागुमा ।
वसन्त वन फागुमा मदन खेल्छ त्यो भागमा ॥

(१०४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभाकर प्रतापका मृदुल रश्मिका छन् यहाँ ।
सुशीतल हवा हुँदा मधुर श्वास झैं पत्रको ॥
विचित्र वन चित्र छन् पवनमा सजीवानन ।
छ कुड्मल फुकाउँदो उर सुगन्धको रञ्जन ॥

(१०५)

लमाइ अति लम्बिदी नवल मंजरी छुन्मुना ।
सुस्निग्ध किरणेच्छुता लहलहाउँदी नाच्दछे ॥
हवा छ लंदिंदो त्यहाँ सुरभिले प्रभा उष्णमा ।
कला छ कुसुमी जहाँ मधुर रँगको फुल्लता ॥

(१०६)

कन्याइन कुरंगले कलि प्रशस्त त्यो कालमा ।
मजासहित मखमली जमीनबीच लेटी लिने ॥
प्रकाशमय लोचनी सुखमयी कुरंगी त्यहाँ ।
बसन्तऋतुराज्यको जय मनाउँछे सुन्दरी ॥

(१०७)

विहंगहरु उड्दछन् गगनमाथि ली चक्कर ।
अनंग पनि रंगका शरमिलिन्दटंकारले ॥
फिजाउँछ जतातता हृदयलाई दी वेधन ।
अडे नृपति क्यै त्यहाँ उचितमा प्रशंसा दिन ॥

(१०८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँ कमलकोपिला रजसमान आनंदको ।
सफा छ चुचुरो लिंदो किरणमा फुकूँ भैं गरी ॥
तथापि मृदु लाजको हरित पत्रको अंचल ।
फुकाउँछ यसो अली मृदु भुवा छ खैरो जहाँ ॥

(१०८)

लता र तरुबीचकी मृदु मुनाभरी सुन्दरी ।
भिनी छ सुकुमारिता मधुर झाँग जाई जहाँ ॥
वहाँ कनक फुल्दछन् सुरप्रदेश ढुङ्ग्रीहरू ।
दिएर भमराहरूकन वसन्तनिम्ता त्यहाँ ॥

(१०९)

चरक्क छ सुगन्धकी कनकनाम चम्पा पनी ।
भुवा छ अलि खैरिने मृदु हरा फुटी कुड्मल ॥
बनेर टप चारु भैं अलि छ त्यो खँदीली तर ।
फुकेर पछि आउँलासरि छ त्यो नयाँ कोपिला ॥
मिलिन्दहरु गानका त्यसनजीकमा आउन ।
भएर डर भाग्दछन् हृदय चर्किएला भनी ॥

(११०)

सुकुन्तल शकुन्तकी छ महिमाफुली सुन्तला ।
छ मगमग सुवासले ऋतु वसंन्तकी कुड्मल ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बराबर छ बर्वरी पवनमा फुलेको रज ।
जमीनकन छिर्बिरे अलि गराउँदै फेदमा ॥
सुवर्ण पिपिरे फुली अब फुली बसन्ती शर ।
विहंग वनबालिका छिरबिरे पँखेटा बनी ॥
छिरेर मृदु पत्रमा किरण छानिई आउँछ ।
उडी कुसुम पुत्तली मधुर न्यानु भोग्छे जहाँ ॥
गरी भ्रमर भुनभुनी अमृत माग्दछन् पुष्पका ।
जहाँ अधर मुस्किए अलि गरेर गानै त्यहाँ ॥

(१११)

बनेर नव सिर्जना विपिनका परीको घर ।
तथा वनसमान त्यो सुरभिकेन्द्र क्या सुन्दर ॥
किनारकन पुष्पको मृदु शिंगारले छाउने ।
थियो मधुर चित्र झैं कवि सुनी फुली आउने ॥

(११२)

त्यहाँ मधुर शब्दले युवतिका यसो छेकिई ।
बसे नृपति झाँगको सरस आढमा तर्किई ॥
थिए हरित घाँसमा वदन छिर्बिरे पत्रले ।
सुचारु नवयौवनीहरु जहाँ बसेका सुखी ॥

(११३)

चिहाउन सुखी बनी हरित झाँग ठूलोमनि ।
त्यहाँ नृपति देख्दछन् विपिनबल्लरी कामिनी ॥
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिईं ढलक बँसको मधुरता खुलेको ढँग ।
कलासरि सजीव ती मधुर कुंजका भूषण ॥

(११४)

सुरेख मृदु अङ्गका मदनमोहिनी ढङ्गका ।
प्रियासरि कुरंगका, मृदुल केशका ग्राढ्यता ॥
नितंबतक झर्छ जो सरसरेशमी रंगले ।
कपोल मृदु पुष्पको सरसता खुलाईकन ॥

(११५)

त्यहाँ अब शकुन्तला कर कपोलमा दीकन ।
कुना तल अडाउँदी मखमली हरा शस्यमा ॥
थुंगासरि कपोलको मृदुल भार थामीकन ।
झरेर मृदु केशका गहन कृष्ण शोभातल ॥
छिपेसरि शशी यसो घनविषे उता फर्किंदी ।
बनी मधुर सूचना छविपत्राडि न छर्किंदी ॥
सलक्क कलिली कटी लचक लिन्छ आँखा खुला ॥
मनोहर नितंवकी पथर खुंचिंदी छन् अलि ॥

(११६)

नभै पुरुष होशमा ढलक चारु रंभोरु छन् ।
दिईकन कटीविषे कर नितम्ब छोईकन ॥
झुकेर दृग लाउँदी विरहका मुनामा नयाँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नवीन अब प्रेमको खुलिदिंदा कुनै सम्भ्रम ।
स्वकल्पित निकेतमा मधुर दीप झैं कामना ॥
झिली मिलि गरी भरी नृपतिको लिंदी सम्झना ।
तिनै नृपतिको–थिए जुन त्यहाँ कुनामा हरा ॥

(११७)

पहाडहरुमा चढी पथ शिलाहरूको लिई ।
निराशसँग कुल्चिदो विपिनबीच काँढाहरू ॥
झरीहरु खपी खपी प्रखर सूर्यको आतप ।
भजेर दिलको प्रभा त्रिपुरसुन्दरी दूरकी ॥

झलक्क अलि छेकिंदो नृपतिले पुरानो कुनै ।
सुशिल्पित किनारमा सलिलको सफा मंदिर ॥
झलक्क सित देखिंदा शिखरबाट ऊँचा कुनै ।
छ भाव जुन जात्रुमा नृपतिमा छ त्यो भावना ॥

(११८)

पुग्यो सकल खोजको हृदयनिति टुङ्गो भनी ।
अडेर सुखचूड भै अलि चिहाउँदा भूपति ॥
मनैमन बनी तिनी मधुर अर्चना हेर्दछन् ।
अडेर अलि श्वास नै सकल शब्द रोकीकन ॥

(११९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थिए दुइ सजीवता चकित नेत्र नानी दुइ ।
पुगेसरि पुरूरवा सुरपुरीबगैंचातिर ॥
अडी अमर झाँगमा अमृतकी नदीनेर नै ।
परीहरु निहारिंदा पुरुषहीन स्वातंत्र्यमा ॥

(१२०)

न चोर्दछ कुनै अरू मधुरिमा यसोरी कतै ।
नृपेन्द्र सब चोरका नृपति छन लुकेका यहाँ ॥
छ ढुक्ढुक त्यसै मुटु प्रकृतिकी सुता हेर्न ती ।
अदृश्य अभिमारकै सदृश ती कुरंगीकहाँ ॥
लुटेर महिमा मिही प्रकृत चाल बेयादको ।
समुल्लसितनेत्र भै मधुर झल्कने कानमा ॥

(१२१)

नजीक नखरे ठिटी अति छिटी खडा चारु छ ।
"हरे मदनबागकी किन तिमी कलादुर्बला ॥
सिखारु लजिली बनी हृदय खोल्न कच्चा पनि ।
संगीसँग नबोल्दछ्यौ यति भयो मलाई भनी ॥

(१२२)

छ को र पुरुषै यहाँ युवतिसाथ जूँघाविना ।
प्रकाश गर हेसखी हृदयको खुलेको कुरा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छिपी कमलकोडमा मधुर बास लुक्ने कहाँ ।
क दर्शक र को भनी अश्क खुलस्त बन्छ्यौ यहाँ ॥
छिपाउँ जति भन्दछ्यौ उति खुलस्त झन् झन् बनी ।
बसी भ्रमर चित्तमा भुनभुनी गरी बोल्दछ ॥

(१२३)

फुकेर उर वासको प्रकृतिका परी हाँस्दछन् ।
सबै सुमनकोपिला भ्रमर आफु डाकीकन ॥
रंगीन मृदु मोहनी नव शिंगारका लज्जत ।
थपीकन मुहारमा पवनमा इशारासित ॥

(१२४)

सबै अधर बोल्दछन् कुसुमका रसीला कुरा ।
फुकाउनु उरोज नै प्रकृतिको छ चाला यहाँ ॥
सुवासहरु लादिने पवन आउँछन् 'द्यौ' भनी ।
नयाँ खबर भित्रका मृदुल बैसका पत्रमा ॥

(१२५)

पसी किरण कोपिलासरि तिमी त लाटी बन्यौ ।
हिलाउनु चलाउनु प्रकृत भावमा शानले ॥
शिंगार सुखमा थपी मधुर नृत्य झैं बैंसको ।
बनी ढलक दृष्टिको सरस चाल राम्रो लिने ॥

(१२६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनाउनु मिही कुरा मृदु अबोल भाषा सिकी ।
पठाउनु रहस्यका नजर ओठ बोल्ने गरी ॥
अनेक दिलका कुरा अरु खुलस्त पार्ने ढँग ।
सबै युवनि जान्दछन् तर हरे! तिमी मूक छौ ॥

(१२७)

छ फुल्नु अनि फुक्नु नै प्रकृतिको मजा षोडशी ।
न भै चपलता त्यसै प्रिय कुरा कुनै के बुझून् ॥
पयोधितिर प्रेयसी पयरमा दगुर्छन् छिटा ।
बसन्तसँग कोयली पनि छिपी लुकी बोल्दछे ॥

(१२८)

उषा कनकप्रातमा रवि भजी शिंगारीकन ।
सबै विहगका गला स्वर बनाउँछिन् रुन्झुन ॥
तिमी शरमकी गुफा तिमिरमा वसी मिर्मिर ।
सँधै लुक यसै गरी प्रकृतभाव त्यागी पर ॥

(१२९)

सुमूखे शरमाउँदी कति सुधी र लाटी तिमी ।
न बोल्न पनि जान्दछ्यौ विरह मूक बन्नू भुनी ॥
छ खोज्नु भँवरा यहाँ मह दिएर लठ्याउनु ।
शिंगार गुण गाउने कवि बनाउँदै ल्याउनु ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झुलाउनु घुमाउनु प्रकृतचालले दास झैं ।
मजा युवतिको यही यति नजान्नु मूर्ख सही ॥

(१३०)

तिमी त सखिसाथमा अझ रिसाउँदी पो भयौ ।
त्यसै शरमले लुकी प्रकृतिबाट बाङ्गी बनी ॥
सुटुक्क भन कानमा वचन लौ, नसुन्ने गरी ।
उचाल दिल पालुवा मधुर सुस्त झीनो गरी ॥"
भनीकन झुकी तिनी अधरनेर ती सुन्दर ।
मिली चपत हातको मृदु कपोलमा पन्सिइन् ॥

(१३१)

"दुख्यो निठुर हातले दिल कपोल मेरो त्यसै ।
रिसैसित बसिन् यिनी हृदय नै छिपाई त्यसै ॥
बताउन प्रियम्वदा, अब कसो गरूँ ? के गरुँ ?
बडी कपटकी यिनी दुःख हटोस् कसोरी मरुँ ?

(१३२)

लाग्यो चाख नृपेन्द्रलाइ मनमा को भाग्यमानी त्यहाँ ।
राजा हुन्छ लिएर ताज जगको त्यो चित्त रोकीकन ॥
"को होला म त हैन क्या र ? कसरी हेरूँ म पर्दा झिकी" ।
जिज्ञासासित सोद्धछन् नृपतिले आँखा तिखारी अति ॥

(१३३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(शालनी)

"राम्रो जाने बात निस्कन्छ प्यारी ।
हेरीरौली दिन्छु चाँड उतारी" ॥
भन्दै साना शब्दमा चारुसाथ ।
गर्छिन् मीठी बातकी मिष्ट वात ॥

(१३४)

(पृथ्वी)

वसन्त अलि मारको नव प्रमादको तापले ।
शुकाउँदछ ओठ नै कुसुमका मिही रापले ॥
नबोल्न सकिने कुरा हृदयमा वसी भस्भस ।
जलेर रँगका शिखाहरु जले दिशामा दश ॥

(१३५)

बताउन सखी तिमी कुन तरंगको कारण ?
सुदीर्घ किन बन्दछन् नजरतेज वैलेसरी ॥
शिंगार न छ चाहिने विजनमा बसूँ झैं हुने ।
अरूसँग नबोलुँ झैं हृदय दुःखले नै छुने ॥

(१३६)

बिझी मदनबाण नै अति कृशाङ्गिनी मूक छन् ।
तरंगित शकुन्तला कुसुमकालमा भन्दछन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वसन्त वन रोग यो कुसुमबाट हो उब्जिने ।
कुनै हृदय मूक भै युवति मृत्यु झैं वैलिने ॥

(१३७)

"बताउन शकुन्तले ! न त वसन्त उन्मादले ।
बनेर पगली तिमी अति तरंग कातीकन ॥
सँधै भर रुने भई हृदयकी विदीर्णा बनी ।
सुरुगणसरि बन्दछ्यौ सब पला दुखै झैं बनी ॥

(१३८)

" न खान छ मिठास नै न पिउनै पनि स्वाद छ ।
कुराहरु नसंझिने हृदय झन् उदासै हुने ॥
तरंग बहुलाउने प्रति निमेष रूँ रूँ हुने ।
गुमेसरि कुनै कुरा झलक मात्र नै पाइने ॥
बसी विजन ठाउँमा अधिक घोरिऊँ झैं हुने ।

(१३९)

" समीरण जलाउने मुटु चसक्क जस्तो हुने ।
घुँ घुँक्कसित रूँ हुने अनि गला पुगी रोकिने ॥
सराप्छ पनि चित्तले पिक कतै मुखाले हुँदा ।
बसन्त वन रोग हो गर इलाज चाँडै सँगी !"
भनीकन प्रियम्वदा 'नगल' भन्दछिन् 'यस्तरी' ॥
" प्रकाश हुनु औषधि प्रकृत बोलि द्यौ सुस्तरी ।

(१४०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जवाकुसुम चर्किई गरम बोकि प्यारी सखि।
हवा सुरभिले भरी हृदयलाई गर्माउँछ ॥
"उह्रू उह्रु" गरी गरी शर विदीर्ण ऊ कोइली।

(१४१)

नबोल अब चारु है यति चिरिक्क चर्को गरी।
कुरा नरमले त्यसै शरमै हुन्छ है शीतल ॥
सुवास छ त्यसै फुका अब नच्यात है कोपिला।
नजीक रहनै भए अति खुलस्त शिक्षा किन ?
हलक्क यति हुर्किई अझ झलक्क क्यै देखिनौ ?
छिटा नजर देख्दछन् किन बसेर खोज्याउनु ?

(१४२)

यहाँ छ स्तन चारुमा बुझ्न चारु ! गट्टा कुनै।
छ दुक् दुक थियो यहाँ कति छिटो बनी उत्सुक ॥
नबोल सखि है तिमी भ्रमरभित्र राखी रहू।
उसैसँग कुरा गरी मधु तरंग चाखी रहू ॥

(१४३)

झलक्क तर देखिए नजर यी लुकाऊँ कता ?
यताउति कतै भए कि त नहेर्नु मैले उता ॥
सँगीहरु अजान हुन्, हृदयनाथ चोर्छन्, भनी।
लुकाउन तयार छौ कि त नबोल्न खोज्दी तिमी ?"

(१४४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनीकन प्रियम्वदा जब मुसुक हाँस्दी भइन् ।
खुलूँसरि बनी दुवै अधर "जाउ" जस्तो गरी ॥
फरक्कसित फर्किइन् हृदयभित्र शंका भई ।
कतै नृपति छन् कि ती निकट कुंजमा झैं भई ॥

(१४५)

सशङ्क अलि भूप छन् अब मलाइ देख्छिन् तिनी ।
भनी कुसुम झाँगको निविड आड लिन्छन् तिनी ॥
शरीर अलि खुम्चिई दुइ कुना लगाईकन ।
अघिल्तिर बढूं लुकूं कि अब के गरूँ भैकन ॥

(१४६)

"सुनेर दिलका कुरा यदि हवा हवामा उनी ।
उडीकन तिमी भनी मिलुँ भनी नआऊन् यहाँ ॥
शरीर यसरी गली अधर नै सुकाईकन ।
बसीरहनु एकली कुन छ बुद्धिमानी भन ! ॥

(१४७)

"अनेक कति युक्ति छन् भन, खुलस्त सिक्ने भए ।
तिमी कपटमूर्ति छौ सब कुरा दिलैमा रहे ॥
तिमी सुकिदिंदा यसै बहुत लाग्छ माया कठै !
अलिकति बताइद्यौ कपट पाप लाग्ने छ नि ॥

(१४८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"यहाँ बसन काखम ाशिर अडाइदेऊ तिमी।
कि लाज यतिमै भयो ? उरु छ यो जनाना भनी॥
यहाँ पुरूष छैन छ म ठुंग मार्छु मीठो गरी।
गली कुसुम बाहुली शिरथुँगा अडाऊ यहाँ॥
भनी नरम काखमा मृदु शिरीषको माथ त्यो।
वसीकन अडाउँछिन् "किन अतीव लज्जा वनी।
बन्यौ "शिव हरे" भनी शरमकी अबोला गति॥

(१४६)

दुवै युवति ह्वौं बुझ्यौ ? उर दुवै फुलेको यहां।
उही प्रकृतिका दुवै छ कुन कृष्णजूँघा यहाँ॥
कपोल न छ रौंभरी शरमलाइ खस्रो कुनै।
बताउन सखी हरे बहुत तुल्बुलायो मनै॥

(१४०)

अनेक ढंगका भई कठिनता तथा लज्जत।
भरी मुख रँगाउँदी असजिलोपनाले गरी॥
यसो सखि मुहारमा नजर क्यै उचालीकन।
नबोलिकन भन्दछिन् "मकन हुन्छ बाधा" भनी॥

(१५१)

"खुलस्त नहुने तिमी अब त नास्तिकै भैसक्यौ।
समस्त दिलको कुरा प्रभु न बुझदछन् क्यै वहाँ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झुकाउँनु जगत् सबै प्रकृतिलाइ रोकीकन ।
बनेर गऱ्हुँगी बस्यौ अधर बन्द पारीकन ॥

(१५२)

"खुलस्त जति बोल्दछ्यौ हृदय नै हलुका बनी ।
छ रोग पर नै हुने नत अनिद्र बन्दै तिमी ॥
गनेर सब तारका गगनबीच झारी कणा ।
प्रतिक्षण हिसाबकी चतुर बन्दछ्यौ रात्रिमा ॥

(१५३)

"खराब कटु रोग यो अब कपाल दुख्ला नि है !
सँधै उर समाउला अनि तरंग भर्ला नि है ॥
सुकी अधर रूप भै विकृतिमा कलेटी परी ।
शिकार कटु कालकी बहुत शीघ्र बन्ल्यौ नि है !

(१५४)

"छ षोडश बसन्त यो कलुष यो छ पृथ्वीमहाँ ।
सबै युवति पर्दछन नि अनिवार्य यो रोगमा ॥
न औषधि उपाय वा हृदयलाइ लाग्छन् कुनै ।
छ भीरु दिलको व्यथा कति त मर्दछन् ग्रस्त भै ॥

(१५५)

भने भन तिमी सखी मन नभन्नको नै भए ।
नभन्नु किन भन्नु है यति कुरा सुनाईदिएँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ को र जुन यो बुझोस् हृदय मर्न मूकै बनी ।
बडी अप्रकृता बन्यौ" सखि अगाडि भन्छिन् तिनी ॥

(१५६)

"बताइदिनु यी कुरा हित बुझी बताएँ सखी ।
छ रोग पनि यो कडा सब म बुझ्छु यो लक्षण ॥"
भनीकन प्रियम्वदा नजर थोर कर्के गरी ।
मुहार मृदु हेर्दछिन् श्रवण छन् सुनूँ झैं गरी ॥

(१५७)

"थियो दिवस के सखी कुसुमकालका सुन्दर !
सबाल पनि गर्दथी विटपमा कि कोही चरा ॥
रँगीन कपडा धरी मुटु सुटुक्क चोरीकन ।
शिकार कुसुमी गरी मदन डुल्दथे कि ? वन ॥"

(१५८)

मुसुक्क दुइ ओठले शरमसाथ बोले कुरा ।
बढ्यो शरम लाल भै तर लुकाउँछिन् ती बरा !
"बुझें अब बुझें" भनी रँग गुलावका दीकन ।
कुरा कति प्रियम्वदा मधुर गर्दछिन् तीसँग ॥

(१५९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढी कन न फुक्छ त्यो तर बुझिन् सखीले भनी ।
प्रसन्नहृदया तिनी नजर भूमिमा झार्दछिन् ॥
"गरेकि दिन त्यो कुनै नजरले इशारा पनि ।
तिमी त चुपचाप नै बसिरह्यौ कि लाटी बनी ॥

(१६०)

रहस्य दुहुँदी तिनी अति मिठासका बातले ।
खिची नजर रीसका शरमका उज्याला बडा ॥
सुचारु ढकनी भनी, अति प्रसन्न नानीकन ।
झुकेर अलि हेर्दछिन् मन बुझूँ भनी तत्क्षण ॥

(१६१)

" हरे कठिनता बुझें किन त्यसै खुला बन्दथ्यो ।
भनूँसरि बने पनी शरम तान्छ बोलीकन ॥
चलूँसरि बने पनी अधर बन्दछन् बन्द नै ।
म बुझ्छु कठिनाइ यो न अरु चारु बुझिछन् यिनी ॥"

(१६२)

भनीकन छ दुःखको प्रथम यो कुनै अक्षर ।
कसो ? नजर भन्दछन् नजर बन्दछन् हैन झैं ॥
निषेध छ समर्थ नै हृदयका कुरामा भनी ।
"बुझें अब बुझें बुझें" अब प्रियम्वदाले भनिन् ॥

(१६३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चुँडी कमलको सफा धवल पात ल्याईकन ।
यहाँ हृदयको कुरा अलिकता तिमी लेखिद्यौ ॥
भनी निकटको कुनै कुसुम शूलले दाडिमी ।
कनिष्ठ मृदु अंगुली रगत काढ्न रोप्छिन् तिनी ॥

(१६४)

मसी मसँग नै छ यो रुधिर लालिको भो यहीं ।
भनी स्वकर गोप्दछिन्–मुटु चसक्क भो भूपको ॥
लिई कलम लेख्दछिन् कमलपातमा ती अडी ।
अरू अघि सरे त्यहाँ नजर हेर्न "श्री" सुन्दर ॥

(१६५)

"नहेर सखि लेख्न नै कलम चट्ट अड्कीकन ।
कुराहरु नआउने शरम लाग्छ भो लेख्तिनँ ॥"
भनीकन तिनी अडिन् अरु सँगाति लागे पर ।
तिनी हृदय लेख्दछिन् हरफ बक्रमा सुन्दर ॥

(१६६)

जसै शरमले गरी कमल पात च्यातूँसरि ।
बनिन् मृदु शकुन्तला त्वरित चारु सर्छिन अघि ॥
झपक्क सित छोप्दछिन् कमलपात खोसीकन ।
दुवै नजर छोप्दछिन् तव शकुन्तला शोभन ॥

(१६७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पढीकन सुनाउँछिन् मृदु रहस्यको लालिमा ।
म जो भनिछु दुःखिनी निठुर हुन्छ सोही जन ॥
शिकार दिलको गरी विरहमा डुबाई गए ।
दु[१]-खी दिल व-स[२]-न्त[३] झैं नृप-प्रसूनको भज्दछ ॥”

(१६८)

“बुझैं कति चलाक यी नृपति हेर दुष्यन्तको ।
सफासँग खुला गरी मधुर नाम स्पष्टै गरिन् ॥
भनीकन प्रियम्वदा ‘बुझ न ढाल्नको चातुरी ।
अहो भन शकुन्तले ! मदनले छ चोखी परी” ॥

(१६९)

“अहो ! गजब भाग्य हो हृदयबीच राजा हुनु ।
त्रिलोकपति ताज झैं यति कुरा सुनी पाउँछु” ॥
भनी, नृपति भन्दछन् मनमनै लुकेका त्यहाँ ।
यही समय ठीक भो अब म जान्छु तीसामुमा ॥

(१७०)

चखेवाका जोडी हरित सरिताका पुलिनमा ।
अलग्गै बस्थे ती गह विरहका पार्न रह झैं ॥
दिनेशै आए झैं अवनि-पतिको आगमनमा ।
मिले आँखाद्वारा दिल दिल दुवै गद्गद बनी ॥

(१७१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चकितलोचनी मृदु शकुन्तला ।
'छल रहेछ यो सकलको' भनी ॥
शरमले गरी भाग्नको मन ।
हुन गई अडिन् प्यूँन दर्शन ॥

(१७२)

"कुशल नै छ के वनपरीहरू ?
वन घुमी घुमी चट्ट भेट भो ॥
हृदयमा भयो अति प्रसन्नता ।
अति उराठमा पो थिएँ म ता ॥"

(१७३)

भाव चित्तका सब छिपाउँदी ।
नजर हेर्दछिन् ती शकुन्तला ॥
चकितलोचनी विनत चारुता ।
कुसुम झाँगको आढ़ खोज्दछिन् ॥

(१७४)

दिन खुलेसरि स्वर्ण कान्तिले ।
प्रभु उदाउँदा विपिनबीचमा ॥
कलनिनादका नभ-चरीहरू ।
हृदयपंखले गर्न स्वागत ॥

(१७५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'दिल हुँदा हुँदै शब्द शून्यता ।
बीच जलदमा शीघ्र वेपता ॥
बन्दछौ प्रभा अमित रत्नका ।
विश्ववन्द्यका किरण सामुमा ॥'
यति भनी त्यहाँ मधु प्रियम्वदा ।
हृदय भूपको खुस गराउँछिन् ॥'

(१७६)

चारु चंचला अघि सरीकन ।
नृपतिसामुमा बिन्ति गर्दछिन् ॥
"सखि शकुन्तला खोज्दछिन् यहाँ ।
बिन्ति गर्न क्यै एकली बनी ॥'

(१७७)

पर हिडूँ सबै शर्म क्यै न ली ।
हृदयको कुरा सखि, बताउनू॥
समय मिल्छ यो सुनहला कहाँ ।
लौ त, हिड्दछौं बस सखे यहाँ ॥"

(१७८)

यति भनी हिंडे सब सखीहरू ।
तब शकुन्तला हुन गइन् त्यहाँ ॥
नृपति सामुमा 'अब म के गरूँ ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"बस छिनै भरी" पालुवाहरू ॥
कर सरी गरी भन्दथ्यो तरु ।

(१७९)

नजर भूपका भेट्न लज्जिता ।
पयर हेर्दछिन् प्रेमसाथ ती ॥
कुसुमलौ न नी अब कसो गरूँ ।
तुल्य भावले कर्किईकन ॥

(१८०)

"आज्ञा के छ मलाइ के मृदुमुखी के काममै लायक ।
पृथ्वीमा छ कि स्वर्गमा छ भनिद्यौ केही नमानी धक ॥
इन्द्रैलाइ जितेर स्वर्ग सब नै यां पाउ राखीकन ।
'तिम्रो दास' म भन्न पाउँछु कतै हे विश्व जित्ने धन ॥

(१८१)

"सातै सागर वा डुबेर गहिरा ल्याऊँ म रत्नादिक ?
ल्याऊँ एक विमान वा गगनमा गर्ने विहारै भए ?
'पाऊँ' चट्ट खुशी मुहारसित यै आज्ञा नमानी धक !
खोली पल्लव लोहिताधर दुवै बोली कुनै बोलन ॥ "

(१८२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बन्दी चारु गुलाफ झैं वदनमा या खुर्र भागूँ बसूँ ।
लालीलाई लुकाउने मन गरी लालित्यले फर्किंदी ॥
टिप्छिन् फूल र च्यात्तछिन् कुट्ट कुट्ट मानो 'त्यसोरी दिल ।
मेरो छिन्छ दुष्ट वियोग-करले' भन्ने बुझाएसरि ॥

(१८३)

जति प्रश्न गर्‍यो उति कष्ट हुने ।
मन बोल्न भए पनि झन् नहुने ॥
दगुरूँ दगुरूँ र बसूँ दुइटा ।
मृदु भाव मिलीकन ती रहँदी ॥
नबसूँ नबसूँसरि लाज हुँदा ।
तर भेट हुनेछ र फेरि कता ! ”
यति भावलिईं रहँदी मृदुता ॥
जल-झाल सरी अलमल्ल बनिन् ॥

(१८४)

भागिन् आखिर ती पुलुक्क मुखमा हेरी मुसुक्कै गरी ।
लज्जातुल्य सजीव ती कुसुमकी लाली कहाँ अल्पिइन् ॥
देवीतुल्य वसन्तकी मदनकी कोपी कुँदेकी तिनी ।
स्वप्नातुल्य कहाँ गइन् विपिनमा भूस्वर्गकी चन्द्रिका ॥

(१८५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

षोडश सर्ग

"शकुन्तलाविवाह"

(प्रहर्षिणी)

लज्जाकासित पहिले बनी अबोला ।
लाम्चा ती दृग छविला शिखारु काला ॥
बोल्नाको सरस शिकेर ढंग थोर ।
हाँस्दा छन् अलि अलि मन्द मुस्किएर ॥
(१)

जो भाषा छ अधरबीच बन्द बन्दी ।
आच्छन्ना सुमदिलभित्र झैं सुगन्धी ॥
बोलूँ झैं अधर सुचारुबाट बन्दी ।
चालैले मुखरित हेर ! चारुछन्दी ॥
(२)

ढीलो जो सुमकलिको छ बन्द चाल ।
खुम्चे झैं पवन चली सुमन्द ताल ॥
त्यो नौलो छ किरणको फुलेर खुल्दी ।
बास्नाले मधुर छिटी छ चारु झुल्दी ॥
(३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जो बाला सुमकलि झैं लिएर दाना ।
आखाँमा सरस निशीथ बन्द पाना ॥
छातीका तह तहमा भएर नाना ।
हुन्थी त्यो मुदितमुखी छ मूक गाना ॥

(४)

लाली जो शरम छिटो थियो अगाडि ।
ऊषा झैं मृदु मुख बीच स्वर्ग छाडी ॥
त्यो थोरै अब पतला छ सुस्त सुस्त ।
बानीले विजय हुने स्वभावतुल्य ॥

(५)

जो रेखा किसलयका प्रबाल बन्द ।
मोतीका लहर हुने सफा अमूल्य ॥
बन्य श्री जललहरी छिनो परेको ।
छोप्ने ती अधर खुलेर मन्द चल्छन् ॥

(६)

आँखाको चमक बनेर शब्द झर्थे ।
ती टिप्दा दृग नृपका गमक्क पर्थे ॥
ती भाषा गतिचपला शिंगारदार ।
झल्काले विवरणसाथ अर्थ लिन्छन् ॥

(७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बोल्नैको रहर छिटो छ भिन्न भिन्न ।
बाधाले दिल तर रोकिने विचित्र ॥
ज्यादै नै मृदु दिलका मिहीन भाव-
लाई के प्रकृति अरू दिउन् र हाव ?

(८)

दोटै छन् लवज छ कोयलीसमान ।
आच्छन्ना किसलयमा वसन्त चारु ॥
बोल्दा ती मधुमय वन्य भाव सारा ।
गर्दी ती मुखरित छन् मिठास द्वारा ॥

(९)

थोरै नै समयपछाडि ती उज्याली ।
जो बोल्थिन् मनको मिठास चारु हाली ॥
पातैका मधुर रसनाहरू मिलेर ।
बैंसालु प्रकृत मुहारतुल्य हेर ॥

(१०)

फूलै झैं मधुरऋतुकी मिठासवाली ।
प्याला झैं मधुमय बैंसकी उज्याली ॥
चाञ्चल्य प्रकृतपना सुचारु पारी
डाक्ने झैं मधुप भइन् शिंगार पारी ॥

(११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जान्थिन् ती कहिले नदीतटतिरै पेना जमेको जल–
मोहरूँ मुखको मनोहर छटा लालित्य आफ्नो भनी ॥
सिक्थिन ती कुन ठाउँमा छ जिउको शोभा तथा मोहनी।
कस्तो ले मन खैंचने नृपतिको भन्ने परीक्षा गरी ॥

(१२)

'गरूँ बश पराइको मदनमोहिनी भैकन ।
शिंगारहरुले खुली नजरनिति टूना बनी ॥
अनेक मृदु चालका सरस झल्किदा लज्जत ।
जपीकन हिंडाइमा छन् चकोर पाऊँभनी ॥

(३१)

जो संकोच मुनासमान पहिले खुँची सँधै घुम्रियो ।
त्यो न्यानापनले फुकेसरि भयो पाई उज्यालो प्रब ॥
आँखाका भमरा दुवै वदनको गर्ने प्रशंसा भए ।
भित्री लज्जत क्यै खुला हुन गई झुल्थिन् हवामा मृदु ॥

(१४)

तारासमान नभमा दुइ चार बीच ।
त्यो श्यामलो वनविषे छविकी जुहार ॥
पर्दा लिई मधुर मिर्मिरको लुकेकी ।
हाँसी खुली अब त चम्चम भै उदाइन् ॥

(१५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नङ्गा हरा मृदुल रेशमका वसन्ती ।
भावादिका हृदयका किरणेच्छु बन्दा ॥
ती सुस्त सुस्त हलुकासँग दी प्रसार ।
खोज्छिन् महीपति महीरुह झैं, लता झैं ॥

(१६)

लज्जा लिई विधुमुखी घनबीच रानी ।
ज्योत्स्ना छरेर पतला रसरूप खानी ॥
चाँदी किनारतिर छन् अलि छोपिएकी ।
लज्जासमेत मनमोहन झैं बनाई ॥

(१७)

बल्दा दिवाकरसमान प्रतापवाला ।
मध्याह्नबीच यशको अब चारु चाला ॥
पाई बनी चपल झैं मलयप्रवाह ।
धेरै मिठास गतिबीच फुलाइदिन्छिन् ॥

(१८)

सानी बनी लहर झैं मृदु मालिनीको ।
नाच्छिथन् तिनी छविमयी सुखसाथ चोखी ॥
झल्की घुमेर वनमा रविरश्मितुल्य ।
ती भूपको वदनको छविमा अमूल्य ॥

(१९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नालासमान दुइ मिल्न लिएर इच्छा ।
मिल्थे हरा विपिनमा विधुका अगाडि ॥
पीयूषका किरणले जल जिन्दगीको ।
मीठो गराउन बराबर फूल्नेर ॥

(२०)

बोल्थे कोकिलले वसन्तपनासत जो फूल भै फुल्दछन् ।
बैसे मञ्जुलता हिलीकन सबै वास्ना मिही खुल्दछन् ॥
साना मंजु सुगन्धदार मसिना भावादि उन्थे जहाँ ।
गर्थ्यो शासन भारले मधुरताको वन्य त्यो मन्दिर ॥

(२१)

गर्थे भाषण भाव वन्य खगले त्यो दृश्य बन्थ्यो कथा ।
झर्थ्यो झर्झर फूलको रज त्यहाँ बस्थे जहाँ ती दुइ ॥
मानो सौमन भाव झैं विपिनका ती मूर्ति छन् मानव ।
मानो ती दुइको अभासित कुरा बास्ना बनी चल्दथ्यो ॥

(२२)

विहाघर बन्यो वनै तरुलता बने यज्ञ झैं ।
बने कलश फूल नै हरितशैल वेदीहरू ॥
बने रँग शिखासरि प्रकृति बीचका अग्नि झैं ।
ध्वजा बहुल झुकिए पवन बीच भै फर्फर ॥

(२३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरोहित वसन्तले लिखित रंग रेखाहरू–
सिंत मधुर बाद्यका विहगकंठ बोल्थे जहाँ ॥
वितान पनि व्योमको मुदित भो अर्बारे बनी ।
मुना शिशु मुसुक्क छन् मृदुल रंग नाना त्यहाँ ॥

(२४)

नवीनरँग वस्त्रका युवतिका थिए रेशमी ।
सुगन्ध अब प्रेमले महलमा बनेली छिट्यो ॥
चले भ्रमर भुन्भुनी द्विजसमान बाँचीरुन ।
मनोहर प्रसूनका मृदुल पत्रका अक्षर ॥
रंगीन मधु राखिने मृदुल हेर प्यालाहरू ।
बन्यो; मदन नै यहाँ अब प्रबन्धकर्ता छिटो ॥

(२५)

केही रोज बितेर भो अनि कुरा गान्धर्व गर्ने बिहा ।
मंजूरी सबको भयो र त्यसको छीटो तयारी भयो ॥
त्यो राम्रो लहरा प्रसून जगमा त्यो भृङ्ग औ पुष्पको ।
ज़स्तो वन्य विवाह आफुखुशको भो चित्तको मेलन ॥

(२६)

त्यसै वेला फागू प्रकृतिगृहमा सुन्दर फुक्यो ।
भरा रंगी चंगी तरुवर त्यहाँ चीरहरू झैं ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परी हाँसे राम्रो मधुमय वसन्ती वसनमा ।
घसेका छन् फा ती मृदु वदनका रंगरँगका ॥
(२७)

चडा पोखी राम्रा सुरपुरपरीले तलतिर ।
झटालीमा बस्दा किरणपथले रंगहरु दी ॥
कतै सिर्का छिर्का मधुर पिचकारीहरु दिए ।
सबै हाँसी हाँसी रँग विविधमा प्लावित भए ॥
(२८)

उषाका भयालैमा दिनकर गई स्वर्ण करले ।
त्यहाँ हाने लीला ललित मृदु लाली सरसका ॥
बने पोका राम्रा जलद रँगका व्योमतलमा ।
गवैया पंखीका हृदय पनि पारी छिरबिर ॥
(२९)

सुनौला भै जाई किसलय कलेजी पनि मुना ।
हरीया भै नाच्छन् धवल रँग चम्पा हुन गई ॥
जपा रातो राम्री जुइ कमल, सेतो कनकको ।
बने चम्पा राम्रा गगनरस इन्दीवर बन्यो ॥
(३०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छिटी खुस्बू राम्रा प्रमुदितमुखी बायुसँगमा ।
चली जिस्की बस्ने युवति कुसुमी हेर नखरे ॥
यसो छल्दै बंगी मुद्मय तरंगी रँगरँग ।
बने चाला बैंसे सहृदय हिली चारु विनता ॥

(३१)

कुनै भो भो नाईँ अब रँग पुग्यो भन्न सरस ।
नुही ढल्की बंगी छुनुमुनु गरी छन् मृदु रस ॥
गठीला छातीमा मदन रँगले छुन्छ छविला ।
चरा बाजा बोल्छन् लहर लँगमा नाच्दछ खुला ॥

(३२)

छ होरीको लीला प्रकृत ढँगको कृष्ण प्रभुको ।
कुनै घुम्टो लिन्छन् अलि अलि खुला छन् अब कुनै ।
कुनै लुक्छन् झाडीतिर मुख दिई कै रस रँग ।
प्रसन्ना भै लिन्छन् प्रियतम खुशाऊँसरिसँग ॥

(३३)

यस्तो ढंग भयो बिहा विपिनमा राजा बने सूर्य झैं ।
मानो लाज बनेर बादल उषा जस्ती बनिन् ती बधू ॥
छोटो रंग गुलाबको सरसरी आएर वैलीकन ।
घुम्टोले मुख ढाकिएर दिलमा आनन्द मात्रै बनी ॥

(३४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छीटो छाती उप्सिई ओर्लिएर ।
चाला जस्तो कोकिलाको लिएर ॥
पारावारै बँसको उर्लिएर ।
छुन्थ्यो जान्थ्यो तुल्य त्यो छाल हेर ॥

(३५)

रंगी चंगी फूलका भाव मीठा ।
चल्थे वल्की ती शिरामा नवीन ॥
झल्की झल्की छाल झैं मालिनीका ।
स्वप्ना जान्थे हृद्‌जगत्मा झझल्की ॥

(३६)

सौन्दर्यैकी कोमला दिव्य रानी–
लाई मानो रश्मिले स्वर्गबाट ॥
रानी हाम्रो विश्वकी हौ भनेर ।
मानो जान्थे पाउ राम्रा चुमेर ॥

(३७)

कोही कोही फूल छर्थे विवाह ।
रोई रोई हर्ष हीरा उज्यालो ॥
वत्ती बाल्थे फूलले दिव्य रंगी ।
धूपै जल्थे मग्मगाएर श्वास ॥

(३८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पारावारै पार आई समीर ।
सन्देशार्थी कश छोपर जान्थ्यो ॥
रानी हाम्री दूरका द्वीपबाट ।
आयो खोली स्वागतार्थी कपाट ॥

(३९)

फुल्दा हाँगा भन्दछन् चारु चारु ।
हाम्रा लावा वर्वरापर झारूँ ॥
उड्दा पंछी भन्दछन् स्वर्गसम्म ।
रंगीचंगी हर्ष फर्फर् फिजारूँ ॥

(४०)

नाचूँ नाचूँ भन्दछन् छाल छम् छम् ।
झल्का झिल्का झल्झलापर झल्झल् ॥
धप्कूँ धप्कूँ भन्दछन् शैलशृङ्ग ।
भन्छन् खोला गाउँदै जाऊँ कल्कल् ॥

(४१)

ढुंग्रीलाई स्वर्गका जाइ हाँसी ।
लाली झुम्का लाउने चट्ट कल्की ॥
बेली बन्छे प्रेमको युग्म छाती ।
नीला राम्रा फुल्न लागे गिलाँस ॥

(४२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जूँघा लाग्यो पुष्पले हेर जूँघे ।
ठट्टा गर्दै आजको यो बिहामा ॥
बोल्थे सारा जिन्दगी जिन्दगी नै ।
स्वप्ना पस्थी जिन्दगीको सँघार ॥

(४३)

फुल्दो बन्दो जिन्दगी आज खुल्दो ।
हावा बास्ना चित्तको भन्छ चोरूँ ॥
आधा छिप्ने आधि खुल्ने प्रभाव ।
लज्जा भारी बैंसको हो स्वभाव ॥

(४४)

गाला राम्रा फूलका हेर आज ।
लाली लाली छन् कहीले सुनौला ॥
बोल्ने गाभा मंजरी-चारु नाचे ।
नीला राता शब्दले अंग भाँचे ॥

(४५)

भित्री आशा बीज काँढा छिचोली ।
फुल्थी फुल्थी आज पाई प्रकाश ॥
इन्द्रेणीका रंग वर्लेर छिर्विर् ।
बन्दा जस्तो हर्ष भो आज तिर्मिर् ॥

(४६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुन्द्रा मुन्द्रा चित्तका चारु हाली ।
वल्ली हल्ली रूखको फेद तल्ली ॥
छुन्थी उठ्दै प्रेमका आज हाँगा ।
मीठा मीठा फूलका दीप बाली ॥

(४७)

रंगीचंगी जिन्दगी आज सारा ।
कैले यौटै सूर्यमा हुन्छ धप्धप् ॥
रंगीचंगी फुट्छ काँही बनेर ।
झुप्पा टुप्पा झल्झलाएर झप्झप् ॥

(४८)

आत्मा भन्थ्यो "आज हे दिव्य टूना ।"
टूना भन्थी "दिव्य हे पूर्ण ज्योति ॥"
आँखा भित्रीबाट जो बर्र मोती ।
झर्थे सज्थे फूलका चारु लोती ॥

(४९)

मेनका स्फटिकतुल्य मनोज्ञ ।
शैलशृङ्गहरुबाट उज्याला ॥
ध्यानका नजरले तल हेर्थिन् ।
सुन्दरी शवलशैल रसामा ॥

(५०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तारकासरि तिनी अति ऊँचा ।
स्वर्गशैलचुचुराकन टेकी ॥
छन् अदृश्य तर सूर्यप्रभाको ।
तेजिलो यवनिका रहनाले ॥
(५१)

देख्दछिन् स्फटिक-मण्डल चारु ।
वायुको सब धराकन घेर्दो ॥
पारदर्शक हुँदा अलि सोही ।
देखिने मधुर मोहन पृथ्वी ॥
(५२)

ध्यानले जब सुकेन्द्रित आँखा ।
कण्वको घरनजीक पुगेथे ॥
देखियो वन सुचारु झलक्क ।
पुष्पदार महिमा हरियोमा ॥
(५३)

देख्दछिन् तब तिनी दुहिता ती ।
काँधसम्म नृपको छ उँचाई ॥
चारु वस्त्र रवि भूषणलाई ।
पुष्पको सरस बैंससमान ॥
(५४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चट्ट चारु ढँगले लहराझैं ।
ढल्किईकन लिंदी बर आउ ॥
हर्षकी रँग फुल्लेसरि चारु ।
पत्रदार हरियो वनभित्र ॥

(५५)

दृश्य- त्यो तर झलक्क भएर ।
अलिपयो तनु निमेष हुँदैन ॥
पत्रदार गिरिमा जल जस्तो ।
एक शुभ्र कुइरो हुन आयो ॥

(५६)

के अलच्छिन भयो कुइरो यो ।
के भविष्य तिनको बदलिन्छ ॥
यो विचारसित चिन्तित चारु ।
अप्सरामहलतर्फ सिधारिन् ॥

(५७)

—=०=—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तदश सर्ग

(मन्द्राक्रान्ता)

धेरै लामो सुख प्रकृतिले जिन्दगीलाइ दिन्नन् ।
सारा हाम्रा ऋतुहरुविषे अल्प लाग्ने वसन्त ॥
लाली राम्रो गगनपटमा बस्छ है थोर काल ।
स्वर्णाभाका पछि तिमिरले दुःखको फिंज्छ जाल ॥
(१)

साना झल्का बहुत रसिलो पाउँदा छन् निमेष ।
निभ्छन् ज्वाला तर हृदयमा अन्धकारै छ शेष ॥
राम्रा मीठा सुख कुसुमका फुल्दछन् थोर काल ।
प्रेमीलाई पर गरिदिने छन् यहाँ क्रूर जाल ॥
चाँडै आयो खबर सुखको रोजको पार्न अन्त्य ।
दुःखी थोपासित जलद झैं पार्न कालो दिगन्त ॥
(२)

हेर्नैपर्ने भुवनपतिले सत्यका ती विरोध ।
गर्नैपर्ने समर रिपुका दुष्टतानिति शोध, ॥
"पाई मौका रिपुदल बढी राज्यमा दी चढाई !
हुन्ने आपद् निकट छ" भनी "दूतले भन्छ भाई" ॥
(३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखी ठूलो निकट खतरा भूपले प्रीतिलाइ।
भन्छन् "हामी दिल दिलसँगै बन्दछौं नित्यलाई ॥
छुट्टिन्नौं हैं तर अब यहाँ एक आपद् मलाई।
दुःखी बोलीसित विनतिमा माग्छु तिम्रो बिदाइ ॥

(४)

टल्पल् आँखा वदन नृपको हेर्दछन् भै पुकारा।
"छाडी जाने हृदय नहवोस्" भन्दछन् "आज प्यारा" ॥
देखी रोयो हृदय नृपको नेत्र ठूला रसाए।
रोकी बोली क्षणभर रुँदो चित्तलाइ अडाए ॥

(५)

भन्छन् "हामी दुइ पर नभै साथमा नै रहूँला।
तिम्रो तस्वीर हृदय लिई कष्ट सारा सहूँला ॥
हामी हौंला रवि विधु दुवै दूर यो अंकमाल।
गर्दै प्यारो निशिभर भरी प्रेमको ज्योति-ज़ाल ॥

(६)

कर्मै ठूलो समरथलमा हाजिरी माग्छ विश्व।
तिम्रो ठूना विजयहरुको बन्छ भित्री रहस्य ॥
लाग्छन् वैरी अनृतदल झैं दुःख दी सत्यलाई।
लड्नैपर्ने सकलसँगमा धर्मको दी रजाई ॥

(७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"चाँडै होला विजय रिपुको, छौ तिमी नै सहारा ।
तिम्रो टूना हृदय रहने शस्त्रमा दिन्छ ज्वाला ॥
सङ्कन् आत्मा समर नभजे–सत्य राख्ने उपाय ।
तिम्रै होला विजय गहना कीर्तिको पुष्पमाला ॥

(८)

छोडी जानै अब कर पर्‍यो युद्धको भूमि ताकी ।
चाँडै फिर्नेछु बुझ, महिषी बन्नु तिम्रो छ बाँकी ॥
लामो आँखाभर भर लिई वेदनादार विन्दु ।
झन् झन् भर्छ्यौं हृदयभर यो शूल, सौदर्यसिन्धु !

(९)

मर्ने आत्मा न छ, अमर यो छैन हाम्रो वियोग ।
सत् विश्वासीकन समर छन् प्रेमका नै परीक्षा ॥
मिथ्यालाई विजय गरिने युद्धमा मृत्यु आए ।
प्रेमी नाता अमर लहराबीच झन् फुल्न पाए ॥

(१०)

जो विश्वासी हृदय गहिरो त्रास त्यल्लाइ छैन ।
शंका गर्ने हृदय धृतिले दुःखमा लिन्न आश ॥
विश्वासी भै डर पर गरी संझना होस् सजीव ।
तिम्रै छाती प्रचलित हुने दुक्दुकीमा म आई ॥
मीठो तालीसँग त रहुँला नित्य आत्मा समाई ।

(११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिर्से मेरो हृदय नरहोस् खाक होस् विश्व सारा।
मेरो आत्मा नरकगत होस् बिर्सिए यो मुहार ॥
साना पर्दा समयकन छन् जिन्दगीका वियोग।
खारी आत्मा विमल गर्ने हो परीक्षा वियोग"

(१२)

भन्दै प्यारी विपिनदुहितालाइ संझाउँदा ती।
आँखा ठूला टलपल भई दुःखदाना झरेकी ॥
आफैं रुन्छन् मन मन त्यहाँ रोक्दछन् किन्तु आँशु।
"चाँडै फर्की लिन विपिनमा आउँला है" भनेर ॥

(१३)

सीधी आत्मा विरहहरुमा आशले रोज गन्थिन।
औंठीको ती प्रतिदिन हुने वर्णको रीस गर्दी ॥
सारा संसार तिमिर भरी दुःखको राज्य देख्थिन्।
आशा राख्थी हृदय जलले नत्र ता खाक बन्थिन् ॥

(१४)

उड्दै आए निठुर नभमा क्रूर ती दीर्घ रोज।
जल्दा ज्वालासदृश रविका ग्रीष्मको स्पर्श पाई ॥
यौटा दोटा अनि जब गयो रोज तेस्रो उडेर।
रोइन् आँखा जल जल गरी वाक्य मिथ्या बुझेर ॥

(१५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लामा लामा अश्रु हुन गए दु ख जस्ता निमेष ।
शंका बढ्थ्यो मनमन डरै जित्दथ्यो नित्य वेश ॥
दुब्ली दुःखी सँगिनिसँग नै सुस्तरी सुस्किएर ।
आँखा ठूला सजल रहँदी बस्दथिन् घोरिएर ॥

(१६)

कोही भन्थे तब रणकथा हास्यका ढङ्गसाथ ।
सुन्थिन् आधा तर विरहले झन तरंगी छ साथ ॥
कस्तो होला समर कसरी युद्ध गर्छन् भनेर ।
शोच्थिन् लाग्थ्यो डर मन मनै बोल्नु लज्जा बनेर ॥

(१७)

बस्थिन् शोची प्रथम सुखको दृश्यलाई जगाई ।
शोभा संझी मधुर मुखको, त्यो बिहाको मिठास ॥
स्वर्गै जस्तो वरिपरि थियो दिव्य आनन्दभित्र ।
पंछी बोल्थे सुखमय लता झुल्दथे क्या विचित्र ॥

(१८)

ज्यादा बढ्दा विरह मरु झैं शून्य संसार बन्दा ।
आत्मा खोज्थ्यो मधुर मुखको संझनाको मिठास ॥
बिर्सी भन्थ्यो प्रकृतपनले दुःखले बाह्य दृश्य ।
आफ्ना प्रेमी परतिर हुँदा शून्य जस्तो जगत्मा ॥

(१९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"जो पाइन्नन् निकट सुखका चीज सौन्दर्यवाला।
फोस्रो बन्दा मरुसरि जगत् झल्किदा तापज्वाला॥
सो सो पाऊन् हृदयतिर नै यो दयाको विधान।
जादूगर्नी मधुर सृजना कल्पनाको ऽ जान॥

(२०)

बन्दै आयो मन मन जगत् सौख्यको रंगशाला।
रानी देखिन् महल रसिलोमा रहेकी उज्याली॥
आफैंलाई भनि टहलमा धेर राम्रा सुसारे।
राम्रा राम्रा युवतिहरुले वस्त्रलाई शिंगारे॥

(२१)

"आजै फिर्छन् विजयसुखमा भूप" भन्थे मुसुक।
हाँसी कोरी मृदुल उनका केश, बैंसे सुसारे॥
ऐना हेरिन् विजयमहिमा चित्तमा झल्ल झल्क्यो।
आँखा चंके मुख अलि पुछिन् लाल केही बनाई॥

(२२)

त्यस्तैमा ती समरविजयी रत्नका ताजवाला।
माला लाई अतिकति बढेका उज्याला र अग्ला॥
बन्थ्यो रेखा असि कमरमा, स्वर्णको म्यानसाथ।
हाँसी आए अरु सब उठे, ती उठिन् आँसुदार॥

(२३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"प्यारी" भन्दै विजय करले पातलो आँग बेरे ।
स्वर्गै वर्लेसरि हुन गयो चारु आँखा उचालिन् ॥
भेटे दोटा, दिल दिल गई नेत्रका ज्योतिभित्र ।
भित्रे छिप्दा बहुत दिनका भाव झल्के विचित्र ॥

(२४)

"मेरो कस्तो विरह रहका मत्स्यको झैं दशा भो ।
भन्दी आत्मा सजलनयनी टलपलाएर आइन् ॥
दुर्वासाले यस दिन कुटी कण्वको संझिएर ।
देखे आँखा सरस विरही स्वप्नका देशभित्र ॥

(२५)

धेरै पर्खे तर युवतिले देखिनन्, स्वप्नमग्ना ।
"कस्ती अन्धी" मन मन भने शब्द यौटा उठाए ॥
"सुन्छिन् कानै पनि" अनि त्यहाँ चित्त आयो रिसाई ।
"हाम्रा कस्ता ऋषि-कुल-सुता बिग्रिएका विकस्वा ॥
प्रेमी कामी विरह रहका मत्स्यका बालिका झैं ।
के गर्छिन् यी ? ऋषिहरु कहाँ जन्म दिन्छन् यिनैले ?
बिग्रे भत्के द्विज अब सबै ! जाति पार्छिन् खियौटे ॥

(२६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"कस्ती अन्धी ! प्रकृत महिमा मात्र देख्दी दशामा ।
शुक्छन् तेरा रस, तनु शुकी बन्छ मूढो चिताको ॥
कस्मै बिर्सी सब कलमको, दूर सत्कार फ्याँकी ।
कामी अन्धी त्रिभुवनविषे अन्धकारै छ छर्दी ॥

(२७)

"कामै कालो कलुष मनको ज्ञातिको नाश गर्ने ।
कालो धूँवा समरहरूको, शान्तिको भङ्ग गर्ने ॥
यै बाधा हो सकल ऋषिको, विश्वको प्राण हर्ने, ।
कस्ती अन्धा म अघि छु खडा यो छ मुर्दा न हेर्नें ॥

(२८)

"माया जस्ती तरुणा मुखकी हेर ! सेती मकुंडी ।
आत्मा बिर्सी अनृत ढंगले कामकी उग्र चंडी ॥
यो पापी हो नजर नदिने सत्य कर्तव्यतर्फ ।
विश्वै डग्ला द्विजकुल सबै विग्रिई जान्छ नर्क ॥

(२९)

" को छन् ए यो घरतिर ? कुनै कान छैनन् यहाँ के ? "
भन्दा ऊँचा स्वरसित तिनी क्रोधले दन्दनाए ॥
बेपर्वाही युवति नसुनी नासिकातर्फ झुक्थिन् ।
बायाँ फर्की कर शिर झुकिन् भालले छुन्छ औंला ॥

(३०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्वासा भन्न लागे मन मन "जडता यत्तिको देखिएछ ।
कस्ती अन्धी उपलबहिरी शून्यकर्तव्यचित्त ॥
काली माया धवलमुखकी ! जाड्यको अन्धकार !
देख्दै दन्की हृदय तपको सल्किने वारवार ॥ '

(३१)

" यस्तै मूढा यस विपिनमा पर्दछन् जाड्यमूर्छा ?
बोल्दा कोही द्विज ऋषि यहाँ छैन केही जवाफ ? "
यस्तो कालो तिमिर निशको स्तब्धता पानहान ।
फर्कन्छन् के ऋषि,द्विज तथा साधु यस्तै गरेर ?

(३२)

" यो बेहोशी क्षणभर लिए मारका मार खाई ।
नासीजाने द्विजकुल सबै च्याँठ लाग्दो मलाई ॥
देखिन्छे यो मदनसपने शिष्ट आचार त्यागी ।
श्वाँसो बन्छे कलुषहरुकी कल्पना बन्छ दागी ॥

(३३)

" मेरो आत्माकन पिर दिने खिर्खिरी यो लगाई ।
सारा राम्रा मृदुल वनमा च्याँब हाल्दी जगाई ॥
बल्दी ज्वाला विरहहरुकी कामकी रूपलाई ।
बिर्सौस् यस्तै प्रियतम पनि प्राण दुःखी गराई ॥ "

(३४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रन्की आँखा नयन दुइका बीच भौंनेर रत्न ।
फन्की जाँदा ऋषिकन सुने झट्ट साथीहरूले ॥
दुङ्गा बन्दा क्षणभर सफा त्रास पर्दा कुँदेका ।
आए आँखा टलपल गरी ती पुकारा दगुर्दै ॥

(३५)

जोडी भन्छन् कर विनतिले "मूर्तिमान् हे तपस्या !
सोझी सीधी सखि विरहले रुग्ण बेहोशमा छन् ॥
बेचाराले झकभर नली रातमा नींद ठगडा ।
गर्माएको मगज उनको चक्कराई छ मूर्छा:-

(३६)

"ती छन् पग्ली विरहरहमा, छैन क्यै ज्ञानसम्म ।
त्यस्ती दुःखीकन पनि हरे ! श्राप त्यस्तो अचम्म !
हुन्छन् ठूला ऋषि हृदयका कोमल ज्ञानसिन्धु !
राखी माया झिकिदिनुहओस् शापको तीक्ष्ण शूल ॥
मर्नेछन् ती नत नयन झैं भै जगत् अन्धकार ।
साँच्चै हत्यासरि हुन गई लाग्छ है पाप क्या र ?

(३७)

" लाखौं लाखौं विनतिहरुले माफ मागेर हामी ।
पर्छौं पनी खुट्टा कुइमा हे कृपाका पयोधि !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठूलाको जो गुण हृदयको रत्न, त्यो हो क्षमा नै ।
फिर्ता बक्स्योस् स्मृतिवचनले बक्सियोस् प्राणदान ॥

(३८)

भन्दा चल्दा पयर नअडी "कामकी राक्षसी थी ।"
भन्ने ठानी नजर दुइले रीसले चट्ट हेर्दा ॥
आधा सुन्दा प्रखर तपका ग्रीष्मका सूर्यज्वाला ।
दुर्वासा ती अलि पर अडे प्राणबाधा सुनेर ॥

(३९)

शोची भन्छन् "अब पनि यसै गर्दछ्यौ के मकुंडी ?
कर्म्मै धर्मैकन सब त्यजी साधु श्रद्धा नराखी ॥
कानैं छैनन् जुन घर पुकाराहरूमा तपस्वी ।
त्यस्तालाई विरह नपरे पर्छ केमा र फेरि ?

(४०)

भैगो जो भो तर अब यहाँ फेरि यस्तो नगर्नू ।
यौटा औंठी स्मृति दिन रहे शाप मेरो नलागोस् ॥
जाओ ! ग्वाङ्ग्रीहरु, अब गरे होशले कामकाज"
भन्दै हाँसी परतिर चले क्रोधका उग्रमूर्ति ॥

(४१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सल्लाहाले युवतिहरु ती भन्न सारा खुलस्त ।
व्यर्थै मानी–विरह सखिको खालि बढ्ने हुनाले ॥
च्यूँफेकी ती सरस सपनाबाट केही हँसाई ॥
ठट्टा गर्दा मन मन भए चिन्तिता आजलाई ॥

(४२)

यस्तैमा ती परतिर हुँदा कालमा नाटकीय ।
फर्की आए धवल वयका श्मश्रुका मूर्ति कण्व ॥
छोरी-प्यासी कुशल रहने तीर्थयात्रा घुमेर ।
आशिर्वादी वचन सँगमा ल्याउँछन् जो प्रसाद ।

(४३)

सोध्छन् वार्ता, तरुणावदनी त्रासले रंग फेर्दी ।
झुक्छिन् मानो " त्रिभुवनभरी दोष मेरै छ ठूलो ॥ "
कस्ती सीधी जनकमुखमा हेर्न खोज्दी सभीति ।
देखिछन् बाबा अघिसरि सफा बन्दछिन् साहसी ती ॥

(४४)

सारा बन्दा तर पछि खुला गौतमीबाट बात ।
डाकी भन्छन् विपिनदुहितालाइ ती वृद्ध ज्ञानी ॥
" राम्रै वार्ता खुशसँग सुनें " ती झुकिन् लाज मानी ।
' त्यस्तै खोज्थें म पनि " यतिमा हर्षले चाख मानी ॥

(४५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बित्दै जान्थे दिन विरहका शून्यमा अल्पिएर ।
हृद्व्योमी झैं जलकण सफा तारका झल्किएर ॥
यस्तै गर्दा पछि पछि भयो याद योटा कुराको ॥
बढ्द आयो अरुचि उनका अन्नमा रोज रोज ॥

(४६)

हाँसी भन्छन् सखिहरू "सखे ! गर्न आए शिकार ।
सारा हाम्रा हृदय-वनमा एक राम्रा कुमार ॥
छिप्छन् कोहा निकट रहने कन्दरामा अँध्यारो ।
राजा छैनन् निकट त भने, भित्र छन् गुप्त क्या र ?"

(४७)

हाँसी लज्जा सरस गतिले झट्ट ती फर्किजाँदी ।
"कस्तो भो है डर अनि कटी ! के गरी थाह पाए ॥"
भन्दी झुक्दी अघि पछि दुवैतर्फ हेर्दी उज्याली ।
राम्री सारै मृदुल महिमा काव्य राखून् उचाली ॥

(४८)

—=०=—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टादश सर्ग

(वसंततिलका)

आयो त्यहाँ खबर पंङ्क, लिएर छीटो ।
एकान्त शान्त वनमा शरदीय मीठोः–
"दुष्यन्तले समरमा विजयी बनेर ।
झंडा लिए अमर कीर्ति हुने गरेर ॥"

(१)

"खोला असंख्य रिपुको रणमा बहाई ।
लाली भरे जलदमा सब कीर्ति छाई ॥
मानो नवोदित प्रभाकर झैं सुवर्ण ।
बन्दै फिरे गगनमा कवि पंखलाई" ॥

(२)

संदेश एक नृपबाट नपाउँदामा ।
आशा निराश हुन गै दिन धाउँदामा ॥
चिन्ता परेर ऋषिका मनमा अघोर ।
ठाने नृपेशकन क्यै दिलका कठोर ॥

(३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्छन् "अचम्म हुन गो अफसम्म केही ।
संदेश छैन नृपबाट शकुन्तलामा ॥
हुन्छन् सुकोमल सफा दिल शीघ्र स्नेही ।
धोकासमान म त बुझ्छु बिलम्ब लामा ॥

(४)

"ज्यादा बसेर पर-माइतिमा रहेर ।
बिग्रिन्छ धेर घर विस्मृतिबाट हेर ॥
आँखाअगाडि न रहे यदि रूपवाली ।
लाग्ने अरूतरफ यो छ जगत्प्रणाली ॥

(५)

"भुल्छन् सदा पुरुषले अघिका प्रतिज्ञा ।
बन्छन् सदा भ्रमर रूप र रंगसामु ॥
आफ्ना अगाडि रहनेकन मात्र देख्छन् ।
शृङ्गारदार रसका उपभोग राम्रा ॥

(६)

"कन्या विवाह नहुँदातक माइतीकी ।
आफ्नो घरैतिर हुने पछिलाइ फेरि ॥
सम्पत्ति यो छ जसको उसलाई सुम्पे ।
आनन्द बस्छ दुइतर्फ सदैव गम्की ॥

(७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाँडै तयार गर यी घरतर्फ जाऊन् ।
बिर्सेर बस्न नृपले घरमा नपाऊन् ॥
रानी बनून् महलकी पतिसाथ पाऊन् ।
चिन्ता समस्त मनका सहजै हटाऊन् ॥"

(८)

यस्तो सुनी बचन ती ऋषिका, तयारी ।
गर्दीभइन् घर पठाउन निति भारी ॥
ती गौतमी, बहुत दी उपदेश राम्रा ।
चाँडै पठाउन भनी घरकी बुहारी ॥

(९)

"ठट्टा नगर्नु गिजिएर नबस्नु नानी ! ।
के भन्नुपर्छ र ? तिमी यति शान्त ज्ञानी ॥
हँस्सी बनाउँछ सँधै हलुका मिजास ।
गंभीर भाव लिनु राख्नु यथेष्ट लाज ॥

(१०)

"ज्यादा नबोल्नु मन झट्ट त्यसै नखोल्नू ।
आन्द्राभुँडी नदिनु पर्न र तान्न खुट्टा ॥
छुट्टा रहेर झगडाहरुबाट बच्नू ।
बोली कडासित नबोल्नु नपार्नु बुट्टा ॥

(११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"झूठो नबोल्नु दिन एक खुलस्त हुन्छ ।
छिप्दैन सत्य बरु ईश्वर नै नुहुन्छ ॥
बाङ्गोपनासँग विकारहरू बढाई ।
झूठा नबन्नु, गर आदर आफुलाई ॥

(१२)

"छोडेर मान नझुके न त गर्व राखे ।
साझा र प्राकृत बन बनिदैन पाखे ॥
राम्रा मिजासहरूले सब चित्त राखे ।
बन्नू विनम्र, न त रीस कदापि राखे ॥

(१३)

"सौन्दर्यको छ अधिकांश विनीतता नै ।
श्रृङ्गार या युवतिका छ अमूल्य जान !
बोली शिंगारसरि मध्यम जान नानी ! ।
बोल्दैन जो हृदयमा छ उ रत्न-खानी ॥

(१४)

"श्रीपेच हुन्छ दिलमा गुणशीलताको ।
फुल् भन्नु पर्छ र कहाँ गुण है लताको ? ॥
सद्धर्म सुन्दर मिजास दुरुस्त राखे ।
बेहोशका क्षण नहून्, सब हुन् सचेत ॥

(१५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"आफ्ना सबै कदम, चाल र हाव भाव।
तालीम गर्नु अनि बन्छ सफा स्वभाव ॥
जस्तो अनेक विधिले अति सूक्ष्म ढङ्ग।
पाइन्छ देवहरुको सब रूप रंग ॥

(१६)

" फुल्दो लतासरि छ यो बुझ जिन्दगानी ।
थाँक्रो दिएर धृतिको अनि शील पानी ॥
राम्रो दिएर यसको गर छाँटकाँट ।
फुल्नेछ यो सकल मग्मग दिव्य ठाँट ॥

(१७)

" जो लोभ मोह मद छन् तिनबाट वक्र ।
बन्दै स्वभाव, सब उल्टिन जान्छ चक्र ॥
राख्नू सदा हृदयमा अति सूक्ष्म तौल ।
जानेर चीजहरूको सब मोलतोल ॥
" गर्नू शिंगार तर ठीक रिझाउनाको ।
ज्यादा नगर्नु नखरा नबनोस् तमाशा ॥

(१८)

जो पाँईदैन सहजै, जसको प्रभाव ।
सारा रिझाउँछ, छ जान त्यही स्वभाव ॥
सत्को प्रवृत्ति लिनुमा सुखको बहाव ।
पाइन्छ, सुन्दर सबै बुझ सत्य भाव ॥

(१९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"भित्री कुराहरु रहे सब ठीक ठीक।
सौन्दर्य खुल्छ सहजै सँग एक एक ॥
तारासमान मनमा सब भाव पारी ।
चल्नू सुदिव्य गति स्वर्गिक मार्गचारी ॥

(२०)

" जो धूर्तता छ उसमा पनि सार छैन ।
सत् नै कला छ प्रभुको त्यसमा छ चैन ॥
जो नीति हो उकन सत्य दिए अडान ।
सप्रिन्छ बन्छ सब जीवन नित्य जान ॥

(२१)

"यौटै छ ईश्वर उ भो पतिदेव खास ।
श्रृंगारतुल्य दुनियाँ दुइको प्रकाश ॥
यौटा धिराज दिलको छ अनंत आश ।
बन्नू प्रसन्न दिल, अर्पिनको सुवास ॥

(२२)

"आफ दिए पति भनीकन मिल्छ आफू ।
बिर्सेर आफुकन लीन बनेर बस्नु ॥
केही नगर्नु पतिका सँगमा विरोध ।
सल्लाहसम्म दिनु, विकृति मात्र शोध ॥

(२३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"आत्मासमान पतिको बुझ्छ नित्य नारी ।
आत्मा तथैव पति हुन् गृहिणीहरूका ॥
बेलीसमान दुइ छन् रस एक पाई ।
फुल्दा सुवाससँग मर्न र ज्यूनलाई ॥

(२४)

" जो बुद्धि झैं विकृतिभित्र रहेर बोल्छे ।
'यो ठीक यो उचित यो छ खराब' भन्दै ॥
क्रोधाग्निमा जल दिने , पर सार्न मोह ।
नारी छ शान्ति तहलाउन आत्मद्रोह ॥

(२५)

नारी गृहस्थहरुकी मुटुतुल्य जान ।
हुन्छन् अडेर रहने उसबीच प्राण ॥
त्यो दूषिता हुन गए सब गड्बडिन्छ ।
त्यो बिग्रिए गृह त्यसै शवतुल्य हुन्छ ॥

(२६)

"आचारभित्र रहनू रति फेरि मासा ।
सद्भावभित्र व्यवहार लिएर खासा ॥
धर्मैविना घर चिता शव हुन् निवासी ॥
कर्मैविना मरुसमान छ शून्य गेह ॥

(२७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"जो सभ्यता छ जगमा सब गेहबाट ।
जन्मिन्छ, पोषहरु पाउँछ भित्रबाट ॥
आचारबाट लहराहरु बासदार ।
फुल्छन् प्रसून जगमा सब सभ्य सार ॥

(२८)

"यो रत्नको जलधि हो गृहनाम ठूलो ।
ती रत्न हुन् गुणहरू गहिराइभित्र ॥
झल्किन्छ पानि तिनको जब देश काल ।
माग्छन् खुला किरणमा, रणमा त्रिकाल॥

(२९)

"दृष्टान्त बन्नु सबका अघि चालद्वारा ।
बोल्दै नबोलिकन बाल्नु गरेर काम ॥
बत्ती बनेर घरकी सब अन्धकार ।
छोडी, दिनू किरण उज्वल हुन्नँ मुहार ॥

(३०)

"स्वादिष्ट पार्नु दिलले सबनिंति खाना ।
प्रेमै सुधासरि छ, शीलहरू खजाना ॥
मीठो गरी बचन प्रेम मिसीदिएको ।
स्वादिष्ट बन्छ रस दिव्य विचित्रले त्यो ॥

(३१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"खामोस खानु नरिसाउनु झट्ट नानी !
तौली मिजासकन ठीक गरी बयानी ॥
राखेर होश गतिमा रसिलो सचेत ।
आत्मा खुशाउनु अरूहरुको समेत ॥

(३२)

रानीसमान घरकी बुझ सत्य नारी ।
हो शील ताज अनि ऐन छ धर्म्म भारी ॥
हो राजनीति उसको घरको मिलाप ।
छन् शत्रु द्वेष, झगडा, मद, मोह, ताप ॥

(३३)

त्यो राज्यमा छ गुणको गहिरो खजाना ।
अध्यक्ष आत्मबल जो दलको छ स्वामी ॥
सेनाहरू प्रकृति छन् अनि शस्त्र सत्य ।
सीमा बढाइरहने छ सहानुभूति ॥

(३४)

प्रेमै छ आसन सुवर्णसमान खासा ।
साहित्य दैनिक मिठास बढालु भाषा ॥
छन् देवदूत शिशु नै, सपना जहाज ।
आनन्द उन्नति क्रिया सब कामकाज ॥"

(३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता कुरा मधुरले उपदेश गर्दी ।
झुक्दी मुहारकन सुन्दर गौतमी ती ॥
गर्छिन् तयार घरतर्फ पठाउनाको ।
जोरी समस्त सरजाम अनेक भाँति ॥

(३६)

" बिर्से कि आजतक भूपतिले मलाई ?
या संझिएर–तर फुर्सद् नै नपाई ?
संदेश एक पनि छैन न हैन मेरो ।
भन्छन् कि ? के हुन गयो र भुले कसोरी ॥ "

(३७)

भन्दै विचारसित लोचन नासिकाका ।
टुप्पा दिंदी, अधरमाथि कनिष्ठिका दी ॥
राखी कपोल कर–पृष्ठ कुना अड्याई ।
रंभोरु छन् मधुर चित्रणा कल्पनाकी ॥

(३८)

आए सँगी हँसमुखी मृदुचाल लच्की ।
गर्दै प्रसन्न नखरा र कुरा रसीला ॥
गाला मुसार्न दुइ हात दिंदा कुनै ती ।
"रानी अहा ! जगतकी" भनि चट्ट चंके ॥

(३९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यौटी पङ्क्ताडितिरबाट सुटुक्क आई ।
मारेर चाल मुखलाइ यसो लुकाई ॥
छोपेर लोचन दुवै मुख खिल्खिलाई ।
सोध्छिन् अरू वदनबाट "चिन्यौ मलाई" ?

(४०)

जोडी दिएर कर सुन्दर पाखुरामा ।
अन्दाज भै विफल पन्सिन जोड गर्दी ॥
फर्काइँदी बदन सुन्दर ती पङ्क्ताडि ।
आँखा जुभी मधुर छन् स्मित चारुसाथ ॥

(४१)

"पाइन्छ फेरि र कहाँ अब गर्न ठट्टा ?
रानी भए पङ्क्ति त यो मुख बन्द बट्टा ॥
चिन्नै हुने कठिन क्या र गरीव साना ।
यो एक रोज नगरूँ किन हास्य नाना ?"
भन्छिन् गरेर मृदु चुम्बन ती गलामा ।
लागेर कुत्कुति हँसाउन ओठ लामा ॥

(४२)

जिस्की बसे मधुरता जब मर्मवाली ।
लाली भइन् अनि उठिन् तब भाग्नलाई ॥
पक्रेर ल्याउन उठे सखि चार चारु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"फर्किन्न नाइँ" भनि अङ्ग फरक पारी ॥
झर्केर फर्किन गइन् रिससाथ भारी ।

(४३)

त्यो रात नींद हलुकासँग चट्ट ओर्लिन् ।
आधा खुला पलकमै सपना उघारी ॥
याथार्थ्यको यवनिका हलुका उचाली ।
पारी तरङ्ग सपना मृदु रोशनीमा ॥

(४४)

आनन्दमा सकल होश खिंचेर भर्दी ।
अव्यक्त भावहरुका प्रकृत क्रियाले ॥
मीठा र हृद्य रँग रूप र शब्द रेखा ।
बेहोश सत्यसँग सुन्दर नाटकीय ॥

(४५)

बाधा जिती समय, स्थान र दूरताका ।
देख्दी दिलैनजिकका सब दृश्य खोली ॥
भर्थिन् वियोगकन आश-मिठास सत्य ।
सच्चाइसाथ मधुरो प्रिय कामनाका ॥
आत्मा लगेर परदेश प्रकाशभित्र ॥
ती देख्दथिन् प्रिय सजीव गरेर राजा ॥

(४६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्‌ बडो महल, बाग विचित्र झल्ल ।
कारीगरी मधुर मन्दिर देवका झैं ॥
जोडेर मन्दिर अनेक बने समान ।
बुट्टा-अनेक रँग शिलिपत, स्वर्णचूड ॥

(४७)

शृगा रटेर पिंजरा सुनका खुलेका ।
बत्ती सुवाससित झलमल भै बलेका ॥
माझ्‌ा सुवर्णरँग पुष्करिणी शिंगार ।
गद्दी रहेछ अनि बस्न दुवै तयार ॥

(४८)

माला धरी विजयको तरवारसाथ ।
श्रीपेच धप्धप मनोहर बीच माथ ॥
राजा प्रसन्न-मुख सुस्त नजीक आई ।
भन्छन्‌ " अहो ! बहुत काम भई मलाई ॥

(४९)

बिर्सेछु धेर दिनसम्म नमान दिक्क- "
हुँ हुँ भएछ तव घुँक गरेर संझी ।
लामो वियोग अधिको, दिल आर्त बन्दा ।
फर्किन् फरक्क दृग अंचलले पुछेर ॥

(५०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो दशा हृदयको त्यसरी बताई।
“के के भयो त्यस जगत्तिर ” झैं भनेर ॥
खोलूँ समस्त दुःख त्यो अवरुद्ध भन्दी ।
आँखा जलैजल बनीकन झर्र झर्दिन् ॥

(५१)

ती भूपले “अब नमान न दुःख प्यारी–
माफी दिए मकन क्रूर भएछु भारी ॥ ”
भन्दै दुवै विजयका कर बीच पारी ।
कैदीसमान परिरंभणले शिंगारे ॥

(५२)

“ के के भनूँसरि भयो तर शब्द खोजिन् ।
केही मिलेन, अनि मूक-मिठास बन्दी ॥
आनन्दका नजरमा प्रिय साथपाई ।
ती राखिइन् कनक-आसनमा सजाई ॥

(५३)

“रानी भयौ अब” भनीकन साथ बस्दा ।
बाजा बजे मधुर गद्गद् भो बतास ॥
त्यो शब्दसाथ तर नेत्र झल्याँस्स खुल्दा ।
सुन्छिन् घनन्न पहिलो वनभित्र घण्टा ॥
जो प्रातको मधुर श्वास लिएर बज्छन् ॥

(५४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उन्डाइसौं सर्ग

खुल्यो उज्यालो दिन आउँदामा ।
धप्की सुनौला सुखका शिखामा ॥
गोला बनी, सुन्दर स्वर्गबाट ।
शिंगार्ने ऊँचा गिरिका ललाट ॥

(१)

तारा निभिन् अन्तिम हीरकाभा–
शिंगार ठंडा मृदु मिर्मिरेका ॥
संदेश जस्ती दिनकी बलेकी ।
प्यारी उषाकी सँगिनी खुलेकी ॥

(२)

देवी सफा शीत कणाहरूकी,
प्रबोधिनी प्रात हवाहरूकी,
ती लुक्दथिन्, चट्ट खुली कपाट ।
गुलाफ-बारीतिर स्वर्गभित्र ॥

(३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आनन्द ओल्र्यो रविरश्मिसाथ ।
धप्काउँदै पर्वतका ललाट ॥
प्रभात भन्थ्यो लिपिमा सुनौला ।
"छ प्रेम मिल्दो अब प्रेमसाथ ॥"

(४)

उदास पत्ती अब झर्न थाले ।
वसंत आशातरुमा फुलेर ॥
रूँरूँ गरेकी अवरुद्ध वल्ली ।
झल्की सफा शीत झिझिल्ल हल्ली ॥

(५)

आशा छ बोल्दी वनका चरामा ।
आशा छ खुल्दी सुन-टाकुरामा ॥
आशा रुँदी जो दिलभित्र बस्थी ।
झल्केर चंकी जलका कणामा ॥

(६)

प्रताप धप्क्यो विजयी बनेर ।
अँधेरमा बाणहरू छरेर ॥
लाली बहायो सुनमा खुलेर ।
जोडी चखेवा खुश छन् मिलेर ॥

(७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झर्लीं पहेंली सुखहीन पत्ती ।
बल्ली उज्याली अब प्रात बत्ती ॥
खुल्ला कहीं सुन्दरको कपाट ।
जस्ता भए भाव अनेक ठाँट ॥

(८)

चिसै थिईं तैपनि संझना ता ।
तुषारकी निष्ठुर एक नाता ॥
तथापि दाना अब बन्न लागी ।
प्रकाशको चुम्बन दिव्य मागी ॥

(९)

मानो कहीं सुन्दर स्वर्ण झल्ल ।
प्रसाद भन्दी धनले अमूल्य ॥
नदी बहन्थिन् परदेशतर्फ ॥
लिएर स्वप्ना उरमा उज्याली ।
शकुन्तला ती तटतर्फ आईं ।
हिरण्यका दिव्य प्रतापलाईं ॥
मुद्रा[1] बनाएर प्रसन्न हेर्दीं ।
देखिथन् त्यहाँ प्रेमसरूप ज्योति ।
संसारका सुन्दर टाकुरामा ॥

(१०)

१ हातको मुद्रा अर्थ हेर्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आए उज्याला लखि हेर्न फेरि ।
नुहाउनाको अब फैसला भो ॥
सिंगार गर्ने तर फैसलामा ।
"लौ जाऊ भन्छन् नगरेर देरी"

(११)

समीर ठंडा जल मालिनीको ।
छोएर चल्दो अब मन्द मन्द ॥
"नुहाउने काम खराब" भन्छ ।
ती पातका आँग सिरिङ्ग पारी ॥

(१२)

झर्की "म ता जान्न नि मालिनीमा"
भनेर फर्केर फरक्क घुम्छिन् ॥
पत्तीहरूमा छ सहानुभूति ।
अनिश्चिता ती मृदुलाङ्गिनीमा ॥

(१३)

मुसुक्क मुस्के दुइ लाल रेखा ।
मिले दुवै हात मुसारिएर ॥
सिरिङ्ग गर्दा दुइ काँध बन्छन् ।
छाती उचालेर गला तनक्क ॥
तानिन्छ खोली कटुता हवाको ।

(१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रियम्वदाका दृग शीघ्र जानी ।
बुझेर भन्छन् "सुन झैं छ पानी ॥
चाँदी बनी झल्ल हुँदा प्रकाश ।
कठोरताको नरमिन्छ त्रास ॥

अहो ! चिसो चौपट ! यो बतास -
मात्रै छ, क्या स्नानसमान खास "
भनेर त्यो बल्कल क्यै सँभाली ।
ढाक्छिन् गला सुन्दर आधि खाली ।

(१५)

झन् संझनाले मन हुन्छ चीसो ।
झन् अंग संझी परिधान चल्छ ॥
सुसेल्न खोज्ने दुइ ओठ बन्छन् ।
"आगो बनाऊँ ? सखि' चारु भन्छिन् ॥

(१६)

झीझा बटुल्दा कर लाल लाल ।
पुगे सलीला अब मालिनीमा ॥
मिल्काइ ढुँगा दुइ लाइ चट्ट ।
रुओ फुकी चारु सुचारु बन्छिन् ॥
फुलेर गाला अलि यत्नवाला ।

(१७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ताताउँदा आँग र चारु गाला ।
लाली चढी आज गुलाब बन्दी ।
ज्वाला पहेंला अलि लाल सम्मु ।
लाग्छन् उषा सुन्दर झैं मलाई ॥

(१८)

"को हुन्छ हामीहरूमा पहीला ?
"लौ एक, दो, तीन" भनी सुनाई ॥
आफैं पहिली अब चारु कुद्छिन् ।
उठाउँदी ती सब चारु साथी ॥

(१९)

छिटो चनाखा क्षण एक दिव्य ।
देख्थ्यो त्यहाँ स्नान अवर्णनीय ॥
दशा भयो शैशिर त्यो सुनौला ।
पंखी भई चट्ट उडेछ स्वर्ग ॥

(२०)

सुशीघ्र फर्के सखि चार चारु ।
काँपेर कुद्दै वनका किनारा ॥
मानो वसन्ती कुसुमाङ्ग चार ।
चढ्दा दशा शैशिरको किनार ॥

(२१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तो देखन पाए अब कामदेव ।
वनैभरी बाण रँगीन भर्थे ॥
ती चित्र आए मृदु लेखनीमा ।
नाङ्गै भई सुन्दरता विचर्थी ॥

(२२)

नढङ्ग वा रंग हुने हुनाले ।
छाडौं यहाँ प्राकृत रंग सारा ॥
जो चित्रकारी मृदुकल्पनाले ।
भित्रै छ राख्ने रँग भर्न प्यारा !

(२३)

यो नग्नतामा तर सत्य आफैं ।
सौन्दर्यको रूप बनेर फुल्छ ॥
रेखा त्यहाँका विधिले बनाए ।
बेला सुनौला लिइ सिर्जनाको ॥

(२४)

ती फूल नाङ्गीहरु हुन उज्याला ।
रेखा सफा पेशल रंगदार ॥
पूजाहरू लायक कल्पनामा ।
छन् सिर्जनाका वनका शिंगार ॥

(२५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म चित्र लेखूँ रंग हुन्छ लाटो।
देखिन्न आत्मा रंगिने छ माटो ॥
बनेर आनन्द अनन्त ज्वाला।
धप्की रहेको न त खुल्छ चाला ॥

(२६)

वत्तीहरू हुन् सब रूपबाली।
धप्की रहेका मृदु सत्य बाली ॥
धूवाँ त्यहाँ सुन्दर छन् कपाल।
सुवास नै बैंस, सजीव चाल ॥

(२७)

तताइए हात भएर लाल।
सुक्दै गए थुर्थुर अंग राम्रा ॥
रंभोरुले बल्कल सेक्न लागे।
दिनेश डाहा ततिएर जागे ॥

(२८)

हाँसी प्रसन्ना सुख-बल्कला ती।
फुली उज्याला मुखमा गुलाफ ॥
सुवास वार्तासित कंठ-डाँठ।
हिलेर चल्छन् वनका हवामा ॥

(२९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिंगार पार्ने अब भो तयारी ।
ऐना बनाई जलपत्र भारी ॥
कोरे त्यहाँ रेशमतुल्य केश ।
लौ काइयाँले अब हेर वेश ॥

(३०)

फेटेर पानीसित तेललाई ।
टलक्क पारीकन केशलाई ॥
चिल्ला दुवै हात सरक्क पारी ।
प्रियम्वदा छन् रहँदी मुसारी ॥

(३१)

ती केश लामा त्यसरी छुँदामा ।
छन् भृङ्ग चिल्ला रँग टल्किदामा ॥
नितंव हुन्छन् लहरे र लामा ।
न तौल लिन्छन् हलुका हुँदामा ॥

(३२)

" हेला गरे घेर हरे मलाई ।
कालो भनी रंग न भेउ पाई ॥ "
भनेर आई शिरमा बसेर ।
राम्रो बनेको रँग कृष्ण हेर !

(३३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फर्कीरहेकी उसतर्फ खालि ।
पृथ्वीभरी केश अँधेर फाली ॥
शशी-परी झैं सुरकी 'उज्याली ।
अमा यता छन् तर स्वर्ग बाली ॥

(३४)

ठट्टा चले "केश नृसिंहपाश ।
बनाउँदी रेशमतुल्य खास ॥
प्रसादमा दिव्य बनी शिकारी ।
हान्छ्यौ तिमी भ्रूशर चन्द्रमा झैं" ॥

(३५)

लुकाउँदी चन्द्रमुखी मुहार ।
ती केशका आश्रय पार्श्व पाई ॥
झन् चन्द्रमा झैं घनबीच आधा ॥
छिपेर हाँस्छिन् कविदृष्टिलाई ॥

(३६)

कला शिकाईकन बैंस बस्थ्यो ।
अबोल शिक्षा दिन मोहनीका ॥
जो अंगमा ती धन झैं वसन्ती ।
फुल्दै थिए भित्र मिठास बाँकी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अझैं छ धेरै, छ विकाश बाँकी।
सुवास, रेखा रँगमा भने झैं॥

(३७)

शिंगार गर्छन् अब सुन्दरीले।
बसन्तका अग्र हवाहरू झैं॥
कोरी बटारी मृदु पल्लवीय।
बैंसालु ती वर्द्धन, शंसनीय॥

(३८)

लगाउँछन् फूल चुनेर रंग।
थुँगा हलुका रमणीय ढंग॥
काला लतामा प्रकृत प्रभाव।
फुलेर हाँस्दासरि चारुभाव॥

(३९)

प्रसूनको लाल धुलो कुटेको।
पत्ती शुकाईकन घामभित्र॥
सरक्क पारेर पुछी लगाई।
छन् फूल झैं शैशिर काललाई॥

(४०)

सलक्क राम्री सुकुमार बान्की।
शिंगारले सुन्दर झल्किएकी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परीहरूका परिधान पाई ।
उड्छिन् कि झैं छन्, घर जानलाई ॥

(४१)

खाना थोरै सजल दृगले कराबको सामु खाँदी ।
"आफ्नो जाने समय" तिर ती कल्पना आर्त लाँदी ॥
प्रातः कालीन छवि सुखको बैलिंदा भुल्न जाँदी ।
मेघाच्छन्ना हृदय अब छन् चंकिंदी भूषणादि ॥

(४२)

बढ्दै आयो दिन जति उती बन्दछिन् झन् मलीन ।
चोरी चोरी छवि वदनको सूर्यमा राप चढ्छ ॥
झन् झन् चीसा दृग युगल छन् मेघ आएर छोपी ।
झन् झन् नीलो गगन अब भो नेत्र भो नीलिमा झैं ॥

(४३)

औंठी लाइन् जब त सखिले चट्ट तानेर औंला ।
आफ्नो बान्की सरल खुकुलो चट्ट भै लिन्छ स्थान ॥
मीठो टूना मधुर स्मृतिमा प्रेमका स्पर्श पाई ।
सर्सर् गर्दै पुलक हुन गै हर्छ ती नेत्रलाई ॥

(४४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन् आफ्ना प्रियतम त्यहाँ स्वर्णमा झल्किएका ।
देखे जस्तो निकट हुन गो नाममा नै प्रताप ॥
धेरै हेरे सखिहरु खिसी गर्दछन् भन्छ होश ।
वेहोशमा अधर दुइको पालुवामा लगाइन् ॥

(४५)

"विर्सन्छयौ है सखि ! महलमा जंगली यो सँगाति ।
औंठी आफ्नो प्रियतम बुझीं सुम्पिदी ओठलाई ॥
"कोहो ! कोहो ! " सित पिक जसै बागमा कुञ्छ आई ।
कोहो ? कोहो ? भनिकन तिमी विर्सिनेछौ मलाई ॥"
भन्दै हाँसे प्रिय सखि दुवै नेत्रका कोणबाट ।
'त्यस्ती हूँला निठुर' सरिको झल्कियो क्या रिसानी ॥
देखी भन्छिन् " हठ त नगरे हुन्छ त्यस्तो नि नानी ! "

(४६)

" 'ऊँ' झैं केही मधुर नहुने पक्षको भाव हाली ।
'सारै कस्ती निठुर मनकी' भन्न आँखा उचाली ॥
हेर्दी नाराज मृगनयनी ' लाज मार ' भन झैं ।
आफैं लज्जासित तल झुकिन् मुस्कुराएर संगी ॥

(४७)

" भो भो विर्सिन्न" यति नभने पुग्छ दुर्भाग्यलाई ।
आँखा चीसासित स्मृति बसी एकली होस् रुलाई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्री संभी वचन यति नै तीन यी शब्द प्यारा ।
संभेकी छन् भनि हृदयमा आश पाऊँ सहारा ।।"
भन्दी राम्री मधुर मुखकी शब्द गर्दी प्रतीक्षा ।
देख्छिन् " त्यस्ती बुझिनु निठुरी हाय ! मेरो परीक्षा ।।"
भजे भाषा नजर दुइको तीक्ष्ण आक्षेपभित्र ।

(४८)

दाढीवाला ऋषि धवलतातुल्य झानै फुलेका ।
आई भन्छन " सुखसित गए प्रेमका साथ संभे ॥
स्वामी माने, दुख सुख दुवै बीचका देवता झैं ।
धर्म्मै माने, हृदय रहने घाम जस्तो हुरीमा ॥

(४९)

" नारीको हो धन विनय नै, एक सौन्दर्य खाशा ।
आफैं सुम्पी दिनु अरु भनी प्रश्नले हीन आशा ॥
बत्ती बन्नू तिमिर नहुनू , छर्नु आनन्द ज्योति ।
दुःखैमा नै मधुर मुखकी धैर्यकी दीप बन्नू ॥

(५०)

काँढा हुन्छन् कुसुमहरुमा एक नारी प्रसून ।
सच्चा जो हो मधुर मुखकी शूलले भै विहीन ॥
ज्योत्स्ना जस्ती महल घरमा दिव्य वास्ना फिंजेर ।
दुःखैलाई पनि सुख गरी बस्दछे भन् उ हेर !

(५१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बोली चाँडै परुषपनले झट्ट फर्काउनाले ।
काँढा विभ्छन् हृदयहरुमा पर्दछन् नित्य उल्का ॥
मीठो राम्रो मृदुल मुखले बान्किलो सत्य बोले ।
क्रोधी निभ्छन्, नरमपनले लाजमान्छे रिसानी ॥

(५२)

"चर्चा ज्यादा अटपट कुरामा नगर्नू चिहाई ।
ज्यादा हेर्दा गिरिवर गुफा ग्लानि भो चन्द्रलाई ॥
बारी आफ्नो सुन सुन छरी भावका बीजद्वारा ।
आनंदैको धन वटुलिने गेहको ज्ञान सारा ॥

(५३)

"नारीको हो सुख गृह, कला सूक्ष्ममा सूक्ष्म जान,
आनन्दै नै हँसमुख सदा फैलिने भै प्रधान ॥
हाँगा हाली सुखहरु फुली वल्लरीतुल्य नाता ।
फुल्दै वास्नासंग लहरिने स्वर्गकी छौ विधाता ॥"

(५४)

यस्ता सुन्दा वचन गहिरा नेत्र कुद्दथे सुनेर ।
" संझी राखूँ " संग श्रवणले तीक्ष्णता-साथ सुन्थ्यो ॥
" पाए ठूलो पद कुशल होस् लाख सेवा मिलेर ।
रानी होऊ त्रिभुवन सुखी पार्न राम्री बनेर "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दा केही रँग बदनमा छिप्र खोजी, प्रकाश।
पाई उठ्दो कुसुमहरुमा झैं भयो लाल-भास ॥

(५५)

चाँडै अल्प्यो तर मृदुमुखी संझनाले मलीन ।
बन्छिन् "जाने समय अब ता भो नजीकै" भनेर ॥
आँखा दोटा अलि अलि गरी सुस्त आए रसाई।
'बाबा!' भन्थिन्" अब पर हुँदा "संझिनोस् है मलाई"
बोली छैनन् स्फुट अधरमा भावले भन्छ खालि।
"धन्दा सुर्ता नलिनु" ऋषिले बुझ्दछन्, दी जवाफ॥

(५६)

"बाबा" बोलिन् "सखि पनि गए साथमा के हुँदैन ?"
एक्ली बन्दा मरुकुसुम झैं चित्तमा हुन्न चैन,
के गर्ने त्यो परघर गई ? एक आत्मीय छैन।
रूँ रूँ जस्ता क्षणहरु हुने साथ कोही हुँदैन ॥"
"अर्कै हुन्छन् परघर कतै यी सँगी ता विभिन्न।
तिम्रा साथी हुन समयले आजको रोज दिन्न ॥
आफ्ना आफ्ना घरकन बुझी भाग्यको एक विश्व।
नारी बन्छन् सखिहरु अरू ठाउँमा यी अवश्य ॥"

(५७)

29६६८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने सुन्दा सजलनयनी हेर्दछिन् दुःखसाथ ।
दुःखी आफ्नी सखि प्रियमुखीको अँध्यारो ललाट ॥
"बन्नै पर्ने पर वश हरे ! हाय ! लाचार कर्म ।"
जस्ता मीठा विरहहरुको बुझ्दछिन् चारु, मर्म ॥

(५८)

"सम्झीराखे सखि ! पर हुँदा" भन्दछिन् चट्ट 'चारु' ।
सेता दाढी प्रवर तपका भित्र पस्दा कुटीमा ॥
"पूजा गर्छौं सखिहरु मिली पुष्पले कामलाई ।
आई भन्ला पवन ऋतुको केश तिम्रो समाई ॥
इच्छा हाम्रो छ, प्रियतमको काख पाए रँजाइ ।"

(५९)

सुन्दा हाँसो अडिन नसकी पार्श्वमा लुक्छ चट्ट ।
पर्दा जस्तो चदर पतलाको कुनामा रँगीन
आँखा त्यस्ता सजल हंसिला बन्न जान्छन् निमेष--
सम्झन् प्यारा युवतिहरुका ओठ मुस्काउनाले ॥

(६०)

जान्छिन् ओर्ली उपवन भजी संझनाले मिहीन ।
देख्छिन् यौटा मृदुल विरुवा वैलिएको मलीन ॥
"दुःखी प्यारी सखी पर हुने त्रासले आज दीन ।
कल्ले देला जल ? नजरले संझनाको मिहीन ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दै आँखा टलपल हुँदा कोमला हातबाट ।
दिन्छिन् आशा "हृदय संगमै छौं" भनी प्रेमसाथ ॥

(६१)

हाँस्छन् भन्थे अघि तरु लता आज छन् क्या उदास ।
चीसो चीसो छ अब वनमा घाममा नै बतास ॥
गाँसी मेरा हृदयसँगमा, प्रेमले वृक्ष बल्ली ।
स्वर्गै देख्यें कुसुमित यहाँ स्वप्नको भै विकास ॥

(६२)

" मेरा प्यारा सखि सब रहे प्रेमका रूप नाना ।
खेल्थें डुल्थें यिनसँग कुरा गर्दथें साथ बढ्थें ॥
पढ्थें पाना कुसुमहरुमा, सुन्दथें मिष्ट गाना ।
दाना दाना हृदय चुहुँदै हुन्छु आजै रवाना ॥

(६३)

"मेरो क्रीडावन समयले दूर राख्ला मबाट ।
सम्लै बन्ला हृदयपटमा चित्र यो प्रेमसाथ ॥
संझी संझी मनमन सदा कल्पिदी प्रेमकुंज ।
डुल्दै डुल्दै गहभर हुँदै छकुँला रोज रोज ॥

(६४)

" बल्ली फुल्ली पिकहरु यहाँ फूल डाक्लान् रँगीन ।
हल्ली हल्ली मलयतरुमा नृत्य गर्लान् नवीन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिल्ली खुल्ली मधुर मुखकी मंजरी मंजु फेरि ।
बल्ली बल्ली विहगहरुले गान गर्दा वसंती ॥
(६५)

चीसो बन्द हृदय तर हा ! आँशुले संझिनेछु ।
न्यानो पाई स्फुट-अधरमा कोपिला फैलिनेछ ॥
खुम्ची खुम्ची हृदय तर यो शीतद्दाना लिनेछ ।
आशा फुल्ली वनभर यहाँ दुःख मेरो हुनेछ ॥
(६६)

"मेरा प्यारा सखि विपिनका बल्लरी बृक्ष सारा ! "
जो जो बद्थ्यौ मसँग सुखमा जिन्दगीका सहारा ॥
बाँडी मेरा सुख--दुख भरी भाव, संझे मलाई ।
तिम्रो प्यारो दिलसँग रुँदै लिन्छु मैले विदाई ॥
(६७)

"विर्सिन्छ्यौ के भनन पर भैं कामिनी कुंज शोभा ?
तिम्रो फुल्ला समय सुखले गन्ध श्रृङ्गार पाई ॥
मस्ती मीठो पिककन हुँदा शब्दमा मस्त बन्दी ।
रानी होली मधुर महिमा छने तिम्रो सुगन्धी ॥
(६८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढ्दै जाला रस, रँग यहाँ बागमा घाम पाई ।
चढ्दै जाला तर शिशिरको श्वास मात्रै मलाई ॥
उड्दै जाला विहग सुरका बासमा मस्त बोली ।
आजैसम्मन् सुख नजरमा, दुःखको हुन्छ भोली ॥

(६९)

बोली मीठा हृदय भरिने पंखले चारु गर्छन् ।
आशा जस्ता कुसुम ऋतुका शब्द झैं भै विचर्छन् ॥
"न्यानो होला स्वर रँग घुसी बास पाई नवीन ।
यौटी दुःखी परतिर बसी खाली रोली मलीन ॥

(७०)

"यस्तो प्यारो उपवन हरा पंक यो स्वर्ग मेरो ।
क्रीडा भूमी प्रकृति सुखको दौलती दिव्य फेरो ॥
मेरो आफ्नो तनुसँग सदा वृद्धि पाईरहेको ।
बोल्दा चल्दा सुखमय सबै पर्ण पंछी भएको ॥

(७१)

यो पन्नाका जगत, सुखको रत्न, सौगन्ध हीरा, ।
यो गानाको उपवन हरा, गुंजिने पुष्प वाणी ॥
मीठो शोभा बहुल रँगको, वायुको यो हवेली ।
यो छाँया यो छवि पर हुँदा दुःख झैं हुन्छ भोली ॥

(७२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"छोड्नै पर्ने परवश भई जन्मको चारु भूमि ।
जानै पर्ने पर घर सदा दुःखको नाक चूमी ॥
बाँधा बन्दी विवश अवला जातको हा ! अभागी ।
आँखा भर्दै कदम लिउँला चित्तमा चोट लागी ॥

(७३)

' आनन्दैमा घरतिर बसी दुःख नै हुन्छ के र ?
.बिर्सीहोली सबकन त्यहाँ सौख्य पाएर घेर '
भन्ने हुन्छन् अरुहरु यहाँ आँशुको बन्छ दाना ।
सम्झी रूरूँ छिन छिन भई दुःख पग्लिन्छ नाना ॥

(७४)

"वन यो पर हुन्न क्यै गरी ।
पर होला तर जिन्दगी भरी ॥
सुखको छ विचित्र चित्र जो ।
दिलमा अङ्कित भिन्न भिन्न यो ॥

(७५)

यदि चट्ट चिरी कतै उर ।
छ त्यहाँ के सब बीच सुन्दर ?
रँगदार सजीवता भनी ।
कन हेरे छ यही सधैं भर ॥

(७६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"भन चारु सखे प्रियम्वदा !
म बढें-एकलता बनी यता ॥
तर आज कुठार कर्मको ।
पर लैजान्छ हरे ! कता कता ! ॥
(७७)

"कसरी सहुँला वियोग यो !
पर नौलो घर बीचमा अहो !
मरुतुल्य हुनेछ शून्यता ।
पिंजरामा म रुँदा कता कता ॥
(७८)

"म त जान्न म बस्छु विन्ति छ !
घरमा के छ र हेर मोहनी !
सखितुल्य लता र, भाइ झैं ।
तरु छोडी मरुकी चरा बनी ॥
(७९)

मृदुताकन कष्ट हार्दिक ।
गह भर्दै रसले कुनातक ॥
जलविन्दु बनेर झर्दछ ।
विरुवामा अलि म्लान पर्दछ ॥
(८०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" प्रियका सँग काखमा बसी ।
सुख आनन्द अनेकमा घुसी ॥
परि-रंभणमा फुली झुली ।
रहने सुन्दरता बनी बली ॥
अब जीवन–रंग पाउली ।
वन--वल्लीसरि पुष्पकालमा ॥
तब मात्र नबिर्सिए सखे ।
अहिले मात्र दुखी भएर के ! "
यति 'चारु' थपेर फूलले ।
रसिली सुन्दरता सिंगार्दछिन् ॥

(८१)

तर आँशु पुछी प्रियम्बदा ।
मसिनो रेशमको किनारले ॥
" हुनु ता अबला हुनू न हो ।
कलिलो बन्नु न घाउ पार्नु हो ॥
तर धीर हुनू सहीलिनू ।
यसकै नाम छ जिन्दगी भनूँ " ॥
यति मिष्ट कुराहरूसित ।
जल पुछ्छिन् हलुकापनासित ॥

(८२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" पछि फेरि विदा बराबर ।
लिन पाइन्छ" भनी " यतातिर ॥
संगिनी जननी पिताकन ।
वनमा भेट्न खुशी हुँदा दिन ॥ "
मित भाषणकी सँगी त्यहाँ ।
उनमा साहससम्म भर्दछिन् ॥

(८३)

" जननी सँगमा हुनेहुँदा ।
तर यात्रा सजिलो छ हे सखि !
दुइ ब्राह्मण साथ छन् दिने
छ कुरा के अब हेर रोकिने ? "
यतिसाथ सहाय-संपदा ।
मुसकाइन् मधुर प्रियस्वदा ॥

(८४)

अब जान तयार गौतमी ।
स्वर दिन्छिन् परबाट वृद्धको-
" म तयार भएँ शकुन्तला ।
तर के गर्न गयौ कहाँ तिमी "

(८५)

अलि आज गऱ्हूँ भई पद ।
हलुका सुस्त हिंडाइ ती थिनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सखिसाथ मलीन माधुरी ।
अघि बढ्छिन् "म यहीं मुमा" भनी ॥

(८६)

पहिले शिशुकाल सुन्दर ।
महिमा दिव्य पवित्र पाउँछ ॥
नव खोज लिएर मोहनी ।
प्रभु लीला हुनलाइ आउँछ ॥

प्रकृति–प्रभ पोष पाउँदै ।
अभिप्राय प्रभुको बुझाउँछ ॥
अनि एक कुनै सँगी सँधै ।
प्रिय आत्मा त्यसले समाउँ छ ॥

र बुनिन्छ अनेक तिर्सना ।
सुख दुःखादिक पाठ पाउँछ ॥
नव जीवनले विशालता–
तिर यात्रा घरको गराउँछ ॥

महती कठिनाइले तर,
पथको चित्त विषाद पाउँछ ॥
अनि कण्टक पुष्पमा हुने ।
मृदुदाना दिलको बनाउँछ ॥

अघिको शिशु दृश्य संझिंदा ।
सुखले दुःख बुझी रसाउँछ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घर जानु सँधै त्यसो हुँदा ।
दुइ आँखा दुखले भिजाउँछ ॥

तर सुन्दरता करैसँग ।
प्रभुको त्यो घरमा पठाउँछ ॥

छ उचाल्नु र राह लाउनु ।
प्रिय आत्मा जुन स्वर्ग धाउँछ ॥

अब बाहिर बन्दछिन् तिनी ।
त्यस आनन्द निवासको हरा ॥

दुनियाँ छ विशाल भन्दछ ।
पथ अज्ञात सदा कठैवरा !

(८७)

"म कतातिर जान्छु के गरी ?
अब आधार कहाँ म पाउँला ?

अघि दुःख र वेदना कति ।
अब नौलो दिनले पठाउँला ॥

न पिता, न सँगी, न माइती ।
जननी वा शिशुकालका सुख ॥

नव सिर्जनमा कसोगरी ।
मनले शान्ति र चैन पाउँला ? "

घर जानु पराइको परी ।
सुख नौलो ढँगमा धरी धरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्मृतिले अब झन् रुआउला ।
म त्यहाँ के अब आड पाउँला ?
नव सागरको जहाज झैं ।
म हवा भेलविषे कहाँ हुँला !
डर घेर यही प्रकारका ।
नव यात्रासँग भित्र·आउने ॥

(८८

उनका मनमा पसीकन ।
मन भन्थ्यो "अब के म पाउँला ॥
न त स्वीकृतिसाथ सुन्दर ।
महिषीशासन गर्न मन्दिर ?
न त विस्मृतिले गरी छल ।
म हुँला बाहिर नै रुँदी जल ॥
तर ह्वैन ! दयालु सुन्दर ।
निठुरी क्रूरपना विना हुँदा ॥
सब सत्यसमान सुन्दर ।
कसरी ह्वैन भनी पठाउलान् !
रविले वनलाई यो बरू ।
सब बिर्सी दिन नै नआउलान"
यसरी मनमा तरङ्गिंदी ।
रसिली सुन्दरता मलीन ती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुँडबाहिरकी चरी सरी ।
सब हेर्छिन् वन त्यो अडी घुमी ॥

दृग दीर्घ सप्रेम लाउँदी ।
पिउँदै त्यो वनचारु संझना ॥
सखिबाट त्यहाँ बुझ्काइइन् ।
"मनमा दुःख नल्यौ" भनीकन ॥

अब शावक चारु आउँछ ।
पदमा लुट्पुट भै कराउँछ ॥
"मसँगै अब जान पाउँ" झैं ।
दुगुरी फुर्कुरिदैं रमाउँछ ॥

उसलाइ चपक्क च्याप्नमा ।
सुख पाई करले मुसारदी ॥
"यसलाइ म साथ लीकन ।
भुलुँला दुःख सबै भनीकन ॥

सखिका मुख जाँच गर्दछिन् ।
सुख न्यानो त्यति बेर पाउँदी ॥
उसलाइ "न छोडुँ" झैं गरी ।
वन च्यापेसरि ती समाउँछिन् ॥

(८९)

अब माल्य लगाउँछन् सखि ।
जलका नेत्र बनी प्रशंसक ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि दुःख सबै झरी खस्यो ।
पर जाने दिन अंकमालमा ॥

(६०)

दुइ पूर्ण घडा शिंगारिई ।
कुसुमा-भूषित द्वारमा थिए ॥
दिलको जलको घडा तिनी ।
तिनका बीच भएर आउँछिन् ॥

(६१)

डोली दोटा राहमा छन् तयार
पस्छिन् यौटा दुःख पार्दी शिंगार ॥
अर्को वृद्धा गौतमीलाइ यान ।
यात्राको भो खालि बाँकी बयान ॥

(६२)

——=०=——

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बीसौं सर्ग

शीघ्र, शीघ्र चल्क यान ।
राजधामतर्फ जान ॥
वन्य दृश्य छुट्द क दूर ।
मालिनीसुचारुतीर ॥

(१)

दीर्घ मार्ग लंबिएर ।
घुम्क उच्च निम्न हेर ॥
दूर दूर साङ्गिएर ।
शस्यदार क्षेउ लेर ॥

(२)

शुभ्र झैं फिता बनेर ।
जो हरा किनारदार ।
क्षेत्र शैलको शिंगार, ।
लग्क तान्क दूर, पार ॥

(३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोहनी शिंगारदार ।
तुल्य डाक्न मंजु भार ॥
भन्छ " हे शकुन्तले म, ।
लेरं जान्छु दृक् उघार ॥

(४)

शोचदार संझना र ।
सूक्ष्म त्रास दूर सार ॥
स्वर्ग छैन दूर धेर ।
खालि थोर शैलपार-

(५)

खालि नील त्यै किनार ।
वारिवाह वेश्मसार ॥
झल्ल झिल्ल कान्तिदार ।
एक रोज पंख पार ॥

(६)

ती कुरंगनेत्रदार ।
मारप्रेयसीमुहार ॥
पक्ष्मजाल क्यै उचाल्न ।
आश प्रेरितप्रकार ॥

(७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दीर्घकोणदार दृष्टि-
मा प्रसन्नता थपेर।
पक्ष्मजाल क्यै उचाल्न।
छन् प्रयत्नशील हेर ॥

(८)

कामदार छन् किसान।
खेतबीच अन्न खान ॥
अन्नका पितासमान ।
ली खनित्र चित्रमान ॥
अल्प चाहले प्रसन्न।
स्मेर शान्तितुल्य धन्य ॥
मृत्तिकाशिंगारजन्य ॥
कर्मवीर कीर्तिगण्य ॥
मेदिनीप्रतोषपुत्र ।
स्वेददार सच्चरित्र ॥
ग्राम्य गानले पवित्र,
ओठसाथ शुद्ध भित्र ॥
पर्णनाक सत्यपाक ।
शाककोष द्रूपताक ॥
प्रात चंचुले प्रबुद्ध ।
साँझ लाज कर्मशुद्ध ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सौख्यपूर्ण बाल वृद्ध ।
इन्द्रवृष्टिले समृद्ध ॥

(९)

स्वर्ग अल्पमा रहेर ।
ती वसुन्धरा दुहेर ॥
रूप रंग हेर फेर ।
गर्दछन् मनोज्ञ हेर !

दीनदेव दीन वस्त्र ।
हातमा अहिंस शस्त्र ॥
दूर दूर कालबाट ।
गान हृद्प्रकोष लेर ॥

वारिवृष्टि गीततुल्य ।
जोड्दछन् खुशी बनेर ॥
मच्चिदै कतै कहीं त ।
मेघतर्फ दृष्टि देर ॥

(१०)

हेर ! हेर ! सूक्ष्म सर्र !
लाल हेम रंग चढ्छ ।
अस्त शैलको किनार,
लम्बिएर मेघ अढ्छ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खुड्‌किला बनेर कान्ति ।
स्वर्ग हर्म्यतर्फ चढ्छ ॥
जो तला तला बनेर ।
झल्ल झिल्ल बन्छ जल्छ ॥

(११)

त्यो गुलाफको स्वदेश ।
त्यो सुगन्धदार बाग ॥
त्यो सुवर्णको निवास,
त्यो विलासको पराग ॥

त्यो तला तला तहालु ।
क्या झिलिल्ल झल्ल झल्ल ॥
भास्करप्रतापसार,
दिव्य नव्य देशतुल्य ॥

छन् त्यहाँ परी अनेक ।
गान नृत्यका विवेक ॥
एक एक ठाँट काँट ।
वस्त्रमा बड़ा अमूल्य ॥

फोहरा नजीक चट्ट,
कुंजमा हरा विछट्ट ॥
हातमा लिएर बीन ।
तान छेड्छन नवीन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती कलाप्रवीण चारु ।
अप्सरा उडानहीन ॥
माझमा बसेर देव,
भास्कर प्रतापपूर्ण ॥

सुन्दछन् उ झन्न झन्न ।
पार्न लाई नव्य पर्ण ॥
स्वर्ण स्वर्ण रत्नदार ।
हर्म्यबीच स्वादु कर्ण ॥

मुग्ध मुग्ध स्निग्ध स्निग्ध ।
स्वादु नादसाथ वात ॥
गन्धदार मन्द मन्द ।
शीघ्र पाई मिष्ट छन्द ॥

स्वप्नतुल्यको छ धन्य ।
चित्र हेर त्यो समक्ष ॥
फुल्छ पुष्प लाल लाल ।
झुल्छ दिव्य कल्पवृक्ष ॥

क्या शकुन्तला अगाडि,
जिन्दगी छ स्वर्ण लक्ष्य ॥
स्वप्न स्वप्न फुल्छ बल्छ,
जल्छ हिल्छ गल्छ मिल्छ ॥

आश फुल्छ आश फल्छ ।
स्वर्गद्वार खुल्छ, [illegible],

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक देव कीर्तिबाट ।
मोहनी छ त्यो कपाट ॥
रंग चढ्छ विश्वमाथि ।
सर्र सर्र भाँति भाँति ॥
धप्प धप्प हुन्छ लाज ।
माथमाथि हेर आज ॥
यो समस्त दृश्य भर्ने ।
छन् प्रसन्न स्वर्णवर्ण ॥
सूर्य एक कीर्तिदार,
व्योमबीच ती धिराज ॥
सुस्त सुस्त चल्छ यान ।
शैलमाथि चल्छ, सार ॥
बढ्छ बल्छ देखिनेछ ,
देश दिव्य शैलपार ॥

(१२)

सुस्त सुस्त चल्छ याम ।
शैलमाथि सुस्त जान ॥
बुन्छ कल्पना अगाडि ।
दिव्य कान्ति रुक्म तान ॥
"आज आज" भन्छ नाद ।
लिन्छ स्वप्न है म ताज ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फुर्के रोम, हेमपंख।
आज जान्छ दिव्य धाम॥
आज लाल हुन्छ साँझ।
देव घेर कान्तिमाझ॥

बस्न छन् तयार हेर।
पंखदार गान लेर॥
खुट्किलाहरू चढेर।
स्वर्गतर्फ सूर्यनेर॥

(१३)

एक पंख बोल्छ मिष्ट।
चारु आरुमाथि इष्ट॥
बोल्छ मंजरी टिपेर,
आधि पुष्पले छिपेर॥

श्वेत लाल पुष्पभित्र।
बासदार बातसाथ॥
"हो कि हो वसन्तको कि।
काल? हो कि स्वर्गद्वार?

हो कि हो कि? हुन्छ साँझ।
हो पुगिन्छ आज आज।

(१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुस्त सुस्त चल्छ यान,
पुग्छ शैल शृङ्गमाथि ।
अड्छ यान वायु भन्छ, ।
" दृश्य क्या अगाडि जाति ।
अस्तकालकान्तिबाट ।
झलमलाउँदो विचित्र ॥
राजधाम दूरको छ,
क्या मनोज्ञ प्रष्ट चित्र ॥ "

(१५)

खोज्दछन् सुचारु नेत्र ।
दूर झल्ल पौर चित्र ॥
" थाम थाम शब्दसाथ, ।
गौतमी उठेर भित्र ॥
छन् समुत्सुका, नजीक
आइपुग्दछन्, नजीक ॥
अड्दछन् पुगेर शिष्य, ।
हातको विशाल आढ ॥
उठ्दछिन् तिनी विरेख ।
रूपदार काँससार, ।
चाउरी भरी मुहार ।
हेर्ने पौर छय पार ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पार ! पूर्व दक्खिना ! उ ! ।
स्वर्णचूड उच्चशैल ॥
तुल्य झल्ल के त्यहीं छ ।
राजधाम स्वर्गमूल्य ?

वृद्धनेत्र पुग्न लाइ ।
दूर यत्न. साथलाइ ॥
भन्दछिन् "कि आज रात ।
लग्दछौ त्यहाँ मलाई ? "

(१६)

ती शकुन्तला उठेर ।
नेत्रकी प्रसन्न हेर ॥
लाल वस्त्रको किनारा ।
केश पाश गुच्छदार ॥

सान्ध्य कान्तितुल्य चारु ।
शैलमाथि पुष्पसार ॥
झलिकपर सुस्त हेर्न, ।
पौर दृश्य छन् तयार ॥

ओठमाथि अंगुली छ ।
दीर्घकोण लंबिएर ॥
हेर्छे चल्छ वार वार, ।
पार्श्वतर्फ फेरि नेत्र ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खोज्दछन् अगाडि दृश्य ।
स्वप्नको समान चित्र ॥

(१७)

दूर हुन्छ झल्ल झल्ल ।
स्वर्णचूड स्वर्गतुल्य ॥
राजधाम, अस्तकाल ।
शिल्पभित्र त्यो विशाल ॥

झ्याँक्छ ज्योति दूरसम्म ।
तीनतर्फ श्यामलो छ ॥
दीर्घ बाग, पोखरी छ ।
पार्श्वमा छ अल्प दूर ॥

रम्यपौर ! कान्त गेह,
चारुचूड पुष्पचूस–
को निवासतुल्य रम्म,
देववेश्म रम्यचूड ॥

चारुचित्रवत् त्रिकोण ।
मोहडाहरू हरा छ ॥
खेत खेत आलि आलि ॥
छन्, कुला अनेक चिर्छ ॥
शैल वारि शुभ्ररेख ।
नागवेलिक्षेत्रवक्ष ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निम्नगा बनेर दीर्घ,
दक्षिणी दिशा लि एर॥
वृक्षपंक्ति ठाउँ ठाउँ।
छोप्छ फेरि दूर दूर॥
नील रंग लिन्छ दृश्य,
पग्लिएर चारु हेर!
छन् त्यहाँ सुदूर शैल।
पूर्वतर्फ क्या हरा छ॥

(१८)

शान्त त्यो प्रशस्त वन्छ।
पूर्ण क्षेत्र फैलिएर॥
रंग लिन्छ बीच बीच।
शैलजन्म वारिस्रोत॥
टिप्दछन् प्रशस्त चारु।
उब्जनी गरेर साधु॥
रंग रंग खंड खंड-
त्यो लशून त्यो गहूँ कि?
पीतमा हरा सुचारु।
के? र त्यो अगाडि आलु॥
बुर्बुरे छ मुन्द्रिएर।
क्या प्रसाधिताङ्ग क्षेत्र॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्नदार कीर्तिकान्त।
मेदिनी प्रसन्न हेर !
देवराजराज्यकीर्ति–
को हरा शिंगारतुल्य ॥

(१९)

लालिमाललसत छ व्योम
स्वर्ग रंग वैलिएर ॥
झल्किदो सुवर्ण चूड।
राजधाम शान्तिसाथ ॥
श्रान्त हुन्छ, झल्किदैनः।
मौनकीर्ति शैलतुल्य ॥
शिल्पचारु वन्छ शान्त।
वाटिका फिका भएर ॥
पंख डाक्दछन दिनेश।
फिर्दछन स्वहर्म्यतर्फ ॥

(२०)

छन फिका पुरी विशाल।
शान्तिको स्वराज्यतुल्य ॥
मिर्मिरे बनेर जान्छ।
दृश्य मेघ वैलिएर ॥

(२१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउँछन् सुवर्णभस्म।

(२१)

गौतमी सफेदकेश॥
यानभित्र पस्दछिन् र
दूर छैन! भो बढूँ त
दूर छैन दिव्य ध्येय।
नन्दनैसमान दृश्य॥
देखियो त एकवार!
राजधाम त्यो अपार।
राज्य यो बडो उदार
यो हरा भरा प्रकाश॥
बीच साँन्ध्यकान्ति खास
तुल्य राज्य गर्न पाऊ
आउ पुत्रि! आउ आऊ"

(२२)

शीघ्र शीघ्र चल्छ यान
राजधामतर्फ जान
मिर्मिरे बनेर दृश्य
हेर्दछन् सबै वितान॥
शान्त मौन मिर्मिरे छ।
एक तारकाअगाडि॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्योम हुन्छ फेरि श्याम ।
वारिवाह वैलिजान्छ ॥
सुस्त सुस्त भै विलीन ।
मार्ग बन्छ क्यै मलीन ॥

(२३)

"आज छैन संझना 'कि" भन्छ भित्र कल्पना ।
स्वप्नतुल्य वैलिजान्छ मेघमाथि संझना ॥
ती बिदाइ स्वर्गतर्फ ती दिनेश जो गए ।
दूर अन्य दृश्यभित्र के मलाइ बिर्सिए ?

(२४)

शैलवासिनीसमान साँझका झमक्कमा ।
शीत शीत पक्ष्ममाथि ली वियोगिनी थिएँ ॥
फुस्रिएर अंधकार छाउँथ्यो दिशा दश ।
एक अंशु नै मिलेन अन्धकारको वश ॥
एक पुष्प नै खिलेन दुःखले निसास्सिएँ ।

(२५)

"आज छैन संझना कि ? को तिमी म चिन्दिनँ ?
भन्दछन कि ? या चिनेर भन्दछन् कि भेटिनँ ?
व्हैन व्हैन' छैन चित्त हाय ! क्रूर निर्दयी ।
कामकाज भीडबाट फुर्सदी नभै रही ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संक्षिप्त संक्षिप्त ! कथा तरंगिणी भई ।
शोच गर्छु यी अनिष्ट चिन्तनाहरू लिई ॥

(२६)

मिरमिर भो अब साँझ झमक्क ।
तिरमिर भो तम भो ढकमक्क ॥
पिलि पिलि छन् उडु पंख सुषुप्त ।
विधु नभमा तर स्वर्गृह गुप्त ॥

(२७)

हर हर चल्दछ तीर प्रवात ।
सुरभित, शीतल, चाल्दछ पात ॥
नगर नजीक छ पर्दछ रात ।
तर पथ शून्य छ मिर्मिर खालि ॥
डर पनि लाग्छ थकाइ छ साथ ॥

(२८)

निकट छ एक सरोवर हेर !
टलपल वक्ष छ छन् उडु थोर ।
नभ प्रतिबिम्बित हेर्दछ ऐना ॥
"हरि हरि" बोल्छ नजीक छ मैना ॥
तटतरु झर्दछ उल्टिन कालो ।
निकट किसानकुटी छ उज्यालो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पिलि पिलि झ्याल ! अरू घर छैन ।
अब पर बढ्नु त व्यर्थ हुँदैन ?

(२६)

अघि अघि ब्राह्मण तीन गएर ।
घच्च घच्च द्वार गरे र उठेर
थकित किसान त्यजीकन खाट ।
अतिथि बुझीकन आउँछ राती ॥

पिलि पिलि दीप दुवै करलाई ।
पवनप्रवाह हटाउनलाई ॥
"किन किन को ? " सित प्रश्न गरेर ।
वसन कटीतक झोम्र धरेर ॥

(३०)

"किन ? को ?" भनी किसानले ।
द्विजलाइ सोध्छ मानले ॥
दुइले बताउँदा सब ।
खुशसाथ गर्छ स्वागत ॥

(३१)

तब भित्र पस्न गौतमी ।
दुइ हात आढ पाउँछिन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्विजसाथ ती शकुन्तला ।
तिनका पछाडि आउँछिन् ॥

(३२)

तब खाटमा बसाउँछ ।
द्विजलाइ दिन्छ आसन ॥
भुइँमा परालमा सफा ।
अनि बाल्छ अग्नि दन्दन ॥

(३३)

अब उष्णाता प्रकाशले ।
छ त न्यानुले , मिठासले ॥
कृषिसत्कृता मुसुमुसु ।
दुइ बन्दछन् सुभाषले ॥

(३४)

अरुण प्रभा छ दन्दन , ।
मुखलाल छन् शकुन्तला ॥
कृषिबालिका उनैतिर ।
छ सवाल क्या भला भला ! ॥

(३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"कहिले बिहा भयो ?" भनी ।
जब सोद्धछे उनी पनि ॥
"अविवाहिता म ता" भनी , ।
मुसकाउँछिन् सुयौवनी ॥

(३६)

र छ खिल्ल "ए ! त्यसो भए ।
भवँरा विना फुलेछ ए !।
मधुमालती त्यहाँ अहो !"
मृदु भन्दछे " कहो कहो "

(३७)

स्मित गौतमीमुहारमा ।
सब चाउरी वढी फुले ।
दृग चंकिई शकुन्तला ।
मुख झोप्दछिन् सुमंजुला ॥

(३८)

जब खोल्दछिन् मुहार ती ।
सुरबागका जुहार ती ॥
मृदु छन् गुलाफ भारती ।
सुकुमारिता अपार ती ॥

(३९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जान्छ किसान दुहीलिन गाई,।
हात लिई गबुवा पयलाई ॥
" यो निशि के दुहुनाकन जान्छौ ? "
भन्दछ एक त्यहाँ उसलाई ॥

(४०)

अड्दछ सत्त्वर बोल्दछ चारु ।
" आठ त याम छ गाइ दुधारु ॥"
" कष्ट उठाउनु यो किन पर्छ ? " ।
" के छ र कष्ट र ? ये छिन भर्छ " ॥

(४१)

छिनभरपछि ध्वार ध्वाध्वार्गिरी ।
कृषक त घट भर्छ च्वाच्वार्गिरी
घट भर पय हुन्छ ह्वाह्वार्गिरी ।
ज्वलित अनल बोल्छ त्यस्तै गरी ।

(४२)

आउँछ दोधक शान्त किसान ।
स्मेर मुखाकृति गबुवासाथ ॥
उष्णपयस्क सफेन सफेद ।
दूध दुहीकन आर्द्र छ हात ॥

(४३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ल्याउँछ सुन्दर मृत्तिकाप्याला ।
दूध खन्याउँछ सुन्दर चाला ॥
बग्छ प्रसन्न मनोहर धारा ।
फींज उठेर रिझाउँछ सारा ॥

(४४)

जोड्दछ हात र गर्दछ विन्ति ।
"क्षुद्र किसान म क्षुद्र छ गिन्ति ॥
छैन दरिद्रसँगै अरु खाना ।
स्वीकृत होस् यति यो जलपान ॥

(४५)

ल्याउँछ बन्छ प्रसन्नमुहार ।
सत्कृति गर्न सदैव तयार ॥
दीप्त छ लोचन स्नेह रसाई ।
जोड्दछ हात खडा सबलाई ॥

(४६)

कृष्ण मुहार छ माथ छ फेटा ।
धेर नशामय हात छ दोटा ॥
त्यो कृशकाय किसान अजान ।
बाल्दछ नेत्रविषे सब ज्ञान ॥

(४७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भुट्न मकै तब तत्पर श्यामा ।
पार्श्व दिंदा मृदु कोष छ लामा ॥
क्या स्मितिसुन्दरलोचनचारु ।
षोडशवर्षप्रविष्ट फुलारु ॥

(४८)

छंछम छंछम चल्दछ चूरी, ।
पट्पट पट्पट बोल्दछ हाँडी ॥
भर्भर भर्भर! गर्दछ आगो ।
चंचम चंचम नाच्दछ आँखा ॥

बात बनाउन बस्न चनाखा ,
चाख छ चल्दछ फुर्फुर धागो ।
चंचल चंचल लोचन चारु ।
मोहन मौक्तिक हास्य फुलारु ॥

बात हुँदै मृदु बैंस-चयानी ।
फुल्दछ चारु मकै मन मानी ॥
हेम फुलेर बनेसरि चाँदी ।
मोहन हास्य मनोहर दाना ॥

कोमल कोमल सतकृषि खाना ।
बादल पात्र छ रूकमखजाना ॥

(४९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्नेह जुटाउँछ स्नेह छ खाँदो ।
स्नेह छ गद्गद स्नेह छ आँखा ॥
बात मनोहर भाव सिपालु ।
चंचल चंचलनेत्र छ श्यामा ॥

(५०)

आउँछ सुन्दर कोमल पाठो ।
बोल्दछ सुन्दर कोमल "म्या म्या"
स्मेरमुखाकृतिगद्गद श्यामा ।
हेर ! सखीसित लोचन लामा ॥

शब्दित शान्त शकुन्तप्रियामा ।
बोल्दछ हेर न, बालक आमा ॥

(५१)

हाँस्दछ लोचन सुन्दरता ली ।
लाल मुखाकृति गर्भ-उज्याली ।
छन फरक गरीकन फर्की ।
छन् कति सुन्दर लोचन तर्की ॥

(५२)

ब्राह्मण एक थकाइ हुँदामा ।
दीर्घ शिखान्वित आइ लिंदामा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उँड्न बराबर रुङ्रुङ थाले ।
शान गरीकन दीर्घ शिखाले ॥

(५३)

" खुरु खुरु आउँछ हेर मूषिक ,
तल तल भर्छ कि झैं बराबर ॥
तर जब देख्दछ हेर मानिस ।
खुरुरुरु भाग्दछ बन्छ कातर ॥ "

यति मृदु बात गरेर सुन्दरी ।
हँसमुख चारु बनी वरीपरि ।
अब सबलाइ हँसाउँछे त्यहाँ ॥
तब बिउँझे द्विज झस्किई वहाँ ।

(५४)

अब सबलाई तयार विस्तरा ।
थकित भई बहुतै उँगा बरा !
"किन रहने अब सुत्न पाल्नुहोस्"
नरम बनी मृदुशब्द सुन्दरी ॥

(५५)

त्यो किसान द्विजको अब रजनी–
बीच दाप्छ पद यी अतिथि भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुत्दछन् थकित ती मृदु सपना
देखन, दाफ्छ क्रमले सरलमना ॥

(५६)

आधिराततक त्यो बिउँझिरह्यो ।
भक्ततुल्य प्रभुको चरण लियो ॥
त्यो समुत्थितमना तब सुखमा ।
प्रातकालतक, सुत्दछ पिंडिमा ॥
सूर्य्यको उदय भै तब बिउँझी ।
त्यो दुहुन्छ पय श्रीचरण भजी ॥

(५७)

थकाइ रातमा मरी ।
प्रभातमा उठीवरी ॥
शकुन्तला र गौतमी ।
गए तडागमा घुमी ॥

(५८)

प्रभातको प्रवातले ,
प्रबुद्ध वृक्षपातले ।
"नजीक आउ" भन्दथे ।
सुभाष शब्द बन्दथे ॥

(५९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिनेश दूरवृक्षमा ,
सुवर्ण लट्किएसरि ।
धपक्क छन् समक्षमा ,
सुवर्णपोखरी भरी ॥

(६०)

अनेक मत्स्य छन् जल ।
झझल्ल रम्य शीतल ॥
अनेकरंग मीन ती ,
टिपेर खान चामल ॥

(६१)

पुलुक्क आउँछन् पर ।
चलाउँदै मनोहर ॥
सुचारु तेजिला पर ।
निमेषहीन सुन्दर ॥

(६२)

त्यहाँ नुहाउँछन् दुइ ।
प्रणाम गर्दछन् नुही ॥
जसै सफेद ली छवि ।
धपक्क बल्दछन् रवि ॥

(६३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फिरेर झोपडीतिर ।
लिएर अन्नपात ती ॥
विहान जान तत्पर ।
भए समुत्सुका गति ॥
(६४)

किसान जोड्दथ्यो कर ।
जलदशी बनी तर ॥
छ श्यामला विलोकिता ।
दुखी शकुन्तलातिर ॥
(६५)

"नबिर्स फेरि फेरि है ?
यहाँ फिरेर आउन ?"
दिदीसमान लाग्दछ ।
न स्नेह यो छुटाउन ॥"
(६६)

भनेर आर्द्र श्यामला ।
रुवाउँछिन् शकुन्तला ॥
अतीव स्नेहको दिल ।
बनाउँदा सुकोमल ॥
(६७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झट्ट त्यहाँ स्निग्ध पशु ।
बालक त्यो मंजु शिशु ॥
शब्द गरी स्नेहमय ।
कोमलता दुग्धमय ॥

(६८)

फुर्फुर भै नाचिवरी ।
पुच्छर त्यो दोल गरी ॥
कान उँचा निम्न शिर ।
लुट्पुट भै हुन्छ वर ॥

(६६)

तान्दछ त्यो वस्त्रकन ।
शस्यमुना तान्नकन ॥
सिक्न सरेतुल्य अघि ।
छुन्मुन झैं शीर्ष गरी ॥

(७०)

फर्की हेर्दा एक पाठो कलीलो ।
तान्दो सारी फुर्फुरे भै खुशीले ॥
देखी बोकिन स्निग्ध त्यो चारु भार ।
छातीलाइ स्वाइँ दी गर्न प्यार ॥

(७१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"छानो बाबा: छि: हिसी क्या अपार ।
'आमा' भन्थ्यो स्या गली एकबाल ॥
भन्दै चिल्लो आँगमा हातलाई ।
च्यापी लिन्छिन प्यारले सुम्सुम्याई ॥

(७२)

एक्काइसौं सर्ग

आयो ठूलो उज्यालो नगर अति उँचा पीन पर्खालवाला ।
निकै कालो भएको जल जलद खंपी दुर्ग जस्तो शतायु ॥
खाल्डोले घेरिएको रिपुदलहरुका आँशुको पोखरी झैं ।
चौडा लामो, गहिरो, रँग पनि कृ हरा नील जस्तो गभीर ॥

(१)

खँबा राखी अडेको पुल पनि उसमा काठको हेर चौडा ।
बुट्टा काटेर राम्रो दुइतिर त्यसमा नागवेली किनारा ॥
निकै ऊँचा उठेको तलतिर भुइँमा ताछिएका फल्याक ।
सामुन्ने ढोका दशगज सहजै पस्न सक्ने फराक ॥

(२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोसा तीखा परेका दुई तरफ त्यहाँ छन् खुला ती कपाट ।
ढोका ठूला फलामे रिपुदल लहरी उर्लिंदा रोक्न सक्ने ॥
हात्ती फर्काउनेछन् भयसंग चुचुरा ती फलामे सुतीक्ष्ण ।
दोहै राम्रै खुला छन् दुइतिर पहरा लिन्छ भाला खडा भै ॥

(३)

कालीको मूर्त्ति नीलो, अरुण रुधिरको पानले लालजिह्वा ।
देखिन्थ्यो दीर्घकेशी रिपुकर छ कटी मेखला मुंडिएको ॥
कुल्चेकी छन् पिनाकी अवनितल लडेका त्यहाँ शान्त मूर्त्ति।
यौटा खुट्टा उचाली अखिकर, भयकी उग्रचंण्डी उठेकी ॥

(४)

"राजा दुष्यन्तको होस् जय जय जय"यो लेखिएको सुनौला।
स्पष्टै देखिन्छ? जूधे अरिमठ पहरा भै खडा लिन्छ भाला ॥
जाँची जाँची सबैका घर वतन तथा साथका मालताल ।
छोडीदिन्छन् सिपाही जति जति त्यसमा गर्न खोज्छन् प्रवेश॥

(५)

जाँन्दा ती कण्वजीका अनुचर बुझिई गौतमी कण्व पत्नी ।
आएका छन् भनेको खबर पनि सुनी साथ छोरी लिएर ॥
यौटा लाग्यो अगाडि प्रबलयश महान् भूपप्रासादसम्म ।
राम्रा ठूला उज्याला घर लहर लिने मार्गले स्निग्ध चौडा ॥

(६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाटामा देख्दछन् ती घरलहर सफा बान्किला एकनास ।
काँहीं काँहीं उठेका अरु उपर उँचा आढ्यका दीर्घवास ॥
गर्वी कल्की लगाई अरु जनहरुका बीचमा शानदार ।
लंबा चौडा नबाफी पुरूषसरि खडा वक्ष ऊँचा गराई ॥

(७)

राम्रा सौन्दर्यवाला युवति, मृगदृशी, झ्यालमा टाँसिएका ।
सौखी छन् माल्यका ती कुसुमहरु धरी केशमा जूटदार ॥
सारी रंगी बिरंगी, पहिरनहरुका चारु शोभा सुहाई ।
आँखा काला घुमाई, सडकतिर दिने दृष्टि आनन्ददायी ॥

(८)

बाटामा छन् बसेका लहर पसलका देख्न राम्रा उज्याला ।
रंगी रंगी कुराले खजित बहुथरी लोभका चीजवाला ॥
काँही छन् फूलमात्रै वहुरस रँगका क्या बडा चारु डाली ।
माला राम्रा उनेका तप तप चुह्नुने गुच्छ झुप्पा र जाली ॥

(९)

मग् मग् मग् मग् छ चल्दो परिमल रसिलो भृङ्ग मौरी झुलाई ।
ती राम्रा पुष्प झुल्छन् मलय पवनमा झैं चलेका सजीब ॥
सानो मीठो बगैंचा पसले हुन गई नक्कली वांट पारी ।
मीठा सौन्दर्यका छन् पहिरन कहँदा "ल्यौ मलाई मलाई ॥

(१०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काँही छन् वस्त्र रंगी पहिरन हलुका छन् परी वस्त्र तुल्य ।
राम्रा बुट्टा लिएका थरि थरि रँगका कोमलाङ्गी मिठास ॥
कात्छन् कीराहरुले वसन अति मिही भन्दथे ती बुनिन्छन् ।
राम्रा मिल्दा उज्याला अवयवहरुको मोहनी बन्नलाई ॥

(११)

लामा लामा फलामे गज लिइ करमा नाप्दछन् वस्त्र बेच्ने ।
आँखा तीखा लगाई पल पल त्यसमा गर्दथे होश किन्ने ॥
काहीं छन् चित्र राम्रा नरम र जिउँदा रूप झैं तेजवाला ।
धेरै श्रीकृष्णका नै शिखिमुकुट लिने वेणु राम्रा उज्याला ॥

(१२)

राधाको चित्र राम्रो दिनकरतनयातीरमा कृष्णसाथ ।
गाई गोपीहरुले श्रवण सुख लिंदा भाव मीठो खुलेकी ॥
काँही सीता उज्याली दशरथसुतका साथ सिंहासनैमा ।
काँही छन् शारदा ती अतिसितवसना हंसमा, वीनवाली ॥

(१३)

धेरै छन् देवताका पटहरु रँगिला अर्थका गूढ गूढ ।
काँही ब्रह्माण्ड ॐमा रंग रंगहरुको मेलको चित्रकारी ॥
वारा राम्रा सुनौला अतिशय छ मिही कामको क्या किनारा ।
बुट्टा छन् काठलाइ मृदुलपन दिने लच्किएका शिंगार ॥

(१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काँही छन् शाक मात्रै परतिर फलछन् मौसमी क्या विकाल ।
पूजासामा कहीं छन् रँग रँग त्यसमा धूप औ चन्दनादि ॥
माला राता र सेता बहुविध थलिया धूप औ कुंकुमादि ।
राम्रा धौताहरूका पटहरु खटिया मूर्ति साना उज्याला ॥

(१५)

काहीं छन् पानवाली जलभर थलियामा नुहाएर पान ।
राम्रा भूचंचला ती मुसुमुसु मुखका वातका छन् विरुद्द ॥
लाएका चूनकोठी धवल मृदुलतातुल्य गाला छुत्राई ।
लाली चड्का चढाई अधर मृदुलमा आधि सप्को उचाली

(१६)

छन् ठूला पोखरी नै टलपल जलका वृक्षका पंक्तिदार ।
केही चैते हवाले चलमल गरिऊँ झैं हुनाका तयार
ऐना छन्-किन्तु राम्रा अझतक घर छन् स्पष्ट उल्टा सचित्र ।
देखिन्छन् कामिनी नै तरुनिकट कुनै पानिझ्याले परी झैं

(१७)

राम्रा छन् बाग चौडा थरि थरि तिनका छेउमा पुष्पदार ।
शोभा छन् झलिकएका लहर कुसुमका नाच्दछन् वारवार ॥
तालीमे भै कलाका तरुहरु कुसुमी पंखले चारु छन्द ।
नाचेका छन् रँगीला लहलह पिककोदेशको वायु पाई ॥

(१८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"को को हो" बोल्छ पंछी भ्रमरहरु त्यहाँ रूपका छन्-प्रशंसा।
मग्मग् चल्दो छ बास्ना लहर पवनको गद्गदाएर मन्द ॥
वासन्ती रँग पाई किशलय कलिका नाच्दछन् छुन्मुनाई।
मानो फुल्दो मजाको उपवन छ त्यहाँ बँस गर्दो रजाइँ ॥

(१६)

राजप्रासादको नै निकट अब पुगे पौरयात्रा गरेर।
झल्क्यो छाना उज्यालो सुनसुन चहकी झैं लिई सूर्यराशि ॥
मानो आनन्दको झैं भवन विपुल त्यो द्वार चौडा लिएर।
झंडा गर्थ्यो यशस्वी फरफर सबका सामु ऊँचा गरेर ॥

(२०)

खंवा राम्रा उज्याला स्फटिक चहकिला शुभ्र बुट्टा भरेका।
खंवा खंबा भएका नजर खिचिलिने देखिएथ्यो दलान ॥
रंगीचंगी छ भित्ता थरि थरि त्यसमा मखमली रंगसंम।
देखेका आज यात्री छिन भर अडिदै मान्दथे ती अचम्म ॥

(२१)

ढोका सानो त्यहाँको अलिपरतिरको दख्खिना द्वार नाम।
लच्केको लाइ मालाहरु थरि थरिका वागको तर्फ जान ॥
स्त्रीको पस्नेछ बाटो त्यसतिर अब ती स्त्री दुवै मार्ग लिन्छन्।

(२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाटो मीठो छ ठंडा दुइ लहर फुली वृक्ष राम्रा मिलेर ।
वल्लीले बेन्हिएको कुसुमहरु भरी द्वार भित्री छ रम्य ॥
लच्केको बाटुलो भै मगमग महिमा हल्लिदो मन्द मन्द ।
बोल्छन् मीठा कुरा झैं विहग वनविषे त्यो नजीकै बसेर ॥

(२३)

पस्दा देखे फुलेको सुरपुरवन झैं त्यो हरा पुष्पविश्व ।
ठंडा हाँगाहरूमा किशलय हलुका नृत्य गर्दा हवामा ॥
बास्ना झैं मग्मगायो प्रथम श्रवणमा पंखले चुल्बुलायो ।
आँखाले रंग पायो अनि जिउ भरमा सौख्य नै सर्सरायो ॥

(२४)

बन्थे चंगी र रंगी अनि धवल सबै ढंगका ती मयूर ।
लामो त्यो लत्रिएको पहिरन प्रकृत स्वादु लच्काउँदा ती ॥
काँ काँ केकाँ कराई वरपर चिडिंयाका उडे झैं धिराज ।
उँचा हाँगाहरूमा ढलिमलि कहिले गर्दथे वृक्षमाझ ॥

(२५)

चीभे फिस्टो मुनीया परभृत प्रभृति प्रेमकापंख नाना ।
सारौं धोवी भँगेरा थरि थरि रँगका स्वगर्पक्षी उज्याला ॥
शूग्रा मैना, परेवा पटु, शिखिकटुवा गौंथली औ जुरेली ।
बोल्थे नाच्थे र झुल्थे कुसुमनिकरको हर्म्यमा खेल खेली ॥

(२६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आरू लाली लिएका धवल कुसुमको नासपाती अनार ।
रातो, काँढा छिपेको जुइहरु सुन झैं जाइ बेली वहार ॥
चंपा, गाभा, गुरांसे गुनकसी कमली कामिनी काँइयो र ।
सुन्पाते, नीलपाते, कुसुमहरु त्यहाँ क्या मिसिन्थे अपार ॥

(२७)

फुर्फुर्गर्दी छ पंछीसदृश उ पुतली फूल जस्ती रंगीन ।
मानो फूलै उडे झैं कुसुमरस लिने वन्य सानी परी झैं ॥
बुट्टाछिर्का परेको सुरधनुषभरीका मिही रंगबाट ।
ठाँटेकी झैं हलुका कुसुम ऋतुहरूको तपस्यासमान ॥

(२८)

छन् राम्रा ठाउँ ठाऊँ जल निकट त्यहाँ बस्नका चारु बान्की ।
शेता गद्दी बनेका मृदु मरमरका फूल झर्ने छहारी ॥
बाटो नै स्वर्गको झैं जति अघि बढियो उत्ति आनन्ददायी ।
भिन्नै भिन्नै बनेका किसिमहरु त्यहाँ फूलका वृक्षको नै ॥

(२९)

आयो राम्रो मजाको महल जलविषे दोहरो भै खुलेको ।
सानो बान्की छरीतो कुसुमलहरले शोभिएको मिलेको ॥
पाटा राम्रा छओटा छऋतुहरु जहाँ गर्दछन् नृत्य पालो ।
ठंडा आनन्द जस्तो लहलह तरुको पंख उड्डीयमान ॥

(३०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रा राम्रा सजेका कुसुमित गमला रंग छानेर चारु ।
वल्ली हल्ली मजाको वर पर सुखमा मग्मगाएर बास्ना ॥
रंग धानी हरीयो छत पनि हरियो पुष्पको चित्र चारु ।
क्रीडा गर्थे जहाँ ती नृपति युवतिका नृत्य हेरी उज्याला ॥

(३१)

ढोकामा एक पुड्के असिकर बहुतै गर्ववाला सिपाही ।
घुम्थ्यो आएर सोध्यो अलिअलि बुझिदा भन्छ 'वेला खराव ॥
आयौ, पाइन्न क्या रे कठिन छ बहुतै दर्शनै आजलाई ।
फर्की जाओ नआओ करकर नगरे, ठोक्दछन् है मलाई ॥

(३२)

वार्ता राम्रो बुझाई जव ऋषिसंगिनीले बताइन् समस्त ।
"रानी हाम्री यिनै हुन् यतिसित डरले चाखले हेर्न थाल्यो ॥
शोची शोची, कुनै हो युवति परतिरै पल्सिएकी अवश्य ।
भन्ने ठानी छ हेर्दो मुखतिर लजिली गर्भिणीको रहस्य ॥

(३३)

केही आज्ञा नपाई अब म त कसरी हाजिरी नै पुऱ्याउँ ?
हिंड्छन् राती र कैले यसरित ? बहुतै खेद भो के बताउँ ?
को रे? को? कण्व भन्ने? किन यस-रितले पाल्नुभो प्रात यामै ।
कोही पाउन्न पस्नै हुकुमविनु यहाँ फर्किनोस् आज आमै ॥

(३४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"उल्लू रैछस् फटाहा मकनत कुटुनीतुल्य पो आज ठानिस् ?
के जानिस् फरण्व पत्नी? समझसंग तँ वोल् भस्म पानछु जानिस्
जा ! जा ! जाने भए जा ! नत अब तँ यहाँ बिग्रिनेछस् घमंडी ।
थी हुन् छोरी तँ बुझ्छस् ? समझ विनु त्यसै बोल्दछस् न्हैन रण्डी ॥

(३५)

काँप्यो पुड्के डरायो कर दुइ अब ता जोड्छ सातो गाएर ।
"माफी पाउँ नवुझ्दा यति हुन गइगो जान्छु माता नुहेर ॥
भन्दै त्यो भित्र पस्थ्यो उस बखत त्यहाँ झ्यालमा भूप आए ।
देखी को को रहेछन् तलतिर यतिले एक नै दृष्टि लाए ॥

(३६)

झल्का पाई मुदितहृदया स्वर्ग देखेसमान ।
ढुक् ढुक् गर्दी मुटु नजरले पाउँदी दिव्य मान ॥
आशा वल्ली लसित वदनको रँग चढ्दो उज्याली ।
भोग्छिन् रोमाँच मृदुल नयाँ त्यो वसंती हवामा ॥

(३७)

बोल्लान् बोल्लान् कि अव पहिला शब्द त्यो झ्यालवाट ।
शायद् नामैसित त मकन ती गर्दछन् के पुकारा ?
"आयौ केले कुन रित कसो के गरी" सम्म केही ।
भन्ने आशा धुकचुक भयो प्रश्न केही नसुन्दा ॥

(३८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"को हो ? को हो ?" सित पिक रटा तीवनेको झसँग ।
हेर्छिन् लामा नयन रसले भयाल सम्मन् उठाई ॥
देखेनन् लौ कित दृगले खालि देखे झलक्क ।
संझे होलान् तर किन त्यसै बिर्सिएलान् मिछिक्क ॥

(३९)

भन्दै हेर्दी वनतिर तिनी आशवाली पुलुक्क
आधा आशा अलिकति कतै के कसो भो भने झैं ॥
चढ्दो लाली शरम ललिता शोचले रोकिएकी ।
मुस्कूँ जस्ता अधर पहिलो भाव ओर्ली नुहेकी ॥

(४०)

पैल्हो रोमाञ्च मुटुतिरको केन्द्रको भै सिरिङ्ग ।
आधा उड्दै स्तनसित तलै झर्छ वैराग्यसाथ ॥
आँखा छीटा अब त रसिला गौतमीतर्फलाई ।
बोली बिर्सी डरसित भनिन् "बिर्सिएकी मलाई"

(४१)

केही कांपी अधर अरुले थाह केही नपाई ।
चीसो गाँठो मुटु छ गठिलो शब्द केही नपाई ॥
फर्की छीटा शरम दृगको रोक्न केही सँभाली ।
पर्खिन्छिन् ती भ्रमरतिर नै कुंचित भ्रू लगाई ॥

(४२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आयो पुड्के असिकर त्यहाँ गर्छ आई इशारा ।
चंकी आए दृग उछलियो आशको बैंस छाती ॥
राम्रा मीठा पुलक भरिए मंजरी मंजु बोले ।
बास्ना जस्तो लहर वनको जिन्दगी चुम्छ प्यारो ॥

(४३)

फूलै फूलै सरि पयरले चारु चाला चलेर ।
कुल्ची राम्रा मखमल त्यहाँ पाउले ती प्रसन्न ॥
श्री झैं फुल्दी कुसुम ऋतुकी मारकी मोहनी झैं ।
ऊँचा बन्छिन् मृदुलबदनी चंकिदी नेत्रज्योति ॥

(४४)

जालिन् जास्ती अघि त कहिले गौतमीको अगाडि ।
रोकिन्छिन् नी शरम बढि गै रोक्न औत्सुक्य भारी ॥
स्वर्गै उक्लेसरि युवति छन् खालि थूँगासमान ।
सोपानै भै कुसुम पथ त्यो कल्पना नै विमान ॥

(४५)

बोल्ने चाला नहोला उपरतिर बसी काइदा व्हैन होला ।
हाँसी भन्लान् मलाई "किन यस रितले पर्दथ्यो आउनै र ॥
के चिन्दैनन् र काला भ्रमरहरु पनि प्रेमका पुष्पलाई ।
बिर्सन्थे हाः कसोरी प्रियतम मुटुका ज्योति आफैं मलाई ॥

(४६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गंभीरा गौतमी छन् वचनहरु गर्मी बोल्न खोजी अगाडि ।
सानी छन् छाउरी झैं कुसुमनिकरकी ती उज्याली पछाडि ॥
रगीलो दिव्य राम्रो मगमग कुसुमी कोठरीमा वसन्ती ।
नाघी संघार आधा चकित हृदय ती देख्दछिन् वैजयन्ती ॥

(४७)

केटी छन् अप्सरा झैं सुमधुरवसना ठाँटिएकी कुरंगी ।
प्याला रंगीन राम्रा मृदुल कर धरी सुस्त बोल्ने विहंगी ॥
रंगी चंगी छ भित्ता कुसुमित लहरा हिल्दछन् झैं उज्याला ।
राजा छन् शोच गर्दा मलिनमुख त्यहाँ बिर्सिएतुल्य केही ॥

(४८)

मुस्केलान् झैं अधर मृदुछन् मेत्र संदेश वाला ।
होलीन् जस्ती, मधुरवद्नी प्राकृत प्रेमसाथ ॥
चंकेलान् ती विपुल दृगले सौख्य पाएर हेरी ।
भन्दी आंशा हरित अडिंदी द्वारमा छन् खडा ती ॥

(४९)

"को व्हौ के हो कहाँका कुन खवर लिई आउँछ्यौ भन्नु के छ ।
भन्ने आज्ञा सुनेकी अझ अपरिचिता छक्क भै हेर्नथालिन् ॥
राजाको चेहरामा अलिकति गहिरो देख्दछिन् ती विषाद ।
शोचैमा छन डुबेका अझ नृपति भनी मेट्दछिन क्यै फसाद ॥

(५०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केही सर्दौ अगाडि प्रबलवश महाभूपका नेत्रलाई ।
आश्चर्यैले म ल्यूँला चकित झलकमा चट्ट पारी चिनाई ॥
"ओहो" भन्लान् मलाई किन ? यति मनमा चट्ट राखी विचार
सामुन्नेतुल्य सोझो वदन दिन रहिन् नेत्र तीखा लगाई ॥

(५१)

"को हुन् यी सुन्दरी नी? नृपमणि अबती सोद्धछन् गौतमीमा
दोटै बोल्नै नसक्ने अपरिचित्त कुनै मूर्ति जस्ता बनाई ॥
छायो चाँडै अँध्यारो हृदय डर पस्यो मंजुलाको समस्त ।
स्वप्ना मीठो गुमे झैं तर अचल रहिन् फेरि खानोससाथ

(५२)

ढक्का दिन्थ्यो बजाई मुटुतिर डरले चौडिए नेत्र लामा ।
बोलिन् ती गौतमीले म हुँ प्रभु वनकी कण्वपत्नी वयस्क ॥
"यी हुन् छोरी--अगाडि प्रभु निकट यिनै पाउमा राख माथ !
भन्दा आशा उठेकी नृपपयर छुँदी उठ्दछिन् प्रेमसाथ

(५३)

"हाः हाः कन्या उज्याली द्विजकुलदुहिता के गरे को !" भनेर ।
उठ्दा राजा जुरुक्कै चकित दुइबने 'के भएको' भनेर ॥
"पत्नी आफ्नो नचिन्ने नृपबर! किन हो आज यस्तो वहाना ।"
भन्दा आश्चर्य मानी टुलुटुलु नृपले हेर्न लागे दुवैमा ॥

(५४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को यिनीहरु ? यहाँ किन आए ?
कण्वले किन मलाइ छकाए ॥
संझना न छ ममा यिनसाथ ।
भेटसम्म न त संझु नबात ॥
(५५)

" एकरात न बसें सँग काँही ।
गर्भिणी युवति छन् अघि याँही ॥
के भयो नि ! जगदीश ! फसाद ।
हुन्न हाय ! यिनको रति याद ॥
(५६)

पाप लाग्छ गहिरो पछिसम्म ।
बिर्सिए यदि ! म बन्छु अचम्म ॥
देखिएन यिनलाइ अगाडि ।
के गरी ग्रहण गर्नु पछाडि ॥
(५७)

"व्हैन व्हैन तर व्हैन जरूर ।
संझनै पनि नभै यति वेर ॥
हेर्छु सुन्दर मुहार न चिन्छु ॥
यो छकावट भनी बुझिलिन्छु ॥
(५८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्या असंभव कुरा ! हुन सक्छ ?
गर्भिणी युवति छन् मन छक् छ ॥
छैन छैन दुइ कान छकाई ।
भ्रान्ति दिन्छ किन आज मलाई ?

(५९)

स्वप्न हो कि बिपनासरि हुन्छ ।
'यो छकावट' भनी दिल भन्छ ॥
सोध्छु तै पनि खुलस्त बताऊन् ।
यी कुराहरु खुलुन् अवलाई ॥

(६०)

शोच पार्छ भ्रुकुटीकन गाँठो ।
तीक्ष्ण दृष्टिँसग यो छल बाठो ॥
के रहेछ त भनेर निहारी ।
भन्दछन् " सब खुलस्त बताऊ !
यो रहस्य, स्मृति दुर्बल भारी ।
भो म सक्दिन यिनीकन चिन्न ॥
संझना रति मसाथ रहन्न ।

(६१)

क्रोधसाथ निठूरी अतिलाल ।
फुल्दछन् कि त कपाल गुलाफ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झैं तिनी मनमनै अब रत्न ।
क्रूर मूर्तिसित छन् अप्रसन्न ॥

(६२)

गौतमी नृपतिको मुख हेरी ।
निर्दयी कपटतुल्य विचारी ॥
भन्दछिन् प्रभु अहो ! यहि चाला ।
गर्दछन् नृपतिले यशवाला ?"

(६३)

"संझना पनि लुकेर छिपाईं ।
छैन याद कसरी प्रभुलाई ?
ठीक हुन्न अबलाइ बहाना ।
निष्कलंक यशदार खजाना ॥

(६४)

"आज के शरमले प्रभुबाट ।
दाग लाउनु पवित्र ललाट ॥
गर्नु छैन छलछाम बुझेर ।
पाप लाग्छ यसबाट अघोर ॥

(६५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"हात हाल्न अघि सर्नु हुँदैन ।
स्त्रीहरूकन त्यसै यशवाला !
गर्भिणीकन म चिन्दिनँ फेरि ।
भन्नु नीच जनको बुझ घाला ॥

(६६)

"संझ सत्य नृप विस्मृति हैन ।
यो महाकपट ठीक हुँदैन ॥
चुस्छ भृङ्ग अघि पुष्प समाती ।
बिर्सिने छ 'कलि' दुष्ट नजाति ॥

(६७)

"यी सुचारु दुहिता ऋषिबाट ।
त्यक्त देखिन गए प्रभुबाट ॥
दुष्टता हृदयको अनि पाप-
लाइ मिल्दछ जरूर शराप ॥

(६८)

"सत्य बोल्नु नृपको महिमा हो ।
न्याय नै नृपतिको सुषमा हो ॥
त्रासले शरमले प्रभु गल्नु ।
धर्म छाड्नु कमजोरपना हो ॥

(६९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"चन्द्रवंश किन लिन्छ कलंक ?
लाग्छ बादल हरे ! किन आज ॥
सत्यको त्रुटि हुँदा दिन ज्यान ।
जो तयार अघि-खै अब लाज ?

(७०)

संझ संझ नृपते कमजोर ।
क्षुद्रको छ महिमा करजोरी ॥
भन्छु यस्ति, जति लाज छ मान, ।
धर्मको त्रुटिविषे लिन जान ॥

(७१)

नत्र गिर्दछ तलैतल आत्मा ।
सोध भित्र दिलसाथ गुनेर ॥
भन्न सक्दिन म दुष्ट दुरात्मा ।
कीर्तिको यति निनाद सुनेर ॥

(७२)

"देह जान्छ पछि हुन्छ खरानी ।
यो अनित्य भवमा नब के छ ?
एक सार सुखको जुन सत्य ।
धर्म हो, यति नत्याग्नु रहेछ ॥

(७३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेटिँदैन बुझ दाग खराब।
पकबार यदि नाम गुमाए॥
आँसुले पछि अनन्त अगाडि।
पर्छ त्यो प्रलयसम्म पखाल्न॥

(७४)

सत्यका प्रतिनिधि प्रभुबाट।
सत्य छोड्नु बहुतै छ खराब॥
सत्यले मुकुटको मणि दिव्य।
घाउ लाग्छ यसमा तल झर्दा॥

(७५)

भूप हुन् सुकृतिका अवतार।
दिव्य ऐश प्रतिमा पृथिवीमा॥
सत्यशून्य नृप खालि हुँडार-
तुल्य हुन् अनृत वेश लिएका॥

(७६)

राज्यका स्थिति विकार बढेर।
बिग्रिनेछ यदि सत्य हटाए॥
चित्त नास्तिकसमान खसेको।
खलबलाउन गईकन आफैं॥

(७७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सत्य नीति रहँदातक व्योम ।
तारकाहरु अडाउँछ झल्ल ॥
गिर्छ त्यो पनि बनीकन आँधि ।
सत्यको यदि नहोस् त समाधि ॥
(७८)

सत्यश्रृङ्खल बनेर समस्त ।
विश्व अड्दछ परस्पर मेल ॥
वस्तुमा नत विरोध उठेर ।
गिर्दथे गिरिजरा नअडेर ॥
(७९)

कीर्ति भूपहरुको रविको झैं ।
दिव्य चालसँग उज्ज्वल नै छ ॥
ऐश ऐन त्रुटिले टुटिजाँदा ।
फेरि सूर्य कसरी बलिजाने ?
(८०)

सूर्यबाट जसरी तम-रेखा ।
निस्किँदैन सब मानिस लेखा ॥
आश गर्दछ सदा मन नाथ !
हुन्न झूट कहिल्यै प्रभुबाट ॥
(८१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"जानु फेरि र कहाँ छ सहारा ?
सत्य नै नृपतिबाट गुमेमा ॥
सूर्यबाट यदि वर्षण हुन्छ ।
अन्धकार तब सृष्ट रहन्छ ॥
(८२)

"हे उदार दिलका यशवाला !
सूर्यका अघि सदैव उज्याला ॥
भूप सत्य दृढ सुन्दर रूप ।
सत्य संझनुहओस् दिलभित्र ॥
(८३)

वीरको हृदयमा रहँदैन ।
एक दाग डर, झूट, खराबी ॥
मिल्दछन् अणु बजाउँछ नित्य ।
तार तार-हरुमा दृढ सत्य ॥
(८४)

वीरता हृदयको दृढता हो ।
कीर्ति सत्य झलमल्ल बलेको ॥
न्याय सत्यकन आँटसमान ।
सत्य नै अवनिको सब प्राण ॥
(८५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सत्य नै छ ऋषिलाइ तपस्या ।
सत्यबाट च्युत गिर्छ तपस्वी ॥
घोर नर्कहरुमा सब उल्टी ।
भित्रबाट न त उठ्दछ सुल्टी ॥
(८६)

सत्य नित्य छ अनित्य असत्य ।
सत्यमा छ प्रभुको सुन-गाद्दी ॥
सत्य मात्र छ प्रकाश सुनौला ।
स्वर्ग सत्य सबतर्फ असत्य ॥
(८७)

सत्य हो हृदयमा बहुमूल्य ।
जिन्दगीकन विभूषण हीरा ॥
सत्यबाट झलमल्ल खुलेर ।
फुल्छ जीवन रँगीन बनेर ॥
(८८)

सत्य खोज्छ भवमा सब जीव ।
सत्यले रहित हुन्छ अभागी ॥
सत्य चल्छ सजिलो, झरिहाल्छ ।
शीतको लवसमान हवामा ॥
(८९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जो असत्य छ उ चल्दछ बाङ्गो।
लाख लाख जुनि 'जेल' बनेर॥
रँग्मगाउँछ जहाँ सब जीव।
अन्धकारमय गह्वरभित्र॥

(६०)

वक्रतासित सँधैभर गुम्सी।
पोल्छ बन्छ विष बन्दछ खाल्टो॥
छन् अचिन्त्य सुइरा, अनि आरा।
नर्क कुंडल त्यहीं सबलाई॥

(६१)

थो बुझाउनु न पर्दछ नाथ।
ज्ञान दिव्य छ सदा प्रभुसाथ॥
भ्रान्तिले विकल चित्त भएर।
पोल्छ यो कपट क्रूर तथापि॥

(६२)

सत्य दीर्घ छ अनन्तसमान।
छोपिंदैन नत उड्दछ प्राण॥
विश्वशासक अगाडि कसोरी।
ज्ञानशील जन बोल्छ असत्य ?

(६३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सत्यलाइ थिचिए पृथिवीले ।
काँप्दछिन् अवनि उठ्दछ ज्वाला ॥
सत्यले सकल काल समाए ।
विश्व खाक सब नासिइजाला ॥

(६४)

ताज यो हृदयको प्रभु ज़्योति ।
भूपको प्रकृत दिव्य विभूति ॥
यो प्रकाश महिमा प्रभुबाट ।
त्यागन हुन्न नुहुनेछ ललाट ॥

(६५)

वीरको हृदयमा सब हामी ।
क्षुद्र मानिस सदा लिन आश ॥
हेर्दछौं प्रकृत सत्य नडग्ने ।
त्यो समुज्ज्वल सफा ध्रुव जस्तो ।
कम्पहीन हँसिलो छविबाट ।
मृत्यु खान्छ मुखमा दृढ लात ॥
एक ईश्वर र सत्य छ नित्य ।
साहसी अमर दिव्य इशारा ॥
त्यो नभै न जग जीवनलाई ।
पाइँदो छ स्थिरता युगलाई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीरको हृदय श्राढ लिएर ।
सत्यको नित छ कर्म प्रसिद्ध ॥

क्षुद्र अल्पबलका सब हामी ।
श्राश यत्ति मनभित्र हुँदामा ॥
"सत्य जित्छ र असत्य छ गिर्ने"
छौं सजीव सब प्राण अडेर ॥

सत्यशून्य सब विश्व बुझेमा ।
प्राण अड्छ जनको, सब जीव ॥
बन्दछन् शवसमान नपाई ।
न्यायभित्र करुणा दिललाई ॥

मानिसै अमरताकन त्यागी ।
मर्त्य बन्दछ असत्य लिएर ॥
सत्य हो अमरको रविज्वाला ।
जो प्रकाशित बनाउँछ विश्व ॥

(६६)

तौल तौल रति काँट मिलाई ।
ईशबाट रचना सब अड्छ ॥
एक नै पल भुले मृदु सत्य ।
मोक्ष गुम्छ मन यो तल गड्छ ॥

(६७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सत्य नीति जसको छ धरामा ।
वीरका शिखर झैं यति दिव्य ॥
हुन्न ती नृपतिमा डर त्रास ।
सत्य बोल्न यति गर्दछु आश ॥

(९८)

बाहिरी सब बनावटबाट ।
बिग्रिंदो छ दुनियाँ दिनरात ॥
सत्य भज्छ तर आन्तर आत्मा ।
बोक्रिंदो छ नित झूट बढाई ॥

(९९)

हाय ! कृत्रिम छकावट साना ।
हाय ! लाज हलुकापन नाना ॥
हाय गर्व ! सब इज्जत टेढो ।
पाछ्छ सत्य विधुवा दुनियाँमा ॥

(१००)

त्रास लौकिक छ कृत्रिम बाह्य ।
लुक्छ लाजसित आन्तर आत्मा ॥
काटिंदो छ यसरी दुख फ्याँक ।
बन्नलाइ दुनियाँ सब हाँक ॥

(१०१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी समस्त प्रभुका कमजोरी ।
झाडिबक्सनुपर्‍यो करजोरी ॥
गर्छु विन्ति गहले, अब नाथ ।
सत्य स्वीकृति हओस् सुखसाथ ॥"

(१०२)

सुन्दा यस्ता वचन नृपले गौड़को चेहरामा ।
केही क्रोधी रँग लिउ लिऊँ ढङ्ग देखाउँदा छन् ॥
सोच्छन् मेरो यश विमलमा आज बट्टा लगाई ।
उल्टो शिक्षा दिन अब यिनी आउँछिन् बक्वकाई ॥

(१०३)

धेरै रोज भएर विस्मृति परी त्यो चित्तमा बादल ।
होशै गुम्न गई अनन्त सुखको त्यो प्रेमलीला भुली ॥
स्वर्गैबाट विचित्तता तल झरी बिर्सेर वैकुंठका ।
राम्रा चीज र श्री थिए नृपति ती आँखा अँध्यारा हुँदा ॥

नौली क्यै परबाट आउन त्यसै हाँसेर पस्दी उषा ।
नाता जोड्न तयार तैपनि त्यसै केहीं डराईवरी ॥
लालीसाथ र शीतसाथ लजिली फुर्केर जाँदी अनि ।
त्यो स्वप्ना कुन हो न याद मनमा मिल्थ्यो हुँदा विस्मृति ॥

आँखा हेर्दछ, संझिदैन दिलले, उठ्दैन रोमांच नै ।
चीसो रक्त नशा बहाउँछ न ता नानी दुवै चंकिए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टूना शून्य भई भएछ नभमा सारा खरानीसरि ।
सोही स्वर्ग जहाँ थियो झिलिमिलीका बीच राख्दो परी ॥

त्यो दुःखी नबुझेर दुःख दिलको बन्दो छ अन्धो दिन ।
सारा हेर्दछ मोहनीरहित छन् संसारका चीज नै ॥
के के झैं जब लाग्छ चिन्तन बढी भै च्याँठ सारा कुरा ।
बिर्सी प्रेम झिझिन्छ झोक्किन गई खाकै बनी सँझना ॥

त्यस्तै आज भए क्षितीश दृगका सास्ने खडा ती हुँदा ।
"को हुन् यी ? किन आउँछन कति झिझो" भन्दै हुँदा दिक ती

(१०४)

"को होलिन् मन प्रश्नमा छ म कहाँ जाँदा भयो भेट र ?
देखेतुल्य मलाइ लाग्छ स्मृतिमा, भेटिन्न केही तर ॥
यो हो के ? तर भो छकावट सबै कोही महाजाल हो ।
षड्यन्त्री हुन शक्दछन् कपटका स्त्रीरूप के चाल हो ?

(१०५)

यस्तै तर्क-वितर्कसाथ नृपती टोल्हाउँदा झन् भए ।
झन् झन् क्रोध उठ्यो म चिन्दिन भनी मन्टो हिलाईलिए ॥
झन् झन् त्रास बढेर आश नहुँदी त्यक्ता तिनी कामिनी ।
झन् झन् क्रोध उठेर निष्करुण भै हेर्छिन् अभागी बनी ॥

(१०६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

के के चित्र विचित्रभित्र मनको काँहीं गुमे झैं गुफा।
लाटामा गहिरा भई, नृपतिको खोज्दी थिई कल्पना॥
झाँक्रो मात्र फिंजाद्‌थी गहभरी खोजी निराशा लिंदी।
च्याँठै मात्र बढाउँदी विकलतामा ल्याउँदी इन्द्रिय॥

(१०७)

रित्तो भै स्मृति फुस्लिई भुवनका मीठो मिहीं मोहनी।
केही सार नपाउँदो दिल भयो पाएर निर्मोहनी॥
खोपीचित्रसमानका युवति ती शोभा लिंदा सुन्दर।
फुस्रा भै सब पग्लिदो रस भयो च्याँठै बढी सत्वर॥

(१०८)

आदर्शच्युत साधु झैं विषयको रंगीन आनन्दमा।
फस्दा भित्र व्यथा कता हृदयको गर्दा क्रिया गन्धमा॥
बारंबार उठी विषाद गहिरो झोक्काउँदो भै मन।
बस्थे जो नृप आज क्रोधवश भै शोच्छन् त्यहाँ यो क्षण॥

(१०९)

हाम्रो जीवन नै छ चालु स्मृतिमा गुंछन् बुढा संझना।
चोला फेर्नुसमान हुन्छ अघिका स्वप्नाहरू अलिपई॥
यौटा चीज सुदिव्यले अवनिको श्रृङ्गार द्दना बनी।
अल्पैमा सब फुस्लिजान्छ महिमा दुःखी बनी जीवनी॥

(११०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नै नेत्रअगाडि छन् सुख तिनी लागी मिहीं बादल।
देख्दैनन् विधि खेलले जुन थिइन् संसारकी मोहनी॥
आत्मा झैं विषयादि आवरणले ढाकेर अन्धा हुँदा।
आफ्नो दौलतबाट वंचित बने टूना बनी निर्दयी॥

(१११)

आफ्नै खोज समक्ष भै नबुझिने, सौन्दर्य बुझ्ने सब।
निस्सारै सब देखिने, सब कुरा फुस्रा हुने वैभव॥
आँखा देख्छ तथापि दृष्टि नभई सारांशमा शून्य छ।
हा ! उल्टो विधिको प्रपंचकटुता लीला अहो धन्य छ॥

(११२)

ती दोटा दिलका चकोर र शशी प्रेमी चखेवा दुइ।
ती वल्ली तरु, ती अनंग रति झैं, ती अंग न्याना रुई॥
ती नानी ढकनी, कपोल वुकुवा ती रेवती चन्द्रमा।
ती खोजी सब रोजका परपरै टोल्हाउँदा छन् यहाँ॥

(११३)

आश्चर्यान्वित गौतमी-नयन छन् केही न भै उत्तर।
खोजी रुन्छ त्यसै महाहृदयमा अल्पेर प्रत्युत्तर॥
खाए तुल्य चटानमा पयरले ठूलो कतै ठक्कर।
लाटो भै गहिराइबीच तमको छन् नेत्र मौनी तर॥

(११४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गाँठो आउँछ भुक्भुकेर मुटुको पट्टै फुटे झैं गरी ।
घाँटीसम्म पुगेर जान्छ दविई आँखा गराई भरी ॥
"हेला हाय ! गरे मलाई प्रियले स्वीकारसम्मन् पनि ।
गर्दैनन् शिव हाय ! क्रूर मनका कल्ले बनायो" भनी ॥

(११५)

वारंवार मुहारमा नजरका छड्के परीक्षा गरी ।
झोक्किन्छन् अनि शोच्दछन् मनमनै विर्से भने झैं गरी ॥
यो हो नाटक वा अघोर कपटी या घोर हो विस्मृति ।
भन्दै छक्क परिन् र वर्बर गिरे गालाभरी दुःख ती ॥

(११६)

फर्किन् पुछ्न फरक्क त्यो वदनको शोभा घुमाईकन ।
लिन्छिन् चादर छेउ क्यै उछलिई उप्साइ निस्वासले ॥
छोप्छिन् फर्किनुले फुक्यो अश्रु अरू दाना सफा मौक्तिक ।
पुछ्छिन् फेरि र घुँक्क हुन्छ विचरी रोक्छिन् परी क्यै धक ॥

(११७)

हा ! प्रेमी मधुमालती कुसुमको सौन्दर्यकी बैंसकी ।
आशा-पल्लवदार मंजु सपना जस्ता लिई कोपिला ॥
आनन्दी सुनको उषा महल झैं त्यो भेट पर्खी बस्यौ ।
आई दुःख प्रवात फ्याँक्दछ त्यसै त्यो वृक्ष आफ्नो हुने ॥

(११८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिम्रा सुन्दर पुष्पका मृदुशिरा जस्ता मिही कामना ।
मीठा आश रँगीन ती पुलक झैं त्यो सूर्यको वासना ॥
बास्ना झैं परबाट तत्पर सँधै इच्छाप्रकम्पी नयाँ ।
सारा दुःखित छन् तिमी सजल छौ हा ! दैव हेर्छस् कहाँ

(११९)

कल्ले बुझ्दछ वेदना हृदयको जो प्रेममा ती छ ।
जो चिर्दै मृदु तीक्ष्ण धारहरुले तत्काल नै झर्दछ ॥
यौटा सुन्दर जिन्दगी सुनहला सारा खरानी भई ।
उग्ले झैं जुन भाव हुन्छ दिलमा त्यो कालभन्दा मिही ॥

(१२०)

आफ्ना हार्दिक देवता पर हुँदा मानो पराई बनी ।
जो भोग्छे मृदु भावकी युवतिले टाढा बनी ती पनि ॥
जो धौता मृदु श्वास श्वासहरुका गन्धादिले पूजिए ।
आँखाले पद धोइए र जसले हृद्केन्द्र गद्दी लिए ॥

(१२१)

आफ्ना सूर्यसमान रोजहरुका आशाहरूका घर ।
आफ्नो जीवन रत्नभित्र दिलका जो रोशनी सुन्दर ॥
जो संझी गह बन्छ नित्य रसिलो जो देख्न रातोदिन ।
कल्पन्थ्यो दिल तारका अधि त्यसै आँखा भरेका दिन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जो टाढा हुन गै थियो हृदयमा रूँ रूँ अँध्यारो सधैं ।
जो संझी सपना ज़ुरुक्क विउँझी खोज्थी तकीया रुँदै ॥
प्यारो स्पर्श सरर्र जो दगुरिने हृत्केन्द्रसम्मन् थियो ।
सोहीं आज हरे ! म चिन्दिनँ भर्ना क्या क्रूरतामा गयो !

(१२२)

के होला अब जिन्दगी शिव हरे ! संसारमा यत्तिकै !
घुम्छन् फन्फन दुःखले कि हुनगो सारा कुरा विश्वमा ॥
आँखाले तर चेहरा अलि यसो गर्दी परीक्षा तिनी ।
आशाले अझ बाँधिएर रहँदा केही समाल्छिन् मन ॥

(१२३)

रोएकी मृदुयौवनी कमलिनी पर्दा अँध्यारो परी ।
खुल्ला व्योम भनेर प्रात-समयी हावा उठी सर्सरो ॥
रुन्छिन् झन अब मेघले सब चिसो पारेर ढाकीकन ।
भै आशा अति तीव्र त्यो कुडिइँदा क्या रुन्छ हाम्रो मन

(१२४)

यी यात्री मृदुदेशकी सुन-सुनै फल्ने जगतकी त्यहाँ ।
देख्छिन् कंटक मात्र हाय ! हंसिली बन्दी रसीली यहाँ ॥
त्यो फुक्दो र उच्चालिंदो उन्नलिंदो त्यो स्नेर सानन्दता ।
धीमा भो, अब लाटियो मुटु बन्यो चीसो बढ्यो मन्दता ॥

(१२५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आँखा-पानि त्यसै बनेर रहने पानी बनी आउँछन् ।
बोल्लान् स्वीकृतिका अर्भ वचन ती भन्ने तरफ् पाउँछन् ॥
"हे आत्मा! प्रभु प्राणनाथ किन हो ! के पाप मेरो भयो ।
भन्छन् नेत्र नसंभिने मकन नै आश्चर्य कस्तो अहो ! "

(१२६)

बोली शून्य भएर तैपनि त्यहाँ गोली त्यसै बज्रिने ।
छातीमा तिनको दशा हुन गयो वज्रै त्यसै पग्लिने ॥
रूँ रूँ लाग्छ शकुन्तला मनमनै देखेर तिम्रो दशा ।
कल्ले बुझ्दछ हाय ! जो बुझिलिने सो भो निशाका दिशा

(१२७)

जो रुन्छन् निशि-अन्त्यमा कुसुमले ती आँसु तिम्रा भए ।
मेघाच्छन्न भए दिशा रँग रही आशा त्यहाँ कुन्डिई ॥
वन्दी त्यो पतला छ जो सुनहला लाली भई सत्वर ।
मानो अन्त्य छ शोणितात्क्त दिलको आशा त्यहाँ नीरव॥

(१२८)

क्या मालिन्य प्रकाशकी हुन गयौ राम्री घनाच्छादिता ।
प्रत्यूषै सम शीत झैं विरहकी पुष्पादिकी चारुता ॥
तिम्रो भित्र जहाँ दुखीकन बिभयो त्यो ठाउँको वेदना ।
त्यो काँढातिर दृष्टि नै दिनु अहो ! क्या क्लेशको सामना

(१२९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रा कोमल ती सुगन्धतनुका आशावर्ता कामिनी ।
जो भोग्थे पृथिवीभरी युग युगै प्रेमा सती झैं बनी ॥
ती सारा दुख घाउमा अब थपी यो नूनमा चूक यो ।
ज्यूँदो राख्नु छ क्रूर कर्म विधिको संसार कस्तो अहो !

(१३०)

स्त्रीका छन् मृदु भावना कुसुम झैं धूलो परे आत्तिने ।
सारा जीवन प्रेमको मृदुलता देखे शिला खुम्चिने ॥
त्यो तिम्रो मुटु केन्द्रको ननिभिने जो शब्द ठाडै उठी ।
गादीमा प्रभुको छ चक्कर लिंदो तीखो लिई क्रन्दन ॥
को सुन्छन् तर यो धराभवनमा मेरै सिबा लौ भन ?

(१३१)

आयो बादल झुम्मिदै गगनमा कालो भई खात नै ।
स्वर्गै आज चुहाउनेछ जल जो लिन्छन् रुँदै पात नै ॥
काँपी आज लता रुनेछ वनमा गर्जिन्छ अन्याय यो ।
यस्ता कीर्ति प्रतापका नृपतिको या क्रूरता न्याय हो !

(१३२)

थाहा छैन हरे तिमीकन त्यहाँ केले बताऊँ हरे !
यौटा शापबिषे क्रिया छ विधिको खुल्नेछ सारा हरे !
बर्बर् आँसु झर्‍यो चल्यो हलचली त्यो बागमा कातर ।
काँपे हेर ! लता नरोउ अबले ! के बुझ्दछौ हा ! तर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुझ्नेछन् नत भूप आज सहजै त्यो आँसु झर्ला पछि ।
यो हो निर्दयता र ? हुन विधिले खेल्दो छ माया रची ॥
आँखाका ढकनां निराशपनले आधा गर्‍हूँगा गरी ।
ओराली भुइँ हेर्दछ्यौ अब हरे ! के भो भनी यस्तरी !

(१३३)

आशा फेरि उचाल्दछे पलक ती हेर्छ्यौ.यसो चेहरा ।
झन झन भ्रू अब खुंचिई नृपति ती छन् वृष्टिका झैं चरा ॥
आफ्नो बादल पार दूर नगरी हेर्दौ कुनै पर्वते ।
देख्दो झैं कुइरो डमाडम सबै ! के हेर्दछौ ? भूपते !

(१३४)

यस्तो चाल छ कालको र विधिको भन्ने बुझे यै क्षण ।
पानी मात्र बनी परी पयरमा माग्थ्यौ क्षमा सज्जन !
तिम्रो क्रूरपना असह्य हुन गै छाती कलीलो अब ।
लागी घाउ छ लाल लाल सब त्यो चीरा परी नीरव ॥

(१३५)

देखे घाउ यहाँ तिमी गहभरी काँढाहरूमा परी ।
रुन्थ्यौ च्याँठ बिलाउँथ्यो र कुइरो झर्थ्यौ वहाँ बर्वरी ॥
हे कारुण्यप्रशस्त सुन्दरमना आँखा हुने प्रेमले ।
अन्धो आज दशा लिई निठुर छौ हा ! संझ ती आँसु छन् ॥

(१३६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानो जीवनको महाशिखरमा देखी सुनौला यश ।
ढीली छक्क बने समान घनले झल्दा बिलाई रँग ॥
संसारै किन आज हाय ! यसरी अर्कै भयो के भयो ?
स्वर्गैको सब ज्योति अलिपन गयो जो झल्किएको थियो ॥

भन्दै शोच विचारमा अति दुखी झुक्दी पुगी निर्जन ।
चीसा वातहरूविषे हुन गइन् ती षोडशी अद्भुत ॥
बल्लीले ऋतुका शिंगार रँगका राम्रा गरी बेसरी ॥
पर्खेकी जसलाइ हो रवि उही मेघादि काला परी ॥
लुक्दा भित्र चिसो हुँदा खबर नै बन्दा अँध्यारो दिन ।
रोएको नफुलेर बर्बर गरी जस्तो भयो त्यो मन ॥

(१३७)

चखेवी प्याराको विरहरहमा रात सकिई ।
उडी जाँदा अर्को तटतिर बिहानै प्रियतम ॥
नबोल्ने आँखा नै पनि रति नखोल्ने हुन गई ।
"भयो के यो ?" भन्दी चकित मनले टक्क अडिँदी

(१३८)

" म क्यूँझै नै वस्थैं निशिभर उडीदेउन प्रिय"
भनी विन्ती गर्ने तर उँछ त्यहाँ मूर्छित दुख ॥
यसो खोली हेर्दा पलक नचिनी बन्द छ त्यसै ।
नबुझ्छे के ठुँग्थे त्यसकन दशादुष्ट विहग ॥

(१३९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरे ! यस्तो तिम्रो गति करुण यो शोच्दछु जब ।
शशी मेघाच्छन्न प्रकृति मुख संझन्छु म तब ॥
फुलेथ्यो ढुङ्गो नै पनि अघि जहाँ निश्छद छवि ।
लिपेका स्वप्ना झैं मलिन जगतै देख्दछ कवि॥

(१४०)

सँधै रूँ रूँ लाग्थ्यो निकट नहुँदा प्रेम प्रभुको ।
हजारौं इच्छाका मृदुल लहरी श्वासहरुको ॥
तिमी छोडी रुन्थ्यौ खबर दिलका पत्रविनुका ।
बढाई हावामा तर अब उनैमा यवनिका ॥

(१४१)

हरे ! साना साना मृदुल जल्दानाहरु बनी ।
उठे मीठा नाना हृदय रहने भाव नभनी ॥
भनूँला जो भन्थ्यौ कति कति कुरा छेडरसिला ।
बिलाए,भस्केका विहगसरि पर्दा शिर शिला ॥

(१४२)

" त्यसैं बिर्सी बस्ने मकन दिल क्या कोमल भनी । "
भनूँला झैं लाग्थ्यो रिससित उचाली गह पनि ॥
" हरे ! त्यस्तो ढुङ्गो हुनु ? दिल रुवाई यति दिन । "
भनूँला झैं लाग्थ्यो कति सब कुरा पाइ मिलन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अडी छाती रूँला रस विरहको दीर्घ वनको ।
तिनै मोती जस्ता जलहरु शिंगारी नयनको ॥
यही भेटी मेरो भनिकन चढाएँ, क्र वदला ॥
भनी ल्यूँला मीठो वचन करलाईकन गला ॥

भनी शोच्थ्यो जो जो गृहसरसता चाख मधुर ।
बनी रानी सानी उपवन चहारेर रहर ॥
पुऱ्याई आनन्दी हृदयसँग खेलाइ प्रहर ।
रहूँला भन्ने ती मृदुलपन हुन्छन् थरहर ॥

(१४३)

कुनै भत्केकी झैं मृदुल सपना आज विचरी ।
अझै आशा गर्छिन् हृदय जप गर्दी प्रभु हरि ॥
हरे ! संझाईथ्यौ नत अब म मर्नेछु सहज ।
दया राखी जाओस् प्रभु विरहितामा शिखिध्वज ॥

(१४४)

उठे आँखा लामा अलि अलि गरी माथितिर नै ।
घुसिन् भित्रै भित्रै हृदयतिर संझी प्रभु उनै ॥
हरे ! के लीला यो ! निठुर मनले भन्दछ त्यहाँ ।
कहाँ गो प्याराको हृदय कलिलो पुष्प वनको ?

(१४५)

वनबाट विहंगबालिका ।
नव आशासँग पंख ली उडिन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मृदु शब्द गरी खुशाउँदै ।
तरुमा फुल्न सुगन्धमा चढिन् ॥

(१४६)

तर वृष्टि भएर बादल ।
अब रुक्दो मृदु पंख खुम्चिदी ॥
दुःखका तरुमा रुँदी रहिन् ।
अघिको सौख्य र याम संझिदी ॥

(१४७)

कठै लाग्यो होला मनमन निठूरी जगत नै ।
कठै संझीहोलिन् वन, सखि विहाको पनि दिनै ॥
कठै उघ्रेको त्यो दिवस हँसिलो आज यसरी ।
रुँदै बद्ली जाँदा सकल बद्ली झैं हुन गई ॥

कठै लाग्यो होला भव विपिन यो कंटकमय ।
कठै ! रोई होलिन् मनमन उठी त्रास र भय ॥
दुख्यो होला सारै हृदय मृदुलाको कति वरा !
कठै लाग्यो होला शर हृदयमा हा वनचरा !

(१४८)

झकाएको होला मकन कि भनी उज्ज्वल बनिन् ।
अझै आशा गर्दी जलद अति उघ्रेसरि फिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिहाइन् राजाको मुखतिर उनी, क्रुद्ध सहसा ।
उनी भन्छन् " यो के छल ? नबुझिसक्ने कु बहस ॥ "

(१४९)

कहाँ मैले देखें यिनकन कहाँको वनतिर ?
यिनी नौला को ! को ? म त न पहिचानूँ क्षणभर ॥
नजाने नामै नै न त कुल न पाएँ परिचय ।
कहाँ बस्थिन् पैल्हे कुन घरविषे कौन जनको ॥

(१५०)

शारङ्गवत् अघिसरे अब भूपलाई ।
राम्रो गरीकन कुरा सब भन्नलाई ॥
सर्कारको हुन गयो वनमा सवारी ।
राखेर फौज रथ वस्त्रहरू पछाडि ॥

(१५१)

" वेला थियो मधुर पुष्प र मंजरीको ।
खेदेर मिंगकन कण्वपिता कुटीको ॥
ज्यादा थियो शरम अग्र भएर आई ।
"त्यो हो कुटी मृग" भनीकन विन्तिलाइ ॥

रोकेर आश्रमविषे प्रभुको सवारी ।
भो यी थिए युवति चार त्यहाँ अगाडि ॥
ठाढा भएर ऋषि कण्व यिनीहरूले ।
सत्कार मात्र प्रभुको न त गर्न पाए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सेना त्यसै समयमा प्रभुतर्फ आयो ।
'बस्छु' भनेर वनमा प्रभुबाट आज्ञा ॥
पाएर ती सब गए प्रभु राजधानी ।
केही बसेर दिन त्यो वनमा बिहा भो ।

यी सुन्दरीसँग यिनी ऋषिकी सुता हुन् ।
गान्धर्व भो जब विवाह परेर काम ॥
संग्रामको प्रभु सवारि भयो स्वधाम ।
यी गर्भिणी हुन गइन् यिनको छ नाम ॥

पंछीहरू सखि बनेर 'शकुन्तला' जो ।
जाहेर नै छ प्रभुमा अब संझिपाऊँ ॥
के विन्ति फेरि प्रभुमा म झिजो चढाऊँ "

(१५२)

सुन्दा यस्ता वचन ऋषिका शिष्यका भूप फेरि ।
बिर्सी जाँदा विषय अघिको छक्क भै टक्क हेरी ॥
यो के ठूलो छल सब मिती गर्दछन् रे मलाई
भन्दै क्रोधी वचन नबुझी भन्दछन् च्याँठ आई ॥

(१५३)

बिक्री गर्ने मन यदि भए आज जाऊ वजार ।
यस्तो झूठो विषय ठगत्त लिन्न यो के अपार ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कस्ता उल्का समझबिनुका बात गर्छौ विचित्र ।
भूटो सारा छल अब बुझें क्या अनौठा चरित्र ॥

(१५४)

आफ्नो कोखो अब गर खुला गर्भिणी सुन्दरी छौ ।
मेरी हुँनौ मकन सब यो याद राम्रो छ जान ॥
भेटै हाम्रो त्रिभुवनभरी हेर ! काँही भएन ।
को ह्वौ को व्हौ अविदितमुखी संझना नै रहेन ॥

(१५५)

मैले तिम्रो न त श्रवणले नामसम्मन् सुनेथें ।
भेटी काँही न त त्रिभुवनमा एक वातै भनेथें ॥
भूटो वट्टा विमल यशमा दाग्न आयौ तिमी के ?
की भन्ठान्यौ मकन जसले इन्द्र तुच्छ गनेथें ॥

(१५६)

आमै ! छोरीकन लग यी व्हैन यो गर्भ मेरो ।
भूठा वार्ता नगर अब लौ काट्दव्यौ राज्य के रे !
कस्तो हाला स्मृति पुरुषको गर्भिणी जो न चिन्ला ।
जाऊ जाऊ शहरतिर यी सुन्दरी एक किन्ला ॥

(१५७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाकै काटी म अघि यसरी आउनै लाज छैन ?
मेरै स्वामी भनन दिलले लाज केही लिँदैन ॥
कोहो कोहो कुन पुरुष हो के लिई नाम मेरो ।
धोका पान्यो युवति यसरी त्यो ठगीले चमेरो ॥

(१५८)

आँखा क्रोधी चमकसितक शीर्ष आफ्नो उचाली ।
भन्छन् गर्वी द्विजवर सबै नेत्रमा क्रोध फाली ॥
" यो हो के धर्म्म पुरुषहरू सत्य सारा अफाली ।
जाली बन्दै युवतिकन के फ्याँक्दछन् दूर नाली ॥

(१५९)

" टाली झुट्टो यश, जगतको त्रासले मर्म फाली ।
हाली यौटाकन जलधिमा दुःखको अग्नि डाली ॥
जाली बन्ने "नृपति म" भनी धर्म औ नाम फाली ।
यस्ताको कीर्ति त्रिभुवनमा बन्दछे दीर्घ काली ॥

(१६०)

"भो भो नानी सरस प्रभुको संझना आउनेछ ।
टाढा जाँदी विकल प्रभुकी कल्पना फेरि फिर्ला ॥
आफैं केही विषयहरूमा देउ छोडी प्रकाश ।
झोंक्रै बन्दा सकल भुल्नेन हुन्छ है राजकाज ॥"

(१६१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बोल्निन् सरेर अघि सुन्दर मिष्ट वाणी ।
दुष्यन्तका नजरसाथ शकुन्तलाले ॥
केही प्रयत्नसित भापगा पाउँदी ती ।
वर्षाउँदी दृग मनोहर चारुताले ॥

(१६२)

के के भनूँसरि भयो अविबाट फेरि ।
चाँडे सम्हालिन गइन् अझ आस गर्दी ॥
हेरेर नेत्र दुइमा नृपको पुकारा ।
गर्दी भइन् मृदुल-शब्द-सुभाष-धारा ॥

(१६३)

"कसोरी विर्सेको मकन प्रभुले कोमल-मना ।
रुँदै मर्जी हुन्थ्यो गहभर लिई सुन्दर कणा ॥
तिमी मेरी ज्योत्स्ना हृदयविधुरानी कुसुमकी ।
तिमी बास्ना मीठा कुसुम-ऋतुकी चारु सपना ॥"

(१६४)

'तिमी आभा मेरी ललितवदनी पूर्व-गगना ।
उदाएकी स्वर्ग प्रचुर घनकी ज्योति-नयनी ॥
चराको भाषाले हृदयवन गुँज्ने नव-जगत् ।
उघार्ने शोभा झौं, दिन शुरु हुने जीवन भनी ॥'

(१६५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ लाली चढ्दी मृदुल महिमा दिव्य मुखको ।
. अडी भन्छिन् केही 'रविसरि म भन्थें प्रभु पनि ॥
अँगालो हालेका छविकन उषाको शिखरमा ।
सुनौला स्वर्गैको जगभर उडाएर महिमा ॥"

(१६६)

यहाँ लज्जा मानी परतिर यसो हेर्न छविली ।
बनिन् लाली लाली छ्विजवर र माता मुख मिली ॥
अहो ! छीटो स्त्रीको हृदय कति यो भावुकपना ।
सबै बिर्सी बोल्छिन् दुख हृदयको फेरि मधुरी ॥

(१६७)

फुल्यो लाली राम्रो कुसुमसरि चैते विपिनमा ।
समाल्छिन् झुक्दी ती अनि पछि उदासी नजरले ॥
" कसोरी बिर्सेको मकन प्रभुले कोमल-मना ।
भनी भर्छिन् आँखा सब हुन गयो एक सपना ॥"

(१६८)

"कसोरी बिर्सेको झलझल छ मेरो नजरमा ।
बिहाको त्यो बल्ली कुसुमित मुनाको रहरमा ॥
"बन्यौ मेरी" भन्दै मुसुमुसु गरी चारु नयन ।
सिंधूरे रेखाले अरुण गरिबक्सेर मकन ॥

(१६९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" चिरेको स्यूँधोमा दिनकर प्रभा झैं परिगयो ।
अहा धर्कै शोभा जलदविच कालो ललित यो ॥"
भनी हाँसी मेरो हृदयघनमा आप अरुण ।
सही तिम्रो पारें अब त कसरी उम्कनु भन ?

भनी मर्जी हुन्थ्यो, "त्रिभुवन छ बिर्ता तिमिकन ॥
मलाई, हे स्वामी मृदु अधरले केवल भन ॥
भनी च्यूँडो मेरो मृदुल करले सुस्तरि लिई ।
उचाली वक्सेथ्यो अरुण म भएँ फर्किन गई ॥

" तिमी फर्की बन्छयौ निशिसरि अहा केश घनले ।
म जून्कीरी बन्छू धपधप बली मुग्ध मनले ॥
भनी मर्जी हुन्थ्यो छ र सब कुरा भुल्न सकिने ।
त्यसै बिर्सी बस्ने प्रभु, झलल सम्झन्छु म भने ॥

(१८०)

चरी बोली मीठो किसलयविषे प्रश्न सुरिलो ।
"तिमी कस्ती लज्जारहित वनमा लुक्न चतुरी ॥
कता टिप्दै बोल्छयौ किसलयहरूमा नवनव ।
तिमी को को भन्दै मकन गरि सम्बोधन अब ॥

भनी मर्जी हुन्थ्यो हृदय पनि लज्जासित सुनी ।
"कहां को हो को हो" पिकरव म हुन्थें त्यस ध्वनि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कसोरी बिर्सेको श्रवण अझ गुंज्दो छ मनको ।
कहां छन् ती वाणी कुन हृदयमा के सुमनको ?

(१७१)

' मलाई प्यारो त्यो मृग शिशु अनौठा सुखसँग ।
गरी आयो फुफुर् छुनुमुनु गरी पुच्छरकन ॥
हुँदा गर्मी झिक्थ्यो मृदुल रसना त्यो मृग पनि ।
दिई बक्सेथ्यो क्या मृदु कमल पत्तीबिच जल ॥

(१७२)

"कसोरी बिर्सेको प्रभु विपिनको सुन्दर कथा ।
प्रभाका प्रेमीको मकन दिलको सुन्दर व्यथा ॥
वसन्ती बारीमा मदनधनु-टङ्कार मृदुल ।
सुनी मूर्छा बन्दी छुन कमलको सुन्दर दल ॥
टिपी झर्नी पानी जब मृदुलता थ्यूँझिन गइन् ।
बनिन् प्रेमी मीठी चकित दृगकी भास्करसँग ॥
पिताले मानेनन् तर विरहमा आंसुहरुको ।
सफा दाना लुर्के कुसुमहरुमा नित्य निशिमा ॥
वने बेली दोटै हृदय करुणाले प्रभुजिका ।
अझै फुल्छन् बास्ना मधुरसँग हाँसेर हलुका ॥
छिपाई यौटाको हृदयकन अर्को हृदयमा ।
चरा सिर्जे मीठा सुमधुर प्रशंसा उदयमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'जगत्का कर्ताले दुइ दिल बनी जुन हँसिला।
सुधा प्यूँदै बस्छन् विधुकिरणका गन्ध रसिला॥
भनी मर्जी हुन्थ्यो, 'अब दुइ गरौं साथ जपना।
सँधै बन्ने त्यस्तै"–भुलनु कसरी ? हाय !सपना॥

(१७३)

मलाई दी औंठी समर-थलमा शत्रुदमन।
जसै फर्कीबक्स्यो हृदय तब रुन्थ्यो दिन दिन॥
बनाई घंटी झैं मुटु, जलदृशीपूजन गरी।
सँधै बाल्थी बास्ना विरह-अनलैमा थरि थरी॥

बनाई दुःखैको भवन दिलमा मन्दिरसरि।
म बस्थें पूजामा गहभर हवा चामर गरी॥
त्यही बाली ज्वाला प्रणय-दिलको कोमल मुना।
चढाई आशाका निशिसरि उषा भक्ति-नमुना॥

हरे बिर्सीबक्स्यो ! क्षण क्षण रुँदी हाय ! जपना।
यसो होला भन्ने मकन नथियो बीच सपना॥

(१७४)

भयो चीरा-फाटा मुटु धरधरी छाति चिरियो।
थियो आशा आढै अब उ पनि वैलेर झरियो॥
हरे ! वर्षा जस्तो प्रभु सकल यो जीवनकथा।
झकेकी पंछी झैं मरघानजिकै पुग्छु अब ता॥"

(१७५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनी झारी बर्बर् नभनिसक्ने जीवनकथा ।
 अरू बाँकी रहन्छन् "शिव अब गयो जीवन-व्यथा ॥
म त्यक्ता नारी झैं कुन भुवनमा आश्रय लिने ?
 हरे ! यस्तो क्रूर प्रकृति प्रभु के कारण हुने ?"

(१७६)

" झुकाएको होला मकन प्रभुले, त्यो स्मृति त्यसै ।
 कहाँ लुक्दी होली मृदुल दिल यस्तो निठुर झैं ॥
भएको के यस्तो अवनि तिमिराच्छन्न बद्ली ।
 बनाई रोएकी प्रकृतिकन दी वज्र नगली ॥

(१७७)

हरे हुन्छन् सारा पुरुष भँवरा कृष्ण रँगका ।
 भर्ना जाने देखी किन कुसुम सुम्पी हृदयका ॥
सबै बास्ना मीठा मधुरस सबै सुन्दर शिरा ।
 तिनैमा अर्पन्थे युवतिहरुले हाय बिचरा !

(१७८)

" मलाई दी औंठी समर-थलमा शत्रुदमन ।
 जसै फर्कीबक्स्यो स्मृति पनि हराई उस क्षण ॥
बहाना झूटो वा ? मकन कि परीक्षा हुन गयो ।
 भनी लाटी सोझी सरलहृदया रुन्छु नि रुझी ॥

(१७९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"कतै खोजीबक्स्योस् हृदयतिर कुना तिमिरमा ।
मलाई सानो क्वै रुन दिनदिनै वास मनमा ॥
चरी जस्ती सानो गुण अब लगाएर त्यसमा ।
म रूँला दीना भैं यदि अरु चढ्नन् भित्र मनमा ॥

(१८०)

नपाए यो पंछी अब अवनिमा छुन्न मरिगैं ।
पर्‍यो धोका ठूलो अब त ठहरैं आज परिगैं ॥
वृथा राख्या जाओस् नत म बिचरी यो त्रिभुवन ।
अँध्यारो पापकी मरु अब मरें घोर गहन ॥"

(१८१)

पुकारा गर्दी ती सजलनयनी दुःखित हुँदी ।
उठी, घुक्का खान्छिन् अब वचनमै दुःख नबनी ॥
कठै केले छोप्यो हृदय नृपको आज गहन !
न ता सक्थे त्यस्तो विरह उनको क्रूर सहन ॥

(१८२)

दया केही लाग्यो तर हृदयले यो छल भन्यो ।
बने आँखा ठूला नरम तर धोका उठिभन्यो ॥
"यिनी यौटी कोही विपिनदुहिता क्रूर कपट ।
मरे जस्ती छन् हा विकट दुःख अन्यायनिकट ॥

(१८३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" विधाताको लीला तर अब म के गर्न सकुँला ?
न हुँ स्वामी यिन्को न परिचय भो भेट न कतै ॥
यिनी रुन्छिन् धर् धर् तर जगत नै आँसु छ सदा ।
दिई पैसा केही यिनकन गरूँ क्या र कि बिदा ॥"

(१८४)

भनी शोची भन्छन् "छल हुन गयो घोर वनमा ।
कुनै आयो होला नृपति म हुँ भन्ने विपिनमा ॥
दिई ठूलो धोका पर जब भयो क्रूरहृदय ।
तिमी सोझी ठान्थ्यौ मकन पति झैं बीच विरह ॥

(१८५)

"छकायो होला हा ! हृदय अब संझीकन भन ।
म तिम्रो स्वामी हूँ ? वदन अलि हेरी बुझिकन ॥
म अर्कै सच्चा हूँ नृपति तर झूठो नृप गयो ।
बिचारी सीधीको विरह र विजोगै हुन गयो ॥

(१८६)

तिमी दुःखी रैछौ अलिकति तिमी लेउ त धन ।
सँधै संझी स्वामी शिखिमुकुट श्रीकृष्ण उकन ॥
बसे आजापूजा लित अब गई मन्दिर तिर ।
दिएँ धोका मैले ? तर अब नरोईकन भन ॥

(१८७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनेको सुन्दा ती विरह रह झैं टलपल गरी ।
पुकारा गर्छिन हा ! धन-पयरको पांशु छ हरि ॥
थियो जो मेरो यो रतन रवि जस्तो त्रिभुवनी ।
गुमाएँ त्यै हीरा धन अरु धुलो हो' यति भनी ॥

रुँदै झुल्किन् मोतीहरु नयनका बर्बर गरी ।
धनै के चाहिन्थ्यो त्यति बुझिदिए हाय ! बिचरी ॥

(१८८)

रिसाए राजा झन् " शरमबिनुकी दुष्ट गठरी ।
यहाँ केको नाता मसित अब जोड्छ्यौ मनपरी ॥
तिमी वेश्या हौ ता झिलिमिलि छ आनन्द लहरी ।
हजारौं गुन्डा छन् तिनकन फकाऊ छल गरी ॥

(१८९)

" म के लाटो हूँ क्यै ? छलसित त्यसै ठग्न सकिने ?
तिमी रानी बन्ने मतलब लिई गर्भ तुहुने ॥
मलाई भारी झैं शिरउपर राखेर महिषी ।
बिलासी हूँ भन्छ्यौ, पर सर धपाएर भइँसी ॥

(१९०)

सुनी, क्रोधी बोले द्विजवर बने झन् नजरका ।
फिलिङ्गा झैं राता कटु वचन बोल्छन् अब धनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"तिमी राजा भन्दै सब जन थिची न्यायरहित ।
गरौला राज्यै के ? बुझ अब के गुम्ने सुखसित ॥

(१९१)

"बढा अन्यायी यी सजकनयनीसामु वचन ।
गरी राख्छ्यौ दर्जा कपट छलले विश्व निलन ॥
उसै होला तिम्रो कपट जगको राज्य बलियो ?
नभन् आत्मा दोषी भुवन सहजै बल्ल छलियो ॥

(१९२)

छनूपर्ला राजा नजर दुखियाकासरि बनी ।
सबै शेखी झर्ला यश सब उठी बुझ अवनी ॥
बनी छोरो आई विकट हुरि अन्याय गढमा ।
त्यसै ठूला बन्छौ छलसँग नजान्ने अपढमा ॥

(१९३)

"यही गद्दी काँपी थर थर गरी आश्रयविना ।
असत्ले घर्केला कपट, बदला हुन्छ पतन ॥
त्यहाँसम्मन् राजा जबतक रहयौ न्यायसहित ।
हुँडारै हौ अन्धा द्विज अघि बने न्यायरहित ॥

(१९४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"तिमी के इन्साफी हृदय यदि कालो लिइरहे ।
तिमी के योद्धाको हृदय कमजोरी यति भए ॥
प्रतापी गर्वी छौं मसरि अरु कोहो भनिरहे ।
परे नर्कै राजा कपट छलले दूषित रहे ॥

(१९५)

"अनेकौं राजाले मुकुटमणि फ्याँकीकन गए ।
प्रतापीका सारा असिबल त्यहीं मिल्किन गए ॥
यशस्वी ती हुन् जो विमल-दिलका सुन्दर थिए ।
कलङ्की शोभा नै शठ नृपतिका भूषण भए ॥

(१९६)

छिपायौ इन्साफै पछि यमपुरी जानु न रह्यो ?
लुकायौ सत्यै जो तिमिर पछि बाँकी हुन गयो ॥
दुखायौ यी आत्मा हृदय कलिलो वेधन गरी ।
कहाँ जान्छौ आत्मा ! अब रुन तिमी हाय नि मरी ॥

(१९७)

फुट्नन् किल्ला काला अनृतपथमा ठक्कर मिलोस् ।
करौंतीले खाऊन् हृदय छलका दन्तहरूले ॥
धरा काँपून् सारा गडगड गरी डम्मग भई ।
लड्नन् शेखी तिम्रो धररर लडोस् यो छल-पुरी ॥

(१९८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिंदैनौ यी तिम्री नियम ऋषिको रोप्दछ अब ।
घनिन वेश्या जस्ती जल पनि नप्यूँछौं अब सब ॥
यहीं छोडी जान्छौं जननि अब हिंड्नोस् घरतिर ।
लुछुन् काट्न् खाऊन् खिनकन र जाऊन् यम-पुर ॥”

(१९९)

घुम्यो सारा विश्वं फनफन बन्यो चक्करसरि ।
नरोइन् ती फेरि प्रकृति पनि तर्सेर बिचरी ॥
थियो झर् झर् झर्दो तलतिर दुखी गर्जन झरी ।
तिनैका आँखाका जललव झरे झैं वनभरी ॥

(२००)

बनिन् मानो कोही सुरयुवति जस्ती तल झरी ।
रुझेकी लाटी झैं गहन वनमा के गरुँसरि ॥
धरामा झर्ने जो त्रुटि सुरपुरीको महलका ।
सबै खिर्सेकी ती तिमिर घनमा शून्य वनमा ॥

(२०१)

कठै ! कस्ती दुखी कठिन जगको जाल नबुझी ।
त्यसै फुल्दै हिंड्दै सरलहृदया स्वर्गृह रची ॥
सुनौला स्वप्नाका सुखसित फिरिन् हाय बबुरी ।
यहाँ वज्र घड्केसरि हुन गइन् कोमल परी ॥

(२०२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"चिनो के रे तिम्रो ?" नृपति तब बोले उनतिर ।
'यही औंठी' भन्दी विरहरह ती झिक्न त्वरित ॥
दुवै 'दायाँ औंला चकित अब पारी गजब छन् ।
कहाँ गो औंठी त्यो भनिकन पुकारा नजरकी ॥

(२०३)

" नबस्ने हामी ता कपटदिलका यीनिकटमा ।
हिंडौ आमा ! हामी अब लुकिरहून् मासु यिनको ॥
अमीलो बास्नाले सुख हृदयमा हुन्छ नृपते !
उसिन्दै खाए है मृदुलवदनीलाइ सुखले ॥"

(२०४)

भनी तर्दै आँखा रिससित चले बाहिरतिर ।
बसे ढोकामा ती 'जननि हिंड' भन्दै कर गरी ॥
'कहाँ गो औंठी त्यो? वरपर छ सोद्धो नि नजर ।
"हरे ! खै त्यो आमा ! कुन विधि भयो चोर प्रखर"

(२०५)

" अहो ! मैले औंठी सरतिर कतै स्नान " यतिमा ।
डई झैं हुन्छिन् ती तर अब निराशा छ गतिमा ॥
' हरे ! औंठी तिम्रो नियतीसरि खोटो खसिगयो ।
जरूरै चीसो त्यो सरतिर निठुरी हरि ! हरि !

(२०६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बने आँखा वृद्धाकन सजल छोरीतिर दया ।
निहारी आँखाका हृदयतिर रूँ रूँ पन हुँदा ॥
" अभागी रै छौ नि प्रकृतिदुहिता मोहनपरी ।
तिमी रानी व्हौली सब जगत भन्थ्यो वरिपरि ।

(२०७)

भनी हेर्छिन् वृद्धा, द्विज दुइ बसी द्वारनिकट ।
"हिडूँ आमै" भन्दैं करकर गर्दा क्रोधविकट ॥
'न जाऊँ छोडेरै न त अब अर्डा विन्ति गरूँ नी !
भनी दोधारे छन् 'बस नत्यज अड्डी लिउ' भनी ॥

बुझाई यो आफ्नो हक र घर संझी अब बस ।
बरू नोकर्नी भैं पनि हुन गई सत्यविवश ॥ '

(२०८)

त्यहाँ बोले राजा अबुझ नकटी हो पर सर ।
कहाँकी टाँसो यो ? यसकन लगीद्यौ जनि गर ।
शरापी के गर्छौ छल कपटका मूर्तिहरु हो ॥
मलाई थाहा नै नभइ कसरी गर्भ हुन गो ?

(२०९)

शरापे झूटाले मकन डर क्यै छैन शठ हो ।
शराप्छन् गुंडाले शहरभर मर्नेहरु पनि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सफा न्यायी राजा खुद समरमा चल्दछ घुमी ।
खराबी गर्नेका वचन सब काटी कटकटी ॥

(२१०)

'तिमी जाऊ आमै ! ऋषिकन सुनाऊ सब यही ।
यिनी व्हैनन् मेरी छल कपटको गर्भ बिचरी ।
न बोल्दै यौटा ती कटु वचन बोल्छन् द्विजवर ।
"अरे ! टोकी दे त्यो हृदयकपटी हे ! विषधर !'

(२११)

सुनी रन्की ताती वदन अब रातो हुन गई ।
भए आँखा ठूला " नबक बढता बाहुनचरी !
म सच्चा बोल्दो छु प्रकृतपनको न्यायसहित ।
तिमी झूठा संझी वचन किन छौ बुद्धिरहित ?

(२१२)

'हिँडू आमै! भन्छन् द्विजवर नसुन्दा रिससित ।
कसोरी छोडूँ नि ! स्वहृदय यहाँ को जनसित ?
बनी टुक्रा मेरी हृदय छ रुँदी हाय ! विचरा !
अभागा हा वावा ! निठुर विधिले छौ नि पथरा ॥

(२१३)

'हिँडू आमै' भन्छन् रिससित अझै ती द्विजवर ।
'यहाँ बन्ने आमा शहर कुट्नी— के छ रहर ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिला पग्लेला हैं तर हृदय छ जो दुष्ट छ तहाँ ।
कहाँ पग्ली जाला जति गर कुरा व्यर्थ छ यहाँ ॥

(२१४)

नमानैको तिम्रो डर न भरपर्दा वचन छन् ।
यहाँ राजा छैनन् अब मरिसके दूर पर छन् ॥"
भनेको सुन्दी ती धवलमहिमा के गरुँसरि ।
यसो हेर्थिन आंखा भरिभरि बनाई वरिपरी ॥

(२१५)

हिंडिन् वृद्धा ढीली सजलनयनी त्यक्तदुहिता ।
उचाली आँखाका जल नृपतिको आकृतितिर ॥
पुकारा गर्दी ती अफ्र अब निराशासरि बनिन् ।
'भलो होला राजा' यतिसित घुमी ती पनि हिंडिन् ॥

(२१६)

सबै वर्ले राजा पनि अब चियोको भर गरी ।
बसे टोली केही चकित सपनाले सरि कुनै ॥
हिंडिन् फन्फन् क्रोधी युवति अब ती अप्सर-सुता ।
पुगिन् ढोकासम्मन् मरुबिच रुझे झैं अब यता ॥

(२१७)

कठै ! जस्को सारा महल धनको राज रहने ।
हुनूपर्थ्यो जस्को हुकुम शिरमा गर्व नुहुने ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिई गद्दी बस्ने जुन महलमा जून हँसिली।
उनैलाई यस्तो छ विकट दशा वज्रसरिको॥

(२१८)

पुगिन् क्रोधले फन्फनाई विचेत।
तिनी एकली ध्येय उद्देश्यहीना॥
पुगिन् पोखरीको नजीके किनारा।
त्यहां हाय! लोटिन् हरे! ती बिचारा॥

(२१९)

थियो चढ्नु जो स्वर्गको नै अटाली।
जगत्की बनी एकली दिव्य रानी॥
तिनी भारले दुःखको भन् विचेत।
झरेको छ भर्भर् जहां आज पानी॥

(२२०)

दुवै नेत्र फर्की गरे झैं पुकारा।
थिए नानिमा दुःख एकोहरा भै॥
हिलोमा झरेकी तिनी फूल राम्री।
हरे! आंसु भर्छिन् सफा चित्र हाम्रा॥

(२२१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कठै ! एकली हेर ! बग्दो हिलोमा ।
बरा ! कर्मले वैलिएकी तिनी छन् ॥
हिलामा परेको छ सारा सिंगार ।
थियो आशको जो नयां रूपदार ॥

(२२२)

झरे केशमा स्वर्गका मुक्त दाना ।
झल्झल् झल् गरी बाहुमा गुड्नलाई
हुँदा दुःख ज्यादा दया भो विहोश ।
सबै चीज रुन्छन् रुलाई मलाई ।

(२२३)

परीको तिनी फूल झैं दिव्य छोरी ।
हरे ! विश्वकी मोहनी आजलाई ॥
धरामा पछारीदिने क्रूरकर्म्म ।
कहाँ लाग्छ माया निठूरी तँलाई ?

(२२४)

'हरे ! मृत्यु मीठो तँ आ आजलाई ।
लगीदे फुटेकी अभागी मलाई ॥'
भनी प्राणको प्रार्थनामाथि जाँदा ।
गिन्यो बज्र चड्की चिरी मेघ आधा ॥

(२२५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुरे ! शब्दथे स्वर्गका देवताले ।
कहाँ खप्न यो दुःख चिम्लेर आँखा ॥
गिरेकी कलीली अभागी प्रसून ।
जसै लोटिहालिन् हुँदा दुःख ज्यादा ॥

(२२१)

झल्ल् झल्ल् झिल्ल चट्याङ्ग घर्घरगरी चीरा परी बादल ।
चड्क्यो वज्र अतासिइन् प्रकृति नैं थर्थर् भयो भूतल ॥
देख्ने एक भएन किन्तु नभमा वर्ली छिटो मेनका ।
आइन् चट्ट लिई गइन् पर कता प्यारी गिरेकी सुता ॥

बाइसौं सर्ग

खुल्यो फेरि आकाश नीलो उज्यालो ।
सफा धोइएको कलीलो बनेर ॥
तुँवालो पखाली मुनामंजरीमा ।
हरा रँग ताजा रसीलो गरेर ॥

(१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हट्यो दूर फट्कारिई मेघमाला ।
सफा घामलाई कलीलो गरेर ॥
हवा शीतलो बन्छ अल्छी विलासी ।
" कसो भो " भनी पालुवामा चुमेर ॥

(२)

कुनै धोइएको सफा चित्रतुल्य ।
भयो दृश्य त्यो रुप टङ्कारिएर ॥
थिए शैल नीला सफा दूर-देखा ।
थिए सूर्य वित्ताउँचा साँझनेर ॥

(३)

कतै झल्किएका थिए बूँद झर्झर् ।
हरापात हिल्दा फुटी रंग धेर ॥
मुना बालजस्ता नुहाएर नाच्थे ।
थिए ती कलीला हरा रंग लेर ॥

(४)

गयो सानु पाठो त्यसै फुर्फुरे भै ।
बसी धैर्य गर्दा त्यहाँ धेर बेर ॥
खुल्यो दोहरो रंगको दिव्य लच्का ।
टुटेको त्यहाँ पूर्वको कोणनेर ॥

(५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नजा मिठ्ठु ! आ आ हिलोमा गएर ।
कहाँको हरे ! चंचले मैलिएर ॥
नठोकी तँलाई तँ पख् मिठ्ठु कस्ती ।
नमाग्ने अजीरा त्यसै मात्तिएर ॥"

(६)

भनी कुद्दछिन् हेर ! श्यामा पछाडि ।
छलूँ भन्छ ऊ फूर्तिले बाङ्गिएर ॥
परैसम्म झन् झन् लग्यो खान गाला ।
हिलो छ्याप-छ्यापी गरी उफ्रिएर ॥

(७)

कराएर म्याँ म्याँ कलीलो सुकंठी ।
झिकी पात झैं पातलो लाल जिभ्रो ॥
हुँदा दूर केही नजीकै पुगेमा ।
त्यसै फुर्फुरे भै घुमी उफ्रिएर ॥

(८)

लग्यो हेर श्यामा कुदाएर टाढा ।
किनारा पुगिन् पोखरीको कुदेर ॥
जहाँ सिलिमिलाएर पानी हरियो ।
न लिन्थ्यो कुनै चित्र-छाया परेर ॥

(९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लग्यो स्नानको भूमिमा हेर स्यामा ।
कलीलो गरी कंठ बोलेर स्याँ स्याँ ॥
पुगी टक्क अड्क्यो त्यही ठाउँनेर ।
जहाँ गौतमी स्नान गर्थिन् सबेर ॥

(१०)

गरी मिष्ट गाली लिएकी उचाली ।
त्यहाँ कृष्णा पाठो पिटी सुस्त केही ॥
यसो हेर्दछिन् देख्दछिन् झलिकएको ।
कुनै चीज ती बैंसवाली उज्याली ॥

(११)

नुहा त्यो टिपी देख्दछिन् एक औंठी ।
पुछी हेर्दछिन् हेम झल् झल् उज्यालो ॥
थिए काटिएका त्यहाँ तीन दाना ।
सफा चारु रेखा लिई चारु बाङ्की ॥

(१२)

खुशी भै त्यहीं स्वाइ खाएर चट्ट ।
तिनी भन्दछिन् "गर्नु गाली त झट्ट ॥
खराबै क मिठ्ठ नबुझ्दा तँलाई ।
म हप्कार्दथें के मिलाइस् मलाई ॥"

(१३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुवै झोपडी फर्किए शान्त पाठो ।
मिली पुष्ट छाती परीगो लुटुक्क ॥
त्यहाँ देख्छ औंठीविषे त्यो किसान ।
सफा नाम 'दुष्यन्त' आश्चर्यसाथ ॥

(१४)

"अहो ! यो त औंठी महाराजको हो ।
म लैजान्छु यो आज नै राजधाम ॥"
भनी त्यो सफा वस्त्र आफ्ना लगाई ।
तयारी भयो राजप्रासाद जान ॥

(१५)

"औंठी लेर किसान आउँछ कुनै औंठी महाराजको ।
'जो पाएँ तटमा सुचारु सरका यै साँझमा आजको ॥'
भन्ने गर्दछ विन्ति ल्याउँ कि प्रभो ? आफैं चढाईकन ।
किस्सा विन्ति गरीसकी नृपतिमा फर्कन्छ रे निर्धन ॥"

(१६)

भन्ने विन्ति परी 'ल ले त' नृपले आज्ञा दिंदा ल्याइयो ।
त्यो वृत्तान्त शकुन्तलाकथनको श्यामामुखी पाइयो ॥
औंठीले अब संझना पनि फिरी "हा ! हा ! बिचारी" भनी ।
आँखा टलपल संझिए निठुरता छाती छिया झैं बनी ॥

(१७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"केले विस्मृति भो मलाई यसरी केको पऱ्यो बादल ?
केले हा ! कलिली मुहारजलकी ती सुन्दरी टलपल ॥
धुँक्कादार कठोर घोर दुखमा जल्दो पुकाराकन ।
पाषाणैसरि क्रूर भै नजर यो बिसैं कसोरी भन !

(१८)

हा ! हा ! दैव बनाउँछस् तँ सपना जस्तो त्यसै जीवन ।
त्यः ई बादल घोर घोर अँधरो पारी उदासी मन ॥
झल्का एक खुलेन यो हृदयमा सानो बिजुली पनि ।
यी राम्री मृदुलाङ्गिनी जब थिइन् सौन्दर्य आँखाभरी ॥

(१९)

"धिक्! आँखा चिन्हिनस् तँ कान बहिरो धिक्धिक् तँलाई पनि ।
धिक् ! मेरो दिल त्यो पुकार सुनिनस् आकाश पग्ले पनि ॥
रुन्थे वृक्ष लता, चराहरु रुम्भी सारा उदासी थिए ।
त्यो दुःखी क्षणबीच इन्द्रिय सबै क्या वेइमानी भए ॥

(२०)

चड्कयो वज्र च ाङ्ग हाय शिर यो मेरो थियो भत्र कडा ।
पोख्थे स्वर्ग परी धरातिर भरी आँखाहरूका घडा ॥
गर्थ्यौं दुःख विलाप त्यो पवनमा रूँ रूँ गरी हुन्हुनी ।
त्यस्तो आँधि हुँदा सबै प्रकृतिमा पग्लेन यो जीवनी ॥

(२१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"माया मोह महान् भुलाउँछ हरे मूर्ख बनाईकन ।
बेची राज्य म किन्दथे जुन परी ढुङ्गो बनें त्यागन ॥
अज्ञानी मन जंगली हुन गयो हीरा त्यसै फ्याँकिइन् ।
स्वीकारै नमिलेर आँधिसँगमा हा ! ती अभागी गइन् ॥

(२२)

"मीठा कोमल शब्दले नजरले बोल्दा भिजेका बडा ।
काँपेका दिलले चरीसरि कुनै वर्षा बिजूली अघि ॥
रुन्थिन् लाज तथापि लाल रसले, गाला छुँदै बोल्दथ्यो ।
पैलेका मृदु बात ली विपिनका वासन्तिका माधुरी ॥

(२३)

"यौटा आँसु गुडेर गोल लव झैं गाला छुंदो लर्वरी ।
टप्कूँ टप्कुँ गरेर त्यो अडिरह्यो दुःख थियो माधुरी ॥
त्यो घुँक्का कति कष्टले शरमले निल्थिन् तिनी ओठले ।
मीठा बात सुनाउँदै शिव कठै मूर्छा हुँदै चोटले ॥

(२४)

"यस्ता सुन्दरताअगाडि जलका दानाहरूले रुँदा ।
यस्तो घोर भएर विप्लव त्यसै स्वर्गै वहाँ बर्षिदा ॥
केही संभिन्नँ ! संभना ! किन थिइस् मूर्छा बनी शून्यता ?
हा प्यारी ! बिचरी चरी भरभरी रुन्थिन् गइन् ती कता ॥

(२५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाँसे खुल्न तयार ओठ पहिले आधा खुला उज्ज्वल ।
आशाले विरही थियो हृदय क्या भाषा लिंदो मंजुल ॥
को होलिन् ? म त भन्दथें मुसुमुसु प्रारंभकी चाँदनी ।
कालो बादलमा विलीन अब छन् विश्वै अँध्यारो बनी ॥

(२६)

तारा आँसु भएर आज निशिमा नीलो बनाई मुख ।
चम्के ती जलबिन्दु दीर्घनयनीका नानिका सम्मुख ॥
कोही छैन ! कहाँ गइन् खबर क्यै ल्याईदिने सत्वर ।
पानी झील बनेर थाप्छु उरमा ती आँसु रात्रीभर ॥

(२७)

"भेटेदेखि बताइदेउ जनहो दुष्यन्त राजाकन ।
सारै दुःख छ नीदशून्य पछुतो जल्दो छ शुक्दै मन ॥
हा ! हा ! दिव्य शकुन्तले, नजर भो झल्का मिले एक नै ।
मर्ने छैन जलेर जीवन चितामा दुष्ट दुष्यन्त नै ॥

(२८)

'बिर्स्यौं शाप परेर एक मुनिको ठूलो कसूरी थियो ।
माया निठुर त्यो झल्याँस्स विउँझी पानी बिजूली भयो ॥
टोल्हाई मनबीच बादलहरूमा झल्किई, मोहन ।
तिम्रो दिव्य मुहार गर्छ अब त्यो दुःखी सधैं रोदन ॥

(२९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'त्यो पाषाण थियो बन्यो जलजलै टुक्रा भई सैकत।
खोजी एक मुहार घुम्छ पृथिवी सोधी मिलेकासित ॥
आफ्नो काम गरेर गाउँ र नगरी आफ्नो लिंदा छन् पथ।
त्यो रोई नित हिंड्छ वक्रपथमा 'छन् ती कहां हा ! 'सित

(३०)

ब्यूँझेकी सब संझना गहभरी संझेर स्वप्नाहरू।
रुन्छे साँझ-बिहान आँसुहरूले नित्यै भिजाई मरु ॥
उम्रेला कि भनी मुहार हँसिलो सौन्दर्य शाकुन्तल।
उम्रे फूल र पात त्यो झलकमा अलिपन् तिनी मंजुल ॥

(३१)

श्री मेरी, वसुधा, वसंत वनकी ती कोइली, ती यश।
ती तस्बीर हरा-भरा भुवनकी, श्री विश्व झैं षोडशी ॥
ती रानी सबकी, शशी हँसमुखी तारा अकेली, तिनी।
ज्योत्स्ना जीवनकी, जुहार जलकी' भन्थे भरीला बनी ॥

(३२)

'भन् द्यौ विन्ति ! म यत्ति माग्छु जन हो ! फर्काइल्याऊ अब।
भाग्ला नत्र चरो उडेर बिचरो आत्मा उता खोजमा ॥
ती रोलिन् वन शून्यमा जलदृशी मौनी लिई वेदना।
काँप्लिन् यी पृथिवी अजान जग यो आश्चर्य होला घना

(३३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'कोही दक्षिण जानु, उत्तर कुनै, पुड्के ! तँ जा पूर्वमा ।
कोही त्यो वन जानु कण्वऋषिको, कोही हिंडे पश्चिम ॥
ती ठूला जगकी समूर्ति रसिली पग्ली गइन्की कते ?
कोही बादल देशमा त गइनन् इन्द्रेनि वर्षासितै ?

(३४)

"ए ! ए ! डाक किसान त्यो गइसक्यो ? ए खेतको गोप तँ ?
बस् बस् भन्न मलाई ती किन त्यहां आइन् ता राम्रोसित ॥
के भन्थिन् अनि चेहरा कुन थियो ? कस्ता थिए नेत्र ती ?
रुन्थिन् या खुश मान्दथिन् ? कि त त्यहां रुन्थिन् ? कि शोच्थिन् अनि

(३५)

"के लामा दुइ कोस ध्यानगहिरा ऊड्के रसीला थिए ?
के खाइन् ? अनि के भनिन् ? अनि त्यहां वार्ताहरु के भए ?
थोरै अन्न लिएर कुंचितदृशी साङ्ग्रो गराई गइ ।
खान्थिन् थोर कि? हांस्दथिन् कि कसरी बस्थिन् कि रुन्थिन् सब

(३६)

"चांडो आज बतान ! ती अनि कहां जाने कुरा गर्दथिन् ?
रोएतुल्य बिहान कोणा दृगको के मैलिएको थियो ?"
यस्तै प्रश्न अनेक उत्तर दिंदो त्यो खेतिवालाकन ।
आए आँसु विचित्र देख्न विधिको कलङ्क बीत्यो दिन ॥

(३७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाई धेर इनाम त्यो घर गयो खोजेर ल्याए तिनी ।
मिल्ने हुन्छ इनाम धेर पछि हैं भन्ने दिलासा पनि ॥
"हा ! क्या दुष्ट छ कर्म धर्म्म नहुने क्या बेइमानी गऱ्यो ।
रानी बन्न सुहाउनेकन त्यसै बाहेक पारी मऱ्यो ॥

कस्तो दैव ! हरे नि ! संझन त्यसै छीया छ छाती पनि ।
भन्दै आँशु लिई पुकारहरुको आँखा भई त्यो फिऱ्यो ॥

(३८)

भोली पल्ट बिहान नींद नलिई कालो उज्यालो भयो ।
मेघाच्छन्न, खुलेन व्योम कुइरो उड्थ्यो अकाशे झिनो ॥
लाग्यो घर्घर गर्न बर्बर भए आँखा प्रतापी पनि ।
केही अन्न नली बसे नृपति ती कान्तावियोगी बनी ॥

(३९)

'प्यूँला चातक बूँद आज म चरो प्यासो बनी बस्दछु ।
मेरो यो गुणमा वियोग शरले हान्दो छ छातीतिर ॥
प्यारीलाइ लिई गयो गुम भयो रित्तो र पानी भरी ।
आत्मा छैन यहाँ रुँदै पयरमा जाँदो छ पीछा गरी ॥

(४०)

'आत्मालाइ अतीव त्यै वश न हो जो प्रेमको पीर हो ।
त्यस्तो पीर सहेर दूर रहँदा बिर्सीदिनू तीर हो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिर्सी आश रहेर वैलिनु त्यसै रोई पलाईकन।
त्यो आशा पनि मर्नु चोट कसरी पाई गयो त्यो मन ॥

(४१)

होलिन् आज रुँदी कतै वनकुना प्यारी कठै सुन्दरी।
बाणैलाइ छिपाइ पंख दुइले लोट्दा अबोला चरी ॥
जोडा ढुकुरले कुरुर्र गरिंदा ब्यूँझेर झन् संझना।
होलिन् बादल झैं लिंदी चुहिनको व्यापी अँध्यारोपना ॥

(४२)

बर्षाकी बहिनी बनेर वनमा सारा रुलाई मुना।
बर् बर् बर् दुखिनी तिनी प्रकृतिमा होलिन् रुँदी सँझना
चीसा च्याँठ उठी विलापहरुका ती श्वास होलान् बरा।
काँपेका मृदुपत्र पत्रमनका सारा रुझाई हरा ॥

(४३)

त्यस्तो चोट परेन आँधिहरुमा त्यस्ता कडा भाषण।
एक्ली ती वनमा हुँदा नलप्रिया त्यक्ता भरी लोचन ॥
सावित्री पनि मूर्छिता हुन गइन् यो चोट केमा पऱ्यो ?
हा ! हा ! ती मृदुलाङ्गिनी वनपरी भैं वज्र चड्की गयो ॥

(४४)

बाटो चट्ट बिराउँदी वनविषे सानी कुनै बालिका।
मेधाच्छन्न दशाविषे विपिनका सिंहादिले गर्जिंदा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यौटा वृक्ष लिएर आड़ मुटुको आढा दिंदी ढुकुढुकी ।
भाषाहीन बनी बराबर दशा होला तिनैको पनि ॥

(४५)

कोही छैन मलाइ आज जगमा यौटा उनै ईश्वर ।
भन्ने भाव गरी बुझी कुसुम नै काँढाहरूका घर ॥
गेरू भस्म लगाउँदी हुन गइन् या सुन्दरी योगिनी !
ठूलो चोट परी घृणा हुन गइन् या दिव्य ती मोहनी ॥"

(४६)

यस्तै तर्कवितर्कसाथ नृपले शोच्दै थिए त्यो दिन ।
गड् गड् गड् घनघोष भो, गहिरियो छाया भयो वर्षण ॥
झिल्की झल्ल झिलिल्ल शीघ्र बिजुली कम्ती उज्यालो हुँदा
यौता राक्षसको लडाईँसरि भो आकाशमा घन्घन ॥

(४७)

झिल्की झल्ल झिलिल्ल फेरि बिजुली, के देखियो त्यो तर ।
पूर्वी व्योम चिरेर झर्दछ छिटो क्यै रूप सानो पर !
मानो चीलसमान पंख दुइटा पार्दो घुमी फर्कर ।
कालो छैन तथापि झल्ल झिल झिल् चम्किन्छ वर्लीकन

(४८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"आए इन्द्र कि आज ? ती युवति हुन् के मेनकाकी सुता ।
गाली गर्न मलाई दुष्टदिलको भन्दै नुहाईकन ?
झुक्ने पर्दछ माथ पापहरूको संदेश केही तर
मिल्ला आज अवश्य ती युवतिको होलिन् कतै ती पर !"

(४९)

भन्दै मातलि आउँछन् अवनिमा छाया नझारीकन ।
छायाले पकडिन्छ मर्त्य पृथिवीमा हुन्छ द्यौताकन ॥
अर्कै रूप प्रकाशको, नखँदिलो खोक्रो न मीठो छवि ।
धप्के झैं अनलाभ उज्ज्वल सदा माटो विनाको तनु ॥

(५०)

जोडी हात सुदीर्घ केश हँसिला ठाडा उज्याला शिर ।
बल्दो दिव्य ललाट, लोचन बडा राम्रा मिलेका तनु ॥
बोले झैं मृदुतारले सुर मिली त्यो वीन शारीरिक ।
बोले, ध्यान खिचेर सुन्न रसिला शब्दादिमा बेधक ॥

(५१)

जा भूभार हर्ने अवनिपति प्रभो ! इन्द्रका दिव्य स्वामी ।
आकाशैसम्म चढ्ने हुकुम नजरको राज्यमा दुःख छैन ॥
वर्ली सत् असत्को विवरण सँगमा न्यायदाता बनेर ।
राखीबक्स्यो उचाली अवनि विनति यो नाथको पाउनेर ॥

(५२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"के अर्कै सत्य होला ? सुरपुर जितिने यो क शंका बढेको ।
दोधारै बन्न लागे सुरहरु अब ता दैत्य देख्दा चढेको ॥
स्वागीको काँप्न थाल्यो कवच प्रभु भए सर्व संदेश तोडी ।
स्वर्गै हुन्थ्यो उज्यालो असुरहरु निभी सत्य सामर्थ्य पाई ॥

(५३)

सत्को समर्थननिमित्त मलाइ भेजी ।
बोलाइले हुकुम भो प्रभुबाट रोजी ॥
स्वर्गेशले समरका विजयी बनेर ।
पृथ्वी प्रकाशित बनून् प्रभुले गरेर ॥

(५४)

"आज्ञा-पालन गर्छु स्वर्गपुरका राजेन्द्रको सत्वर ।
एकै मात्र घडी ! तयार म बनूँ शस्त्रादिले सुन्दर "
यो आज्ञासित भूपती तब गए राखेर ती मातली ।
आफ्नो बैठकमा लगाउन नयाँ जङ्गी लुगा तेजिला ॥

(५५)

यो वेला तर ती शकुन्तसँगिनी टाढा पुगेकी थिइन् ।
टाढा कश्यपका कुटीतिर कतै सानन्द नैर्जन्यमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठूला पर्वतका नजीक छहरा गुँज्दा हरा गह्वर ।
वेदै पाठसमान प्राकृत हुने चोखो कुना सुन्दर ॥

(५६)

—०—

तेइसौं सर्ग

पंछी जस्तो पखेटा दुइतिर पतला दीर्घ लाम्चो बनौट ।
पांग्रा राम्रा र सेता जिउ अलि हलुका सात रंगी विमान ॥
फूलै फूलैहरूले ललितसरि जहां बस्न गद्दी र छाना ।
हावा पाङ्छन् सुगन्धी अमर कुसुमका पत्र राम्रा बिछाई ॥

(१)

आभाले दिव्य झल् झल् रँगहरु हुनगै शान्त देदीप्यमान ।
शोभा भर्दो बगैंचा भर नृपवरको पंख फुल्दोसमान ॥
अर्कै सौगन्ध ल्याई कुसुमहरु त्यसै लट्ठ पारी सुताई ।
दिन्थ्यो स्वप्ना उज्याला सुरपुरतिरको जन्मको जो बधाई ॥

(२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" को को ? " गर्थ्यो बसेको छतितिर रसिलो कोइली मंजुकंठ ।
आएका इन्द्रजीका छविमय छुर्गितो शानका याननेता ॥
देखी त्यो हप्प गर्दै निकटतरु लिई चूप लाग्यो निहारी ।
आए योद्धा उज्याला नृपवर सँगमा फुर्तिला शस्त्रधारी ।

(३)

लाएका ताज तेजी झलमल, जलका जन्मका चारुमोती ।
पन्ना राम्रा मुना झैं, सुविमल-मणिको हीरकाक्षिप्तज्योति
कल्की स्वर्गे चराको रँग रँग रसिलो पिच्छ लुर्का लरक्क ।
फर्केको स्वादु लच्कासँग नरमपना झल्किए झैं सलक्क ॥

(४)

ठोक्रो ली लोहवाला मुखतिर सुनले पींध त्यस्तै जडेको ।
प्वाँखे छन् त्राप तीखा थरिथरि रँगका नोक नीचा परेको ॥
लामो बाङ्गो घुमेको असिअनुसरणी स्यान कालो जडाउ ।
कापेली वींड राम्रो कमरकन दिंदो क्या छ शोभा र भाउ !

(५)

छातीका व्यूढ ऊँचा रिपुभवनविषे दिव्य झैं अँशुमाली ।
बल्दा श्रीपेच जस्ता गिरीशिखर छुँदा लाल योद्धा बनेर ॥
फारी किल्ला अँध्यारा तिमिर अरिहरुको गिरापर रक्त ।
सेता धप्धप् बलेका वदनसरि थिए वीर झैं ज्योति-युक्त ॥

(६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोर्दै बस्छन् उज्याला छविमय-रथमा दिव्य आकाश जाने ।
राजा केही पछाडि प्रखरयश महातेजका वीरमूर्ति ॥
हाँक्नेचाहीं अघिल्ला, मुकुटकन यसो केशकाला पछाडि ।
सारा हेर्छन्, उज्यालो जलदतिर चिरा चंकिएको झलक्क ॥

(७)

यौटा पूजा गरेका छविमय बिजुलीले बनेतुल्य मूर्ति ।
ज्यूँदा जस्ता छरीता चलमलसितका जो भनूँ वेगदेव ॥
हांसेका चित्र जस्ता उडुँउडूँ सँगका छन् पखेटा फिंजारी ।
राखेका यानमा त्यो स्तुति पछि उडिगो यान ती धप्प बल्दा ॥

(८)

पैले फट्फट् पखेटा गगनपथ लिंदो चील जस्तो सजीव ।
फर् फर् गर्दो भयो त्यो परतिर नभमा गान गाई अनौठा ॥
फन्का लामा लिएको वरपर तिरको दृश्यको झैं विलासी ।
चढ्दै चढ्दै गयो त्यो उपर उपर नै चाल राम्रो लिएर ॥

(९)

बस्थे अट्टालिकामा युवतिहरु परीतुल्य पारेर ठाँट ।
कोरेका केश, स्यूँधा अरुणनयनका तेजिला बैंस शोभा ॥
फक्का चारु आँखा हँसमुख चकिता वस्त्र राम्रा रंगीन ।
कोही औंला ठड्याई गगनतिर अरूलाइ देखाउँदा छन् ॥

(१०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती हुन्छन् फूल जस्ता रँग रँग मधुरा दूर साना सफेद ।
आटाका बीच उड्दो तरुलहर नजीकै हरा झार जस्ता ॥
सानो राम्रो शिंगारे घरसरि पुतलीको सफा चारु चट्ट ।
मिर्मीरै स्वर्णछाना निकट अनि खुला टाउको झैं फुलेका ॥

(११)

हेर्छन् दुष्यन्त राजा तलतिर पृथिवी शैलवाली वसन्ती ।
काला काला र कोरेसरि जमिनहरू रंगका चारु पाटा ॥
सेता धर्का नदीका सिलमिल हरिया वृक्ष काला बनेका ।
छाना छाना उठेका गजुरहरु तिखा सानु टुप्पा सियाका ॥

(१२)

नीलो नीलो हुँदै गो रँग पर पर भै रूप सारा गुमेर ।
नीलो नीलो फिका क्यै सुमधुर कुइरो पातलो बेह्रिए झैं ॥
आयो चाँडै तहालू जलद अब बनी पातलो हुस्सुतुल्य ।
भेट्थ्यो त्यो यान ऊँचा अब घन तलका पातला जाल चल्दा

(१३)

चीसो निकै हुनाले नृपवर अलि क्यै खुंचिएकासमान ।
देखी हाँसेर भन्छन् नृपवर सुर ती "स्वर्गमा नै हुँदैन ॥
हामीमा गर्मि-सर्दी हृदयसित मिली आउँछन् उष्ण भाव ।
ठँडा होला निकै नै नृपवर प्रभुमा उष्णताको प्रभाव ॥'

(१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बोले यी मिष्टवाणी जब सुरपतिका यानका हाँकले ती ।
राजाले अस्त्र आफ्नो 'हृदनल' महिमासाथ गर्छन् प्रयोग ॥
भिल्क्यो आगो भिलिमिल् भिल् भललल घुम्यो, यानको चारतर्फ
साना सेता रँगीला रँगविरँग लियो राप नै नागबेली ॥

(१५)

गर्मी चढ्दै गयो भन् क्षणभर सुर ती रापले ताप पारी ।
गर्माएका हुँदामा हँसमुख अब छन् भूप दुष्यन्त भारी ॥
" मेरो यो अस्त्र यौटा "हृदनल" कहिने एक यो हो विजुली ।
मेघारूढा भवानीसँग वर पहिले पाइएको खुशीमा ॥ "

(१६)

"निक्कै चर्को हुनाले शिर अलि गन्हुँगो बन्न लाग्यो मलाई ।
केही धीमा भए यो सुखसँग म थिँए स्वर्गको मार्ग जाने ॥"
भन्दा हाँसेर भन्छन् " जससँग पहिले गर्वले हुन्छ बात ।
त्यस्कै माफी नमागी हृदनल न त्यसै शीतलो हुन्छ जात ॥"

(१७)

"जो जो छन् शत्रु मेरा सुर नर हरु वा गर्व गर्ने मसाथ ।
तापी हुन्छन् प्रयोगी हृदनल जब यो हुन्छ आग्नेय जान ॥
आफैं आई नजोरी कर रिपुहरुले या घमंडीहरूले ।
यो ठंडा नै नबन्ने हुन गइ दुखम भो हुन्छु लाचार ऐले ॥"

(१८)

१. कालपनि कआग्यस्त्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दा झुक्छन् बुझेका सुरवर शिरले "अरू, माग्छु क्षमा म ।"
भन्दै जोडेर दोटै कर नरम बनी "भूपको हूँ म भक्त ॥ "
ठंडा भो ताप भाग्यो रमरम मनको माफिकै मस्त पारी ।
"प्यारा मेरा सुहृद् व्हौ" सरि हृदनलले दिन्छ सन्देश भारी॥

(१९)

चढ्दै चढ्दै गयो त्यो सुरपुरपथमा उच्च भै शीघ्र यान ।
पैले हुस्सू छिचोली जललवहरुको जाल झैं शीघ्र शीघ्र ॥
बाटो केही बिलायो छिनभर परको व्योम बन्दा अदृश्य ।
डफ्फा डफ्फा चलेका हरहर कुइरा बीचमा खात खात ॥

(२०)

चढ्दै चढ्दै गयो त्यो जलदउपर भो वाष्पपर्दासमान ।
सेतो इन्द्रेनि पर्दा तहतह कुइरोमाथि उक्लेर यान ।
मानो आत्मा उज्यालो दिनकर हरिको स्वर्गगामी उडालु ।
बाक्लो छोडेर माया तहतह ढकनी छेड्न बन्दो सिपालु ॥

(२१)

धप् धप् धप् धपिक्द छन् रवि गगन सफा नीरमा झन् उज्याला
मायाभेदी-महात्मा हँसमुख छविमा आफु सानन्द रूप ॥
मानो आफ्ना उज्याला किरणहरु बजाएर तंत्री झनन्न ।
बस्दा एक्लो उज्यालो रह अति सुकिलो भिन्न दिव्य प्रसन्न ॥

(२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चीसो झन् बढ्न लाग्यो 'हृदनल' खिचिंदा सूर्यको तेज आई ।
देख्दा, सारा उज्यालो तर गगन थियो उष्णताहीनतुल्य ॥
हावा झै पातली झैं अलि कठिन हुँदा खास ती भूपबाट ।
अर्कौ अस्त्र-प्रयुक्तै हुन गइ बढिगो झै बलीयो प्रवात ॥

(२३)

"खै क्यै देखिन्न याहाँ गगन सब निलो शून्य देखिन्छ सारा ।
रित्तो ठूलो उज्यालो ! रवि पनि उसमा स्वावलम्बी-समान ॥
बाटो देखिन्न केही न छ वरपर क्यै दिव्य संकेत सानो ।
स्वर्गै हीला नहोलासरि सब नभको शून्यताले गिज्यायो ॥

(२४)

हाँसेका याननेता मुसुमुसु नृपमा विन्ति यो गर्न लागे ।
"यस्तै शंका लिनाले युग युग जनले मार्ग नै देखिएन ॥"
सस्तो बाटो गराए सब सुरपुरमा पुग्दछन् रे भनेर ।
यस्तो आच्छन्न जस्तो नजर अघि भयो स्वर्ग संसारको रे !

(२५)

'चाहन्छौं देव शान्ति प्रथम सब कुरा त्याग गर्ने बनेर ।
स्पर्धाको त्यो सुनौला गजुर ऋषिहरूमात्र बुझ्छन् गुनेर !।
छोटाले भेटिएमा गडबड हुन गै बिग्रिएला अशान्त ।
भन्ने संझी छ ऊँचा नजरपर सबै दिव्य सर्वस्वतुल्य ॥

(२६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"बाटो देखिन्न केही जुन हृदयविषे भावना छैन दिव्य।
त्यस्ताको यत्न लामो शिखरतिर पुगी हुन्न त्यो स्वर्ग लभ्य
विश्वासैमा अडेको सुविमल दिलले खोज गर्ला अवश्य।
चुत्थो ठानी जगत् जो त्यसपछि रहला चारु खुल्दै रहस्य"

(२८)

'भन्ने संझी यसैले अमर नियतिले मार्ग मेटेर रेखा-
सम्मन् सारा नराखी हृदयबिच हुने भित्रको गन्ध चेत॥
बाटै फेला परोस् यो प्रकृति सब जिर्ता यो गरेको विचार।
श्री स्वामीले बनाए सुरपुर हगको दूर झैं शून्यतामा॥

(२९)

"हेर्छन् विज्ञानवाला ग्रह,उडु सरिता, स्वर्गकी रश्मि, चाल।
यो सारा शून्यता हो प्रकृतिकृत क्रिया काकतालीय जाल॥
भन्दै आँखा अँध्यारासँग गगनविषे शून्यता मात्र देखी।
भन्नेछन् 'छैन केही यति हृदय लिई शान्तिको वास जन्म्यो'

(३०)

धेरै धेरै यहाँ छन् तहतह गहिरा शून्यका काँचुली झैं।
सातै छन् भेद यौटा तर हृदय विकाशी हुने सिलसिला झैं॥
पृथ्वी पानीय, हावा, तम, रज, शुचिका माथि आनन्द लोक।
सातै छन् लोक मोटा तवरसँग लिए स्वर्गको मार्गबीच॥

(३१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वी मोटो खँदीलो रँग रँगहरुले रूपले भै सचित्र ।
मात्रास्पर्शी छ चाँडो, परिणतिहरुको रेखिने शीघ्र रेखा ॥
धेरै फुस्रो र धुस्रो अलिकति रसले सत्यको भिज्न जाँदा ।
सतोषीसम बन्ने किरणहरु जहाँ आउँछन् अल्प वक्र ।

(३२)

तल्लो दर्जा उज्यालो क्षणक्षणहरुको चाख ज्यादा रहेको ।
मिस्ने सौन्दर्यसाथै विकृति करुणाता भेद ज्यादा भएको ॥
साझा सीमाहरूको क्षितिजहरु हुने, अल्प सौगन्धवाला ।
हामीले घीन मान्ने थलहरु बहुतै थोर मात्र उज्याला ॥

(३३)

आभाका दिव्य साना मिरिमिरिहरु नै झल्किदामा सजीव ।
छोला छोला गरे झैं क्षणलसित बनी बिर्सिने दिव्य ज्योति ॥
वैली जाँदा उज्यालो अतिशय करुणाको रूँदो दीन पात्र ।
त्यो पृथ्वीलोकमा छन् मरण दुख तथा आँसुले आर्द्र गात्र

(३४)

हामी हेर्छौं धरा ती सुरपुर रहने देख्दछौं दूर दूर ।
मिर्मिर् मिर्मिर् गरेको विधुसरि निशिमा घोर काली अमाको
झिलिझल् झिलिझल् कडा भै थलथल छविमा काठ जस्ता उज्याली
झल्किन्छन् दिव्य झलका हृदय घुसिलिंदा मर्त्यको धप्प वेला ॥

(३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"हाम्रा राम्रा परीले कुसुमहरु त्यहाँ फँकिदिन्छन् सुगन्धी।
पाऊन् संकेत सत्को मिरमिर जगमा अल्पदर्शीहरूले ॥
भन्ने संझेर, हेरी तलतिर जनका बीचमा दिव्य वेला।
आत्मा उक्लूँ भने झैं विमल हुन गई धपिंकदा कर्मभित्र ॥

(३६)

"थोरै क्यै भावनाले हरिपद भजिने ठाउँ देखेर हामी।
दोटै मैना उज्याला किसलय कुसुमी पार्दछौं रश्मिभित्र ॥
मीठा संदेश भेजी रस, मधु हँसिला भाव-संगीत साना।
आभासैले सबै तीं अवनितिर पुगी फुल्दछन्, पल्लविन्छन् ॥

(३७)

त्यो पृथ्वीलोक छोडी अलि उपर हुँदा हुन्छ पानीयलोक।
हेरीबस्स्योस् उज्यालो रँगविरँग हुँदो बाफका वेश्मभित्र॥
थोरै निष्कन्छ पृथ्वी नजर अघि यही रंगिचंगी बनेर।
जो इन्द्रेनी छ त्यो हो टक यस जगको बीच आकाशनेर ॥

(३८)

हुन्छन् बारी रँगीला कुसुमहरु हुने लाल सेता सुनौला।
टिप्छन् हीरा परीका मृदुल करहरू तिर्सनाको सुगन्ध ॥
चाँडै नै रंग उड्छन् तर अनि दिलमा बस्छ निर्मोहनीको।
कालो नीलोपना झैं मनमन तिनको लाग्छ रूँ रूँ नफुट्ने ॥

(३९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खोज्छन् ती नित्य केही नव नव विषयी वासना फैं मिहीन।
फुल्दै हाँस्दै रँगाई वदन तरलतासाथ लाली लिएर ॥
योगको सिर्जनाले वरपर सृजनासाथ गर्दा पुकारा।
माग्छन् ती भोग राम्रा क्षणक्षण सुखका भोग्न गर्दा इशारा

(४०)

हावाको लोक यै हो तर पवन पनि प्राप्त तीन प्रकार।
यौटा निकै अँध्यारो रवि-किरण हुने मन्द आनन्द धीमा ॥
काला ठूला गुफा छन् यसभर गहिरा आँधिका गुप्तवास।
छीटा छन् वेग घुम्छन तरल पवनका वलिजाने बिलौना ॥

(४१)

यो देख्छौं जो उज्यालो सुरपुरतिर यो बन्छ प्रांशुप्रकाश।
सामीप्यैमा हुँदामा सुरकन पनि यो क्यै उज्यालो छ भास ॥
झर्दै आएर पृथ्वीतिर जब सुरले टेक्दछन, अन्धकार।
जस्तो देखिन्छ पृथ्वी मिरमिर जनका झल्किएका जुहार।"

(४२)

भन्दाभन्दै हुरीको घनघनसरिको जोडले शब्ददार।
अड्ने जस्तो हुँदामा रथ कुशल तिनी मोहडा थोर फेरी ॥
हाँसी भन्छन् हुरीमा "जतिजति बललेगर्छ दावा अँध्यारो।
जान्नेले राहबीचै त्यसकन सजिलो साथ स्वश्रेय पार्छन् ॥"

(४३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फंके जस्तो फनक्क फनफन भँवरी चक्राएसमान।
लप्का दप्का र झप्का घचघच घुइरो क्यै कराएसमान॥
विक्षिप्तप्राय हावा हुनुनुनु करुणा-क्रन्दनीचालसाथ।
दिन्थ्यो धक्का र मुक्का घडडड कहिले यान आएसमान॥
(४४)

टाढा भै सूर्य दब्दा अब तलतिर छन् दक्षिणी त्यो किनार।
सानो तारा बनेका परतिर कविका जूनकिरीसमान॥
माथीमाथी उज्यालो अनि छ चहकिलो सूर्य अर्को सुदिव्य।
नीलो गोहा उज्यालो वरपर छ हवा घन्किदो घन्न घन्न॥
(४५)

काला काला र ध्वाँसे घडघड डरका मूर्तिरेखा कराल।
दाह्रा लामा किटेका कटकट कहिले बाहु लामा विशाल॥
लामा भ्याँक्रा फिंजेका रिससित चुरिई गर्जिई आउनाले।
सम्झन्छन् यानमेता सुर-नृप रिपुका फौज काला तुवाँले॥
(४६)

"यो हो देवासुरादि प्रतियुग रहने द्वन्दमा ठाउँ एक।
धेरै योद्धाहरूको मरणथल यही दैत्यको गर्व टेक॥
याँही हुन्छन् समस्याहल अति गहिरा दैत्य औ देवबीच।
धर्कन्छन् स्वर्गवासीहरु पनि कहिले त्रास बद्दा नगीच॥
(४७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"ऊ ! आए दैत्य काला परतिर सुरका शत्रु ती कालनेमी ।
बाटै छेकेर सारा सुरपुरतिरको अन्धकारै गराई ॥
ठोक्रा बोकेर काला मरण-शर लिई आँधिको हाँकसाथ ।
बेगी तेजी बलीया तिमिरवदन ती उग्रचंडी छ जात ॥

(४८)

बलेका ताको छविमय तनुले ती छकिन्छन् नबुझ्दा ।
तारा यौटा खसेको तलतिर यति नै भित्र भित्रै बिचारी ॥
देख्छन् ती उक्लँदामा तर तनु नरको व्योममा पर्छ छाया ।
देखी सारा दगुर्छन् उसतिर भ्रमका रूप झैं साधुभित्र ॥

(४९)

सारा आईरहेछन् घन निविड बनी गर्जिई घोर घोर ।
थर्क्यो आकाश सारा घरघर तिनको फन्फनाएर शोर ॥
चंके टाढा बिजूलीसरि असि तिनका नागबेली झिझिल्ल ।
डफ्फा जस्ता असत्का घनघनन बढे मेघ संसारतुल्य ॥

(५०)

"हेरी बक्स्योस् उता ती गगनपथ झरे देवतासैन्य सारा ।
तेजी राम्रा उज्याला हरहर हुरि झैं देवका रश्मि-धारा ॥
गर्छन् सारा इशारा त्यसतिर 'रथ यो ल्याउनू रे' भनेर ।
बज्री नै भो सवारी अब नृपवरको स्वागतार्थी बनेर ॥

(५१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झरे वज्री तेजी कुलिशकर श्रीपेच छविला ।
बडा ठूला आँखा छविमय र अग्ला र हँसिला ॥
लगाएका माला सुर-युवतिका चारु करका ।
रँगी इन्द्रेनीका रँग विरँग गुच्छाहरु निका ॥

(५२)

छ जूँघा घुम्रेको अलिउपर फर्कीकन यसो ।
बहादूरीको झैं रिपुदमन संकेतसरिको ॥
छ लाएको यौटा नव सुन-सुती रत्नजडित ।
झझल् झल् झल्केको वसन तनुमा कल्करहित ।

(५३)

छ उड्ने पंखी त्यो लसित कठपाउ स्वपदमा ।
उडी आए सारा अघि सुरहरूका दल अघि ॥
प्रसन्नाकारी छन् नृपवर त्यहाँ देख्न रथमा ।
समाई भन्छन् ती रथ स्वकरले व्योमपथमा ॥

(५४)

"खुशी लाग्यो सारै हृदय अति गद्गद् हुन गयो ।
सवारी होलामै समरजय यो निर्भर थियो ॥
समस्या यो हाम्रो अमरपुरमा एक विकट ।
छ 'श्रद्धा वा सत्य प्रबल कुनचाहीं अकपट ?'

(५५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ काला काला असुर बलिया अर्मठजुँधे ।
भए हाम्रा त्रासी सुरपुरनजीकैं पनि पुगे ॥
थिए शुक्राचार्य स्वतप-कृत-संसार-विजयी ।
महाविज्ञानी ती असुरगुरु ज्ञानी अतिशयी ॥

(५६)

सबै छान्दै छान्दै प्रकृतिविनियमी कोषरचना ।
लिई ताना भन्छन् असुरहरुमा 'आज सपना ॥
सबै तिम्रो पुग्ला सुरहरु हराई सहज नै ।
जिती ल्यौला स्वर्गै दमन नहुने ली मगज नै ॥

(५७)

' म आत्मा मेरो यो अणु अणु लगाई प्रभुजिमा ।
तपस्या गर्नेछु प्रकृतिकन जित्ने सहजमा ॥
जगत्का स्वामीले असुरहरुको विन्ति सुनिने ।
त्यसै छल्लान् काँहा नियमहरुको विश्व छ भने ॥ '

(५८)

' भनी यस्ता वाणी असुरगुरु लागे तलतिर ।
गराई स्वर्गैका सुरहरु समस्तै थरहर ॥
यता विज्ञानी ती असुरहरु लाखौं थरिथरि ।
बनाई शस्त्रास्त्र प्रकृतिविजयी छन् घरि घरि ॥

(५९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"तपस्वीले यस्ता नव नव कुरामा यदि अब ।
थपेदेखी आध्यात्मिक बल बढे युद्धविभव ॥
डरै लाग्दा हुन्छन् अनि असुरले जित्छ कि भनी ।
डराएका थीता खलबल थिए के गरूँ भनी ॥

(६०)

"यसैमा' सल्लाहा नृपसँग लिए बेस छ भनी ।
बताए मंत्रीले, सुरविमल भै राज्न अवनि ॥
सिपालु स्वाध्यायी अवनितलमा क्वै अझ पनि ।
नछन् प्यारा मेरा नृपवर सखा झैं कुन भनी ॥

(६१)

"यता विज्ञानी भै उसतिर भई ज्ञानसहित ।
दुवैतर्फी तेजी प्रबल नृप झैं कल्करहित ॥
अरू कोही छैनन् मकन पनि थाहा यति थियो ।
सबारी भो राजा अब सकल चिन्ता पनि गयो ॥ "

(६२)

भनी वज्री थप्छन् 'असुरगुरु झैं एक मनको ।
तपस्वी क्वै छैनन् त्रिभुवनभरी देवगणको ॥
उनैले जित्नेछन् सकल सुरलाई सहजले ।
भनी कोही भन्छन् डर मकन भो ती लवजले ॥

(६३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"कसो गर्ने भन्दा नृपवर सवारी हुन गयो ।
 छ सल्लाहा-प्रार्थी सुरपति यहाँ आज नृपको ॥"
भनी बोली वज्री अब रथ पसे पार्श्व नृपको ।
 बसे राजा साह्रै खुस हुन गए साथ उनको ॥

(६४)

भयो यो सल्लाहा 'असुरहरु हार्छन् पछि पछि ।
 पहीले ता निक्कै गडगड हुनन् आँधिहरु झैं ॥
घमंडी फुर्तीला घननन सबै शब्दमय ती ।
 जरूरै हार्नेछन् पछि तर, नटिक्छन् सुरपते ॥

(६५)

'तपस्या ठूलो हो तर अझ छ यौटा मुटु कुरा ।
 तपस्या ठूलो हो जिउ सब जिती विश्व जितिने ॥
जिती आफैंलाई त्रिभुवन त्यसै पाउ रहने ।
 तपस्या हो ठूलो तर मुटु कुरा सुन्दर चिने ॥

(६६)

महाध्येयी जित्छन् समय अवकाशैकन दुवै ।
 दिई सर्वस्वै नै थरहर गराईकन तप ॥
जगत्का मूलै नै थरहर गराईकन तप ।
 गरी जित्छन् भारी प्रभुकन करैसाथ निकट ॥

(६७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'महाध्येयीका छन् अणु अणु मिली एक तरफ।
नडग्छन् ती थोरै त्रिभुवन डगे तापनि सब॥
जिती कालैलाई अमरपदमा ती स्थिर भई।
हुरी भैंचालो नै वश लिन उ शक्छन सहज नै॥

(६८)

सबै ज्योत्स्ना आफ्नो रविसरि गराई धपधप।
खिंची हृद्व्योमैमा प्रकटित गराई जपतप॥
सबै सेता रापैसरि ज्वलनमा दिव्य रहने।
महाध्येयी जित्छन् त्रिभुवन जितूँ नै यदि भने॥

(६९)

महाध्येयी जित्छन् तर प्रकृतिमा एक नियम।
छ शास्ता सारामा छ जुनअनुसारी बल शम॥
यही कुंजी यौटा जगभर महाशक्तिहरुको।
छ सत्मा जोड्चल्ने उसकन अनंत प्रबलता॥

(७०)

अनंत-शक्तिमान आत्मा, हुन्छ सतको पिछा लिंदो।
प्रभुको दिव्यता लिन्छ एकत्व पनि सर्वदा॥

(७१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सत्य नै ईशको रूप, सत्यतुल्य अगम्य छ।
विश्वेशको सत्स्वरूप लयले मात्र गम्य छ॥

(७२)

स्वर्गको हो बनौटै नै सच्चिदानन्दको गुण।
सत्याधारित सद्रूप अनश्वर अभंजन॥

(७३)

स्वर्गको एक जादू नै 'सत्य' मंत्र मनोहर।
सत्यमा शुद्ध झल्किन्छ पूर्णबिम्ब महेश्वर॥

(७४)

सबैभन्दा उँचा ब्रह्म ब्रह्मको पछि स्वर्ग छ।
ब्रह्म छन् त्रिगुणातीत, ब्रह्मै सदपवर्ग छ॥

(७५)

सत्यको पछि आत्माले प्रकाशतिर धाउँछ।
असत्यको पिछा पर्दा अँध्यारोतिर आउँछ॥

(७६)

स्वर्गको भित्र आशाले जगत् सारा चराचर।
सुख मात्र भजी बस्छ दुःखमा नै निरन्तर॥

(७७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर अज्ञानले गर्दा सुखको सत्यमूलता।
भनी बिर्सी त्यसै हिंड्छ पात पात जताततां ॥

(७८)

असुरादिहरू आफ्नो अज्ञान नबुझीकन।
सुखको ध्येयमा चल्छन् असत्यपथ निर्धन ॥

(७९)

सत्य हुन्छ अनन्त नै आशातीत अगम्यता।
छोटो साङ्गो लिई ताक हांक्छन् असुर देवता ॥

(८०)

पहिले गड्गडाएर विश्व थर्काउँछन् सब।
पछी धराप भै शेखी गिर्छ टुक्रा भई तब ॥

(८१)

महाध्येयीहरू हुन्छन् हुनता दैत्यका पनि।
तर साङ्गो लिई ताक गिर्छन् उल्टा बनी बनी ॥

(८२)

खालि शक्ति त्यसै हुन्न सत्यको नलिई भर।
जति चौडा भयो सत्य उति टिक्छ पुगी पर ॥

(८३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकाग्रताध्येयनिश्चित सर्वाणुस्वविकंपित ।
सिद्ध बन्दछ जेता नै अनि हुन्छ सुनिश्चित ॥

(८४)

तर एकाग्रताबाट सिद्ध जो फल फल्दछ ।
सत्यान्तर्गत त्यो छैन भने ता हार बन्दछ ॥

(८५)

हिल्छ माथि पुगी काँही सत्य वक्र भए रति ।
तपस्वी जो छ त्यो: आफै गिर्न थाल्छ अधोगति ॥

(८६)

अरू डग्छन् अरू हिल्छन् ध्येय सत्य-पराङ्मुख ।
बनेका ती महाध्येयी गिर्नलाई अधोमुख ॥

(८७)

तपस्वी शुक्र छन् ठूला जितेका आफुलाइ ती ।
तर त्यस्ता महाध्येयी गिरेका छन् यहाँ कति ॥

(८८)

तपस्यामात्र जित्दैन , मूल ध्येयानुसार छ ।
विश्वमा शक्ति देवेश ! मूलाभिप्राय सार छ ॥

(८९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुक्रले दैत्यका निंति गरे तप अघोर यो ।
त्यसैले ध्येय भो वक्र शक्र ! ध्येय असत् छ यो ॥

(६०)

अनन्यभक्ति जेमा छ श्रद्धा श्रीपेचतुल्य छ ।
भक्ति श्रद्धा दुवैलाई जित्ने सत्य अमूल्य छ ॥

(६१)

सत्य–स्वरूप छन् ईश सत्यसाथ असत्यको ।
भाग गर्दा गिरी जान्छ ध्येय बन्छ अनित्यको ॥

(६२)

तस्मात् त्रास यहाँ छैन केही बेर लडीकन ।
थाम्नेछन् दैत्य चाँडै नै आत्मा गल्छ गिरीकन ।"

(६३)

कुरा गर्दागर्दै असुरहरु आए घननन ।
झरे तारा जस्ता झरझर गरी दैत्यदमन ॥
बडो बाजा धूँ धूँ ढम ढम बजे ढोलकहरू ।
यता बज्छन् घंटा घननन गरी शंख डमरु ॥

(९४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोलाहल भयो ठूलो समरध्वनि दैत्यको ।
उठे प्रत्युत्तर दिंदा देवता युद्धशब्दले ॥

(९५)

"महाध्येय ! महाध्येय !" दैत्यले गर्जना गरे ।
"महासत्य, महासत्य" देवले गर्जना गरे ॥

(९६)

दैत्यले गर्जना गर्दा कालो तूफान मच्चियो ।
देवले गर्जना गर्दा बिजुली झिल्ल चंकियो ॥

(९७)

दैत्यराजहरू ठूलो शानका रथमा चढे ।
ठूला ठूला पंखवाला हयका गतिले बढे ॥

(९८)

दैत्यका शस्त्र थर्काई दिन्थे घन्न नभस्तल ।
देवका अस्त्र चम्कन्थे शान्त, सुन्दर, उज्ज्वल ॥

(९९)

बाणवर्षा भयो ढाकी आकाश घनलेसरि ।
रणस्थल अँध्यारो भो बर्षियो रक्तको झरी ॥

(१००)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चम्किए देवका शस्त्र अस्त्र, झल्ल प्रकाश दी।
आँखा हेरी देव हान्थे दैत्य दृक् बन्द भैवरी॥
(१०१)

चुरिएर महाक्रोधी महातेजी पराक्रमी।
हुरी झैं दैत्य ती आए अन्धा क्रोध बनी घुमी॥
(१०२)

इन्द्र गर्छन् एक वज्रप्रयोग असुरोपरि।
अन्धकार यसो फारी बिजुलीले क्षणैभरी॥
(१०३)

हाहाकार पऱ्यो थोरै बेर त्यो फौजबीचमा।
छ्यान्न व्यान्न भए दैत्य वज्रको त्यो प्रहारमा॥
(१०४)

तर आए फेरि उठी फौज बाँधी हजारन।
वज्रावरोधिवसन सुरारिहरु घन्घन॥
(१०५)

इन्द्रको वज्र करको काँप्यो देखेर ती दल।
भयङ्कर उठी बद्दा रन्न पारी नभस्तल॥
(१०६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फर्के दुष्यन्तका तर्फ के गरूँ झैं गरीकन ।
देवादिका फर्किएको देखेर शरवर्षण ॥

(१०७)

हाने ती दैत्यले बाण काला नीला कडोरन ।
आए सलह झैं काला देवमा गर्न बेधन ॥

(१०८)

तीखा टुप्पा पंख हुने लिएका वेग तेजको ।
विषालु शरले विद्ध देव व्याकुल छन् अहो !
।

(१०९)

"के गर्ने अब यो वज्र दैत्यको काल लक्षन ।
व्यर्थ हुन्छ करै काँपी भन्नुहोस् शत्रुसूदन "!

(११०)

भने झैं इन्द्रले हेरे दुष्यन्ततिर नेत्रले ।
उपाय पाइयो होला कि भनीकन मित्रले ॥

(१११)

दुष्यन्तले गरे झट्ट संगीतास्त्र प्रयोग र ।
लाग्यो आकाश नै सारा गाना गर्ने मनोहर ॥

(११२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिज्ञासा दैत्यको जन्म्यो नयाँ अज्ञानप्रेरित ।
संतोष नभई पूरा दैत्यको हृदयंगत ॥
(११३)

"को होला त्यो?" प्रश्न उब्ज्यो, त्रास अज्ञानको उठ्यो।
अडे टक्क बनी छक्क खोजी चर्चा त्यहाँ बढ्यो ॥
(११४)

न आउने हो ओर्लेर ख्रान त्यो दैत्यको कुल ।
न त्यो सलहको गाना न वा माया न वा छल ॥
(११५)

प्रश्न लाखौं उठे भित्र विचित्रसँग त्यो क्षण ।
लाखौं भाव नयाँ जन्मे विश्लेषण लिनाकन ॥
(११६)

जिज्ञासा कान ठाडा भै आफूबाहिरका कण ।
काँपीरहेका सुन्ने भै रँगमँगाई बनाघन ।
(११७)

कल्पना पंख हालेर उड्छे बाहिर निस्किई ।
स्थिरता कतै नपाएर रूप रँग नयाँ भई ॥
(११८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रँगीचर्गी बनी राम्रा पातला भाव नाच्दछन् ।
लदिन्छन् क्षणमै फेरि क्षणमै आफु जाँन्दछन् ॥

(११९)

अनेक रँगका भाव विषाक्त मधु-मोहन ।
नाच्न लागे घुसी भित्र दैत्यका दलमा घन ॥

(१२०)

आशा जस्ता कतै, भाषा जस्ता मीठा विदेशका ।
त्रास जस्ता कतै मीठा सबका दिलका फिका ॥

(१२१)

कतै झल्काहरू जस्ता नव आदर्शका पनि ।
झिल्किने तर चाँडै नै निभ्ने के के कुरा बनी ॥

(१२२)

नदेखेका नजानेका नसुनेका कुराहरू ।
भविष्यबाट झल्के झैं मिल्काए झैं अतीतले ॥

(१२३)

जिज्ञासा प्राकृतप्राय: स्वोर्जित गराउँन्द ।
झल्के, निभे, फेरि झल्के कल्पना नै घुमाउँदै ॥

(१२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भयो झर्ना झरे जस्तो सुरको मधुराधर।
पात पातहरूमाथि गाए जस्तो मनोहर ॥

(१२५)

गानाले, आँशुका बूँद अनेकौं युगका लिई।
मीठो बनाउँथी झल्का भावको संझना भई ॥

(१२६)

जीत, हार, खुशी, आँशु सबै भै मधुराकृति।
शब्दमा झर्भराए झैं हुन्थ्यो हृदयको स्थिति।

(१२७)

त्यसै वेला देव मिली मुग्ध त्यो दैत्यका दल–
लाई हाने उज्यालोले, नानी खुम्चिन गो तल ॥

(१२८)

सूर्यका रश्मिशरले हानिएका महादल।
निधार बीचमा चोट पर्दा सारा लडे तल ॥

(१२९)

त्यो देखेर अरू भागे सैन्य-विध्वंसदारुण।
दुष्यन्त विजयी नेता गन्दछन् देवका गण ॥

(१३०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फूल अम्लान वर्षेर परीका कर कोमल-
बाट दुष्यन्तको शोभा बढ्यो पारी समुज्ज्वल ॥

(१३१)

इन्द्र हाँसी त्यहाँ भन्छन् " धन्य हो ! नृपचातुरी ।
कस्तो अक्किल सूझेको नृपमा कष्टको घडी ॥

(१३२)

धन्य हो, प्रतिभाशाली वीर हे ! शत्रुसूदन ।
पृथिवी दुःखमा हुन्नन् यस्ता राजा हुने दिन ॥

(१३३)

देवको दूलले ठूलो गर्‍यो स्वागतवादन ।
बिमानमा दुवै लागे स्वर्गमा अब उक्लन ॥

(१३४)

रजोदेश क्रिनारामा प्रकाश अलि क्यै बढ्यो ।
फिक्का लाली छिर्विराई जब त्यो यान झन् चढ्यो ॥

(१३५)

बराबर त्यहाँ रंग फेरिन्थ्यो परिवर्तित ।
गराई रूप औ रेखा वस्तुका शीघ्रतासित ॥

(१३६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कहीं वाक्लो उज्यालो छ कहीं छ मधुरप्रभा ।
कहीं झिर्मिर कल्सेंदोपना, फेरि कहीं सफा ॥

(१३७)

फिका लाल कतै ताम्र अस्तकाल पहाडमा ।
नेपालमा परे जस्तो नङ्गा ढुङ्गाबिषे प्रभा ॥

(१३८)

देखिन्थे त्यसमा वास गर्ने सुन्दर आकृति ।
हुने जीवहरू हेर्दा ऊभो त्यो यानको गति ॥

(१३९)

लाल तारा सूर्य थिए पृथ्वीमा पनि देखिने ।
सानो झिल्का लाल जस्तो रातकापख व्योममा ॥

(१४०)

देवालयहरू राम्रा बगैंचाहरु सुन्दर ।
बडा महल देखिन्थे त्यो लोकैमा सबैतिर ॥

(१४१)

त्यहाँबाट उड्यो यान अझ ऊँचा बनीकन ।
रजोमंडल नाघेर सानो द्वार घुसीकन ॥

(१४२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तब सुन्दर आलोक समुज्ज्वल मनोहर ।
शुभ्र शान्त र सानन्द देखियो शुचिको घर ॥
(१४३)

संघर्षण विना स्वच्छ उज्यालो छ नभस्तल ।
पीयूषको रँग त्यहाँ झल्किए झैं छ झलमल ॥
(१४४)

वसन्तका शशी जस्ता नातिशीतोष्ण ती कर ।
ईशको दिव्य मुस्कानतुल्य छन् दीप सुन्दर ॥
(१४५)

नवीन मृदु भावादि गर्छन् संचार रश्मिले ।
मौनको शान्तिमय त्यो मधुपूर्ण प्रताशले ॥
(१४६)

रंग देखिन्न क्यै अर्को तर नेत्रप्रसादक ।
दिन्छ शीतलता मीठो रश्मिले शान्तिदायक ॥
(१४७)

आफैं तृप्त भई आत्मा पान पाउँछ शीतल ।
नखाँदा पनि खाए झैं, नपिऊँदा झैं पिए जल ॥
(१४८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वयं संवर्द्धन लिने प्रकाशतिर स्वर्गको।
भावना स्वविकाशी छन् फुक्दा आनन्दले निको॥

(१४९)

व्योमका अणुमा मानो दिव्य इच्छा सजीवता-
साथमै लहरी झीनो झन्न गर्छ कता कता॥

(१५०)

उक्लिने प्रेरणा हुन्छ पंखमा अभिलाषको।
सफा सानन्द चिडियाहरूमा झैं प्रभातमा॥

(१५१)

विशाल त्यो लोक थियो उज्यालो सत्वमण्डल।
देखिन्थे देव त्यसमा भर्दा गगनमण्डल॥

(१५२)

ग्रह-गोलाहरु थिए धेरै त्यो लोकमा सफा।
काँच गोलाहरू जस्ता अथवा स्फटिकप्रभ॥

(१५३)

प्रतिबिम्बित आभाले आभासित मनोहर।
सात चन्द्र थिए साथै मुस्कएका सुधाकर।

(१५४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ताराका बदला राम्रा देवता ज्योतिरूपका ।
साकार शान्त देखिन्थे पंखवाला यताउता ॥

(१५५)

कोही अचल देखिन्थे कोही चल्थे मनोहर ।
पंख चालेर संगीत सुरमा ताल सुन्दर ॥

(१५६)

देखिए ऋषिका मूर्ति तपमा ध्याननिश्चल ।
स्वर्गङ्गातीरमा बस्दा, काँसकेशी समुज्ज्वल ॥

(१५७)

बालुवाका कणा जस्ता ताराले लहरीमय ।
गङ्गा बग्छिन् पवित्रा ती व्योममा कवितामय ॥

(१५८)

त्यहाँका लहरी बोल्थे विश्वसंगीतका स्वर ।
जो हुन्छन् मर्त्य-आँखामा ज्योति झैं तल मिर्मिर ॥

(१५९)

चंकिला ती जूनमा छन फुल्दा द्रुमलताहरू ।
शिंगारिएका शोभा झैं कामिनीका सुकोमल ॥

(१६०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अमृताऽऽलोक बास्नाले हँसिलो स्वप्नसुन्दर ।
चकोर नेत्रमा पर्छन प्रेमले क्यै मदाऽऽलस ॥

रोमांच बल्किँदा गात्र सुगन्धानिल स्पर्शमा ।
ढल्किन्छन् सुस्त ती बैंसे सोन्ह श्रृंगारले भरी ॥

मुस्मुसे संझना बस्छे पल्लवाधरमा मिठी ।
कपोलें पुष्ट हँसिलो ज्योत्स्नासित प्रसन्न छ ॥

रत्न-झलमल चाञ्चल्य शीतका कणले दिए ।
हल्लियो सर्सराएर हरा पोशाक रेशमी ॥

दिंदा चपत हावाले फूल-गालाबिषे अलि ।
लाल वर्ण भई लज्जा मस्त हुन्थी त्यहाँ खुली ॥

साफल्य बैंसको भर्दो मीठो स्पन्दित आकृति ।
अली अली चले जस्तो भावले उक्लिंदा उर ॥

मीठो कुत्कुति लागेर, पन्सिइन्थे बराबर ।
दुराक्रमण हावाको , बेशर्मी भै बढीकन ॥

पन्सिएर यसो केही अर्को ढलक सुन्दर ।
लिन्थे "नाइँ" भनेजस्तो मुस्कुरे ओठले त्यहाँ ॥

मीठो लज्जत झल्किन्छ सुख जस्तो निषेधको ।
त्यस्ता बैंसे थिए वल्ली मस्त, हल्ली मनोहर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेमका दिलको इच्छा शिंगार सब षोडश।
साथ पूर्ण गरूँ भन्ने कामना झैं लजाउँथे॥
नटी झैं ती प्रतीक्षाले शिंगारी मुख उज्वल।
मानो ढल्केर खोज्दा छन् जूनमा कामदेव नै॥
मृदुकेशी रागवेशी चिन्तानेशी तिनीहरू।
मन्द चांचल्यले चारु वनी वल्ली तथा तरु॥

त्यहाँ रहे झैं देखिन्थे बागमा सुर वर्गका।

तपस्वीहरु देखिन्थे त्यहाँ पनि समुज्ज्वल।
जूनभित्र शिलातुल्य ध्यानी कोमलभावका॥

रत्नदार शिलामाथि बसेको मेरुदण्डका।
सोझा ब्रह्म विचारेर, स्वर्गका परको कुरा॥

(१६१)

सोधे दुष्यन्तले इन्द्र साथ 'यी ऋषिवर्गले-
तपस्या किन गर्दा छन पुगेन अझ स्वर्गले?'

(१६२)

इन्द्र भन्छन् " स्वर्गलाई पनि राख्ने कुनै कुरा।
अनन्त अमृतानन्द भण्डार र अनंतता

अझ माथि रहेकै छ जहाँबाट लिई कर।
हामी फुल्छौं र फल्दा छौं पाउँछौं दिव्य सुन्दर॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्णता अझ पाइन्न स्वर्गमा पनि सुन्दर ।
ब्रह्मको वासना एक बाँकी नै छ अगोचर ॥

हजारौँ चन्द्रमा निस्की हाँसेको छ नभस्तल ।
सपना झैं बनाएर प्रेमको स्वर्ग मंजुल ॥

तर ती चन्द्रमा यौटै ब्रह्म-भास्कर -रश्मिले ।
प्रतिभासित छन् सारा स्वर्ग राम्रो तुल्याउन ॥ "

(१६३)

हेरे दुष्यन्तले माथि विष्णुका मुसकान झैं ।
सुधा-रश्मि हजारौंको पुष्पको दिव्य बाग झैं ॥

विचित्र व्योमको वल्दो सपनामय आकृति ।
झझल्ल झल्ल झल्केका चन्द्रमाहरुका गति ॥

शान्त आनन्दका ज्योति मुस्कुराहट मौन झैं ।
जीवनी-शक्ति पीयूष छर्दथे शीत रश्मिले ॥

व्योमको तर्फ फर्केर इच्छा गर्दा मनोहर ।
अनुसारी झरी ज्योति, फुल्ने फल्ने सबैतिर ॥

(१६४)

शान्तिका सूचना दिव्य जस्तो त्यो वायुमंडल ।
पियो जत्ति हुने उत्ति तृप्त-आनन्द शीतल ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्माले दिव्य आनन्द यहीं हो भन्दथ्यो त्यहाँ ।
सत्यचेतो होश पनी बन्थ्यो गद्गद नै जहाँ ॥

नसामा चल्दथे नाला कलकलाई मिही ध्वनि ।
शिरा शिराभरी "राम" अभिरामझैं जगाउँदै ॥

प्रशंशातुल्य आनन्द, आनन्दसरि तारिफ ।
तारीफ झैं भजनको प्राकृतध्वनि मंजुल ॥

संगीतमय भै चल्दा बीन झैं दिव्य जीवनी ।
हर्षोत्फुल्ल बनी प्यूँथ्यो सच्चिदानन्दको ध्वनि ॥

निर्मल एर आए झैं हृद्व्योमी शरदीयता ।
बन्थ्यो प्रभा-पटलले गोल आनन्द झैं सफा ॥

पृथिवी नफिँरू जस्तो, नसम्झू झैं अरू कुरा ।
आँखा चकोर झैं बन्थे हृद्घंटीको निनादमा ॥

आफैं सद्भावना खोजी आफैं हेरी डुली रहूँ ।
झुली रहूँ कि डोलेर श्वास चामर सुन्दर ॥

भने झैं भावना उड्थे जो कुन अमर पुष्पमा ।
बास्नाबाट गरा पूजा आँखाका दिव्य ज्योति मै ॥

दीप बालेर सौन्दर्यमय भाव चढाउँदै ।
फूलका रूपमा नाची गतिमा दिव्य देहको ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परमेश्वरकोतर्फ कूजनामृतभावना-
को नै जीवन पाएर त्यही पारी उपासना ॥

हरेक कर्मले मीठो हरेक क्षण सुन्दर।
पारूँ झैं लाग्दथ्यो भित्र स्वर्ग बीच पुगेपछि ॥

भित्र बाहिर सत्तेजी, सदानन्दी सुदीक्षित।
वृक्षमा, बोटमा, त्यस्तै वल्लीमा, शैलमा पनि ॥

जे भावना छ आनन्द उसैमा पाइ जीवनी।
ऐक्य दिव्य लिई फुल्दो जिन्दगी झैं फुलूँ भनी।
परमेश्वरका अङ्ग बन्ने इच्छा पलाउँथे ॥

स्वतंत्रता उज्यालो झैं स्थितिमा दिव्य सुन्दर।
केन्द्रीयध्येय मिल्नाले राज्य गर्थ्यौं सँधैभर ॥

(१६५)

बिजुली झैं बनी झिल्ल नव रूप उदाउँदा।
वियोग नै नदेखिन्थे साना क्षणिक झिल्किँदा ॥

(१६६)

आँशु बन्थे कला खालि वेदना, दुःख नाटक।
रहस्योद्घाटनको सार देखाई अमृतोज्ज्वल ॥
तर लाग्दनथ्यो चोट पियूष पिउँदा त्यहाँ ।

(१६७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वृत्रहाले लगे भित्र नन्दनैवनको पथ ।
विभिन्न दृश्यका कोण कलात्मक जहाँ थिए ॥

(१६८)

जमीन अलि ओर्लिन्छ उक्लिन्छ जुन बागमा ।
परिश्रम नपारेर पदको नृत्य झैं बनी ॥

साना छन् रत्नका दाना बालुवा-पथमा जहाँ ।
जूनमा झल्ल झल्केका रंगीचंगी मनोहर ॥

बाँसभित्र कला दिव्य रंग लेख्दछ सुन्दर ।
सजीवता थपी रम्य, मेलको बन्न चातुरी ॥

बल्लीमा फुल्दछन् रत्न कलाका चारु पत्रका ।
हवामा छुन्मुनाएर रंगीचंगी बनी निका ॥

वृक्षछन् जूनमा बढ्ने कौमुदीको सुगन्ध ली ।
दिव्य कोमलता नै छ विशेषगुण ती भरी ॥

बाङ्गाटिङ्गा कतै छैनन् असुन्दर मुखाकृति ।
कलीलो दिव्यता नै छ स्वर्गको मंजु पद्धति ॥

बास्ना त्यहाँ इन्द्रियमा घुसी आत्मा समाउँछ ।
बसन्त नित्य भै छैन लाग्दो चिच्याट चित्तमा ॥

हरीया नित्य छन् पात श्वास बास-समन्वित ।
सौन्दर्य नै पिई बन्ने राम्रा बान्की कलायुत ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मीठो शीतलतासाथ गानको मृदु गौरव ।
दिलै गद्गद पारेर पंक्षी लिन्छ झुलीकन ॥

लहरा हाँगिएका छन् नटी झैं चारु-भूषण ।
हरेक चाल आनन्द नाचे झैं पत्र भैकन ॥

पुष्पदार हरा हाँगा पन्ना कोमल पल्लव ।
हजार इन्दुका रश्मि पार्दछन् राग-वैभव ॥

छैन बादल स्वर्गैमा पृथिवीको शिंगार त्यो ।
जल दिन्छ हवा खालि ज्योतिले शीतरश्मिको ॥

वृक्षले सिर्जना गर्छन् ऋतुदार नयाँ रँग ।
विभिन्नता राख्नलाई दृश्यमा चारुतासँग ॥

कालै नै छ जिते जस्तो छैन झैं परिवर्तन ।
खालि काल छ राखेको राख्न ताल र नर्तन ॥

जता हेर्‍यो उतै सुख्ख जुनेली बन्छ झलमल ।
छैन ताप कतै चिन्ता आत्मा बस्दछ शीतल ॥

तर यस्तो शीतलता पृथिवीमा छ बाहिरी ।
दिलमा भित्र आत्मामा घुम्छ यो तर माधुरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बनी मीठा बान्की सरस कलिला भै लहलह ।
शिरा राम्रा पाई मधुर पतला स्निग्ध सतह ॥
जुनेली आभामा अलि अलि दिने चारु झलक ।
रसीला राम्रा छन् मधुमय सुगन्धी किसलय ॥

हिलेका हाँगामा मृदु अनिलले लोल ललित ।
इशारा आनन्दीसरि सुख लिंदा शीतलसित ॥
छिटो ज्यूँदो मीठो सरसपनका कोमल मुना ।
कतै झुप्पा झुप्पासितं चलिरहेछन् छुनुमुना ॥

(१७०)

त्यहाँका चाला नै रसमय उज्याला मृदुकला ।
त्यहाँ छैनन् केही विरह-गन्हुँगा भाव अमिला ॥
छ अस्तित्वै सत् झैं पुलकमय रंगीन हलुका ।
हुनु नै आनन्दी भजन कृति औ नृत्य र कला ॥

(१७१)

लिपिन्छिन् बास्नाले सरस छविले भूमि हँसिली ।
फुलेका छन् ढुङ्गा पनि कुसुम झैं कोमल त्यहाँ ॥
नसा राम्रा रंगी मृदुल ढँग हाँगा रसमय ।
थुगा झैं ढुङ्गामा विथुकर झझल्किन्छ मधुर ॥

(१७२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कतै ता बोल्ने छन् तरुपनि मुनामा स्वर भरी ।
झरेका झर्नाका निकट रजत-स्वादु लहरी ॥
छ छं छं छं छं छं सलिल स्वरमा गानतरल ।
सँधै नाची बोल्छन् मुखरित हुँदा वृक्ष मृदुल ॥
(१७३)

कुँदेका जस्ता छन् दलहरु हरा बोटहरुका ।
त्यहाँ ज्यादा देख्थे नृपति सुख चैतन्य तरुका ॥
नदेख्ने भै आँशु प्रखर दुखका पार्थिवकरा ।
सुधाले पोषेका तरुवर फुलेका सुखसँग ॥
(१७४)

जहाँ जन्मै छैनन् मरणहरुको अन्त पनि छ ।
जहाँ दुःखै छैनन्, कटु बचन काँढा पनि न छ ॥
जहाँ सौन्दर्यैको मृदुलपन नै जीवन थियो ।
त्यहाँ ती राजाको हृदय अति आनन्दित भयो ॥
(१७५)

टिपेका हाँगामा कुसुम कलिला हातहरुले ।
न देखिन्थे चोटै मृदुलदल ज्यादै लघु भई ॥
त्यहाँ लागीहाल्थे त्वरित रसिला कुड्मलहरू ।
हजारौं पक्षीका तहहरु लुकी गोलघरमा ॥
(१७६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कतै वास्नाका छन् लहर रँगमा रंरम हुने ।
कतै ज्वाला बल्छन् झिलमिल बनी फूल रँगिने ॥
यता यौरिन् फुल्छन् सुरयुवतिका बोटहरुमा ।
उता बोली फुल्दछन मृदु कुसुमका ओठहरुमा ॥
(१७७)

त्यहाँ चिल्ला चिल्ला सतत हरिया पुष्प तरुका ।
हरा हाँगामा छन् विविध चिडिया पुष्पसरिका ॥
भुवा राम्रा रंगी कलकल गरी कुंज महिमा ।
सदा गाई बस्ने मधुर स्वरका नृत्यहरुमा ॥
(१७८)

उडी जाँदा ढल्की मधुर गतिले रंग तल्को ।
भुवाका देखाई नजर लिइ राम्रा टल्कका ॥
बनाई चूँचूँले पवनकन आल्हादित सब ।
उडेका फूलै झैं विहगहरु बोल्थे नव नव ॥
(१७९)

त्यहाँका पक्षीको गरिसकिनु के वर्णन छ र ?
उज्याला स्वप्ना झैं चिरबिर गरी आठ प्रहर ॥
सबै छन् जूनेली स्वर सुख लिई चन्द्रसँगमा ।
कुरा गर्दा मीठा हृदयकन पोखेर रँगमा ॥
(१८०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भए वेला सुत्ने कुसुमहरुका पत्रहरुले।
सजाएका राम्रा नरम गुँडमा मस्त सुखले ॥
सुतेका हुन्छन् ती मधुर सपनामा कुसुम झैं।
स्वतंत्रानन्दी भै, निशि पनि नभै स्वर्गतिर ता ॥
(१८१)

त्यहाँ आँखामा छन् चमक हँसिला दिव्य सुखका ।
जहाँ व्याधा छैनन, शरहरु न पुग्छन् निठुरका ॥
खुलस्ती आनन्दी दिलभर भई कंठ भरिला।
त्यहाँ बोल्छन् पंछी मृदु किरणले प्रेरित भला ॥
(१८२)

कन्याई चुच्चाले जिउतिर मिलाईकन भुवा।
गरी फर्फर् राम्रो सुरभित चलाई मृदु हवा ॥
यसो तार्ना घाँटी लघु ढलक ली दृक् चमकका।
हँसीला वाणीले हृदयकन छुन्छन् कति निका ॥
(१८३)

सफा ऊँचा मीठो विधुलसित आनन्द हलुका।
सुगन्धी ज्यूनाको रसमधुरता लीकन निको ॥
बने झैं हृद्वाणी पुलकित त्यहाँ प्राकृत ध्वनि।
सुखै झैं ज्यूनाको मुखरित छ हाँगाहरुमनि ॥
(१८४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँका हावामा अमृत-रसको गन्ध हलुका ।
यहाँका दृश्यैमा मधुर सुषमा फुल्दछ फिका ॥
यहाँका शब्दैमा दुखरहितताको मृदुपना ।
छ झल्केको बागै कलकल सुखाऽस्वादन बना ॥

(१८५)

नयाँ बोली मीठा अवनीतलमा नै नसुनिने ।
नयाँ झल्का राम्रा उदधि पृथिवीबीच नहुने ॥
मसीना तृष्णाका सकलपन झैं शोभन मिही ।
त्यहाँ क्यै पाइन्थ्यो जुन रहित भै दुःख छ मही ॥

(१८६)

त्यहाँका फूलैमा रँगहरु नयाँ क्यै मधुरता ।
नयाँ बान्की, अर्कै ढंग मृदुलता दिव्य हलुका ॥
छिनाले ब्रह्माको कनकमय मानो कुदिइँदा ।
बने झैं रेखा छन् हृदयकन संतोष रहने ॥

(१८७)

त्यहाँको संतोषै पनि न छ दिने श्रान्ति दिलमा ।
छ यौटा नै बाँकी अब लघुसिंढी पूर्णतिरमा ॥
भनी लाग्ने मीठो तवर मन संतुष्ट हुन गै ।
रहोस् अद्लीबद्ली विकसित रहुन् रूपहरु झैं ॥

(१८८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" यही यौटै हो वा पर पनि कतै स्वर्ग छ " भनी ।
त्यहाँ सोद्धा भन्छन् सुरपति ' हजारौं अझ पनि ॥
बनेका छन् राम्रा प्रभुहृदयका दिव्य महिमा ।
म जस्ता राजा छन् कति कति महान् विश्वभरमा ॥

(१८९)

कुनै पक्षी बोल्यो " पिउ पिउ " कुनै चाँचर, "च च" ।
कुनै कुर् कुर् लिन्थे हृदयसित प्रेमी प्रति ध्वनि ॥
कुनै " कोहो कोहो " कति 'कुलुलु' कोही "कल कल"
कुन चीं चीं "चुल्बुल्' चिरिरि चुँइँ चूँचू प्रतिपल ॥

(१९०)

कतै 'काफल काफल्' 'लहलह' कतै ता 'चहचह' ।
'झिझिल् झिल् क्वै बोल्छन् "रुनुझुनु" कतैता 'छुनुमुनु'
कतै "पासल् पोसल्" 'पलपल' कुकुल् कुल् मुनुमुनु ।

(१९१)

कतै झुल्दा पक्षी किसलय नयाँमा तह तह ।
त्यसै हल्ली हल्ली मुखरित छ मीठो " चह चह "
"फफर् फर् फर्" गर्छन् विहग सब उड्दा वरिपरि ।
त्यसै झारी धूलो सुरभित मजामा झरझरी ॥

(१९२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चरो इन्द्रेनीले नृपतिकन देखीं चमकले ।
'छ छं छं छं' बोल्यो जिउकन हिलाई भडकले ॥
फिंजायो लम्पंखे रँग ललित लामो झिलिमिली ।
उडी चम्कदो गम्कयो जलबिच पर्‍यो झल्झल बली ॥

(१९३)

त्यहाँ छन् वाट्ला मखमल मुनाको तट लिने ।
गरा जस्ता राम्रा मरमर किनारा मृदुकुने ॥
जडेका ढुङ्गा झैं झल झल जहां सैकत कणा ।
सितारा झैं झल्झल् लसित छ उज्यालो छविसँग ॥

उज्याला बत्ती झैं लहर मणिका रंग विविध ।
झझल झल् झल् गर्छन् विधुकर खुलाई बहुविध ॥

(१९४)

कतै माला राम्रो झललल बनि झयालउपर ।
शशीको ज्योत्स्नाको मणिमय उज्यालो छ लहर ॥
जहां झल्की शोभा मृदु वचनका रंगहरुमा ।
परी हांसी हेर्छन् तलतिर बनी दिव्य सपना ॥

(१९५)

त्यहां खंवा खंबा छविमय अहा ! रत्नजडित ।
शिंगारी राखिन्छन् सुरकुसुमले सुन्दरसित ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जहाँ इन्द्रेणीको ढँग रँग लिने शीतल लव -
हरू झल्कीमल्की लघुतवर झर्छन् झलमल ॥

(१९६)

त्यहाँका भैं नै छन् मृदुल मणीका सम्म सतह ।
बिछाएका राम्रा मखमलहरू छन् तह तह ॥
कतै बाट्ला छन् मरमर जडेका तर कहीं ।
अनेकौं श्रेणी छन् नृपकन दिने आसनहरू ॥

(१९७)

त्यहां छन् झल्केका कनकमय चौकोस हँसिला ।
उठाएका बुट्टा झलमल बनेका मणि जडी ॥
उज्यालो गर्ने छन् मणिहरु बडा झाडहरुमा ।
त्यसै धप्धप् गर्ने द्युति युत कतै रंगहरुमा ॥

(१९८)

थियो यौटा हीरा धपधप बलेको त्यस थल ।
उज्यालो बत्ती झैं छविमय बनाई झलझल ॥
म त्यो हीरा पाऊँ यदि अवनिमा भूप सबको ।
महासम्राट्को नै मकुटमणि बन्थे सहजमा ॥

(१९९)

पुगे घुम्दै घुम्दै सुरपति र दुष्यन्त सँगमा ।
उज्यालो नाचेको घरतिर बडो काँचमहल ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुनेली शोभाको भुइँ झलकले निर्मल सफा ॥
घरै नै झल्केको स्फटिकभर हाँसीकन प्रभा ॥

(२००)

त्यहाँ इच्छा जस्तो रँङ्ग दिन सजीलो हुनगई ।
निलो-अश्मानी वा अरुण छवि, वा रंग हरियो ॥
लतामा लच्केको विविध मणिको झल्ल झलक ।
मिलाई बस्नेछन् सुरयुवति लुक्दै दिन टक ॥

(२०१)

भयो खेल त्यहाँ यौटा दुष्यन्तअघि अद्‌भुत ।
लम-झोसे मिही भौंका परीका नखरासित ॥

(२०२)

अँध्यारो भो सारा महल पहिले शून्य हुन गो ।
विनारुपै रंगै ध्वनि-रहित झैं सिर्जन अघि ॥
त्यहाँ झिलिझिल् झिल्क्यो अनुपम उज्यालो मधुमय ।
त्यहीं वन्दै आयो"विधुवदन संगीतसंगमा ॥

(२०३)

थियो गाना मीठो मधुमय "म हूँ हूँ बहुत म" ।
भने झैं ढीलो भै किरण लहरी झैं रम रम ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अँध्यारो फाटे झैं मिरिमिरि भयो ठाउँहरुमा ।
झिलिल् झिल्ल झिल् झल्क्यो छवि विधुविना आकृतिविना ॥
(२०४)

त्यहीं बन्दै आयो सरस मृदुरेखा र वदन ।
'अहँ' जस्तो मीठो लहरहरुमा झन्न झनन ॥
भयो सिङ्गो बाँकी छविमय सबै इन्द्रियहरू ।
बनेको लाएको वसन सुन झैं झलमल हुने ॥
(२०५)

बढी झन्क्यो गाना झननन सुधासिन्धु छवि झैं ।
उदाएका देख्थे नृपवर महाविष्णु रवि झैं ॥
हजारौं पंछीका मृदु स्वर तथा ज्योति लहर ।
हरुमा जागे झैं स्वररु उठे स्वादुप्रहर ॥
(२०६)

परी-पंछी उड्छन् मधुर रसनाका रवहरू ।
प्रशंसा झैं गाई जलद-वसन-व्योम निकट ॥
झिझिल झिल् झिल् गर्दै अब सुरहरू जन्मन गए ।
सबै जोडी भन्छन् कर "जय स्वयंभो जय ! जय ! "
सबै आंखा मिच्दा कर दुइ जुटेका सुर उठे ।
गिऱ्यो पर्दा लामो जलद सरिको श्यामलपट ॥
(२०७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झन्यो राम्रो दोस्रो पट हरि थिए ध्यानसहित ।
फुकी आयो यौटा कमल दिलको स्वप्नसहित ॥
त्यहाँ गाना जस्तो मधुर रसले बान्किन गई ।
उठिन् लक्ष्मी ब्यूझी हँसमुख प्रभा झैं विभवकी ॥

(२०८)

तिनी " खै खै " भन्दै हरि चिउँथिए हात दुइका ।
इशारा फैलाई तब निकट देखेर कमला ॥
"तिमी मेरी माया मसँग बस " भन्छिन् र कमला ।
- झुकी आँखा बन्छिन् ललितवदनी लज्जतसँग ॥

(२०९)

विष्णुले तब ती लक्ष्मीसाथ सोधे, ' तिमीकन ।
के के चाहिन्छ त्यो चाँडै पुन्याउँछु तिमी भन !

(२१०)

भन्दा ती कमला भन्छिन्" शिंगारहरु सुन्दर ।
प्रभुको प्रेमको निंती पाऊँ सज्न मनोहर ।।"

(२११)

त्यति भन्दा तव नभमा, झभल्ल भिलिकिए तारा ।
रंग झल्के अवनि उँठिन्. रम्य बने जगत् सारा ॥

(२१२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्योमविहारी ग्रह उडुका स्वरूप देखिए झल्ल ।
प्राकृत ढंग .लिएका गतिवान् रत्न भरी झलमल्ल ॥

(२१३)

आँखाबाट छटा झिलिक्क हुन गो हाँसो भयो चन्द्रमा ।
श्वासै वायु भयो सुगन्ध लहरी जो बन्छ हृत्केन्द्रमा ॥
नालाको टक भो नशा शिर भयो आकाशको गुम्मज ।
बन्छन् रोम अनेक शस्य, कलिला गाला बने अम्बुज ॥

(२१४)

यस्ता ज्योति अनेक रंगहरुका झल्की उडी बन्दछन् ।
लाखौं चीज अनेक रंगहरुका आश्चर्य जो बन्दछन् ॥
पृथ्वीमा, प्रतिविम्ब ती तर त्यसै व्यर्थै भए बन्दछन् ।
आँखा मर्त्य र विष्णु देखन नसकी अन्धा सबै बन्दछन् ॥

(२१५)

यस्तो सिर्जन-दृश्यवाद झरिगो पर्दा र नाचे नटी ।
स्वर्वेश्याहरु फेरि त्यो महलमा झीना नचाई कटी ॥
कोही कुंकुम निर्झरी वनिगण, कोही बने निम्नगा ।
वल्लीतुल्य अरू, कुनै कुसुम झैं, कोही शशी-वृत्तगा ॥

(२१६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो नृत्य सकेर सुन्दर यहाँ फुस्रो हुने वर्णन ।
फर्के बागतिरै दुवै नृपति ती आनन्द पारी मन ॥
यौटी दिव्य ठिटी कुरंगनयनी छड्के गरी दर्शन ।
दुष्यन्त प्रभुको मुहारतिरकी बन्दी प्रशंसा घन ॥

(२१७)

संझी झट्ट शकुन्तला नयनले "कोहो" भनी सत्वर ।
हेरी शान्त भए थिएन त्यसमा त्यो प्रेम दूना तर ॥
के जित्थे सुरदेशका लघुपुरी त्यो मोहनी सुन्दर ।
बिर्से तैपनि त्यो वियोग अघिको तीं स्वर्गमा भे तर ॥

(२१८)

प्रशंसा गरी नृत्यको बात धेर ।
गरी फर्किए भूप हाम्रा नुहेर ॥
बिदा भैगए आइहाल्यो विमान ।
झन्यो त्यो धरातर्फ गाएर गान ॥

(२१९)

परीले सब गान गाएर हेरे ।
झरे फूल माला त्यहाँ धेर बेर ॥
इशाराहरू गर्दथे देववर्ग ॥
विदा गर्दथ्यो पुष्पको वृष्टि स्वर्ग ॥

(२२०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महाराज दुष्यन्तका कीर्ति सारा।
सुनाएर त्यो सात संसारलाई ॥
चडा पंख राम्रा उचालेर हाँकी।
झन्यो यान सगीत मीठो बनेर॥

(२२१)

यता ओर्लिंदा भूप दुष्यन्तलाई ॥
धरा कयै फिका लाग्न गो दृष्टिलाई॥
त्यहाँ एक टूना उज्याली हुनाले।
बन्यो स्वर्ग झैं संझनाले छुनाले ॥

(२२२)

जसै मेघका झाँग छोडेर ओर्ले।
फुलेका उज्यालो प्रभाले छुनाले ॥
कहाँ दिव्य लावण्यकी मूर्ति होलिन्।
भनी शोच्न लाग्दी भई कल्पनाले ॥

(२२३)

भुलेका थिए स्वर्गमा त्यो वियोग।
फिऱ्यो दैन्य पृथ्वी नजीकैहुनाले ॥
नयाँ एक-आशा मिलेको विषाद।
भयो आँशु झल्का रँगी झल्कनाले ॥

(२२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हजारौं थिए शैलका मंजु कुंज।
उडी आउँछु स्वागती सम्झनाले॥
हुनै पर्छ ती क्रूरताकी शिकार।
त्यहाँ प्रेमको तुल्य टूना हुनाले॥

(२२५)

नसै देखियो - एक सौन्दर्यकुंज।
नदीले चिरेको हरा दृश्य ताज॥
सफा फेन रेखा झरेको घुमेर।
पयो नाग जस्तो दिशा उत्तरीय॥

(२२६)

बिहानी चराका पखेटा उज्याला।
कुनै स्वर्गको गुह्य चोरूँ भनेर॥
लिई शीतथोपा उडेका नजीक।
बनी भान दिन्थे पुकारा गरेर॥

(२२७)

त्यही हो भनी संझिदा हेमकूट।
जहाँ सूर्यको कान्ति बल्थ्यो सुवर्ण॥
अनेकौं अरू श्रृङ्गको बीच साथी।
सुनौला चुचूराहरू बीच माथि॥

(२२८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहीं ओर्लिने आशयी भै विमान।
चल्यो त्यौं दिशामा हवा शुद्ध स्नान॥
जहाँ नीरका शिल्पकारीसमान।
थिए शैल चूडा सुनौला बिहान॥

(२२९)

कुटी एक आनन्दको चारु देखे।
पराले छ छाना झरी रंगिएको॥
दुवै झ्यालवाला जहाँ देवदारू।
सियाका बनी चारु टुप्पा रहन्छन्॥

(२३०)

सफा मर्मरे ठाउँमा स्निग्ध भूमि।
छ सम्म्याइएकी लगाएर बोट॥
जहाँ फुल्छ झुप्पा बनी रम्य रंग।
सफा पारिलो नेत्रले चुम्बिएर॥

(२३१)

हरा कोखमा वाष्पजाली उठेको।
पछ्यौराहरू लर्किए झैं झरेर॥
पहाडी प्रसूनादि श्रृङ्गारवाली।
छ त्यो शैल शोभा बढी चारु हेर॥

(२३२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँ शुभ्र स्रोताहरू खान पानी।
झरे झैं सफा बाँग झैं देखिनाले॥
जटाजूटका दिव्य ती कंठभूषा।
सुगन्धी फुली केश झैं धूर्जटीका॥
झरेतुल्य नाला थिए क्षेत्रमाथि।

(२३३)

झोल्यौं दिव्य विमान शैल-शिरमा फाटेर हुस्सू अब।
देखिन्थ्यो तल दृश्य चारु महिमा चीरा परी गौरव॥
साना छन कुइरा यताउति अझै देखिन्छ नाला पनि।
झीनो बाफ उठेर मिर्मिर हुने क्यै वक्ररेखा बनी॥

(२३४)

किरण सूर्यका प्रथम कोमल।
समर गर्दथे बाफमा तल
विविध रंगमा फुट्न गैकन।
ठाउँ ठाउँमा हृदयरंजन॥

(२३५)

अरुण कान्तिले वरुण- स्वप्नमा।
थोर बेरको मृदु विलास ली॥
शुभ्रता लिंदा विउँझिंदो जगत्-
तुल्य दृश्य त्यो ललित देखियो॥

(२३६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सलिलसुन्दरी त्वरित निम्नगा।
झलल झलिकइन् धवल रश्मिमा॥

(२३७)

कारिई सफा लहलहाउँदा।
हरित खेतका कोण सुन्दर॥
स्पष्ट बन्दछन् प्रबलता लिंदो॥
गगन दीपका धवल रश्मिमा॥

(२३८)

स्मृतिपटप्रभाभित्र छेकिने।
यवनिका बनी वाष्पजालिनी॥
दिल अचेतमा किरण मिर्मिर।
हटिसकी त्यहाँ स्पष्टता थियो॥

(२३९)

शीत बिन्दुका सार झलमल।
अवनि बन्दछिन् त्यो बिहानमा॥
नयनबिन्दुका रँग झलक नै।
अवनिको थियो मधुरता त्यहाँ॥

(२४०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झनु पनि प्रियाका वियोगमा ।
दिव्यमाधुरीपूर्ण देखिने ॥
नेत्रमा लिई मधुर झलझल ।
संझना, रहे नृपति एकला ॥

चौबीसौं सर्ग

न्यानो कोमलता लिएर रविले फारर हुस्सूहरू ।
सेतो प्रोज्ज्वलता बनी झिलिमिली पार्थे कणाका तरु ॥
हावा मन्द थियो वसन्त वनको शोभा हरा मग्मग ।
शीत श्वासित वाससाथ मनमा ब्यूँझाउँथ्यो कल्पना ॥

(१)

डुल्दै शीतल कुंजमा प्रकृतिको बाटो घुमौरो लिई ।
ओर्ले कश्यपका कुटीतिर तिनी बास्ना मजाको पिई ॥
हावा त्यो सुख झैं सुशीतल सफा त्यो शान्तिको शासन ।
पाई चित्त प्रसन्न भो नृपतिको देखी तपस्या-वन ॥

(२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ओर्ले जान्छु भनेर कश्यप कहाँ त्यो जंगली-राहमा ।
पातै मग्मग वासका बहु थिए हाँगा नयाँ आशमा ॥
पुत्रे जीव बिहानका गगनका गंधर्व रंगीनका ।
मीठा शब्द थिए अनेक वनमा बोल्ने नयाँ पल्लव ॥

(३)

हाँगे चुर्बुरिने मृदु स्वरहरू जादू जगत्का सरि ।
नौला ढङ्ग मिठासल तरु भरी वन्थे रँगी छिर्बिरी ॥
मानो फूल उडेसमान खगका बोल्थे पखेटाहरू ।
गानाको नव देशमा मृदु कुराका दिव्य जादूहरू ॥

(४)

यस्तै सुन्दर गानका वनविषे ती कोमलाङ्गीसँग ।
मेरो वन्य विहा भयो कुसुमको खानी फुलेको रँग ॥
सौगन्धी नव मंजरीहरु मिली नाच्थे फुकाई उर ।
बोल्थ्यो प्रेम बनी जगत् मृदु हरा बोल्थ्यो फुली सुन्दर ॥

(५)

"हाम्रा भाव थिए मुनासरि नयाँ मीठा मुना पातला ।
जिभ्रा झैं कलकंठका मृदुलता. मागी नयाँ कम्पित ॥
फुल्छौं चन्द्र र सूर्यमा उर फुकी मीठो लजीलोपन ।
बिस्तारै मुसकाउँदै पर गरी " भन्थे खुसाईकन ॥

(६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" घुम्टो थोर लिएर भाव तिनका लज्जा रसीली बनी ।
मुस्कन्थे अति लालरंग कलिलो छाएर गाला भरी ॥
ती बोल्थिन वन झ चरामय कुरा, मीठा सुराका कणा ।
मानो बैंस वसन्तमा र वनमा बास्ना बने झैं घना ॥

(७)

" आयो क्रूर तुषारको हृदयमा ठंडा कडा विस्मृति ।
मेरो श्वास बनेर श्याँठ हिउँदे छाती चिर्‍यो कोमल ॥
ती फुल्दी कलिली मिठास मनका आनंदका रंगमा ।
वैलिन् हाय! कठै कतैतिर तिनी होलिन् रुँदी मौनमा ॥

(८)

" छातीका जलवाफ सर्र मनमा फैली रसाईकन ।
ढीका उष्ण लिएर कोण दुइमा लामा तिनी हुन् रुँदी ।
फुल्दो यौवन आश कुंठित भई धक्का परी निष्ठुर ।
घुक्का बन्दछ मौन आँशुसँगमा कूना कहीं ली पर ॥

(९)

के ठानिन् शिव हाय! हाय तिनले ? वल्ली बनी आउँथिन् ।
मुद्राले नव आशका विरहका दाना बिसाऊँ भनी ॥
मेरो क्रूरपना र आँधिहरूले ती जिल्ल आत्माकन ।
राखिस् दैव कहाँ ? बता अब ममा, खोज्नेछु रोईकन ॥

(१०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" ती पाए अब फेरि यो अवनिमा हीराहरूकी हिरा।
स्वर्गै लोक समस्तको त्रिजयको मिल्थ्यो मलाई सुरा ॥
ती आँखा दुइमा जगत् कुसुमको मिल्थ्यो कणामा कणा।
बास्नातुल्य कुरा गरेर मनका बन्थ्यो हँदा संझना॥

(११)

यस्तै तर्क गरेर कश्यपसितै सोधी बुझूला भनी।
आँखा कोमल ओलिए नृप जहाँ बाक्लो थियो जंगल॥
देखे एक कुमार सुन्दर त्यहाँ जो बोट झैं फूलको।
लालीदार कपोलको शिशु थियो आँखा बडा तेजिला॥

(१२)

राम्रा लक्षणले सुशोभित सफा आनन्दको सिजना।
जस्तो शिल्पित चारु बाल्य सुषमा हाँसीरहेको मृदु॥
ठूलो भाल, सुपुष्ट, ताज जगको बन्ला कि झैं प्राकृत।
शोभा, कृष्ण कपालका मृदु मुना ढाकेर राम्रोसित॥

(१३)

फुर्तीलो, हँसिलो, बिनिर्डर, त्यसै जन्स्योकि झैं वीरता।
राम्रो मूर्ति लिएर हाँकून जगतै त्यो बालको रूपमा॥
मानो बाल छ दिव्य देह हँसिलो मानो कुनै अप्सरा –
बाटै जन्म लिएसमान धरणीको दिव्य आभूषण॥

(१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रा दाँत मुसे सफा लहरमा दाना उज्याला बनी ।
हाँसेका दुइ ओठ पल्लव नयाँ लाली खुलेका मनि ॥
चंकेका दुइ बाल लोचन, लिई गर्दै थियो वेधक ।
लामा दंष्ट्रकराल तीक्ष्ण वनका ली वाघको शावक ॥

(१५)

"हेर् क्याने ! कति रेक्र दाँत यसको कत्रुतो क तीखो हकि ?
भन्दा ड्यार्र गर्‍यो र हान्क शिरमा हाप्काउँदै बेसरी ॥
कुत्तातुल्य बनेर शान्त त्यसले आंखा हरीया दुइ ।
लुत्री लाउँक त्यो मुहार मृदुमा कानै गिराई दुइ ॥

(१६)

" को होला ? कुन भूपपुत्र ? कसको यो रत्न तेर्जा यहां ?
भन्दै तर्क गरेर दर्शक बने गर्दै प्रशंसा त्यहाँ ॥
"यस्तो बालक रत्नसुन्दर महातेजी हँसीलोकन ।
पाऊँ राखनम काख चुम्बन लिंदै स्वर्गै थियो जीवन ॥

(१७)

लोभै लाग्दछ देखनलाइ शिशु यो क्या तेजको सुन्दर ।
यौटा दोष नदेखिने, कति छिटो, क्या फुर्तिलो क्या सफा
तोते फुट्न तयार शब्द रसिलो टूना बनी कानमा ।
गद्गद् बन्दछ चित्त चारु सपना झैं दिव्य उद्यानमा ॥

(१८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"को होला ? यसको मुहार अलि क्यै थोरै चिने झैं कता ।
कोही मानिसको कि देवहरुको झैं लाग्छ मिर्मिर् यता ॥
के मैले सपनातिरै दिन कुनै देखें ? झझल्कोसरि ।
को होला ? कुन भूपको शिशु यहाँ ? या देव आए झरी ?

(१९)

" स्वप्ना सुन्दर आशका हृदयका फुल्दो हुँदा यौवन ।
देखिन्छन् यसरी कतै कि रसिला आंखा लिई संझिन ?
अर्कै-ठाउँ झरेर स्वर्गतिरका यी बाल-स्वप्नाहरू ।
हाँसी चित्त रुलाउँछन् कि यसरी दुःखी बनाई मरु ॥

(२०)

यस्तै एक थियो सुचारु सपना त्यो कोपिलैमा पर ।
मेरो लात लिई गयो विधि हुँदा उल्टो कडा निष्ठुर ॥
त्यो बाबाकन रुग्ण दीन थलमा झुत्रा लगाई रुँदी ।
होलिन् काख लिंदा सुदीनवदनी तप तप् झरी झैं हुँदी ॥'

(२१)

" को को हो ? अब सोध्छु" यो मन लिई दुष्यन्त सर्छन् अघि
" ए नानि ! भन को तिमी ? घर कहाँ ? के नाम तिम्रो भन ?
भन्दा भन्दछ बाल त्यो हँसमुखा हेरेर माथी तल ।
"मेलो छुछन बुबा विशाल थल यो " फैंलाउँदो बाहुली ॥
"आत्मा नाम छ काम यो छव जगत जित्ने उज्यालो गली।
वावा कश्यपको कुटी घल ' भनी तोते'बनी' माधुरी ॥

(२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" सांच्चै कृष्णकि झैं मुहार हँसिलो जस्तो छ तिम्रो पनि ।
जित्छौ यो जगतै समस्त सहजै मीठो उज्यालो बनी ॥
" आत्मा नाम कसो गरी हुन गयो हे देहकादेवता ? "
भन्दा बोल्दछ " के म हूँ र पृथिवी ? माटो त्यहीं छ बेपत्ता ॥"

भन्दै खिलखिल हाँस्छ चारु मुख त्यो तारल्यले शैशवी ।
मानो जिस्किन खेल्न कुद्छ सुखको पानी सिंगार्ने छवि ॥

(२३)

" यी हुन् राजकुमार चन्द्रकुलका यी तेजिला बालक ।
हाम्रा राजकुमार यी भरत हुन् यी दीनका पालक ॥
सम्राट् देश समस्तका पछि हुने जानेर हाम्रा ऋषि ।
बूढा कश्यप गर्नुहुन्छ यिनमा शिक्षा कुटीमा बसी ॥

(२४)

" यी चन्द्रवंशी कुन राजपुत्र ?
भनेर शोची मनमा विचित्र ॥
ठानेर भन्छन् कुन कृष्ण नाम ?
राजा कहाँ छन् कुन देश धाम ? "

(२५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तैमा खस्न जाँदा शिशुकर रहने मंत्रको एक बाजू ।
टिप्छन् दुष्यन्त छीटो, तर निकट हुने गर्दछन् "हुन्नहा ! हा'
भावी आश्चर्य सोद्धा चकित नजरले भन्दछन् ती मनुष्य ।
"हाम्रा यी शाहज्यादा! प्रभुपनि यिनका" अड्कियो त्यो रहस्य

(२६)

जोडी हात खडा भएर जनले भन्छन 'प्रभो मंत्रले ।
बाँधेका यस बाजुलाई अरुले टिप्दा डसीदिन्छ यो ॥
सर्पै बन्दछ मर्छ मानिस पनी, हा हा त्यसैले गऱ्यौं ?
हाम्रा राजकुमारका प्रभु पिता जानी खुशीमा पऱ्यौं ॥"

(२७)

नृपको मनमा जवाफले ।
अरू आश्चर्य बढ्यो, "कसो गरी !
म पिता यिनका भनीकन ।
सब भन्छन् मत कत्ति बुझ्दिनँ ॥"

(२८)

"हात बाबुको मात्र निर्भय-
साथ टिप्न त्यो बाजु शक्दथ्यो ॥
नत्र सर्प भै मृत्यु डस्दथ्यो ।
चकित बन्नुको यो रहस्य हो ॥"

(२९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै हुँदा खबर शीघ्र उडेर आयो ।
टिप्थिन् जहाँ मृदुमुखी वनका कुनामा ॥
पूजानिमित्त प्रभुको कलिला प्रसून ।
आँखा भरी सरसतासित संझनाले ॥

(३०)

त्यो क्रूरता हृदयमा पहिले गरूँगो ।
छाती किचेर दिनरात उदास पार्ने ॥
बन्थ्यो सुकोमल शिंगारसमान, सारा ।
लागेर ईश्वरतिरै दिलबाट धारा ॥

(३१)

सौन्दर्यमा मृदुलता रसिलो थपेकी ।
मानो प्रसून मुरझाउनदेखि बन्दी ॥
आँखा भई करुण आँशु अनेक झारी ।
साँचेर प्राण रहँदी प्रिय आश-धारी ॥

(३२)

श्री कृष्णको स्मरणले दुखबाट काँढा ।
सारा झिकी मृदुल चित्त बुझाउँदी ती ॥
रुन्थिन् तथापि मनको मनमै हमेशा ।
'हे कृष्ण संझ प्रभु दीन अनाथ'' भन्दी ॥

(३३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आशासमान पृथिवीकन प्राणदायी ।
छोरो थिया र त्यसमा जिँउदी अडाई ॥
ती आशा दुःखमय सुन्दरता रुँदी ती ।
उन् मूर्ति दिव्य तपकी सरि गेरु लाई ॥

(३४)

खुल्छन् कुनै वसनमा सब रंगका नै ।
छन् चन्द्रलाइ महिमा धन कृष्णरंग ॥
ती दुःखलाइ पनि चारु शिंगार पारी ।
भज्थिन टिपी कुसुम बिर्सिदिने मुरारि ॥

(३५)

चाञ्चल्य-शून्य अघिको छरितोपना नै ।
नाला बनी अब नदी गहिरोपनाले ॥
ती नृत्य भाव तटमा अब चट्ट बाँधी ।
लिन्थ्यो गभीर गति स्वर्ग लिने रँगाई ॥

(३६)

जाने र दुःख सुख केवल हो परीक्षा ।
भन्ने, लिएर ऋषिको अति दिव्य शिक्षा ॥
श्री कृष्णको भजनमा मन पूर्गलाई ।
स्वामी उनैकन बुझी रहँदी यहाँ यी ॥

(३७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो चोटभित्र दिलको कहिले उठेर ।
बिभथ्यो चसक्क दिल सत्वर पग्लिएर ॥
रुन्थ्यो वसन्त वनमा, जब कोइलीले ।
'कोहो' भनेर नचिनेसरि बोलिदिन्थ्यो ॥

(३८)

ती आज पुष्पवनमा नुहुँदी विषाद ।
थीटा झलक्क मनमा परबाट याद ॥
चेकेर, चारु वनको हरियो विवाह ।
आँखा रसाउन तयार थिइन् अथाह ॥

(३९)

वेला यहीं सखि कुनै दगुरेर आई ।
"दुष्यन्तको अब सवारी भयो मलाई ॥
के के दिने ? अब कबूल नबिर्स नानी ।
बन्दा समस्त पृथिवीकन एक रानी ॥"

(४०)

भन्दा झसक्क 'कसरी'सित चारु आँखा ॥
आश्चर्यले विपुल, लाउनकी चनाखा ॥
संझी भनेर रसिली गह शीघ्र बन्छिन् ।
"कस्तो गिज्याउनु" भनी तर शीघ्र रुन्छिन् ॥

(४१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वृतान्त त्यो विपिनको नृपको सुनेर।
पुक्दी नुही ढलकले दुइ दीर्घ कोस॥
गम्भीर भाव रसिली मृदु शीघ्र रोकी।
भन्छिन् कथा "सकल झूठ बनौट हो कि?"

(४२)

विश्वास फेरि सखिले दिलमा दिनाले।
आकाशतर्फ दिइ दृष्टि कृतज्ञताले॥
"हा! कृष्ण संभनु भयो" यतिसाथ सुस्त।
गंभीर चालसँग ती सखिसाथ लागिन्॥

(४३)

छीटो थिएन तर पाउ खुशी करीतो।
ती मन्द मन्द मृदु कुन्द सुगन्धबाह॥
संदेशको गतिसँगै गहिरो विषाद-
लाई शिंगारसरि दर्शन गर्न आइन्॥

(४४)

ती गेरुकी मृदुमुखी रसिली प्रसून।
वैलेर आधि जिउँदी जलबाट जस्ती॥
नौली बनेर सुकुमारपना गभीर।
आइन् सुकोमल-दृशी गहिरी भएर॥

(४५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेरी दुवै क्षणभरी 'दुइ मूर्ति जस्ता ।
छन् शिल्पका करुणभाव उव्याल्लिएर ॥
झुक्दी यता मृदुमुखी रसिली बनेर ।
हेर्दा उता विरहका पछुताउ हेर ।

(४६)

आँखा रसाउन गई अब टलपलाए ।
ती गेरुदार मुखमा गहिरीअगाडि ॥
"हा प्रेयसी तब तिमी अब जोगिनीको ।
यो वेशमा रुँदिथियौ ग्रहका अगाडि ॥"

(४७)

"वैराग्यको कटुपना, सब दुःख भन्दा ।
छाती चरक्क चिरिने, गहिरो गराई ॥
मानो विषाद गहका सब आँशुभन्दा ।
झल्केर दिन्छ सचराचर नै रुलाई ॥

(४८)

"क्या क्रूर ! मकन भन्दछ गेरु तिम्रो ।
गाली समान गहिरो दिलमा सुनाई ॥
यो रंगले जलधि आँसु बनेर मौन ।
टलपल् हुँदो छ गहमा अहिले मलाई ॥

(४९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"कथा शान्त सुन्दर मिठी गहिरी उज्याली ।
गंभीरता विरहको सरि मूर्तिवाली ॥
नाघेर दुःखहरुका सब साँधलाई ।
ज्यौ चन्द्रमा सघनतुल्य चकोरलाई ॥

(५०)

आँखा बनी सजल भन्छ अहो ! मलाई ।
बिर्सिन्नथ्यौ विपिनमा तर योगिनी भैं ॥
हा ! क्रूर विस्मृति म पर्दछु पाउमाथि ।
माफी गरे विधि–शिकार म भक्तलाई ॥"

(५१)

जोडेर हात दुइटै अब चल्छ घुँक ।
रुम्दो गला अघि परे नृप पाउमा ती ॥
दोटा झरे विमल विन्दु र क्राँद हाली ।
भन्छन् "नत्याग अब भक्त दुखी मलाई ॥"

(५२)

रोई तिनी पनि थचक्क बसेर घूँ घूँ ।
रोइन्, बने उर खसेर उचालिंदा ती ॥
रोए त्यहाँ सकल मानव वेदनामा ।
टलपल् गरेर जलमा दुइ देखिनाले ॥

(५३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोटै गला अब मिलेर भिजेर हुन्छन् ।
आत्मा छ बर्बर दुवै रसिला कणामा ?
सिद्धिन्छु मैं दुख दगुर्दछ शीघ्र चारु ।
गुड्दै झलक्क झल्की दुइटै हुनाले ॥

(५४)

मानो छ आँसु यति भाव प्रकाश गर्दो ।
"हा नाथ के गरि विते निठुरी हुनाले ॥
" हाप्राण केगरि जिएँ पछि संझिनाले ।
यो प्राण आतुर उडेन कड़ा हुनाले ॥"

(५५)

"हा ! बिसिंने पुरुष व्हैन म फूल मेरी ।
स्वर्गीय वासहरुकी रसिली प्रसून ॥
त्यो क्रूरता यदि सचेत भए म जल्थें ।
मूर्छा भएर म बचें विधिको हुनाले ॥

(५६)

"बादै भएन तर विस्मृति ढाकिनाले ।
कालो बनेर घन आँसु तिर्मा रुलायो ॥
झिल्केन एक बिजुली अनि आँधि आयो ।
यो दुष्ट हो छल भनी मनले लिनाले ॥

(५७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"सम्झेर आँसुहरुले दिनरात रोएँ।
आँठी मिलेर स्मृति सत्वर फर्किनाले ॥
यो इन्द्रजाल गहिरो विधिको मलाई।
ओच्छ्यो तिमीकन रुलाउन हाइ ! हाइ !!

(५८)

छाती चिरेर यदि दर्द सबै सुनाऊँ।
रोला जगत् सब सदैव लिएर आँसु ॥
छू प्रेमको हृदयको गहिरो पिपासु।
यो रंगत्याग करुणा ! यति भन्छ आँसु ॥

(५९)

यस्तै गरेर दुइसाथ रुँदै बसेका।
देखेर दर्शक सबै दृगमा रुझेका ॥
केही उज्यालिन गए अब भै प्रसन्न।
ती भेटघाटहरुले, दुइ देख्न धन्य ॥

(६०)

गर्थिन् दुवै हृदयको गहिरो सहानी।
सारा लिएर गहमा सुखसाथ पानी ॥
गद्गद् बनेर दिल क्यै अब सुँक्क सुँक्क।
रुन्थिन् त्यहाँ प्रणयको गतिले छुनाले ॥

(६१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जो प्रेमको गति विचित्र छ सो बुझेर ।
छाया मिलेर दिल मानवमा अनौठा ॥
हुन्छन् सबै प्रकृत रोदनले खुशीको ।
ती दिव्य दिव्य क्षणका छवि झलिकनाले ॥

(६२)

दौडे उठे अब पुछीकन आँसुधारा ।
ती साथ साथ अब कश्यपका कुटीमा ॥
लाग्छन् पछाडि अनि राजकुमारचाहिं ।
आश्चर्यसाथ जननी-मुखतर्फ हेर्छन् ॥

(६३)

ऋषिअगाडि गईकन ती दुइ ।
प्रणत छन् करजोरी खडा भई ॥
खुइलिईकन केश मुहारका ।
धवलश्मश्रु थिए अतितेजिला ॥

(६४)

अतिवयस्क तपोवल उज्ज्वल ।
नयन युग्म थिए तिमिरावृत ॥
कर छ दक्षिण सूर्य समर्पित ।
कुसुम एक लिई हलुकासित ॥

(६५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विपुल चन्दनदार निधारमा ।
निगम आगमका सब सारमा ॥
त्रिशत आयु लिईकन शान्तिको ।
सुख कुटीर विषे रहँदा त्यहाँ ॥

(६६)

गहन ध्यानविषे अहिले थिए ।
पलक बन्द गरीकन ती ऋषि ॥
नयनले मनको तर देख्दथे ।
सब कुरा र, रु ने "बस" हातले ॥

(६७)

दुइ नसे अब सुत्त नजीकमा ।
नृपकुमार लिएर शकुन्तला ॥
मृदुमुना शिरका करले मृदु ।
मधुर स्नेह गरेर मुसार्दथिन् ॥

(६८)

पलक बन्द गरेर त्यहाँ ऋषि ।
नजरले मनको सब देख्दछन् ॥
तब त्यहाँ उपदेश गरूँ भनी ।
वचन मिष्ट सुधासरि बोल्दछन् ॥

(६९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"राजा ! यो विश्व साराकन नियमको एक छन् दिव्य शास्ता ।
संझी राज् गर्नु यौटा हृदय डर लिई गर्व टाढा गरेर ॥
सत्यैको रूप जानी उनकन मनले राख्नु श्रद्धा अनन्य ।
सेवाको भाव राख्नू जनहित नृपको ताज भन्ने बुझेर ॥

(७०)

यो यौटा राजनीति प्रबल बुझ तिमी सत्यको भित्र सारा ।
राज्यैको आयु होला जबतक त्यसमा ईश-संतोष होला ॥
घेरा चौडा गराए हृदयकन दिए सत्य चौडा विशाल ।
ज्यूनेछन् राज्य लामा कुसुम निकर झैं स्वस्थ सौगन्ध चाल

(७१)

प्रेमै हो सिर्जनाको प्रथम विधि यही विश्व-आधार जान ।
प्रेमै हो दिव्यताको मधुमय करुणा प्रेम हो विश्व प्राण ॥
प्रेमैले मिल्छ तारा, यसकन सबको धर्मको तत्त्व जान ।
हेलाँ हो पाप भन्ने बुझ नृपवर, यो प्रेम हो दिव्य गान ॥

(७२)

आत्मा जस्ता तिमी छौ, मधुमय सुषमा साथिकी स्त्री यिनी हुन्
जाने सौन्दर्य-तत्त्व-प्रचुर तप त्यहीं हुन्छ देखिन्छ सत्य ॥
सत्यैको मोहनी हो प्रकृतिबिच सबै माधुरी मोहनी यो ।
आत्मा बोलाउने झैं वरिपरि छरिई डाक्दथे प्रेमद्वारा ॥

(७३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मा देखेर आफ्नो प्रभुकृत सुषमा मोहनीका चकोर ।
बन्छन् प्रेमी, हजारौं दुखसुखहरुका ली परीक्षा अघोर ॥
हामी रुन्छौं रुलाईं तर हृदय सबै शोधिने यो क्रिया हो ।
यस्तो आनन्ददायी मिलन भइदिनू ईशको नै दया हो ॥
(७४)

स्वर्गैमा हुन्न शोभा हृदयकन नभै मेल यो शान्तिद्वारा ।
बिर्सन्छौऽमोह पर्दा प्रकृतिकन भनी दिव्य सौन्दर्य सारा ॥
बिर्सेथ्यौ प्रेयसीको दिलकन जसरी शापले क्रोध मूर्ति ।
दुर्वासा का अगाडि प्रवल विधि त्यसै गर्दछन् विश्वभित्र ॥
(७५)

फर्की आएर हाम्री स्मृति जब अधिकी गर्दछे सत् प्रभाव ।
आत्मा यो रुन्छ दाँजी प्रकृतिकन लिई पापको क्रूर ताप ॥
छुट्दै जाँदा जगत्‌को सुरपुर विजया दिव्य आत्मा उज्यालो ।
भेट्छन् आखीर आफ्ना प्रियतम सुखले आँसु यस्तै बहाई ॥
(७६)

कोरा भैं मोहनीले मधुमय मुखको संझना यो सुधार ।
राखी छोड्छे र भन्छे अलिकति गहिरी रूप वैराग्य-सार ॥
पायौ जो मोहनी यो यिनकन गहिरो भावनाले बुझेर ।
चढ्नेछौ स्वर्ग राजा पछि सब सुरका वीर श्रेष्ठ बनेर ॥
(७७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो छोरो दिव्यदेही भरत पनि बढी दिव्य साम्राज्य लेला।
बन्ला नामै जगत्‌मा अमर भरतको भारतै दिव्य पारी ॥
यिनैको दिव्य नीति प्रवल नृपहरू वीरता ताँति ताँति।
तिम्रा सन्तान लेलान्, त्रिभुवनविजयी दिव्य होला भविष्य॥

(७८)

" जाऊ राज्‍य गर्न जाऊ बहुत दिन अझै देख्छु हे भूप बाँकी ।
म्हौं ता बूढा तपस्वी पछि पछि वनमा मालिनीतीर सँझी ॥
हाम्रो जो आयु भन्ने समय भरपरी सत्यको बस्छ नित्य ।
सोझो सद्भावनाले सहित अमरको ध्येयले सद् पवित्र ॥ "

(७९)

यस्ता वाणी सुनेका मिलन-सुखविषे गद्गदापर दोटै,
जान्छन् विश्राम सिद्धी अलिदिन सुखको त्यो कुटीका रम्य
आनन्दी भै बसे रे दुइ हृदय मिली राज्यमा कृष्ण राधा-
जस्ता लाखौं उज्याला सुखसँग रसले प्रेमका भाँति भाँति

(८०)

कनि कुथीकन काव्य मिलाइयो।
शठ थिएँ पटमा किन रंग त्यो ॥
सकल आउँदथ्यो, सब निष्फल।
हुन गएसरि लाग्दछ दुर्बल ॥

(८१)

२१६६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अत रँगाउँदथे करुणा भए।
सकल चित्र मनोहर यो घरी॥
तर कृपा प्रभुको यतिकै थियो।
नजरलाइ कसिकर भो हरि !

(८२)

गुण भए मधुलिट्हरुको रस।
विवश छू नभएर भए कस॥
तर-झरे यदि आँशु सुखी पला।
सुखसँग रहने छ शकुन्तला॥

(८३)

"इति"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सच्चयाएर पढ्नुपर्ने केही जरूरी

शुद्धिपत्र

पृष्ठ	सर्ग	श्लोक	पंक्ति	अशुद्ध	शुद्ध
१३	१	४६	चारौं	कावेकाननमा,	कविका काननमा
२३	२	३६	पहिलो	तिन नाच्थे,	तिनै नाच्थे
३३	३	२७	आठौं	…पंख फिंजी	मयुर पंख फिंजी
३९	”	४८	पहिलो	तव अलौकिक	नव अलौकिक
”	”	”	चौथो	मुदुलको	मृदुलको
६४	४	६३	चौथो	तिर्मातर्फ	तिनीतर्फ
६७	”	७७	पहिलो	प्रेम राखी	प्रेम राखे
८४	५,	४३	दोस्रो	झझल्किने	झझल्किए
१०३	७,-	२३	तेस्रो	रूपभि	रूपांभत्र
११४	८-	७	दोस्रो	धूलिवर्ण क	धूलिजाल क
१४७	१०	४२	दोस्रो	जत्र समूहको	जन समूहको
१६२	११-	३८	पैलो-	दुःख संकट	दुःख कंटक
१८८	१२	५७	पैलो	थलमा यही	थलमा यही
३०५	१६	१२	दोस्रो	मोहरूँ	-मा हेरूँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

”	“	१३(३१)	चौथो-	कुन चकोर पाऊँ भनी-	जन चकोर पाऊँ भनी
३६०	१६	२१	पैलो-	वसपनासत	वसन्त सपना
३१३	२८	११	चारौं	खानोससाथ	खामोससाथ
४३२	”	१२०	पैलो	ती छ	तीव्र छ
४४३	”	१५१	दोस्रो	राज्य करे	राज्य फेरा
४४४	”	१५८	पैलो	चमकसितक	चमकसित क्यै
४६०	२३	४६	पैलो	वलेका देताको	ओलेका देवताको
५२२	”	१८६	पलो	अवनी	अवनि
५२१	”	१६७	पैलो	मणाका	मणिका
५२७	”	२०६	चौथो	स्वररु	स्वरहरू

यो अशुद्ध किताब नै सच्च्याएर
यो फ्याँकि दिनु बेस छ।

HARI NIWAS,
1/105. GUSINGAL,
LALITPUR,
KATHMANDU, (NEPAL.)

MAHENDRA SANSKRIT

Acc: 29९६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu